आर्थिक सर्वेक्षण

आर्थिक वर्ष
२०७५/७६

नेपाल सरकार
अर्थ मन्त्रालय
२०७६

आर्थिक सर्वेक्षण

आर्थिक वर्ष

२०६५/६६

नेपाल सरकार
अर्थ मन्त्रालय
२०६६

प्राक्कथन

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा जनताको जीवनस्तर दिगोरुपमा उच्च पार्ने तथा आर्थिक समावेशीकरणको विषयलाई पनि प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने प्रमुख चुनौती रहेको छ । यसै क्रममा देशको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको विद्यमान स्थिति, यी क्षेत्रहरुमा हाल भएको परिवर्तन, देखिएका प्रवृत्ति, हासिल भएका उपलब्धि तथा अगाडि आएका समसामयिक प्रमुख समस्याहरु प्रतिविम्वित गर्ने तथ्याङ्क एवं जानकारी र सोमा आधारित समीक्षागत विश्लेषण सहित चालू आर्थिक वर्ष २०६५/६६ को आर्थिक सर्वेक्षण यस गरिमामय व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गरेको छु । प्रस्तुत सर्वेक्षणमा चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा देशको सार्वजनिक वित्त, मौद्रिक तथा वित्तीय एवम् बाह्य क्षेत्रहरुका साथै अर्थतन्त्रको वास्तविक क्षेत्र जस्तै कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य तथा उत्पादनका अन्य क्षेत्रहरुसँग सम्बन्धित तथ्याङ्कहरुलाई उपलव्धताका आधारमा अद्यावधिक गर्दै विश्लेषणलाई बढी व्यवस्थित एवम् उपयोगी बनाउने प्रयास पनि भएको छ । अर्थतन्त्रको विकास र सुधारको लागि आवश्यक पर्ने नीतिगत तथा कार्यान्वयन पक्षका तात्कालिक एवम् संरचनागत प्राथमिकताका विषयहरुलाई सर्वेक्षणले चुनौतीका रुपमा प्रस्तुत गरेको छ ।

मुलुकको समसामयिक आर्थिक गतिविधिको सान्दर्भिक विश्लेषण र मूल्याङ्कन सहित अर्थतन्त्रको सार्थक रुपान्तरणको लागि समग्र आर्थिक व्यवस्थापनको क्षेत्रमा विभिन्न तह र पक्षहरुबाट ठोस सघाउ पुऱ्याउन खासगरी व्यवस्थापिका-संसदका माननीय सदस्यज्यूहरु, राजनीतिक दलहरु लगायत अर्थतन्त्रको यथार्थ वस्तुस्थिति र विकासमा अभिरुची राख्ने समस्त बुद्धिजीवी, पेशाविद्, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यवसायी तथा सर्वसाधारणका लागि प्रस्तुत सर्वेक्षण उपयोगी स्रोतको रुपमा रहने छ भन्ने विश्वास लिएको छु ।

आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारीहरु विशेषतः आर्थिक कार्य विषयक तथा नीति विश्लेषण महाशाखाका सम्पूर्ण कर्मचारीहरु, नेपाल राष्ट्र बैंङ्कका सम्बन्धित पदाधिकारीहरु तथा विषय विज्ञ धन्यवादका पात्र हुनुहुन्छ । साथै, यस कार्यको निम्ति आवश्यक पर्ने तथ्याङ्क, सूचना एवं विवरण उपलव्ध गराई सहयोग पुऱ्याउने विभिन्न मन्त्रालय, विभाग तथा अन्य निकायप्रति कृतज्ञता व्यक्त गर्दछु ।

असार २०६६

सुरेन्द्र पाण्डे
अर्थ मन्त्री

विषय-सूची

	विषय	पृष्ठ
	प्राक्कथन	
	मञ्जुषा सूची	i
	विषय-तालिका सूची	ii
	चार्ट सूची	v
	छोटकरी रूप	vi
	कार्यकारी सारांश	xii
	समष्टिगत आर्थिक परिसूचकहरु	xvii
	अर्थतन्त्रका प्रमुख चुनौतीहरु	xxi
१.	आर्थिक गतिविधि	१
२.	सार्वजनिक वित्त	११
३.	मूल्य तथा आपूर्ति	२४
४.	मुद्रा तथा बैंकिङ्ग	३४
५.	पुँजी बजार	६९
६.	वाह्य क्षेत्र	७७
७.	गरिबी निवारण र रोजगारी	८७
८.	कृषि, उद्योग र पर्यटन	९९
९.	सार्वजनिक संस्थान	१२५
१०.	ऊर्जा तथा वन	१४४
११.	यातायात तथा सञ्चार	१५७
१२.	सामाजिक क्षेत्र	१७२

तालिका सूची

	विषय	पृष्ठ
१.	**आर्थिक गतिविधि**	
१.१.	कुल मूल्य अभिवृद्धि प्रचलित मूल्यमा (औद्योगिक वर्गीकरणअनुसार)	१
१.२.	कुल मूल्य अभिवृद्धि स्थिर मूल्यमा (औद्योगिक वर्गीकरणअनुसार)	२
१.३.	कुल उत्पादन (औद्योगिक वर्गीकरणअनुसार)	३
१.४	कुल गार्हस्थ्य उत्पादनको बार्षिक वृद्धिदर (औद्योगिक वर्गीकरणअनुसार)	४
१.५	कुल गार्हस्थ्य उत्पादनको संरचना (औद्योगिक वर्गीकरणअनुसार)	५
१.६	कुल गार्हस्थ्य उत्पादन, कुल गार्हस्थ्य उत्पादन वृद्धिदर तथा मूल्य सूचकाङ्क (वृहत औद्योगिक वर्गीकरणअनुसार)	६
१.७	कुल गार्हस्थ्य उत्पादन (व्यय विधिअनुसार, प्रचलित मूल्यमा)	७
१.८	कुल उत्पादन, मध्यवर्ती उपभोग तथा कुल मूल्य अभिवृद्धि (व्यय विधिअनुसार, स्थिर मूल्यमा)	८
१.९	मध्यवर्ती उपभोग (औद्योगिक वर्गीकरणअनुसार)	९
१.१०	कुल राष्ट्रिय खर्चयोग्य आम्दानी र बचत	१०
१.११	कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क (इम्प्लिसिट्)	११
१.१२	समष्टिगत आर्थिक परिसूचकहरू	१२
२.	**सार्वजनिक वित्त**	
२.१.	सरकारी खर्च र साधनको स्रोत	१३
२.२.	कर राजस्व	१४
२.३.	गैर-कर राजस्व	१५

२.४.	चालू खर्च	१६
२.५.	पुँजीगत खर्च	१७
२.६.	साँवा भुक्तानी खर्च	१८
२.७.	स्वीकृत वैदेशिक सहायता रकम (स्रोतअनुसार)	१९
२.८.	स्वीकृत वैदेशिक सहायता रकम (क्षेत्रअनुसार)	२०
२.९	वैदेशिक सहायताको उपयोग (स्रोतअनुसार)	२१
२.१०	वैदेशिक सहायताको उपयोग (क्षेत्रअनुसार)	२२
२.११.	खुद वैदेशिक ऋण	२३
२.१२.	सरकारी ऋणपत्रहरू र ट्रेजरी विलहरूको स्वामित्वको विवरण	२४

३. मूल्य तथा आपूर्ति

३.१	शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्क	२५
३.२	शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	२६
३.३(क)	समूहगत उपभोग्य वस्तुहरूको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क (नेपाल राज्य)	२७
३.३(ख)	समूहगत उपभोग्य वस्तुहरूको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क (काठमाडौ उपत्यका)	२८
३.३(ग)	समूहगत उपभोग्य वस्तुहरूको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क (तराई)	२९
३.३(घ)	समूहगत उपभोग्य वस्तुहरूको शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क (पहाड)	३०
३.४	अन्तर्निहित मुद्रास्फीति	३१
३.५	राष्ट्रिय थोक मूल्य सूचकाङ्क	३२
३.६	राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क	३३
३.७	केही प्रमुख वस्तुहरूको सरदर खुद्रा बजार मूल्य	३४
३.८	केही कृषिजन्य वस्तुहरूको मासिक राष्ट्रिय सरदर खुद्रा मूल्य	३५
३.९(क)	आर्थिक वर्ष २०६४/६५ मा पेट्रोलियम पदार्थको मूल्य स्थिति	३६

३.९(ख)	केही पेट्रोलियम पदार्थको मूल्य स्थिति (काठमाडौं उपत्यकामा)	३७
३.१०	केही पेट्रोलियम पदार्थको आपूर्ति स्थिति	३७

४. मुद्रा तथा बैंकिङ्ग

४.१	मौद्रिक सर्वेक्षण	३८
४.२ (क)	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू (वार्षिक परिवर्तन, रकममा)	३९
४.२ (ख)	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू (वार्षिक परिवर्तन, प्रतिशतमा)	४०
४.३	वाणिज्य बैंकहरूको साधनको स्रोत र उपयोग	४१
४.४	वाणिज्य बैंकहरूबाट असुल हुन वांकी कर्जाको क्षेत्रगत विवरण	४२
४.५	विकास बैंक ("ख" वर्गका वित्तीय संस्था) को साधनको स्रोत र उपयोग	४३
४.६	"ग" वर्गका वित्तीय संस्था (वित्त कम्पनीहरू) को साधनको स्रोत र उपयोग	४४
४.७	लघु वित्त विकास बैंकहरू (ग्रामीण विकास बैंकसमेत) को साधनको स्रोत र उपयोग	४५
४.८	ग्रामीण लघुवित्त विकास केन्द्र (वित्तीय संस्था) को ऋण लगानी र असुली	४६
४.९	साना किसान विकास बैंक लि. (वित्तीय संस्था) को ऋण लगानी र असुली	४६
४.१०	नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त वित्तीय सहकारी संस्थाहरूको साधनको स्रोत र उपयोग	४७
४.११	कर्मचारी संचय कोषको साधनको स्रोत र उपयोग	४८
४.१२	नागरिक लगानी कोषको साधनको स्रोत र उपयोग	४९
४.१३ (क)	बीमा कम्पनीहरूले संकलन गरेको प्रिमियम तथा लगानीको विवरण	५०
४.१३ (ख)	बीमा कम्पनीहरूको साधनको स्रोत र उपयोगको विवण	५१

६. वाह्य क्षेत्र

६.१.	वैदेशिक व्यापारको स्थिति	५२
६.२.	वस्तुगत व्यापार	५३
६.३.	भारत निर्यात भएका केही प्रमुख वस्तुहरू	५४
६.४.	अन्य मुलुकतर्फ निर्यात भएका केही प्रमुख वस्तुहरू	५५
६.५.	भारतबाट आयात भएका केही प्रमुख वस्तुहरु	५६
६.६.	अन्य मुलुकबाट आयात भएका केही प्रमुख वस्तुहरु	५७
६.७	परिवर्त्य विदेशी विनिमयको आय-व्यय	५८
६.८	बैंकहरुसंग रहेको सुन र विदेशी मुद्राको संचिति	५९
६.९	शोधनान्तर स्थिति	६०

८. कृषि, उद्योग र पर्यटन

८.१	प्रमुख खाद्यान्न बालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व	६२
८.२	प्रमुख नगदेबालीहरु लगाइएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व	६३
८.३	अन्य बालीहरुको उत्पादन स्थिति	६४
८.४	पशुजन्य उत्पादन स्थिति	६५
८.५	कृषिजन्य वस्तुहरुको परिमाणात्मक सूचकाङ्क	६६
८.६	रासायनिक मल, उन्नत बीउ र कीटनाशक औषधिको प्रयोग	६७
८.७	थप सिंचाइ सुविधा विस्तार	६८
८.८	कृषि ऋण लगानी तथा असुली	६९
८.९	रासायनिक मलको मूल्य	७०
८.१०	समूहगत औद्योगिक उत्पादन	७१
८.११	औद्योगिक उत्पादन सूचकाङ्क	७३
८.१२	केही छानिएका उद्योगहरुको उत्पादन क्षमताको उपयोग	७५

८.१३	दर्ता भएका घरेलु तथा साना उद्योगको संख्या र स्थिर पुँजी लगानी	७६
८.१४	औद्योगिक क्षेत्रको वर्तमान स्थिति	७७
८.१५	पर्यटक संख्या बृद्धिदर तथा बसाइ अवधि	७९
८.१६	भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन संख्या	८०
८.१७	प्रमुख क्षेत्र अनुसार पर्यटक आगमन संख्या	८१
८.१८	पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा	८२
८.१९	होटल र होटल शैया संख्या	८३
८.२०	पर्वतारोहण दल र संख्या	८४
८.२१	होटल व्यवस्थापन तथा पर्यटन सम्बन्धी तालीम	८५

९. सार्वजनिक संस्थान

९.१	नेपाल सरकार र सार्वजनिक संस्थानहरुबीच भएको नगद प्रवाहको विवरण	८६
९.२	सार्वजनिक संस्थानहरुको वित्तीय कार्यकुशलता	८७

१०. ऊर्जा तथा वन

१०.१	ऊर्जा खपतको स्थिति	८८
१०.२	विद्युत उत्पादन तथा खपतको स्थिति	८९
१०.३	पेट्रोलियम पदार्थको खपत विवरण	९०

११. यातायात तथा सञ्चार

११.१	सडक सुविधाको विस्तार	९१
११.२	थप सवारी साधन संख्या	९२
११.३	यातायात सुविधाको विस्तार तथा सामान ढुवानी परिमाण	९३
११.४	टेलिफोन सेवा विस्तार	९४

१२. सामाजिक क्षेत्र

१२.१	प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालय तथा विद्यार्थीहरुको संख्या	९५
१२.२	प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षक संख्या	९६
१२.३	सरकारी तथा निजीस्तरमा सञ्चालित विद्यालय, विद्यार्थी तथा शिक्षकहरुको विकास क्षेत्र अनुसार संख्या	९७
१२.४	उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्या	९८
१२.५	स्वास्थ्य सेवाको विस्तार	९९
१२.६	खानेपानी तथा ढल निकास सुविधाको विस्तार	१००

टिप्पणी:

- केही तालिकाहरु नयाँ थप भएका छन् तथा केहीमा ढाँचा (Format) र तथ्याङ्क प्रस्तुतीकरणमा परिवर्तन भएकोले विगत वर्षका तालिकाहरु भन्दा भिन्नरुपमा प्रस्तुत गरिएको छ ।
- कतिपय तथ्याङ्कलाई नजिकको लाख वा करोडमा लैजादा अंकहरु round-up हुने भएकोले कुल जोड नमिल्न सक्दछ ।
- तालिकामा देखाइएको खाली ठाउँ वा ... वा - ले सामान्यतया सम्बन्धित तथ्याङ्क प्राप्त नभएको वा तथ्याङ्क ज्यादै न्यून (negligible) रहेको जनाउँदछ ।
- राष्ट्रिय लेखा तथ्याङ्कमा केही परिमार्जन भएको कारण विगतका तालिकाहरुसँग मेल नखान सक्छ ।

मञ्जुषा सूची

मञ्जुषा नं.	विषय	पृष्ठ
४(क)	आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिका विशेषताहरु	३५
४(ख)	आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको मध्यावधि समीक्षा	३८
४(ग)	नेपाल राष्ट्र बैंकको पुनर्संरचना	५३
४(घ)	नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको संरचनागत सुधार कार्यक्रम	५४
४(ङ)	समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि	५९
४(च)	मार्जिन लेण्डिङ्ग प्रकृतिको कर्जा सम्बन्धी निर्देशनको झलक	६१
४(छ)	बैंक तथा वित्तीय संस्थाहरुको स्तरोन्नति सम्बन्धी निर्देशन	६३
४(ज)	विपन्न वर्गमा प्रवाह हुने कर्जा सम्बन्धी निर्देशन	६४
४(झ)	निरीक्षण एवम् सुपरीवेक्षणको २०६५ फागुन मसान्तसम्मको प्रगति	६७
५(क)	धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली	७४
६(क)	नयाँ वाणिज्य नीति	८१
६(ख)	विशेष आर्थिक क्षेत्र सम्बन्धी प्रस्तावित विधेयक	८३
६(ग)	वाह्य क्षेत्र सम्बन्धी प्रक्रियागत सुधारहरु	८४
८(क)	कृषि क्षेत्रका मुख्य गतिविधिहरू	९९
८(ख)	विश्व व्यापार सङ्गठन (WTO) को सदस्यता पश्चात् भइरहेका गतिविधिहरू	११२
८(ग)	पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू	१२०
९(क)	लेखापरीक्षणको स्थिति अत्यन्त कमजोर रहेका केही सार्वजनिक संस्थानहरु	१३३
९(ख)	केही संस्थानहरुमा सञ्चालकहरुको विद्यमान संख्या	१३४
९(ग)	विराटनगर जुट मिल लिमिटेडको समीक्षा	१४१
१०(क)	वन स्रोत तथ्याङ्क	१५१
१०(ख)	वन एक झलक	१५१
१२(क)	नेपाल मेडिकल काउन्सिलमा हुने दर्ताको प्रकार र प्रक्रिया	२१०
१२(ख)	स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अवलम्बन गरेका नीतिगत व्यवस्था, निर्देशिका तथा कार्यविधिहरु	२१२
१२(ग)	स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अवलम्बन गरेका संस्थागत व्यवस्थाहरु	२१३

विषय-तालिका सूची

तालिका नं.	विषय	पृष्ठ
१(क)	विश्वको आर्थिक वृद्धिदर	१
१(ख)	उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीति दर	२
१(ग)	कुल आन्तरिक (गार्हस्थ्य) माग	३
१(घ)	विश्व व्यापार	४
१(ङ)	छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर	५
२(क)	कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरुको अनुपात	११
२(ख)	कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात	१२
२(ग)	पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्तिगर्ने स्रोतहरु	१३
२(घ)	न्यून वित्त	२३
३(क)	उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर	२५
३(ख)	शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क	२६
३(ग)	शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क	२७
३(घ)	शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	२८
३(ङ)	राष्ट्रिय थोक मूल्य सूचकाङ्क	३०
३(च)	राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क	३१
४(क)	बैंकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात	३७
४(ख)	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु	३९
४(ग)	सञ्चित मुद्रामा भएको परिवर्तन	४०
४(घ)	खुला बजार कारोवार स्थिति	४२
४(ङ)	बैंक तथा वित्तीय संस्थाहरुको संख्या	४३
४(च)	वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरु	४४
४(छ)	वाणिज्य बैंकका शाखाहरु	४६
४(ज)	वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाको स्थिति	४७
४(झ)	ग्रामीण स्वावलम्वन कोषको कारोवार विवरण	५०
४(ञ)	वचत तथा ऋण सहकारी संस्थाहरुको गतिविधिको झलक	५१
४(ट)	ऋणात्मक पुँजी कोष	५६
४(ठ)	कुल कर्जामा भाखा नाघेको कर्जा	५६
४(ड)	नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको स्थिति	५९
५(क)	प्राथमिक बजार प्रवृत्ति	७०
५(ख)	दोस्रो बजार प्रवृत्ति	७१

६(क)	अन्तर्राष्ट्रिय व्यापार स्थिति	७९
६(ख)	कुल विदेशी विनिमय सञ्चिति	८४
६(ग)	अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य	८६
७(क)	गरिबी मापन (२०५२/५३ र २०६०/६१)	८८
७(ख)	नेपालमा रोजगारीको स्थिति, २०६०/६१	९६
७(ग)	वैदेशिक रोजगारीका गन्तव्यहरु	९७
८(क)	कृषि वालीको उत्पादकत्व	१०३
८(ख)	विदेशी लगानीका लागि आर्थिक वर्ष २०६४/६५ मा स्वीकृति दिइएका उद्योगहरू	११५
८(ग)	विदेशी लगानीका लागि आर्थिक वर्ष २०६५/६६ मा स्वीकृति दिइएका उद्योगहरू	११५
८(घ)	विदेशी लगानीका लागि २०६५ फागुनसम्म स्वीकृति दिइएका उद्योगहरू	११६
८(ङ)	देशगतरुपमा विदेशी लगानी	११७
८(च)	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरु	१२२
९(क)	नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक	१३५
९(ख)	नेपाल सरकारको सेयर लगानीमा देखिएको फरक	१३५
९(ग)	संस्थानले कोष व्यवस्था नगरेको तथा सम्भावित दायित्व	१३७
९(घ)	विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू	१३८
९(ङ)	विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरूमा दायित्व भुक्तानी गर्न नेपाल सरकारबाट गरेको लगानी विवरण	१४१
१०(क)	नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था	१५०
१०(ख)	राष्ट्रिय निकुञ्ज - एक झलक	१५५
१०(ग)	वन्यजन्तु आरक्ष - एक झलक	१५५
१०(घ)	संरक्षण क्षेत्र - एक झलक	१५५
१०(ङ)	मध्यवर्ती क्षेत्र - एक झलक	१५५
११(क)	नेपालमा उपलब्ध सडक सुविधा	१५७
११(ख)	सवारी साधनहरूको संख्या	१५८
११(ग)	यातायात क्षेत्रमा भएका विविध कार्य	१६०
११(घ)	भौगोलिक क्षेत्रमा भएका हुलाक कार्यालयहरुको विवरण	१६७
११(ङ)	टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार	१६८
११(च)	भाषागतरूपमा पत्रिकाहरूको संख्या	१६९
१२(क)	विभिन्न आर्थिक वर्षहरुमा समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरुको विवरण	१७२
१२(ख)	परिषदबाट सञ्चालित तालिमहरुको लक्ष्य र प्रगतिको विवरण	१७९
१२(ग)	विद्यालय, विद्यार्थी र शिक्षक अनुपात	१८०

१२(घ)	शैक्षिक सत्र २०६५ मा प्रति शिक्षक विद्यार्थी अनुपात	१८१
१२(ङ)	शैक्षिक सत्र २०६५ सम्म सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण	१८४
१२(च)	वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या	१८४
१२(छ)	विकास क्षेत्र र वर्गीकरण अनुसार उच्च मा.वि.हरुको विवरण	१८५
१२(ज)	मुख्य प्राज्ञिक कार्यक्रमहरुको संक्षिप्त उपलब्धि विवरण	१८७
१२(झ)	त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/संकायहरु सम्बन्धी विवरण	१८९
१२(ञ)	त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारणतर्फको जनशक्ति उत्पादन विवरण	१९०
१२(ट)	त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक जनशक्ति उत्पादन विवरण	१९२
१२(ठ)	एम.फिल./विद्यावारिधि दर्ता विवरण	१९३
१२(ड)	त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्जले उपलब्ध गराएको सेवाको विवरण	१९४
१२(ढ)	पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यार्थी भर्ना/उत्पादन स्थिति	१९७
१२(ण)	आर्थिक वर्ष २०६४/६५ मा नेपाल संस्कृत विश्वविद्यालयको छात्र-छात्रा भर्ना विवरण	१९९
१२(त)	आर्थिक वर्ष २०६४/६५ मा नेपाल संस्कृत विश्वविद्यालयको उत्पादित जनशक्ति विवरण	२००
१२(थ)	पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्धन प्राप्त विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको विवरण	२०२
१२(द)	पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्ध प्राप्त स्कूल/क्याम्पसहरुले शैक्षिकसत्र २०६३ र २०६४ मा उपलब्ध गराएको छात्रवृत्ति विवरण	२०२
१२(ध)	विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या	२०३
१२(न)	नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञहरुको विवरण	२१०
१२(प)	आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा मान्यताप्राप्त गरेका मेडिकल कलेजहरुको विवरण	२११
१२(फ)	पूर्वाधार विकासतर्फ विभिन्न कार्यक्रम/आयोजनाबाट भएको उपलब्धिको संक्षिप्त विवरण	२२०
१२(ब)	आर्थिक वर्ष २०६५/६६ को व्यक्तिगत घटना दर्ता विवरण	२२१
१२(भ)	विभिन्न लक्षित समूह र तिनीहरुको संख्या	२२२
१२(म)	वैदेशिक रोजगारको स्थिति	२३६
१२(य)	व्यवसायिक तथा सीपमूलक तालिम कार्यक्रम	२३६
१२(र)	महिला विकास कार्यक्रमको हालसम्मको प्रमुख उपलब्धि	२४२

चार्ट सूची

चार्ट नं.	विषय	पृष्ठ
१(क)	कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान	९
२(क)	सरकारी खर्च र राजस्वको वृद्धिदर	१४
२(ख)	स्वीकृत वैदेशिक सहायता र उपयोग	२०
२(ग)	सरकारी न्यून वित्त र वैदेशिक तथा आन्तरिक ऋण	२३
३(क)	मूल्य सूचकाङ्कमा भएको परिवर्तन	२४
३(ख)	शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क	२६
३(ग)	राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क	२७
४(क)	मुद्रा प्रदायको वृद्धिदर	३८
४(ख)	मुद्रा प्रदायमा असर पार्ने मुख्य कारकहरुमा भएको परिवर्तन	४०
४(ग)	वाणिज्य बैंकहरूको कर्जा तथा लगानी र निक्षेप	४५
४(घ)	वित्त कम्पनीहरुको निक्षेप तथा कर्जा सापटी	४९
४(ङ)	कर्मचारी सञ्चयकोषको कोष संकलन, कर्जा सापटी तथा लगानी	५१
५(क)	धितोपत्र निष्काशन	७०
५(ख)	बजार पुँजीकरण	७०
५(ग)	धितोपत्रको चुक्ता मूल्य तथा कारोवार रकम	७२
५(घ)	नेप्से सूचकाङ्क	७२
६(क)	वैदेशिक व्यापारको स्थिति	७८
६(ख)	वाह्य क्षेत्रको स्थिति	८३
६(ग)	बैंकिङ्ग प्रणालीमा रहेको विदेशी विनिमय सञ्चिति	८४
८(क)	प्रमुख खाद्यान्न बालीहरूको उत्पादन	१०१
८(ख)	पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा	१२३
१०(क)	विद्युत उत्पादन तथा खपत	१४७
११(क)	सडक सुविधाको विस्तार	१५७
११(ख)	टेलिफोन सेवा विस्तार	१६८
१२(क)	सार्वजनिक विद्यालयको संख्या	१८०
१२(ख)	विद्यालयहरूको क्षेत्रगत विवरण (सरकारी/सामुदायिक/ निजीस्तरमा सञ्चालित)	१८२
१२(ग)	विद्यार्थी भर्ना संख्या	१८३
१२(घ)	स्वास्थ्य सेवाको विस्तार	२०९
१२(ङ)	स्वास्थ्य सुविधाको विस्तार	२०९

छोटकरी रूप

ADB	-	Asian Development Bank
ADSL	-	Automatic Dependent Subsribers Line
Advanced Economies (विकसित अर्थतन्त्रहरु)	-	United States, Euro Area (संख्या १६), Japan, United Kingdom, Canada, and Other Advanced Economies (संख्या १३) गरी जम्मा संख्या ३३
AFIS	-	Aeronautical Flight Information System
AIDS	-	Acquired Immune Deficiency Syndrome
AIP	-	Aeronautical Information Publications
AMHS	-	ATS Message Handling System
AMT	-	Aircraft Maintenance Technician
ANC	-	Ante-natal Care
AOC	-	Air Operation Certificate
API	-	Annual Parasite Incidence
ARI	-	Acute Respiratory Infection
ART	-	Antiretroviral Therapy
ASA	-	Air Service Agreement
ASEAN-5 (आसियान-५)	-	Indonesia, Thailand, Philippines, Malaysia, Vietnam
ATM	-	Air Traffic Management
ATS	-	Air Traffic Services
ATSEP	-	Air Traffic Safety Electronic Personnel
AVSEC	-	Aviation Security
BCG	-	Bacille Calmette-Guérin
BDS	-	Bachelor of Dental Science
BDSPO	-	Business Development Srevice Provider Organization
BIMSTEC	-	Bay of Bengal Initiative for Multi- Sectoral Technical and Economic Cooperation
BSP	-	Bio-gas Support Program
CAP	-	Community Action Plan
CBD	-	Convention on Biological Diversity
CB-IMCI	-	Community-Based Integrated Management for Child Illness
CBR	-	Community-Based Reform
CDCF	-	Community Development Carbon Fund
CDM	-	Clean Development Mechanism
CDMA	-	Code Division Multiple Access
CDS	-	Central Depository System
CEDAW	-	Convention on Elimination all forms of Discrimination Against Women

CEO	-	Chief Executive Officer
CER	-	Certified Emission Reduction
CFIT	-	Control Flight into Terrain
CITES	-	Convention on International Trade and Endangered Species
COSCAP-SA	-	Cooperative Development of Operational Safety and Continuing Airworthiness Program – South Asia
CPR	-	Current Prevalence Rate
CRC	-	Camera Ready Copy
CSSP	-	Community School Support Program
CTEVT	-	Council for Technical Education and Vocational Training
CUTE	-	Common User Terminal Equipment
CYP	-	Couple Year of Protection
DAG	-	Disadvantaged Group
DCP	-	Designated Check Pilot
DFID	-	Department for International Development, UK
DGHR	-	Dangerous Goods Handling Requirements
DOTs	-	Direct Observation Treatments
DPMAS	-	District Poverty Monitoring and Analysis System
DPPR	-	Disaster Preparedness Program Review
DPR	-	Detailed Project Report
DPT	-	Diphtheria, Pertussis and Tetanus
DRF	-	Debt Relief Fund
EC	-	European Community
ECD	-	Early Childhood Development
EDV	-	Electronic Diversity Visa
Emerging and Developing Economies (विकासोन्मुख अर्थतन्त्रहरु)	-	Africa, Central and Eastern Europe, Common Wealth of Independent States, Developing Asia, Middle East, Western Hemisphere (जम्मा संख्या १३९)
EIA	-	Environmental Impact Assessment
ENT	-	Ear, Nose and Throat
EIF	-	Enhanced Integrated Framework
EPA	-	Education for All
EPZ	-	Export Processing Zone
EU	-	European Union
EWARS	-	Early Warning Reporting System
FD	-	Flight Data
FISIM	-	Financial Intermediation Services Indirectly Measured

FM	-	Frequency Modulation
FNCCI	-	Federation of Nepalese Chambers of Commerce and Industry
FOR	-	Flight Opetation Requirment
FSTF	-	Full Subsity Tuition Fee
GDP	-	Gross Domestic Product
GFATM	-	Global Fund for AIDS Tuberculosis Management
GHC	-	Grievance Hearing Cell
GIS	-	Geographical Information System (digital mapping system)
GMPCS	-	Global Mobile Personal Communication System
GNI	-	Gross National Income
GPS	-	Global Positioning System
GSM	-	Global System for Mobile Communications
GNSS	-	Global Navigation Sattlite System
GTZ	-	Gesellschaft für Technische Zusammenarbeit (German Technical Cooperation)
ha	-	hectare
HIV	-	Human Immunodeficiency Virus
HIV/AIDS	-	Human Immunodeficiency Virus/ Acquired Immune Deficiency Syndrome
HPAI	-	Highly Pathogenic Avian Influenza
ICAO	-	International Civil Aviation Organization
ICT	-	Information and Communication Technology
IDA/PRSC	-	International Development Association/Poverty Reduction Strategy Credit
IEC	-	Information, Education, and Communication
IEE	-	Initial Environment Examination
IFAD	-	International Fund for Agricultural Development
IFRS	-	International Financial Reporting Standards
ILO	-	International Labour Organization
ILS	-	Instrument Landing System
IMCI	-	Integrated Management and Child Illness
IMF	-	International Monetary Fund
ISDN	-	Integrated Services Digital Network
ISIC	-	International Standard Industrial Classification
IT	-	Information Technology
ITU	-	International Telecommunication Union
IUD	-	Intrauterine Device
IUSOAP	-	ICAO Universal Safety Oversight Audit Program
KG	-	Kilo Gram
KOICA	-	Korean International Cooperation Agency
LDO	-	Light Diesel Oil

LDTA	-	Local Development Training Academy
LIBOR	-	London Inter-Bank Offered Rate
LMFF	-	Liquidity Monitoring and Forecasting Framework
LOA	-	Letter of Agreement
Major Advanced Economies (प्रमुख विकसित अर्थतन्त्रहरु)	-	United States, Japan, Germany, United Kingdom, France, Italy, and Canada (Group of Seven, G-7)
MBBS	-	Medicinae Baccalaureus et Baccalaureus Chirurgiae (Latin), (Bachelor of Medicine, Bachelor of Surgery)
MC	-	Minimum Conditons
MCPM	-	Minimum Conditons for Performance Measures
MD	-	Doctor of Medicine
MDA	-	Mass Drugs Administration
MDGs	-	Millennium Development Goals
MDR	-	Milti-Drug Resistant
MFDR	-	Operationalization of Managing for Development Results
MOU	-	Memorandum of Understanding
MS	-	Master of Science
MT	-	Metric Ton
MTEF	-	Mid-Term Expenditure Framework
MTO	-	Mineral Turpentine Oil
MUAN	-	Municipalities Association of Nepal
MW	-	Medium Wave
NASC	-	Nepal Administrative Staff College
NASP	-	Network for the Availability of Scientific Publications
NATTA	-	Nepal Association of Tour and Travel Agents
NCAR	-	Nepal Civilian Authority Regulation
NCASTP	-	National Civil Aviation Security Training Program
NCD	-	Non-Communicable Diseases
NDHS	-	Nepal Demographic and Health Survey
NFHP	-	National Family Health Program
NLSS	-	National Living Standards Survey
NPA	-	Non-Performing Assets
NSIC	-	Nepal Standard Industrial Classification
NTCS	-	Nepal Trade Competiteveness Study
NTV	-	Nepal Television
OFID	-	OPEC Fund for International Development
OPD	-	Out-Patient Department
OVOP	-	One Village One Product

P1	-	प्राथमिकता एक
PABX System	-	Public Telephone Exchange System
PATA	-	Pacific Area Travel Agency
PBM	-	Performance-Based Monitoring
PCF	-	Per Capita Funding
PCO	-	Public Call Operator
PERI	-	Program for Enhancement of Research Information
PGDP	-	Population Gender and Development Program
PLR	-	Personnel Licensing Requirement
PMAS	-	Poverty Monitoring and Analysis System
PMEU	-	Program Monitoring and Evaluation Unit
PMTCT	-	Prevention of Mother to Child Transmission
PNC	-	Post-Natal Care
PPP	-	Public-Private Partnership
PPP	-	Purchasing Power Parity
PRSP	-	Poverty Reduction Strategy Paper
PSI	-	Population Service International
PSTF	-	Partial Subsidy Tuition Fee
PSTN	-	Public Subscriber Telephone Network
RCAG	-	Remote Center Air/Ground
RFF	-	Rescue Fire Fighting
RUPP	-	Rural-Urban Partnership Program
RWRMP	-	Rural Water Resource Management Project
SAFTA	-	South Asian Free Trade Area
SAPTA	-	SAARC Preferential Trading Arrangement
SBA	-	Skilled Birth Attendant
SDC	-	Swiss Development Cooperation
SEZ	-	Special Economic Zone
SITC	-	Standards International Trade Classification
SMD	-	Strengthening Maintenance and Development Process
SNA	-	System of National Accounts, 1993
SPS	-	Sanitary and Phytosanitary
STI	-	Second-Tier Institution
SW	-	Short Wave
TA	-	Technical Assistance
TB	-	Tuberculosis
TIA	-	Tribhuvan International Airport
TITV	-	Thai International Television
TOR	-	Terms of Reference
TRADE	-	Tariff Relief Assistance for Developing Economies

TT	-	Tetanus Toxoid
TYIP	-	Three-Year Interim Plan
UDLE	-	Urban Development through Local Efforts
UDLE/RUPP	-	UDLE/Rural-Urban Partnership Program
UMN	-	United Mission to Nepal
UN	-	United Nations
UNCTAD	-	United Nations Conference on Trade and Development
UNDP	-	United Nations Development Program
UN-HABITAT	-	United Nations Human Settlement Program
UNICEF	-	United Nations Children's Fund
UNSECAP	-	UN Social and Economic Commission for Asia and the Pacific
UNWTO	-	UN World Tourism Organization
UPU	-	Universal Postal Union
USAP	-	Universal Security Audit Program
USOAP	-	Universal Safety Oversight Audit Program
VCT	-	Voluntary Counseling and Testing for HIV
VHF	-	Very High Frequency
VOR/DME	-	Very High Frequency Omni Range / Distance Measuring Equipment
VSAT	-	Very Small Aperture Terminal
WB	-	World Bank
WHO	-	World Health Organization
WFP	-	World Food Program
WLL	-	Wireless Loop
WTO	-	World Trade Organization
कि.मि.	-	किलोमिटर
के.जी.	-	किलोग्राम
गा.वि.स.	-	गाउँ विकास समिति
जि.डि.पी. (GDP)	-	कुल गार्हस्थ्य उत्पादन
जि.वि.स.	-	जिल्ला विकास समिति
नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु	-	विकसित अर्थतन्त्रहरु वाहेक अन्य सबै अर्थतन्त्रहरु (संख्या १३९)
नि.मा.वि.	-	निम्न-माध्यमिक विद्यालय
प्रा.वि.	-	प्राथमिक विद्यालय
मध्यवर्ती क्षेत्र	-	Buffer Zone
मा.वि.	-	माध्यमिक विद्यालय
मि.	-	मिटर
रा.प.अनं.	-	राजपत्र अनंकित
वि.सं.	-	विक्रम संवत्
सा.नि.सा.	-	सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership)

कार्यकारी सारांश

१. विश्व अर्थतन्त्र हाल द्वितीय विश्वयुद्ध पछिको सबभन्दा ठूलो आर्थिक संकटबाट गुज्रिरहेको छ। विश्व अर्थतन्त्रमा संकुचनका साथै रोजगारीका अवसरहरु घट्ने र खासगरी विकासोन्मुख मुलुकहरुमा गरिबीको समस्या अरु गहिरिने अनुमान रहेको छ। संयुक्त राज्य अमेरिकामा देखिएको घरजग्गा कारोवार सम्बन्धी संकट र सोबाट सिर्जित भीषण वित्तीय संकटका कारण संयुक्त राज्य अमेरिका लगायत अन्य विकसित तथा विकासोन्मुख अर्थतन्त्रहरुले आर्थिक संकुचन, अस्थिरता र अनिश्चितता सम्बन्धी निकै ठूलो प्रतिकूल प्रभाव सामना गर्नु परिरहेको छ। वित्तीय संकटको प्रत्यक्ष प्रभावको रुपमा सन् २००८ मा सन् २००७ को तुलनामा विश्वको आर्थिक वृद्धिदर २.० प्रतिशत विन्दुले घट्न गएको छ भने वित्तीय संकट अझ गहिरिंदै जाँदा सन् २००९ मा सन् २००८ को तुलनामा उक्त आर्थिक वृद्धिदर ४.५ प्रतिशत विन्दुले घट्न गई यस वर्ष आर्थिक वृद्धिदर १.३ प्रतिशतले ऋणात्मक बन्ने देखिएको छ। वित्तीय संकटको समाधान तथा अर्थतन्त्रको पुनरोत्थानका लागि विकसित मुलुकका सरकारहरुले ठूलो धनराशी व्यहोरी आ-आफ्ना अर्थतन्त्रहरुमा राहत र सहायताका कार्यक्रमहरु अगाडि बढाइरहेका छन्, यद्यपि यी प्रयासहरुको उपलब्धि अझै स्पष्ट देख्न सकिएको छैन।

२. विश्वको आर्थिक वृद्धिदर सन् २००७ मा ५.२ प्रतिशत रहेकोमा सन् २००८ मा ३.२ प्रतिशतमा झऱ्यो भने सन् २००९ मा १.३ प्रतिशतले ऋणात्मक हुने देखिएको छ। आर्थिक वृद्धिदर मध्ये विकसित मुलुकहरु (Advanced Economies) को वृद्धिदर ३.८ प्रतिशतले ऋणात्मक हुने र अन्य मुलुकहरु (Emerging and Developing Economies) को वृद्धिदर १.६ प्रतिशतले मात्र बढ्ने देखिएको छ। विकसित अर्थतन्त्रहरुमध्ये नव औद्योगिक एसियाली अर्थतन्त्रहरुको वृद्धिदर ५.६ प्रतिशतको उच्च दरले ऋणात्मक हुने प्रक्षेपण रहेको छ।

३. नेपालका छिमेकी मुलुकहरु चीन र भारतले सन् २००८ मा क्रमशः ९.० प्रतिशत र ७.३ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेका थिए भने उक्त वृद्धिदर सन् २००९ मा क्रमशः ६.५ प्रतिशत र ४.५ प्रतिशतमा सीमित रहने देखिएको छ।

४. चालु आर्थिक वर्ष २०६५/६६ मा नेपालको आर्थिक वृद्धिदरमा कमी आउने देखिएको छ। उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०६४/६५ मा ५.३ प्रतिशतले बढेकोमा चालू वर्षमा ४.७ प्रतिशतले बढ्ने अनुमान छ। एकातर्फ मौसमी प्रतिकूलताले गर्दा कृषि क्षेत्रको र अर्कोतर्फ खासगरी ऊर्जा संकट तथा बन्द हड्तालजन्य समस्याहरुले गर्दा गैर कृषि क्षेत्रको वृद्धिदरमा अपेक्षित सुधार हुन सकेन।

५. आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा उत्पादन वृद्धिदर विस्तारित भएका गैर कृषि क्षेत्रहरु मध्ये शिक्षा (गत वर्ष ३.३ प्रतिशत, यस वर्ष ९.९ प्रतिशत), निर्माण (गत वर्ष ३.१ प्रतिशत, यस वर्ष ५.७ प्रतिशत) यातायात, सञ्चार तथा भण्डारण (गत वर्ष ७.१ प्रतिशत, यस वर्ष ७.८ प्रतिशत), घरजग्गा, भाडा तथा

व्यावसायिक सेवाहरु (गत वर्ष ४.४ प्रतिशत, यस वर्ष ४.५ प्रतिशत) तथा सार्वजनिक प्रशासन र रक्षा (गत वर्ष ०.४ प्रतिशत, यस वर्ष ३.३ प्रतिशत) रहन पुगे ।

६. उपरोक्त बाहेक, अन्य सबै क्षेत्रहरुको उत्पादन वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेको छ । यी क्षेत्रहरुमा कृषि तथा वन (गत वर्ष ४.७ प्रतिशत, यस वर्ष २.१ प्रतिशत), मत्स्यपालन (गत वर्ष ७.१ प्रतिशत, यस वर्ष ४.५ प्रतिशत), खानी तथा उत्खनन् (गत वर्ष २.८ प्रतिशत, यस वर्ष २.५ प्रतिशत), थोक तथा खुद्रा व्यापार (गत वर्ष ७.० प्रतिशत, यस वर्ष ४.७ प्रतिशत), होटल तथा रेष्टुराँ (गत वर्ष ८.५ प्रतिशत, यस वर्ष ५.१ प्रतिशत), वित्तीय मध्यस्थता (गत वर्ष १३.८ प्रतिशत, यस वर्ष ३.३ प्रतिशत), स्वास्थ्य र सामाजिक कार्य (गत वर्ष १३.६ प्रतिशत, यस वर्ष ६.५ प्रतिशत) र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरु (गत वर्ष ११.१ प्रतिशत, यस वर्ष ६.१ प्रतिशत) रहेका छन् । गत वर्षको तुलनामा यस वर्ष उत्पादन वृद्धि ऋणात्मक रहेका क्षेत्रहरुमा उत्पादन उद्योग (गत वर्ष ०.२ प्रतिशत, यस वर्ष -०.५ प्रतिशत) र विद्युत्, ग्यास तथा पानी (गत वर्ष ३.७ प्रतिशत, यस वर्ष -१.१ प्रतिशत) रहेका छन् ।

७. अर्थ व्यवस्थाको क्षेत्रगत संरचना हेर्दा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा उत्पादन क्षेत्रहरुको अंश कृषि क्षेत्रमा ३२.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा १३.७ प्रतिशत, यातायात, सञ्चार तथा भण्डारणमा १०.५ प्रतिशत, घरजग्गा, भाडा तथा व्यावसायिक सेवाहरुमा ८.३ प्रतिशत, उत्पादन उद्योगमा ६.८ प्रतिशत र निर्माणमा ६.४ प्रतिशत रहेको छ । त्यस्तै, शिक्षाको ६.० प्रतिशत, वित्तीय मध्यस्थताको ४.८ प्रतिशत र विद्युत्, ग्यास तथा पानीको १.७ प्रतिशत हिस्सा रहेको छ भने सार्वजनिक प्रशासन तथा रक्षाको २.० प्रतिशत, होटल तथा रेष्टुराँको १.५ प्रतिशत तथा स्वास्थ्य र सामाजिक कार्यको १.३ प्रतिशत हिस्सा रहेको छ ।

८. हालका वर्षहरुमा नेपाली अर्थतन्त्रमा सेवा क्षेत्रको अंश क्रमिक रुपमा बढ्दै गइरहेकोमा वृद्धिदर भने चालू वर्षमा गत वर्षको तुलनामा कम रहेको देखिन्छ । गत वर्ष ७.० प्रतिशतले बढेको सेवा क्षेत्र (Tertiary Sector) चालू वर्षमा ५.९ प्रतिशतले बढ्न गएको छ । त्यस्तै, कुल गार्हस्थ्य उत्पादनमा यसको अंश गत वर्षको ५१.२ प्रतिशतबाट चालू वर्षमा ५१.७ प्रतिशत रहेको छ । त्यस्तै, प्राथमिक क्षेत्र (Primary Sector) गत वर्ष ४.७ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २.२ प्रतिशतले बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा यसको अंश गत वर्षको ३३.१ प्रतिशतको हाराहारीमा यस वर्ष ३३.३ प्रतिशत पुगेको छ । त्यस्तै, द्वितीय क्षेत्र (Secondary Sector) गत वर्षको १.८ प्रतिशतको वृद्धिको तुलनामा यस वर्ष पनि करीब १.८ प्रतिशतले नै वृद्धि भई कुल गार्हस्थ्य उत्पादनमा यसको अंश गत वर्षको १५.७ प्रतिशतबाट केही कम भई १५.० प्रतिशत रहेको छ ।

९. आर्थिक वर्ष २०६४/६५ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा गार्हस्थ्य वचत अनुपात ११.२ प्रतिशत रहेकोमा चालू वर्षमा यो अनुपात ८.० प्रतिशत रहेको छ । त्यस्तै, गत वर्ष ३१.५ प्रतिशत रहेको राष्ट्रिय वचत अनुपात आर्थिक वर्ष २०६५/६६ मा ३२.३ प्रतिशत पुगेको छ । गत वर्ष ३१.८ प्रतिशत रहेको कुल लगानी

अनुपात चालू वर्ष २९.७ प्रतिशतमा सीमित रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु तथा सेवाहरुको खुद निर्यात गत वर्ष २०.६ प्रतिशत ऋणात्मक रहेकोमा यस वर्ष २१.७ प्रतिशत ऋणात्मक भएको छ।

१०. राजस्वको वृद्धिदर उत्साहजनक भएकोले चालू वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व परिचालन १४.८ प्रतिशत रहेको छ। यस्तो अनुपात आर्थिक वर्ष २०६४/६५ मा १३.२ प्रतिशत रहेको थियो।

११. खर्च र आय बीचको दूरी बढ्दै गएको परिप्रेक्ष्यमा अर्थतन्त्रको आन्तरिक तथा वैदेशिक ऋण रकम क्रमिकरुपमा बढ्दै गएको छ। फलस्वरुप, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल तिर्न बाँकी ऋण आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा ३९.६ प्रतिशतबाट आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा ४१.० प्रतिशत पुगेको छ। यस मध्ये वैदेशिक ऋणको यस्तो अनुपात गत वर्ष २६.४ प्रतिशत भएकोमा यस वर्ष २८.५ प्रतिशत पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल तिर्न बाँकी आन्तरिक ऋण भने आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा १३.२ प्रतिशतबाट आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा १२.५ प्रतिशतमा सीमित रहेको छ। रकमको आधारमा हेर्दा २०६४ फागुन मसान्तमा कुल तिर्न बाँकी सरकारी ऋण रकम रु. ३२३ अर्ब ८७ करोड (वाह्य रु. २१६ अर्ब २० करोड र आन्तरिक रु. १०७ अर्ब ६७ करोड) रहेकोमा २०६५ फागुन मसान्तमा यसमा २१.५ प्रतिशत (वाह्य २६.६ प्रतिशत र आन्तरिक ११.४ प्रतिशत) ले वृद्धि भई कुल तिर्न बाँकी ऋण रकम रु. ३९३ अर्ब ५९ करोड (वाह्य रु. २७३ अर्ब ६१ करोड र आन्तरिक रु. ११९ अर्ब ९८ करोड) पुगेको छ।

१२. नेपाल सरकारले सार्वजनिक संस्थानहरुमा गरेको लगानी आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा १७.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ सम्म सेयर लगानी रु. ९१ अर्ब ९२ करोड र ऋण लगानी रु. ७३ अर्ब ६९ करोड गरी जम्मा लगानी रु. १६५ अर्ब ६१ करोड रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा सेयर लगानी रु. ७५ अर्ब ८० करोड र ऋण लगानी रु. ६५ अर्ब १४ करोड गरी कुल लगानी रु. १४० अर्ब ९४ करोड पुगेको थियो। त्यसैगरी, सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको कुल सेयरधनी कोष रकम आर्थिक वर्ष २०६३/६४ मा रु. ३८ अर्ब ९० करोड रहेकोमा सोमा २३.७ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब ११ करोड पुगेको छ।

१३. चालू आर्थिक वर्षमा मुद्रास्फीतिको दर निकै उच्च रहेको छ। २०६४ फागुनमा ७.२ प्रतिशतले वृद्धि भएको विन्दुगत आधारको उपभोक्ता मूल्य सूचकाङ्क २०६६ फागुनमा १३.१ प्रतिशतले वृद्धि भएको छ। थोक मूल्य सूचकाङ्क पनि गत अवधिमा ६.६ प्रतिशतले वृद्धि भएकोमा चालू वर्षको सोही अवधिमा १२.३ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै, कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क पनि आर्थिक वर्ष २०६४/६५ को ६.३

प्रतिशत वृद्धिको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा १२.२ प्रतिशतले वृद्धि भएको छ ।

१४. हालका वर्षहरुमा आर्थिक वृद्धिदरमा सामान्य वृद्धि भएको देखिएतापनि बैंकिङ्ग प्रणालीसँगको निक्षेपको वृद्धिदरमा त्यस्तो प्रतिकूल प्रभाव परेको देखिँदैन । आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा १३.४ प्रतिशतले वृद्धि भएको कुल निक्षेप परिचालन चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा १२.१ प्रतिशतले वृद्धि भएको छ । एकातर्फ विप्रेषणको आप्रवाह र अर्कोतर्फे वाणिज्य बैंक तथा तिनीहरुको शाखा विस्तारको कारणले गर्दा निक्षेप वृद्धिमा सघाउ पुग्न गएको हो ।

१५. आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा २.९ प्रतिशतले ह्रास भएको निर्यात समीक्षा अवधिमा १७.१ प्रतिशतले वृद्धि भएको छ । यस वर्षको समीक्षा अवधिमा २६.१ प्रतिशतले बढेको आयात गत वर्षको सोही अवधिमा १९.२ प्रतिशतले बढेको थियो । त्यसैगरी, विप्रेषण आय गत वर्षको ८ महिनाको अवधिमा रू. ८२ अर्व ४२ करोड रहेकोमा यस वर्षको सोही अवधिमा रू. १३१ अर्व पुगेको छ ।

१६. नेपाल भ्रमणमा आउने पर्यटकको संख्यामा पुस २०६३ देखि पुस २०६४ सम्म ३७.२ प्रतिशतले बढेकोमा पुस २०६४ देखि पुस २०६५ सम्मको अवधिमा ५.० प्रतिशतले गिरावट आएको छ । गत वर्ष नेपाल भित्रिएका पर्यटकहरुको संख्या ५ लाख २६ हजार ७ सय ५ रहेकोमा यस वर्ष ५ लाख २ सय ७७ मात्र रहेको छ । पर्यटकको औसत बसाइ अवधि गत वर्ष ११.९६ दिन रहेकोमा यस वर्ष सीमान्तरुपमा घटी ११.७८ दिन पुगेको छ । यस क्षेत्रले आर्थिक वर्ष २०६४/६५ भरिमा रु. १८ अर्ब ६५ करोड विदेशी मुद्रा आर्जन गरेकोमा पर्यटक संख्यामा देखिएको उपरोक्त गिरावटको वावजुद चालू वर्षको आठ महिनासम्ममा रु. १६ अर्ब ८२ करोड आर्जन भएको छ । यद्यपि गत आर्थिक वर्षको प्रथम आठ महिनामा यस क्षेत्रबाट प्राप्त भएको विदेशी मुद्रा आर्जनको वृद्धिदर ७६.३ प्रतिशतको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको वृद्धिदर ५४.५ प्रतिशत मात्र रहेको छ ।

१७. सामाजिक क्षेत्रको विकास नेपाल सरकारको प्राथमिकता रहेको एक महत्वपूर्ण क्षेत्र भएको परिप्रेक्ष्यमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा निकै सुधार हुँदै गएको छ । शिक्षा क्षेत्रमा सरकार तथा निजी क्षेत्रको सहभागिता विस्तारित भएको छ भने स्वास्थ्य क्षेत्रमा पनि दुबै समूहको क्रियाशिलता बढ्दै छ । यसै सन्दर्भमा हालका वर्षहरुमा जनस्वास्थ्यलाई उच्च प्राथमिकता दिई सरकारले स्वास्थ्य सेवातर्फ विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरुमा ४० थरिका विभिन्न औषधिहरुको निःशुल्क वितरण गर्ने कार्यक्रम सञ्चालन गरेको छ । २०६४ को शैक्षिक सत्रमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुको संख्या क्रमशः २९ हजार २ सय २०, ९ हजार ७ सय ३९ र ५ हजार ८ सय ९४ भएकोमा २०६५ को शैक्षिक सत्रमा क्रमशः ३० हजार ९ सय २४, १० हजार ६ सय ३६ र ६ हजार ५ सय १५ पुगेको छ । गत वर्षको शैक्षिक सत्रमा कुल विद्यार्थी संख्या ६५ लाख ३४ हजार रहेकोमा चालू वर्षको शैक्षिक सत्रमा ६९ लाख ६४ हजार

पुगेको छ। त्यस्तै, नेपालको जनशक्तिको गुणात्मक सुधार गरी उच्च जनशक्ति तयार गर्न नेपालका विश्वविद्यालयहरु क्रियाशील रहेका छन्। फलस्वरुप, विभिन्न विधामा अध्ययन गर्ने विद्यार्थीहरुको संख्यामा पनि क्रमिक विस्तार भइरहेको छ।

१८. आर्थिक वृद्धिदरमा सुस्तता तथा मूल्य वृद्धिदरमा तीब्र चाप रहेको अवस्थामा पनि खासगरी उच्च विप्रेषण आयको कारण शोधनान्तर स्थिति अनुकूल रही विदेशी विनिमय सञ्चिति सन्तोषजनक स्तरमा रहेको छ। खासगरी आवागमनमा समयसमयमा देखिएका अवरोधहरु तथा औद्योगिक सम्बन्ध र ऊर्जा आपूर्तिमा अनिश्चितताको कारणले मुलुकको आर्थिक विस्तार र विकासमा प्रतिकूल अवस्था सिर्जना भएको देखिन्छ। पुँजीगत खर्चको अपेक्षित विस्तार हुन नसकेतापनि सरकारी क्षेत्रमा राजस्व परिचालनतर्फ देखिएको प्रगति उत्साहजनक छ।

१९. आर्थिक सुस्तताको भुमरीमा जकडिएको नेपाली अर्थतन्त्रले दोहोरो अंकको उच्च मूल्य वृद्धिको सामना गर्नु परिरहेको विसंगतिपूर्ण वर्तमान अवस्थामा जनताको क्रयशक्ति र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा हाम्रो समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ। तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास, लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अझ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भीर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेकोले अर्थतन्त्रलाई सहज र स्वाभाविक ढंगले अगाडि बढाउन एवम् जनताको दैनिक जीवनयापनमा राहत पुऱ्याउन खासगरी यातायात व्यवस्थामा अड्चन आउने खालका बन्द, हड्तालललाई पूर्णरुपमा प्रतिवन्ध लगाउने गरी पर्याप्त कानुनी व्यवस्था तत्काल तर्जुमा गर्ने र सो कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने राष्ट्रिय अपरिहार्यता बनेको छ।

समष्टिगत आर्थिक परिसूचकहरू

विवरण	एकाइ		आर्थिक वर्ष						
		५८/५९	५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६[1]
आर्थिक गतिविधि									
यथार्थ कुल गार्हस्थ्य उत्पादन[2]									
** उत्पादकको मूल्यमा*	वार्षिक % परिवर्तन	०.१	३.९	४.७	३.५	३.४	३.३	५.३	४.७
** वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा*	वार्षिक % परिवर्तन	०.५	३.४	५.१	३.०	४.०	३.१	५.३	३.९
***कृषि*	वार्षिक % परिवर्तन	३.०	३.३	४.७	३.४	१.७	०.९	४.७	२.१
***गैर-कृषि*	वार्षिक % परिवर्तन	-१.०	३.५	५.४	३.३	५.४	४.३	५.७	४.८
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	-२.०	१.६	२.५	१.५	१.५	१.४	३.४	२.३
प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	-२.५	१.६	२.३	२.१	१.९	१.७	३.३	३.७
यथार्थ कुल गार्हस्थ्य उत्पादन									
** उत्पादकको मूल्यमा*	रु.अर्ब	४४२.०५	४५९.४९	४८१.००	४९७.७४	५१४.४९	५३१.६८	५६०.१२	५८६.२३
** वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा*	रु.अर्ब	४२७.४०	४४२.१३	४६४.८३	४८०.३५	४९९.५४	५१५.०८	५४२.४४	५६३.४४
***कृषि*	रु.अर्ब	१५८.४२	१६३.६८	१७१.३९	१७.३०	१८०.२६	१८१.९६	१९०.४६	१९४.५२
***गैर-कृषि*	रु.अर्ब	२६८.९८	२७८.४५	२९३.४३	३०३.०४	३१९.२८	३३३.१२	३५१.९८	३६८.९२
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा)	रु.अर्ब	४५९.४४	४९२.२३	५३६.७५	५८९.४१	६५४.०८	७२८.१८	८१८.४०	९६०.०१
समग्र कृषि उत्पादन सूचकाङ्क[3]	रु.अर्ब	२.४	३.७	३.२	२.८	१.७	०.९	४.७	२.२
** खाद्यान्न तथा अन्य बालीहरू*	रु.अर्ब	२.३	२.०	३.४	१.५	१.४	-२.७	७.३	३.४
** पशुजन्य उत्पादन*	रु.अर्ब	२.५	३.२	३.४	२.१	२.५	३.१	२.६	२.४
** तरकारी, बागवानी र नर्सरी*	रु.अर्ब	५.१	३.६	५.०	९.३	६.०	६.४	९.६	९.६
** वनजन्य उत्पादन*	रु.अर्ब	१.९	१.९	१.०	०.२	-२.५	१.७	०.२	०.२
प्रमुख औद्योगिक वस्तु उत्पादन सूचकाङ्क[3]	रु.अर्ब	-६.६	२.४	२.१	२.६	१.९	२.१	-२.२	-१.५
कुल उपभोग/जि.डि.पी.	%	९०.५	९१.४	८८.३	८८.४	९१.०	९०.३	८८.८	९२.०
कुल गार्हस्थ्य बचत/जि.डि.पी.	%	९.५	८.६	११.८	११.६	९.०	९.७	११.२	८.०
कुल राष्ट्रिय बचत/जि.डि.पी.	%	२४.२	२३.८	२७.३	२८.४	२९.०	२८.५	३१.३	३२.३
कुल स्थिर पुँजी लगानी/जि.डि.पी.	%	१९.६	१९.९	२०.३	१९.९	२०.७	२०.४	२१.१	२१.२
***सरकारी** /जि.डि.पी.	%	३.८	३.०	२.८	२.९	२.७	२.९	३.१	४.१
***निजी** /जि.डि.पी.	%	१५.८	१६.९	१७.६	१७.०	१५.३	१७.५	१८.०	१७.१

विवरण	एकाइ		आर्थिक वर्ष						
		५८/५९	५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६[१]
कुल लगानी/जि.डि.पी.	%	२०.२	२१.४	२४.५	२६.५	२६.८	२८.०	३२.८	२९.७
कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर/जि.डि.पी.	%	-१०.७	-१२.८	-१२.७	-१४.९	-१७.८	-१८.३	-२१.६	-२१.७
वस्तु तथा सेवाको खुद निर्यात (निर्यात-आयात)/जि.डि.पी.	%	-१०.८	-१२.९	-१२.८	-१४.९	-१७.९	-१८.३	-२०.६	-२१.७
*आयात/जि.डि.पी.	%	२८.५	२८.६	२९.५	२९.५	३१.३	३१.३	३२.७	३७.४
*निर्यात/जि.डि.पी.	%	१७.७	१५.७	१६.७	१४.६	१३.५	१३.०	१२.१	१५.७
कुल जनसंख्या	करोड	२.३७	२.४२	२.४७	२.५३	२.५९	२.६४	२.७०	२.७६
मूल्य									
उपभोक्ता मूल्य सूचकाङ्क [३]	% परिवर्तन	२.९	४.८	४.०	४.५	८.०	६.४	७.७	१२.०
कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क [२]	% परिवर्तन	३.९	३.१	४.०	५.९	६.९	७.४	६.३	१२.२
** कृषि*	% परिवर्तन	३.५	०.८	२.७	३.५	४.३	६.२	७.२	१५.०
** गैर-कृषि*	% परिवर्तन	४.१	४.५	४.८	७.१	८.२	७.७	५.९	१०.८
थोक मूल्य सूचकाङ्क [४]	% परिवर्तन	४.९	३.८	४.१	७.३	८.९	९.०	९.१	१०.६
तलब तथा ज्यालादर सूचकाङ्क [५]	% परिवर्तन					३.९	९.८	९.७	२०.३
** तलब*	% परिवर्तन					०.३	६.३	१०.९	२०.८
** ज्यालादर*	% परिवर्तन					५.३	१०.९	९.४	२०.१
सार्वजनिक वित्त									
राजस्व	% परिवर्तन	३.२	११.५	१०.९	१२.५	३.१	२१.३	२२.७	३२.१
कुल सरकारी खर्च	% परिवर्तन	०.३	४.९	६.५	१४.७	८.१	२०.५	२०.८	३२.४
** चालू खर्च*	% परिवर्तन	६.६	६.६	६.६	११.०	८.६	१५.१	१८.६	३३.५
** पुँजीगत खर्च*	% परिवर्तन	-१२.५	-९.८	३.३	१८.४	८.३	३४.२	३४.७	३७.०
** साँवा भुक्तानी खर्च*	% परिवर्तन	१३.१	४८.६	१२.९	२५.४	५.४	१७.४	-२.२	११.०
ऋण सेवा (साँवा र व्याज भुक्तानी)	% परिवर्तन	१७.५	३२.६	७.१	१३.९	३.४	१२.२	-०.७	२०.८
राजस्व /जि.डि.पी.	%	११.०	११.४	११.६	११.९	११.१	१२.१	१३.२	१४.८
** कर राजस्व*/जि.डि.पी.	%	८.६	८.७	९.०	९.२	८.८	९.८	१०.४	१२.२
** गैर-कर राजस्व*/जि.डि.पी.	%	२.४	२.८	२.६	२.७	२.३	२.३	२.८	२.६
कुल सरकारी खर्च[६]/जि.डि.पी.	%	१७.४	१७.१	१६.७	१७.४	१७.०	१८.४	१९.७	२२.२
** चालू खर्च*[६]/जि.डि.पी.	%	१०.६	१०.६	१०.३	१०.५	१०.२	१०.६	११.२	१२.७
** पुँजीगत खर्च*[६]/जि.डि.पी.	%	५.४	४.५	४.३	४.६	४.५	५.५	६.५	७.६
** साँवा भुक्तानी खर्च* /जि.डि.पी.	%	१.४	१.९	२.०	२.३	२.२	२.३	२.०	१.९
ऋण सेवा (साँवा र व्याज भुक्तानी)/जि.डि.पी.	%	२.७	३.३	३.२	३.४	३.१	३.२	२.८	२.७
वैदेशिक अनुदान/जि.डि.पी.	%	१.४	२.३	२.१	२.४	२.१	२.२	२.५	३.६
बजेट घाटा/जि.डि.पी.	%	५.०	३.३	२.९	३.१	३.८	४.१	४.१	३.८
वैदेशिक ऋण/जि.डि.पी.	%	१.७	०.९	१.४	१.६	१.३	१.४	१.१	१.१

विवरण	एकाइ		आर्थिक वर्ष						
		५८/५९	५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६[1]
आन्तरिक ऋण/जि.डि.पी.	%	१.७	१.८	१.०	१.५	१.८	२.५	२.५	२.६
वैदेशिक ऋण र अनुदान/जि.डि.पी.	%	३.१	३.२	३.५	४.०	३.४	३.६	३.६	४.७
कुल तिर्न बाँकी ऋण	रु.अर्ब	२९३.७५	३०८.०८	३१८.९१	३०७.२०	३२८.६८	३२०.४१	३६६.०१	३९९.७५
* तिर्न बाँकी आन्तरिक ऋण	रु.अर्ब	७३.६२	८४.६५	८६.१३	८७.५६	९४.७१	१०३.७८	११६.०४	१३३.३८
* तिर्न बाँकी वैदेशिक ऋण	रु.अर्ब	२२०.१३	२२३.४३	२३२.७८	२१९.६४	२३३.९७	२१६.६३	२४९.९७	२६६.३७
प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण	रु.	१२३९५	१२७३१	१२९११	१२१४२	१२६९०	१२१३७	१३५५६	१४४८४
कुल तिर्न बाँकी ऋण/ जि.डि.पी.	%	६३.९	६२.६	५९.४	५२.१	५०.३	४४.०	४४.७	४१.६
* तिर्न बाँकी आन्तरिक ऋण/ जि.डि.पी.	%	१६.०	१७.२	१६.०	१४.९	१४.५	१४.३	१४.२	१३.९
* तिर्न बाँकी वैदेशिक ऋण/जि.डि.पी.	%	४७.९	४५.४	४३.४	३७.३	३५.८	२९.७	३०.५	२७.७
तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व	%	४३६.४	३९७.४	३७३.५	३१३.२	३२३.७	२४७.०	२३२.३	१८७.३
तिर्न बाँकी वैदेशिक ऋण/निर्यात	%	४६८.९	४४७.५	४३१.८	३७४.१	३८८.४	३६४.८	४२१.८	३८५.४
ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च	%	२५.०	३१.१	३१.२	३२.०	३०.५	२९.७	२४.९	२१.५
तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय संचिति	%	२०७.९	२०६.४	१७८.८	१६९.१	१४१.८	१३१.२	११७.६	९५.१
मुद्रा तथा बैंकिङ्ग									
आन्तरिक कर्जा	% परिवर्तन	१०.४	१०.४	९.९	१३.८	७.८	१६.७	२१.३	१८.२
* निजी क्षेत्रतर्फ	% परिवर्तन	५.२	१३.२	१४.३	१४.२	१४.४	१८.९	२२.९	२१.१
* सरकारतर्फको खुद कर्जा	% परिवर्तन	२२.४	५.९	१.८	११.३	१०.४	१०.४	११.२	-३४.७
बैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश	%	६५.७	६७.४	७०.१	७०.३	७५.५	७५.८	७७.७	७९.६
संकुचित मुद्रा प्रदाय (एम$_1$)	% परिवर्तन	९.३	८.६	१२.२	६.६	१४.२	१२.२	२१.६	१८.३
* मुद्रा	% परिवर्तन	१५.२	२.२	११.१	८.८	१३.३	७.४	१९.९	२६.३
* चल्ती निक्षेप	% परिवर्तन	-३.५	२५.०	१४.४	२.२	१६.०	२२.८	२५.०	३.७
विस्तृत मुद्रा प्रदाय (एम$_2$)	% परिवर्तन	४.४	९.८	१२.८	८.३	१५.६	१४.०	२५.२	१९.५
* मुद्दती र वचत निक्षेप	% परिवर्तन	२.१	१०.४	१३.१	९.२	१६.४	१४.९	२७.०	२०.०
कुल निक्षेप	% परिवर्तन	५.२	१३.२	१४.३	१४.२	८.८	१२.३	२४.३	२१.१
कुल निक्षेप/जि.डि.पी.	%	३६.६	३८.४	३९.९	३९.३	४१.२	४२.८	४८.३	४८.५
कुल आन्तरिक कर्जा/जि.डि.पी.	%	४४.२	४५.५	४५.९	४७.५	४९.३	४९.५	५३.४	५३.८
* निजी क्षेत्रतर्फ/जि.डि.पी.	%	२९.०	३०.७	३२.१	३३.४	३७.२	३७.६	४१.५	४२.९
* सरकारतर्फको खुद कर्जा/ जि.डि.पी.	%	१३.०	११.९	१०.७	१०.८	१०.८	१०.८	१०.६	९.७
संकुचित मुद्रा प्रदाय/जि.डि.पी.	%	१६.८	१७.०	१७.५	१७.०	१७.३	१७.४	१८.९	१९.०
* मुद्रा/जि.डि.पी.	%	१२.१	११.६	११.८	११.७	११.९	११.५	१२.२	१३.२
* चल्ती निक्षेप/जि.डि.पी.	%	४.७	५.५	५.७	५.३	५.६	६.०	६.६	५.८

विवरण	एकाइ		आर्थिक वर्ष						
		५८/५९	५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६[1]
विस्तृत मुद्रा प्रदाय/जि.डि.पी.	%	४८.८	५०.०	५१.७	५१.०	५३.०	५४.३	६०.५	६१.६
**मुद्दती र वचत निक्षेप*/जि.डि.पी.	%	३२.०	३२.९	३४.२	३४.०	३५.६	३६.९	४१.७	४२.६
वाह्य क्षेत्र									
निर्यात (वस्तु)	% परिवर्तन	-१५.६	६.४	८.०	८.९	२.६	०.९	१२.०	१२.०
आयात (वस्तु)	% परिवर्तन	-७.२	१५.८	९.६	९.७	१६.३	१०.३	२३.९	२०.०
निर्यात/आयात अनुपात	%	४३.७	४०.२	३९.६	३९.३	३४.७	३०.५	२६.७	२४.१
व्यापार घाटा	% परिवर्तन	०.७	२३.१	१०.७	१०.२	२५.१	१९.२	२०.२	२३.३
पर्यटन आय	% परिवर्तन	-२६.१	३५.७	५४.५	-४३.३	८.७	६.०	८४.२	३५.३
पर्यटन व्यय	% परिवर्तन	३.८	७.७	६२.४	-३.३	२३.४	३२.०	३२.२	५१.५
विप्रेषण आय	रु. करोड	४७२२	४७५४	५४२०	५८५९	६५५४	९७६९	१००१४	१८३०१
विप्रेषण आय	% परिवर्तन	०.७	१४.०	८.१	११.९	४९.०	२.५	४२.५	२८.३
चालू खाता सन्तुलन	रु. करोड	१८१६.१	११६१.५	१४५९.८	११५४.५	१४२२.५	-९०.२	२३६८.०	२३३९.२
निर्यात/जि.डि.पी.	%	१०.२	१०.१	१०.०	१०.०	९.२	८.२	७.५	७.२
आयात/जि.डि.पी.	%	२३.४	२५.३	२५.४	२५.४	२६.६	२६.७	२६.६	२८.१
व्यापार घाटा/जि.डि.पी.	%	-१३.२	-१५.१	-१५.३	-१५.४	-१७.४	-१८.६	-१९.१	-२०.९
पर्यटन आय/जि.डि.पी.	%	१.९	२.४	३.४	१.८	१.५	१.४	२.३	२.६
पर्यटन व्यय/जि.डि.पी.	%	१.२	१.३	१.९	१.६	१.८	२.२	२.५	३.३
विप्रेषण आय/जि.डि.पी.	%	१०.३	११.०	१०.९	११.१	१४.९	१३.८	१७.४	१९.१
चालू खाता सन्तुलन/जि.डि.पी	%	४.०	२.४	२.७	२.०	२.२	-०.१	२.९	२.४
शोधनान्तर वचत	रु. करोड	-३३४.३	४३६.४	१६००.५	५७४.२	२५५९.८	५९०.४	२९६७.५	३०००.५
विदेशी विनिमय संचिति	रु. करोड	१०५९०.१	१०८२२.९	१३०२०.५	२९८९.९	१६५०३.३	१६५१२.६	२१२६२.४	२८०००.०
विदेशी विनिमय संचिति	% परिवर्तन	०.७	२.२	२०.३	-०.२	२७.०	०.१	२८.८	२७.४
*संचितिको आयात धान्ने क्षमता *वस्तु आयात*	महिना आयात बराबर	११.६	१०.४	११.५	१०.४	११.४	१०.२	११.५	१२.०
**वस्तु तथा सेवा आयात*	महिना आयात बराबर	९.८	९.०	९.७	८.८	९.६	८.४	९.३	१०.०
विदेशी विनिमय दर[6]	अ.ड.१= रु.	७६.८८	७७.७९	७३.७९	७२.०६	७२.३२	७०.४९	६५.०२	७६.८४

[1]वार्षिक प्रारम्भिक अनुमान (प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित); [2]आधार वर्ष २०५७/५८=१००; [3]आधार वर्ष २०५२/५३=१००; [4]आधार वर्ष २०५६/५७=१००; [5]आधार वर्ष २०६१/६२=१००; [6]खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको जेठ महिनासम्म ११ महिनाको औसत

टिप्पणी : जि.डि.पी.सँगको अनुपात हिसाव गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ ।

अर्थतन्त्रका प्रमुख चुनौतीहरु

१. आर्थिक गतिविधि

१.१ आर्थिक वृद्धिदरमा सुस्तता रहनु नेपालको आर्थिक विकासको प्रक्रियामा एउटा ठूलो समस्याको रुपमा रहेको छ । त्रिवर्षीय अन्तरिम योजना लागू भएको दोश्रो वर्षसम्मको अनुमानित तथ्याङ्कको आधारमा हेर्दा योजनाको ५.५ प्रतिशतको लक्षित वृद्धिदर प्राप्त गर्न सकिने स्थिति देखिदैन । चालू आर्थिक वर्ष २०६५/६६ को ७.० प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य पनि प्राप्त नहुने देखिन्छ । शान्ति प्रक्रिया र सुरक्षाको स्थितिमा सकारात्मक प्रवृत्ति देखिएको अवस्थामा पनि लक्षित आर्थिक वृद्धिदर हासिल गर्न कठिनाइ परेको छ। उत्पादन, रोजगारी, तथा जीवनयापनको दृष्टिले नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा कृषि रहेको छ । आधा शताब्दिदेखि अवलम्वन गर्दै आएको योजनावद्ध विकासको पृष्ठभूमि भएको हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको विकास र प्रवर्द्धनको निम्ति मुख्यरुपमा सहयोग पुऱ्याउने कारकको रुपमा रहेको सिंचाइ व्यवस्था कमजोर रहनु कृषि क्षेत्रतर्फ रहेको प्रमुख चुनौती हो ।

१.२ लगानीका लागि आवश्यक वातावरणको निर्माण तथा लगानीका अवसरहरुको पहिचान जस्ता कारकहरुले गैर कृषि क्षेत्रतर्फको लगानी अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । अझ प्रमुख कारकको रुपमा ऊर्जाको सहज आपूर्तिका साथै समस्यामुक्त औद्योगिक सम्बन्ध (Industrial Relations) विकासका लागि सरकारको औद्योगिक तथा श्रम नीतिमा हुनुपर्ने स्थिरताको नीतिगत व्यवस्था रहेको छ । नेपालको सन्दर्भमा दैनिक १२ घण्टा भन्दा बढीको लोड सेडिङ्ग, औद्योगिक सम्बन्धको कटुता, नयाँ औद्योगिक नीतिको घोषणा अद्यापि नहुनु, श्रम नीति सम्बन्धी अनिश्चितता जस्ता कारकहरुले गर्दा उत्पादन उद्योगदेखि अन्य व्यवसाय एवं सेवाहरु पनि फष्टाउन सक्ने अवस्थामा रहेनन् । फलतः गैर कृषि क्षेत्र पनि अन्तरिम योजना तथा चालू आर्थिक वर्षको लक्ष्य हासिल गर्न सक्ने स्थितिमा नरहेको चुनौती हाम्रो सामु विद्यमान छ ।

१.३ अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा जति प्रतिशतले आय बढेको छ त्यो भन्दा बढी दरले उपभोग बढ्ने नेपाली अर्थ व्यवस्थाको विद्यमान प्रवृत्तिले गर्दा वचतमा अवाञ्छित असर पर्न गएको छ । गत आर्थिक वर्ष ५.३ प्रतिशतले वृद्धि भएको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा ४.७ प्रतिशतमा सीमित रहँदा पनि उपभोग गत आर्थिक वर्ष ३.३ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्ष ६.० प्रतिशतले बढ्यो । यसले गर्दा अघिल्लो वर्षको तुलनामा चालू वर्ष वचत वृद्धिदर ६.९ प्रतिशतले नकारात्मक रह्यो । यदि यस वर्ष उपभोगको वृद्धिदर गत वर्षकै (३.३ प्रतिशत) वरावर र अन्य कुराहरु यथावत रहेको भए वचत वृद्धि १६.३ प्रतिशतले हुने एवम् कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य वचतको अनुपात ११.६ प्रतिशत पुग्ने थियो । त्यसैले, वचत गर्न प्रोत्साहित गर्ने वातावरणको निम्ति आवश्यक

पर्ने संयन्त्र, संस्थागत व्यवस्था तथा उपयुक्त उपकरणहरु देशव्यापीरुपमा अझै यथेष्ट रुपमा परिचालित हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको छ ।

१.४ नेपालमा रोजगारीका अवसरहरु क्षीण भएकोले विदेशमा कामदारको रुपमा काम गर्न नेपालका लाखौ युवाशक्ति विदेशिएका र सोही अनुसार उनीहरुले नेपालका आफन्तजनहरुको जीवन निर्वाहको निम्ति उल्लेख्य परिमाणमा विप्रेषणको रकम पठाउने गरेका छन् । साङ्ख्यिकीय हिसावले यस्तो विप्रेषण रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिव २० प्रतिशतको हारांहारीमा हुन आउँछ । तर प्राप्त विप्रेषणको ठूलो हिस्सा आधारभूत उपभोग्य सामानहरुको आयातमा खर्च हुने गर्दछ । विप्रेषणको वृद्धिसँगै आयातमा वृद्धि हुने, आफूमा आश्रितहरुको भरणपोषण हुने जस्ता सकारात्मक पक्षको साथै अर्थव्यवस्थालाई पनि विप्रेषणको प्रयोगबाट पुनः उत्पादन प्रक्रिया बढाई प्रतिस्पर्धी हुन मद्दत पुगेको भए विप्रेषणको प्रयोगबाट देशको दीर्घकालीन विकासमा सहयोग पुग्न जाने थियो । त्यसैले, यो पक्ष अनुरुप विप्रेषणको प्रयोग नहुनु चुनौतीको रुपमा रहेको छ ।

१.५ वस्तु तथा सेवाको उत्पादन तथा निर्यातमा विविधता ल्याउन सक्ने प्रकारको आर्थिक संरचनाको अभावले गर्दा कम ज्यालादरमा श्रमशक्ति अर्थात सेवा निर्यात हुने वर्तमान परिप्रेक्ष्यमा पनि वित्तीय तथा आर्थिक संकटग्रस्त कतिपय देशहरुबाट श्रमिकहरु फिर्ता आउने क्रम रहेको छ । यस्ता श्रमिक तथा देशमा विद्यमान श्रमिकहरुलाई उत्पादनशील रोजगारीका अवसरहरु दिई देशमै तिनको उपयोग गर्न कर्जाको अतिरिक्त अन्य उत्प्रेरक उपायहरुको व्यवस्था कसरी मिलाउने वर्तमानको महत्वपूर्ण चुनौती भएको छ । विगतका दिनहरुमा अवलम्वन गरिएका योजनावद्ध विकास प्रयासबाट उपलब्ध भएका भौतिक आधारशिलाहरुको मर्मत संभार तथा विद्यमान मानवीय संसाधनको महत्तम उपयोग गरी आधारभूत आर्थिक क्रियाकलाप विस्तारको कार्य अझै अपेक्षित स्तरमा हुन सकेको छैन । चुनौतीपूर्ण यस्तो अवस्थामा आउँदा दिनहरुमा सुधार ल्याउन उपलव्ध सवै प्रकारको साधनसँग सामञ्जस्य हुने गरी विकास निर्माणका कार्यक्रमहरु अवलम्वन गर्नुपर्ने हुन्छ ।

१.६ साधन र श्रोतको न्यायोचित एवम् समतामूलक वितरण सामाजिक सद्भाव र शान्तिका लागि अपरिहार्य छ । वर्तमानमा आय असमानता क्रमिकरुपमा विस्तार भइरहेको चुनौतीपुर्ण अवस्थाको सामना गर्न सन्तुलित तथा फराकिलो आधारको आर्थिक क्रियाकलाप अभिवृद्धिमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

१.७ नेपालमा कृषि प्रशोधन उद्योग, पर्यटन, जलविद्युत, मूल्यवान जडीवुटी प्रयोग गर्ने उद्योग, शिक्षा र स्वास्थ जस्ता विभिन्न उपलव्ध अवसरहरुको महत्तम प्रयोग गरी आर्थिक वृद्धिदर उच्च गर्ने वृहद् संभावना रहेको छ । उपलव्ध विशिष्ट प्राकृतिक बैभबको उपयोग बढाउन आवश्यक पर्ने साधन जुटाउन आन्तरिक तथा वाह्य लगानी परिचालन गर्नु आवश्यक पर्दछ । लगानीको वातावरण सहज हुन नसकेको वर्तमान

अवस्थामा सम्वन्धित सबैको ध्यान यस तर्फ आकर्षित गर्नु पर्ने हुन्छ। यी उद्योगमा हुने लगानीबाट बेरोजगारी न्यून गर्न तथा गरिबी निवारण गर्न ठोस योगदान पुग्न सक्ने तथ्यप्रति सरोकारवाला सवैको चासो जगाउनु पर्ने उत्तरदायित्व रहेको छ।

१.८ नेपालको अर्थतन्त्रमा रहँदै आएको कृषि क्षेत्रको सापेक्षिक महत्व आउँदा दिनहरुमा अझै बढने छ। कुल गार्हस्थ्य उत्पादनमा एक तिहाई योगदान यसै क्षेत्रको छ भने खासगरी ग्रामीण रोजगारीमा यसको उच्च योगदान रहेको छ। कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढी हिस्सा ग्रामीण भेगमा बसोवास गर्ने र आय आर्जनको मुख्य श्रोत नै कृषि रहेको हुँदा राष्ट्रिय अर्थतन्त्रमा यसको भूमिका प्रवल रहेको स्पष्ट छ। यसका साथै बर्तमान विश्वले भोग्नु परेको खाद्य संकटलाई ध्यानमा राख्दा कृषि क्षेत्रमा आत्मनिर्भर बन्नु पर्ने स्पष्ट भएको छ। तसर्थ सिंचाइको प्रत्याभूति दिई उन्नत खेती प्रणालीलाई प्राथमिकता दिनु अपरिहार्य बनेको छ। प्राङ्गारिक मल, भण्डारण, उन्नत वीउ विजन, कृषि प्रसार सेवा तथा कृषि सडकको निर्माणलाई प्राथमिकता दिई यस क्षेत्रको विकासमा थप टेवा पुऱ्याउनु आवश्यक छ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणलाई प्रोत्साहन गर्न यस क्षेत्रमा संलग्न जनशक्तिलाई ग्रहणयोग्य प्रविधि प्रयोग गर्न सक्ने तुल्याउन कृषि संम्बन्धी प्रशिक्षण प्रदान गर्नुको साथै उद्यमशीलता बिकासमा समेत प्रशिक्षण दिनु नितान्त आवश्यक भएको छ।

१.९ समावेशी सामाजिक-आर्थिक विकासको स्वरुपलाई प्रगाढ वनाउने क्रममा उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न एवम् जनताका आकांक्षालाई परिपूर्ति गर्न सघाउने गरी आर्थिक क्रियाकलाप विस्तार गर्नुपर्ने हुन्छ। यसको निमित्त तात्कालिक र दीर्घकालीन कदमहरु चाल्नु नितान्त आवश्यक छ। यस सन्दर्भमा समावेशीकरणलाई विकासको प्रक्रिया र अवसरको महत्वपूर्ण हिस्साको रुपमा अवलम्बन गरी त्यसलाई अनुकूल हुने प्रशासन संयन्त्र तथा गुणस्तरीय जनशक्तिको महत्वपूर्ण भूमिकालाई मनन गरी ती क्षेत्रमा अपेक्षित सुधारको आवश्यकता छ। सडक यातायातमा अवरोध गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी आवागमन तथा ढुवानी कार्यमा सहजता ल्याई अर्थतन्त्रको लागत बढ्न जान नदिई प्रतिस्पर्धात्मक क्षमता बढाउन सके आर्थिक गतिविधिमा तीब्रता आउने स्पष्ट छ। औद्योगिक श्रम सम्बन्धमा समुचित सुधारका साथै औद्योगिक र व्यापारिक तथा अन्य व्यवसायिक क्षेत्रको विस्तार उच्च गर्नेतर्फ राष्ट्रिय प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्नुपर्ने चुनौती छ।

२. सार्वजनिक वित्त

२.१ आगामी दिनहरुमा विकास निर्माणका लागि साधन परिचालन बढाउन मुख्यरुपमा चालू खर्च र साँवा भुक्तानी खर्च पूरा गरी राजस्व वचतको परिमाण बढाउन राजस्व परिचालनको प्रक्रियालाई दिगोरुपमा गतिशील, सुदृढ, सक्षम र उत्पादनशील बनाउनु पर्ने चुनौती देखिएको छ। त्यस्तै, बढी भन्दा बढी साधन पुँजीगत प्रयोजनको लागि प्रवाहित गर्नुपर्ने र कम प्राथमिकतायुक्त वा अनुत्पादनशील खर्च नियन्त्रणमा विशेष

शतर्कता अपनाउनु पर्ने अपरिहार्यता रहेको छ। यसबाट अर्थतन्त्रको विस्तारमा सकारात्मक योगदान पुग्ने र आर्थिक विकासको उद्देश्य हासिल गर्न दिगो आधार सुनिश्चित हुने अपेक्षा रहेको छ।

२.२ सरकारी वित्त घाटालाई वाञ्छित सीमा भित्र राखी समग्र आर्थिक सन्तुलन एवं स्थिरता कायम गर्नु पर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ जनताका असीमित आकांक्षा पूरा गर्ने क्रममा सरकारले गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सार्वजनिक खर्च बढाउनु पर्ने आवश्यकता छ। यी दुई अवस्थाहरु बीच उपयुक्त सन्तुलन सुदृढ गरी नेपालको जस्तो विकासोन्मुख अर्थतन्त्रको रुपान्तरणको प्रक्रियालाई ठोसरुपमा क्रियाशील बनाउनु पर्ने टड्कारो चुनौती हाम्रो सामु रहेको छ।

२.३ सरकारी क्षेत्रबाट सञ्चालित हुने विकास-निर्माणका कार्यहरुको लागि आवश्यक पर्ने साधनको लागि वैदेशिक सहायता माथिको अत्यधिक निर्भरताले अर्थतन्त्रको दीर्घकालीन संरचना र समष्टिगत आर्थिक सन्तुलनमा पार्न सक्ने नकारात्मक प्रभाव र सोबाट देशको विकास प्रयासको स्वस्थ्यता, स्थिरता र सुदृढतामा पर्न सक्ने सम्भावित जोखिमहरुको परिप्रेक्ष्यबाट हेर्दा पनि राजस्व परिचालनमा थप जोड दिन आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याई साधनको उच्चतम उपयोग हासिल गर्न, वैदेशिक सहायता अन्तर्गत उत्पादनशील अनुदानको परिमाण बढाउन, चालू खर्च व्यवस्थापनमा सुधार गर्न तथा पुँजीगत खर्च विस्तारमा तदारुकता ल्याउन आवश्यक देखिन्छ।

२.४ कुल गार्हस्थ्य वचत र लगानीबीचको बढ्दो असन्तुलनको कारण भविष्यमा एकातर्फ विकास-निर्माणको नियमित प्रक्रियामा अड्चनहरु आउने र अर्कोतर्फ साधन व्यवस्थापन तथा विदेशी ऋण सेवाको कार्यमा जटिलताहरु थपिने हुन्छ। तसर्थ, विदेशी ऋण तथा सेवाको दायित्वलाई सरकारी वित्त क्षेत्र तथा समग्र अर्थतन्त्रको लागि दिगोरुपमा स्वस्थकर स्तरमा कायम राख्न मुख्यरुपमा अनावश्यक उपभोगमा नियन्त्रण गरी कुल गार्हस्थ्य वचत अनुपातमा वृद्धि गर्ने, अनुत्पादक चालू खर्चमा नियन्त्रण गर्ने र विकास खर्चको उत्पादनशील प्रयोग बढाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ।

२.५ राजस्व परिचालनको कार्यलाई गतिशील बनाउन हालका आर्थिक वर्षहरुमा राजस्व परिचालनको प्रवृत्ति सन्तोषप्रद रहेको छ। यो स्थितिलाई कायम राख्नका लागि राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व र त्यसमा पनि मूल्य अभिवृद्धि कर र आयकरको परिचालन बढाउन कर चुहावटका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सोको नियन्त्रणमा प्रभावकारिता ल्याउनु पर्ने चुनौती रहेको छ। राजस्व प्रशासनको चुस्तता, कार्यदक्षता तथा व्यवसायिकतामा अभिवृद्धि गर्नु अपरिहार्य हुने भएकोले यसतर्फ अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक व्यवस्थाहरु कार्यान्वयनमा ल्याउनु पर्ने चुनौती प्रवल वनेको छ।

२.६ अर्थतन्त्रको उत्पादन र उत्पादकत्व वृद्धि नै राजस्व वृद्धिको दिगो आधार भएकोले राजस्वलाई आर्थिक वृद्धिसँग पूर्ण लचकदार बनाउने गरी दीर्घकालीन राजस्व नीतिको तर्जुमा हुनु पर्ने देखिन्छ। यस्तो नीति मार्फत स्वदेशी स्रोतको पूर्ण परिचालन गर्ने, विदेशी स्रोत आकर्षित गर्ने, दीर्घकालसम्म धान्न सक्ने गरी करको दायरा फराकिलो

बनाउने र आवश्यक समायोजन गर्ने जस्ता विषयहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

३. मूल्य तथा आपूर्ति

३.१ आर्थिक सुस्तताको भुमरीमा जकडिएको नेपाली अर्थतन्त्रले दोहोरो अंकको उच्च मूल्य वृद्धिको सामना गर्न परिरहेको विसंगतिपूर्ण वर्तमान अवस्थामा जनताको क्रयशक्ति र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा हाम्रो समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ । तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास, लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अझ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भिर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेकोले अर्थतन्त्रलाई सहज र स्वाभाविक ढंगले अगाडि बढाउन एवम् जनताको दैनिक जीवनयापनमा राहत पुऱ्याउन खासगरी यातायात व्यवस्थामा अडचन आउने खालका बन्द, हड्तालललाई पूर्णरुपमा प्रतिवन्ध लगाउने गरी पर्याप्त कानुनी व्यवस्था तत्काल तर्जुमा गर्ने र सो कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने राष्ट्रिय अपरिहार्यता बनेको छ ।

३.२ विश्व वजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आउँदा सोको असर नेपालको मूल्य स्थितिमा पनि पर्ने गरेको छ । पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन हुने व्यवस्था गर्दा विगतमा जस्तै एक्कासी चर्को मूल्यवृद्धिको समस्या नआउने हुनाले स्वतः मूल्य समायोजन प्रणाली अवलम्वन गर्नुको विकल्प छैन । त्यस्तो प्रणाली लागू नभएसम्मको लागि भएपनि अन्तर्राष्ट्रियरुपमा मूल्यमा आएको तीब्र ह्रासलाई हेरी पेट्रोलियम पदार्थको मूल्यमा पनि समानुपातिक रुपमा समायोजन गराई यसको Demonstrative Effect अन्य क्षेत्रमा पार्न र मूल्य घटाउन अप्रत्यक्ष उपायको रुपमा नैतिक दवाव (Moral Suasion) अबलम्बन गराउने चुनौती रहेको छ ।

३.३ मुलुकभरि छरिएर रहेका सहकारी संस्थाहरुको समुचित परिचालनबाट आपूर्ति व्यवस्थामा सघाउ पुग्ने भएकोले एकातिर वस्तु तथा सेवाको मूल्यमा निगरानी गर्न सकिन्छ भने अर्कोतिर सहज आपूर्ति हुंदा कृत्रिम अभाव सृजना हुने संभावना घटेर जान्छ । तसर्थ, सहकारी संस्थाहरुको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको समुचित आपूर्ति र बिक्री वितरणमा प्रभावकारिता ल्याउने चुनौती रहेको छ ।

३.४ मुद्रास्फीतिका कारणहरु मध्ये चिनी तथा चिनीजन्य वस्तुहरूको आकासिएको मूल्य वृद्धि पनि एक हो । चिनीको यथेष्ट आपूर्ति गर्न अल्पकालीन रुपमा आयात गर्नु पर्ने र दीर्घकालीन समाधानको रूपमा आन्तरिक उत्पादनलाई बढाउनु पर्ने हुन्छ । यसको निमित्त सरकारी, निजी क्षेत्र एवम् संयुक्त प्रयासलाई समुचित विकास गर्ने, चिनी कारखानाहरूको नियमित सञ्चालन सुनिश्चित गर्ने र उखु खेतीको विस्तार गर्ने चुनौती रहेको छ ।

३.५ विगतमा जस्तै विश्वव्यापीरूपमा आउने खाद्यान्न संकटको समस्यालाई निराकरण गर्न मौजुदा भण्डारण अवस्थामा सुधार गर्न आवश्यक देखिन्छ। साथै, खुला सिमानाका कारण नेपालका उत्पादनहरु (आलु, प्याज आदि) भण्डारणका लागि सिमावर्ती भारतीय बजारमा लैजाने गरिएकोले त्यसबाट मूल्यमा दोहोरो चाप देखापरेको छ। यस समस्याको निराकरण गर्न सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न मध्यवर्ती क्षेत्रहरुमा ती वस्तुहरुका अतिरिक्त अत्यावश्क नुन, तेल, चिनी, दाल एवं खाद्यान्नको भण्डारण व्यवस्था मिलाई आपूर्ति व्यवस्थापन नियमित गराउने चुनौती अद्यापि रहेको छ।

३.६ मौद्रिक विस्तारले मुद्रास्फीतिमा प्रभाव पार्ने भएकोले यसमा निरन्तर निगरानी राख्नु पर्ने हुन्छ। मौद्रिक नीतिको मूल उद्देश्य मूल्य स्थायित्व कायम गर्ने रहेकोले मौद्रिक व्यवस्थापन प्रभावकारी हुनु पर्नेमा कसैको दुई मत हुन सक्दैन। तसर्थ, मौद्रिक व्यवस्थापनबाट मूल्य स्थायित्व कायम गराउनको लागि मौद्रिक नीति कार्यान्वयनको मुख्य उपकरणको रुपमा रहेको खुला बजार कारोवार सञ्चालन (Open Market Operations) लाई सक्षम र सुदृढ बनाउनु पर्ने चुनौती रहेको छ।

४. मुद्रा तथा बैंकिङ्ग

४.१ वित्तीय क्षेत्रको उदारीकरण पश्चात् नेपालको वित्तीय संरचनामा निकै उत्साहजनक प्रगति भएको र बैंक/वित्तीय संस्था एवम् गैरवित्तीय संस्थाहरुको स्थापना र संचालन हुने क्रम प्रशस्त बढेर गएको छ। वित्तीय क्षेत्रको विस्तारसँगै वित्तीय समावेशीकरणको दायरा फराकिलो हुँदै गएको, पुँजी परिचालनको लागि सहज वातावरण बनेको र बैंकिंग क्षेत्रमा अवसरहरूको विस्तार भएको छ। बैंकिङ्ग व्यवसाय उच्च जोखिममा संचालन हुने क्षेत्र भएकोले यो व्यवसाय जति विस्तार हुँदै जान्छ जोखिमको मात्रा पनि बढ्दै जान्छ। तसर्थ, जोखिमको बढ्दो प्रवृत्तिलाई निगरानी गरी समग्रमा वित्तीय क्षेत्रलाई अझ सबल र सक्षम बनाउन नियमन र सुपरिवेक्षणको दायरा अझ फराकिलो बनाउनु पर्ने चुनौती रहेको छ।

४.२ मौद्रिक नीतिको प्रभावकारिता बढाउन र अर्थतन्त्रको गतिशीलताको लागि वित्तीय क्षेत्र सबल र सक्षम हुनु जरुरी छ। नेपालको वित्तीय प्रणालीमा दुई ठूला पुराना बैंकहरु नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको ठूलो हिस्सा रहेको छ। यी बैंकहरुको वित्तीय स्थितिमा सुधार ल्याउन केही वर्षदेखि वित्तीय क्षेत्र सुधार कार्यक्रम सञ्चालनमा रहेको छ। वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट यिनीहरुको वित्तीय स्थितिमा केही सुधार आएपनि निष्क्रिय कर्जाको हिस्सा अझै ठूलै रहेको छ। दुवै बैंकको पुँजीकोष पनि नकारात्मक रहेको छ। यी बैंकहरुबाट विगतमा प्रवाहित कतिपय कर्जा असुल हुन नसक्दा कर्जा व्यवस्थापन स्वाभाविकरूपमा कमजोर हुन गई बैंकको समग्र स्वास्थ्यमा प्रतिकूल असर पर्न गएको छ। त्यसैले, निष्क्रिय कर्जाको हिस्सा घटाउने कार्यलाई अझै तीब्रता दिनुपर्ने चुनौती यथावत रहेको छ।

४.३ लघु वित्तसम्बन्धी कारोवार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरूको लागि लघु वित्तसम्बन्धी छाता ऐन जारी भइसकेको परिप्रेक्ष्यमा सेकेण्ड टायर संस्था (Second-Tier Institution) को स्थापना गरी लघु वित्त सम्बन्धी कारोवारमा संलग्न संस्थाहरूको आवश्यक नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने चुनौती रहेको छ ।

४.४ विपन्न बर्गमा कर्जा लगानी गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु कार्यरत रहेका र कर्जा लगानी, लक्षित बर्ग पहिचान एवम् क्षेत्र निर्धारण आदि विषयमा दोहोरो/तेहोरोपन जस्ता समस्याहरु देखा परेकोले लघुवित्त नीति, २०६४ को प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने ऐन नियम, निर्देशिका तथा कार्यक्रमहरुको तर्जुमा गर्न र ग्रामीण स्वावलम्बन कोषमा दिगो वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने चुनौती रहेको छ ।

४.५ वित्तीय क्षेत्रको सुधार र स्थायित्व कायम गर्ने सिलसिलामा निष्क्रिय कर्जा घटाउनु अत्यन्तै आवश्यक छ । विगत वर्षहरुमा पनि सम्पत्ति व्यवस्थापन निगमको स्थापनाको चर्चा र प्रयास भएपनि हालसम्म यसले मूर्तरुप लिन सकेको छैन । बैंक तथा वित्तीय संस्थाहरूमा ठूलो परिमाणमा रहेको निष्क्रिय कर्जा वित्तीय क्षेत्रको विकास तथा स्थायित्वको लागि प्रमुख चुनौतीको रूपमा रहेको छ । निष्कृय कर्जाको स्तरलाई घटाउने उपायको रूपमा ऋण असुली न्यायाधीकरण (Debt Recovery Tribunal) लाई सुदृढीकरण गर्न तथा सम्पत्ति व्यवस्थापन निगम स्थापना गर्नको लागि आवश्यक आर्थिक, भौतिक, जनशक्ति लगायत अन्य पूर्वाधारहरूको व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ ।

४.६ सुरक्षित कारोबार ऐन (Secured Transactions Act), २०६३ जारी भइसकेको छ । तसर्थ आर्थिक क्रियाकलापहरु प्रवर्द्धन गर्न र ऐनको भावना एवम् मर्मलाई मूर्तरुप दिन सुरक्षित कारोबार दर्ता कार्यालय सम्बन्धी स्थायी व्यवस्था अविलम्ब गर्नुपर्ने आवश्यकता रहेको छ ।

४.७ बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय उपलव्धिको मूल्याङ्कन गर्नुका साथै यी संस्थाहरुको कार्य संचालनका विविध पक्षमा पारदर्शिता ल्याउनु जरुरी हुन्छ । क्रेडिट रेटिङ्ग संस्था (Credit Rating Agency) को स्थापना सम्बन्धमा नीतिगत व्यवस्थाहरु हुँदै आएतापनि हालसम्म यसको स्थापना हुन सकेको छैन । यस्तो प्रकृतिको संस्थाले वित्तीय बजारलाई बजार प्रक्रियामार्फत् नियन्त्रण गरी प्रतिस्पर्धी बनाउन र वित्तीय स्थिरता कायम गर्न सहयोग पुऱ्याउँछ । यस कार्यका लागि ख्यातिप्राप्त विदेशी क्रेडिट रेटिङ्ग संस्था समेतको संयुक्त लगानीमा देशभित्र एउटा क्रेडिट रेटिङ्ग संस्थाको स्थापना गर्नु उपयुक्त हुने देखिएको छ ।

४.८ बैंक तथा वित्तीय संस्थाहरुको आर्थिक एवम् वित्तीय पक्षलाई दृष्टिगत गरी मुलुकको आर्थिक विकासको लागि बचतलाई प्रोत्साहन दिन, परिचालित बचतलाई पुँजी निर्माणमा लगाउन, बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनियता बढाउन, सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्न एवं अन्य विकसित तथा विकासोन्मुख मुलुकका वित्तीय

क्षेत्रमा देखिएको सकारात्मक पक्षलाई आत्मसात गर्न समेत निक्षेप वीमा सम्बन्धी व्यवस्था बारे विस्तृत विश्लेषण, मूल्याङ्कन सहित यसबारे आवश्यक नीतिगत अडान स्पष्ट पार्नुपर्ने आवश्यकता रहेको छ ।

५. पुँजी बजार

५.१ संस्थागत ऋणपत्र, सामूहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेको परिप्रेक्ष्यमा ट्रष्टीको नियमन सम्वन्धमा कुनै व्यवस्था नहुंदा धितोपत्र वजार विकासमा समेत प्रतिकूल असर परिरहेकोले ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ । वित्तीय बजार नियमन निकाय नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक तथा बीमा समितिको एकीकृत एवं समन्वयात्मक पहलमार्फत वित्तीय बजारको दक्ष एवं प्रतिस्पर्धी विकास गरी दीर्घकालीन पुँजी उपलब्धतामा बृद्धि ल्याई पूर्वाधारहरु निर्माण तथा अन्य विकास कार्यमा सहयोग पुऱ्याउनुपर्ने चुनौती रहेको छ ।

५.२ संस्थापक वा निजी तवरवाट विक्री (Offer for Sale) भएका धितोपत्रहरु सार्वजनिक कारोवार हुने र हक हस्तान्तरण (Rights Renounce) का लागि आवश्यक कानुनी व्यवस्थाहरु गरी कार्यान्वयनमा ल्याउने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

५.३ धितोपत्र बजार संयन्त्र तथा धितोपत्रमा गरिने लगानी केही प्राविधिक प्रकृतिका हुने हुंदा लगानी सम्बन्धी उचित परामर्श दिने र लगानी विविधीकरण (Portfolio Management) गर्ने व्यवसायिक संस्थाहरुको स्थापना तथा विकासलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता रहेको छ । साथै, एकीकृत ऋणपत्र बजार (Integrated Debt Market) र Derivatives तथा Futures कारोवारको माग भइसकेकाले त्यस्तो बजार तथा कारोवार व्यवस्थाका लागि पूरा हुनुपर्ने पूर्वाधारहरुका सम्बन्धमा अध्ययन गरी आवश्यक अवधारणा तयार गरिनु वाञ्छनीय देखिन्छ ।

५.४ संस्थागत लगानीकर्ताहरुलाई उपयुक्त हुने लगानी साधनहरुको अभाव हुन नदिन डिवेञ्चर जारी गरी ऋण पुँजी उठाउने तथा सामूहिक योजना र एकांक योजनाको व्यवस्थापन कार्यको स्पष्ट नियमन व्यवस्था गरी धितोपत्र वजार मार्फत संस्थागत लगानीकर्ताहरुलाई साधन उपलव्ध गराउनु पर्ने हुन्छ । धितोपत्रमा लाग्ने कर सम्बन्धी व्यवस्थालाई बजारको वर्तमान अवस्था अनुसार गराउनुपर्ने आवश्यकता छ । साथै, सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा स-साना बचतलाई प्रोत्साहित गरी लगानीको अप्रत्यक्ष साधनको विकास तथा प्रवर्द्धन गर्न सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा लागि आएको कर व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने छ । सरकारी विकास ऋणपत्रको ब्याजदरमा एकरुपता ल्याई संस्था तथा व्यक्तिलाई लगाइने कर व्यवस्था एउटै हुनुपर्ने देखिन्छ । त्यस्तै, सभौतित बचत परिचालन गर्ने संस्थाहरुलाई विविधीकरणको सिद्धान्त अनुरुप लगानी गर्नमा संस्थापन ऐन (Incorporating Act) हरुमा रहेका बन्देज हटाई लगानी क्षेत्र छनौट स्वतन्त्रता प्रदान गर्नु आवश्यक छ ।

५.५ नेपाल धितोपत्र बोर्डको संस्थागत तथा आर्थिक संचालन नियमहरुमा स्वायत्तता र बोर्डको कानुन प्रवलीकरण, अनुगमन तथा सुपरिवेक्षण क्षमता अभिवृद्धिका लागि जनशक्तिको पर्याप्त व्यवस्था गर्नुपर्ने भएको छ। हाल धितोपत्र बजार तथा धितोपत्र व्यवसायी सेवाको पंहुच सीमित रहेको अवस्थामा विद्युतीय कारोवार प्रणाली र धितोपत्रको नामसारी तथा हक हस्तान्तरण प्रक्रियालाई छिटो छरितो तथा कारोवारमा संलग्न लगानीकर्ताहरुको सहज पहिचान हुने व्यवस्था गर्नुपर्ने भएको छ। त्यस्तै, धितोपत्रको दोस्रो बजार सेवा गैर आवासीय नेपाली तथा बैदेशिक संस्थागत लगानीकर्ताहरुलाई खुला गर्ने तथा धितोपत्र बजार सेवालाई देशव्यापी एवं अन्तर्राष्ट्रियकरण गर्ने कार्यमा ध्यान पुऱ्याउनु आवश्यक छ। साथै, नेपाल स्टक एक्सचेञ्ज लि. को स्वामित्व तथा व्यवस्थापन संरचनाको पुनरावलोकन गरी यसलाई आधुनिक संस्थागत स्वरुप प्रदान गर्नुपर्ने भएको छ। साथै, निजी क्षेत्रबाट धितोपत्र विनिमय बजार सञ्चालनका लागि पहल भइरहेकोले निजी क्षेत्रको कम्पनीलाई धितोपत्र विनिमय बजार सञ्चालन अनुमति दिने कार्य चुनौतीपूर्ण रहेको छ।

५.६ विश्वसनीय एवम् भरपर्दो निजी क्षेत्रको विकास अनुकूल हुने गरी सुशासनका सिद्धान्त तथा मर्यादाहरु प्रभावकारीरुपमा लागू गर्नुपर्ने आवश्यकता छ। सम्बन्धित लगानीकर्ताहरुलाई धितोपत्र बजार प्रवेश, वहिर्गमन, जोखिम तथा लाभ लगायत दीर्घकालीन लगानी सम्बन्धी पर्याप्त ज्ञान दिई प्रशिक्षित गर्ने कार्यको थालनी गर्नुपर्ने भएको छ।

५.७ धितोपत्र बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउन सहयोग गर्ने गरी सूचीकृत संस्थाहरुको लेखापरीक्षण समय सीमा भित्र गर्नु पर्ने व्यवस्थाको पालना हुनुपर्ने छ। त्यस्तै, धितोपत्र दलाल व्यवसायीहरुको बजार प्रवेश बढाई धितोपत्र खरिद बिक्री सेवालाई दक्ष एवं प्रतिस्पर्धी बनाउन तथा धितोपत्र बजारप्रति सर्वसाधारण लगानीकर्ताहरुको विश्वास बढाउने बलियो आधार स्थापित गर्नका साथै निष्काशनकर्ता संगठित संस्था, धितोपत्र व्यवसाय, धितोपत्र विनिमय बजार तथा धितोपत्र नियमन कार्यमा संलग्न जनशक्तिको प्रशिक्षण एवं तालिम सेवाको संस्थागत व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ।

५.८ सरकारी विकास ऋणपत्रको प्राथमिक निष्काशनको खरिदमा ९९ प्रतिशत भन्दा बढी संगठित संस्थाहरुको सहभागिता, विकास ऋणपत्रको प्राथमिक निष्काशन तथा धितोपत्र विनिमय बजार मार्फत दोस्रो बजार कारोवार सुविधा सम्बन्धमा सर्वसाधारण लगानीकर्ताको अनभिज्ञताका कारणले समेत सरकारी विकास ऋणपत्रको दोस्रो बजार कारोवार सक्रिय हुन सकेको छैन। तसर्थ, सर्वसाधारण लगानीकर्ताहरुलाई विकास ऋणपत्रको प्राथमिक निष्काशनमा सहभागिता एवं दोस्रो बजार कारोवारमा निहित जोखिम तथा लाभका सम्बन्धमा प्रशिक्षण दिन र यसबारे प्रचारप्रसार गरी आम लगानीकर्ताको अभिरुची अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। साथै, लगानीकर्तालाई सेयर, ऋणपत्र तथा अन्य धितोपत्रका सम्बन्धमा व्यवसायिक रेटिङ्ग सेवा प्रदान गर्नका लागि क्रेडिट रेटिङ्ग संस्थाको स्थापना एवं विकासको आवश्यकता रहेको छ।

६. वाह्य क्षेत्र

६.१ निर्यात सूचीमा परेका वस्तुहरुको यथेष्ट परिमाण उपलब्ध नहुनु तथा सहज रुपमा कुन वस्तु कुन गन्तव्यस्थलमा पुऱ्याउँदा बढी प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने सूचनामा इच्छुक निर्यातकर्ता सबैको पहुँच नहुनु पनि निर्यात प्रवर्द्धनतर्फको एक चुनौती रहँदै आएको छ। साथै, देशगत तथा वस्तुगत विविधीकरणका साथै वस्तुहरुको गुणात्मक तथा लागतजन्य प्रतिस्पर्धात्मक अभिवृद्धि गर्दै देशको निर्यात क्षेत्रलाई सुदृढ ढंगले प्रवर्द्धन गर्नेतर्फ ठोस उपलब्धि अहिलेसम्म पनि हासिल हुन नसक्नु अर्थतन्त्रको विकास र विस्तारका लागि एक प्रमुख चुनौतीको रुपमा रहेको छ।

६.२ विश्व वित्तीय सङ्कट गहिरिंदै विश्व अर्थतन्त्र तीब्र संकुचनतर्फ बढ्दै जाँदा त्यसको असर नेपालमा क्रमशः देखिन थालेको छ। परम्परागत निर्यातजन्य वस्तुहरु गलैंचा, पश्मिना र तयारी पोशाक निर्यातमा तत्काल असर नपरेता पनि मध्यम कालमा केही प्रभावित हुने, अर्थतन्त्रलाई दह्रो टेवा पुऱ्याइरहेको वैदेशिक रोजगारी र त्यसबाट प्राप्त हुने विप्रेषण आयमा गम्भीर असर पर्न सक्ने आदि जोखिमयुक्त संभावनाहरु रहेकोले निर्यात व्यापार र वैदेशिक रोजगारीलाई समुचितरुपमा प्रवर्द्धन गर्दै लैजाने चुनौती रहेको छ।

६.३ औद्योगिक उन्नति, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा उच्च मूल्यका वस्तुहरुको बजारमा प्रवेशको लागि प्राविधिक कौशलता (technological mastery) अति नै आवश्यक शर्त हो। प्राविधिक तथा व्यवस्थापकीय कमजोरीका कारण आयातकर्ताहरुले माग गरे बमाजिम गुणस्तर, नापतौल, डेलिभरी समय तथा प्याकेजिङ्ग सम्बन्धी विस्तृत र जटिल मापदण्ड पुरा गर्न नेपाली निर्यातकर्ताहरुलाई कठिनाइ भइरहेको छ। अन्तर्राष्ट्रिय बजारमा व्याप्त प्रतिस्पर्धालाई मध्यनजर गर्दा निर्यातकर्ताहरुले खरीदकर्ताहरुसँग महत्वपूर्ण मूल्य सम्झौता गर्दा उत्पादन लागतका विविध तत्वहरुको विश्लेषणात्मक जानकारी राख्न आवश्यक हुन्छ। निर्यातकर्ताहरुमा त्यस्तो क्षमताको अपर्याप्तताले गर्दा यस समस्यालाई व्यापार संस्कृति (business culture) को भिन्नताले झन् जटिल वनाएको छ। तसर्थ व्यापार संस्कृतिमा परिवर्तन, उत्पादन क्षमतामा सुधार र उन्नत प्रविधिको प्रयोगद्वारा उत्पादकत्व एवं प्रतिस्पर्धात्मक क्षमतामा उल्लेख्य विकास गर्ने चुनौती रहेको छ।

६.४ गैर आवासीय नेपालीहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले *गैरआवासीय नेपाली सम्बन्धी ऐन* पारित भइसकेको छ तथापि ऐन सम्बन्धी कतिपय नियम विनियमहरु तर्जूमा गरी लागू गर्ने कार्य अझै बाँकी नै छ। गैर आवासीय नेपालीले १० करोड अमेरिकी डलर बराबरको लगानी कोष खडा गर्ने प्रतिबद्धता जाहेर गरेतापनि आवश्यक कानुनी पूर्वाधारको अभावले गर्दा यो कार्य अघि बढ्न सकेको छैन। तसर्थ, *गैर आवासीय नेपाली सन्बन्धी ऐन*को प्रभावकारी कार्यान्वयनको निमित्त आवश्यक बाँकी सबै कानुनी प्रावधानहरु तर्जुमा गर्ने चुनौती रहेको छ।

६.५ विगत केही वर्षदेखि संकटग्रस्त तयारी पोशाक उद्योगले विश्व आर्थिक संकुचनका कारण थप चुनौती झेल्नुपरेको छ। कोटा प्रणालीको अन्त्य, चर्को अन्तर्राष्ट्रिय

प्रतिस्पर्धा, श्रमिक समस्या र बारम्बारको बन्द हड्ताल तयारी पोशाक उद्योग धराशायी हुनुका प्रमुख कारण भनिन्छ। लोडसेडिङ्ग, यातायात अवरोध र श्रमिकहरुले विभिन्न माग राखी गर्ने उद्योग बन्दले समयमा सामान डेलिभरी गर्न समस्या हुने गरेको छ। यस सन्दर्भमा नेपाली तयारी पोशाकको निर्यातलाई कसरी दिगो बनाउने भन्ने चुनौती झन् जटिल बन्दै गएको छ।

६.६ निर्यात क्षेत्रको एउटा प्रमुख समस्या भनेको बजार विविधीकरणको कमी हो। उदाहरणको लागि, २०६५/६६ मा बंगलादेश, संयुक्त राज्य अमेरिका, जर्मनी र चीनतर्फ भएको निर्यात तेस्रो मुलुकतर्फ भएको निर्यातको करीब ६३ प्रतिशत रह्यो। वस्तु तथा बजार विविधीकरणका कुराहरु हरेक विकास योजना र सरकारका नीतिहरुमा उल्लेख गरिएतापनि निर्यातमूलक वस्तुको विकास, निर्यात बजारको पहिचान र यी दुईबीच सम्बन्ध स्थापित गर्न खासै कुनै गम्भीर कदम चालिएको छैन। विश्व व्यापारको वर्तमान उदारीकृत संयन्त्रबाट अर्थतन्त्रलाई लाभान्वित गराउन विश्वबजारमा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले यी विषयहरुतर्फ आवश्यक कदम चाल्न जरुरी भएको छ। यसका लागि विभिन्न अध्ययन (सन् २००६ मा अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको तुलनात्मक लाभ सम्बन्धी अध्ययन, सन् २००७ मा अन्तर्राष्ट्रिय व्यापार केन्द्र र व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रले संयुक्तरुपमा गरेको निर्यात संभावनाबारे अध्ययन आदि) ले सिफारिस गरेका सुझावहरुलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ। साथै, नेपाल साफ्टा, बिमस्टेक, विश्व व्यापार संगठन जस्ता क्षेत्रीय र बहुपक्षीय संगठनहरुको सदस्य भइसकेको र क्षेत्रीय बजार र विश्व बजार खुला भएको परिप्रेक्ष्यमा यसबाट नेपाली अर्थतन्त्रलाई अधिकतम लाभ हासिल गराउन अन्तर्राष्ट्रिय व्यापारमा देखिएका विभिन्न समस्याहरुको निराकरणका लागि नीतिगत, संस्थागत र संरचनागत सुधारका कार्यहरुलाई घनीभूत गराउनु पर्ने चुनौती रहेको छ।

७. गरिबी निवारण र रोजगारी

७.१ गरिवी निवारणका कार्यक्रमहरुमा पुनर्समायोजन र पुनर्अभिमूखीकरण गरी अझ विपन्न-मैत्री बनाउनुपर्ने खाँचो टड्कारो भएको छ। गरिवी न्यूनीकरणको प्रयासलाई नीतिगत एवम् कार्यक्रमगतरुपमा निरन्तरता दिई गरिब र धनी वीच बढ्दै गएको असमानताको अन्तरलाई कम गर्नु पर्ने चुनौती यथावत छ। विद्यमान गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (PMAS) र जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) लाई समयानुकूल अद्यावधिक गरी गरिवी न्यूनीकरणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमामा उपयोगी उपकरणका रुपमा प्रयोग गर्ने अभ्यास वढाउँदै लग्नुपर्ने देखिन्छ।

७.२ रोजगारीका अवसरहरूमा गरिब समुदायको पहुँच बढाउन तिनीहरूको क्षमता विकास र सशक्तीकरणमा जोड दिई प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु आवश्यक छ। साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका आम नेपालीलाई गरिबी एवम् पछौटेपनबाट मुक्त गर्न सामाजिक समावेशीकरण एवम् लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ। स्थानीय सीप,

पुँजी र प्रविधिमा वहुसंख्यक जनताको आवश्यक पहुँच बढाई स्वदेशी उद्यमशीलताको विकासद्वारा उत्पादनशील स्वरोजगार प्रवर्दन गर्नु वाञ्छनीय हुने देखिन्छ ।

७.३ वैदेशिक रोजगारमा ठगि सम्वन्धी अनुसन्धान तहकिकात जस्ता कार्यहरु छिटो, छरितो र समयमै सम्पन्न गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढाई वैदेशिक रोजगारीका सुरक्षित अवसर उपलब्ध गराउन प्रयत्नरत रहनु प्रमुख आवश्यकताको रुपमा रहेको छ । नेपाल सरकारले वैदेशिक रोजगारीका लागि खुला गरेका १ सय ७ वटा मुलुकहरुबाट इजाजत प्राप्त संस्थाहरुले प्राप्त गर्ने वैदेशिक रोजगार सम्वन्धी कागजातहरु रुजु गर्ने कार्य समस्या बनेकोले यस सम्बन्धी कार्य सम्पादन गर्ने उपयुक्त वैकल्पिक व्यवस्था निर्माण गर्नु पनि त्यत्तिकै अपरिहार्य बनेको छ ।

७.४ कृषि पेशालाई भरपर्दोरूपमा विकास गर्न नसकिएकोले कृषि व्यवसाय निर्वाहमुखी भई कम उत्पादन र कम आम्दानीमूलक पेशा हुन पुगी अर्द्ध-रोजगारी र सुषुप्त रोजगारी अझै कायम रहेको देखिन्छ । कृषि क्षेत्रमा विद्यमान बढ्दो अदृष्य बेरोजगारी सिर्जनालाई घटाई नयाँ रोजगारीको सृजना गरी ग्रामीण क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनुपर्ने चुनौती रहेकोछ ।

८. कृषि, उद्योग र पर्यटन

८.१ कृषि क्षेत्रको विकास र आधुनिकीकरण हाम्रो अर्थतन्त्रको प्रमुख चुनौतीको रुपमा रही आएको छ । यस क्रममा निजी क्षेत्रको संलग्नतामा कृषि प्रसार सेवा प्रवाह गराउने नीतिगत व्यवस्था लागू भएपछि मन्त्रालयको संगठनात्मक संरचनामा परिवर्तन गरी कृषि प्रसार सेवातर्फका सेवा केन्द्र/उप-केन्द्रहरुको संख्या घट्न गएको छ तर कृषि प्रसार कार्यमा निजी क्षेत्र वाञ्छित मात्रामा आकर्षण हुन नसक्दा सेवा प्रवाहमा कमी महसुस भएको छ । साथै, द्वन्द्वबाट ध्वस्त भएको भौतिक संरचना पुनर्निमाणको काम हुन नसकेकोले फार्म, केन्द्र तथा कार्यालयका जीर्ण भौतिक संरचनाको कारण गुणस्तरीय उत्पादन तथा सेवा प्रवाहमा समस्या परिरहेको छ ।

८.२ सिंचाइ प्रयोजनको लागि उपयोग हुने विद्युतमा सहुलियत प्रदान गर्ने नीतिगत व्यवस्था रहेको छ । यस प्रयोजनको लागि जडान गर्ने मिटरमा किसानले विद्युत उपयोग नगरेको अवस्थामा पनि न्यूनतम मासिक रुपमा शुल्क बुझाउनु पर्ने हुँदा विद्युतको महसुलमा किसानले सहुलियत सुविधा पाएको महसुस गर्न सकेका छैनन् ।

८.३ स्थानीय तहमा लामो समय देखि निर्वाचित जनप्रतिनिधिहरु परिपूर्ति भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन नियमको मर्म अनुरुप कार्य हुन नसकी निक्षेपित कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा जटिलता आएको कारण निक्षेपित कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । साथै, कृषि क्षेत्रमा काम गर्ने NGO/INGO का कार्यक्रमहरु बारे औपचारिक जानकारी नहुँदा जिल्लामा गएको श्रोतको पहिचान नहुने एवं कार्यक्रममा दोहोरोपना आउने समस्या रहेको छ ।

८.४ कृषि उपज अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न विश्व बजार संगठन सम्बन्धी गुणस्तर मापदण्ड पूरा गर्न आवश्यक पूर्वाधारको कमी रहेको छ। खाद्य सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय स्तरको नीतिको थप आवश्यकता देखिएको छ।

८.५ रासायनिक मलको आपूर्ति माग प्रक्षेपणको तुलनामा अति न्यून रहन गएको छ। अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा हुँदै गएको अत्यधिक वृद्धिका कारण मल आयातमा मूल्य बृद्धिको प्रत्यक्ष असर परेको छ। अनौपचारिक स्रोतबाट पनि मल आपूर्तिका कारण किसानले मल अभावको अनुभव गर्नु नपरेता पनि मल खपतको वास्तविक लेखाजोखा हुन नसकेको अवस्था छ। साथै, मलको गुणस्तरको अनुगमन हुन नसकेको हुँदा कमसल मल भित्रिएको गुनासो रहेको छ।

८.६ तराई क्षेत्रमा उत्पन्न असहज परिस्थिति, कमजोर औद्योगिक सुरक्षा, मजदूर व्यवस्थापन बीच उत्पन्न तनाब, समय समयमा भएका बन्द हड्ताल, लोडसेडिङ र पेट्रोलियम पदार्थको अभाव आदि जस्ता समस्याका कारण उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिदरमा प्रतिकूल प्रभाव परेको छ। कच्चा पदार्थको मूल्यमा भएको वृद्धि, आपूर्तिमा ह्रास, बन्द हड्ताल, विद्युत अभाव आदिका कारण चिनी, जुट र खाद्यान्न उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। उद्योगले आफ्नो प्राविधिक क्षमता र प्रशोधन प्रविधिमा समयानुकूल सुधार गर्न नसक्दा अप्रतिस्पर्धी भई बन्द र रुग्ण हुन पुगेका छन्। त्यस्तै, आयातीत सस्तो कपडा एवं चोरी पैठारीका कारण कपडा उद्योग बन्द भएका छन्। यसरी, औद्योगीकरणको प्रक्रिया गतिशील हुन नसकेको चुनौतीपूर्ण अवस्था विद्यमान नै छ।

८.७ नेपाल भ्रमणमा आउन इच्छुक विभिन्न देशका पर्यटकहरुलाई सोझै नेपाल सम्म आउनसक्ने भरपर्दो हवाइसेवाको सञ्जाल अपेक्षितरुपमा विस्तार गर्न सकिएको छैन। विदेशी पर्यटकहरुका लागि आवश्यक सेवा समयमै उपलब्ध गराउनु पर्नेमा पर्याप्त सूचनाको अभावमा स्वदेशभित्रै होटल, ट्राभल र टूर अपरेटरहरुबीच संजाल स्थापना गर्न नसक्नाले पर्यटकले थप हैरानी व्यहोर्नु परेको अवस्था छ। पर्यटन क्षेत्रका साझेदार सरकारी, गैरसरकारी एवं निजी लगानीकर्ताहरु पूर्वाधार विकासमा भन्दा प्रबर्द्धनात्मक कार्यमा बढी संलग्न हुँदा यो क्षेत्रले लगानीमा प्राथमिकता पाउन सकेको छैन। द्वन्द्वकालमा क्षतिग्रस्त संरचना (विमानस्थलहरु) को पुनर्निर्माण एवं विस्तार कार्य श्रोतको अपर्याप्तताका कारण सञ्चालनमा ल्याउनु चुनौतीपूर्ण कार्य भएको छ। साथै, सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता पूर्वाधार सेवा र निर्माण सम्बन्धी कार्यहरु समन्वयात्मकरुपमा अगाडि बढाउन नसक्दा पर्यटन प्रवर्द्धनमा कठिनाइ उत्पन्न भएको छ। पर्यटकीय स्थलहरुको पहिचान गरी ती क्षेत्रमा पूर्वाधारको एकीकृत एवं समन्वयात्मक विकासका सम्भावनालाई उपयोग गर्न सकिएको छैन भने प्राप्त लाभको न्यायोचित वितरण गर्नु पनि चुनौतीपूर्ण देखिएको छ।

८.८ पर्यटन विकासका सम्भावना तथा अवसरहरु प्रशस्त भएपनि यसलाई उपयुक्त स्तरमा विकास गरी आय आर्जनमा रुपान्तरण गर्न नसक्नु तथा ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रमको उपलब्धिलाई मूल्याङ्कन गरी दिगो विकासका कार्यक्रमहरु सुरु

गर्नु चुनौतीपूर्ण कार्यहरु बनेका छन् । आवश्यक मात्रामा स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपभोग गर्ने सेवा र वस्तुको परिचालन एवं उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न सकिएको छैन । यथेष्ट श्रोत, संगठनात्मक संरचना, तथ्याङ्क एवं सूचनाको अभावमा सम्पदा संरक्षण कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन । पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाई सञ्चालन गर्नु पनि चुनौतीपूर्ण कार्य बनेको छ । स्थानीय निकायको संलग्नता र सक्रियता विना पर्यटन क्षेत्रको विकास दिगो हुन नसक्ने अवस्था हुँदाहुँदै पनि यस सम्बन्धी व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था गर्न नसक्दा जिम्मेवारी, स्वामित्व सिर्जना र समन्वयमा प्रभावकारिता आउन सकेको छैन ।

९. सार्वजनिक संस्थान

९.१ अधिकांश सार्वजनिक संस्थानहरु घाटामा रहेका र कतिपय संस्थानहरुको खुद सम्पत्ति (Networth) नकारात्मक रहेको छ । यी संस्थानहरुले ठूलो मात्रामा उपदान, पेन्सन, कर्मचारी संचय कोष आदि सुविधाहरुको कोषको व्यवस्था नगरिएको दायित्व (Unfunded Liability) सिर्जना गरिरहेकाछन् जसबाट संस्थानलाई ठूलो आर्थिक भार पर्ने देखिन्छ । घाटामा रहेका संस्थानहरुले सरकारमाथि निर्भरता बढाउदै लगेको र नाफामा रहेका संस्थानहरुमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढिरहेको छ । कतिपय संस्थानहरुले लामो समयसम्म आफ्नो वार्षिक हिसाव तयार नगर्ने र कैयौ वर्षसम्म लेखापरीक्षण नगराएको कारणबाट संस्थानप्रतिको जनविश्वासमा ह्रास आउने र संस्थान सुधारको कार्यलाई समेत प्रतिकुल प्रभाव पार्ने अवस्था देखिएको छ । संस्थानहरुमा उपयुक्त र नविनतम प्रविधिको अभाव छ । साथै, चालू पुँजीको अभाव पनि ठूलो चुनौतीको रुपमा रहेको छ ।

९.२ संस्थान सञ्चालन घाटामा भएपनि दरवन्दीको यथार्थ विवरण सार्वजनिक नगर्ने र कर्मचारी संङ्ख्यालाई उपयुक्त आकार (Rightsizing) मा ल्याउने सम्बन्धी सरकारी नीतिको उपेक्षा हुने गरी थप कर्मचारी भर्ना गर्ने प्रवृत्तिले संस्थानको शिरोभार खर्च बढ्दै गएको देखिन्छ । यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल प्रतिवद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नु पर्ने आवश्यकता देखिएको छ । कर्मचारीहरुको नियुक्ति सम्बन्धमा र यिनीहरुलाई उपलब्ध गराउने सुविधाको सम्बन्धमा स्पष्ट (Coherent) नीतिको अभाव पनि एउटा चुनौती रहेको छ । सार्वजनिक संस्थानहरुमा आवश्यक दक्ष जनशक्तिको कमी र अदक्ष जनशक्ति आवश्यकताभन्दा बढी भएको अवस्था अर्को चुनौतीको रुपमा छ ।

९.३ देशको आर्थिक विकासमा संस्थानले निर्वाह गर्नुपर्ने महत्वपूर्ण भूमिकालाई उदार, खुला तथा प्रतिस्पर्धात्मक अर्थव्यवस्था अनुकूल हुनेगरी समायोजन गर्दै जानुपर्ने खाँचो महसुस गरिएको वर्तमान सन्दर्भमा संस्थानको लक्ष्य प्राप्तिमा देखिएको समष्टिगत प्रगति स्थितिमाथि सन्तोष लिन सकिने अवस्था देखिंदैन । सरकार परिवर्तनसंगै संचालक समितिका सदस्यहरु तथा प्रमुख व्यवस्थापकको परिवर्तन समेतले गर्दा

संस्थानहरुको व्यवस्थापन र सञ्चालनले समयानुकूल गति लिन सकेको देखिँदैन । केही संस्थानहरुलाई बजार भाउ अनुसार मूल्य निर्धारण गर्न स्वतन्त्रता प्रदान गर्न नसकिएको कारणबाट ती संस्थानहरुको अस्तित्वमाथि नै चुनौती आएको देखिन्छ । यसको ज्वलन्त अनुभव नेपाल आयल निगम लि. को रहेको छ । यी चुनौतीहरुको दीर्घकालीन समाधान आवश्यक छ । संस्थानको अनुगमन तथा निरीक्षणको लागि स्पष्ट नीति र संयन्त्रको अभाव देखिन्छ । सम्बन्धित मन्त्रालयहरुले आफू अन्तर्गतका संस्थानहरुको अनुगमन, निरीक्षण गर्ने कार्य प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ ।

१०. ऊर्जा तथा वन

१०.१ नेपाल सरकारको सार्वजनिक-निजी साझेदारी अवधारणाअनुसार नवीकरणीय ऊर्जा क्षेत्रका सरोकारवाला निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रम अगाडि बढाउनु उपयुक्त हुने देखिन्छ । नवीकरणीय ऊर्जा कार्यक्रमहरू मागको आधारमा जडान गरिने हुँदा र केन्द्रसँग पर्याप्त मानव संशाधनहरू नभएको हुँदा निजी क्षेत्रको सहयोग अनिवार्य नै रहेको छ । यस क्षेत्रमा निजी क्षेत्रको संलग्नता वृद्धि गर्नु ठूलो चुनौती रहेको छ ।

१०.२ देशमा विद्यमान वैकल्पिक ऊर्जा प्रवर्द्धनका प्रमुख क्षेत्रहरूमा वायोग्याँस, लघु जलविद्युत्, सौर्य शक्ति तथा वायुशक्ति रहेता पनि यस्ता स्रोतहरूको अपेक्षित परिमाणमा उपयोग गर्न सकिएको छैन । यसरी वैकल्पिक ऊर्जाका स्रोतहरूको समुचित विकास हुन नसक्नुमा आर्थिक स्रोतको पर्याप्त व्यवस्था हुन नसक्नु तथा शान्ति सुरक्षाको स्थितिमा अपेक्षित सुधार हुन नसक्नु जस्ता पक्षहरू चुनौतीको रूपमा रहेका छन् ।

१०.३ वैकल्पिक ऊर्जाको विकास र विस्तारका लागि नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरूको अनुदान सहयोगमा विभिन्न कार्यक्रम तथा आयोजनाहरू सञ्चालन भइरहेका छन् तर कार्यालयको भौतिक पूर्वाधार, प्रविधि र जनशक्ति सोहीअनुसार विकास नहुँदा कार्यमा वाधा पुगेको छ ।

१०.४ आर्थिक विकासका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिएको जल विद्युत् उत्पादन क्षेत्रको समूचित उपयोग हुन नसकी अधिकांश जनता विद्युत सेवाको पहुँचबाट बाहिर छन् भने उत्पादित जलविद्युतको उच्च लागतका कारण निर्यातको सम्भावनासमेत न्यून रहेको छ । यसर्थ, उपलब्ध सम्पदाको समूचित उपयोग गरी विद्युतको घरेलु माग पूर्ति गर्नुका साथै विद्युत उत्पादनमा लागत घटाउने प्रविधिको खोजी तथा उपयोग गरी भविष्यमा यसको निर्यात बढाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्य चुनौतीको रूपमा रहेको छ ।

१०.५ वन क्षेत्र भू-माफिया, सुकुम्बासी र मुक्त कमैया वसोवास तथा भौतिक संरचना विकास आदिको नाममा बढ्दो अतिक्रमणको चपेटामा परेकोले ४० प्रतिशत वन क्षेत्र कायम राख्ने नेपाल सरकारको प्रतिवद्धतामा प्रश्नचिन्हको साथै वनको हैसियत र जैविक विविधतामा ह्रास आउनुका साथै यसवाट जलवायु परिवर्तन जस्ता नकारात्मक असर

नेपालमा बढेको छ। वन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा पारेको योगदानको तुलनामा यस क्षेत्रमा सरकारको लगानी साह्रै कम रहेको देखिन्छ।

१०.६ जिल्लास्थित वन कार्यालय, इलाका वन कार्यालय र रेन्जपोष्टहरूको भौतिक संरचनामा विगतको समयमा भएको क्षतिले गर्दा कार्यक्रम सञ्चालन तथा कार्यान्वयनमा कठिनाइ भइरहेको छ। सवारी साधन र हातहतियारको कमीले गर्दा वन पैदावारको तस्करी र अवैध शिकार नियन्त्रणमा कठिनाइ भइरहेको छ। चोरी शिकारी नियन्त्रण गर्न कठिनाइ हुनु, केही निकुञ्ज आरक्षका मध्यवर्ती क्षेत्रहरूमा भएको अतिक्रमण रोक्न नसक्नु र अनियन्त्रित आगलागीबाट हुने क्षति रोक्न नसक्नु पनि चुनौतीका रूपमा रहेका छन्।

१०.७ एघार वटा संरक्षित क्षेत्रहरूको मध्यवर्ती क्षेत्र घोषणा हुँदा व्यवस्थापनको जिम्मेवारी बढेता पनि हालसम्म जनशक्तिको व्यवस्था हुन नसकेकोले मध्यवर्ती क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न कठिनाइको साथ साथै निकुन्ज/आरक्ष व्यवस्थापनमा पनि असर परेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ लाई समयानुकूल संशोधन गर्नुपर्नेमा सो हुन नसकेकोले विद्यमान समस्याहरू सम्बोधन गर्न गाह्रो भएको छ। थप संरक्षण क्षेत्रहरू घोषणा गरी सोको व्यवस्थापन गर्नु पर्ने आवश्यकता पनि रहेको छ। विभिन्न १० वटा भू-संरक्षण कार्यालयहरू अस्थायी भएकोले भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नमा बाधा आइपरेको छ। साथै, मागको तुलनामा कार्यक्रमहरू थोरै मात्र रहेका छन्।

१०.८ ध्वस्त भौतिक संरचना पूर्णरूपमा पुनः निर्माण हुन नसक्नु, मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि जनशक्तिको अभाव हुनु, यस क्षेत्रको महत्व/योगदानसम्बन्धी पर्याप्त अध्ययन अनुसन्धान हुन नसक्नु, श्रोत साधनको अपर्याप्तता, साइटिस बिलको मस्यौदा स्वीकृत नहुनु र वन्यजन्तुबाट हुने जनधनको क्षतिपूर्ति न्यून गर्ने उपायसम्बन्धी कार्यक्रमको अभाव रहनु जस्ता विविध समस्या/चुनौती रहेका छन्।

११. यातायात तथा सञ्चार

११.१ Vehicle Fitness Test Machine तथा Vehicle Test Center को अभावमा सवारी साधन परिक्षणमा प्राविधिक त्रुटि रहने गरेको एवम् एकरूपता हुन सकेको छैन। संगठन संरचना एवम् विद्यमान कार्य प्रणालीमा समयानुकूल सुधार हुन नसक्नुका साथै वैज्ञानिक कार्यप्रणाली, कम्प्यूटरीकृत अभिलेख र नेटवर्किङ्गको माध्यमबाट कार्य सम्पादन हुन नसकेकोले सेवा प्रवाहमा शीघ्रता आउन सकेको छैन।

११.२ यातायात व्यवस्थापनको क्षेत्रमा दीर्घकालीन छुट्टै यातायात व्यवस्थापन नीति नहुनु, सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली समयानुकूल संशोधन हुन नसक्नु, वैज्ञानिक भाडादर निर्धारण हुन नसक्नु र ऐनले यातायात निरीक्षक राख्ने व्यवस्था गरेको भए पनि हालसम्म यातायात निरीक्षक राख्न नसकिनु पनि समस्याको रूपमा रहेका छन्। सवारी चालक अनुमतिपत्र एवम् सवारी दर्ता प्रमाणहरूलाई समयानुकूल

आधुनिक तथा वैज्ञानिक गर्न नसकिएकोले यस सम्बन्धमा अनुगमन गर्न गाऱ्हो भएको छ ।

११.३ सार्वजनिक सवारी साधनमा सीटभन्दा बढी यात्रु राख्ने, झुण्डाएर यात्रु बोक्ने, छतमा यात्रु राख्ने, यात्रुवाहकले व्यवसायी सामान बोक्ने, सवारी साधन जथाभावी राख्ने आदि समस्या टड्कारोरूपमा रहेको छ । यसबाट दुर्घटनाहरू बढेका छन् । तेस्रो पक्ष वीमा व्यवस्था कार्यान्वयन गर्न नसक्नु, सिण्डिकेट प्रथा कायमै रहनु र कार्यालय र कर्मचारीको सुरक्षा व्यवस्था कमजोर रहनु पनि समस्याका रूपमा रहेका छन् । सडक यातायातको विकासमा भौगोलिक जटिलता, सडक निर्माणका क्रममा आवश्यक पर्ने भौतिक सामग्रीको अनुपलब्धता, समयमा कार्यक्रम स्वीकृत हुन नसक्नु, जनसहभागिताको परिचालन पर्याप्त मात्रामा हुन नसक्नु जस्ता चुनौतीहरू विद्यमान छन् ।

११.४ ICAO को सदस्य राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उडान सुरक्षाको स्तर कायम राख्नु प्रमुख दायित्व भएको छ । विभिन्न वायुसेवा कम्पनीहरूले सञ्चालन गरेका विभिन्न प्रकारका वायुयानहरूको उडान सुरक्षासम्बन्धी जाँच, नियमन, अनुगमन तथा निगरानीका लागि आवश्यक योग्य जनशक्ति प्राधिकरणमा अपर्याप्त हुनाको साथै मौजुदा जनशक्ति पनि संस्था छाडी बाहिर पलायन हुने समस्या टड्कारोरूपमा देखिएको छ । यसर्थ, दक्ष एवम् विशेषज्ञ जनशक्तिको विकास तथा मौजुदा दक्ष जनशक्तिको Retention का लागि नेपाल सरकार, प्राधिकरण र वायुसेवा कम्पनीहरूबाट समुचित व्यवस्थाका लागि पहल हुनु जरूरी भएको छ । विभिन्न पेशागत/प्राविधिक जनशक्तिको अपर्याप्तताले गर्दा आयोजना सञ्चालन तथा दैनिक अपरेसन कार्यमा समेत वाधा परिरहेकोले संगठन संरचना पुनरावलोकन गरी आवश्यक दरवन्दी व्यवस्था तथा पदपूर्तिद्वारा सोको समाधान हुनु आवश्यक भएको छ ।

११.५ नेपालको भौगोलिकस्वरूप तथा जटिलताले गर्दा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको अपरेसन समय विस्तार गरी बढी भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाहरूलाई आकर्षित गर्न आधुनिक उड्डयन सहायक उपकरण सुविधा जडान गर्न आर्थिक तथा प्राविधिक कारणले कठिनाइ भएको छ । साथै, विभिन्न विमानस्थलहरूको विकास निर्माण तथा विस्तारका लागि प्राधिकरणको आन्तरिक श्रोतले धान्न कठिन भएकोले नेपाल सरकारबाट वैदेशिक सहयोग जुटाउन पहल हुनु जरूरी भएको छ ।

११.६ विभिन्न जिल्लाहरूबाट नयाँ विमानस्थल निर्माणका लागि प्रशस्त माग आउने गरेको छ । दुर्गम भेगमा सामाजिक सेवामूलक विमानस्थल निर्माण गर्न लगानीको प्रतिफल (Return on Investment) को सिद्धान्त अनुकूल नहुने भएकोले प्राधिकरणको आर्थिक स्थितिलाई बिचार गरी प्राधिकरणलाई अनुदान प्रवाहको व्यवस्था हुनु जरूरी भएको छ । यसअनुसार लगानी नीति, छनौटको आधार, आवश्यक जग्गा-जमीन नेपाल सरकारले अधिग्रहण तथा मुआब्जा वितरण गरी प्राधिकरणलाई स्वामित्वसहित हस्तान्तरण गर्ने व्यवस्था लगायत योजनाको लागि आवश्यक श्रोत र संयन्त्र यकिन हुनुपर्ने भएको छ ।

११.७ हवाई सुरक्षासम्बन्धी उपकरणहरू ज्यादै उच्च प्रविधिको हुने र सोको सञ्चालन गर्ने जनशक्ति पेशागतरूपमा अत्यन्त दक्ष हुनु पर्नेमा नेपालमा हवाई सुरक्षासम्बन्धी जनशक्ति छुट्टै नभई नेपाल प्रहरीको सामान्य जनशक्तिबाट सञ्चालन हुँदै आएकोले तत्सम्बन्धी जनशक्ति विकासका लागि आवश्यक व्यवस्था हुनु जरूरी भएको छ। साथै, हवाई सुरक्षा तालिम प्राप्त जनशक्ति छोटो समयमा नै विमानस्थल सुरक्षाबाट अन्यत्र सरूवा हुँदा पेशागत दक्षता अभिवृद्धि हुन सकेको छैन। हवाई सुरक्षासम्बन्धी जनशक्तिको दक्षता अभिबृद्धि गर्न नेपाल प्रहरी अन्तर्गत छुट्टै हवाई सुरक्षा विंग स्थापना गर्न राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिबाट पटकपटक निर्णय भएता पनि सोको कार्यान्वयन हुन नसकेकोले यस सम्बन्धमा पहल हुनु आवश्यक भएको छ।

११.८ सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासको गतिलाई पक्रन नसकेको अवस्था, सूचना तथा सञ्चार क्षेत्रको लागि लगानीको स्रोतको कमी र कार्यान्वयनका क्रममा अपेक्षित समन्वयको कमी आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्। वहु-आमसञ्चारका अन्य माध्यमहरूबाट प्राप्त हुने जनजागरणलाई एकीकृत र समन्वयात्मकरूपमा प्रयोग गर्न नसक्नु, पर्याप्त जनशक्ति उपलब्ध नहुनु र सञ्चारका प्रभावकारी साधनको विस्तार समानुपातिकरूपमा विस्तार नहुनु सूचना तथा सञ्चार क्षेत्रका चुनौती रहेका छन्।

११.९ हुलाक सेवामा जनशक्ति व्यवस्थापनको उचित प्रबन्ध हुन नसक्नु, ग्रामीण दूरसञ्चार सेवा पुऱ्याउन कबुल गरी अनुमतिप्राप्त दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूले प्रतिबद्धता व्यक्त गरेबमोजिम सेवा विस्तार गर्न नसक्नु, विद्युत् आपूर्तिको कमी लगायतका कारणबाट मोबाइल टेलिफोनको गुणस्तरमा ह्रास हुँदै जानु, रेडियो नेपाल तथा नेपाल टेलिभिजनको प्रसारण पहुँचमा अपेक्षित वृद्धि हुन नसक्नु, चलचित्र विकास शुल्कको असूलीमा कठिनाइ रहनु जस्ता चुनौतीहरू यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। सञ्चारको सम्भाव्य क्षमता उपयोग गर्ने तथा जनताको माग पूर्ति गर्ने गरी टेलिफोन सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनुपर्ने एवम् उपलब्ध सेवामा गुणस्तरता कायम गर्नु पर्ने चुनौती पनि टड्कारो देखिन्छ।

१२. सामाजिक क्षेत्र

१२.१ सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायलाई दिने कार्यमा शिक्षकका छाता संगठनहरुसँग अझै पूर्ण समझदारी विकास हुन नसक्नु र कतिपय कार्यक्रमहरु गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिसँग साझेदारी गर्दै सञ्चालन गर्नुपर्ने अवस्था रहन जाने भएतापनि स्थानीय सरकार नभएकोले समन्वय र साझेदारीमा समस्या उत्पन्न भएको छ। त्यस्तै, खर्च गर्ने आधारहरु समसामयिक नभएकाले कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुनका साथै भ्रमण खर्च नियमावली, २०६४ का कारणले कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको छ। दोस्रो चक्रको शिक्षक तालिम लगायतका कार्यक्रमहरु संविधान सभा निर्वाचनको कारणले प्रभावित भएको छ। साथै, २० वटा शैक्षिक तालिम केन्द्र (ख) र ५ वटा शैक्षिक तालिम उपकेन्द्रमा

लेखा हेर्ने कर्मचारीको अभाव छ। लामो अवधिको तालिममा सहभागी हुन बाँकी रहेका शिक्षकहरुको वास्तविक तथ्याङ्क प्राप्त गर्न सकिएको छैन। विगत २०२९ सालदेखि सञ्चालनमा आएको यो कार्यक्रम प्रभावकारी हुँदाहुँदै हाल देखापरेका प्रमुख समस्याहरुमा दातृ संस्था विश्व खाद्य कार्यक्रम (WFP) बाट सहयोग घटाउदै लैजानु, पौष्टिक आहार ढुवानीको टेण्डर प्रक्रिया समयमा हुन नसक्नु, नियमित अनुगमन र सोको लागि लाग्ने खर्च रकमको सोधभर्ना नहुनु, दिवा खाजा कार्यक्रमलाई परियोजनाको रुपमा सञ्चालन गरिनु जस्ता प्रमुख समस्याहरु रहेका छन्। यी समस्या समाधान गर्न स्रोत परिचालन गर्न उच्चस्तरीय संयन्त्र निर्माण, ढुवानी प्रक्रियामा उपभोक्ता समितिलाई समावेश गर्न आवश्यक प्रक्रिया तर्जुमा, नियमित अनुगमन र आवश्यक खर्चको व्यवस्था तथा दिवा खाजा कार्यक्रमलाई देशव्यापी बनाउनु रहेको छ।

१२.२ प्रमाणपत्र तहको विस्थापन, शैक्षिक/प्राज्ञिक स्वायत्तता, शिक्षा ऐन/नियम र उच्च माध्यमिक शिक्षा ऐन/नियम बीच तालमेल नहुनु समस्याको रुपमा रहेको छ। त्यस्तै, उच्च माध्यमिक तहको शिक्षामा सरकारको लगानी न्यून हुनु र निजी क्षेत्रबाट विद्यालय सञ्चालन गर्दा महँगो शुल्क तिर्नुपर्ने भएकोले दुर्गम एवं विकट क्षेत्रका गरिबीका रेखामुनि रहेका वर्गको यस तहको शिक्षामा पहुँच पुग्न नसक्नु अर्को समस्या छ। सामुदायिक उ.मा.वि. मा न्यूनतमरुपमा पनि आवश्यक पूर्वाधारहरु, कक्षा कोठाहरु, ल्याब आदिको व्यवस्था नहुनु अर्को समस्या रहँदै आएको छ। त्यस्तै, आवश्यक पाठ्यसामग्रीको निकै ठूलो अभाव रहेको छ। यातायात/बाटोघाटो/विजुली आदिको अभावका कारण परिषद्बाट पठाउनुपर्ने वा ल्याउनु पर्ने सामग्री समयमा नै प्राप्त हुन नसक्नु थप समस्याको रुपमा देखिएको छ। जनचेतनाको अभावका कारण जातीय, लैङ्गिक, विभेद र परम्परागत अन्धविश्वासी धारणाले गर्दा ग्रामीण तथा दुर्गम क्षेत्रका इच्छुक महिला तथा दलित जातिले उच्च माध्यमिक शिक्षा प्राप्त गर्न नसक्नु, उच्च माध्यमिक तहको शिक्षालाई विद्यालय तहको शिक्षाको रुपमा नलिई हाल पनि क्याम्पस तहकै शिक्षाको रुपमा लिइनु, अधिकांश उच्च माध्यमिक विद्यालयहरुको गुणस्तरीय शिक्षालाई भन्दा परिमाणमुखी शिक्षा र विद्यार्थी उत्तीर्ण संख्यालाई महत्व दिने प्रवृत्ति देखा पर्नु, उच्च माध्यमिक तहको पढाई सञ्चालन गर्दा आवश्यकताको पहिचान नगरी देखासिखीको भरमा सतही रुपमा सम्बन्धन लिन उत्साहित हुनु, हालसम्म उच्च माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको सेवा, शर्त, सुविधाको सुनिश्चितता नभएको हुँदा जिम्मेवारी र उत्तरदायित्वमा कमी आई गुणस्तरीय शिक्षामा कमी हुनु आदि जस्ता समस्याहरु रहेका छन्।

१२.३ उच्च माध्यमिक शिक्षा सम्बन्धी स्पष्ट नीति तयार हुनुपर्ने, उच्च माध्यमिक शिक्षा परिषद्लाई शैक्षिक एवं प्राज्ञिक थलोको रुपमा विकास गर्नुपर्ने र उच्च माध्यमिक विद्यालयको भौतिक एवं शैक्षिक पूर्वाधार विकासको लागि सरकारको विशेष ध्यान जानु पर्ने देखिन्छ। त्यस्तै, उच्च माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षक कर्मचारीको सेवा, शर्त, दरवन्दी व्यवस्था सम्बन्धी निश्चितता हुनु पर्दछ। ऐन/नियम तर्जुमा गर्दा सम्बन्धित पक्ष एवं निकायसँग तालमेल गरिनुपर्ने, दुर्गम एवं पिछडिएका क्षेत्र/वर्गको

लागि विशेष कार्यक्रम सुरु गर्नुपर्ने र प्रमाणपत्र विस्थापन गरी त्यस तहको लागि राज्यबाट हुने लगानी उच्च माध्यमिक तहमा स्थानान्तरण जस्ता पहल भएमा उच्च माध्यमिक शिक्षामा देखिएका समस्याहरु न्यून हुन जाने देखिन्छ ।

१२.४ काठमाडौ विश्वविद्यालयले आगामी १० वर्षसम्मको दीर्घकालीन लक्ष्य बनाइसकेको छ । विश्वस्तरको विश्वविद्यालय बन्नु यसको प्रमुख उद्देश्य हो । त्यसका लागि शिक्षण तथा अनुसन्धानमुखी कार्यलाई अति आवश्यकरुपमा लिई यसको विस्तार गर्न विश्वविद्यालय प्रयत्नशील रहेको छ । विदेशका स्तरीय विश्वविद्यालयहरूमा जुन स्तर र सुविधाहरू प्राप्त हुन्छन्, यस विश्वविद्यालयले आफ्नो स्तर र सुविधालाई पनि त्यही हाराहारीमा पुऱ्याउने सोच राखेको छ । त्यस अवधिभित्र विश्वस्तरका प्राध्यापकहरू न्यूनतम १ सय जना बनाइसक्ने, फ्याकल्टीको स्तर वृद्धि गराउने र कुल विद्यार्थी क्षमता ५ हजार पुऱ्याउने लक्ष्य राखिएको छ । पूँजी वृद्धि, योग्यता-अभिवृद्धि तथा विद्यार्थी क्षमतामा वृद्धि जस्ता विश्वविद्यालयका लक्ष्य र चुनौतीहरु रहेका छन् । त्यस्तै, अनुसन्धानका निम्ति आर्थिक स्रोत पहिल्याएर त्यसको व्यवस्था गर्नु ठूलो चुनौती बन्न गएको छ । यसबाहेक, अक्षयकोषको स्थापनाका लागि पनि प्रयत्न भइरहेको छ जसबाट तत्कालिक काम गर्न, विशिष्ट विदेशी विद्वान्लाई विशेष सुविधा दिनुपरे त्यसको व्यवस्था गर्न, अतिरिक्त क्रियाकलाप गर्न र विश्वविद्यालयको हितका लागि समर्पित रहेका व्यक्तिहरूलाई सहयोग गर्न मद्दत पुग्नेछ ।

१२.५ पूर्वाञ्चल विश्वविद्यालयमा विगत २०६२ सालदेखि विश्वविद्यालय सभाको गठन हुन नसकेबाट विश्वविद्यालय सभा एवं दीक्षान्त समारोह सम्पन्न हुन नसकेकोले नीतिगत, कानुनी, संस्थागत व्यवस्था एवं संरचनात्मक सुधार गर्न कठिनाइ भएको छ । साथै, तह पार भएका विद्यार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्न पनि सकिएको छैन । विश्वविद्यालयका पदाधिकारीहरुको नियुक्ति हुन नसकेबाट शिक्षक, कर्मचारी पदोन्नति, स्थायी तथा नयाँ नियुक्ति लगायतका कार्यमा प्रतिकुल प्रभाव पर्न जानुका साथै विश्वविद्यालयको संस्थागत विकासका लागि राज्यले प्रदान गर्ने बजेट अनुदान एवं सेवा सहुलियत (सामग्री आयातमा भन्सार, मूल्य अभिवृद्धि कर एवं स्थानीय विकास शुल्क छुट आदि) न्यून भएका कारण विश्वविद्यालयलाई अपेक्षाकृत उपलब्धि हासिल गर्न आर्थिक कठिनाइ पर्न गएको छ ।

१२.६ विभिन्न कारणले गर्दा नेपाल संस्कृत विश्वविद्यालयका आन्तरिक स्रोत तथा साधन न्यून भएको चुनौतीपूर्ण स्थिति छ । आयुर्वेद र योग चिकित्सा पद्धति विश्वमा प्रख्यात भएकोछ तापनि विश्वविद्यालयले श्रोतको अभावमा सञ्चालन गर्न सकेको छैन । साथै, देशका हिमाल, पहाड र तराईमा छरिएर रहेका जडीवुटीहरु घाँस दाउराको रुपमा प्रयोग भइरहेकोमा औषधिमूलक जडीवुटी उद्यान तयार गरी त्यस्ता जडीवुटीहरुको त्यस्को संरक्षण गर्नुका साथै चेतनामूलक कार्यक्रम सञ्चालनमा स्रोतको अभाव रहेको छ । संस्कृत विश्वविद्यालयको पूर्वाधारका रुपमा रहेका संस्कृत मा.वि. हरु साधारण मा.वि. मा परिणत हुने परिपाटीले छात्र/छात्रा श्रोत सुक्दै गएको छ । अतः संस्कृत मा.वि. हरु सञ्चालन सम्बन्धी छुट्टै नीतिको आवश्यकता रहेको छ भने संस्कृतमा उच्च

शिक्षा लिन आउने छात्राहरुलाई छात्रावासको अभाव रहेकोले पनि छात्राहरुको संस्कृत शिक्षा तिर आकर्षण कम हुन गएको छ ।

१२.७ शहरी, ग्रामीण/दुर्गम क्षेत्र बीच स्वास्थ्य सेवामा विभेद बढ्नुका साथै स्वास्थ्य र नवजात शिशुको स्वास्थ्य सुधार गर्ने कार्य खर्चिलो र चुनौतीपूर्ण भएको अवस्था छ । एकातिर विभिन्न खालका रोगहरुको प्रकोप बढी नागरिकहरुले स्वास्थ्य सेवा उपयोग गर्न पाएका छैनन् भने अर्कोतिर ग्रामीण क्षेत्रमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुको सेवाको उपलब्धता सुनिश्चित गर्ने कार्य कठिन भएको छ । साथै, देशको भौगोलिक अवस्थाले गर्दा आम नागरिकहरुलाई उनीहरुको आवश्यकतानुसार स्वास्थ्य सेवा पुऱ्याई उपचार गर्न सकिएको छैन । उपरोक्त समस्याहरुसँग सामना गदै "स्वास्थ्य: जनताको आधारभूत अधिकार" भन्ने विश्वव्यापी नारा वमोजिम उपलब्धि हासिल गर्नु वर्तमानको चुनौती रहेको छ ।

१२.८ स्थानीय विकासको क्षेत्र जति व्यापक र महत्वपूर्ण छ त्यति नै यहाँ विविध समस्या तथा चुनौतीहरु पनि विद्यमान छन् । लामो समयदेखि स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको व्यवस्था हुन नसकेको कारणबाट योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म विभिन्न समस्याहरु उत्पन्न भई वास्तविक जनचाहना अनुसार सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ । तराई तथा पूर्वी पहाडी जिल्लाहरुमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको असुरक्षा एवं कार्यक्रम कार्यान्वयनमा अवरोध भई कार्य प्रगतिमा ढिलाइ भएको छ । गाउँ विकास समिति सचिव र प्राविधिक कर्मचारीको पदपूर्ति हुन नसक्दा विकास निर्माण र सेवा प्रवाहको कार्यमा अपेक्षित उपलब्धि हुन सकेको छैन । स्थानीय निकायहरुले उपलब्ध साधन स्रोतको आधारमा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा थोरै बजेटबाट धेरै योजना छनौट गरी सञ्चालन गर्ने तथा निर्मित योजनाको नियमित मर्मत, संभार र व्यवस्थापन भन्दा नयाँ नयाँ योजना छनौट गर्ने परिपाटीले क्रमागत र अधुरा योजनाहरुको संख्या बढ्दै गएको स्थिति विद्यमान रहेको छ । पूर्वाधार निर्माणमा देखिएको तदर्थवादी प्रवृत्तिले वातावरणमा प्रतिकूल असर पर्नुको साथै आयोजनाको सञ्चालन र दिगोपनामा अनिश्चितता रहेको छ भने स्थानीय निकायको समष्टिगत व्यवस्थापकीय तथा कार्यक्षमताजन्य कमजोरी रहेकोले अपेक्षित उपलब्धि हासिल हुन सकेको पाईंदैन । विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्म अनुरूप स्थानीय निकायलाई स्थानीय पूर्वाधारका कामहरु निक्षेपण नहुनु तथा स्थानीय स्वायत्त शासन ऐनको भावना अनुरूप ग्रामीण तथा शहरी पूर्वाधारमा गर्नुपर्ने कार्यको स्पष्ट खाका तयार हुन नसक्नाले प्राप्त स्रोतको प्राथमिकीकरण गरी लगानी गर्ने भन्दा पनि योजनाहरुमा स्रोत छर्ने प्रवृत्ति बढ्दै गएको छ, जसबाट सञ्चालित कार्यक्रमको गुणस्तरीय प्रतिफल प्राप्त गर्ने विषय जटिल बन्दै गएको छ ।

१२.९ जिल्लाहरुबाट समयमा नै सोधभर्ना सम्बन्धी कागजातहरु प्राप्त नभई खर्च बमोजिमको सोधभर्ना हुन सकेको छैन । स्थानीय निकायहरुबाट स्थानीय सम्भाव्यता र विकासका अवसरहरु विश्लेषण नगरी तथा तयार गरिएका आवधिक योजनालाई बेवास्ता गरी कार्यक्रम तर्जुमा हुँदा विकास योजनाबाट अपेक्षित प्रभाव पर्न सकेको छैन । बैदेशिक

सहयोगबाट सञ्चालन हुने योजनाहरुमा निर्धारित म्याचिङ्ग फण्डको व्यवस्था हुन नसक्दा लक्ष्य प्राप्ति गर्न कठिनाइ भएको छ। विषयगत निक्षेपणको कार्य प्रभावकारी हुन नसक्दा काममा दोहोरोपना र कार्यान्वयन निकायबीच समन्वयको अभाव भई लगानीको तुलनामा प्रतिफलको गुणात्मकता प्राप्त हुन सकेको छैन। स्थानीय निकायको आन्तरिक स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा वन तथा भू-संरक्षण मन्त्रालय र अन्य सम्बद्ध निकायहरुसंगको समन्वय र सहकार्यको अभाव एवं प्राकृतिक स्रोत साधनमाथि भइरहेको अनियन्त्रित र अव्यवस्थित प्रयोगले वातावरणीय विनास र प्राकृतिक प्रकोपको भयावह स्थिति श्रृजना हुने खतरा बढ्दै गएको छ। ILO 169 प्रावधानको बुझाई स्थानीयस्तरमा फरक फरक देखिएको र सोही कारणबाट जि.वि.स.ले परिचालन गरी आएको स्रोतमा स्थानीय समुदायद्वारा विभिन्न बहानामा अवरोध सिर्जना गर्ने प्रवृत्ति बढ्दै गएको छ।

१२.१० बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न साधन स्रोतको अभाव हुनु, विद्यमान १० वटा श्रम कार्यालयहरुबाट मुलुकभरिका उद्योग एवं प्रतिष्ठानहरुमा निरीक्षण गर्न कठिनाइ हुनु, वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नसक्नु, वैदेशिक रोजगारीमा सीपमूलक जनशक्ति पठाउन नसक्नाले उचित प्रतिफल प्राप्त नहुनु, विश्वव्यापी आर्थिक संकुचनको कारण वैदेशिक रोजगारमा गएका कामदारहरुको रोजगारी कटौती भई स्वदेश फर्किने क्रम बढ्नु, स्वदेशी एवं वैदेशिक श्रम बजारको माग अनुसार स्वरोजगारमूलक तालिमको परिमार्जन एवं कर्मचारीहरुको दक्षता अभिवृद्धिमा अपेक्षित सफलता प्राप्त गर्न नसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन्।

१२.११ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गहरुको क्षेत्रलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षेत्रमा सीमित राखिने सोचले महिला सशक्तीकरण एवं मूल प्रवाहीकरणमा जान सकिएको छैन। साथै, उल्लेखित कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रियस्तरमा पर्याप्त मात्रामा वजेटको अभाव रहेको देखिन्छ। दिनानुदिन अत्यधिक मात्रामा बृद्धि भएका सामाजिक संघ संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा दोहोरोपना हटाई समन्वय र सहयोग विस्तार गर्दै कार्यक्रमको उपयोगिता तथा प्रभावकारिता बढाउने र यस क्षेत्रलाई जिम्मेवार एवं जवाफदेही बनाउने विषय पनि चुनौतीको रूपमा रहेको छ।

१२.१२ कामदारहरुको ज्याला दररेट र निर्माण सामग्रीहरुमा भएको मूल्य बृद्धिले गर्दा पूर्व लागत अनुमानको आधारमा आयोजना सम्पन्न गर्ने गरी विनियोजन गरिएको बजेटबाट आयोजना सम्पन्न गर्न नसकिने देखिएको छ। पटक पटकको सडक वन्द, इन्धन आपूर्तिमा भएको व्यवधानले गर्दा आयोजना कार्यान्वयनमा वाधा परिरहेको छ। जनसंख्या वृद्धिको चाप र पानीको स्रोतमा प्रदूषण वृद्धिका कारण खानेपानीको सेवास्तर र गुणस्तरमा ह्रास आइरहेको छ। शहरी तथा अर्द्धशहरी क्षेत्रहरुमा उचित ढल व्यवस्थापन नभएबाट वातावरण प्रदुषणमा बृद्धि भएको छ। यी समस्याहरुको निराकरणका लागि खानेपानीको स्रोत व्यवस्थापन एवं यसको प्रयोग तथा संरक्षणमा स्थानीय जनसहभागिता अभिवृद्धि गरी सबै नेपालीका लागि निरन्तर शुद्ध खानेपानी आपूर्ति गर्नु यस क्षेत्रको चुनौती रहेको छ।

१. आर्थिक गतिविधि

विश्व अर्थतन्त्र

आर्थिक वृद्धिदर

१.१. विश्व अर्थव्यवस्थामा द्वितीय विश्व युद्ध पश्चात् सबैभन्दा ठूलो वित्तीय तथा आर्थिक संकट देखापरेको छ। यसले गर्दा एकातर्फ कुल गार्हस्थ्य माग र आर्थिक वृद्धिदरमा नकारात्मक प्रभाव पर्ने र अर्कोतर्फ निर्यात तथा आयात दुवैमा संकुचन आई विश्व अर्थतन्त्र दोहोरो समस्याबाट ग्रसित हुने देखिएको छ। आर्थिक क्रियाकलापमा ह्रास आई रोजगारीका अवसरहरु कटौती हुन गई सर्वसाधारण जनताको आय श्रोत अनिश्चित हुने हुँदा जीवन निर्वाह गर्न निकै कठिनाइको सामना गर्नुपर्ने देखिन्छ। विश्वको उत्पादन सन् २००६ मा ५.१ प्रतिशतले, सन् २००७ मा ५.२ प्रतिशतले र सन् २००८ मा ३.२ प्रतिशतले वृद्धि भएको तुलनामा सन् २००९ को प्रक्षेपणमा उक्त वृद्धिदर १.३ प्रतिशतले ऋणात्मक हुने देखिएको छ । उत्प्रेरक उपायहरु अवलम्वन गरी सफल कार्यान्वयन गर्न सकिएमा सन् २०१० मा विश्वको उत्पादन वृद्धिदर १.९ प्रतिशतले बढ्न सक्ने प्रक्षेपण रहेको छ, जुन वृद्धिदर सन् २००६ देखि सन् २००८ सम्मका वृद्धिदरहरुको तुलनामा निकै कम देखिन्छ। यसबाट वित्तीय तथा आर्थिक संकटको प्रभाव स्पष्टरुपमा बोध गर्न सकिन्छ। साथै, विकसित अर्थतन्त्रहरु, नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु, विकासोन्मुख एसिया, नव औद्योगिक एसियाली अर्थतन्त्रहरु तथा मध्यपूर्वका मुलुकहरु सबै समूहहरुमा आर्थिक वृद्धिदर सन् २००६ तथा सन् २००७ को तुलनामा सन् २००८ मा कम हुने र प्रक्षेपण अनुसार सन् २००९ मा विकसित अर्थतन्त्रहरु एवम् सो मध्ये नव औद्योगिक एसियाली अर्थतन्त्रहरुमा आर्थिक वृद्धिदर ऋणात्मक हुने तथा अन्य समूहहरुमा आर्थिक वृद्धिदर कम हुने निम्न तालिकाबाट स्पष्ट हुन्छ :

तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	२००६	२००७	२००८	प्रक्षेपण	
				२००९	२०१०
विश्वको उत्पादन	५.१	५.२	३.२	-१.३	१.९
विकसित अर्थतन्त्रहरु	३.०	२.७	०.९	-३.८	०.०
नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु	८.०	८.३	६.१	१.६	४.०
विकासोन्मुख एसिया	९.८	१०.६	७.७	४.८	६.१
अफ्रिकी मुलुकहरु	६.१	६.२	५.२	२.०	३.९
मध्यपूर्वका मुलुकहरु	५.७	६.३	५.९	२.५	३.५
नव औद्योगिक एसियाली अर्थतन्त्रहरु	५.६	५.७	१.५	-५.६	०.८

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), २००९

उपभोक्ता मूल्य

१.२. विश्वको आर्थिक वृद्धिदरमा आएको कमी अनुरुप उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदरमा भने कमी आउने देखिदैन। सन् २००७ मा विकसित अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर २.७ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर २.२ प्रतिशत रहेको थियो भने सन् २००८ मा आर्थिक वृद्धिदर ०.९ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर ३.४ प्रतिशत थियो। त्यस्तै, यो समूहमा पर्ने अर्थतन्त्रहरुको प्रक्षेपित आर्थिक वृद्धिदर ३.८ प्रतिशतले नकारात्मक हुँदा पनि मुद्रास्फीतिदर भने ०.२ प्रतिशतले मात्र नकारात्मक हुने देखिएको छ। त्यस्तै, नवोदित तथा विकसित देशहरुको आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदर बीचको प्रकृति पनि यस्तै देखिएको छ। निम्न तालिकाबाट मुद्रास्फीतिदरको यो प्रवृत्तिवारे स्पष्ट हुन्छ :

तालिका १(ख): उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	२००६	२००७	२००८	प्रक्षेपण	
				२००९	२०१०
विकसित अर्थतन्त्रहरु	२.४	२.२	३.४	-०.२	०.३
नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु	५.४	६.४	९.३	५.७	४.७
विकासोन्मुख एसिया	४.२	५.४	७.४	२.८	२.४
अफ्रिकी मुलुकहरु	६.३	६.३	१०.१	९.०	६.३
मध्यपूर्वका मूलुकहरु	६.८	१०.५	१५.६	११.०	८.५

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

कुल यथार्थ गार्हस्थ्य माग

१.३. विश्व अर्थव्यवस्थामा देखिएको वर्तमान वित्तीय तथा आर्थिक संकटबाट आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदरमा देखिने प्रभाव कुल यथार्थ गार्हस्थ्य मागमा प्रतिविम्वित हुने देखिन्छ। रोजगारीका अवसरहरु कम हुने भएकोले जनताको आयमा प्रतिकूल प्रभाव पर्न गई उपभोग तथा लगानी दुवै उद्देश्यको निम्ति आन्तरिक तथा बाह्य बस्तु तथा सेवाको माग कम हुन गई कुल मागमा कमी आउँछ र अर्थव्यवस्थाको गतिशीलता कुण्ठित हुन्छ। केही विकसित तथा नवऔद्योगिक एसियाली अर्थतन्त्रहरुमा कुल मागमा देखिएको प्रक्षेपित परिवर्तन निम्न तालिकाबाट स्पष्ट हुन्छ :

तालिका १(ग): कुल आन्तरिक (गार्हस्थ्य) माग

(वार्षिक प्रतिशत परिवर्तन)

	२००६	२००७	२००८	प्रक्षेपण	
				२००९	२०१०
विकसित अर्थतन्त्रहरु	२.८	२.३	०.४	-३.३	०.०
संयूक्त राज्य अमेरिका	२.६	१.४	-०.३	-३.३	०.२
यूरो देशहरु	२.८	२.४	०.९	-२.९	-०.६
बेलायत	२.६	३.५	०.६	-४.८	-१.०
क्यानडा	४.७	४.३	२.४	-३.२	१.३
नव-औद्योगिक एसियाली अर्थतन्त्रहरु	४.२	४.५	१.७	-५.४	०.७

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

१.४ विकसित अर्थतन्त्रहरुको समग्र मागमा हुने कमीबाट आर्थिक क्रियाकलापहरुमा गतिशीलता कम हुने र रोजगारीमा कटौती हुने देखिन्छ। फलस्वरुप, विदेशी श्रमिकहरुको मागमा समेत कटौती हुने भएकोले विकासोन्मुख देशहरुबाट ती देशहरुमा कार्यरत श्रमिकहरुको मागमा कटौती हुनेछ। आय श्रोतको उल्लेख्य हिस्सा रहँदै आएको विप्रेषण आप्रवाह कम हुन गई समष्टिगत आर्थिक सन्तुलन समेत विग्रिन सक्ने सम्भावना ती देशहरुको निम्ति चिन्ताको विषय हुनेछ। साथै, उपभोग्य सामानको मागमा कटौती हुन सक्ने भएकोले विकासोन्मुख अर्थतन्त्रहरुबाट विकसित अर्थतन्त्रहरुमा हुने गरेको निर्यात निकै घट्न सक्नेछ। सन् २०१० मा समेत विकसित अर्थतन्त्रहरुको समग्र आन्तरिक मागमा कुनै सुधार नआउने र सो वर्षको मागको स्तर सन् २००६ को तुलनामा समेत कम रहने अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरेको छ। वित्तीय तथा आर्थिक संकटबाट प्रभावित मुलुकहरुले तथा विश्व वैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास वैंक र अन्य अन्तर्राष्ट्रिय संस्थाहरुले तर्जुमा गर्ने कार्यक्रमको सफल कार्यान्वयन हुन सकेमा मागको कमजोर स्थितिमा केही सुधार आउन सक्ने देखिन्छ।

तालिका १(घ): विश्व व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

विश्व व्यापारको आयतन (संक्षेपमा)

	२००६	२००७	२००८	प्रक्षेपण	
				२००९	२०१०
विश्वको व्यापार आयतन (वस्तु र सेवा)	९.२	७.२	३.३	-११.०	०.६
निर्यात					
विकसित अर्थतन्त्रहरु	८.५	६.१	१.८	-१३.५	०.५
नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु	१०.९	९.५	६.०	-६.४	१.२
आयात					
विकसित अर्थतन्त्रहरु	७.६	४.७	०.४	-१२.१	०.४
नवोदिन तथा विकासोन्मुख अर्थतन्त्रहरु	१३.२	१४.०	१०.९	-८.८	०.६

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

१.५ विश्व अर्थव्यवस्थामा देखिएको वित्तीय तथा आर्थिक संकटको प्रभाव विश्व व्यापारमा स्पष्टरुपमा देखिएको छ। केही समयसम्म उकालो लाग्दै गरेको पेट्रोलियम पदार्थको मूल्यको कारण र विश्वका केही मुलुकहरुले विभिन्न कारणबस भोग्नु परेको खाद्यान्न तथा खाद्य पदार्थहरुको उल्लेख्य मूल्य वृद्धिबाट आक्रान्त भएको विश्व व्यापारको आयतन विद्यमान आर्थिक संकुचनबाट अझै बढी प्रभावित भएको तथ्य तालिका १(घ) बाट बोध गर्न सकिन्छ। सन् २००६ मा विकसित अर्थतन्त्रहरुको निर्यात ८.५ प्रतिशत र नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुको निर्यात १०.९ प्रतिशतले वृद्धि भएकोमा सन् २००७ र सन् २००८ दुबै वर्षहरुमा यी दुई समूहहरुमा निर्यात वृद्धिदर घट्ने क्रम रह्यो। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रक्षेपणमा सन् २००९ मा विकसित अर्थतन्त्रहरुको निर्यात १३.५ प्रतिशत र नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुको निर्यात ६.४ प्रतिशतले ह्रास हुने देखिएको छ। त्यस्तै, आयातको वृद्धि दरको प्रवृत्ति पनि सोही अनुरुप रहेको देखिन्छ। विकसित अर्थतन्त्रहरुको आयातको वृद्धिदरमा क्रमिकरुपमा कमी आई सन् २००८ मा ०.४ प्रतिशतले मात्र बढेकोमा नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुमा भने सन् २००७ र सन् २००८ मा आयातमा उल्लेख्य वृद्धि भएको देखिन्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार सन् २००९ मा यी अर्थतन्त्रहरुको आयातमा पनि उल्लेख्यरुपमा गिरावट हुने स्पष्ट देखिएको छ। दुवै समूहका अर्थतन्त्रहरुको आयात तथा निर्यात व्यापारमा सन् २०१० मा सुधार हुने प्रक्षेपण गरिएतापनि विश्वको व्यापार आयतनको स्तर सन् २००५ को हाराहारीमा मात्र पुग्न जाने देखिन्छ।

छिमेकी अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर

१.६ नेपालका छिमेकी देशहरु भारत तथा चीनको निम्ति आर्थिक वृद्धिदरका हिसावले सन् २००६ र २००७ निकै उत्साहजनक वर्षहरु रहेको देखिन्छ। ती दुई वर्षहरुमा क्रमशः ११.६ प्रतिशत र १३.० प्रतिशतको वृद्धिदर हासिल गर्न चीन सफल रह्यो भने भारतले पनि ९.८ प्रतिशत र ९.३ प्रतिशतको वृद्धि हासिल गर्न सकेको देखिन्छ। त्यस्तै, उल्लिखित दुई वर्षहरुमा हासिल हुन सकेको वृद्धिदर नेपाल बाहेक दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का अन्य मुलुकहरुमा पनि निकै उत्साहजनक रह्यो। त्यसपछिका वर्षहरुमा भने आर्थिक वृद्धिदर सबै मुलुकहरुको निम्ति सामान्य रह्यो।

तालिका १ (ङ) : छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	२००६	२००७	२००८	प्रक्षेपण	
				२००९	२०१०
चीन	११.६	१३.०	९.०	६.५	७.५
अफगानिस्तान	८.२	१२.१	३.४	९.०	७.०
बंगलादेश	६.५	६.३	५.६	५.०	५.४
भुटान	८.८	१७.९	६.६	५.७	६.६
भारत	९.८	९.३	७.३	४.५	५.६
माल्दिब्स	१८.०	७.२	५.७	-१.३	२.९
पाकिस्तान	६.२	६.०	६.०	२.५	३.५
श्रीलंका	७.७	६.८	६.०	२.२	३.६
नेपाल	३.७	३.२	४.७	३.६	३.३

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

राष्ट्रिय आर्थिक गतिविधि

१.७ चालू वर्ष कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ७.० प्रतिशत हुने लक्ष्य निर्धारण गरिएकोमा उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७ प्रतिशत हुने अनुमान छ। यसरी लक्ष्यको तुलनामा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कम हुने देखिएको छ, जसमा आन्तरिक तथा वाह्य कारकहरुको प्रभाव रहेको छ। आन्तरिक कारण मध्ये समयमा हिउँदे वर्षा नभएकोले हिउँदेवालीको उत्पादन सन्तोषजनक रहेन। ऊर्जाको आपूर्ति कुण्ठित भएकाले गैर-कृषि क्षेत्र अन्तर्गत पर्ने औद्योगिक उत्पादनमा संकुचन आयो भने सेवा क्षेत्रको उत्पादन पनि खासै विस्तारित हुन सकेन। यसका साथै विभिन्न प्रकारका हडताल, चक्का जाम, श्रम विवाद जस्ता कारकहरुले गर्दा पनि समग्र आर्थिक क्रियाकलापहरुको विस्तारमा नकारात्मक प्रभाव पर्न गयो। गत आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.४ प्रतिशत रहेको थियो।

कृषि क्षेत्र

१.८ यस क्षेत्रले समाहित गर्ने कृषि, वन तथा मत्स्यपालनको उत्पादन समग्रमा (आर्थिक वर्ष २०५७/५८ को मूल्यमा) २.२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि ४.७ प्रतिशत थियो। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान चालू वर्षमा ३२.८ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यस्तो योगदान ३२.६ प्रतिशत थियो।

गैर कृषि क्षेत्र

१.९ चालू आर्थिक वर्ष २०६५/६६ मा गैर-कृषि क्षेत्रको वृद्धिदर ४.८ प्रतिशत रहेको अनुमान छ। यो वृद्धिदर गत वर्षको ५.७ प्रतिशत वृद्धिदरको तुलनामा कम रहेको छ। गैर-कृषि क्षेत्रको वृद्धिदर कम हुनुमा ऊर्जा आपूर्तिमा देखिएको कमी मुख्य कारकको रुपमा देखिएको छ। ज्यादै न्यून र नकारात्मक वृद्धिदर हासिल गर्ने अर्को उप-क्षेत्र हो विद्युत, ग्याँस तथा पानी। चालू आर्थिक वर्षमा यो उप-क्षेत्रको वृद्धिदर १.१ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। गत आर्थिक वर्षमा यो उपक्षेत्रको वृद्धिदर ३.७ प्रतिशत थियो। जर्मन सरकारको सहयोगमा निर्मित मध्यमर्स्याङ्गदी जलविद्युत आयोजनाको योगदानले गर्दा पनि गत वर्ष यस उपक्षेत्रको वृद्धिदर बढ्न सकेको थियो भने चालू वर्षमा कुलेखानी जलविद्युत आयोजनाको उत्पादनमा व्यवधान आउनु, सप्तकोशीमा बाढीको प्रकोप हुनु जस्ता कारणले गर्दा विद्युत शक्तिको आपूर्ति असहज बन्यो। फलस्वरुप, आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुमा समेत यसको नकारात्मक प्रभाव रहेको अनुमान छ।

उत्पादन उद्योग

१.१० गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरु मध्ये उत्पादन उद्योगको प्रगति निकै कम रह्यो। यसको वृद्धि गत वर्षको तुलनामा ०.५ प्रतिशतले नकारात्मक रहेको अनुमान छ। तर गत वर्ष यो उपक्षेत्रको वृद्धिदर निकै न्यून भएतापनि सकारात्मक रहेको थियो।

निर्माण क्षेत्र

१.११ यस उपक्षेत्रको ५.७ प्रतिशत वृद्धिदर अन्य उपक्षेत्रको वृद्धिदरसँग हेर्दा उल्लेख्य मान्न सकिन्छ। गत आर्थिक वर्षमा यस उप क्षेत्रको वृद्धिदर ३.१ प्रतिशत मात्र थियो। काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रहरुमा सार्वजनिक तथा निजी क्षेत्रबाट कार्यालय तथा वासस्थान निर्माण कार्य तीब्र गतिमा भएकोले समग्रमा निर्माण क्षेत्रको वृद्धि सन्तोषजनक भएको अनुमान छ।

थोक तथा खुद्रा व्यापार

१.१२ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर पनि सन्तोषजनक भएको अनुमान छ। गत वर्ष ७.० प्रतिशतले वृद्धि भएको यो उपक्षेत्रको गार्हस्थ्य उत्पादन चालू आर्थिक वर्षमा ४.७ प्रतिशतले बढेको अनुमान छ। गत आर्थिक वर्षमा भन्दा चालू आर्थिक वर्ष

२०६५/६६ मा यस उपक्षेत्रको वृद्धिदर कम हुनुमा विक्री योग्य वस्तुहरुको मागमा केही कमी आएको हुन सक्ने पूर्व अनुमान छ ।

होटल र रेष्टुरेन्ट

१.१३ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा ५.१ प्रतिशत रहने अनुमान छ । गत वर्ष यो उपक्षेत्रले ८.५ प्रतिशतको वृद्धि हासिल गरेको थियो । चालू आर्थिक वर्षमा वृद्धिदर कम हुनुमा विश्वव्यापीरुपमा आएको वित्तीय संकट तथा सोको कारण विश्व आर्थिक वृद्धिमा आएको कमीको प्रभाव पनि रहेको अनुमान छ । आर्थिक विधाका विभिन्न पक्षमा देखिएको असन्तुलनको बढ्दो प्रभावबाट पर्यटक आवागमन र उनीहरुले गर्ने खर्चमा समेत कमी आएको हुनाले यो उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर कम रहन गएको अनुमान छ ।

यातायात सञ्चार तथा भण्डारण

१.१४ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्ष २०६५/६६ मा ७.९ प्रतिशत रहेको अनुमान छ । गत वर्ष पनि यस उपक्षेत्रले ७.१ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो । खासगरी संचारतर्फ क्रमिकरुपमा हुँदै गएको विस्तारको फलस्वरुप यो उपक्षेत्रले सन्तोषजनक वृद्धि हासिल गर्न सकेको हो । वन्द तथा लोडसेडिङ्गको प्रभाव यस उपक्षेत्रमा पनि परेको छ, अन्यथा अनुमानित यो वृद्धिदर भन्दा यस क्षेत्रले बढी वृद्धिदर हासिल गर्न सक्ने थियो ।

वित्तीय मध्यस्थता

१.१५ चालू आर्थिक वर्षमा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.३ प्रतिशत मात्र रहने अनुमान छ । गत वर्ष यस उपक्षेत्रले १३.८ प्रतिशत वृद्धिदर हासिल गर्न सकेको थियो । आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुले भोग्नुपरेको ऊर्जा सङ्कट तथा गैर आर्थिक कारणका अन्य व्यवधानले गर्दा वित्तीय मध्यस्थताको गतिमा पनि केही कमी देखिएको हो ।

रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरु

१.१६ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादन चालू आर्थिक वर्षमा ४.५ प्रतिशतले वृद्धि भएको अनुमान छ । गत वर्ष पनि उपक्षेत्रले ४.४ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो । लगानीका अन्य क्षेत्रहरु फष्टाउन नसकेको तर निर्माण क्षेत्रमा केही विस्तार भएको हुनाले रियलस्टेट तथा व्यावसायिक सेवाहरुमा सकारात्मक प्रभाव परेको अनुमान छ ।

सार्वजनिक प्रशासन र रक्षा

१.१७ सार्वजनिक प्रशासन र रक्षामा गरिएको सरकारको बजेट तथा खर्चको आधारमा तयार गरिएको अनुमान अनुसार यस उपक्षेत्रले ३.३ प्रतिशतको वृद्धिदर हासिल गर्ने अनुमान छ । गत आर्थिक वर्षमा यस उपक्षेत्रको ०.४ प्रतिशतको वृद्धिदर रहेको थियो ।

शिक्षा

१.१८ सामाजिक पूर्वाधार विकास तथा जनशक्तिको गुणात्मक वृद्धिको लक्ष्य लिएर सरकारले गरेको शिक्षातर्फको खर्चको विस्तार तथा निजी क्षेत्रले यस उपक्षेत्रको विस्तारमा पुऱ्याएको योगदानको फलस्वरुप चालू आर्थिक वर्ष २०६५/६६ मा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ९.९ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रले ३.३ प्रतिशतको वृद्धि हासिल गरेको थियो।

स्वास्थ्य र सामाजिक कार्य

१.१९ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर आर्थिक वर्ष २०६५/६६ मा ६.५ प्रतिशत रह्यो। गत आर्थिक वर्षमा यस्तो वृद्धि १३.६ प्रतिशत थियो। जनतालाई स्वास्थ्य सेवा उपलव्ध गराउँदै जाने सरकारी प्रतिवद्धता तथा निजी क्षेत्रको यसतर्फको सहभागिताले गर्दा चालू आर्थिक वर्षमा उक्त वृद्धिदर हासिल हुन सकेको हो। गत वर्षको तुलनामा भने यस उपक्षेत्रको वृद्धिदरमा निकै कमी आएको छ।

अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरु

१.२० यस उपक्षेत्रको गार्हस्थ्य उत्पादन ६.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यो उपक्षेत्रले ११.१ प्रतिशतले वृद्धि गरेको थियो। यस उपक्षेत्र भित्र सरकारले प्रदान गर्ने सामुदायिक सेवा तथा अन्य सामाजिक र व्यावसायिक सेवाहरु पर्दछन्।

क्षेत्रगत विवरण

१.२१ प्राथमिक क्षेत्र भित्र कृषि, बन तथा मत्स्यपालन पर्दछन्। प्राथमिक क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्ष २०६५/६६ मा २.२ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यो क्षेत्रको वृद्धि ४.७ प्रतिशत थियो। द्वितीय क्षेत्र भित्र औद्योगिक उत्पादन, विद्युत, ग्यास तथा पानी र निर्माण पर्दछन्। यस क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा पनि गत आर्थिक वर्ष जस्तै १.८ प्रतिशत रहेको अनुमान छ। त्यसैगरी, तृतीय क्षेत्र अन्तर्गत सेवा क्षेत्रहरु पर्दछन्। चालू आर्थिक वर्षमा तृतीय क्षेत्रको वृद्धि ५.९ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यो क्षेत्रले ७.० प्रतिशतको वृद्धि गरेको थियो।

कुल गार्हस्थ्य उत्पादनको संरचना

१.२२ उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको **ISIC** वर्गीकरण अनुसारको संरचनामा कृषि क्षेत्रको हिस्सा ३२.८ प्रतिशत रहेको र गैर कृषि क्षेत्रको हिस्सा ६७.२ प्रतिशत रहेको अनुमान छ। समग्रमा हेर्दा गत आर्थिक वर्षमा पनि कृषि क्षेत्रको हिस्सा ३२.६ र र गैर कृषि क्षेत्रको हिस्सा ६७.४ रहेको हुँदा दुई वर्ष बीच समग्र संरचनामा खास भिन्नता नरहेको देखिन्छ। गैर कृषि क्षेत्र भित्र पर्ने उत्पादन उद्योग उपक्षेत्रको संरचनामा केही प्रतिशत बिन्दुले फरक देखिएको छ। गत वर्ष ७.२ प्रतिशत हिस्सा ओगटेको यो उपक्षेत्रको हिस्सा चालू आर्थिक वर्षमा कम भई ६.८ प्रतिशत रहेको अनुमान छ। विद्युत, ग्यास तथा पानीको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा गत आर्थिक

वर्षमा २.० प्रतिशत रहेको थियो भने चालू आर्थिक वर्षमा १.७ प्रतिशत रहेको अनुमान छ। त्यस्तै, निर्माणको अनुपात गत आर्थिक वर्ष ६.५ प्रतिशत भएकोमा चालू आर्थिक वर्ष ६.४ प्रतिशत रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा चालू वर्षको क्षेत्रगत योगदान निम्न चार्टबाट स्पष्ट हुन्छ :



उपभोग

१.२३ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल उपभोग रु. ५ खर्व ३१ अर्व ७२ करोड पुगेको छ। यो रकम गत वर्षको भन्दा ६.० प्रतिशतले बढी छ। साथै, यो रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ९०.७ प्रतिशत हुन आउँदछ। आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल उपभोग ८९.६ प्रतिशत थियो। कुल उपभोग मध्ये सरकारी उपभोग आर्थिक वर्ष २०६५/६६ मा १०.९ प्रतिशत हुने अनुमान छ भने गत वर्ष यो अनुपात १०.५ प्रतिशत थियो। सरकारी र निजी क्षेत्र वीच विद्यमान उपभोगको स्वरुप हेर्दा आर्थिक वर्ष २०६५/६६ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य उपभोगको अंश ६०.१ प्रतिशत, गैर खाद्यको २७.९ प्रतिशत र सेवाको १२.० प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य पदार्थ, गैर खाद्य पदार्थ र सेवाको अंश क्रमशः ५९.८ प्रतिशत, २७.८ प्रतिशत र १२.४ प्रतिशत थियो। दुई वर्ष वीच निजी क्षेत्रको उपभोगको स्वरुपमा खासै परिवर्तन नभएको र कुल उपभोगमा खाद्यको नै अत्याधिक वाहुल्यता रहेको यसबाट पुष्टि हुन्छ। उपभोगको गतिशीलतमा (Consumption Dynamics) हेर्दा आर्थिक वर्ष २०६५/६६ मा कुल उपभोग ६.० प्रतिशतले बढेकोमा निजी क्षेत्रको उपभोग ५.७ प्रतिशतले र सरकारी उपभोग १०.१ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा निजी तथा सरकारी उपभोग क्रमशः ३.३ प्रतिशत र ३.६ प्रतिशतले बढेको थियो।

बचत

१.२४ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल गार्हस्थ्य वचत ६.९ प्रतिशतले ह्रास भएको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा यस्तो वचत २६.९ प्रतिशतले बढेको थियो। उपभोग बढी गतिमा वृद्धि भएको तर बचतको वृद्धि नकारात्मक भएकोले गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ११.२ प्रतिशत रहेको वचत आर्थिक वर्ष २०६५/६६ मा ८.० प्रतिशतमा सीमित रहेको अनुमान छ।

पुँजी निर्माण

१.२५ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल पुँजी निर्माण रु. १ खर्व ५० अर्व ४२ करोड भएको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो २५.७ प्रतिशत हुन आउँदछ। गत वर्षको तुलनामा कुल पुँजी निर्माणको वृद्धिदर ०.४ प्रतिशत रहेको अनुमान छ। गत वर्ष २१.८ प्रतिशतले वृद्धि भएको कुल पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २६.७ प्रतिशत रहेको थियो। कुल पुँजी निर्माणमा स्थिर पुँजी निर्माणको अंश आर्थिक वर्ष २०६५/६६ मा ७७.३ प्रतिशत र मौज्दात परिवर्तन २२.७ प्रतिशत रहेको देखिन्छ। यस्तो अंश आर्थिक वर्ष २०६४/६५ मा क्रमशः ७३.३ प्रतिशत र २६.७ प्रतिशत थियो। कुल स्थिर पुँजी निर्माण मध्ये आर्थिक वर्ष २०६५/६६ मा सरकारको अंश १९.५ प्रतिशत र निजी क्षेत्रको अंश ८०.५ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा स्थिर पुँजी निर्माणमा सरकारको अंश १४.८ प्रतिशत र निजी क्षेत्रको अंश ८५.२ प्रतिशत थियो। यसरी आर्थिक वर्ष २०६५/६६ मा स्थिर पुँजी निर्माणमा सरकारी क्षेत्रको सहभागितामा बढोत्तरी र सोही अनुसार निजी क्षेत्रको सहभागितामा कमी भएको स्पष्ट देखिन्छ।

वस्तु तथा सेवाको खुद निर्यात

१.२६ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा वस्तु तथा सेवाको आयात रु. २ खर्व १ अर्व २३ करोड भएको अनुमान छ भने निर्यात रु. १ खर्व ५ अर्व ३२ करोड भएको अनुमान छ। फलस्वरुप चालू वर्षमा रु. ९५ अर्व ९१ करोडको व्यापार घाटा रहेको देखिन्छ। यो व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १६.४ प्रतिशत हुन आउँदछ। गत आर्थिक वर्षमा यस्तो घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १६.३ प्रतिशत थियो। चालू आर्थिक वर्षमा स्थिर मूल्यमा वस्तु तथा सेवा आयातको ५२.३ प्रतिशत अंश वस्तु तथा सेवाको निर्यातले थेग्न सक्ने देखिएको छ। गत आर्थिक वर्ष यस्तो क्षमता ४५.५ प्रतिशत थियो। सेवा क्षेत्रबाट प्राप्त आय आर्थिक वर्ष २०६५/६६ मा ६४.९ प्रतिशतले बढ्न सकेको हुँदा र यस क्षेत्रतर्फको खर्च ५.१ प्रतिशतले मात्र वृद्धि भएकोले यो स्थिति देखिएको हो। गतवर्षको सेवा निर्यातबाट प्राप्त आय ७.४ प्रतिशतले र सेवा आयात वापतको खर्च २३.६ प्रतिशतले वृद्धि भएको हुँदा चालू वर्ष स्थितिमा तुलनात्मक रुपमा सुधार आएको स्पष्ट छ।

२. सार्वजनिक वित्त

सरकारी वित्तको स्वरूप

२.१ नेपाल सरकारको वित्तीय कारोवारको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल खर्च रु. १ खर्ब ६१ अर्ब ३५ करोड थियो। यसमध्ये चालू खर्च ५६.७ प्रतिशत रह्यो भने पुँजीगत खर्च ३३.२ प्रतिशत र साँवा भुक्तानी वापतको खर्च १०.१ प्रतिशत थियो। विगतका वर्षहरुको खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६२/६३ सम्म कुल खर्चमा चालू खर्चको अंश ६० देखि ६२ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरुमा यसको अनुपातमा केही ह्रास भएको देखिन्छ। खर्चको दृष्टिले यो अपेक्षा गरेको अवस्था हो। कुल खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६२/६३ सम्मको अवधिमा २६ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरुमा सुधारोन्मुख प्रवृत्ति देखिएको छ। त्यस्तै, राजस्व परिचालनबाट आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६४/६५ सम्म ६३ प्रतिशतदेखि करीब ७० प्रतिशतसम्म कुल खर्च धानिने गरेको पाइन्छ। यो अवधिमा कुल राजस्व औसत १३.७ प्रतिशतले बढेको देखिन्छ भने कुल खर्चको औसत वृद्धिदर १२.६ प्रतिशत रहेको देखिन्छ।

तालिका २ (क) : कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरुको अनुपात

(प्रतिशतमा)

विवरण	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
खर्च	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०
चालू खर्च	६१.०	६२.०	६२.१	६०.१	६०.४	५७.७	५६.७
पुँजीगत खर्च	३०.९	२६.६	२५.८	२६.७	२६.७	२९.७	३३.२
साँवा भुक्तानी खर्च	८.०	११.४	१२.१	१३.२	१२.९	१२.६	१०.१
आय	७१.४	८०.४	८२.३	८२.४	७७.७	७७.५	७९.३
राजस्व	६३.०	६६.९	६९.७	६८.४	६५.२	६५.७	६६.७
वैदेशिक अनुदान	८.४	१३.५	१२.६	१४.०	१२.५	११.८	१२.६
बचत (+)/न्यून (-)	-२८.६	-१९.६	-१७.७	-१७.६	-२२.३	-२२.५	-२०.७
वैदेशिक ऋण	९.६	५.४	८.५	९.०	७.४	७.५	५.६
आन्तरिक ऋण	१०.०	१०.६	६.३	८.७	१०.७	१३.४	१२.७
मौज्दात परिवर्तन (-) बचत	९.०	३.६	२.९	-०.२	४.३	१.६	२.४

२.२. आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६४/६५ सम्मको अवधिमा न्यून वित्त औसत ८.६ प्रतिशतले बढेको देखिन्छ। यसै अवधिमा कुल खर्चमा न्यून वित्तको अंश भने आर्थिक वर्ष २०५८/५९ को २८.६ प्रतिशतबाट क्रमिकरुपमा घट्दै आर्थिक वर्ष

२०६१/६२ मा १७.६ प्रतिशत रह्यो। त्यसपछि केही वृद्धि भएको छ, तापनि आधार वर्षको तुलनामा भने कमै रहेको छ। कुल न्यून वित्त व्यहोर्ने स्रोतहरुमा आर्थिक वर्ष २०५८/५९ मा आन्तरिक ऋणको हिस्सा ३४.९ प्रतिशत थियो भने त्यसपछिका वर्षहरुमा यसमा निकै उतारचढाव देखियो। आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक ऋणको अंश ६१.४ प्रतिशतसम्म पुगेको देखिन्छ। वैदेशिक ऋणबाट व्यहोरिई बाँकी रहेको रकम मौज्दात परिवर्तनको न्यूनतामा प्रतिविम्बित भएको छ।

२.३ कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आर्थिक वर्ष २०६४/६५ मा कुल खर्च र राजस्व आर्थिक वर्ष २०६३/६४ को तुलनामा दुवै बढेका छन्। सरकारी खर्चको अनुपात आर्थिक वर्ष २०६३/६४ मा १८.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा १९.७ प्रतिशत पुगेको छ। राजस्व अनुपात १३.२ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०६३/६४ को १२.० प्रतिशत थियो। कुल खर्च र राजस्व परिचालन बीचको अन्तर आर्थिक वर्ष २०६३/६४ को ६.३ प्रतिशतबाट आर्थिक वर्ष २०६४/६५ मा ६.६ प्रतिशत पुगेको छ।

तालिका २ (ख) : कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात

(कुल गार्हस्थ्य उत्पादन, उत्पादकको प्रचलित मूल्यमा)

(प्रतिशत)

विवरण	*आर्थिक वर्ष*						
	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
चालू खर्च	१०.६	१०.६	१०.३	१०.५	१०.२	१०.६	११.२
पुँजीगत खर्च	५.४	४.५	४.३	४.६	४.५	५.५	६.५
सांवा भुक्तानी खर्च	१.४	१.९	२.०	२.३	२.२	२.३	२.०
कुल खर्च	१७.४	१७.१	१६.७	१७.४	१७.०	१८.३	१९.७
राजस्व परिचालन	११.०	११.४	११.६	११.९	११.१	१२.०	१३.२
खर्च र राजस्व बीचको अन्तर	६.४	५.६	५.१	५.५	५.९	६.३	६.६

स्रोत::महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग

२.४ आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा परिचालित राजस्वबाट चालू खर्च घटाउँदा आउने राजस्व वचतमा उत्साहप्रद सुधार देखिएको छ। यस्तो बचत पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने दिगो स्रोतको रुपमा मानिन्छ। आर्थिक वर्ष २०६३/६४ मा पुँजीगत तथा साँवा भुक्तानी खर्चसँग राजस्व बचतको अनुपात १८.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा २३.१ प्रतिशत पुगेको छ। पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने श्रोतहरु मध्ये आर्थिक वर्ष २०६४/६५ मा वैदेशिक अनुदानको अंश आर्थिक वर्ष २०६३/६४ को तुलनामा १.१ प्रतिशत विन्दुले बढी २९.१ प्रतिशत रहेको छ। साथै, न्यून वित्त परिचालनको यस्तो अनुपात आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा ५.५ प्रतिशत विन्दुले कमी आई ४७.८ प्रतिशत रहेको छ।

तालिका २ (ग) : पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू

शीर्षक	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
कुल पुँजीगत तथा साँवा भुक्तानी खर्च (रु. रोडमा)	३१२०.८३	३१९१.५६	३३८९.०५	४०८७.४०	४३८७.१४	५६४८.२२	६९९०.३०
क . पुँजीगत खर्च	२४७७.३४	२२३५.६१	२३०९.५६	२७३४.०७	२९६०.६६	३९७२.९९	५३५१.६१
ख . साँवा भुक्तानी खर्च	६४३.४९	९५५.९५	१०७९.४९	१३५३.३३	१४२६.४८	१६७५.२३	१६३८.६९
खर्च व्यहोर्ने स्रोतहरू (प्रतिशतमा)							
क . राजस्व बचत	५.१	१३.०	२०.०	२०.६	१२.०	१८.७	२३.१
ख . वैदेशिक अनुदान	२१.४	३५.५	३३.३	३५.२	३१.५	२८.०	२९.१
ग . न्यून वित्त परिचालन	७३.५	५१.५	४६.७	४४.२	५६.५	५३.३	४७.८
अ. वैदेशिक ऋण	(२४.७)	(१४.३)	(२२.५)	(२२.७)	(१८.८)	(१७.८)	(१२.९)
आ. आन्तरिक ऋण	(२५.६)	(२७.८)	(१६.५)	(२१.९)	(२६.९)	(३१.७)	(२९.३)
इ. मौज्दात परिवर्तन	(२३.२)	(९.४)	(७.७)	(-०.४)	(१०.८)	(३.८)	(५.६)

स्रोत: महालेखा नियन्त्रक कार्यालय

२.५ न्यून वित्त परिचालनका श्रोतहरु मध्ये आर्थिक वर्ष २०६४/६५ मा वैदेशिक ऋणको अंश १२.९ प्रतिशत, आन्तरिक ऋणको अंश २९.३ प्रतिशत र मौज्दात परिवर्तनको अंश ५.६ प्रतिशत रहेको छ। साथै, वैदेशिक ऋणको अंश आर्थिक वर्ष २०६१/६२ देखि आर्थिक वर्ष २०६३/६४ सम्म उल्लेख्य थियो। आर्थिक वर्ष २०६४/६५ मा पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरूमध्ये राजस्व बचतको अंश २३.१ प्रतिशत, वैदेशिक अनुदानको अंश २९.१ प्रतिशत र न्यून वित्त परिचालनको अंश ४७.८ प्रतिशत रहेको छ। राजस्व बचतको अंश आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा ४.४ प्रतिशत विन्दुले बढी छ भने वैदेशिक अनुदानको अंश १.१ प्रतिशत विन्दुले बढी छ।



सरकारी वित्त

२.६ कुल सरकारी खर्च आर्थिक वर्ष २०६३/६४ मा अघिल्लो आर्थिक वर्षको तुलनामा २०.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६४/६५ मा २०.८ प्रतिशतले वृद्धि भएको छ। यस मध्ये चालू खर्च आर्थिक वर्ष २०६३/६४ मा १५.१ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६४/६५ मा १८.६ प्रतिशतले वृद्धि भएको छ। पुँजीगत खर्च आर्थिक वर्ष २०६३/६४ मा ३४.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६४/६५ मा ३४.७ प्रतिशतले वृद्धि भएको छ। साँवा भुक्तानी खर्च भने आर्थिक वर्ष २०६३/६४

मा १७.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६४/६५ मा २.२ प्रतिशतले घटेको छ ।

चार्ट २(क) : सरकारी खर्च र राजस्वको वृद्धिदर



२.७ आर्थिक वर्ष २०६४/६५ मा कुल सरकारी खर्च रु. १ खर्ब ६१ अर्ब ३४ करोड ९९ लाख भएको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा भएको कुल सरकारी खर्च रु. १ खर्ब ३३ अर्ब ६० करोड ४६ लाखमध्ये राजस्व परिचालनबाट ६५.७ प्रतिशत, वैदेशिक अनुदानबाट ११.८ प्रतिशत, वैदेशिक ऋणबाट ७.५ प्रतिशत, आन्तरिक ऋणबाट १३.४ प्रतिशत र मौज्दात परिवर्तनबाट १.६ प्रतिशत ब्यहोरिएको थियो। यो खर्च व्यहोर्ने स्रोतहरूमा राजस्व परिचालन ६६.७ प्रतिशत, वैदेशिक अनुदान १२.६ प्रतिशत, वैदेशिक ऋण ५.६ प्रतिशत, आन्तरिक ऋण १२.७ प्रतिशत र मौज्दात परिवर्तन २.४ प्रतिशत रहेका थिए ।



चालू खर्च

२.८ आर्थिक वर्ष २०६४/६५ मा कुल चालू खर्च रु. ९१ अर्ब ४४ करोड ६९ लाख पुगेको छ। यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा १८.६ प्रतिशत बढी छ। आर्थिक वर्ष २०६३/६४ मा कुल चालू खर्च रु. ७७ अर्ब १२ करोड २४ लाख रहेको थियो। कुल चालू खर्चमध्ये आर्थिक वर्ष २०६४/६५ मा संवैधानिक अंगहरूको खर्चको अंश १.८ प्रतिशत, साधारण प्रशासनको अंश १५.२ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनको अंश १.० प्रतिशत, आर्थिक प्रशासन र योजनाको अंश ०.४ प्रतिशत, न्याय प्रशासनको अंश ०.७ प्रतिशत तथा वैदेशिक सेवाको अंश १.१ प्रतिशत रहेको छ। त्यस्तै, रक्षा तर्फको खर्चको अंश ११.६ प्रतिशत, सामाजिक सेवाको अंश ३८.४ प्रतिशत, आर्थिक

सेवाहरूको अंश १०.१ प्रतिशत, साँवा व्याज भुक्तानीको अंश ७.० प्रतिशत र विविध खर्चको अंश १२.८ प्रतिशत रहेको छ ।

२.९ कुल चालू खर्चमध्ये आर्थिक वर्ष २०६४/६५ मा सबैभन्दा बढी खर्च (रु. ३५ अर्ब ७ करोड ३२ लाख) शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र अन्य सामाजिक सेवामा भएको छ । यसैगरी, अन्य प्रमुख चालू खर्चहरूमध्ये साधारण प्रशासनमा रु. १३ अर्ब ९४ करोड १७ लाख खर्च भएको छ भने रक्षातर्फ रु. १० अर्ब ५६ करोड ४९ लाख र आर्थिक सेवाहरूमा रु. ९ अर्ब २० करोड ४ लाख खर्च भएको छ । सोही आर्थिक वर्षमा साँवाको ब्याज भुक्तानीतर्फ रु. ६ अर्ब ३७ करोड ३७ लाख खर्च भएको छ ।

२.१० केही प्रमुख चालू खर्चहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा सामाजिक सेवातर्फको खर्च १८.९ प्रतिशतले वृद्धि भएको देखिन्छ भने रक्षातर्फ ४.३ प्रतिशतले, साधारण प्रशासनतर्फ २५.८ प्रतिशतले, न्याय प्रशासनतर्फ १६.० प्रतिशतले, वैदेशिक सेवातर्फ २०.५ प्रतिशतले, आर्थिक सेवातर्फ ९.७ प्रतिशतले, संवैधानिक अंगतर्फ ८७.५ प्रतिशतले र विविध खर्चतर्फ ४७.८ प्रतिशतले वृद्धि भएको देखिन्छ । तर राजस्व तथा आर्थिक प्रशासनतर्फ ८.४ प्रतिशतले ह्रास आएको छ । त्यस्तै, आर्थिक प्रशासन र योजनातर्फ ४५.५ प्रतिशतले खर्च घटेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा व्याज भुक्तानीतर्फको खर्च भने ३.४ प्रतिशतले बढेको देखिएको छ ।

पुँजीगत खर्च

२.११ आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा पुँजीगत खर्च ३४.७ प्रतिशतले वृद्धि भई कुल रु. ५३ अर्ब ५१ करोड ६२ लाख भएको छ । आर्थिक वर्ष २०६३/६४ मा यस्तो खर्च रु. ३९ अर्ब ७२ करोड ९९ लाख रहेको थियो । आर्थिक वर्ष २०६४/६५ मा कुल पुँजीगत खर्च अन्तर्गतका प्रमुख खर्चहरू मध्ये आर्थिक सेवामा रु. २२ अर्ब १४ करोड २७ लाख, सामाजिक सेवामा रु. २० अर्ब २८ करोड ३६ लाख र रक्षातर्फ रु. ८० करोड ९२ लाख खर्च भएको छ । त्यस्तै, साधारण प्रशासनतर्फ रु. १ अर्ब ७७ करोड ३५ लाख, न्याय प्रशासनतर्फ रु. २७ करोड ७१ लाख, ऋण तथा लगानी रु. ६ अर्ब ९० करोड ३३ लाख, संवैधानिक अंगहरुतर्फ रु. ९ करोड ६० लाख, राजस्व तथा आर्थिक प्रशासनतर्फ १९ करोड ११ लाख, आर्थिक प्रशासन र योजनातर्फ रु. ७ करोड ९८ लाख, वैदेशिक सेवातर्फ रु. ५ करोड ३६ लाख र विविधतर्फ रु. ९० करोड ६२ लाख खर्च भएको छ । कुल पुँजीगत खर्चको अंशमा आर्थिक सेवा ४१.४ प्रतिशत, सामाजिक सेवा ३७.९ प्रतिशत, रक्षा १.५ प्रतिशत, साधारण प्रशासन ३.३ प्रतिशत, न्याय प्रशासन ०.५ प्रतिशत, ऋण तथा लगानी १२.९ प्रतिशत, संवैधानिक अंगहरु ०.२ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासन ०.४ प्रतिशत, आर्थिक प्रशासन र योजना ०.१ प्रतिशत, वैदेशिक सेवा ०.१ प्रतिशत र विविध १.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३/६४ मा भएको पुँजीगत खर्चसँग तुलना गर्दा आर्थिक वर्ष २०६४/६५ मा सामाजिक सेवातर्फ ३०.६ प्रतिशतले र आर्थिक सेवातर्फ २३.४ प्रतिशतले वृद्धि भएको छ भने रक्षातर्फ १९.१ प्रतिशतले र साधारण प्रशासनतर्फ ६०.७

प्रतिशतले कमी भएको देखिन्छ। राजस्व तथा आर्थिक प्रशासनतर्फको खर्च १४१.० प्रतिशतले उल्लेख्य वृद्धि भएको छ। त्यस्तै, न्याय प्रशासनतर्फको खर्च १५.२ प्रतिशतले तथा आर्थिक प्रशासन र योजनातर्फको खर्च २०४.५ प्रतिशतले बढेको छ।

साँवा भुक्तानी खर्च

२.१२ आर्थिक वर्ष २०६४/६५ मा साँवा भुक्तानी खर्च रु. १६ अर्ब ३८ करोड ६९ लाख पुगेको छ। यस्तो खर्च आर्थिक वर्ष २०६३/६४ मा रु. १६ अर्ब ७५ करोड २३ लाख थियो। आर्थिक वर्ष २०६४/६५ मा कुल साँवा भुक्तानी खर्चमध्ये आन्तरिक ऋणको साँवा भुक्तानी खर्चको अंश ५२.० प्रतिशत र बाह्य ऋणको साँवा भुक्तानी खर्चको अंश ४८.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च ७.६ प्रतिशतले घटेको छ भने बाह्य ऋणको साँवा भुक्तानी खर्च ४.४ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्मको खर्चको स्थिति

२.१३ कुल निकासा र चालू कोषको आधारमा आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कुल खर्च १२.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १४ अर्ब ७९ करोड ९१ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा रु. १ खर्ब १ अर्ब ८२ करोड ३० लाख खर्च भएको थियो। कुल खर्चमध्ये आर्थिक वर्ष २०६५/६६ को समीक्षा अवधिमा चालू खर्च रु. ७७ अर्ब ३२ करोड ७८ लाख, पुँजीगत खर्च रु. २५ अर्ब ९१ करोड २७ लाख र साँवा भुक्तानी रु. ११ अर्ब ५५ करोड ८६ लाख खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा चालू खर्च रु. ६४ अर्ब ६० करोड ६५ लाख, पुँजीगत खर्चतर्फ रु. २६ अर्ब ६९ करोड ३३ लाख र साँवा भुक्तानी रु. १० अर्ब ५२ करोड १३ लाख खर्च भएको थियो। यसरी, आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा चालू खर्च १९.७ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्चमा २.९ प्रतिशतले कमी आएको छ। साथै, सोही अवधिमा साँवा भुक्तानी खर्चमा ९.९ प्रतिशतले वृद्धि भएको देखिन्छ।

राजस्व

२.१४ राजस्व परिचालन, वैदेशिक अनुदान तथा ऋण, आन्तरिक ऋणको साथै नगद मौज्दात परिवर्तनलाई सरकारी खर्च जुटाउने वित्तीय संयन्त्रको रुपमा उपयोग गरिंदै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा राजस्व परिचालन आर्थिक वर्ष २०६३/६४ को तुलनामा २२.७ प्रतिशतले वृद्धि भई रु १ खर्ब ७ अर्ब ६२ करोड २५ लाख पुगेको छ। आर्थिक वर्ष २०६३/६४ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन २१.३ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०६३/६४ मा कुल सरकारी खर्चको ६५.७ प्रतिशत राजस्व परिचालनबाट ब्यहोरिएको थियो भने आर्थिक वर्ष २०६४/६५ मा कुल खर्चको ६६.७ प्रतिशत राजस्व परिचालनबाट ब्यहोरिएको देखिन्छ।

२.१५ कुल राजस्वमध्ये आर्थिक वर्ष २०६४/६५ मा कर राजस्वको अंश ७९.१ प्रतिशत रहेको छ भने गैर-कर राजस्वको अंश २०.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा कुल राजस्वमा कर राजस्व र गैर-कर राजस्वको अंश क्रमश ८१.१ प्रतिशत र १८.९ प्रतिशत रहेको थियो।

२.१६ आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व १९.७ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६३/६४ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व २३.८ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०६४/६५ मा कुल कर राजस्वमध्ये भन्सार महसुलको अंश २४.७ प्रतिशत रहेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको अंश ४८.२ प्रतिशत रहेको छ। मालपोत तथा रजिष्ट्रेशनको अंश ३.४ प्रतिशत र आय, नाफा र सम्पत्ति करको अंश २३.७ प्रतिशत रहेको देखिन्छ।

२.१७ आर्थिक वर्ष २०६४/६५ मा आर्थिक वर्ष २०६३/६४ को तुलनामा कर राजस्वतर्फ भन्सार महसुल २६.१ प्रतिशतले बढेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर १५.७ प्रतिशतले वृद्धि भएको छ। आय, नाफा र सम्पत्ति कर २०.४ प्रतिशतले र मालपोत तथा रजिष्ट्रेशन दस्तुर ३०.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ मा भन्सार महसुल अन्तर्गत पैठारी महसुल २५.७ प्रतिशतले वृद्धि भएको छ भने निकासी महसुल ३७.१ प्रतिशतले घट्न गएको र भारतीय अन्त:शुल्क फिर्ता ५८.० प्रतिशतले बढेको देखिन्छ। वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर अन्तर्गत अन्त:शुल्क १९.८ प्रतिशतले र मूल्य अभिवृद्धि कर १४.३ प्रतिशतले वृद्धि भएको छ।

२.१८ गैर-कर राजस्व आर्थिक वर्ष २०६४/६५ मा आर्थिक वर्ष २०६३/६४ को तुलनामा ३५.५ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब ४६ करोड ७० लाख पुगेको छ। कुल गैर-कर राजस्वमध्ये आर्थिक वर्ष २०६४/६५ मा दस्तुर, दण्ड, जरिवाना र जफतको अंश ११.४ प्रतिशत, सरकारी सेवा तथा वस्तुको विक्रीबाट प्राप्त आयको अंश २१.८ प्रतिशत, लाभांशको अंश २२.४ प्रतिशत, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीको अंश २५.७ प्रतिशत, साँवा र ब्याजको अंश १५.३ प्रतिशत र विविध गैर-कर राजस्वको अंश ३.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा गैर-कर राजस्व अन्तर्गत फर्म रजिष्ट्रेशन दस्तुर ४१.६ प्रतिशतले तथा प्रशासनिक दस्तुर, दण्ड, जरिवाना र जफत ७.२ प्रतिशतले वृद्धि भएको छ। सेवामूलक संस्थातर्फको लाभांश २.० प्रतिशतले बढेको र अन्य सरकारी क्षेत्रको आयमा २.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा गैर-कर राजस्व अन्तर्गत कम्पनी र संस्थानहरूबाट प्राप्त हुने साँवा १६४.३ प्रतिशतले बढेको छ भने व्याज २८.९ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्मको राजस्वको स्थिति

२.१९ आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्ममा कुल राजस्व रु. ८४ अर्ब २० करोड ३२ लाख सङ्कलन भएको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा कुल राजस्व

रू. ६० अर्ब ८९ करोड २३ लाख सङ्कलन भएको थियो। यसरी, आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्मको राजस्व असुली गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३८.३ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६५/६६ को यस अवधिमा कुल राजस्वमध्ये रु. ६८ अर्ब ८ करोड २ लाख कर राजस्व र रु. १६ अर्ब १२ करोड ३० लाख गैर-कर राजस्व सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्षको फागुन महिनासम्मको तुलनामा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा कर राजस्व ३३.८ प्रतिशतले वृद्धि भएको छ भने गैर-कर राजस्व ६१.३ प्रतिशतले बढी सङ्कलन भएको छ।

२.२० भन्सारतर्फ आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्मको अवधिमा रु. १५ अर्ब ४० करोड ३९ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.८ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस अवधिमा वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर रु. ३२ अर्ब ९६ करोड २१ लाख असुली भई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.३ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा भन्सारतर्फको पैठारी महसुल १३.४ प्रतिशतले बढ्न गई यस अवधिको कुल भन्सार महसुल मध्ये पैठारी महसुलको अंश ८२.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिमा यो अंश ८०.३ प्रतिशत थियो। निकासी महसुल ९७.८ प्रतिशतले बढेको र भारतीय अन्तःशुल्क फिर्ता २२.६ प्रतिशतले घटेको देखिन्छ। यसरी नै रजिष्ट्रेशन दस्तुर १०२.० प्रतिशतले, आयकर (सार्वजनिक क्षेत्र) ३८.९ प्रतिशतले र सवारी साधन कर ४३.२ प्रतिशतले बढी असुली भएको देखिन्छ।

वैदेशिक सहायता

२.२१ आर्थिक वर्ष २०६३/६४ मा आर्थिक वर्ष २०६२/६३ को तुलनामा स्वीकृत वैदेशिक सहायता ७६.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६४/६५ मा ३२.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा रु. ३७ अर्ब २ करोड २९ लाख वैदेशिक सहायता स्वीकृत भएकोमा आर्थिक वर्ष २०६४/६५ मा सो रकम रु. ४९ अर्ब १८ करोड ६२ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायता अन्तर्गत रु. १३ अर्ब १० करोड ६४ लाख र बहुपक्षीय सहायता अन्तर्गत रु. ३६ अर्ब ७ करोड ९८ लाख रहेको छ। स्वीकृत वैदेशिक सहायतालाई ऋण र अनुदान सहायतामा वर्गीकरण गरी हेर्दा आर्थिक वर्ष २०६४/६५ मा वैदेशिक अनुदानतर्फ रु. ४१ अर्ब ६ करोड ४२ लाख र वैदेशिक ऋणतर्फ रु. ८ अर्ब १२ करोड २० लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा स्वीकृत वैदेशिक सहायतामध्ये वैदेशिक अनुदान ३३.१ प्रतिशतले र वैदेशिक ऋण ३१.८ प्रतिशतले बढ्न गएको छ।

२.२२ स्वीकृत वैदेशिक सहायता रकमलाई क्षेत्रअनुसार वर्गीकरण गरी हेर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल स्वीकृत वैदेशिक सहायतामध्ये कृषि, सिँचाइ र वन क्षेत्रको अंश ८.८ प्रतिशत, विद्युत्को अंश ५.५ प्रतिशत, ग्रामीण विकास क्षेत्रको अंश १३.७

प्रतिशत, शिक्षा क्षेत्रको अंश ८.७ प्रतिशत, यातायात तथा सञ्चार क्षेत्रको अंश ६.८ प्रतिशत र अन्य क्षेत्रको अंश ५६.५ प्रतिशत रहेको छ ।

अनुदान तथा ऋण

२.२३ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायता रु. ४३ अर्ब १३ करोड ४३ लाख रहन गई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.४ प्रतिशतले घटेको छ। कुल स्वीकृत वैदेशिक सहायतामध्ये समीक्षा अवधिमा वैदेशिक अनुदानतर्फ रु. ३८ अर्ब २५ करोड ४८ लाख (कुल सहायताको ८८.७ प्रतिशत) र वैदेशिक ऋणतर्फ रु. ४ अर्ब ८७ करोड ९५ लाख (कुल सहायताको ११.३ प्रतिशत) रहेको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनाको अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रु. ४८ अर्ब ६६ करोड ९८ लाखमध्ये अनुदानतर्फ रु. ४० अर्ब ५४ करोड ७८ लाख र ऋणतर्फ रु. ८ अर्ब १२ करोड २० लाख गरी अनुदानको अंश ८३.३ प्रतिशत र ऋणको अंश १६.७ प्रतिशत रहेको थियो ।

प्रतिबद्धता तथा उपयोग

२.२४ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायताको अंश ५१.८ प्रतिशत र वहुपक्षीय सहायताको अंश ४८.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा स्वीकृत द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः २६.९ प्रतिशत र ७३.१ प्रतिशत रहेको थियो । स्वीकृत वैदेशिक सहायता रकमको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा विद्युत् क्षेत्रमा रु. ३ अर्ब ५४ करोड १५ लाख (८.२ प्रतिशत), शिक्षा क्षेत्रमा रु. १ अर्ब ३० करोड ८२ लाख (३.० प्रतिशत), ग्रामीण विकास क्षेत्रमा रु. १२ अर्ब ५१ करोड १८ लाख (२९.० प्रतिशत), पिउने पानी तथा ढल निकास क्षेत्रमा रु. १ अर्ब ८८ करोड ३३ लाख (४.४ प्रतिशत), कृषि, सिँचाइ र वन क्षेत्रमा रु. १ अर्ब ७२ करोड ७० लाख (४.० प्रतिशत), यातायात तथा सञ्चार क्षेत्रमा रु. २ अर्ब ५१ करोड ६७ लाख (५.८ प्रतिशत), स्वास्थ्यमा रु. ३ अर्ब ४८ करोड ७५ लाख (८.१ प्रतिशत) र अन्य क्षेत्रहरूमा रु. १६ अर्ब १५ करोड ८४ लाख (३७.५ प्रतिशत) को प्रतिबद्धता व्यक्त भएको छ ।

२.२५ वैदेशिक सहायताको उपयोग आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा १३.३ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ३० करोड ६ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये रु. २० अर्ब ३२ करोड ७ लाख (६९.४ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. ८ अर्ब ९७ करोड ९९ लाख (३०.६ प्रतिशत) वैदेशिक ऋणबाट भएको छ। आर्थिक वर्ष २०६३/६४ मा भएको कुल वैदेशिक सहायताको उपयोग रु. २५ अर्ब ८५ करोड ४४ लाखमध्ये रु. १५ अर्ब ८० करोड ८ लाख (६१.१ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. १० अर्ब ५ करोड ३५ लाख (३८.९ प्रतिशत) वैदेशिक ऋणबाट भएको थियो। आर्थिक वर्ष २०६४/६५ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये वहुपक्षीय सहायता अन्तर्गत रु. १९ अर्ब ९ करोड २९ लाख (६५.२ प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रु. १० अर्ब २० करोड ७७ लाख (३४.८ प्रतिशत) उपयोग भएको छ। अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक सहायताको

उपयोगमध्ये वहुपक्षीय सहायता अन्तर्गत रु.९ अर्ब ४४ करोड ७९ लाख (३६.५ प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रु. १६ अर्ब ४० करोड ६४ लाख (६३.५ प्रतिशत) उपयोग भएको थियो ।

चार्ट २(ख) : स्वीकृत वैदेशिक सहायता र उपयोग



२.२६ वैदेशिक सहायता उपयोगको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६४/६५ मा सामाजिक सेवातर्फ रु. १८ अर्ब १९ करोड ३१ लाख (६२.१ प्रतिशत), यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ रु. ६ अर्ब ७० करोड ९५ लाख (२२.९ प्रतिशत), कृषि, सिँचाइ र वनतर्फ रु. ३ अर्ब ८५ करोड ९२ लाख (१३.२ प्रतिशत), उद्योग तथा वाणिज्य क्षेत्रतर्फ रु. ७ करोड ८७ लाख (०.२ प्रतिशत) र अन्य क्षेत्रतर्फ रु. ४६ करोड (१.६ प्रतिशत) उपयोग भएको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा भएको वैदेशिक सहायताको उपयोगसँग तुलना गर्दा आर्थिक वर्ष २०६४/६५ मा सामाजिक सेवामा १९.८ प्रतिशतले वृद्धि भएको छ भने यातायात, विद्युत् तथा सञ्चार क्षेत्रमा ०.७ प्रतिशतले वृद्धि र कृषि, सिँचाइ तथा वन क्षेत्रमा ३.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै, उद्योग तथा वाणिज्य क्षेत्रमा वैदेशिक सहायताको उपयोगमा ३२.६ प्रतिशतले कमी आएको देखिन्छ भने अन्य क्षेत्रमा वृद्धि १६५.७ प्रतिशत रहेको देखिन्छ।

कुल वैदेशिक ऋण

२.२७ नेपालको अर्थतन्त्रमा वैदेशिक ऋणले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। आर्थिक वर्ष २०६३/६४ मा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब १६ अर्ब ६२ करोड ८९ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा १५.४ प्रतिशतले वृद्धि भई खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब ४९ अर्ब ९६ करोड ५४ लाख पुगेको छ।

२.२८ खुद तिर्न बाँकी वैदेशिक ऋणमा थप प्राप्त भएको ऋण र पुनर्भुक्तानी भएको साँवा समायोजन गर्दा आर्थिक वर्ष २०६४/६५ को फागुन मसान्तमा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब १६ अर्ब २० करोड ७ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा खुद तिर्न बाँकी वैदेशिक ऋणमा २६.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ७३ अर्ब ६० करोड ७३ लाख पुगेको छ।

२.२९ चालू आर्थिक वर्षको आठ महिनाको तथ्याङ्कको आधारमा खुद तिर्न बाँकी वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात २८.५ प्रतिशत रहेको देखिन्छ। सो अनुपात आर्थिक वर्ष २०६२/६३ मा ३५.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६३/६४ मा २९.७ प्रतिशत र आर्थिक वर्ष २०६४/६५ मा ३०.५ प्रतिशत रहेको थियो।

कुल आन्तरिक ऋण

२.३० २०६४ को असार मसान्तसम्म कुल आन्तरिक ऋण रु. १ खर्ब ३ अर्ब ७७ करोड ६० लाख रहेकोमा २०६५ असार मसान्तमा ११.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब १६ अर्ब ३ करोड ९५ लाख पुगेको छ। २०६५ असार मसान्तसम्मको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश रु. २३ अर्ब ६८ करोड ५८ लाख (२०.४ प्रतिशत), वाणिज्य बैंकहरूको अंश रु. ७२ अर्ब १४ करोड ६ लाख (६२.२ प्रतिशत) र अन्य संस्था तथा निजी क्षेत्रको अंश रु. २० अर्ब २१ करोड ३१ लाख (१७.४ प्रतिशत) रहेको छ। आन्तरिक ऋणका स्रोतहरूको विश्लेषण गर्दा २०६५ असार मसान्तसम्म ट्रेजरी विलको अंश ७३.३ प्रतिशत, विकास ऋणपत्रको अंश १८.७ प्रतिशत, राष्ट्रिय बचतपत्रको अंश १.० प्रतिशत, नागरिक बचतपत्रको अंश २.६ प्रतिशत र विशेष ऋणपत्रको अंश ४.४ प्रतिशत रहेको छ।



२.३१ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा आर्थिक वर्ष २०६४/६५ को तुलनामा कुल आन्तरिक ऋण ११.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा कुल आन्तरिक ऋण रु. १ खर्ब ७ अर्ब ६६ करोड ७७ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा उक्त ऋण बढेर रु. १ खर्ब १९ अर्ब ९८ करोड ३३ लाख पुगेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्म कायम भएको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश २३.६ प्रतिशत, वाणिज्य बैंकहरूको अंश ५८.३ प्रतिशत र अन्य संस्थाहरू एवम् निजी क्षेत्रको अंश १८.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा कायम भएको कुल आन्तरिक ऋणको स्रोतहरूको विश्लेषण गर्दा ट्रेजरी विल रु. ८६ अर्ब ६० करोड ९० लाख (७२.२ प्रतिशत), विकास ऋणपत्र रु. २३ अर्ब ७२ करोड ८५ लाख (१९.८ प्रतिशत), राष्ट्रिय बचतपत्र रु. १ अर्ब ११ करोड ६९ लाख (०.९



प्रतिशत), नागरिक बचतपत्र रु. ३ अर्ब ४६ करोड ६६ लाख (२.९ प्रतिशत) र विशेष ऋणपत्र रु. ५ अर्ब ६ करोड २३ लाख (४.२ प्रतिशत) पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा आन्तरिक ऋणका स्रोतहरुको संरचना परिवर्तन हेर्दा विकास ऋणपत्र ३१.३ प्रतिशतले बढेको, राष्ट्रिय बचतपत्र २६.४ प्रतिशतले र विशेष ऋणपत्र १२.३ प्रतिशतले घट्न गएका छन् भने ट्रेजरी विल ७.७ प्रतिशतले र नागरिक बचतपत्र ८५.४ प्रतिशतले बढ्न गएका छन्। कुल गार्हस्थ्य उत्पादनसँग कुल आन्तरिक ऋण दायित्वको अनुपात हेर्दा आर्थिक वर्ष २०६३/६४ मा १४.३ प्रतिशत, आर्थिक वर्ष २०६४/६५ मा १४.२ प्रतिशत र आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्मको आन्तरिक ऋण दायित्वका आधारमा १२.५ प्रतिशत पुगेको छ।

न्यून वित्त

२.३२ खर्चको परिमाणको तुलनामा राजस्व तथा वैदेशिक अनुदानको रुपमा प्राप्त हुने आयको परिमाण कम हुन गएकोले न्यून वित्तको स्थिति कायमै रहेको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा न्यून वित्त रु. ३० अर्ब ९ करोड १७ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ११.० प्रतिशतले वृद्धि भई न्यून वित्त रु. ३३ अर्ब ४० करोड ६७ लाख पुगेको छ। आर्थिक वर्ष २०५८/५९ देखि क्रमिकरूपमा घट्दै गएको न्यून वित्तको प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ देखि पुनः वृद्धि भएको छ। आर्थिक वर्ष २०६३/६४ मा न्यून वित्त/ कुल गार्हस्थ्य उत्पादन अनुपात ४.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा पनि ४.१ प्रतिशत नै रहेको छ।

न्यून वित्त पूर्तिको स्रोत

२.३३ सरकारी खर्च र आयमा सन्तुलन हुन नसकी भएको न्यून वित्तको परिपूर्ति वैदेशिक ऋण, आन्तरिक ऋण र मौज्दात परिवर्तनबाट हुँदै आएको छ। आर्थिक वर्ष २०६४/६५ को न्यून वित्त रु. ३३ अर्ब ४० करोड ६७ लाखमध्ये वैदेशिक ऋणबाट रु. ८ अर्ब ९७ करोड ९९ लाख (२६.९ प्रतिशत), आन्तरिक ऋणबाट रु. २० अर्ब ४९ करोड ६४ लाख (६१.४ प्रतिशत) र नपुग रु. ३ अर्ब ९३ करोड ४ लाख (११.७ प्रतिशत) मौज्दात परिवर्तनबाट व्यहोरिएको छ। आर्थिक वर्ष २०६३/६४ मा भएको कुल न्यून वित्त रु. ३० अर्ब ९ करोड १७ लाखमध्ये रु. १० अर्ब ५ करोड ३५ लाख वैदेशिक ऋणबाट र रु. १७ अर्ब ८९ करोड २३ लाख आन्तरिक ऋणबाट व्यहोरिएकोमा रु. २ अर्ब १४ करोड ५९ लाख मौज्दात परिवर्तनमा न्यून भएको थियो।

तालिका २ (घ) : न्यून वित्त

रकम रु. करोडमा

आर्थिक वर्ष	न्यून वित्त	न्यून वित्त/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशतमा)
२०५७/५८	२४,१८.८१	५.५
२०५८/५९	२२,९४.०६	५.०
२०५९/६०	१६,४३.७२	३.३
२०६०/६१	१५,८२.८२	२.९
२०६१/६२	१८,०४.६५	३.१
२०६२/६३	२४,७७.९६	३.८
२०६३/६४	३०,०९.१७	४.१
२०६४/६५	३३,४०.६७	४.१

स्रोत : महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग

चार्ट २(ग) : सरकारी न्यून वित्त र वैदेशिक तथा आन्तरिक ऋण



३. मूल्य तथा आपूर्ति

मुद्रास्फीतिको स्वरुप

३.१ नेपालको मूल्य स्थितिमा संरचनागत र वाह्य कारणहरुको प्रभाव बढी पर्ने गरेको देखिएको छ। संरचनागत कारणहरुमा देश भित्रैबाट उपलब्ध हुने बस्तु तथा सेवाको आपूर्तिको अवस्था महत्वपूर्ण रहेको हुन्छ, जस अन्तर्गत कृषिजन्य उत्पादन, औद्योगिक उत्पादन र बन्द, हडताल आदिबाट आपूर्ति ब्यबस्थामा पर्ने प्रभाव जस्ता विषयहरु पर्दछन्। बाह्य कारणहरुमा अन्तर्राष्ट्रिय बजारमा हुने पेट्रोलियम पदार्थको मूल्य वृद्धि र भारतीय मुद्रास्फीतिको प्रत्यक्ष असर आदि प्रमुख छन्। साथै, मौद्रिक योगाङ्कहरुमा हुने परिवर्तनको असर समष्टिगत मागमा पर्ने भएकोले यस्तो प्रभाव मूल्यमा समेत निश्चितरुपमा रहेको हुन्छ। गत आर्थिक वर्षको अन्त्यतिर अर्थात् २०६५ जेठमा खाद्यान्न र पेट्रोलियम पदार्थमा भएको अत्यधिक मूल्य वृद्धिका कारण नेपालको मुद्रास्फीति दर बढेर दुई अंकमा पुग्यो। अन्तर्राष्ट्रिय रुपमा चुनौतीपूर्ण बन्दै गएको मुद्रास्फीतिको परिप्रेक्ष्यमा आन्तरिक आपूर्ति व्यवस्था सहज तुल्याउन, मुद्रा आपूर्तिलाई उचित स्तरमा कायम राख्न र मुद्रास्फीति बिरोधी (anti-inflationary) कदमहरु अख्तियार गर्न विभिन्न प्रयासहरु गरिए। पछि २०६५ कार्तिक तिर पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावट र पश्चिमी मुलुकहरु विशेष गरेर संयुक्त राज्य अमेरिकामा सुरु भएको वित्तीय संकटको प्रभावस्वरुप अन्तर्राष्ट्रियस्तरमा इन्धन, चामल, गहुँ, तेल, फलाम, तामा आदि वस्तुहरुको मूल्यमा उल्लेखनीय गिरावट आयो। तर नेपालमा त्यसको प्रभाव नगण्य रह्यो। त्यतिमात्र होईन यो अवधिमा भारतीय मूल्य स्थितिमा आएको गिरावट (परिवर्तन) ले पनि विगत वर्षहरुमा जस्तो प्रभाव पार्न सकेन र मुद्रास्फीतिको दर पनि घटेन। विशेष गरेर बन्द, हडताल आदिबाट आन्तरिक आपूर्ति व्यवस्था प्रभावित भई नेपालको मुद्रास्फीतिमा थप चापको स्थिति अद्यापि रहिरहेको छ। यसको अतिरिक्त आयातमा आधारित आपूर्ति प्रणाली रहेको मुलुकमा अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँको न्यूनमूल्यन हुँदै जाँदा सोको केही प्रभाव मुद्रास्फीतिमा पनि देखिने गरेको छ।



समग्र उपभोक्ता मूल्य स्थिति

३.२ २०६५ फागुन महिनामा वार्षिक विन्दुगत आधारमा समग्र उपभोक्ता मुद्रास्फीति दर १३.१ प्रतिशत रहेको छ। २०६३ फागुनमा मुद्रास्फीति दर ७.२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर १३.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर ६.४ प्रतिशत रहेको थियो। नेपाल राष्ट्र बैंकद्वारा आर्थिक वर्ष २०६५/६६ का लागि सार्बजनिक गरिएको मौद्रिक नीतिमा औसत उपभोक्ता मुद्रास्फीति दर ७.५ प्रतिशतमा सीमित रहने अनुमान गरिएको थियो। तर मौद्रिक नीतिको मध्यावधि समीक्षा गर्दा आर्थिक वर्ष २०६५/६६ मा उपभोक्ता मुद्रास्फीति दर ११.० प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। विश्वका अधिकांश मुलुकहरुमा मुद्रास्फीति दर कम रहेको र विशेष गरेर छिमेकी मुलुक भारतको थोकमूल्य वृद्धि दर ४.० प्रतिशतभन्दा कम रहेको अवस्थामा पनि नेपालमा मूल्यवृद्धि दर घट्न नसकेको परिप्रेक्ष्यमा बढ्दो विद्युत लोडसेडिङ्ग, बन्द, हडतालका साथै राजनीतिक अस्थिरता र संक्रमणकालीन अवस्था समेतलाई मध्यनजर गर्दा तत्कालै खाद्यवस्तु एवम् सेवाको मूल्यमा कमी आउने वा मुद्रास्फीति घट्ने अवस्था देखिदैन।

तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर

(प्रतिशत)

महिना	२०६१/२०६२	२०६२/२०६३	२०६३/२०६४	२०६४/२०६५	२०६५/६६*
साउन	२.४	७.३	७.३	६.३	१३.१
भदौ	२.६	८.२	६.६	७.०	१३.५
असोज	२.६	७.८	७.५	६.३	१४.१
कात्तिक	२.७	८.५	७.१	६.३	१४.५
मंसिर	३.१	८.८	७.३	५.७	१४.१
पुस	४.६	७.०	७.६	५.८	१४.४
माघ	५.७	५.८	८.०	६.४	१३.७
फागुन	५.७	७.७	६.२	७.२	१३.१
चैत	५.८	७.९	५.६	८.९	
वैशाख	६.४	९.१	४.६	९.२	
जेठ	६.२	९.१	४.५	११.०	
असार	६.६	८.३	५.१	१२.१	
वार्षिक औसत	**४.५**	**८.०**	**६.४**	**७.७**	**१३.८**

* प्रथम आठ महिनाको औसत

स्रोत : नेपाल राष्ट्र बैंक

३.३ वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०५२/५३ = १००) २०६५ फागुनमा १३.१ प्रतिशतले बढेको छ। २०६४ फागुनमा

यो वृद्धिदर ७.२ प्रतिशत रहेको थियो । भौगोलिक क्षेत्रको आधारमा उपभोक्ता मूल्य सूचकाङ्क विश्लेषण गर्दा २०६५ फागुनमा काठमाडौ उपत्यका, पहाड र तराईमा यो सूचकाङ्क क्रमशः १३.४ प्रतिशत, १२.४ प्रतिशत र १३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष फागुनमा यो वृद्धिदर क्रमशः ७.० प्रतिशत, ७.५ प्रतिशत र ७.१ प्रतिशत रहेको थियो ।

तालिका ३ (ख) : शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ =१००)

(प्रतिशत परिवर्तन)*

क्षेत्र	भार प्रतिशत	आर्थिक वर्ष				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
काठमाडौ उपत्यका	३०.८	६.१	५.५	६.४	७.०	१३.४
पहाड	१८.८	६.६	७.६	५.२	७.५	१२.४
तराई	५०.४	५.२	९.०	६.५	७.१	१३.३
नेपाल	१००.०	५.७	७.७	६.२	७.२	१३.१

* फागुन - फागुनको विन्दुगत परिवर्तन, ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक

३.४ शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६४/६५ को पहिलो आठ महिनामा ६.४ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा १३.८ प्रतिशतले बढेको छ । भौगोलिक क्षेत्र अनुसार मूल्य सूचकाङ्कको वृद्धि विश्लेषण गर्दा चालू वर्षको प्रथम आठ महिनामा काठमाडौ, पहाड र तराईमा यो सूचकाङ्क क्रमशः १४.८ प्रतिशत, १३.३ प्रतिशत र १३.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.९ प्रतिशत, ६.२ प्रतिशत र ६.७ प्रतिशत रहेको थियो ।



तालिका ३ (ग) : शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ =१००)

(प्रतिशत परिवर्तन)*

क्षेत्र	भार प्रतिशत	आर्थिक वर्ष				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
काठमाडौं	३०.८	४.८	६.१	६.७	५.९	१४.८
पहाड	१८.८	३.१	८.४	७.०	६.२	१३.३
तराई	५०.४	३.२	८.३	७.६	६.७	१३.४
नेपाल	१००.००	३.७	७.६	७.२	६.४	१३.८

** प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर; ** अपरिष्कृत*

स्रोत : नेपाल राष्ट्र बैंक

खाद्य तथा पेय पदार्थ समूह

३.५ समूहगत आधारमा विश्लेषण गर्दा उपभोक्ता मूल्य सूचकाङ्कमा ५३.२ प्रतिशत भार रहेको खाद्य तथा पेय पदार्थ समूहको मूल्य २०६५ फागुनमा वार्षिक विन्दुगत आधारमा १७.१ प्रतिशतले बढेको छ। गत वर्षको यसै अवधिमा यो वृद्धिदर ९.४ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर यसरी उच्च रहनुमा विशेष गरेर चिनी तथा चिनीजन्य पदार्थ (५३.० प्रतिशत), मासु, माछा तथा फुल (२५.२ प्रतिशत), दलहन (२४.६ प्रतिशत), तरकारी तथा फलफूल (२१.८ प्रतिशत) र रेष्टुरेण्टको खाना (१९.३ प्रतिशत) मा भएको मूल्य वृद्धिको असर हो। यो समूह अन्तर्गतका सबै उपसमूहमा मूल्य बढेको छ।



गैर-खाद्य तथा सेवा समूह

३.६ उपभोक्ता मूल्य सूचकाङ्कमा ४६.८ प्रतिशत भार रहेको गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६५ फागुनमा वार्षिक विन्दुगत आधारमा ८.८ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यस समूहको मूल्य ४.९ प्रतिशतले बढेको थियो। यो समूहको मूल्य वृद्धि

हुनुमा विशेष गरेर सुर्ती तथा सुर्तीजन्य पदार्थ (१६.३ प्रतिशत) र यातायात तथा सञ्चार (१३.५ प्रतिशत) मा भएको मूल्य वृद्धिको परिणाम हो। यसको अतिरिक्त समीक्षा अवधिमा यो समूहका सबै उपसमूहमा मूल्य बढेको छ।

तालिका ३ (घ) : शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ = १००)

(प्रतिशत परिवर्तन)*

उपभोग्य वस्तुहरू	भार (प्रतिशत)	आर्थिक वर्ष				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
कुल (क+ख)	१००.०	५.७	७.७	६.२	७.२	१३.१
क. खाद्य तथा पेय पदार्थ	५३.२	४.७	६.२	९.२	९.४	१७.१
अन्न तथा त्यसबाट बनेका परिकार	१८.०	५.८	१३.२	७.८	१४.९	१३.०
चामल	(१४.१६)	५.५	१४.८	३.४	१९.४	१५.४
दलहन	२.७	३.६	१२.४	१७.९	१३.७	२४.६
तरकारी तथा फलफूल	७.९	४.०	१.५	१८.४	-१.८	२१.८
मरमसला	१.९	-४.९	२.४	२६.८	-०.७	१०.९
मासु, माछा तथा फुल	५.२	९.१	-१.२	१२.०	५.३	२५.२
दुध तथा दुग्ध पदार्थ	४.०	०.०	५.१	६.९	७.६	१७.०
तेल तथा घ्यू	३.१	-७.५	-३.०	१०.९	२७.३	६.५
चिनी तथा चिनीजन्य पदार्थ	१.२	२५.५	५.३	-१२.२	-८.४	५३.०
पेय पदार्थ	२.३	३.२	१०.४	३.१	२.२	१४.२
रेष्टुरेण्टको खाना	६.९	७.४	३.३	२.९	७.८	१९.३
ख. गैर-खाद्य वस्तु तथा सेवा	४६.८	६.८	९.१	३.२	४.९	८.८
लत्ता कपडा तथा तयारी लुगा	८.९	२.५	२.९	२.४	२.४	८.५
कपडा	(२.२८)	२.७	२.२	१.२	०.५	८.१
तयारी लुगा	(५.७५)	२.१	३.०	२.५	२.६	७.१
जुत्ता	२.२	१.३	२.८	६.१	४.६	७.४
घरायसी सामान	१४.९	१२.३	१४.१	३.१	६.१	८.९
हाउस फर्निसिङ्ग एण्ड हाउस्होल्ड गुड्स	(३.५)	४.८	३.७	५.९	४.२	१२.६
घरभाडा	(४.२)	४.५	४.५	४.१	५.०	५.९
सरसफाइ	(१.३)	१.८	२.५	९.५	७.९	१६.८
इन्धन, बत्ती तथा पानी	(५.९)	२०.४	२२.८	१.४	६.९	७.७

उपभोग्य वस्तुहरू	भार (प्रतिशत)	आर्थिक वर्ष				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
यातायात तथा सञ्चार	४.०	१४.१	२१.२	०.५	१.१	१३.५
औषधि तथा व्यक्तिगत हेरचाह	८.०	१.१	३.०	२.४	५.८	४.८
शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन	७.१	४.६	४.८	६.१	५.५	८.३
सुर्ती तथा सुर्तीजन्य पदार्थ	१.७	२.५	३.८	६.४	८.३	१६.३

** फागुन-फागुनको विन्दुगत मूल्य, ** अपरिष्कृत*
स्रोत : नेपाल राष्ट्र बैंक

क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.७ क्षेत्रगत उपभोक्ता मूल्य स्थिति सम्बन्धमा २०६५ फागुनमा काठमाडौ उपत्यकाको मूल्य सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १३.४ प्रतिशतले बढेको छ। २०६४ फागुनमा यो सूचकाङ्क ७.० प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १९.२ प्रतिशतले बढेको छ भने गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.७ प्रतिशतले बढेको छ। खाद्य समूहतर्फ चिनी तथा चिनीजन्य पदार्थ, दाल, रेष्टुराँको खाना, चामल तथा चामलजन्य पदार्थ र पेय पदार्थको मूल्य उच्च दरले बढेको छ। यो समूहमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य सबैभन्दा बढी ५३.० प्रतिशतले बढेको छ भने तेल तथा घ्यूमा सबैभन्दा कम ३.६ प्रतिशतले बढेको छ। यसैगरी, गैर-खाद्य तथा सेवा समूहमा विशेष गरेर सुर्ती तथा सुर्तीजन्य पदार्थ (२२.९ प्रतिशत), यातायात तथा सञ्चार (१४.५ प्रतिशत) र शिक्षा, शैक्षिक सामग्री र मनोरञ्जन (८.९ प्रतिशत) को मूल्य वृद्धिदर उच्च रहेको छ।

३.८ क्षेत्रगत आधारमा मूल्य सूचकाङ्कमा सबैभन्दा बढी भार ओगट्ने तराईको मूल्य सूचकाङ्क २०६५ फागुनमा १३.३ प्रतिशतले बढेको छ। २०६४ फागुनमा यो सूचकाङ्क ७.१ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा विशेष गरी चिनी तथा चिनीजन्य पदार्थ (५१.४ प्रतिशत), माछा, मासु तथा फुल (२७.९ प्रतिशत), दाल एवम् तरकारी तथा फलफूल (२६.० प्रतिशत) को मूल्य उच्च रहेको छ। यसैगरी, गैर-खाद्य तथा सेवा समूहमा यातायात तथा सञ्चार (१४.६ प्रतिशत), सुर्ती तथा सुर्तीजन्य पदार्थ (१३.१ प्रतिशत) र जुत्ता (१०.२ प्रतिशत) को मूल्य वृद्धि अधिक रहेको छ।

३.९ क्षेत्रगतरुपमा मूल्य सूचकाङ्कमा तुलनात्मक रुपमा सबैभन्दा कम भार १८.८ प्रतिशत ओगट्ने पहाडको मूल्य सूचकाङ्क २०६५ फागुनमा १२.४ प्रतिशतले बढेको छ। २०६४ फागुनमा यो सूचकाङ्क ७.५ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा विशेष गरी चिनी तथा चिनीजन्य पदार्थ (५६.६ प्रतिशत), माछा, मासु तथा फुल (२४.८ प्रतिशत), दाल (२०.५ प्रतिशत) र रेष्टुराँको खाना (२०.२ प्रतिशत) को मूल्यमा उच्च वृद्धि भई यो समूहको सूचकाङ्क १५.९ प्रतिशतले बढेको छ। गैर-खाद्य तथा सेवा समूहमा कपडा (२२.१ प्रतिशत), सुर्ती तथा सुर्तीजन्य पदार्थ (१४.९ प्रतिशत) र तयारी

लुगा (१३.३ प्रतिशत) को मूल्यमा आएको वृद्धिले समग्रमा यो समूहको सूचकाङ्क ८.५ प्रतिशतले बढेको छ ।

अन्तर्निहित मुद्रास्फीति

३.१० उपभोक्ता मूल्य सूचकाङ्कबाट Exclusion Method अनुसार चामल, तरकारी तथा फलफूल, इन्धन, बत्ती तथा पानी र यातायातलाई हटाएर अन्तर्निहित मुद्रास्फीति (core inflation) गणना गर्दा विन्दुगत आधारमा २०६५ फागुनमा १२.५ प्रतिशत रहेको छ । २०६४ फागुनमा यो मुद्रास्फीति ६.१ प्रतिशत रहेको थियो । समूहगत आधारमा विश्लेषण गर्दा खाद्य तथा पेय पदार्थ समूहको मूल्य २०६४ फागुनमा ७.४ प्रतिशतले वृद्धि भएकोमा २०६५ फागुनमा १७.२ प्रतिशतले बढेको छ । गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६४ फागुनमा ४.९ प्रतिशतले बढेकोमा २०६५ फागुनमा ८.२ प्रतिशतले बढेको छ ।

थोक मूल्य सूचकाङ्क

३.११ वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६/५७ = १००) २०६५ फागुनमा १२.३ प्रतिशतले बढेको छ । २०६४ फागुनमा यो बृद्धिदर ६.६ प्रतिशत रहेको थियो । राष्ट्रिय थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषि वस्तु समूहको मूल्य सूचकाङ्क १५.३ प्रतिशतले, स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहको ८.८ प्रतिशतले र आयातीत वस्तु समूहको १०.० प्रतिशतले बढेको छ ।

३.१२ कृषि वस्तु समूह अन्तर्गत फलफुल तथा तरकारी, पशुजन्य उत्पादन र दलहनको मूल्य वृद्धि उच्च रहेको छ । स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहमा प्लास्टिकका सामान, छालाको जुत्ता, जुटका सामानहरु र पेय तथा सुर्तीजन्य वस्तुहरुको मूल्य उच्च दरले बढेको छ भने आयातीत वस्तु समूहमा कपडाजन्य वस्तुहरु, यातायातका साधन तथा मेसीनरी वस्तुहरुको मूल्य वृद्धि तुलनात्मकरुपमा बढी छ ।

तालिका ३ (ङ) : राष्ट्रिय थोक मूल्य सूचकाङ्क

(आधार वर्ष २०५६/५७ = १००)

(प्रतिशत परिवर्तन)*

समूह	भार (प्रतिशत)	आर्थिक वर्ष				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
कुल	**१००.०**	**८.५**	**६.२**	**१२.२**	**६.६**	**१२.३**
कृषि वस्तु	४९.६	७.६	४.७	१९.९	४.९	१५.३
स्वदेशमा उत्पादित औद्योगिक वस्तु	२०.४	४.३	३.५	८.७	९.०	८.८
आयातीत वस्तु	३०.०	१२.४	१०.१	३.७	७.८	१०.०

** फागुन-फागुनको विन्दुगत मूल्य परिवर्तन, ** अपरिष्कृत*

स्रोत : नेपाल राष्ट्र बैंक

राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.१३ वार्षिक बिन्दुगत आधारमा २०६५ फागुन महिनामा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१/६२ = १००) २०.३ प्रतिशतले बढेको छ। २०६४ फागुनमा यो सूचकाङ्क ९.० प्रतिशतले बढेको थियो। राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अन्तर्गत तलव सूचकाङ्कको वृद्धिदर २०.८ प्रतिशत रहेको छ भने ज्यालादर सूचकाङ्क को वृद्धिदर २०.१ प्रतिशत रहेको छ। २०६४ फागुनमा तलब सूचकाङ्क तथा ज्यालादर सूचकाङ्क क्रमशः १०.९ प्रतिशत र ८.४ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारी, सेना, प्रहरी, शिक्षक लगायतको तलबमा भएको वृद्धिको प्रभावस्वरूप तलब सूचकाङ्कमा उल्लेख्य वृद्धि आएको हो। त्यसैगरी, सरकारले औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत मजदुरहरूको न्यूनतम ज्यालादरमा गरेको वृद्धिको कारणबाट ज्यालादर सूचकाङ्कमा समेत वृद्धि भएको हो।

तालिका ३ (च) : राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

(आधार वर्ष २०६१/६२ = १००)

समूह/उपसमूह	भार (प्रतिशत)	आर्थिक वर्ष			
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६**
कुल सूचकाङ्क	**१००.०**	**४.३**	**१०.१**	**९.०**	**२०.३**
१. तलव सूचकाङ्क	**२७.०**	**०.४**	**६.२**	**१०.९**	**२०.८**
१.१ निजामती सेवा	२.८	०.०	१०.०	२३.५	२८.१
१.२ सार्वजनिक संस्थानहरू	१.१	४.४	६.७	८.८	२१.९
१.३ बैंक तथा वित्तीय संस्थानहरू	०.६	१०.०	३.०	५०.५	१८.२
१.४ सेना तथा प्रहरीवल	४.०	०.०	११.४	९.३	३०.९
१.५ शिक्षा	१०.६	०.०	७.०	१४.८	२६.१
१.६ निजी प्रतिष्ठानहरू	७.९	०.०	१.३	-१.५	२.७
२. ज्यालादर सूचकाङ्क	**७३.०**	**५.७**	**११.४**	**८.४**	**२०.१**
२.१ कृषि मजदुर	३९.५	७.३	१०.९	६.०	२६.९
२.२ औद्योगिक मजदुर	२५.२	५.१	१३.३	११.६	१०.६
२.३ ज्यामी (निर्माण मजदुर)	८.३	०.३	७.५	१०.९	१८.१

* फागुन-फागुनको बिन्दुगत परिवर्तन; ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक

आपूर्ति स्थिति

३.१४ पेट्रोलियम पदार्थहरू मध्ये आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा डिजेलको आपूर्ति ४०.१ प्रतिशतले वृद्धि भई २ लाख ७८ हजार २२ किलो लिटर पुग्न गएको छ भने मट्टितेलको आपूर्तिमा ४३.४ प्रतिशतले ह्रास आई ५७ हजार ९ सय ६६ किलो लिटर रहेको छ। गत वर्षको सोही अवधिमा डिजेल र मट्टितेलको आपूर्ति क्रमशः १ लाख ९८ हजार ४ सय १० किलो लिटर र १ लाख २ हजार ४ सय ८ किलो लिटर

रहेको थियो । यसैगरी, पेट्रोलको आपूर्ति गत वर्षको तुलनामा १३.८ प्रतिशतले वृद्धि भई ७७ हजार १ सय १२ किलो लिटर पुगेको छ । गत वर्षको सोही अवधिमा पेट्रोलको आपूर्ति ६७ हजार ७ सय ३२ किलो लिटर रहेको थियो । एल.पि. ग्याँसको आपूर्ति गत वर्ष ६२ हजार ९ सय ६४ मेट्रिक टन रहेकोमा चालू वर्षको सोही अवधिमा १६.९ प्रतिशतले वृद्धि भई ७३ हजार ६ सय १८ मेट्रिक टन पुगेको छ । त्यसैगरी, फर्नेस आयलको आपूर्ति गत वर्ष २ हजार ३ सय २० किलो लिटर रहेकोमा समीक्षा अवधिमा ६९.८ प्रतिशतले ह्रास आई ७ सय किलो लिटर रहेको छ । समीक्षा अवधिमा हवाई इन्धनको आपूर्ति ४.४ प्रतिशतले वृद्धि भई ४८ हजार २ सय ६४ किलो लिटर रहेको छ । गत वर्षको सोही अवधिमा हवाई इन्धनको आपूर्ति ४६ हजार २ सय ४३ किलो लिटर रहेको थियो ।

३.१५ पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्दा नेपाल आयल निगमको डिपो वा भन्सार-विन्दु रहेको ठाउँ अनुसार थोक विक्री मूल्य (मू.अ. करसमेत) निर्धारण गर्ने व्यवस्था यथावत् रहेको छ । पेट्रोलियम पदार्थको थोक विक्री वितरण गर्ने व्यवस्था विराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौ, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत, धनगढी, दिपायल, महेन्द्रनगर र जनकपुरबाट गरिएको छ । यस व्यवस्थाबाट ठाउँ अनुसार पेट्रोलियम पदार्थको थोक मूल्य तथा खुद्रा मूल्यमा फरक पर्न सक्दछ । उदाहरणको लागि, वीरगञ्ज डिपोबाट उपलब्ध हुने पेट्रोलको प्रति किलो लिटर थोक मूल्य रु ७२ हजार ८ सय ६२ पैसा ९५ रहेको छ भने दिपायल डिपोको थोक मूल्य रु. ७४ हजार ३ सय ४८ पैसा ३५ रहेको छ । काठमाडौ उपत्यकाको पेट्रोलको सरदर खुद्रा मूल्य रू. ७७ पैसा ५०, डिजेल तथा मट्टितेलको ५५ रुपैया र एल.पि. ग्याँस प्रति सिलिण्डर ११ सय २५ रुपैया रहेको छ ।

३.१६ नेपालका ३० दुर्गम पहाडी जिल्लाहरुमा सरल एवम् सुलभरुपमा खाद्यान्न उपलब्ध गराउने नीति अनुरुप समीक्षा वर्षमा पनि ढुवानीमा अनुदान दिने र खाद्य संस्थानमार्फत ढुवानी गराउने कार्य गरिएको छ । आर्थिक वर्ष २०६४/६५ मा ११ हजार ८ सय ९६ मेट्रिक टन मात्र ढुवानी गर्ने लक्ष्य रहेकोमा ११ हजार ८ सय ६९ मेट्रिक टन ढुवानी गरी आपूर्ति गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा ११ हजार ९ सय मेट्रिक टन ढुवानी गर्ने लक्ष्य रहेकोमा ११ हजार ३ सय २० मेट्रिक टन ढुवानी गरिएको छ । अघिल्लो वर्ष यसै अवधिमा ४ हजार ७ सय मेट्रिक टन ढुवानी गर्ने लक्ष्य रहेकोमा ६ हजार ९ सय ८७ मेट्रिक टन आपूर्ति गरिएको थियो । चालू आर्थिक वर्षको अन्त्यसम्ममा कुल १७ हजार मेट्रिक टन ढुवानी गरी आपूर्ति गर्ने वार्षिक लक्ष्य रहेको छ ।

केही प्रमुख वस्तुहरूको सरदर खुद्रा मूल्य

३.१७ दैनिक उपभोग्य वस्तुहरुमध्ये प्रमुख १० कृषिजन्य वस्तुहरुको सरदर खुद्रा मूल्यको समीक्षा गर्दा मिश्रित परिणाम देखिएको छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा आठ वटा वस्तुहरुको मूल्य औसतमा बढेको छ भने दुई वटा वस्तुहरुको मूल्य औसतमा घटेको छ । अदुवाको मूल्यमा सबैभन्दा बढी अर्थात ४७.६ प्रतिशत वृद्धि

भएको छ भने तोरीको तेल (२६.२ प्रतिशत), खारेको घ्यू (२३.५ प्रतिशत), मोटो चामल (१९.० प्रतिशत) र खसीको मासु (१७.७ प्रतिशत) मा पनि उच्च दरले वृद्धि भएको छ। त्यसैगरी, रहरको दाल, गहुँको पिठो, र मासको दालको मूल्य सामान्य वृद्धि भएको छ। प्रायः सबै वस्तुहरुको मूल्य बढिरहेको अवस्थामा पनि आलु र सुकेको प्याजको मूल्यमा भने गत वर्षको तुलनामा क्रमशः ९.९ प्रतिशत र ४.५ प्रतिशतले ह्रास आएको छ।

३.१८ भौगोलिक क्षेत्र अनुसार अघिल्लो वर्षको तुलनामा २०६५ फागुन महिनामा पहाडमा १० वटै वस्तुहरुको मूल्य बढेको छ भने तराईमा ८ वटा वस्तुहरुको मात्र मूल्य बढेको छ। २०६५ फागुन महिनामा गत वर्षको यसै अवधिको तुलनामा पहाडमा उच्च मूल्य वृद्धि भएका वस्तुमा अदुवा, खसीको मासु, खारेको घ्यू रहेका छन् भने तराईमा सुकेको प्याज, अदुवा, आलु, खारेको घ्यू र खसीको मासु रहेका छन्। तराईमा विशेष गरेर मासको दाल र तोरीको तेलको मूल्यमा क्रमशः २.६ प्रतिशत र ०.७ प्रतिशतले ह्रास आएको छ। समग्रमा मूल्य वृद्धि भएका वस्तुहरुमा अदुवा ५४.५ प्रतिशत, खसीको मासु ३३.१ प्रतिशत, तोरीको तेल ३१.८ प्रतिशत, खारेको घ्यू २८.१ प्रतिशत, रहरको दाल १२.० प्रतिशत, सुकेको प्याज ११.३ प्रतिशत, मोटो चामल १०.२ प्रतिशत र गहुँको पिठो २.३ प्रतिशत रहेका छन् भने मूल्य घटेका वस्तुहरुमा आलु १४.५ प्रतिशत र मासको दाल १.० प्रतिशत रहेका छन्।

४. मुद्रा तथा बैंकिङ्ग

मौद्रिक नीति

४.१ नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि नियमितरुपमा मौद्रिक नीति सार्वजानिक गर्दै आइरहेको छ। यसरी जारी गरिने मौद्रिक नीतिमा कर्जा, विदेशी विनिमय, लघुवित्त, वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षण सम्बन्धी नीतिहरु समेत प्रस्तुत हुने गरेका छन्। हालसम्म सार्वजनिक गरिएका मौद्रिक नीतिहरुमा विशेष गरेर आन्तरिक स्थायित्व (मूल्य स्थिरता र वित्तीय क्षेत्र स्थायित्व) तथा वाह्य क्षेत्र स्थायित्व (शोधनान्तर अनुकुलता) लाई प्राथमिक उद्देश्यका रुपमा लिइने गरिएको छ। यसको अतिरिक्त नेपाल राष्ट्र बैंक ऐनमा उल्लिखित अन्य उद्देश्यहरुलाई समेत प्राथमिकीकरण गरी आवश्यक नीति र कार्यक्रमहरुको तर्जुमा गरिदै आएको छ।

४.२ आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडान, उद्देश्यहरूको प्राथमिकीकरण र मौद्रिक उपकरणको चयन गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा विकसित घटनाक्रम एवम् परिदृष्य र त्यसले नेपाली अर्थतन्त्रमा पार्नसक्ने प्रभावलाई समेत दृष्टिगत गरिएको थियो। मौद्रिक नीति तर्जुमा गर्दाको समयमा नेपालमा आन्तरिक रुपमा मात्र नभई विश्वभरी नै खाद्यान्न र पेट्रोलियम पदार्थको मूल्यमा अत्यधिक वृद्धि भएकोले मूल्य स्थिति एक प्रमुख समस्याको रुपमा रहेको थियो।

४.३ अर्थतन्त्रमा आवश्यक तरलता प्रवाह गर्ने, व्याजदरलाई वाञ्छित सीमाभित्र राखी उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्ने र समग्रमा उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने चुनौती रहने हुनाले मौद्रिक नीतिको अडान सतर्कतापूर्ण हुनु उपयुक्त मानिन्छ। उपभोक्ता मूल्यको अलावा घरजग्गा तथा सेयर मूल्यमा उच्च चाप परिरहेको अवस्थामा बैक तथा वित्तीय संस्थाहरुबाट घरजग्गा तथा सेयरको धितोमा अत्यधिक कर्जा प्रवाह हुनगई त्यसबाट समग्र वित्तीय क्षेत्रको स्थायित्वमा पर्न सक्ने प्रतिकुल प्रभावलाई रोक्न समेत मौद्रिक नीतिको अडान सतर्कतापूर्ण रहनु पर्ने देखियो।

४.४ आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तर्जुमा गर्दाको समयमा मुद्रास्फीति उच्च रहेको तर सर्वसाधारणले बैक तथा वित्तीय संस्थामा राखेको निक्षेपमा पाउने व्याजदर भने न्यून स्तरमै रहिरहेकोले वास्तविक व्याजदर नकारात्मक रहेको अवस्था थियो। यस्तो स्थितिमा एकातिर सेयर तथा घरजग्गामा लगानी गर्न प्रोत्साहन मिल्ने र अर्कोतिर वित्तीय साधनको कुशल बाँडफाँड तथा परिचालनमा प्रतिकुल प्रभाव पर्ने हुन्छ। त्यस्तैगरी, नरम व्याजदरका कारण आयात बढ्दै जाने तर निर्यातको स्थितिमा सुधार नआउने हो भने वाह्य क्षेत्र स्थायित्वको चुनौती समेत सामना गर्नु पर्ने हुन्छ। यसका अतिरिक्त निजी क्षेत्रको विप्रेषण आप्रवाहमा भएको उल्लेख्य विस्तार एवम् नेपाल सरकारले आर्थिक वर्ष २०६५/६६ को लागि तर्जुमा गरेको बजेटको आकार विगत वर्षमा भन्दा ठूलो रहेको र यसबाट हुने मौद्रिक विस्तारले मूल्यमा पार्न सक्ने

प्रभावलाई समेत दृष्टिगत गरी आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिको अडानलाई अघिल्लो वर्षको भन्दा केही कडा बनाईएको थियो ।

मञ्जुषा ४ (क) : आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिका विशेषताहरु

१. उपभोक्ता मुद्रास्फीति लगायत घरजग्गा एवम् सेयरको मूल्य उच्च रहेको तथा बैकिग क्षेत्रमा पर्याप्त तरलताको स्थिति विद्यमान रहेकोले मौद्रिक नीतिको अडानलाई विगत वर्षहरुमा भन्दा केही कडा बनाइएको । तद्नुसार बैंक दरलाई साविकको ६.२५ प्रतिशतबाट ६.५ प्रतिशत, अनिवार्य नगद अनुपातलाई साविकको ५.० प्रतिशतबाट ५.५ प्रतिशत तथा स्थायी तरलता सुविधा उपयोग गर्दा लगाइने पेनाल दरलाई साविकको २.० प्रतिशतबाट बढाई ३.० प्रतिशत कायम गरिएको ।

२. मौद्रिक नीति सञ्चालन गर्ने क्रममा समकक्षीहरुको दायरालाई फराकिलो बनाइएको । यसअघि वाणिज्य बैंकहरुलाई मात्र समकक्षीको रुपमा लिइएकोमा आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिले विकास बैंक तथा वित्त कम्पनीहरुलाई पनि मौद्रिक नीति सञ्चालनको निम्ति समकक्षीको रुपमा लिई विकास बैंक तथा वित्त कम्पनीहरुलाई समेत दोस्रो खुला बजार कारोबार तथा स्थायी तरलता सुविधा उपयोग गर्न पाउने व्यवस्था गरिएको ।

३. वित्तीय समावेशीकरणको दायरालाई विस्तृत गराउने उद्देश्यले यसअघि वाणिज्य बैंक तथा विकास बैंकहरुले आफ्नो कुल कर्जाको क्रमशः ३.० प्रतिशत तथा १.० प्रतिशत कर्जा विपन्न बर्गमा प्रवाह गर्नुपर्ने प्रावधान रहेकोमा वाणिज्य बैंकहरुको लागि उपरोक्त प्रावधान यथावत् राखी विकास बैंकहरुको हकमा उक्त कर्जाको अनुपात बढाई १.५ प्रतिशत बनाइएको । साथै, वित्त कम्पनीहरुलाई पनि आफ्नो कुल कर्जाको १.० प्रतिशत कर्जा विपन्न वर्गमा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको ।

४. बैक तथा वित्तीय संस्थाहरूको संख्यात्मक विस्तारका कारण निरीक्षण तथा सुपरीवेक्षकीय कार्यमा देखिएको चुनौतीको सामना गर्न २०६५ कार्तिक १ गतेदेखि लागू हुने गरी नयाँ उपकरणको रूपमा शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action) को व्यवस्था गरिएको ।

५. साथै, देहाय अनुसारको संख्यात्मक लक्ष्य निर्धारण गरिएको :

- शोधनान्तर वचत रु. १२ अर्ब रहने ।
- विस्तृत मुद्रा प्रदायको वृद्धिदर १८.५ प्रतिशत प्रक्षेपण गरिएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् उक्त वृद्धिदर १७.५ प्रतिशत रहने संशोधित अनुमान ।
- बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा १८.५ प्रतिशतले वृद्धि हुने ।
- उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् ११.० प्रतिशत कायम रहने संशोधित अनुमान ।

६. स्वदेशी मुद्रामा प्रदान गरिने निर्यात पुनर्कर्जादरलाई २.५ प्रतिशतबाट ०.५ प्रतिशत विन्दुले घटाई २.० प्रतिशत कायम गरिएको ।

७. ग्रामीण विकास बैंकका लागि पुनर्कर्जादर ३.५ प्रतिशतलाई यथावत् राखिएको ।

८. रुग्ण उद्योग पुनर्कर्जा दर १.५ प्रतिशत यथावत् राखिएको ।

९. साना तथा घरेलु उद्योग पुनर्कर्जा दर ३.५ प्रतिशतबाट घटाई २.५ प्रतिशत कायम गरिएको ।

१०. वाणिज्य बैंकहरुलाई अधिकतम ५ दिनका लागि स्थायी तरलता सुविधा प्रदान गर्ने व्यवस्था यथावत् राखिएको ।

११. विदेशी विनिमय व्यवस्थापन अन्तर्गत विदेशी मुद्रा सटही सुविधामा थप उदार एवम् लचिलो नीति अवलम्बन गरिएको । उदाहरणको लागि परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट/टि.टि. का माध्यमबाट सामान आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३० हजार वरावरसम्मको रकम अग्रिम भुक्तानी पठाउन सकिने विद्यमान सीमा व्यवस्थालाई बढाई अमेरिकी डलर ५० हजार पुऱ्याइएको ।

१२. व्यक्ति तथा संघ/संस्थाहरुले विभिन्न प्रयोजनको लागि पाउने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर २ हजार ५ सयबाट अमेरिकी डलर ४ हजार पुऱ्याइएको ।

आर्थिक तथा मौद्रिक लक्ष्य

४.५ आर्थिक वर्ष २०६५/६६ मा पनि मौद्रिक नीतिको प्रमुख लक्ष्य अघिल्ला वर्षहरुमा जस्तै मूल्य तथा वाह्य क्षेत्र स्थायित्व कायम गर्ने रहेको छ । यी लक्ष्यहरु हासिल गर्ने क्रममा आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत मुद्रास्फीति दर ७.५ प्रतिशतमा कायम राख्ने प्रारम्भिक प्रक्षेपण गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ मा ७.० प्रतिशतको आर्थिक वृद्धिदर, ७.५ प्रतिशतको वार्षिक औसत मुद्रास्फीति दर तथा रु. १२ अर्वको शोधनान्तर बचत हासिल गर्ने लक्ष्यका आधारमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १८.५ प्रतिशत रहने प्रक्षेपण गरिएको थियो । संकुचित मुद्रा प्रदायको वृद्धिदर १६.० प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर २५.० प्रतिशत रहने प्रक्षेपण रहेको थियो ।

मौद्रिक उपकरण कार्यान्वयन नीति

४.६ मौद्रिक नीति सञ्चालनका निम्ति समकक्षीको रुपमा वाणिज्य बैंकहरुको अतिरिक्त आर्थिक वर्ष २०६५/६६ देखि विकास बैंक र वित्त कम्पनीहरुलाई पनि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंकले मौद्रिक उपकरणको रूपमा दोस्रो खुला बजार कारोबार सञ्चालन गर्दा तथा नेपाल सरकारको ट्रेजरी बिल र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा प्रदान गर्दा वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीलाई समेत सहभागी गराउने नयाँ व्यवस्था लागू गरिएको छ ।

४.७ वाणिज्य बैंकहरूको अनिवार्य नगद अनुपात तथा दैनिक कारोवारको लागि आवश्यक पर्ने बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने व्यवस्थालाई आर्थिक वर्ष २०६५/६६ मा पनि यथावत् कायम गरिएको छ। मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा विगतमा झैं खुला बजार कारोबारलाई निरन्तरता दिइएको छ। आवश्यकताअनुसार सोझै खरिद बोलकबोल तथा रिपो बोलकबोल र सोझै बिक्री तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी मौद्रिक व्यवस्थापन गरिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

४.८ मुद्रास्फीति, विभिन्न किसिमका सम्पत्तिको मूल्यमा देखिएको चापको स्थिति र बजेट असन्तुलनले समष्टिगत अर्थतन्त्रमा आउन सक्ने अस्थिरतालाई न्यून गर्न मौद्रिक कडाइको संकेतको रूपमा कुल स्वदेशी निक्षेपमा लगाउँदै आएको साविकको ५.० प्रतिशतको अनिवार्य नगद अनुपातलाई केही बढाई ५.५ प्रतिशत कायम गरिएको छ। त्यस्तैगरी, मौद्रिक नीतिको कडा अडानलाइ संकेत गर्न बैंकदरलाई विद्यमान ६.२५ प्रतिशतबाट बढाएर ६.५ प्रतिशत कायम गरिएको छ।

तालिका ४ (क) : बैंकदर, पुनर्कर्जा दर र अनिवार्य नगद अनुपात

प्रतिशतमा

उपकरणहरू	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६
बैंकदर	५.५	६.२५	६.२५	६.२५	६.५
पुनर्कर्जादरहरू					
निर्यात कर्जा (स्वदेशी मुद्रामा)	३.०	३.५	३.५	२.५	२.०
निर्यात कर्जा (विदेशी मुद्रामा)	२.०	३.२५	३.२५	३.२५	*+०.२५
रूग्ण उद्योग	१.५	१.५	१.५	१.५	१.५
साना तथा घरेलु उद्योग			३.५	२.५	३.५
अनिवार्य नगद अनुपात	५.०	५.०	५.०	५.०	५.५
स्थायी तरलता सुविधा (पेनाल दर)	–	–	१.५	२.०	३.०

* LIBOR Rate मा जोड्ने

स्रोत: नेपाल राष्ट्र बैंक

४.९ निर्यातको प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने उद्देश्यले नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनर्कर्जादरलाई साविकको २.५ प्रतिशतबाट घटाई २.० प्रतिशत कायम गरिएको छ। आर्थिक वर्ष २०६५/६६ को लागि रूग्ण उद्योग पुनर्कर्जा सुविधा विगतको झैं रू २ अर्ब यथावत् कायम गरिएको छ। यो सुविधामा लिइने पुनर्कर्जादर १.५ प्रतिशत यथावत् कायम गरिएको छ।

४.१० स्थायी तरलता सुविधाको अत्यधिक उपयोगले अर्थतन्त्रमा पर्नसक्ने दुष्परिणामलाई रोक्न र अन्तरबैंक मुद्रा बजारलाई प्रोत्साहन गर्न स्थायी तरलता सुविधामा लगाउँदै आएको पेनाल ब्याजदर साविकको २.० प्रतिशतबाट बढाई ३.० प्रतिशत कायम गरिएको छ। पछिल्लो ९१-दिने ट्रेजरी बिलको औसत ब्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकबोल ब्याजदर, जुन अधिकतम छ, त्यसमा पेनाल

ब्याजदर थपेर स्थायी तरलता सुविधा ब्याजदर गणना गर्ने विधि यथावत् कायम गरिएको छ ।

मञ्जुषा ४ (ख) : आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको मध्यावधि समीक्षा

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको नियमित रुपमा मध्यावधि समीक्षा गर्दै आइरहेको छ । चालू आर्थिक वर्षको मौद्रिक नीतिको २०६५ चैत ९ गते मध्यावधि समीक्षाको विवरण सार्वजानिक गरिएको हो । आर्थिक वर्ष २०६५/६६ को पहिलो ६ महिनासम्मको मौद्रिक नीतिको कार्यान्वयन स्थिति, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित घट्नाक्रमहरु र त्यसले नेपालको आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा पार्न सक्ने प्रभावलाई समेत दृष्टिगत गरी आर्थिक वर्ष २०६५/६६ को बाँकी अवधिका लागि मौद्रिक नीतिको अडानलाई यथावत् कायम राखिएको छ । तदनुसार बैंकदर, अनिवार्य नगद अनुपात, स्थायी तरलता सुविधामा लगाइने पेनाल व्याजदर तथा पुनर्कर्जा दरहरु मौद्रिक नीतिमा व्यवस्था भएबमोजिम यथावत् राखिएको छ । यथार्थ व्याजदर ऋणात्मक रहिरहेको, उपभोक्ता मुद्रास्फीति उच्च रहेको, चालू वर्षको बाँकी अवधिमा बाह्य क्षेत्रतर्फ विगतको प्रवृत्ति कायम नहुने देखिएको परिस्थितिमा विकसित आर्थिक स्थितिको आधारमा मौद्रिक व्यवस्थापनको कार्यलाई केन्द्रित गर्नुपर्ने तर्फ नेपाल राष्ट्र बैंक सचेत रहेको समेत जनाइएको छ ।

मौद्रिक योगाङ्कहरुको स्थिति

४.११ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा विस्तृत मुद्रा प्रदाय १३.६ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा विस्तृत मुद्रा प्रदाय १३.४ प्रतिशतले विस्तार भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आन्तरिक कर्जाको विस्तारमा कमी आएतापनि मौद्रिक क्षेत्रको खुद बैदेशिक सम्पत्ति उल्लेखनीय रुपमा बढेकोले विस्तृत मुद्रा प्रदायको वृद्धि अघिल्लो वर्ष भन्दा केही उच्च रहन गएको हो ।

चार्ट ४(क) : मुद्रा प्रदायको वृद्धिदर



४.१२ अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा संकुचित मुद्रा प्रदायको वृद्धिदर सीमान्तदरले उच्च रहेको छ। अघिल्लो वर्ष संकुचित मुद्रा प्रदाय ११.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा माग निक्षेपमा कमी आएपनि चलनचल्तीमा रहेको मुद्रा अघिल्लो वर्ष १३.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २१.९ प्रतिशतले विस्तार भएकोले संकुचित मुद्रा प्रदायको विस्तार केही बढी रहन गएको हो। समीक्षा अवधिमा माग निक्षेप ६.६ प्रतिशत्ले घटेको छ भने आवधिक निक्षेप अघिल्लो वर्ष जस्तै १४.४ प्रतिशतले बढेको छ।

तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु
(वार्षिक परिवर्तन, रकम रु. करोड तथा प्रतिशतमा)

क.सं.	*शीर्षक*	*प्रथम आठ महिना*			
		२०६४/६५		*२०६५/६६**	
		रकम	*प्रतिशत*	*रकम*	*प्रतिशत*
१	खुद बैदेशिक सम्पत्ति	१३,६३.३	१०.३	३४,८१.०	२०.३
२	खुद आन्तरिक सम्पत्ति	३९,४५.१	१५.०	३२,५७.३	१०.१
३	कुल आन्तरिक कर्जा	४७,७३.५	१३.२	३२,६०.१	७.५
४	सरकारलाई गएको खुद कर्जा	-५३.७	-०.७	२०,११.९	-२३.१
	क. सरकारमाथिको दावी	३,८०.५	४.७	२,४५.६	२.७
	ख. सरकारी बचत	४,३४.३	१३९.१	२२,५७.५	५७२.०
५	संस्थानतर्फ गएको कर्जा	-६१.३	-९.०	६.६	-५.३
	(क) वित्तीय	-१०.०	-५.८	-२३.१	-१३.८
	(ख) गैर-वित्तीय	-५१.३	-१०.०	२९.८	५.३
६	*गैर-सरकारी वित्तीय संस्थालाई गएको कर्जा*	२,१०.२	११०.१	२,१३.२	७०.१
७	निजी क्षेत्रलाई गएको कर्जा	४६,७८.३	१७.१	५०,५२.२	१४.९
८	खुद अमौद्रिक दायित्व	८,२८.४	८.५	२८.२	-
९	मुद्रा प्रदाय, एम $_२$ (१०+११)	५३,०८.४	१३.४	६७,३८.३	१३.६
१०	मुद्रा प्रदाय, एम $_१$ (क+ख)	१४,३२.७	११.३	१८,३०.७	११.९
	क) मुद्रा	११,६०.८	१३.९	२१,९०.७	२१.९
	ख) चल्ती निक्षेप	२,७२.०	६.३	-३६०.०	-६.६
११	मुद्दती र बचत निक्षेप +	३८,७५.६	१४.४	४९,०७.६	१४.४

* अपरिष्कृत

\+ मार्जिन निक्षेप समेत

४.१३ समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ३४ अर्ब ८१ करोड (२०.३ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू १३ अर्ब ६३ करोडले बढेको थियो। विप्रेषण आप्रवाहमा उत्साहजनक वृद्धिका अतिरिक्त सरकारको वैदेशिक सहयोग आप्रवाह पनि बढेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो।



४.१४ समीक्षा अवधिमा सञ्चित मुद्रा १४.५ प्रतिशतले बढेर रू. २० अर्ब ९५ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सञ्चित मुद्रा १२.० प्रतिशतले बढेको थियो। नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्ति बढेकोले सञ्चित मुद्राको वृद्धिदर उच्च रहेको हो।

तालिका ४ (ग) : सञ्चित मुद्रामा भएको परिवर्तन

रकम रु. करोडमा

	२०६४ असार	*२०६४ फागुन*	*२०६५ असार*	*२०६५* फागुन*	*प्रथम आठ महिनामा प्रतिशत परिवर्तन*	
					२०६४/६५	२०६५/६६
सञ्चित मुद्रा	११०२६.९	१३,३५२.९	१४४५९.२	१६५५४.४	१२.०	१४.५
संकुचित मुद्रा गुणक	१.०६२	१.०५८	१.०६७	१.०४३	-०.६	-२.३
विस्तृत मुद्रा गुणक	३.३१६	३.३६०	३.४२६	३.३९९	१.३	-०.८

स्रोत : नेपाल राष्ट्र बैंक
*अनुमानित

कुल आन्तरिक कर्जा

४.१५ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा आन्तरिक कर्जा ७.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा १३.२ प्रतिशतले बढेको थियो। उच्च साधन परिचालनको तुलनामा नेपाल सरकारको पुँजीगत खर्च न्यून रहेकोले फागुन मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू २६ अर्ब ५२ करोड नगद बचत कायम

रहेको छ। फलतः नेपाल सरकारमाथिको खुद दावी २३.१ प्रतिशतले घटेको र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा समेत कमी आएकोले आन्तरिक कर्जा अघिल्लो वर्ष भन्दा कम दरले बढेको हो।

४.१६ समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ५.३ प्रतिशत अर्थात रू २९ करोड ७८ लाखले बढेको छ। अघिल्लो वर्ष उक्त दावी १० प्रतिशत अर्थात रू ५१ करोड ३० लाखले घटेको थियो। समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थानहरूमाथिको दावी बढेको हो।

४.१७ समीक्षा अवधिमा वित्तीय संस्थाहरूमाथिको दावी ४०.४ प्रतिशत अर्थात रू १ अर्ब ९० करोडले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त संस्थाहरूमाथिको दावी ५५.३ प्रतिशत अर्थात रू २ अर्बले बढेको थियो। ग्रामीण विकास बैंकतर्फको वाणिज्य बैंकहरूको अल्पकालीन लगानीमा कमी आएकाले उक्त दावी कम दरले बढ्न गएको हो।

४.१८ अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ। अघिल्लो वर्षको पहिलो आठ महिनाको अवधिमा निजी क्षेत्रतर्फको कर्जा १७.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा उक्त कर्जा १४.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा नेपाल सरकारले साना किसान तथा घरेलु उद्यमीहरूले सरकारी स्वामित्वका बैंकहरूबाट लिएको रू ३० हजारसम्मको कर्जा मिनाहा दिने निर्णय गरे अनुरुप सम्बन्धित वाणिज्य बैंकहरूले उक्त कर्जालाई कर्जा शीर्षकबाट हटाएकोले निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा कमी आएको हो।

मौद्रिक उपकरणहरुको कार्यान्वयन स्थिति

४.१९ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ११ अर्ब ७२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ। उक्त प्रशोचित तरलता मध्ये समीक्षा अवधिमा सोझै विक्री बोलकबोलबाट रू ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब २६ करोड गरी कुल तरलता प्रशोचन रू २० अर्ब ७२ करोड रहेको छ। समीक्षा अवधिको माघ र फागुन महिनामा तरलतामा कमी आएकोले रिपो बोलकबोलमार्फत् रू ९ अर्बको तरलता प्रवाह भएको छ। समीक्षा अवधिमा विदेशी विनिमय कारोवारमार्फत् उच्च तरलता प्रवाहित भए पनि नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहेकोले बैंकिङ्ग क्षेत्रको तरलतामा केही कमी आएको हो। अघिल्लो वर्षको यसै अवधिमा सोझै बिक्री बोलकबोलबाट रू ३ अर्ब ७० करोड र रिभर्स रिपो बोलकबोलबाट रू ५ अर्ब ५७ करोड गरी कुल रू ९ अर्ब २७ करोड तरलता प्रशोचन भएकोमा रिपो बोलकबोलबाट रू ९ अर्बको तरलता प्रवाह गरिएकोले खुद तरलता प्रशोचन रू २७ करोडले भएको थियो।

तालिका ४ (घ) : खुला बजार कारोवार स्थिति

रू. करोडमा

विवरण		२०६४/६५		२०६५/६६
		प्रथम आठ महिना	वार्षिक	प्रथम आठ महिना
क	**प्रशोचन**	**९,२७**	**२१,४२**	**२०,७२**
	बिक्री बोलकबोल	३,७०	१४,८५	७,४६
	रिभर्स रिपो बोलकबोल	५,५७	६,५७	१३,२६
ख	**प्रवाह**	**९,००**	**९,००**	**९,००**
	खरिद बोलकबोल	०	०	०
	रिपो बोलकबोल	९,००	९,००	९००
ग	**खुद तरलता प्रशोचन (क- ख)**	**२७**	**१२,४२**	**११,७२**

स्रोत : नेपाल राष्ट्र बैंक

४.२० समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब २६ करोड ६४ लाख खुद खरीद गरी रू ९७ अर्ब २४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ८६ करोड २ लाख खुद खरीद गरी रू ५४ अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो। उच्च विप्रेषण आप्रवाहका कारणले समीक्षा अवधिमा विदेशी विनिमय वजारबाट अमेरिकी डलर खरीद उच्च हुन गएको हो।

४.२१ समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब बिक्री गरी भा.रू. ४७ अर्ब ७७ करोड खरीद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ९१ करोड बिक्री गरी भा.रू. ३६ अर्ब १९ करोड खरीद भएको थियो।

स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार

४.२२ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू ८३ अर्ब २३ करोड उपयोग गरेका छन्। अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू ७२ अर्ब ५० करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए। त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू १९२ अर्ब ९९ करोड रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा कुल रू १९० अर्ब ८२ करोड अन्तर बैंक कारोवार भएको थियो।

अल्पकालीन व्याजदर

४.२३ आर्थिक वर्ष २०६५/६६ को आठौ महिनामा अल्पकालीन बजार व्याजदर बढेको छ। फागुन महिनामा ९१ दिने ट्रेजरी विलको मासिक भारित औसत व्याजदर ६.८३ प्रतिशत रह्यो। अघिल्लो वर्षको यसै महिनामा सो ऋणपत्रको मासिक भारित औसत व्याजदर ५.५४ प्रतिशत रहेको थियो। अघिल्लो वर्षको फागुन महिनामा भारित औसत

मासिक अन्तर बैंक व्याजदर ५.०७ प्रतिशत रहेकोमा २०६५ फागुन महिनामा ६.३८ प्रतिशत रहेको छ ।

वित्तीय क्षेत्रको विस्तार

४.२४ नेपालको वित्तीय क्षेत्रमा विस्तार आउने क्रम यो वर्ष पनि जारी रह्यो । फलस्वरुप, वित्तीय क्षेत्र क्रमशः सघन र प्रगाढ हुँदै गएको छ । २०६५ चैत मसान्तमा वाणिज्य बैंक ("क" वर्ग) को संख्या २५, विकास बैंक ("ख" वर्ग) को संख्या ६१, वित्त कम्पनी ("ग" वर्ग) को संख्या ७८ र लघुवित्त कारोवार गर्ने वित्तीय संस्था ("घ" वर्ग) को संख्या १३ पुगेको छ । यसैगरी, सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजतपत्र प्राप्त सहकारी संस्था र गैर सरकारी संख्याहरुको संख्या क्रमशः १६ र ४५ रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुको अतिरिक्त २०६५ चैत मसान्तमा बीमा कम्पनी २५, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक वचत बैंक समेत गरी समग्रमा २६६ वटा बैंक तथा वित्तीय संस्थाहरु कार्यरत रहेका छन् ।

तालिका ४ (ङ) : बैंक तथा वित्तीय संस्थाहरुको संख्या

बैंक तथा वित्तीय संस्थाहरु	*२०६३ असार मसान्त*	*२०६४ असार मसान्त*	*२०६५ असार मसान्त*	*२०६५ चैत मसान्त*
वाणिज्य बैंक	१८	२०	२५	२५
विकास बैंक	२९	३८	५८	६१
वित्त कम्पनी	७०	७४	७८	७८
लघु वित्त कारोवार गर्ने संस्थाहरु	११	१२	१२	१३
नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरु (सीमित बैंकिंग कारोबार गर्ने)	१९	१७	१६	१६
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरु (लघु वित्त कारोवार गर्ने)	४७	४७	४६	४५
बीमा कम्पनी	-	२१	२५	२५
कर्मचारी सञ्चय कोष	१	१	१	१
नागरिक लगानी कोष	१	१	१	१
हुलाक बचत बैंक	१	१	१	१
हुलाक बचत बैंकका कार्यालयहरु	-	११७	११७	११७

स्रोत : नेपाल राष्ट्र बैंक

वित्तीय समावेशीकरण

४.२५ हालका वर्षहरुमा बैंक तथा वित्तीय संस्थाहरुको संख्या र वित्तीय कारोवारमा प्रशस्त विस्तार आएको छ । यसरी वाणिज्य बैंकहरुको निक्षेप तथा कर्जा कारोवारमा आएको विस्तार र क्षेत्रगत फैलावटले गर्दा वित्तीय समावेशीकरणलाई सहज बनाउने आधार बनेको छ ।

४.२६ वाणिज्य बैंकहरूको शाखा संख्यालाई कुल जनसंख्यासँग आवद्ध गरी हेर्दा उल्लेखनीय प्रगति भएको देखिन्छ। २०६४ चैत मसान्तमा प्रति शाखा जनसंख्या ४४,४९९ रहेकोमा २०६५ चैतमा सोमा कमी आई ४२,८३२ मा झरेको छ। वाणिज्य बैंकहरुको कुल निक्षेपलाई आधार मान्दा २०६४ चैत मसान्तमा प्रति व्यक्ति औसत निक्षेप रू. १४,२८२ रहेकोमा २०६५ चैतमा सोमा उल्लेखनीय वृद्धि भई रू. १८,२१७ पुगेको छ। यसैगरी, एक वर्ष अघि वाणिज्य बैकहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित प्रति व्यक्ति औसत कर्जा रू. १४,७१७ रहेकोमा २०६५ चैत मसान्तमा सो कर्जा रू. १७,८३३ पुगेको छ।

तालिका ४ (च) : वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरु

	चैत २०६३	*चैत २०६४*	*चैत २०६५*
वाणिज्य बैंक शाखा	५४६	५९१	६१७
प्रति शाखा जनसंख्या	४७,१२०	४४,४९९	४२,८३२
*वाणिज्य बैंकको निक्षेप (रु करोडमा)**	३२,५७७	३७,५५९	४८,१४४
प्रति व्यक्ति निक्षेप (रु)	१२,६६३	१४,२८२	१८,२१७
*वाणिज्य बैंकको कर्जा (रु करोडमा)**	३२,४१०	३८,७०५	४७,१२७
प्रति व्यक्ति कर्जा (रु)	१२,५९८	१४,७१७	१७,८३३

स्रोत : नेपाल राष्ट्र बैंक

* फागुन मसान्तको तथ्यांकमा आधारित

वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

४.२७ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा वाणिज्य बैंकहरूको कुल बचत परिचालन रू ५९ अर्ब ९१ करोड (१४.२ प्रतिशत) ले बढी फागुन मसान्तमा रू ४८१ अर्ब ४४ करोड पुगेको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ४१ अर्ब १४ करोड (१२.३ प्रतिशत) ले बढेको थियो। समीक्षा अवधिमा बचत निक्षेप १४.१ प्रतिशत र मुद्दती निक्षेप २०.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त निक्षेपहरूको विस्तार क्रमशः १२.२ प्रतिशत र १४.५ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा सिटिजन्स् बैंक ईन्टरनेशनल र बैंक अफ एशियाले सर्वसाधारणको लागि जारी गरेको प्राथमिक सेयरबाट संकलित रकम निष्काशन बैंक वा वित्तीय संस्थाले कल डिपोजिटको रुपमा वाणिज्य बैंकहरूमा जम्मा गरेकोले आवधिक निक्षेपको वृद्धिदर उच्च रहन गएको हो।





४.२८ समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदरमा कमी आएको छ। अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा १८.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १५.१ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये उत्पादन र निर्माण उपक्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष क्रमशः १७.६ प्रतिशत (रू १० अर्ब ९९ करोड) र ३७.२ प्रतिशत (रू ७ अर्ब ३५ करोड) ले बढेकोमा समीक्षा अवधिमा उक्त उपक्षेत्रतर्फको कर्जा त्रमशः १०.७ प्रतिशत (रू ९ अर्ब) र १६ प्रतिशत (रू ६ अर्ब १७ करोड) ले बढेको छ। त्यस्तै, समीक्षा अवधिमा धातुजन्य उत्पादन, मेसिनरी तथा विद्युतीय उपकरण, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा पनि कमी आएको छ भने उपभोग्य कर्जा बढेको छ।

४.२९ वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष ७.२ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १४.९ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाहको उच्च वृद्धिको कारणले गर्दा तरल कोषको विस्तार उच्च रहेको हो। तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात ६.७ प्रतिशतले बढेको छ।। अघिल्लो वर्ष उक्त मौज्दात ७.९ प्रतिशतले बढेको थियो। त्यस्तैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात २२.० प्रतिशतले बढी फागुन मसान्तमा रू ५० अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात ५.२ प्रतिशतले बढेको थियो।



वाणिज्य बैकहरूको शाखा विस्तार

४.३० २०६४ चैत मसान्तमा वाणिज्य बैंकहरुको संख्या २३ रहेकोमा २०६५ फागुन मसान्तमा यस्तो संख्या २५ पुगेको छ। वाणिज्य बैंकहरुको शाखा संख्या २०६५ असार मसान्तको ५ सय ५५ बाट ६२ ले वृद्धि भई २०६५ पुस मसान्तमा ६ सय १७ पुगेको छ। देशमा

शान्तिसुरक्षाको स्थितिमा सुधार आएको तथा नेपाल राष्ट्र बैंकले शाखा विस्तार गर्ने नीतिमा थप उदारता अपनाउदै आएकोले वाणिज्य बैंकहरुको शाखा संख्या बढेको हो। क्षेत्रगत रुपमा हेर्दा २०६५ पुस मसान्तसम्म वाणिज्य बैंकहरुको शाखा संख्या पूर्वाञ्चलमा १ सय १९, मध्यमाञ्चलमा ३ सय ०२, पश्चिमाञ्चलमा १ सय २०, मध्य-पश्चिमाञ्चलमा ४८ र सुदूर-पश्चिमाञ्चलमा २८ पुगेको छ। आर्थिक वर्ष २०६५/६६ को पहिलो ६ महिनामा थप एक विकास बैंक स्थापना भई बैंक तथा वित्तीय संस्था क देखि घ वर्गसम्म कुल संख्या १ सय ७३ पुगेको छ। यस अवधिमा थप भएका दुई बाणिज्य बैंकहरु विकास बैंक र वित्त कम्पनीको हैसियतबाट स्तरोन्नत्ति भएका हुन्।

तालिका ४ (छ) : वाणिज्य बैंकका शाखाहरू

सि.नं.	*वाणिज्य बैंकहरू*	*२०६४ असार*	*२०६५ असार*	*२०६५ चैत*
१	नेपाल बैक लिमिटेड	९६	९९	९९
२	राष्ट्रिय वाणिज्य बैक लिमिटेड	११४	११४	११९
३	नविल बैंक लिमिटेड	१७	२६	२८
४	नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड	१४	१९	२४
५	स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१०	१३	१२
६	हिमालयन बैंक लिमिटेड	१५	१७	१८
७	नेपाल एसबीआई बैंक लिमिटेड	१६	१७	२२
८	नेपाल बंगलादेश बैंक लिमिटेड	१७	१७	१७
९	एभरेष्ट बैंक लिमिटेड	२०	२६	२९
१०	बैक अफ काठमाण्डौं लिमिटेड	१३	२२	२५
११	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	१७	१७	१७
१२	नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.	१०	१६	१७
१३	लुम्विनी बैंक लिमिटेड	५	५	५
१४	माछापुच्छ्रे बैंक लिमिटेड	१२	१८	२३
१५	कुमारी बैंक लिमिटेड	८	१२	१५
१६	लक्ष्मी बैंक लिमिटेड	९	१३	१६
१७	सिद्धार्थ बैंक लिमिटेड	५	७	१०
१८	कृषि विकास बैंक लिमिटेड	१४७	६५	६५
१९	ग्लोवल बैंक लिमिटेड	१	७	९
२०	सिटिजन्स बैंक लिमिटेड	०	९	९
२१	प्राइम बैंक लिमिटेड	०	१	७
२२	सनराइज बैंक लिमिटेड	०	६	१२

सि.नं.	वाणिज्य बैंकहरू	२०६४ असार	२०६५ असार	२०६५ चैत
२३	बैंक अफ एशिया लिमिटेड	०	५	१०
२४	डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड	०	३	५
२५	एनएमबी बैंक लिमिटेड	०	१	४
	कुल जम्मा	**५४६**	**५५५**	**६१७**

स्रोत : नेपाल राष्ट्र बैंक

वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाको स्थिति

४.३१ नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण व्यवस्थामा भएको सुधार, कालो सूचीका ऋणीहरु विरुद्ध सशक्त कारबाही अघि बढाउने व्यवस्थाको कार्यान्वयन तथा विकसित हुँदै गएको प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई सबल, सक्षम एवम् प्रतिस्पर्धी बनाउने वाणिज्य बैंकहरुको चाहनाको कारण वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाको स्थितिमा सुधार आएको हो । तथापि, सरकारी स्वामित्वका वाणिज्य बैंक एवम् केही निजी क्षेत्रका बैंकहरुको निष्क्रिय कर्जाको अनुपातमा भने अपेक्षित सुधार आउन सकेको छैन ।

तालिका ४(ज): वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाको स्थिति

रू करोडमा

विवरण	२०६४ असार मसान्त			२०६५ असार मसान्त			२०६५ पुस मसान्त		
	कुल कर्जा	खराब कर्जा	प्रतिशत	कुल कर्जा	खराब कर्जा	प्रतिशत	कुल कर्जा	खराब कर्जा	प्रतिशत
नेपाल बैंक लिमिटेड	१,३७५.७	१८५.६	१३.५	१,५७६.५	१९५.२	१२.३८	१,७०९.१	१५३.५	८.९८
राष्ट्रिय वाणिज्य बैंक	२,४८७.१	६८७.७	२७.६	२,७४९.५	५९५.२	२१.६५	२,८२१.०	५२८.२	१८.७२
नविल बैंक लिमिटेड	१,५९०.३	१७.८	१.१	२,१७५.९	१६.१	०.७४	२,५४४.०	२०.७	०.८२
नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड	१,७७६.९	४२.२	२.४	२,७५२.९	३०.९	१.१२	३,३१३.६	४०.४	१.२२
स्ट्याण्डर्ड चार्टड बैंक नेपाल लिमिटेड	१,०७९.०	१९.७	१.८	१,३९६.४	१२.८	०.९२	१,३७५.२	११.३	०.८२
हिमालयन बैंक लिमिटेड	१,७७९.४	६४.२	३.६	२,०१८.०	४७.७	२.३६	२,१४१.६	४०.१	१.८७
नेपाल एसबिआइ बैंक लिमिटेड	१,००६.५	४५.९	४.६	९४७.०	३००.५	३१.७३	१,३३९.७	३५.८	२.६७
नेपाल बंगलादेश बैंक लिमिटेड	९१६.९	३६४.६	३९.८	१,२७४.६	४८.८	३.८३	९५८.४	२७८.०	२९.०१

विवरण	२०६४ असार मसान्त			२०६५ असार मसान्त			२०६५ पुस मसान्त		
	कुल कर्जा	खराब कर्जा	प्रतिशत	कुल कर्जा	खराब कर्जा	प्रतिशत	कुल कर्जा	खराब कर्जा	प्रतिशत
एभरेष्ट बैंक लिमिटेड	१,४०८.३	११.३	०.८	१,८८३.६	१२.७	०.६८	२,०९४.७	१०.४	०.५०
बैंक अफ काठमाडौं लिमिटेड	९६९.४	२४.३	२.५	१,२७४.८	२३.७	१.८६	१,३६५.२	२४.३	१.७८
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड	५१२.२	१६०.७	३१.४	५२८.१	८६.७	१६.४२	६३१.३	६५.२	१०.३२
लुम्बिनी बैंक लिमिटेड	४९४.४	१००.७	२०.४	५३६.६	८०.०	१४.९२	५५६.९	६८.७	१२.३३
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड	९१२.९	१०.१	१.१	१,१४६.५	९.८	०.८६	१,२६१.०	११.७	०.९३
माछापुच्छ्रे बैंक लिमिटेड	७३२.०	८.५	१.२	८९६.४	९.३	१.०४	१,०४४.३	५६.६	५.४२
कुमारी बैंक लिमिटेड	९०६.२	६.६	०.७	१,१४४.१	१५.२	१.३३	१,३०३.१	१३.८	१.०६
लक्ष्मी बैंक लिमिटेड	६५२.९	२.३	०.४	९७९.४	१.३	०.१३	१,१०२.२	१.१	०.१०
सिद्धार्थ बैंक लिमिटेड	६३२.०	२.२	०.३	९४८.१	६.५	०.६९	१,२१३.३	७.५	०.६२
कृषि विकास बैंक लिमिडेड	३,४४४.०	६१८.५	१८.०	३,६६०.५	४२८.१	११.६९	३,६५४.१	४७३.३	१२.९५
ग्लोवल बैंक लिमिटेड	२६०.३	–	–	५१४.०	१.०	०.१९	५९३.१	०.७	०.१२
सिटिजन बैंक	२०४.७	–	–	४७९.८	–	–	६४९.९	०.१	०.०१
प्राइम बैंक	–	–	–	५१५.६	–	–	७८७.०	–	–
सनराईज बैंक लिमिटेड	–	–	–	४०५.८	–	–	६९९.८	०.१	०.०२
बैंक अफ एशिया	–	–	–	२७५.५	–	–	५११.९	–	–
डेभलप्मेण्ट क्रेडीट बैंक लिमिटेड				३६९.२	–	–	५१३.६	९.१	१.७६
नेपाल मर्चेण्ट बैंक				२०१.०	–	–	२९४.०	४.५	१.५२
कुल	**२३,१४१.२**	**२,३७२.९**	**१०.२५**	**३०,६४९.७**	**१,९२१.५**	**६.२७**	**३४,४७८.०**	**१,८५४.८**	**५.३८**

स्रोत : नेपाल राष्ट्र बैंक

वित्तीय संस्थाहरुको साधनको स्रोत र उपयोगको स्थिति

विकास बैंक (“ख” वर्गका वित्तीय संस्थाहरु)

४.३२ २०६५ पुस मसान्तमा विकास बैंकहरुको समष्टिगत वित्तीय साधन २०६५ असार महिनाको तुलनामा २५.० प्रतिशतले वृद्धि भई रू ५० अर्ब २ करोड पुगेको छ। समीक्षा अवधिमा बैंकहरुको साधनको प्रमुख स्रोतको रुपमा रहेको कुल निक्षेप रु. ३७ अर्ब ९ करोड पुगेको छ। त्यसैगरी, समीक्षा अवधिमा कुल पुँजी कोष १६.८ प्रतिशतले वृद्धि भई रू ७ अर्ब ६१ करोड ७९ लाख पुगेको छ। सापटीतर्फ २०६५ असार मसान्तको तुलनामा २०६५ पुस मसान्तमा ८.० प्रतिशतले ह्रास आई रु. २ अर्ब ४० करोड ९७ लाख भएको छ। साधनको उपयोगतर्फ ठूलो अंश ओगट्ने कर्जा तथा सापटी समीक्षा अवधिमा ३६.७ प्रतिशतले बढेर रु. ३२ अर्ब ४० करोड पुगेको छ।

वित्त कम्पनी (“ग” वर्गका वित्तीय संस्थाहरु)

४.३३ वित्त कम्पनीहरुको समष्टिगत साधन २०६५ असार मसान्तको तुलनामा २०६५ पुस मसान्तमा १९.४ प्रतिशतले वृद्धि भई रु. ७७ अर्ब ६४ करोड पुगेको छ। २०६५ असारमा यस्तो रकम रु. ६५ अर्ब ३ करोड रहेको थियो। यी कम्पनीहरुको साधनको प्रमुख स्रोतको रुपमा रहेको निक्षेप समीक्षा अवधिमा २७.७ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब ७२ करोड पुगेको छ। त्यसैगरी, २०६५ पुसमा वित्त कम्पनीहरुको पुँजी कोष २४.७ प्रतिशतले बढेर रु. १० अर्ब ५० करोड पुगेको छ भने सापटीमा १४.२ प्रतिशतले कमी आई ३ अर्ब ३८ करोडमा झरेको छ।

४.३४ वित्त कम्पनीहरुको साधनको उपयोगतर्फ कर्जा तथा सापटी २०६५ असारको तुलनामा २३.३ प्रतिशतले बढेर २०६५ पुसमा रु. ५३ अर्ब ५० करोड पुगेको छ। २०६५ असारमा यस्तो रकम रु. ४३ अर्ब ३७ करोड रहेको थियो। लगानीतर्फ भने समीक्षा अवधिमा सामान्य ह्रास (१.४ प्रतिशत) आई रु. ४ अर्ब ४३ करोड भएको छ। त्यस्तै, तरल सम्पत्तिमा २०६५ पुसमा ६.४ प्रतिशतले कमी आई रु. १२ अर्ब १६ करोडमा सीमित रहेको छ।



लघुवित्त विकास बैंक ("घ" वर्गका वित्तीय संस्थाहरु)

४.३५ लघुवित्त सम्बन्धी कारोवार गर्ने ("घ" वर्गका) वित्तीय संस्थाहरुमा ५ वटा ग्रामीण विकास बैंक, ६ वटा ग्रामीण बैंकिङ्ग अनुसरणकर्ता र २ वटा लघुवित्त सम्बन्धी थोक कारोवार गर्ने संस्थाहरु रहेका छन् ।

४.३६ लघुवित्तको थोक कारोवारमा संलग्न वित्तीय संस्थाहरुको कुल सम्पत्ति/दायित्व २०६५ पुस मसान्तमा रु. ९ अर्ब ६८ करोड पुगेको छ । समीक्षा अवधिमा यी संस्थाहरुको कुल निक्षेप तथा सापटी क्रमशः रु. १ अर्ब ९ करोड र ५ अर्ब ८३ करोड पुगेको छ भने कुल कर्जा तथा लगानी क्रमशः रु. ५ अर्ब ५३ करोड र रु. ६७ करोड पुगेको छ ।

४.३७ लघुवित्तको थोक कर्जा कारोवारमा संलग्न ग्रामीण लघुवित्त विकास केन्द्र (RMDC) को चुक्ता पुँजी २०६५ फागुन मसान्तमा रु. ३२ करोड रहेको छ । समीक्षा अवधिमा यस केन्द्रको बाँकी कर्जा लगानी रु. १३ करोड ३४ लाख रहेको छ ।

ग्रामीण स्वावलम्वन कोष

४.३८ सरकारी र गैर सरकारी संस्थाहरुलाई लघुवित्त कारोवारका लागि थोक कर्जा प्रवाह गर्ने ग्रामीण स्वावलम्वन कोषको पुँजी २०६५ फागुनमा रु. ३४ अर्ब ३४ करोड रहेको छ । २०६५ पुस मसान्तसम्ममा कोषले रु. २२ करोड ९४ लाख कर्जा वितरण गरेको छ भने रु. ११ करोड ७० लाख साँवा असूल गरेको छ ।

तालिका ४ (झ) : ग्रामीण स्वाबलम्बन कोषको कारोवार विवरण

विवरण	२०६४ असार	२०६४ पुस	२०६५ पुस
कर्जा वितरण भएको जिल्ला संख्या	४८	५०	५०
कर्जा वितरित संस्था संख्या	२७७	३०५	३४३
लाभान्वित परिवार संख्या	१२,२२८	१३,४२०	१४,९६२
वितरित कर्जा रकम (रु करोडमा)	१३.२६	१६.५	२२.९४
असूल भएको रकम (रु करोडमा)	८.१२	८.९८	११.७०
लगानीमा रहिरहेको रकम (रु करोडमा)	५.१४	७.१७	११.२४
भाखा नाघेको कर्जा असूल हुनुपर्ने रकमको प्रतिशत	८.५	९.८५	९.००
कर्जा असूली प्रतिशत	९१.५	९१.१५	९१.००

स्रोत : नेपाल राष्ट्र बैंक

सीमित बैकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरू

४.३९ सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सीमित बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी संस्थानहरुको संख्या २०६५ चैतमा १६ रहेको छ । यी संस्थाहरुको कुल पुँजीकोष २०६५ पुस मसान्तमा रु. ४३ करोड १६ लाख रहेको छ । यसैगरी, यी संस्थाहरुको निक्षेप संकलन रु. ३ अर्ब १७ करोड पुगेको छ भने कर्जा तथा सापटी रु. २ अर्ब ८२ करोड पुगेको छ ।

तालिका ४ (ञ) : बचत तथा ऋण सहकारी संस्थाहरुको गतिविधिको झलक

विवरण	२०६४ असार	२०६४ चैत
सहकारीको संख्या	३,३९२	४,४३२
सदस्य संख्या (हजारमा)	४०३	६८६
बचत (करोडमा)	८,९६.३	१५,७३.०६
लगानी (करोडमा)	१५,०९.८	१९,९५.९०

स्रोतः नेपाल सरकार, कृषि मन्त्रालय, सहकारी विभाग

गैरसरकारी संस्थाहरु

४.४० संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थापित र वित्तीय मध्यस्थता ऐन, २०५५ को प्रावधान अन्तर्गत नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजत प्राप्त संस्थाहरुको संख्या २०६५ चैत मसान्तमा ४५ रहेको छ। २०६५ पुस मसान्तमा यी संस्थाहरुले प्रवाह गरेको (लघु) कर्जा रु. ९८ करोड २५ लाख पुगेको छ। २०६५ असार मसान्तमा यस्तो रकम रू ९६ करोड १२ लाख रहेको थियो।

कर्मचारी सञ्चय कोष

४.४१ कर्मचारी सञ्चय कोष ऐन, २०१९ अन्तर्गत २०१९ भदौ ३१ गते स्थापित कर्मचारी सञ्चय कोषले निजामती कर्मचारी, सैनिक, प्रहरी, शिक्षक, सरकारी संस्थान तथा केही निजी कम्पनीका कर्मचारीहरुको सञ्चय कोषको व्यवस्थापन गर्दछ। यस कोषको सम्पत्ति/दायित्व २०६५ फागुन मसान्तमा रु. ७४ अर्व ९२ करोड पुगेको छ। २०६५ असार मसान्तमा यस्तो रकम रू ६७ अर्ब ९४ करोड रहेको थियो। त्यस्तै, सञ्चयकर्ताहरुको सञ्चिति रकम २०६५ फागुन मसान्तमा रु ६८ अर्ब ९७ करोड पुगेको छ।



नागरिक लगानी कोष

४.४२ नागरिक लगानीकोष ऐन, २०४७ अन्तर्गत २०४७ चैत ४ गते स्थापित नागरिक लगानी कोषले व्यक्तिगत तथा संस्थागत बचत परिचालन गर्नुका साथै ऋण तथा सापटी प्रदान गर्ने र विभिन्न संगठित संस्थाहरुको धितोपत्र निष्काशनको कामलाई

सहज तुल्याउन निष्काशन प्रबन्धकको काम समेत गर्दछ। कोषको सम्पत्ति/दायित्व २०६५ असार मसान्तको तुलनामा २०६५ चैत मसान्तमा ६.२ प्रतिशतले वृद्धि भई रु १४ अर्ब ५३ करोड पुगेको छ। यसैगरी, समीक्षा अवधिमा दायित्वतर्फ महत्वपूर्ण अंश ओगटेको कोष संकलन रु. १३ अर्व ७७ करोड पुगेको छ भने सम्पत्तितर्फको लगानी रु. ११ अर्व ३७ करोड पुगेको छ।

वीमा कम्पनीहरु

४.४३ वीमा ऐन, २०४९ अन्तर्गत २०६५ चैत मसान्तसम्म २५ वटा वीमा कम्पनीहरु संचालनमा रहेका छन्। यी मध्ये जीवन वीमा कारोवार गर्ने ८, निर्जीवन वीमा कारोवार गर्ने १६ र जीवन तथा निर्जीवन दुवै प्रकारका कारोवार गर्नेको संख्या एउटा मात्र छ। स्वामित्व संरचनाका हिसावले ३ वटा वीमा कम्पनीहरु विदेशी पुँजी लगानीमा र ३ वटा वीमा कम्पनीहरु विदेशी वीमा कम्पनीहरुसंगको संयुक्त पुँजी लगानीमा संचालित छन्। यसैगरी, १८ वटा वीमा कम्पनीहरु निजी स्वामित्वमा रहेका छन् भने एउटा कम्पनी सरकारी स्वामित्वमा रहेको छ। यी कम्पनीहरुको कुल सम्पत्ति/दायित्व २०६५ असार मसान्तको तुलनामा २०६५ पुस मसान्तमा १०.२ प्रतिशतले बढेर रु. ४४ अर्व १५ करोड पुगेको छ।

हुलाक बचत बैंक

४.४४ नेपाल सरकार, हुलाक सेवा विभागद्वारा संचालित हुलाक वचत बैंकले २०३३ सालदेखि कार्य प्रारम्भ गरेको हो। हुलाक वचत बैंकको निक्षेप संकलन गर्ने स्वीकृत कार्यालयहरुको संख्या १ सय १७ रहेको भएतापनि २०६५ पुस मसान्तसम्ममा ६८ वटा कार्यालयहरुले मात्र बैंकिग कार्य संचालन गरिरहेका छन्। हुलाक बचत बैंकको कुल निक्षेप २०६५ असार मसान्तमा रु ८२ करोड ७ लाख रहेकोमा २०६५ पुस मसान्तमा रु ७८ करोड ३७ लाखमा झरेको छ। सो बैंकमा रहेका कुल खाता संख्या २०६५ पुस मसान्तमा ३९,३८३ रहेको छ।

निक्षेप तथा कर्जा सुरक्षण निगम

४.४५ दुर्गम क्षेत्र तथा गरिब जनताको घरदैलोमा वैकिंग सेवा पुऱ्याउनको लागि प्राथमिकता प्राप्त क्षेत्रमा वाणिज्य बैंकहरुलाई लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले २०३१ साल असोज ४ गते स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण निगमले प्राथमिकता प्राप्त क्षेत्र लगायत पशुधन सुरक्षण, तरकारी बाली सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण, लघु तथा विपन्न बर्ग कर्जा सुरक्षण र साना तथा मझौला उद्यम कर्जा सुरक्षण जस्ता कार्यहरु गर्दै आएको छ। यस निगमले २०६५ असार मसान्तसम्म रु. ४२ करोड १९ लाखको कर्जा सुरक्षण गरेको भएतापनि सोमा संकुचन हुदै गई २०६५ चैत मसान्तसम्म आइपुग्दा रु. २७ करोड ७५ लाखमा सीमित भएको छ।

कर्जा सूचना केन्द्र लिमिटेड

४.४६ नेपाल राष्ट्र बैंकको अगुवाइमा २०४६ सालमा स्थापना भएको कर्जा सूचना केन्द्र लिमिटेडले ऋणको भुक्तानी सम्बन्धी अबस्थाको बारेमा जानकारी हासिल गरी सो जानकारी बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउने र कालो सूचीमा रहेका ऋणीहरुको विबरण तयार पार्ने गर्दछ। यस केन्द्रमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरु, विकास बैंकहरु र वित्त कम्पनीको क्रमशः १० प्रतिशत, ६० प्रतिशत, १५ प्रतिशत र १५ प्रतिशत सेयर स्वामित्व रहेको छ। केन्द्रमा रहेको अभिलेखानुसार २०६५ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाका ३ हजार ४ सय २३ ऋणीहरु कालो सूचीमा रहेकोमा २०६५ चैत मसान्तमा सो संख्या ३ हजार ४ सय ३२ पुगेको छ। समीक्षा अवधिमा १ हजार २ सय ९८ ऋणीहरु उक्त सूचीबाट हटेका थिए।

वित्तीय क्षेत्र सुधार कार्यक्रम

४.४७ समष्टिगत आर्थिक सुधार कार्यक्रमको एक महत्वपूर्ण अंगको रुपमा वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई लिइएको छ। नेपाल सरकारले २०५७ कात्तिक ७ मा वित्तीय क्षेत्र सुधार सम्बन्धी रणनीति पत्र जारी गरी वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई प्रष्ट मार्गदर्शन प्रदान गरेको थियो। यस कार्यक्रमको कार्यान्वयन एकाइको रुपमा नेपाल राष्ट्र बैंक रहेको छ।

४.४८ वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रमुख लक्ष्य भनेकै मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यावसायिक बनाई आर्थिक विकासको लागि पर्याप्त योगदान दिन सक्ने बनाउने हो। विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development/DFID) र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मुख्यतया (क) नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग (ख) नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना र (ग) समग्र वित्तीय क्षेत्रको सक्षमतामा अभिवृद्धि जस्ता कार्यक्रमहरु रहेका छन्।

मञ्जुषा ४(ग) : नेपाल राष्ट्र बैंकको पुनर्संरचना

वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैंकको पुनर्संरचनार्फ वित्तीय क्षेत्रको विकास तथा बदलिंदो परिस्थितिसँग सामञ्जस्य कायम गर्दै नेपाल राष्ट्र बैंकलाई एउटा सक्षम केन्द्रीय बैंकको रुपमा परिमार्जन गर्न नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग सम्बन्धी कार्यलाई निरन्तरता प्रदान गरिएको छ। यस अन्तर्गत नेपाल राष्ट्र बैंकको मानव संशाधनको विकास गर्ने, नियमन व्यवस्था र निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई अझ बढी सशक्त एवम् प्रभावकारी बनाउने, बैंकको कार्यको आधारमा सांगठनिक पुनर्संरचना गर्ने, बैंकलाई कम्प्यूटराइज्ड गर्ने, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने तथा बैंकका कार्यहरुलाई सरल सहज बनाउँदै बैंकलाई चुस्त बनाउने आदि कार्यहरुलाई निरन्तरता प्रदान गरिएको छ ।

४.४९ वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्गका कार्यक्रमहरु सञ्चालनमा ल्याउन विश्व बैंकले ६ जना स्थानीय चार्टर्ड एकाउण्टेण्टहरु नियुक्त गर्न सिफारिस गरेकोमा नेपाल राष्ट्र बैंकको पहलमा बैंकभित्रै कार्यरत ७ जना चार्टर्ड एकाउण्टेण्टहरुको एउटा कार्यदल गठन गरिएको थियो। सो कार्यदलले तोकिएको कार्य सम्पन्न गरी पेश गरिएका प्रतिवेदनहरु कार्यान्वयन प्रक्रियामा रहेका छन्।

४.५० बैंकको सूचना प्रविधि क्षमता पुनर्संरचनाका लागि आई.टी. कन्सल्ट्यान्टको रुपमा कार्यरत परामर्शदाताबाट तयार गरिएको सफ्टवेयर/हार्डवेयर कम्यूनिकेसन एण्ड डिसास्टर रिकभरी सिस्टम सम्बन्धी दुई छुट्टाछुट्टै बिड स्पेसिफिकेसन्स बैंकलाई बुझाएकोमा उक्त डकुमेण्टहरुमा आवश्यक परिमार्जन गर्न परामर्शदातालाई जानकारी गराइएको थियो। निज परामर्शदातालाई डकुमेण्टमा बैंकको आवश्यकतानुसारको फेरबदल गरी बुझाउन २०६४ चैत ७ गतेसम्मको म्याद दिइएकोमा निजबाट उक्त अवधिसम्म कुनैपनि उत्तर प्राप्त हुन नआएकोले विश्व बैंकको सहमति लिई आई.टी. कन्सल्ट्याण्ट र यस बैंकबीच भएको सम्झौता भंग गरिएको छ।

४.५१ नेपाल राष्ट्र बैंकको जनसम्पर्क अधिकृत पदमा कार्यरत परामर्शदाताको सम्झौता अवधि २०६५ असार १६ मा समाप्त भएकोले नयां जनसम्पर्क अधिकृत नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाइएको छ। त्यस्तै, यस बैंकको जनशक्ति परामर्शदाता पदमा कार्यरत परामर्शदाताको सम्झौता अवधि २०६५ चैत २६ मा समाप्त भएकोमा सो अवधि पछि निजसँग करार थप गरिएको छैन।

मञ्जुषा ४ (घ) : नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको संरचनागत सुधार कार्यक्रम

१. वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेडको पुनर्संरचना गर्ने क्रममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) को उपदफा १(ण) अनुसार २०६७ फागुन मसान्तसम्मका लागि यो बैंक नियन्त्रणमा लिइएको छ। उक्त बैंकको पुनर्संरचना गर्ने सम्बन्धमा नियुक्त परामर्शदाता फर्म Bank of Scotland (Ireland) Ltd. को ICC Consulting संग भएको सम्झौताको म्याद २०६४ साउन ५ देखि पूर्णतः समाप्त भएको र अर्को व्यवस्था नभएसम्म केही समयका लागि यस बैंकबाट नै भएपनि कर्मचारीहरुको एक टोली खटाई नेपाल बैंक लिमिटेडको व्यवस्थापन संचालन गराउनु पर्ने देखिएकोले मिति २०६४।४।११ देखि यस बैंकका कर्मचारीहरु सम्मिलित तीन-सदस्यीय व्यवस्थापन समूह गठन गरी व्यवस्थापन संचालन गरिँदै आएकोमा हाल सोही समूहका एकजना सदस्यबाट नेपाल बैंक लिमिटेडको व्यवस्थापन संचालन गरिएको छ।

२. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको हकमा भने हाल उक्त बैंकमा प्रमुख कार्यकारी अधिकृत र प्रमुख सूचना प्रविधि अधिकृत रहेको व्यवस्थापन समूहले उक्त बैंकको पुनर्संरचनाका कार्यहरुलाई निरन्तरता दिएको छ भने हालको व्यवस्थापन समूहका सदस्यहरुको पदावधि २०६६ माघ १ गतेसम्म थप गरिएकोले सोही अवधि सम्मको लागि करार सम्पन्न भएको छ।

३. राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको पुर्नसंरचनागत सुधारको कार्य

भइरहेको सन्दर्भमा उक्त दुवै बैंकको लागि बैंक पुनर्संरचना सल्लाहकार नियुक्त गर्ने कार्यक्रम रहेको छ।

४. पुनर्संरचनाको क्रममा रहेका यी दुबै बैंकहरुको भाखा नाघेको कर्जाको असूलीतर्फको हालसम्मको प्रगतिलाई समग्रमा समीक्षा गर्दा आर्थिक वर्ष २०६०/६१ देखि खुद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पुँजीकोषलाई घटाउँदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहले अन्तर्राष्ट्रिय स्तरका विभिन्न नीति, नियम तथा निर्देशिकाहरु तयार गरी लागू गरेको र बैंक भित्र अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यवस्था तथा ढाँचाहरु तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको देखिएतापनि अझै थप प्रगतिको आवश्यकता भने छँदैछ।

४.५२ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा पुनर्संरचना गर्ने कार्य सुरु गरेपछि केही प्रगति भएको छ। २०५६ सालदेखि वार्षिक रुपमा अर्बौं रकम घाटा ब्यहोर्दै आएको नेपाल बैंक लिमिटेडले आर्थिक वर्ष २०५९/६० मा खुद नोक्सान घटाएर करिब रु. २५ करोडमा सीमित गरेको, आर्थिक वर्ष २०६०/६१, २०६१/६२, २०६२/६३, २०६३/६४ र २०६४/६५ मा घाटाको स्थितिबाट सुधार भई क्रमशः रु.७१ करोड, रु. १७३ करोड, रु. १२१ करोड, रु. २३ करोड र ५३ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ भने आर्थिक वर्ष २०६५/६६ को पुस मसान्तसम्ममा रु.४५ करोड खुद मुनाफा आर्जन गरेको छ।

४.५३ त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खुद नोक्सान आर्थिक वर्ष २०५८/५९ र २०५९/६० मा क्रमशः रु. ७०७ करोड र रु. ४८४ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१, २०६१/६२, २०६२/६३, २०६३/६४ र २०६४/६५ मा बैंकले क्रमशः रु. १०४ करोड, रु १३२ करोड, रु. १६२ करोड, रु. १६८ करोड र १७७ करोड खुद मुनाफा आर्जन गर्न सकेको छ। साथै, चालू आर्थिक वर्ष २०६५/६६ को पुस मसान्तसम्मको लागि लक्षित नाफा रु. ९४ करोडको तुलनामा लक्ष्यभन्दा बढी रु. १११ करोड नाफा आर्जन गर्न सकेको देखिन्छ।

४.५४ दुबै बैंकको ऋणात्मक पुँजीकोष (नेटवर्थ) मा क्रमशः सुधार हुन थालेको छ। नेपाल बैंक लिमिटेडको पुनर्संरचना गर्ने कार्यको सुरुवात भएपछि २०६० असार मसान्तमा नेपाल बैंक लिमिटेडको कुल पुँजीकोष रु. ९.८० अर्बले ऋणात्मक रहेकोमा २०६१, २०६२, २०६३, २०६४ र २०६५ असार मसान्तमा सो बैंकको पुँजीकोष क्रमशः रु. ८.९० अर्ब, रु. ७.१६ अर्ब, रु. ६.३० अर्ब, रु. ६.२५ अर्ब र ५.७२ अर्बले ऋणात्मक रहन गएकोमा सोमा सीमान्त रुपले सुधार आई २०६५ पुस मसान्तसम्ममा पुँजीकोष रु. ५.५६ अर्बले ऋणात्मक रहन गएको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको २०६० असार मसान्तमा कुल पुँजीकोष रु. २२.३९ अर्बले ऋणात्मक रहेकोमा २०६१, २०६२ २०६३, २०६४ र २०६५ को असार मसान्तमा ऋणात्मक स्थितिमा कमी आई उक्त पुँजीकोष क्रमशः रु. २१ अर्ब, रु. २० अर्ब, रु. १८.५९ अर्ब, १७.२१ अर्ब र १५.५० अर्बले ऋणात्मक रहन गएको छ। त्यस्तैगरी, चालू आर्थिक वर्षको प्रथम ६ महिनाको अवधिमा कुल पुँजीकोषको ऋणात्मक अवस्था रु. १४.५७ अर्वमा सीमित गर्नुपर्ने लक्ष रहेकोमा २०६५ पुस मसान्तमा बैंकको कुल पुँजीकोष रु. १४.४९ अर्बले ऋणात्मक

रहेकोले लक्षको तुलनामा कुल पुँजीकोषको अवस्था सुधारोन्मुख रहेको देखिन्छ। यद्यपि यस सम्बन्धमा ठूलो प्रगतिको अपरिहार्यता रहेको छ।

तालिका ४ (ट) : ऋणात्मक पुँजीकोष

(रकम रु.)

असार मसान्त	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६०	९ अर्ब ८० करोड	२२ अर्ब ३९ करोड
२०६१	८ अर्ब ९० करोड	२१ अर्ब
२०६२	७ अर्ब १६ करोड	२० अर्ब
२०६३	६ अर्ब ३० करोड	१८ अर्ब ५९ करोड
२०६४	६ अर्ब २५ करोड	१७ अर्ब २१ करोड
२०६५	५ अर्ब ७२ करोड	१५ अर्ब ५० करोड
२०६५ पुस मसान्त	५ अर्ब ५६ करोड	१४ अर्ब ४९ करोड

स्रोत: नेपाल राष्ट्र बैंक

४.५५ कुल कर्जामा भाखा नाघेको कर्जा (NPA) नेपाल बैंक लिमिटेडमा २०६० असार मसान्तमा ६०.४७ प्रतिशत रहेकोमा २०६१, २०६२, २०६३, २०६४ र २०६५ असार मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः घट्दै गई ५३.७४ प्रतिशत, ४९.६४ प्रतिशत, १८.१८ प्रतिशत, १३.४९ प्रतिशत र १२.३८ प्रतिशत रहेको तथा २०६५ पुस मसान्तमा ८.९८ प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०६२/६३ मा बैंकले कर्जा अपलेखन गरेका कारण निष्क्रिय कर्जाको अनुपातमा कमी हुन गएतापनि हाल पुनः निष्क्रिय कर्जाको मात्रा बढ्ने प्रवृत्ति देखिएको छ। अपलेखन गरिएको कर्जाको असूली पनि बैंक समक्ष चुनौतीको रुपमा रहेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा अपेक्षा गरे अनुरुप निष्क्रिय कर्जाको मात्रा नघटेता पनि सोको स्तर भने घट्न थालेको छ। कुल कर्जामा भाखा नाघेको कर्जा (NPA) २०६० असार मसान्तमा ६०.१५ प्रतिशत रहेकोमा २०६१, २०६२, २०६३, २०६४ र २०६५ को असार मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः ५७.६४ प्रतिशत, ५०.७० प्रतिशत, ३७ प्रतिशत, २८.६३ प्रतिशत र २१.६५ प्रतिशतमा सीमित हुन पुगेको छ। चालू आर्थिक वर्षको प्रथम ६ महिनाको अवधिमा बैंकको कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात १८.७२ प्रतिशत कायम रहेको छ।

तालिका ४ (ठ) : कुल कर्जामा भाखा नाघेको कर्जा

(प्रतिशत)

असार मसान्त	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६०	६०.४७	६०.१५
२०६१	५३.७४	५७.६४
२०६२	४९.६४	५०.७०
२०६३	१८.१८	३७.००
२०६४	१३.५०	२७.६०
२०६५	१२.३८	२१.६५
२०६५ पुस मसान्त	८.९८	१८.७२

स्रोत: नेपाल राष्ट्र बैंक

४.५६ विगत केही वर्षदेखि दुवै बैंकको लेखापरीक्षण हुन नसकेकोमा नेपाल बैंक लिमिटेडमा आर्थिक वर्ष २०५६/५७ देखि २०६४/६५ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भइसकेको छ। लेखापरीक्षण विवरणहरु अद्यावधिक गरिनुका साथै त्रैमासिक रुपमा वित्तीय विवरणहरु नियमित रुपमा प्रकाशन हुन थालेका छन्। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको केही वर्षदेखि बाह्य लेखापरीक्षण हुन नसकी रहेकोमा नयां व्यवस्थापन समूह आएपछि आर्थिक वर्ष २०६३/६४ सम्मको बाह्य लेखापरीक्षण गर्ने कार्य सम्पन्न भई आर्थिक वर्ष २०६४/६५ को प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदन नेपाल राष्ट्र बैंकमा पेश गरिसकिएको छ। लेखापरीक्षणसंग सम्वन्धित विवरणहरु अद्यावधिक गरिएका छन्। आन्तरिक लेखापरीक्षण सम्वन्धी कार्य पनि सम्पन्न भइरहेको छ।

४.५७ दुवै बैंकमा आवश्यक पर्ने जनशक्तिको योजनावद्ध रुपमा विकास गरी जनशक्तिलाई उपयुक्तस्तरमा ल्याउन दुबैं बैंकले Management Plan, Human Resource Development Plan, Skill Enhancement Plan बनाई लागू गरिसकेका छन्। Staff Need Assessment गर्ने कार्य सम्पन्न भएको छ। त्यसैगरी, दुवै बैंकले Capital Plan, तथा Successor Plan नेपाल राष्ट्र बैंक समक्ष पेश गरिसकेका छन्।

४.५८ कर्मचारीको संख्यालाई उपयुक्तस्तरमा राख्न स्वेच्छिक अवकाश योजना लागू गरी नेपाल बैंक लिमिटेडमा २०५८ असार मसान्तमा रहेको कर्मचारी संख्या ६ हजार ३० लाई घटाई २०६५ असार मसान्तमा २ हजार ८ सय ८५ तथा २०६५ पुस मसान्तमा २ हजार ८ सय ५२ जनामा सीमित राख्न सकेको देखिन्छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा आवश्यक जनशक्तिको योजनावद्ध विकास गरी जनशक्तिलाई उपयुक्त स्तरमा ल्याउन Human Resource Information System, Human Resource Development Plan आदि बनाई लागू गरिएको छ। HR Need Assessment गर्ने कार्य सम्पन्न भएको छ भने Performance-based Rewarding System लागू गरिएको छ। कर्मचारीको संख्यालाई उपयुक्त स्तरमा राख्न पाचौं पटक स्वेच्छिक अवकाश योजना लागू गरिएको छ। २०५९ असार मसान्तमा राष्ट्रिय वाणिज्य बैंकमा रहेको कर्मचारी संख्या ५ हजार ५ सय ८३ बाट घटाएर २०६२ असार मसान्तमा ३ हजार ४ सय १७, २०६३ असार मसान्तमा ३ हजार ३ सय १, २०६४ असार मसान्तमा ३ हजार १ सय २७ र २०६५ असार मसान्तमा ३ हजार २ मा सीमित राख्न सकेको देखिन्छ। २०६५ पुस मसान्तमा कर्मचारी संख्या २ हजार ९ सय ३९ रहेको छ।

४.५९ नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई सुदृढ तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन वनाई लागू गरेको छ। खासगरी, कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिका बनाई लागू गरेको, सम्पत्ति तथा दायित्व व्यवस्थापन तर्फ ALM Guidelines बनाई लागू गरेको र Asset Liability Committee- ALCO गठन भएको छ। नयाँ लेखा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, लेखा शीर्षक वर्गीकरण निर्देशिका, HR Plan, Skill Enhancement Plan, Portfolio Status and Plan, Budget Plan, Strategic Plan आदि तर्जुमा गरी लागू भएका छन्। नेपाल बैंक लिमिटेडले कर्जा अपलेखन विनियमावली

तयार गरी सो विनियमावली अनुरुप अपलेखन गर्ने कार्य सुरु गरिसकेको छ। खासगरी Anti-Money Laundering Policy, Investment and Treasury Operation Manual, Revision of Internal Audit Manual, Trade Finance Manual लगायत कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिनुका साथै कर्जा अपलेखन विनियमावली समेत तयार गरी लागू गरेको छ।

४.६० बैकिङ्ग कारोवारलाई कम्प्यूटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्बन्धमा सूचना प्रविधि सम्बन्धी योजना तर्जुमा भई सोही अनुरुप नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरुमा कम्प्युटराइजेसनको कार्य समाप्त भएको र थप ३८ वटा शाखाहरु कम्प्युटराइजेसनका लागि पहिचान गरी सोको लागि कार्य भइरहेको छ। त्यसैगरी, बैंकले हालै २७ वटा शाखाहरुमा Any Branch Banking System (ABBS) कार्यान्वयनमा ल्याएको छ। बैंकको कुल निक्षेप र कर्जाको क्रमशः ७९ र ८९ प्रतिशत अंशलाई कम्प्युटराइजेसन गरिसकिएको छ। त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकको सन्दर्भमा पनि बैकिङ्ग कारोवारलाई कम्प्युटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्बन्धमा सूचना प्रविधि सम्वन्धी योजना तर्जुमा भई सोही अनुरुप राष्ट्रिय वाणिज्य बैंकको ४० वटा शाखाहरुमा र केन्द्रीय कार्यालय अन्तर्गतका दुई वटा विभागहरुमा पुमोरी प्लसबाट कार्य भइरहेको छ भने काठमाडौ उपत्यका बाहिरका ३७ शाखाहरुमा Rastriya Banijya Bank System (RBBSYS) बाट कार्य भइरहेको छ। Integrated Banking Information System(IBIS) सम्बन्धी कार्य पूर्णतया कार्यान्वयनमा आइसकेको छ। साथै, २०६५ पुस मसान्त सम्ममा कुल कर्जा र निक्षेपको क्रमश ८६ र ९६ प्रतिशत अंश कम्प्युटराइजेसन अन्तर्गत समावेश गरिसकिएको छ। नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना अन्तर्गत नेपाल बैंक लिमिटेडमा खुल्ला प्रतिस्पर्धाबाट नयां प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि आवश्यक प्रक्रया प्रारम्भ भइसकेको छ।

४.६१ पुनर्संरचनाको क्रममा रहेका दुबै बैंकहरुको हालसम्मको प्रगतिलाई समग्रमा समीक्षा गर्दा आर्थिक वर्ष २०६०/६१ देखि खुद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पुँजीकोषलाई घटाउँदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहले अन्तर्राष्ट्रिय स्तरका विभिन्न निर्देशिका, नीति, नियमहरु तयार गरी लागू गरेको र बैंक भित्र अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यवस्था तथा ढाँचाहरु तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको तथ्यलाई दृष्टिगत गर्दा यी क्षेत्रहरुमा भएको हालसम्मको प्रगतिलाई सकारात्मक रुपमा लिन सकिन्छ। तथापि, यी बैंकहरुमा भाखा नाघेको कर्जा असूलीतर्फको प्रगति भने सन्तोषजनक छैन।

तालिका ४(ङ): नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको स्थिति

विवरण	*२०५९/६० असार*	*२०६४/६५ असार*	*२०६५/६६ पुस**
नेपाल बैंक लिमिटेड			
खुद मुनाफा (रु.करोड)	(२५.२)	५२.९	४५.०
पुँजीकोष (रु.करोड)/() ऋणात्मक	(९,८३)	(५,७२)	(५,५६)
निष्क्रिय कर्जा (प्रतिशत)	६०.४७	१२.३८	८.९८
कर्मचारी संख्या	५२,५०	२८,८५	२८,५२
राष्ट्रिय वाणिज्य बैंक			
खुद मुनाफा (रु.करोड)	(४,८५)	१७७.०	१११.०
पुँजीकोष(रु.करोड)/() ऋणात्मक	(२२३९)	(१५,५०)	(१४,४९)
निष्क्रिय कर्जा (प्रतिशत)	६०.१५	२१.६५	१८.७२
कर्मचारी संख्या	५४,०२	३०,०२	२९,३९

* अपरिष्कृत

४.६२ समग्र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत हालसम्मको प्रगति हेर्दा कर्जा सूचना केन्द्र लिमिटेडको यान्त्रिकीकरणको कार्य प्रारम्भ गरिएको छ। यस अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेडबाट तयार गरी परियोजनामा पेश भएको बिड डकुमेन्टस्को सम्बन्धमा आवश्यक छलफल गरी सो सम्वन्धी थप कार्य अगाडि बढाउने प्रयोजनको लागि कर्जा सूचना केन्द्र लिमिटेडको यान्त्रिकीकरण समिति कार्यरत रहेको छ। त्यस्तै, ऋण असुली न्यायाधीकरणका कर्मचारीहरुको दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन/अवलोकन भ्रमण कार्यक्रम संचालनमा रहेकोछ भने उक्त न्यायाधीकरणको यान्त्रिकीकरणको कार्य पनि सञ्चालन गरिने छ।

मञ्जुषा ४(ङ) : समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि

वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत तेश्रो कार्यक्रममा समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेको छ। कार्यक्रममा नियमन, निरीक्षण लगायतको केन्द्रीय बैंकको भूमिका सुदृढ गर्न सक्ने गरी आधुनिक परिवेशसँग मेल खाने तथा बलियो केन्द्रीय बैंक निर्माण गर्नुपर्ने ऐनको आवश्यकता देखिएको सन्दर्भमा बैंक तथा वित्तीय संस्था संचालन सम्बन्धी विद्यमान ऐनहरुलाई एकीकृत गरी समान प्रकृतिका त्यस्ता संस्थाहरु संचालन गर्ने व्यवस्थालाई सरल बनाउने, वित्तीय क्षेत्रको कानुनी संरचनामा क्रमिक सुधार गर्ने तथा समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्ने उद्देश्यले कार्यहरु सम्पादन हुँदै आएका छन्।

बैंक तथा वित्तीय संस्थाहरुको स्थापना

४.६३ नयाँ बैङ्क स्थापनाको लागि जनता बैक लि., सेन्चूरी बैक लि., मेरो बैंक लि., सांग्रिला बैंक लि., सिभिल बैङ्क लि. र स्टेट बैङ्क अफ नेपाल लि.को निवेदन प्राप्त भएकोमा विभिन्न चरणमा इजाजत प्रदान गर्ने प्रक्रिया चालू रहेको छ ।

४.६४ काठमाडौ महानगरपालिकामा केन्द्रीय कार्यालय रहेको एनएमवि बैंक लि. लाई मिति २०६५/१/२४ मा, डिसिबिएल बैङ्क लि. लाई मिति २०६५/१/२५ मा र किष्ट मर्चेन्ट बैंकिंग एण्ड फाइनान्स लि. लाई मिति २०६६/१/८ को निर्णयानुसार "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको रुपमा वित्तीय कारोवार गर्ने इजाजत प्रदान गरिएको छ ।

४.६५ आपसमा गाभिने (मर्ज) हुने प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ५ ओटा वित्तीय संस्थाहरु (महालक्ष्मी फाइनान्स लिमिटेड, बुटवल फाइनान्स लि., सिद्धार्थ फाइनान्स लि., वीरगञ्ज फाइनान्स लि. र हिमचुली बिकास बैंक) गाभिनको लागि निवेदन प्राप्त भएकोमा नेपाल राष्ट्र बैंकको मिति २०६५।०५।२० को परिपत्र बमोजिम गाभ्ने/गाभिने सम्बन्धमा पहिले पुँजी बृद्धि गरी निवेदन पेश हुन आएमा प्रचलित व्यवस्था अनुरुप गाभ्ने/गाभिने प्रक्रिया अगाडि वढाउन पत्राचार गरिएको छ ।

४.६६ समीक्षा अवधिमा "ख" वर्गका विकास बैंकहरुको संख्या ५८ बाट बढेर ६० हुन गएको छ । यसै अवधिमा "ख" वर्गको डेभपलमेण्ट क्रेडिट (डिसीविएल) बैंक लि. "क" वर्गको बैंकमा स्तर वृद्धि भएको छ भने ३ वटा नयां थप विकास बैंकहरु संस्थापना भएका छन् । यसरी थप भएका नयाँ विकास बैंकहरुमा ज्योति विकास बैंक लि. काठमाडौंमा तथा पूर्णिमा विकास बैंक लि. र साइन डेभलपमेण्ट बैंक लि. रुपन्देही जिल्लाको क्रमशः सिद्धार्थनगर नगरपालिका र वुटवल नगरपालिकामा स्थापना भएका छन् । नयाँ ३९ वटा विकास बैंकहरु स्थापनाको प्रक्रियामा रहेकाले विभिन्न चरणमा कारवाही भइरहेको छ ।

४.६७ समीक्षा अवधिमा "ग" वर्गको कुनै पनि नयाँ वित्त कम्पनी संस्थापना हुन नआएका कारण इजाजतपत्र प्राप्त वित्त कम्पनीहरुको संख्या २०६५ फागुन मसान्तसम्ममा पनि ७८ वटामा नै सीमित रहन गएको छ । यी वित्त कम्पनीहरुमध्ये काठमाडौं उपत्यकाभित्र संचालित संख्या ५३ छ भने उपत्यका बाहिर सञ्चालित संख्या २५ रहेको छ । नयाँ ८ वटा वित्त कम्पनीहरु स्थापनाको प्रक्रियामा रहेकाले विभिन्न चरणमा कारवाही भइरहेको छ ।

४.६८ समीक्षा अवधिमा थप एक नयाँ लघुवित्त विकास बैंक संस्थापना भई "घ" वर्गको लघुवित्त कम्पनीहरुको संख्या १२ बाट बढेर १३ हुन गएको छ । यस अवधिमा काभ्रे जिल्लाको धुलिखेलमा केन्द्रीय कार्यालय रहने गरी श्री नयाँ नेपाल लघुवित्त विकास बैंक लि.स्थापना भएको छ ।

४.६९ सहकारी ऐन अन्तर्गत दर्ता भई सीमित बैकिङ्ग कारोवार सञ्चालन गर्ने इजाजतपत्रप्राप्त सहकारी संस्थाहरुको संख्या गत वर्ष सरह नै २०६५ फागुन मसान्तमा १६ वटामा नै सीमित रहेको छ ।

४.७० वित्तीय मध्यस्थ्यताको कारोवार गर्ने गैरसरकारी संस्थाहरु मध्ये नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगर र छिमेक समाज सेवा संस्था, काठमाडौको वित्तीय मध्यस्थ्यताको कारोवार गर्ने ईजाजत पत्र रद्द गरिएकोले २०६५ फागुन मसान्तसम्ममा यस्ता गैरसरकारी संस्थाहरुको संख्या ४५ मा सीमित हुन गएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको नियमन सम्बन्धी व्यवस्थाहरु

४.७१ प्रत्यक्ष रुपमा तोकिएका शर्तहरुको अधीनमा रही इजाजतपत्रप्राप्त वाणिज्य बैंक ("क" वर्ग), विकास बैंक ("ख" वर्ग) र वित्त कम्पनी ("ग" वर्ग) बाट अस्पताललाई प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था कायम गरिएको छ ।

४.७२ बैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा लिई नियतवस ऋण नतिर्ने प्रथम सूचीमा ७० जना, दोश्रो सूचीमा ३३ जना र तेस्रो सूचीमा २३८ जना गरी कुल ३४१ जना व्यक्तिहरुको सम्बन्धमा निक्षेप भुक्तानीमा रोक लगायत विभिन्न स्तरका कारवाही अघि बढाउने निर्णय भएको छ ।

४.७३ इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु (राष्ट्रियस्तरका बैंक तथा वित्तीय संस्थाहरु बाहेक) ले स्वीकृत आफ्नो भौगोलिक कार्यक्षेत्र भित्र अचल सम्पत्ति धितो राखी कर्जा प्रवाह गर्ने प्रयोजनका लागि परियोजना कर्जा बाहेकका अन्य प्रकृतिका कर्जाको हकमा त्यस्तो धितो तोकिएको भौगोलिक कार्यक्षेत्र भित्रकै हुनु पर्ने लगायतका व्यवस्था गरिएको छ ।

४.७४ कर्जा सूचना केन्द्रको कालोसूचीबाट हटेको प्रमाण सहित सम्बन्धित बैंक/वित्तीय संस्थाका संस्थापक सेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद सेयर, अग्राधिकार सेयर तथा ऋणपत्र दावी गर्न आएमा प्रचलित कानुन अनुसार अन्य व्यक्ति/संस्थालाई बेचविखन/बाँडफाँड/जफत गरिसकिएको अवस्था रहेनछ भने साविककै संस्थापक सेयरधनीले पाउने व्यवस्था गरिएको छ ।

४.७५ बैंक वा वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्षरुपले संलग्न व्यक्ति वा निजहरुको परिवारका सदस्यहरु वा निजहरुको स्वामित्व/ नियन्त्रणमा रहेको संघ/संस्थाले निजहरु त्यस्तो पदमा बहाल रहेको वा पदबाट अवकाश भएको एक वर्षसम्म तोकिएका कार्यहरु गर्न/गराउन प्रतिबन्ध लगाइएको छ ।

मञ्जुषा ४(च) : Margin Lending प्रकृतिको कर्जा सम्बन्धी निर्देशनको झलक

१. Margin Lending प्रकृतिको कर्जाका सम्बन्धमा यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुनर्संरचना र पुनर्तालिकीकरण गर्न समेत नपाइने लगायतको व्यवस्था गरिएको छ ।

२. Margin Lending प्रकृतिको सेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा सुरक्षण बापत राखिने सेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्य (Closing Price) को औसत मूल्यको आधारमा बढीमा ५० प्रतिशत वा सेयरको प्रचलित वजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ

सो रकमसम्म मात्र कर्जा दिन सकिने व्यवस्था गरिएकोमा सो सम्बन्धी अन्य व्यवस्थालाई यथावत् कायम राखी तोकिएका शर्तमा Margin Call गर्ने सम्बन्धमा थप व्यवस्था गरिएको छ ।

३. कुनै पनि प्रकारको मुद्दती निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित व्याजदर (Coupon Rate) पारदर्शी बनाई त्यस्तो व्याजदर बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट थप सुविधा दिन नपाइने व्यवस्था गरिएको छ ।

४. बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा सम्बन्धी लिखत प्रचलित ऐन कानुन बमोजिम देवनागरी लिपि नेपाली भाषामा तयार गरी २०६६ वैशाख १ गतेदेखि अनिवार्यरुपमा तयार गर्नुपर्ने व्यवस्था गरिएको र यो व्यवस्था विदेशी नागरिकहरुसंग हुने कारोवारको हकमा अनिवार्य नहुने व्यवस्था गरिएको छ ।

४.७६ इजाजतपत्रप्राप्त ("क" "ख" र "ग" वर्गका) बैंक तथा वित्तीय संस्थाले "घ" वर्गको वित्तीय संस्थामा गरेको संस्थापक सेयर पुँजी लगानीलाई समेत अप्रत्यक्ष रुपमा विपन्न वर्गमा प्रवाह गरिएको कर्जा सरह गणना गरिने व्यवस्था गरिएको छ ।

४.७७ ई.प्रा. निर्देशन नं. ९.१ देखि ९.१३ सम्मका फारामको अतिरिक्त ९.३ (क) फाराम थप गर्ने र सो फाराममा उल्लेख भए बमोजिमको वित्तीय विवरण मासिक रुपमा अवधि समाप्त भएको मितिले पन्ध्र दिन भित्र नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा आई पुग्ने गरी पठाउनु पर्ने व्यवस्था कायम गरिएको छ ।

४.७८ बैंक तथा वित्तीय संस्थाले सुरक्षण नराखिएको सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) र भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयर (Redeemable Non-Convertible Preference Share) जारी गर्दा यस सम्बन्धी विद्यमान व्यवस्थालाई यथावत् कायम गरी तोकिएको शर्तहरुको अधीनमा रहनु पर्ने व्यवस्था गरिएको छ ।

४.७९ बैंक तथा वित्तीय संस्थाले आफ्नै मुद्दती निक्षेप रसिद (Fixed Deposit Receipt) को धितोमा मात्र कर्जा/सापट उपलब्ध गराउन सक्ने, अन्य बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप रसिदको धितोमा कर्जा/सापट उपलब्ध गराउनु परेमा वा नवीकरण गर्नुपरेमा समेत नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

४.८० बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जा/सापटमा त्रैमासिक रुपमा व्याज असुल गर्ने गरेको अवस्थामा निक्षेपकर्ताको बचतखातामा पनि कम्तीमा ३/३ महिनामा व्याज प्रदान गर्ने गरी जम्मा गराइदिनुपर्ने व्यवस्था गरिएको छ ।

४.८१ बैंक तथा वित्तीय संस्थाले वित्तीय स्रोत परिचालन गर्दा आफ्नो कुल निक्षेप दायित्वको एक तिहाईभन्दा बढी सापटी रकम हुन नहुने ("घ" वर्ग बाहेक) व्यवस्था कायम गरिएको छ ।

४.८२ बैंक तथा वित्तीय संस्थाका संचालकहरुले आफ्नो बारेमा तोकिएको ढाँचामा स्वघोषणा (Self-Declaration) गरे/गराएको विवरणको जानकारी तथा सम्बन्धित संस्थाले आफ्ना संचालकहरुको सम्बन्धमा तयार गरेको दर्ता/लगत कितावको ढाँचाको विवरण नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.८३ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुले कायम गर्नु पर्ने न्यूनतम पुँजी कोष अनुपात जुनसुकै बखत पनि तोकिएको अनुपातमा कायम रहेको हुनु पर्ने अन्यथा तोकिएको कारबाही हुने व्यवस्था गरिएको छ ।

४.८४ यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैक तथा बित्तीय संस्थाहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गर्ने सापटी/लगानीलाई नियमित कर्जा सापट (Regular Credit Facility) को रुपमा नभई अन्तरबैंक कारोवार/सापटी/लगानी (Interbank Transactions/ Borrowing/Investment) को रुपमा मात्र प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ ।

४.८५ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले पुँजी पर्याप्तता कायम गर्ने प्रयोजनका लागि संस्थापकहरुले हकप्रद सेयरमा पूर्वलगानी गर्न चाहेमा तोकिएका शर्तहरुको अधीनमा रही गर्न सक्ने व्यवस्था कायम गरिएको छ ।

४.८६ बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा प्रवाह गर्दा ऋणी तथा जमानतकर्ता (व्यक्ति/फर्म/कम्पनी/ संस्था) तथा जमानत दिने समेतबाट तयार गर्ने/गराउने कागजातहरु (जुनसुकै लिखत, जमानीपत्र वा मन्जुरीनामा) प्रचलित ऐन कानुन बमोजिम देवनागरी लिपि नेपाली भाषामा तयार गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मञ्जुषा ४(छ) : बैंक तथा वित्तीय संस्थाहरुको स्तरोन्नति सम्बन्धी निर्देशन

(क) नेपाल राष्ट्र बैंकबाट "ख" र "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्थाबाट माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुनको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश हुन आएमा प्रक्रियागत व्यवस्था तोकिए अनुसार हुने व्यवस्था भएको छ ।

(ख) बैंकबाट "घ" वर्गको इजाजतप्राप्त वित्तीय संस्थाबाट माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुनको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश हुन आएमा तोकिए अनुसार हुने गरी स्तरोन्नति गर्ने व्यवस्था गरिएको छ ।

४.८७ इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिनको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश हुन आएमा प्रक्रियागत व्यवस्था तोकिए अनुसार हुने गरी गाभ्ने वा गाभिने व्यवस्था भएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९ वमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिई सोही ऐनको दफा ३६ बमोजिम माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुनको लागि नेपाल राष्ट्र बैंकमा

निवेदन पेश हुन आएमा सर्वप्रथम पुँजी बृद्धिको टुंगो लागे पछि मात्र स्तरोन्नतिको कारवाही अगाडि बढ्ने व्यवस्था भएको छ ।

४.८८ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुमा आफूले गरेको संस्थापक सेयर लगानी (Cross Holding) र सोको हकप्रद सेयर सम्बन्धमा तोकिए अनुसार हुने गरी नयाँ व्यवस्था कायम गरिएको छ ।

मञ्जुषा ४(ज) : विपन्न वर्गमा प्रवाह हुने कर्जा सम्बन्धी निर्देशन

क) आर्थिक वर्ष २०६५/६६ देखि वाणिज्य बैंकहरूको लागि विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा अनुपात साविकको ३.० प्रतिशत यथावत् कायम गरी २०६५ कार्तिक १ देखि लागू हुने गरी आफ्नो कुल कर्जाको आधारमा विकास बैंकले १.५ प्रतिशत र वित्त कम्पनीले १ प्रतिशत विपन्न वर्गमा अनिवार्य रूपले कर्जा प्रवाह गर्नुपर्ने छ ।

ख) वैदेशिक रोजगारीका लागि दलित, जनजाति, महिला, उत्पीडित, मधेसी अल्पसंख्यक तथा पिछडिएका वर्गका (नेपाल सरकारले परिभाषा गरे बमोजिम) मानिसहरूले लिएको ऋणको धितोमा वाणिज्य बैंक तथा विकास बैंकहरूलाई रू ५० करोडसम्मको पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्थालाई यथावत् कायम गरी यो सुविधामा लगाइने पुनर्कर्जा दर १.५ प्रतिशत रहने र यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा विकास बैंकहरूले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरिएको छ ।

ग) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ अन्तर्गत युवा तथा साना व्यवसायीहरुलाई विना धितो बढीमा दुई लाख रुपैयासम्मको कर्जा लगानी गरेमा त्यस्तो कर्जालाई विपन्नवर्गमा गणना गर्ने नीतिगत व्यवस्था कायम गरिएको छ ।

घ) नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत पचास किलोवाटसम्मको लघु जलविद्युत परियोजना (Micro Hydropower Project), घरेलु सौर्य विद्युत प्रणाली (Solar Home System), सौर्य चुलो (Solar Cooker), सौर्य ड्रायर (Solar Dryer), सौर्य विद्युत पम्प (Solar Pump), बायोग्याँस (Biogas), सुधारिएको पानी घट्ट (Improved Water Mill), सुधारिएको चुलो (Improved Cook Stoves) र वायू ऊर्जा (Wind Energy) प्रयोजनमा प्रति परिवार ६० हजार रुपैयाँमा नवढ्ने गरी प्रवाह गरेको कर्जालाई विपन्नवर्गमा गणना गर्ने भनी परिमार्जन गरिएको छ ।

ङ) बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्गमा गणना हुन योग्य व्यक्तिहरुका लागि मात्र घरजग्गा खरिद तथा घर निर्माण कर्जाको आवश्यकता पूरा गर्ने उद्देश्यले तोकिए अनुसारको शर्तको अधिनमा रही रु. ४ लाखसम्मको कर्जालाई समेत विपन्न वर्गको कर्जामा गणना गरिने व्यवस्था भएको छ ।

४.८९ जुनसुकै प्रयोजनको लागि पुँजी वृद्धि गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाका संस्थापक/संस्थापक समूहको सेयर खरिद गर्दा संस्थापक सेयरधनीहरूले तोकिएको ढाँचामा लगानी हुने रकमको आयस्रोतसम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था कायम गरिएको छ ।

४.९० तोकिएको पुँजीकोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा हकप्रद सेयर जारी गर्दा बैक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७(१) बमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको सेयर धारण गर्ने कुनै सेयरधनीले खरिद नगरेमा वा सेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद सेयरको अंश उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वतः खारेज गर्नुपर्ने छ ।

४.९१ कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाले इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्था ("क", "ख" र "ग" वर्ग) को संस्थापक सेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने नीतिगत व्यवस्था रहेको र सो अनुसार तोकिएको सीमाभित्र कायम नरहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरुलाई उक्त सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांश, बोनस सेयर र हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।

४.९२ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले प्रक्रिया पूरा गरी जारी गरेका बैक जमानत (Bank Guarantee) बापतको रकम कुनै कारण परी Beneficiary लाई भुक्तानी दिनु पर्ने अवस्थामा माग दावी परेको सात दिन भित्र भुक्तानी दिने/नदिने सम्बन्धमा टुङ्गो लगाइसक्नु पर्ने लगायतका व्यवस्था गरिएको छ ।

४.९३ "घ" वर्गका लघुवित्त विकास बैंकहरुले समूहमा आवद्ध नभएका इच्छुक व्यक्तिहरुलाई पनि पर्याप्त धितो लिई बढीमा रु. ६० हजारसम्मको लघुकर्जा प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

४.९४ SWIFT (Society for Worldwide Interbank Financial Telecommunication) प्रबिधि जडान गरेका बैंक तथा वित्तीय संस्थाहरुले SWIFT Message को माध्यमबाट नेपाल राष्ट्र बैंकको बैंकिंग कार्यालय, थापाथलीमा रहेको खाता खर्च गरी रकमान्तर गर्न सक्ने व्यवस्था गरिएको छ ।

४.९५ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले जलविद्युतसँग सम्बन्धी परियोजनाहरुमा आफ्नो प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्म कर्जा लगानी गर्दा आफ्नै कर्जा नीति/निर्देशिका अनुरुप गर्न सक्ने तर २५ प्रतिशत भन्दा बढी ५० प्रतिशतसम्म कर्जा लगानी गर्ने अवस्थामा अन्य कायम रहेको व्यवस्थाका अतिरिक्त सम्वन्धित निकायसंग अनिवार्य रुपमा विद्युत खरिद संझौता (Power Purchase Agreement) भएको हुनुपर्ने गरी स्पष्ट पारिएको छ ।

४.९६ इन्टरनेट, मोवाइल, विभिन्न प्रकारका कार्ड तथा अन्य इलेक्ट्रोनिक भुक्तानी प्रणालीको माध्यमबाट खरिद गरिएका बस्तु तथा सेवाको भुक्तानी गर्ने प्रयोजनका लागि इच्छुक कम्पनीले प्रचलित ऐन कानुन तथा तोकिएका शर्तहरुको अधिनमा रही Electronic Payment को माध्यमबाट भुक्तानी सम्बन्धी कार्य गर्न सकिने व्यवस्था गरिएको छ ।

४.९७ नेपाल राष्ट्र बैंकले पुँजीकोष सम्बन्धी नयाँ मापदण्ड बासल टु (BASEL II) अनुसार Capital Adequacy Framework लाई समसामायिक संशोधन गरी संशोधित Capital Adequacy Framework 2007 (Updated July, 2008) आर्थिक वर्ष २०६५।६६ (२०६५ साउन) देखि पूर्णरुपमा लागू गरिएको छ ।

४.९८ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले संचालनमा आएको मितिले बढीमा दुई वर्ष भित्र सर्वसाधारणको लागि छुट्याइएको सेयर विक्री वितरण गरिसक्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

४.९९ मुद्दती रसिद (FDR Loan) तथा अन्य सुरक्षणपत्रहरुको धितोमा कर्जा प्रवाह गर्दा त्यस्तो सुरक्षणपत्रमा अंकित व्याजदर (Coupon Rate) भन्दा कम व्याजदर नहुने गरी कर्जा प्रवाह गर्नुपर्ने छ । उक्त व्यवस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु वीच एक आपसमा हुने कर्जा कारोवारमा मात्र लागू हुने र अन्यको हकमा लागू नहुने व्यवस्था कायम गरिएको छ ।

४.१०० इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था ("क", "ख" र "ग" वर्ग) हरुले तोकिएको बमोजिमका शर्त अन्तर्गत रही सेयर निक्षेप (Share Deposit) योजनाहरु संचालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

४.१०१ बैंक तथा वित्तीय संस्थाको पूंजी संरचनामा परिवर्तन गर्ने गरी संस्थापकहरुको सेयर स्वामित्व अनुपात थप गर्ने अनुमतिको लागि नेपाल राष्ट्र बैक समक्ष निवेदन/रायको लागि पेश हुन आएको अवस्थामा तोकिए अनुसार गर्ने गरी नीतिगत व्यवस्था कायम भएको छ ।

४.१०२ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणका लागि सेयर विक्री गर्न आव्हान गरी विवरणपत्र समेत जारी गरी सेयरको सुरु निश्कासन (Initial Public Offering) को माध्यमबाट सेयर धारण गरी कायम हुन आएका सेयरधनीहरु बाहेक संस्थापक, संस्थापक समूह र Private Placement को माध्यमबाट स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाद्वारा धारण गरिएको सेयर समेत नेपाल राष्ट्र बैंकको नियमन प्रयोजनार्थ संस्थापक/संस्थापक समूहको सेयर सरह मानिने गरी स्पष्ट पारिएको छ ।

४.१०३ गुनासो सुनुवाई एकाई तथा गुनासो व्यवस्थापन समितिको गठन भए पश्चात् बि.सं. २०६५ फागुन मसान्तसम्ममा जम्मा ३८६ वटा उजुरी परेकोमा ३०५ वटा उजुरी उपर सुनुवाइ भइसकेको र बाँकी ८१ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुसंग आवश्यक पत्राचार भइरहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण

४.१०४ अर्थतन्त्रको दिगो विकासको निमित्त स्वस्थ एवम् प्रतिस्पर्धी बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास गरी समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न र सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुले निर्धारण गरेका विभिन्न मापदण्ड एवम् सर्वमान्य सिद्धान्त र पद्धतिहरुको आधारमा नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गर्ने गरिएको छ। बैंक एवम् वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि संगै बढ्दै गएको जोखिम र विद्यमान सुपरिवेक्षकीय क्षमता बीच तालमेल मिलाई वस्तुगत यथार्थलाई समेत मध्यनजर गर्दै सुपरिवेक्षण गर्दा जोखिमका क्षेत्रहरुमा जोड दिई Risk Based Supervision लाई क्रमिकरुपमा लागू गरिएको छ। सुपरिवेक्षण प्रक्रियाको प्रभावकारी कार्यान्वयनमा जोड दिंदै समस्याग्रस्त वैंक तथा वित्तीय संस्थाहरुको लागि छुट्टै अनुगमन संयन्त्र बनाई सुक्ष्मरुपमा सुपरिवेक्षण तथा अनुगमन गर्ने कार्यलाई निरन्तर अघि वढाइएको छ।

४.१०५ वार्षिकरुपमा सम्पूर्ण बाणिज्य वैंक तथा वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गर्ने नीति अनुरुप चालू आर्थिक वर्ष २०६५/६६ मा पनि निरीक्षण तथा सुपरिवेक्षण कार्यसञ्चालन गरिएको छ। सुपरिवेक्षणको क्रममा देखिएका कमी कमजोरीहरु निरीक्षणको क्रममै सुधार गर्न लगाउनाको साथै निरीक्षण प्रतिवेदन मार्फत सुधारको लागि नियमितरुपमा निर्देशन दिने गरिएको छ। साथै, सुपरिवेक्षण कार्य तथा निरीक्षण प्रतिवेदनको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनका लागि सांगठनिक संरचनामा सुधार गर्दै निरीक्षण एकाईहरुको पुनर्गठन गरिएको छ भने यसक्रममा अनुगमन तथा कार्यान्वयनको विषयलाई प्राथमिकता दिइएको छ।

मञ्जुषा ४ (झ) : निरीक्षण एवम् सुपरिवेक्षणको २०६५ फागुन मसान्तसम्मको प्रगति

समष्टिगत स्थलगत निरीक्षण

२०६५ फागुन मसान्तसम्ममा २१ वटा वाणिज्य बैंकहरुको समष्टिगत स्थलगत निरीक्षण सम्पन्न भएको छ भने आर्थिक वर्षको अन्त्यसम्ममा बाँकी ४ वटा बैंकहरुको समेत निरीक्षण कार्य पूरा गरिने कार्यक्रम रहेको छ। यसैगरी, १४ वटा विकास बैंक, ४२ वटा वित्त कम्पनी, ६ वटा लघुवित्त विकास बैंक, ६ वटा सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था र ४ वटा लघुकर्जा कारोवार गर्ने गैरसरकारी संस्थाको समेत स्थलगत निरीक्षण गरिएको छ।

गैरस्थलगत सुपरिवेक्षण

समीक्षा अवधिमा ७२ वटा वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण गरिएको छ भने ६ वटा वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०६३।६४ को लेखापरीक्षण भएका वित्तीय विवरणहरु प्राप्त नभएको हुँदा उक्त संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षणको काम गर्न बाँकी रहेको छ।

विशेष निरीक्षण

समीक्षा अवधिमा आवश्यकता हेरी ९ वटा बाणिज्य बैंक, १४ वटा विकास बैंक र एउटा लघुवित्त विकास बैंकको विशेष निरीक्षण गरिएको छ ।

अनुगमन तथा लक्षित निरीक्षण

समीक्षा अवधिमा एउटा विकास बैंक र एउटा वित्त कम्पनी गरी दुईवटा वित्तीय संस्थाहरुको अनुगमन निरीक्षण गरिएको छ भने १७ वटा विकास बैंक र १० वटा वित्त कम्पनीको लक्षित निरीक्षण गरिएको छ ।

४.१०६ बाणिज्य बैंकहरुले वित्तीय विवरण प्रकाशित गर्नु पूर्व नेपाल राष्ट्र बैंकबाट सहमति दिने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । निर्देशन बमोजिम तोकिएको अनिवार्य नगद मौज्दात कायम नगर्ने तथा विपन्न वर्गमा कर्जा प्रवाह नगर्ने केही बैंकहरुलाई हर्जाना लगाइएको छ । सुपरिवेक्षण कार्यलाई वढी प्रभावकारी र समय सापेक्ष वनाउने उद्देश्यले गैरस्थलगत सुपरिवेक्षण सम्बन्धी संरचनामा सुधार गरिएको छ भने Big Borrower को Data Base सम्वन्धी सफ्टवेयर तयार गरी सोको जानकारी बाणिज्य बैंकहरुलाई समेत दिइएको छ । Early Warning System को Check List तयार गरी सम्वन्धित बाणिज्य बैंकहरुको डेस्कहरुमा त्यसलाई नियमितरुपमा अद्यावधिक गर्ने कार्य भइरहेको छ ।

४.१०७ वाणिज्य बैंकहरुमा विद्यमान तरलता सम्वन्धी समस्यालाई सम्वोधन गर्ने अभिप्रायले तरलताको नियमितरुपमा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । गैरस्थलगत सुपरिवेक्षण अन्तर्गत एक छुट्टै एकाई खडा गरी बाणिज्य बैंकमा रहेको तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने कार्यले बैंकिंग क्षेत्रमा रहेको तरलताको यथार्थ पहिचान गर्न मद्दत पुगेको छ ।

५. पुँजी बजार

प्राथमिक बजार

५.१ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा धितोपत्रको प्राथमिक बजार मार्फत ४ वटा संगठित संस्थाले साधारण सेयरको प्राथमिक निष्काशन, २४ वटा संगठित संस्थाले साधारण सेयरको हकप्रद निष्काशन तथा दुई वटा संगठित संस्थाले ऋणपत्र निष्काशन गरी कुल ३० वटा संगठित संस्थाले जम्मा रु.७ अर्व ३१ करोड ५५ लाख मूल्य बरावरको पुँजी परिचालन गरेका छन् । समीक्षा अवधिको धितोपत्रको निष्काशन रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४६.७ प्रतिशतले बढी रहेको छ । आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अवधिमा २६ वटा संगठित संस्थाहरुले धितोपत्रको प्राथमिक वजार मार्फत रु.४ अर्ब ९८ करोड ६५ लाख मूल्य बरावरको धितोपत्र निष्काशन गरी पुँजी परिचालन गरेका थिए ।

तालिका ५ (क): प्राथमिक बजार प्रवृत्ति

(रु. करोडमा)

विवरण		*आर्थिक वर्ष*							
								प्रथम नौ महिना	
		२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६४/६५	२०६५/६६
१	पुँजी परिचालन	६९.६६	१०९.०४	१६७.२३	२४४.३३	२२९.५५	९९६.८२	४९८.६५	७३१.५५
क)	साधारण सेयर	३९.४३	६५.७५	३७.७५	५७.९८	३८.०२	९२.४८	४०.२४	९९.३०
ख)	हकप्रद सेयर	१६.२२	७.००	९४.९३	१०१.३५	१२६.५३	६०९.३४	३०८.४१	५५७.२५
ग)	अग्राधिकार सेयर	-	–	–	–	४०.०	–	–	
घ)	डिवेञ्चर	-	३०.००	३०.००	८५.००	२५.०	२९५.००	१५०.०	७५.००
ङ)	म्युच्युअल फण्ड	१०.००	-	–	–	–	–	–	–
च)	नागरिक एकांक योजना	४.०१	६.२९	४.५५	–	–	–	–	–
२	पुँजी परिचालनकर्ता संगठित संस्थाहरुको संख्या	१८	१४	१४	२९	३४	६४	२६	३०

स्रोतः नेपाल धितोपत्र बोर्ड ।



+ प्रथम नौ महिना

दोस्रो बजार

५.२ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अवधिमा थप १५ वटा कम्पनीहरु सूचीकरण भई कुल सूचीकृत कम्पनीहरुको संख्या १५७ कायम भएको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत कम्पनीहरुको संख्या १४२ रहेको थियो। साथै, आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा धितोपत्रको बजार पुँजीकरणमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७४.७ प्रतिशतले बृद्धि भई रु. ४ खर्व २१ अर्ब १५ करोड ९१ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अन्त्यमा बजार पुँजीकरण मूल्य रु. २ खर्व ४१ अर्ब १२ करोड ७८ लाख कायम रहेको थियो। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रु. ३ खर्व ६६ अर्ब २५ करोड पुगेको बजार पुँजीकरण २०६५ भदौ १५ गते रु. ६ खर्ब १२ अर्ब नाघी हालसम्मकै उच्च रेकर्ड कायम भएको थियो।



५.३ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा आर्थिक वर्ष २०६४/६५ को सोही अवधिको तुलनामा धितोपत्र कारोवार रकममा १३.८ प्रतिशतले बृद्धि भई रु. १६ अर्ब ९८ करोड २८ लाख मूल्यको २ करोड २१ लाख ६ हजार ५ सय ७० कित्ता धितोपत्र कारोवार भएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनामा रु. १४ अर्ब ९२ करोड ५४ लाख मूल्यको १ करोड ८७ लाख ३५ हजार ८ सय ५० कित्ता धितोपत्र कारोवार भएको थियो।

५.४ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा आर्थिक वर्ष २०६४/६५ को सोही अवधिको तुलनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य १२२.४ प्रतिशतले वृद्धि भई रु. ५४ अर्व ६८ करोड १० लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रु. २४ अर्व ५८ करोड ९० लाख रहेको थियो।

५.५ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा आर्थिक वर्ष २०६४/६५ को सोही अवधिको तुलनामा कारोवार संख्यामा ५८.३ प्रतिशतले वृद्धि आई कुल १ लाख ५१ हजार ९ सय ४२ वटा कारोवार भएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अवधिमा कुल ९५ हजार ९ सय ७० वटा कारोवारहरु भएका थिए।

तालिका ५ (ख): दोस्रो बजार प्रवृत्ति

(रु. करोडमा)

विवरण	*आर्थिक वर्ष*							
							प्रथम नौ महिना	
	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६४/६५	२०६५/६६
धितोपत्र कारोवार रकम	५७.५८	२,१४.४३	४,५०.७७	३,४५.१४	८,३६.०१	२२,८२.०८	१४,९२.५४	१६,९८.२८
कारोवार भएको धितोपत्र संख्या (हजार)	२४,२८	६४,६८	१,८४,३४	१,२२,२२	१,८१,४७	२,८५,९९.७७	१,८७,३५.८५	२,२१,०६.५७
कारोवार (संख्या)	६९,१६३	८५,५३३	१,०६,२४६	९७,३७४	१,२०,५१०	१,५०,८००	९५,९७०	१,५१,९४२
बजार पुँजीकरण	३५,२४.०४	४१,४२.४८	६१,३६.५९	९६,८१.३७	१,८६,३०.१३	३,६६,२४.७५	२,४१,१२.७८	४,२१,१५.९१
बजार पुँजीकरणमा कारोवारको प्रतिशत	१.६३	५.१८	७.३४	३.५६	४.४८	६.१९	६.२२	४.०३
कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरणको प्रतिशत	७.१६	७.७२	१०.४१	१४.८०	२५.६८	४४.७५	२९.४६	४३.८७
सूचीकृत धितोपत्रको चुक्ता मूल्य	१२,५६.००	१३,४०.४९	१६,७७.१९	२०,००.८६	२१,७९.८८	२९,४६.५	२४,५८.९	५४,६८.१
सूचीकृत संगठित संस्थाहरु (संख्या)	१०८	११४	१२५	१३५	१३५	१४२	१४६	१५७
कारोवार भएको कम्पनीको संख्या	८१	९२	१०२	११०	११६	१३६	१३०	१६४
नेप्से सूचकांक (माघ २९, २०५०=१००)	२०४.८६	२२२.०४	२८६.६७	३८६.८६	६८३.९५	९६३.३६	७४६.६९	६६१.२७

स्रोतः नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. तथा केन्द्रीय तथ्यांक विभाग।



५.६ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा नेप्से सूचकांकमा आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अन्त्यको तुलनामा ८५.४२ विन्दुले गिरावट आई ६६१.२७ प्रतिशत विन्दु कायम भएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अन्त्यमा नेप्से सूचकांक ७४६.६९ प्रतिशत विन्दु रहेको थियो।



नेपाल धितोपत्र बोर्ड

५.७ नेपाल धितोपत्र बोर्डले धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी थप नयाँ व्यवस्थाहरु समावेश गरी मिति २०६५ कार्तिक २७ देखि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ र २०६५ चैत ९ देखि धितोपत्र निष्काशन निर्देशिका, २०६५ लागू गरेको छ। उल्लिखित नियमावली तथा निर्देशिकाका व्यवस्थाहरुको परिपालनाले धितोपत्रको दर्ता तथा निष्काशन कार्य थप व्यवस्थित तथा पारदर्शी भई धितोपत्रको निष्काशनमा सर्वसाधारण लगानीकर्ताहरुको सहभागितामा वृद्धि आउने छ।

५.८ नेपाल धितोपत्र बोर्डले अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को अनुदान सहयोगमा बोर्डको आन्तरिक तथा बाह्य प्रत्यक्ष सूचना सम्बन्ध स्थापना र धितोपत्र सम्बन्धी

जानकारी तथा तथ्याङ्क प्रणालीको सुदृढ व्यवस्थापन गरी धितोपत्र सम्बन्धी केन्द्रीय तथ्याङ्क बैंक विकास, बोर्डको आन्तरिक क्रियाकलापहरुको यान्त्रिकीकरण, बोर्डको बजार सुपरिवेक्षण क्षमता अभिवृद्धि तथा स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई धितोपत्र सम्बन्धी जानकारी तथा तथ्याङ्कहरु सर्वसुलभरुपमा उपलब्ध हुने व्यवस्था गर्न गत आर्थिक वर्षको अन्त्यदेखि कार्यान्वयनमा ल्याएको धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना आयोजना अन्तर्गत समीक्षा अवधिमा बोर्डका कर्मचारीहरुलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम, हार्डवेयर तथा सफ्टवयरहरुको खरिद कार्य, विवरण प्रवाह सम्बन्धी विविध मोडुलहरु तथा धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंक सम्बन्धी मोडुल तयार भई करिब ८० प्रतिशत काम पूरा भएको छ। उक्त आयोजनाको कार्यान्वयन कार्य सम्पन्न भई संचालनमा आए पश्चात् सूचीकृत तथा नयाँ निष्काशनकर्ता संगठित संस्थाहरु, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुले धितोपत्र सम्बन्धी ऐन तथा नियमका व्यवस्था अनुसार बोर्डमा प्रस्तुत गर्नुपर्ने विवरणहरु विद्युतीय माध्यम (On-line) मार्फत समेत प्रस्तुत गर्न सक्नेछन्।

५.९ समीक्षा अवधिमा एक दलाल व्यवसायीले नियम विपरीत एक भन्दा बढी व्यवसायीको स्वामित्व लिएको र सो सम्बन्धी विवरण लुकाएको देखिएकाले नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम रु. १ लाख जरिवाना गरेको छ। साथै, बोर्डले धितोपत्र सम्बन्धी ऐन नियमका व्यवस्थाहरु प्रभावकारीरुपमा लागू गर्न २०६५ फागुन २५ मा कानुन प्रवलीकरण समिति गठन गरेको छ।

५.१० नेपाल सरकारको मिति २०६५ पुस २९ को सचिवस्तरीय निर्णयबाट नेपाल धितोपत्र बोर्डका अध्यक्षको संयोजकत्वमा गठित धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना सुझाव समितिले केन्द्रीय निक्षेप प्रणाली स्थापना सम्बन्धमा अध्ययन कार्य सम्पन्न गरी २०६५ फागुन २ मा अर्थ मन्त्रालयमा अध्ययन प्रतिवेदन पेश भएकोमा सोही अनुसार नेपाल सरकार, सचिवस्तरीय निर्णयबाट बोर्डका अध्यक्षको संयोजकत्वमा केन्द्रीय निक्षेप प्रणाली स्थापना समिति गठन भई केन्द्रीय निक्षेप प्रणाली स्थापना कार्य अगाडि बढेको छ। नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली तथा सामूहिक लगानी योजना संचालन सम्बन्धी नियमावलीहरुको मस्यौदा तयार गरेको छ।

५.११ नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम १५ वटा कम्पनीहरुलाई मर्चेन्ट बैंकिङ्ग अनुमतिपत्र प्रदान गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्ने कम्पनीहरुको संख्या नौ रहेको थियो। बजारमा थप मर्चेन्ट बैंकरहरुको प्रवेशबाट मर्चेन्ट बैंकिङ्ग व्यवसाय प्रतिस्पर्धी हुनेछ।

५.१२ नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा धितोपत्र बजारका लगानीकर्ताहरुको जानकारी तथा सचेतता अभिवृद्धि गर्न दोस्रो चरणको लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरी जम्मा ६० जना लगानीकर्ताहरुलाई धितोपत्र बजार सम्बन्धी विभिन्न विषयमा आधारभूत स्तरको प्रशिक्षण दिएको छ।

५.१३ नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा कुल ३० वटा संगठित संस्थाहरुलाई जम्मा रु. ७ अर्ब ३१ करोड ५४ लाख ७७ हजार १ सय मूल्य बराबरको धितोपत्र दर्ता गरी प्राथमिक निष्काशन अनुमति दिएको छ। साथै, समीक्षा अवधिमा बोर्डले ४० वटा सूचीकृत संगठित संस्थाहरुको रु. २ अर्ब ६२ करोड ९४ लाख ५ हजार ६ सय मूल्य बराबरको बोनस सेयर (Stock Dividend) दर्ता गरी निष्काशन अनुमति दिएको छ।

मञ्जुषा ५(क) : धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली

धितोपत्र बजारमा निष्काशन भएका धितोपत्रहरु सम्बन्धित धितोपत्र धनीबाट आफ्नो जिम्मामा लिई धितोपत्र धनीहरुको धितोपत्रको खाता राख्ने, धितोपत्र सुरक्षित राख्ने, धितोपत्र वा स्वामित्व अधिकार फिर्ता दिने सम्बन्धी सेवा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली मार्फत हुने गर्दछ । केन्द्रीय निक्षेप प्रणालीले सहभागी कम्पनीका धितोपत्र धनीहरुको हक/अधिकारको रजिष्ट्री वा अभिलेख राख्ने तथा निष्काशन गर्न अनुमति दिइए भन्दा बढी धितोपत्र निष्काशन गर्न रोक्ने र धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट (Clearing and Settlement) सम्बन्धी कार्य समेत गर्न सक्दछ । केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र अभौतिक (Dematerialized) एवम् कागजी प्रविष्टीद्वारा केन्द्रीय निक्षेप कम्पनी भित्र अचल (Immobilized) रुपमा राख्न सकिन्छ । अर्को शब्दमा केन्द्रीय निक्षेप प्रणालीको पूर्वसर्त धितोपत्रको अभौतिक (वा अचल) अवस्था हो र धितोपत्र कारोवार पश्चात् हुने हक ट्रान्स्फर कितावी प्रविष्टी ट्रान्सफर मार्फत हुने गर्दछ ठीक त्यस्तै तरिकाले जसरी बैकिङ्ग प्रणालीमा पैसा ट्रान्सफर हुने गर्दछ ।

पूर्ण सेवा दिने केन्द्रीय निक्षेप प्रणालीले धितोपत्रको सही स्वामित्व अभिलेखको व्यवस्था, सेयर धनीहरुको स्वामित्व अधिकारको सुरक्षा, कारोवार भएका सेयरको हक हस्तान्तरण तथा भुक्तानी, विकसित धितोपत्र साधनहरुको कारोवारको अभ्यास, बढ्दो संख्याका सहभागीहरुलाई धितोपत्र खरिद तथा बिक्रीका लागि समान प्रतिस्पर्धाको संभावना बढाई धितोपत्र बजार लगानीकर्ताहरुको विश्वासमा अभिवृद्धि ल्याउँछ । केन्द्रीय निक्षेप प्रणालीले दक्ष एवं जोखिममुक्त धितोपत्र कारोवारको बातावरण सिर्जना गरी पुँजी बजारलाई बढी तरल हुन, बैदेशिक लगानीकर्ताहरुलाई आकर्षित गर्न तथा अर्न्तराष्ट्रिय स्तरहरु (International standards) को परिपालना गर्न सहयोग पुऱ्याउँदछ ।

धितोपत्र कारोवार व्यवस्थाको आंशिक रुपमा यान्त्रिकीकरण भइसकेको सन्दर्भमा यसलाई पूर्ण रुपमा यान्त्रिकीकरण गरी धितोपत्र कारोवारको दक्ष एवं प्रभावकारी व्यवस्था गरी धितोपत्रको दोस्रो बजार गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरुलाई खुला गर्नका लागि समेत देशमा धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीको स्थापना एवं संचालनको अपरिहार्यता रहेको छ ।

हाल धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापनाका लागि गठित समिति मार्फत सार्वजनिक कम्पनीको रुपमा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना कार्य अगाडि बढी यसको स्वामित्व संरचनामा स्टक एक्स्चेञ्ज को ५० प्रतिशत, नागरिक लगानी कोषको १५ प्रतिशत, कर्जा सूचना केन्द्रको १० प्रतिशत तथा देशका विभिन्न ६ वटा ठूला वाणिज्य बैंकहरुको २५ प्रतिशत स्वामित्व हुने सैद्धान्तिक सहमति भइसकेको छ । साथै, केन्द्रीय निक्षेप प्रणाली दर्ताका लागि आवश्यक प्रबन्ध पत्र तथा नियमावलीको

तयारी कार्य तथा धितोपत्र बजारको वर्तमान अवस्था तथा भविष्यको संभावनालाई दृष्टिगत गरी आवश्यकता अनुसार परिवर्तन गर्न सकिने, भरपर्दो एवं दिगो प्रणाली स्थापना तथा संचालनका लागि आवश्यक हार्डवयर तथा सफ्टवयरहरुको खरिद कार्य अगाडि बढाउने सम्बन्धमा संभाव्यता अध्ययन कार्यको तयारी भइरहेको छ ।

नेपाल स्टक एक्सचेञ्ज लि.

५.१४ आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि.ले धितोपत्र कारोवारबाट रु. ६७ करोड ८० लाख ७९ हजार २ सय २७ पुँजीगत लाभकर उठाई राजस्व दाखिला गरेको छ । समीक्षा अवधिमा संकलित उक्त पुँजीगत लाभकर आर्थिक वर्ष २०६४/६५ को सोही अवधिको तुलनामा २.६ प्रतिशतले बढी छ । आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनामा नेपाल स्टक एक्सचेञ्ज लि. ले धितोपत्र कारोवारबाट रु. ६६ करोड १२ लाख पुँजीगत लाभकर संकलन गरेको थियो ।

५.१५ धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा कुल सूचीकृत कम्पनीहरु मध्ये ७८ वटा कम्पनीहरु "क" वर्गमा वर्गीकरण भएका छन् । समीक्षा अवधिमा "क" वर्गमा वर्गीकरण हुने कम्पनीहरुको संख्या आर्थिक वर्ष २०६४/६५ मा "क" वर्गमा वर्गीकरण हुने कम्पनीहरुको संख्या भन्दा ७ वटाले बढी छ । आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनामा कुल सूचीकृत कम्पनीहरु मध्ये ७१ वटा कम्पनीहरु "क" वर्गमा वर्गीकरण भएका थिए ।

धितोपत्र व्यवसायीहरु

५.१६ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा धितोपत्र बजारमा संस्थागत धितोपत्र कारोवारका लागि २३ वटा धितोपत्र दलाल, १५ वटा मर्चेन्ट बैंकरहरु र सरकारी ऋणपत्र कारोवारका लागि सात वटा धितोपत्र दलाल व्यवसायी तथा तीन वटा बजार निर्माता कायम रहेका छन् । आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनाको अन्त्यमा संस्थागत धितोपत्र कारोवारका लागि २३ वटा धितोपत्र दलाल, नौ वटा मर्चेन्ट बैंकर तथा दुई वटा धितोपत्र व्यापारीहरु र सरकारी ऋणपत्र कारोवारका लागि सात वटा धितोपत्र दलाल व्यवसायी तथा तीन वटा बजार निर्माता कायम रहेका थिए ।

सामूहिक लगानी योजना

५.१७ एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. को व्यवस्थापन तथा नेपाल औद्योगिक विकास निगम ट्रष्टी भई सञ्चालनमा ल्याइएको रु. १० करोड बराबरको एन.सि.एम.म्युचुअल फण्ड २०६० भदौ २४ देखि नेपाल धितोपत्र विनिमय बजार लि.मा सूचीकृत भई फण्ड अन्तर्गत जारी गरिएका युनिटहरुको खरिद-विक्री कार्य भइरहेको छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा फण्डको खुद मूल्य रु. ४७ करोड ६६ लाख ३० हजार तथा फण्डको प्रति युनिट खुद मूल्य (Net Assets Value) करीव रु. ४८ रहेको छ । आर्थिक वर्ष

२०६४/६५ को प्रथम नौ महिनाको अन्त्यमा फण्डको खुद मूल्य रु. ३८ करोड ८९ लाख ४४ हजार तथा फण्डको प्रति युनिट खुद मूल्य करीव रु. ३९ रहेको थियो ।

नागरिक लगानी कोष

५.१८ नागरिक लगानी कोषले सञ्चालन गरेको नागरिक एकांक योजनाका साथै यसले सञ्चालन गरेको अन्य कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, बीमा कोष योजना, अंशदानमुखी पेन्सन योजना जस्ता योजनाहरु अन्तर्गत आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा थप रु. ५ अर्ब ३ करोड ३ लाख पुँजी संकलन भई जम्मा संकलित कोष रकम रु. १४ अर्ब २० करोड पुगेको छ। समीक्षा अवधिमा संकलित कुल कोष रकम मध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषमा ५९.२२ प्रतिशत, नागरिक एकांक योजनामा ४.६८ प्रतिशत, लगानीकर्ता हिसाब योजनामा १०.६५ प्रतिशत, उपदान कोष योजनामा १५.५३ प्रतिशत, बीमा कोष योजनामा ९.६८ प्रतिशत तथा अंशदानमुखी पेन्सन योजनामा ०.२५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम नौ महिनामा उल्लिखित योजनाहरु अन्तर्गत जम्मा संकलित कोष रकम रु. ९ अर्ब १६ करोड ९७ लाख पुगेको थियो ।

५.१९ नागरिक लगानी कोषले समीक्षा अवधिमा विगत आर्थिक वर्षको सोही अवधिको तुलनामा थप रु. ४ अर्व ९८ करोड ५२ लाख लगानी गरी जम्मा रु. १४ अर्व १ करोड ८ लाख लगानी व्यवस्थापन गरेको छ। कुल लगानी रकम मध्ये सरकारी ऋणपत्र तथा निश्चित व्याज प्राप्त हुने साधनहरुमा ११.६३ प्रतिशत, समयकालीन कर्जामा १०.४५ प्रतिशत, संगठित संस्थाको सेयरमा १.८९, संगठित संस्थाको प्रिफरेन्स सेयर तथा डिवेञ्चरमा ९.४५ प्रतिशत, सहभागी सापटी तथा घर कर्जामा ११.०० प्रतिशत तथा मद्दती निक्षेपमा ५५.५७ प्रतिशत रहेको छ।

५.२० नागरिक लगानी कोषले पुँजी बजारतर्फ समीक्षा अवधिमा कुल रु. ४६ करोड ५० लाख रकम बराबरको निष्काशन तथा बिक्री प्रबन्ध सेवा तथा रु. १ अर्ब ७२ करोड ९६ लाख बराबरको सेयर रजिष्ट्रार सेवा प्रदान गरेको छ।

५.२१ नागरिक लगानी कोषले सञ्चालनमा ल्याएको नागरिक एकांक योजना अन्तर्गत समीक्षा अवधिसम्ममा कुल रु. ६६ करोड ४० लाख बराबरको एकांक बिक्री भएको छ। नागरिक लगानी कोषबाट सञ्चालित उक्त योजनामा करीव १३ हजार ४ सय १५ जना सहभागीहरु रहेका छन्। कोषले सहभागीहरुलाई समीक्षा अवधिमा प्रति एकांक ६.२५ प्रतिशत प्रतिफल वितरण गरेको छ। गत आर्थिक वर्षको चैत मसान्तमा कोषद्वारा सञ्चालित उक्त योजनाको खुद कोष रकम रु.६९ करोड ८२ लाख रहेको थियो ।

६. वाह्य क्षेत्र

वाह्य क्षेत्रको स्वरुप

६.१ शोधनान्तरको महत्वपूर्ण अंशको रुपमा रहेको चालू खाता कारोवार हालका वर्षहरुमा वचतमा रहने गरेको छ। वैदेशिक कारोवार मध्ये वस्तु व्यापार, सेवा तथा आय जस्ता क्षेत्रमा घाटा रहेतापनि विप्रेषण आय, पेन्सन र वैदेशिक अनुदान सहायताबाट प्राप्त रकमले गर्दा रकमान्तर (ट्रान्सफर) शीर्षकमा उल्लेखनीय वचत हुने गरेकोले सोको अनुकूल प्रभाव चालू खातामा पर्ने गरेको छ। यसैगरी, पुँजी खातामा पनि सामान्यतया वचत रहने कारणले समग्रमा शोधनान्तर वचत रहने र विदेशी विनिमय संचितिको स्तर पनि विगत केही वर्षदेखि सन्तोषजनक (Comfortable) रहेको छ।

६.२ मूल्य स्थिरता कायम राख्ने उद्देश्यले नेपाली मुद्राको भारतीय मुद्रासँग स्थिर विनिमय दर कायम गरिएको छ। अन्य विदेशी मुद्रासँग भने बजारमा आधारित विनिमय दर कायम गर्ने नीतिगत व्यवस्था रहेको छ। चालू खातामा पूर्ण परिवर्त्यता भएपनि पुँजी खातामा परिवर्त्यता छैन। विदेशीले Portfolio Investment गर्न पाउने व्यवस्था छैन भने नेपालीले पनि विदेशमा लगानी गर्न पाउने नीतिगत व्यवस्था नभएकोले विदेशी विनिमयको आप्रवाहमा केही अंकुश रहँदै आएको छ।

बैदेशिक व्यापार

६.३ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कुल निर्यात र कुल आयातमा विस्तार आएको छ। निर्यात र आयातमा भएको विस्तारका कारण कुल वैदेशिक व्यापार २४.२ प्रतिशतले बढ्न गई रु. २२० अर्ब ३२ करोड पुगेको छ। गत वर्षको यसै अवधिमा कुल वैदेशिक व्यापार ३७.७ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कुल निर्यात १७.१ प्रतिशतले बढेको छ भने कुल आयात २६.१ प्रतिशतले बढेको छ। कुल वैदेशिक व्यापारमा निर्यातको अंश २०.१ प्रतिशत र आयातको अंश ७९.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा निर्यातको अंश २१.३ प्रतिशत र आयातको अंश ७८.७ प्रतिशत रहेको थियो। आयातमा भएको वृद्धिको तुलनामा निर्यातमा वृद्धि हुन नसकोले व्यापार घाटामा समेत विस्तार आएको छ। फलस्वरुप, आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा व्यापार घाटा २९.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो घाटा ३७.७ प्रतिशतले बढेको थियो। देशगतरुपमा भारततर्फको व्यापारको अंश ५७.५ प्रतिशत र अन्य मुलुकतर्फको अंश ४२.५ प्रतिशत रहेको छ।





निर्यात

६.४ आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा कुल निर्यात १७.१ प्रतिशतले बढी रु. ४४ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा कुल निर्यात २.९ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा भारततर्फको निर्यातमा सामान्य वृद्धि भएतापनि अन्य मुलुकतर्फको निर्यातमा उल्लेख्य वृद्धि भएको छ। फलस्वरुप, कुल निर्यातमा भारतको अंश गत वर्षको ६८.२ प्रतिशतबाट घटेर ६०.३ प्रतिशत रहेको छ। अमेरिकी डलरमा भने गत वर्ष ९.६ प्रतिशतले बढेको कुल निर्यात यस वर्ष १.१ प्रतिशतले घटेको छ। नेपाली मुद्रा अमेरिकी डलरसँग (गत वर्षको आठ महिनाको औसतको तुलनामा) १५.६ प्रतिशतले अवमूल्यन भएको कारणले डलर मूल्यमा निर्यातमा केही कमी देखिएको हो। आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा निर्यात/आयात अनुपात अघिल्लो वर्षको २७.१ प्रतिशतबाट २५.२ प्रतिशतमा झरेको छ।



६.५ अघिल्लो वर्षको आठ महिनामा ६.९ प्रतिशतले घटेको भारततर्फको निर्यात समीक्षा अवधिमा ३.६ प्रतिशतले बढी रु. २६ अर्ब ७२ करोड पुगेको छ। यस अवधिमा भारततर्फ विशेषगरी तयारी पोशाक, जुत्ता तथा चप्पल, टुथपेष्ट, जी.आई. पाइप र चाउचाउको निर्यात बढेको छ भने वनस्पति घ्यू, जस्ता पाता, जुटका सामान, एम.एस. पाइप र प्लाष्टिकका सामानको निर्यात घटेको छ। भारततर्फ निर्यातको समूहगत संरचना हेर्दा प्राथमिक वस्तु र तयारी वस्तुको अंश अघिल्लो वर्षको पहिलो आठ महिनामा क्रमशः २९.८ प्रतिशत र ७०.२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा त्यस्तो अंश ३०.८ प्रतिशत र ६९.२ प्रतिशत रहन गएको छ।

६.६ अन्य मुलुकतर्फको निर्यात समीक्षा अवधिमा ४६.१ प्रतिशतले बढी रु. १७ अर्ब ५८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा तेस्रो मुलुकतर्फको निर्यात ६.९

प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा बंगलादेशतर्फ दालको निर्यात उल्लेख्यरुपले बढेको कारण अन्य मुलुकतर्फ निर्यात बढेको हो । दालबाहेक अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना र जडिबूटीको निर्यातमा वृद्धि भएको छ । निर्यातको समूहगत संरचना हेर्दा अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु तथा तयारी वस्तुको अंश गत वर्षको सोही अवधिमा क्रमशः २०.१ प्रतिशत र ७९.९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा क्रमशः ३७.४ प्रतिशत र ६२.६ प्रतिशत रहेको छ ।

आयात

६.७ समीक्षा अवधिमा कुल आयात २६.१ प्रतिशतले बढी रु. १७६ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्षको पहिलो आठ महिनामा कुल आयात १९.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा परिणत गरी हेर्दा अघिल्लो वर्ष ३४.५ प्रतिशतले बढेको कुल आयात यस वर्ष ६.५ प्रतिशतले बढेको छ । कुल आयातमा भारतबाट भएको आयातको अंश गत वर्षको ६३.४ प्रतिशतबाट ५६.९ प्रतिशतमा झरेको छ भने अन्य मुलुकबाट भएको आयातको अंश ३६.६ प्रतिशतबाट बढेर ४३.१ प्रतिशत पुगेको छ ।



तालिका ६(क) : अन्तर्राष्ट्रिय व्यापार स्थिति
(प्रथम आठ महिना)

विवरण	प्रतिशत परिवर्तन		
	२०६३/६४	२०६४/६५	२०६५/६६**
निर्यात एफ. ओ. वि.	**-६.६**	**-२.९**	**१७.१**
- भारत	-६.४	-६.९	३.६
- अन्य मुलुकहरू	-७.०	६.९	४६.१
आयात सि. आइ. एफ.	**-१.१**	**१९.२**	**२६.१**
- भारत#	२.३	२४.९	१३.१
- अन्य मुलुकहरू	-६.४	१०.५	४८.७
व्यापार सन्तुलन	**२.०**	**३०.२**	**२९.५**
- भारत	८.६	४५.२	१७.०
- अन्य मुलुकहरू	-६.२	११.७	४९.४
कुल व्यापार	**-२.६**	**३७.७**	**२४.२**
- भारत	-०.३	१५.०	११.०
- अन्य मुलुकहरू	-६.६	९.८	४८.२
कुल व्यापारमा अंश (प्रतिशत)			
- भारत	६३.२	६४.४	५७.५

विवरण	प्रतिशत परिवर्तन		
	२०६३/६४	२०६४/६५	२०६५/६६**
- अन्य मुलुकहरू	३६.८	३५.६	४२.५
कुल निर्यातमा अंश (प्रतिशत)			
- भारत	७१.१	६८.२	६०.३
- अन्य मुलुकहरू	२८.९	३१.८	३९.७
कुल आयातमा अंश (प्रतिशत)			
- भारत	६०.५	६३.४	५६.९
- अन्य मुलुकहरू	३९.५	३६.६	४३.१
कुल व्यापार सन्तुलनमा अंश (प्रतिशत)			
- भारत	५५.२	६१.६	५५.७
- अन्य मुलुकहरू	४४.८	३८.४	४४.३

* अपरिष्कृत

आर्थिक वर्ष २०५६/५७ देखि पेट्रोलियम आयातलाई अन्य मुलुकतर्फ नराखी भारततर्फ समावेश गरिएको

स्रोत : नेपाल राष्ट्र बैंक

६.८ चालू आर्थिक वर्षको पहिलो आठ महिनामा भारतबाट भएको आयात १३.१ प्रतिशतले वृद्धि भई रु. १०० अर्ब ७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतबाट भएको आयात २४.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा भारतबाट विशेषगरी पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपूर्जा, कोल्ड रोल्ड सीट इन् क्वाइल, अन्य मेसिनरी तथा पार्टपूर्जा र कपडाको आयातमा उल्लेख्य वृद्धि भएको छ भने एम.एस. विलेट, तारका सामान, रासायनिक मल, चामल र एम.एस. वायर रडको आयातमा कमी आएको छ। परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट गरिएको आयात समीक्षा अवधिमा ८.६ प्रतिशतले घटी रु. १८ अर्व १६ करोडमा सीमित भएको छ। अघिल्लो वर्षको पहिलो आठ महिनामा यस्तो आयात रु. १९ अर्ब ८६ करोड बराबर थियो। भारतबाट यसरी आयात गर्न पाइने वस्तुहरुको संख्या २०६५ फागुन मसान्तमा १३५ पुऱ्याइएको छ। आयातको समूहगत संरचनालाई विश्लेषण गर्दा भारतबाट भएको आयातमा प्राथमिक र तयारी वस्तुको अंश गत वर्षको पहिलो आठ महिनामा क्रमशः ३९.४ प्रतिशत र ६०.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा क्रमशः ४२.४ प्रतिशत र ५७.६ प्रतिशत रहेको छ।

६.९ अघिल्लो वर्षको पहिलो आठ महिनामा १०.५ प्रतिशतले बढेको अन्य मुलुकबाट भएको आयात समीक्षा अवधिमा ४८.७ प्रतिशतले बढी रु. ७५ अर्ब ९५ करोड पुगेको छ। समीक्षा अवधिमा अन्य मुलुकबाट मुख्यतया सुन, एम.एस विलेट, विद्युतीय सामग्री, औषधि र कम्प्यूटर तथा पार्ट्सको आयातमा उल्लेख्य वृद्धि भएको छ भने कच्चा पाम आयल, कच्चा ऊन, दूरसंचारका सामग्री, ड्राइसेल ब्याट्री र कपडा रंगाउने रंगको आयात घटेको छ। अन्य मुलुकबाट भएको आयातको समूहगत संरचनामा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्षको पहिलो आठ महिनामा क्रमशः २५.१ प्रतिशत र ७४.९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा क्रमशः १७.९ प्रतिशत र ८२.१ प्रतिशत रहेको छ।

व्यापार सन्तुलन

६.१० चालू आर्थिक वर्षको पहिलो आठ महिनामा निर्यात वृद्धिको तुलनामा आयातमा उल्लेख्य वृद्धि भएको तथा आयातको आधार समेत बढी भएको ले कुल व्यापार घाटा २९.५ प्रतिशतले विस्तार भई रु. १३१ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल व्यापार घाटा ३०.२ प्रतिशतले वृद्धि भई रु. १०१ अर्ब ७५ करोड पुगेको थियो। समीक्षा अवधिमा भारतसँगको व्यापार घाटा १७.० प्रतिशतले वृद्धि भई रु. ७३ अर्ब ३५ करोड पुगेको छ भने अन्य मुलुकहरुसँगको व्यापार घाटा ४९.४ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटा ४५.२ प्रतिशतले बढेको थियो भने अन्य मुलुकहरुसँगको व्यापार घाटा ११.७ प्रतिशतले बढेको थियो।



मञ्जुषा ६(क): नयाँ वाणिज्य नीति

१९ वर्ष पुरानो वाणिज्य नीतिलाई प्रतिस्थापन गर्दै जारी भएको नयाँ वाणिज्य नीतिमा विश्व व्यापार संगठन (WTO) लगायत अन्य क्षेत्रीय सम्झौताहरुको मर्मलाई समेटिएको छ। WTO को महत्वपूर्ण अङ्गको रुपमा रहेको सेवा व्यापार र बौद्धिक सम्पत्ति नीतिमा विशेष प्राथमिकता दिइएको छ। सेवा व्यापार अन्तर्गत पर्यटन, शिक्षा, स्वास्थ्य लगायत WTO को मोड चारलाई पनि नीतिले महत्व दिएको छ। मोड चारले कामका लागि एक देशबाट अर्को देशमा काम गर्न जाने कामदारको सुरक्षाको ग्यारेन्टीको परिकल्पना गरेको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मोड चारलाई बढावा दिने नीतिअनुरुप यसमा पनि समावेश गरिएको हो। मोड चार WTO मा अहिले पनि छलफलको क्रममा नै रहेको छ। सेवा व्यापारकै प्रवर्द्धनका लागि सेवा व्यापार प्रवर्द्धन परिषद गठन गरिने पनि नीतिमा उल्लेख छ।

पहिलो पटक नीतिमा समावेश गरिएको बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी व्यवस्था अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमा नेपाली वस्तुको संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था गरिने भनिएको छ। यस अन्तर्गत औद्योगिक सम्पत्ति संरक्षण ऐन लगायत प्याटेण्ट, ट्रेडमार्क, जिओग्राफिकल इन्डिकेसन र कपिराइट्सम्बन्धी आवश्यक व्यवस्थाका लागि कानुन निर्माण वा संशोधन गरिने छ।

वस्तु व्यापारको हकमा अहिले पनि तयारी पोशाक, गलैंचा, पश्मिना र हस्तकलालाई नै नीतिले प्राथमिकता दिएको छ। त्यस्तै, चिया, छालाजन्य उत्पादन, तरकारीको बीउ, अलैंची, दाल र पुष्प व्यवसाय, अदुवा, जडिबूटी लगायतको प्रवर्द्धनलाई पनि नीतिले विशेष प्राथमिकता दिएको छ। नीतिले २३ सदस्यीय बोर्ड अफ ट्रेड र व्यापार प्रवर्द्धन प्रतिष्ठानको परिकल्पना गरेको छ। नेपाली उत्पादनको विकास र प्रवर्द्धनका लागि अहिलेको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई समेत समावेश गरी व्यापार प्रवर्द्धन प्रतिष्ठान बनाइने नीतिमा उल्लेख छ। नीतिले विशेष आर्थिक क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ।

शोधनान्तर स्थिति

६.११ चालू आर्थिक वर्षको पहिलो आठ महिनामा व्यापार घाटामा उल्लेख्य विस्तार भएतापनि लगानी आय तथा विप्रेषण आप्रवाहमा भएको उत्साहजनक वृद्धिका कारण चालू खाता तथा समग्र शोधनान्तर स्थिति उल्लेख्य रुपले बचतमा रहेको छ ।

६.१२ भन्सार प्रवेश नगरी हुने व्यापारलाई समेत समायोजन गर्दा चालू वर्षको पहिलो आठ महिनामा कुल निर्यात १७.० प्रतिशतले बढी रु. ४६ अर्ब ३१ करोड पुगेको छ भने कुल आयात २५.९ प्रतिशतले बढी रु. १७२ अर्ब ७८ करोड पुगेको छ। फलस्वरुप गत वर्षको सोही अवधिमा ३२.२ प्रतिशतले बढेको कुल व्यापार घाटा यस वर्ष २९.५ प्रतिशतले बढी रु. १२६ अर्ब ४७ करोड पुगेको छ ।

६.१३ समीक्षा अवधिमा पर्यटन आय ५४.५ प्रतिशतले वृद्धि भएको छ भने अन्यत्र नपरेको सरकारी आय २५.१ प्रतिशत तथा अन्य सेवा आय २७.४ प्रतिशतले बढेको छ। फलस्वरुप, कुल सेवा आय गत वर्षको पहिलो आठ महिनाको तुलनामा समीक्षा अवधिमा ३८.५ प्रतिशतले वृद्धि भई रु. ३४ अर्ब ४७ करोड पुगेको छ। शिक्षाका निम्ति नेपालीहरु विदेश जाने क्रम बढ्दो रहेकोले समीक्षा अवधिमा भ्रमण खर्च ५८.१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, समीक्षा अवधिमा यातायात खर्च र अन्य भुक्तानी पनि वृद्धि भएकोले कुल सेवा भुक्तानी गत वर्षको सोही अवधिको तुलनामा २७.१ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब ७८ करोड पुगेको छ। फलस्वरुप, समीक्षा अवधिमा खुद सेवा आय रु. ९ अर्ब ३१ करोडले ऋणात्मक रहन गएको छ ।

६.१४ ट्रान्सफरतर्फ निजी क्षेत्रको विप्रेषण आय समीक्षा अवधिमा ५८.९ प्रतिशतले बढी रु. १३१ अर्ब १ करोड पुगेको छ। समीक्षा अवधिमा अनुदान ८३.३ प्रतिशतले बढेको छ भने पेन्सन १.२ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा खुद ट्रान्सफर आय अघिल्लो वर्षको यसै अवधिको तुलनामा ५३.५ प्रतिशतले वृद्धि भई रु. १५७ अर्ब ५२ करोड पुगेको फलस्वरुप चालू खाता रु. २८ अर्व ९४ करोडले बचतमा रहेको छ। गत वर्ष यसै अवधिमा चालू खाता रु. १ अर्ब ५४ करोडले घाटामा रहेको थियो ।

६.१५ समीक्षा अवधिमा पुँजी खातातर्फ रु. ४ अर्ब ६३ करोड बराबरको पुँजीगत ट्रान्सफर प्राप्त भएको छ। गत वर्षको यसै अवधिमा पुँजीगत ट्रान्सफरमा रू. ६ अर्ब ७२ करोड प्राप्त भएको थियो ।

६.१६ वित्तीय खातातर्फ अन्य लगानी सम्पत्ति गत वर्षको पहिलो आठ महिनामा रु. ५ अर्ब ७९ करोड थप भएकोमा समीक्षा अवधिमा रु. ३ अर्ब ४१ करोड थप भएको छ। अन्य लगानी दायित्वतर्फ समीक्षा अवधिमा रु. ५ अर्ब १ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको छ भने रु. ५ अर्ब ४२ करोड बराबरको साँवा भुक्तानी भएको छ। समीक्षा अवधिमा बैदेशिक निक्षेप दायित्व रु. १२ अर्व ४८ करोडले बढेको छ। चालू आर्थिक वर्षको पहिलो आठ महिनामा रु. ३४ अर्ब ८१ करोड शोधनान्तर वचत भएको छ जुन गत वर्ष यसै अवधिमा रू. १३ अर्ब ६३ करोड रहेको थियो ।



विदेशी विनिमय सञ्चिति

६.१७ आर्थिक वर्ष २०६४/६५ को असारदेखि फागुनसम्मको अवधिमा बैंकिङ्ग क्षेत्रको वैदेशिक सम्पत्ति १०.२ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा यस्तो सम्पत्ति २७.३ प्रतिशतले बढी रु २७१ अर्ब ४६ करोड पुगेको छ। २०६४ असार मसान्तदेखि २०६४ फागुन मसान्तसम्ममा ५.४ प्रतिशतले बढेको बैदेशिक दायित्व भने चालू आर्थिक बर्षको सोही अवधिमा ३०.९ प्रतिशतले बढी रु ५४ अर्ब ७२ करोड पुगेको छ। यस प्रकार अघिल्लो बर्षको पहिलो आठ महिनामा ११.४ प्रतिशतले बढेको खुद बैदेशिक सम्पत्ति समीक्षा अवधिमा २६.४ प्रतिशतले बृद्धि भई रु. २१६ अर्ब ७४ करोड पुगेको छ।

मञ्जुषा ६(ख): विशेष आर्थिक क्षेत्र सम्बन्धी प्रस्तावित विधेयक

विशेष आर्थिक क्षेत्रमा निकासी प्रशोधन, निर्यात व्यापारिक क्षेत्र, पर्यटकीय क्षेत्र लगायत नेपाल सरकारले तोकेका अन्य क्षेत्र रहने प्रस्तावित विधेयकमा उल्लेख गरिएको छ। विशेष आर्थिक क्षेत्रमा गरिने व्यापारिक कारोबार, उत्पादन भएका वस्तु वा सेवामा लाग्ने महसुल तथा कर प्रयोजनका लागि उक्त क्षेत्रलाई करको क्षेत्राधिकारभन्दा बाहिरको इलाका मानिने भएको छ।

विशेष आर्थिक क्षेत्रमा विदेशी मुद्राबाट खाता खोली कारोबार गर्न पाइने, उद्योग व्यवसायमा लगानी गर्न पाइने, उद्योग व्यवसायमा लगानी गर्ने उद्देश्यले अध्ययन तथा अनुसन्धानका लागि नेपाल आउन चाहने विदेशी नागरिकलाई छ महिनासम्मको गैरपर्यटक भिसा लगायतका सुविधा दिइनेछ। सो उद्योगमा विदेशी नागरिकको लगानी कायम रहेसम्म नागरिकका परिवारलाई पनि व्यावसायिक भिसा दिने व्यवस्था प्रस्तावित विधेयकले गरेको छ।

सरकारले विशेष आर्थिक क्षेत्र तोकेको स्थानमा सुरक्षा, बैंक, हुलाक, स्वास्थ्य तथा अन्य आवश्यक व्यवस्था मिलाउने पनि विधेयकमा उल्लेख छ। त्यस्तै, औद्योगिक क्षेत्र तथा उद्योगलाई आवश्यक परेमा मेसिनरी औजार र उपकरण ल्याउन सहयोग गर्ने कुरा पनि प्रस्तावित विधेयकमा स्पष्ट पारिएको छ।

तालिका ६(ख) : कुल विदेशी विनिमय सञ्चिति

(रु. करोडमा)

विवरण	२०६३ असार	२०६३ फागुन	२०६४ असार	२०६४ फागुन	२०६५ असार	२०६५ फागुन	प्रतिशत परिवर्तन (असार - फागुन)	
							२०६४	२०६५
नेपाल राष्ट्र बैंक	१३१९७	१४२०६	१२९६२	१४४२९	१६९६८	२१८४६	११.३	२८.७
वाणिज्य बैंक	३३०६	३५०२	३५५०	३७६९	४२९४	५२३४	६.२	२१.९
कुल सञ्चिती	१६५०३	१७७०८	१६५१२	१८१९८	२१२६२	२७०८०	१०.२	२७.४

स्रोत : नेपाल राष्ट्र बैंक

६.१८ २०६५ असार मसान्तको तुलनामा फागुन मसान्तमा बैंकिङ्ग क्षेत्रसंग रहेको कुल विदेशी विनिमय संचिति २७.४ प्रतिशतले बृद्धि भई रु २७० अर्ब ८० करोड पुगेको छ। अघिल्लो बर्षको सोही अवधिमा यस्तो संचिति १०.२ प्रतिशतले बढेको थियो। विद्यमान संचितिमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको अंश क्रमश: ८०.७ प्रतिशत र १९.३ प्रतिशत रहेको छ। हालसम्मको आयातको प्रबृत्ति हेर्दा बैकिङ्ग क्षेत्रसंग रहेको विदेशी विनिमय संचिति करीब १२.३ महिना बराबरको वस्तु आयात र ९.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त देखिन्छ। २०६४ फागुन मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको संचिति सोही वर्षकै आयात प्रबृत्तिको आधारमा करीब ११.३ महिनाको वस्तु आयात र ८.९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा रहेको थियो।



मञ्जुषा ६(ग): वाह्य क्षेत्र सम्बन्धी प्रक्रियागत सुधारहरू

नेपाल राष्ट्र बैंकले आर्थिक बर्ष २०६५/६६ मा बाह्य क्षेत्र सुधारतर्फ अपनाएका केही प्रमुख प्रक्रियागत व्यवस्थाहरु यस प्रकार छन् :

- नेपालमा कार्य गर्ने अन्तर्राष्ट्रिय वायुसेवा, त्यस्ता वायुसेवाका जि.एस.ए./पि.एस.ए. तथा ट्राभल टुर एजेन्सीहरुले विदेशी मुद्रामा बिक्री गरेको हवाई टिकटको मूल्य सम्बन्धित वायुसेवालाई भुक्तानी गर्दा नेपाल राष्ट्र बैंकले तोकेको विवरणको

आधारमा "क" वर्गका बैकहरुबाट रिप्याट्रिएसन (Repatriation) को सुविधा उपलब्ध हुने व्यवस्था गरिएको ।

- कुटनीतिक नियोग वा अन्तर्राष्ट्रिय एजेन्सी तथा संघ संस्थाको आपूर्ति आदेश (Supply Order) र द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगअन्तर्गत परिवर्त्य विदेशी मुद्रामै भुक्तानी पाउने भएमा सम्झौताअनुसार आवश्यक पर्ने निर्माण सामग्री, मेसिन तथा उपकरणहरु भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न एफ.ओ.बी. (FOB) मूल्यको सटही सुविधा नेपाल राष्ट्र बैंकमार्फत उपलब्ध गराउने व्यवस्था गरिएको ।
- परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट/टि.टि. का माध्यमबाट सामान आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३० हजारको सीमा रहेकोमा यसलाई बढाई अमेरिकी डलर ५० हजार पुऱ्याइएको ।
- विप्रेषण कम्पनीहरूले विप्रेषण बापत भित्र्याएको परिवर्त्य विदेशी मुद्रा १५ दिनसम्म आफ्नै खातामा राख्न सक्ने व्यवस्था मिलाइएको ।
- विभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/संस्थाहरुलाई कागजातका आधारमा सोझै "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाहरुवाट दिइने सटही सुविधाको सीमा वृद्धि गरी अमेरिकी डलर रु. ४ हजार पुऱ्याइएको ।
- प्रतितपत्रलगायत विभिन्न माध्यमबाट विदेशी पक्षलाई अग्रिम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पठाउँदा राख्ने गरिएको १० प्रतिशत धरौटी रकम काम सम्पन्न भएको प्रमाणको आधारमा सम्बन्धित "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाबाटै यस्तो धरौटी रकम फुकुवा गर्न सकिने व्यवस्था गरिएको ।
- नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (Power Purchase Agreement) गरी विदेशी मुद्रामा विद्युत् बिक्री गर्ने, जलविद्युत् कम्पनी/आयोजनाहरूले विद्युत् बिक्रीबापतको सटही सुविधा विद्युत् खरिद सम्झौता र नेपाल विद्युत प्राधिकरणको सिफारिसको आधारमा "क" वर्गका बैंकहरूबाट यस्तो सटही सुविधा उपलब्ध हुने व्यवस्था गरिएको ।
- नेपालस्थित विदेशी दूतावासहरुले भिसा दस्तुरबापत सङ्कलन गरेको नेपाली रुपैयाँ आफ्नो राष्ट्रमा पठाउनु पर्दा "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थामार्फत् सटही सुविधा उपलब्ध हुने व्यवस्था गरिएको ।
- विश्व वित्तीय संकटबाट उत्पन्न प्रभावलाई कम गर्न तथा अन्तर्राष्ट्रिय बजारमा वस्तुहरुको मूल्यमा आउने तीब्र गिरावटबाट आयातकर्ताहरुलाई पर्न जान सक्ने नोक्सानीलाई कम गर्न मद्दत पुऱ्याउने गरी ट्रष्ट रिसिट वा यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिनसम्मको अवधिको लागि मात्र प्रवाह गर्न पाउने व्यवस्थामा संशोधन गरी त्यस्ता कर्जाहरु अधिकतम १८० दिनसम्मको अवधिको लागि प्रवाह गर्न सकिने गरिएको ।

विनिमय दर

६.१९ चालू आर्थिक वर्षको पहिलो आठ महिनामा मुख्य अन्तर्राष्ट्रिय मुद्राहरुसँग नेपाली रुपैयाँको विनिमय दरमा मिस्रित प्रवृत्ति देखिएको छ। २०६५ असारको तुलनामा २०६५ फागुन मसान्तमा नेपाली मुद्रा अमेरिकी डलरसँग १७.०२ प्रतिशतले अवमूल्यन भएको छ। आर्थिक बर्ष २०६४/६५ को सोही अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँको ०.५६ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६५ असार मसान्तको तुलनामा फागुन मसान्तमा नेपाली रुपैयाँको स्टर्लिङ्ग पाउण्ड र यूरोसँग क्रमशः १९.०२ प्रतिशत र ३.२८ प्रतिशतले अधिमूल्यन भएको छ भने स्वीस फ्रयाङ्क र जापानी येनसंग क्रमशः ५.९९ प्रतिशत र २५.०९ प्रतिशतले अवमूल्यन भएको छ।

कच्चा पेट्रोलियम पदार्थ र सुनको मूल्य

६.२० अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ (Crude Oil Brent) को मूल्य २०६४ फागुन मसान्तमा प्रति व्यारेल अमेरिकी डलर ११०.७५ रहेकोमा २०६५ फागुन मसान्तमा ५९.२ प्रतिशतले ह्रास भई प्रति व्यारेल अमेरिकी डलर ४५.१८ मा झरेको छ। यद्यपि, कच्चा पेट्रोलियम पदार्थको मूल्य भने हाल क्रमशः बढ्न थालेको छ।

६.२१ २०६४ फागुन मसान्तको तुलनामा २०६५ फागुन मसान्तमा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा ६.७ प्रतिशतले कमी आई प्रति औंस मूल्य अमेरिकी डलर ९२८ मा झरेको छ।

तालिका ६(ग) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य

	असार मसान्त			फागुन मसान्त			प्रतिशत परिवर्तन			
							असार		*फागुन*	
	२०६३	*२०६४*	*२०६५*	*२०६३*	*२०६४*	*२०६५*	*२०६४*	*२०६५*	*२०६४*	*२०६५*
तेल (डलर प्रति ब्यारल)*	७६.५४	७९.७३	१४३.२५	६१.०२	११०.७५	४५.१८	४.२	७९.७	८१.५	-५९.२
सुन (डलर प्रति आउन्स) **	६६३.२५	६६६.०	९८६.०	६४३.२५	९९५.०	९२८.०	०.४	४८.०	५४.७	-६.७

* कुड आयल ब्रेन्ट

** लन्डन दरमा आधारित।

स्रोत : नेपाल राष्ट्र बैंक

७. गरिबी निवारण र रोजगारी

गरिबी निवारण

७.१ अभाव, भोक, रोग, वेरोजगारी र पीडाग्रस्तता तथा सामाजिक न्याय, अधिकार र शक्तिविहीनताले मानव उपेक्षा र सम्भाव्यता कुण्ठित गरेको अवस्था नै गरिवी हो र यो असाध्यै गुजुल्टिएको 'विमुखताको संगालो (complex set of deprivation) हो भन्न सकिन्छ। आयमूलक, मानवीय तथा सामाजिक समावेशीकरण जस्ता विभिन्न आयामहरुबाट गरिबीलाई हेर्ने गरिएको छ। गरिबीको स्थिति (poverty incidence), गरिबीको विषमता (poverty gap) र गरिबीको गहनता (squared poverty gap) सबैको विश्लेषण गरिबी निवारणको प्रसंगमा अत्यावश्यक हुन्छ। जीवनमा न्यूनतमरूपमा आवश्यक पर्ने वस्तु तथा सेवाहरूको उपभोग गर्न उपलब्ध आम्दानीको क्रयशक्तिबाट भ्याउने वा नभ्याउने पारविन्दुमार्फत आयमूलक गरिबीको रेखा निर्दिष्ट गरिन्छ। गरिबीको स्थिति (poverty incidence) ले कुल जनसंख्यामा गरिबीको रेखामुनि रहेको जनसंख्या कति छ भनेर जनाउँदछ भने गरिबीको विषमता (poverty gap) ले गरिव मानिएकाहरू मध्ये कति प्रतिशत गरिवहरू गरिबी रेखा भन्दा कतिले टाढा छन् भन्ने जनाउँदछ। साथै, गरिबीको गहनता (squared poverty gap) को सूचकले गरिवहरूमध्ये पनि कति गहिरो असमानता छ भन्ने देखाउँदछ। नेपालमा नेपाल जीवनस्तर मापन सर्वेक्षण सन् २००३/०४ का अनुसार औसत रु. ७ हजार ६ सय ९६ लाई गरिवीको रेखा मान्दा कुल जनसंख्याको ३०.८५ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेको छ। सन् १९९५/९६ मा यस्तो प्रतिशत ४१.७६ थियो। सर्वेक्षणका आधारमा विश्व वैंकले अन्तराष्ट्रियस्तरमा अवलम्वन गर्दै आएको मापदण्ड अनुसार दैनिक एक अमेरिकी डलरलाई आधार मान्दा खरिद क्षमता समदर (Purchasing Power Parity: PPP) अनुसार कुल जनसंख्याको २४.१ प्रतिशत गरिबीको उक्त रेखा भन्दा तल रहेको देखिएको छ।

७.२ शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरुबीचको भिन्नता अझ पनि निकै ठूलोरुपमा देखिएको छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण, २००३/०४ अनुसार सन् १९९५/९६ र सन् २००३/०४ को अवधिमा शहरी गरिबी १२.० प्रतिशत विन्दुले घटेको छ भने ग्रामीण गरिबीमा ८.६५ प्रतिशत बिन्दुले मात्र कमी आई समग्रमा १०.९१ प्रतिशत विन्दुले गरिबी घटेको छ। यसका कारणहरुमा विप्रेषण आय, तीव्ररुपमा बढिरहेको शहरीकरण, कृषि ज्यालामा भएको वृद्धि तथा आर्थिकरुपमा सक्रिय उमेरका जनसंख्याको हिस्सामा भएको वृद्धि मुख्य रहेको छ। यद्यापि यस अवधिमा बढेको आय असमानताले देशमा गरिब र धनीबीचको खाडल बढेको देखिएको छ। आय असमानतालाई दर्शाउने गिनी सूचकांक (Gini Coefficient) २०५२/५३ मा ०.३४ रहेकोमा २०६०/६१ मा ०.४१ पुगेको गरिवको आयस्तर भन्दा धनीको आयस्तर उच्च दरले बढेको अनुमान छ। यो स्थितिलाई सुधार्न नीतिगत, संरचनागत र कार्यक्रमगत हिसावले गरिवमुखी पहलकदमी लिनुपर्ने देखाउँछ।

७.३ नेपाल जीवनस्तर मापन सर्वेक्षण अनुसार जातीय, क्षेत्रीय एवम् पेशागतरुपमा गरिबीको असमान वितरण रहेको देखिएको छ। गरिबीको रेखामुनि रहेकामध्ये ६७.० प्रतिशत कृषि रोजगार तथा ११.० प्रतिशत कृषि श्रमिक रहेको देखिन्छ। यसरी हेर्दा ७८ प्रतिशत गरिबहरु कृषि क्षेत्रलाई रोजगारीको प्रमुख माध्यम बनाउनेहरु नै देखिन्छन्। विभिन्न जातिमध्ये दलितको ४६ प्रतिशत, पहाडी जनजातिको ४४ प्रतिशत, मुस्लिमको ४१ प्रतिशत, तराई जनजातिको ३५ प्रतिशत तथा अन्य अल्पसंख्यक जातिको ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्। साथै, नेवारको १४ प्रतिशत, ब्राम्हण क्षेत्रीको १८ प्रतिशत र तराईका मध्यमवर्गको २१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन्। कुल गरिवहरुमध्ये २९.४ प्रतिशत ग्रामीण मध्य र पूर्वी पहाडमा रहेको देखिन्छ। ग्रामीण पश्चिम पहाडमा २३.६ प्रतिशत, ग्रामीण पूर्वी तराईमा २३.५ प्रतिशत, ग्रामीण पश्चिम तराईमा १८.९ प्रतिशत र शहरी क्षेत्रमा ४.७ प्रतिशत छन्। त्यसैगरी, कुल गरिवहरु मध्ये हिमाली क्षेत्रमा ७.५ प्रतिशत, पहाडमा ४७.१ प्रतिशत र तराईमा ४५.४ प्रतिशत रहेको अनुमान गरिएको छ।

७.४ गरिबीको स्थिति (poverty incidence) मापनको लागि आर्थिक वर्ष २०५२/५३ र २०६०/६१ मा सम्पन्न गरिएको नेपाल जीवनस्तरमापन सर्वेक्षणहरूको आधारमा नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्यामा कमी आउनुका प्रमुख कारणहरुमा विप्रेषण आयको वृद्धि, कृषि क्षेत्रको ज्यालादरमा वृद्धि आदि रहेको माथि उल्लेख भइसकेको छ। आर्थिक वर्ष २०५२/५३ मा गरिबीको रेखामुनि रहेको शहरी जनसंख्या २१.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा करिब ९.६ प्रतिशतमा झरेकोमा उपरोक्त अवधिका ग्रामीण क्षेत्रमा गरिबीको रेखामुनि रहेको जनसख्या ४३.३ प्रतिशतबाट ३४.६ प्रतिशतमा झरेको छ। यसका अतिरिक्त नेपालमा गरिबीको विषमता (poverty gap) ७.६ प्रतिशत र गरिबीको गहनता (squared poverty gap) २.७ प्रतिशत रहेको अनुमान छ।



तालिका ७(क) : गरिबी मापन (२०५२/५३ र २०६०/६१)

(प्रतिशत)

क्षेत्र	गरिबीको रेखामुनिको जनसंख्या		गरिबीको विषमता		गरिबीको गहनता	
	२०५२/५३	२०६०/६१	२०५२/५३	२०६०/६१	२०५२/५३	२०६०/६१
शहरी	२१.६	९.६	६.५	२.२	२.७	०.७
ग्रामीण	४३.३	३४.६	१२.१	८.५	४.८	३.१
नेपाल	**४१.८**	**३०.९**	**११.८**	**७.६**	**४.७**	**२.७**

७.५ वर्तमान तीनवर्षीय अन्तरिम योजनाले मुलुकमा विद्यमान वेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने उद्देश्य लिएको छ। मूल उद्देश्यमा केन्द्रित रहेर विगतका योजनाहरुभन्दा पृथकरुपमा बढी सहभागितामूलक प्रक्रिया अपनाई तर्जुमा भएको यस योजनाले पुनर्निर्माण, पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरणलाई पहिलो प्राथमिकतामा राखेको छ। उक्त उद्देश्य हासिल गर्न यस योजनाले छवटा रणनीतिहरु लिएको छः १) राहत, पुनर्निर्माण र पुनर्एकीकरणमा विशेष जोड दिने, २) रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने, ३) सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउने, ४) भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, ५) सामाजिक विकासलाई जोड दिने, र ६) समावेशी विकास र लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने।

७.६ तीन-वर्षीय अन्तरिम योजनाले पुनर्निर्माण तथा पुनर्स्थापना, समावेशीकरण, कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत् विकास, सडक, सिँचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारमा लगानी बढाउने र मानव संशाधन विकासका लागि शिक्षा, स्वस्थ्य, खानेपानी र सरसफाइको क्षेत्रमा लगानी बढाउने विषयलाई प्राथमिकतामा राखेको छ। योजनाले गरिबीको रेखामुनिका जनसंख्याको हिस्सालाई विद्यमान ३१.० प्रतिशतबाट २४.० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। यसै अनुरुप मुलुकको समग्र प्रयास गरिवोन्मुख विकास तर्फ केन्द्रित गर्ने प्रयत्न भएको छ।

७.७ आर्थिक वर्ष २०६५/६६ मा विभिन्न मन्त्रालय, सचिवालय, विभाग, कार्यालय तथा निकायहरु अन्तर्गत कुल ४५१ विकास आयोजना/कार्यक्रम संचालन भएकोमा पहिलो प्राथमिकताका ३१८, दोस्रो प्राथमिकताका ११५ र तेस्रो प्राथमिकताका १८ आयोजना रहेका छन्। अन्तरिम योजनाको रणनीतिक स्तम्भ अन्तर्गत राहत, पुनःर्निर्माण र पुनःर्एकीककरणमा विशेष जोड दिने १९ आयोजनाहरु, रोजगारमूलक, गरिवोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने ११२ आयोजनाहरु, सुशासन तथा सेवाको प्रभावकारिता वढाउने ९९ आयोजनाहरु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने १५४ आयोजनाहरु र सामाजिक विकास र लक्षित कार्यक्रम संचालन गर्नेतर्फ ६७ आयोजनाहरु सञ्चालित छन्। स्थानीय निकायमा जाने अनुदानलाई गरिवीका सूचक समेतका आधारमा वितरण गर्ने तथा निक्षेपणको कार्यलाई व्यापकता दिनेतर्फ प्रयत्न जारी छ। यस प्रकार लगानीको प्रवाहलाई गरिवी उन्मुखता दिने क्रममा आर्थिक वर्ष २०६५/६६ को कुल विकास वजेटको ५७.३० प्रतिशत अर्थात रु ७१ अर्व १६ करोड ५५ लाख विनियोजन गरिएको छ। समग्र राष्ट्रिय प्रयास समतामूलक, समावेशी र समुन्नत नयाँ नेपाल सिर्जना गर्नेतर्फ केन्द्रित गर्ने र सोमा परिष्कार गर्दै जाने क्रम रहेको छ। ५९ वटा आयोजनाहरुलाई "नयाँ नेपाल निर्माण अभियान" अन्तर्गत राखी सम्माननीय प्रधानमन्त्रीको स्तरवाट विशेष अनुगमन गर्ने व्यवस्था समेत गरिएको छ। यी प्रयासहरुवाट अन्ततः मुलुकमा आयमूलक, मानवीय र सामाजिक गरिवी न्यून हुन गई मानवजीवनस्तर उन्नत गर्नमा मद्दत मिल्ने अपेक्षा गरिएको छ। त्यस्तै, प्राविधिक सहायताको ठूलो हिस्सा र गैर-सरकारी संस्थाहरुको लगानी पनि गरिबी न्यूनीकरणमा केन्द्रित रहेको छ।

७.८ नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभूताको हकलाई मौलिक हकको रुपमा स्थापित गरेकोछ। खाद्यान्नको उत्पादन, उपलब्धता, पहुँच र स्थिरतालाई आयामका रुपमा स्वीकारी खाद्य सुरक्षा नीति, रणनीति र कार्यक्रमलाई अन्तर्सम्बन्धित मामिलाका रुपमा वर्तमान अन्तरिम योजनाले सम्बोधन गरेको छ। खाद्यसंकट समाधानार्थ अभियान चलाउने र भोकमरीको जोखिममा परेका जनतालाई तत्काल राहत दिने उद्देश्यले नयाँ आयोजनाको रुपमा चालू आर्थिक वर्ष २०६५/६६ मा करिव रु. १ अर्व ३० करोड खर्च गर्ने कार्यक्रम रहेको छ जसवाट खाद्य संकटजन्य कारणवाट उत्पन्न हुनसक्ने गरिवीको न्यूनीकरणमा र पोषण अवस्थामा सुधार गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ।

७.९ 'गरिव तथा पिछडिएका वर्गमा गरिवी निवारण' गर्ने उद्देश्यले ४२ जिल्लामा राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम संचालन गरिएको छ। यसवाट दलित, गरिव र सामाजिक रुपमा अलग गरिएको समुदायमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक परिचालन कार्यको लागि स्वयंसेवकहरु सहजकर्ताका रुपमा उपलब्ध गराइएका छन् र आय आर्जन तथा गरिवी न्यूनीकरणमा स्थानीय निकाय समेतको सहभागितामा कार्यक्रमले गति लिएको छ।

७.१० गरिवी न्यूनीकरण तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यमा घरपरिवार सर्वेक्षण कार्य अन्तर्गत श्रमशक्ति सर्वेक्षण कार्यको नतिजा प्रशोधन सम्बन्धी कार्य भएको छ। राष्ट्रिय जनगणना, २०६८ को तयारी, प्रश्नावली निर्माण र परीक्षण, गणना क्षेत्र निर्धारण, सरोकारवालासंग परामर्श, नक्सांकन, छलफल, तालिम, पाइलट गणना तयारी र अन्य प्रशासनिक र प्राविधिक कार्य सम्पन्न भएका छन्। नेपाल जीवनस्तर सर्वेक्षण (NLSS) संचालन गर्ने सम्बन्धी तयारी भइरहेको छ। Nepal Info CD अद्यावधिक गर्ने, Nepal MDGs Indicators नामक पुस्तिका प्रकाशन, Nepal in Figures 2008 र औद्योगिक गणना सम्बन्धी विवरण प्रकाशित भएका छन्। साथै, Statistical Pocket Book 2008 प्रकाशन कार्य अघि वढाइएको छ। राष्ट्रिय समष्टिगत तथ्यांक व्यवस्था लागू गर्नका लागि विद्यमान कानुनी संरचनामा सुधार गर्ने र राष्ट्रिय कृषि गणना २०६८ को तयारी सम्बन्धी कार्य पनि अघि वढेका छन्।

समावेशी विकास तथा लक्षित कार्यक्रम

७.११ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका विभिन्न सामाजिक वर्ग, समुदाय तथा क्षेत्रहरुमा लक्षित गरी तिनीहरुलाई गरिवी एवम् पछौटेपनबाट मुक्त गर्ने अभिप्रायले सामाजिक समावेशीकरण एवम् लक्षित कार्यक्रमहरु कार्यान्वयन गरिएको छ। यस्ता लक्षित कार्यक्रमहरुले महिला, दलित, जनजाति, मधेसी अल्पसंख्यक एवम् पिछडिएको वर्ग, विकट क्षेत्रमा वसोवास गरेका जनसमूह, अति गरिव तथा साना किसान परिवारहरुलाई समेटेका छन्।

७.१२ दशौं योजनाको अवधिमा कार्यान्वयन भएका वार्षिक औसत करिब ४५० कार्यक्रम/आयोजनाहरुमध्ये यस रणनीति अन्तर्गत औसतमा ३५ वटा आयोजनाहरु कार्यान्वयन

भएका थिए। साथै, तीन-वर्षीय अन्तरिम योजनाले यसलाई अझ प्राथमिकता दिई सामाजिक समावेशी विकास तथा लक्षित कार्यक्रमलाई एक मुख्य रणनीतिक स्तम्भको रुपमा लिएको छ। यस योजनाको पहिलो वर्ष आर्थिक वर्ष २०६४/६५ मा कार्यक्रम/आयोजना संख्यामा वृद्धि भई करिब ६० वटा पुगेकोमा आर्थिक वर्ष २०६५/६६ मा यो स्तम्भ अन्तर्गत ६७ जटा आयोजना संचालन हुने र रु. २३ अर्ब ६९ करोड ८ लाख ३७ हजार खर्च हुने प्रक्षेपण गरिएको छ।

७.१३ चालू तीन-वर्षीय अन्तरिम योजनाले विद्यमान क्षेत्रीय, जातीय तथा अन्य विषमता, वञ्चितीकरण एवं विभेदहरुलाई हटाई न्यायपूर्ण समाजको निर्माणमा सघाउ पुऱ्याउन, उपलब्ध अवसर र पहुँचको अन्तरलाई कम गर्दै Exclusion मा परेका समूह र सम्पन्न समूहबीचको असमानतालाई कम गर्न सामाजिक समावेशी तथा लक्षित कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिएकोछ। नेपालको अन्तरिम संविधान २०६३, संविधान सभाको संरचना, निजामति सेवा लगायतका सार्वजनिक पदहरुमा नियुक्ति गर्ने सम्बन्धी व्यवस्थामा भएका प्रावधान आदिलाई समावेशीकरणको दिशामा भएका केही उल्लेख्य उपलब्धिहरुको रुपमा लिन सकिन्छ।

७.१४ घोषित शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थालाई सुदृढ र प्रभावकारी तुल्याउदै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, गरिवी निवारणोन्मुख कार्यक्रमहरुमा लक्षित वर्गको पहुँचको सुनिश्चितता, आगामी दिन अझ वढी गरिवोन्मुख कार्यक्रम संचालन गर्ने र विकासका सम्पूर्ण कर्ता र साझेदारहरुको समन्वयात्मक प्रयास सघनरुपले गरिवी निवारणतर्फ उन्मुख गर्ने कार्य भावी चुनौतीका रुपमा रहेका छन्। सवै सरोकारवाला र शुभेच्छुकहरुको सहकार्य एवं प्रयासवाट शान्ति लाभ (Peace Dividend) स्वरुप गरिवी हटाउने अभियानमा सफलता मिल्ने आशा गर्न सकिन्छ।

गरिबी अनुगमन सम्बन्धी कार्य

७.१५ आयोजना तथा कार्यक्रम तहको वित्तीय तथा भौतिक प्रगतिको समीक्षामा सीमित रहेको विगतको अनुगमन तथा मूल्यांकन व्यवस्थालाई दशौं योजना अवधिमा उल्लेख्य सुधार गरिएको थियो। यस अनुरुप केन्द्रस्तरमा गरिवी अनुगमन तथा विश्लेषण व्यवस्था (PMAS) को विकास गरी यसलाई संस्थागत गर्ने कार्य भएको थियो। दशौं योजना भन्दा पहिलेका आवधिक योजनाहरुको मध्यावधि प्रगति मात्र प्रकाशन गर्ने गरिएकोमा दशौं योजनाको सुरुवात देखि गरिवी अनुगमन तथा विश्लेषण प्रणालीमा रहेका निश्चित सूचकहरु अन्तर्गत रही वार्षिक प्रगति विवरण प्रकाशन गर्ने गरिएको छ। चालू वर्ष PMAS लाई समयानुकूल अद्यावधिक गर्ने कार्य जारी रहेको छ।

७.१६ तीन-वर्षीय अन्तरिम योजना अनुसार गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Poverty Monitoring and Analysis System-PMAS) लाई परिमार्जन गर्ने कार्य अघि बढिरहेको छ। यस प्रणालीको कार्यान्वयन पश्चात् वित्तीय तथा भौतिक प्रगतिमा मात्रै केन्द्रित हुने गरेको पुरानो अनुगमन तथा मूल्यांकन प्रणालीमा सुधार आई विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्रतिफल तथा असर तहको पनि वार्षिकरुपमा अनुगमन गर्ने व्यवस्थालाई

संस्थागत गर्ने प्रयास भएको छ। यो प्रणाली लागू भइसकेपछि निर्दिष्ट सूचकहरुका आधारमा गरिवी निवारण रणनीति पत्रका रुपमा समेत रहेको दशौं योजनाको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षका वार्षिक प्रतिवेदनहरु निकाल्ने कार्य समेत भएको छ भने पाँचौ तथा अन्तिम मूल्यांकनका रुपमा पाँचौ वर्षको प्रगति प्रतिवेदन कार्य चालू रहेको छ। चालू आवधिक योजनाको प्रथम वर्षको प्रगति विवरण समेत यसै व्यवस्थाको दायरा भित्र रहेर प्रकाशित गर्न आवश्यक विश्लेषण कार्य भइरहेको छ।

७.१७ जिल्लास्तरको विद्यमान अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुधार गरी व्यवस्थित तथा सवल बनाउनका लागि जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring and Analysis System- DPMAS) को मस्यौदा तयार गरी लागू गर्न सबै जि.वि.स. हरुमा पठाई संस्थागत गर्ने कार्य दशौं योजना अवधिमा प्रारम्भ गरिएको थियो। तीन-वर्षीय अन्तरिम योजनामा यस प्रणालीलाई केन्द्रबाट क्षमता विकासमा समेत आवश्यक सहयोग पुऱ्याई संस्थागत गरिने प्रतिबद्धता रहेको छ। चालू आर्थिक वर्षमा यसमा समयसापेक्ष सुधार गर्ने लक्ष्य लिइएको छ।

७.१८ नतिजामूलक विकासका लागि व्यवस्थापन (Operationalization of Managing for Development Results-MfDR) नामक आयोजनाको सहयोगमा केन्द्रमा राष्ट्रिय योजना आयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयका नतिजा सम्बन्धी रुपरेखा तथा नतिजा व्यवस्थापन सम्बन्धी निर्देशिकाहरु तयार गरिएका छन्। साथै, यस आयोजनाबाट जिल्लास्तरमा जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गर्ने क्रममा चार वटा जिल्लाहरु क्रमशः जुम्ला, दाङ्ग, धनुषा र झापामा स्थिति अध्ययन गरी DPMAS को Software निर्माण गरी सोको प्रयोग सम्बन्धी तालिम समेत प्रदान गरिएको छ। चालू आर्थिक वर्षमा यससम्बन्धी सुदृढीकरण र विकास विस्तारका कार्य संचालन गरिंदैछ।

७.१९ विकासको प्रतिफल एवम् आयोजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सर्वसाधारण जनताको अनुभूति एवम् पृष्ठपोषण अत्यावश्यक हुने भएकाले यस प्रक्रियालाई व्यवस्थित गर्नका लागि सहभागितामूलक गरिवी अनुगमन व्यवस्थाको रुपरेखा तयार गरी त्यसका आधारमा नागरिक प्रतिवेदन कार्डको नमूना परीक्षण दशौं योजना अवधिमा गरिएको छ। यसैगरी, तीन-वर्षीय अन्तरिम योजनाले अनुगमन तथा विश्लेषणमा सेवाग्राहीको सहभागिता र उनीहरुको धारणालाई अभिमत गर्ने माध्यमका रुपमा सहभागितामूलक अनुगमन व्यवस्था (Participatory Monitoring Mechanism) लाई संस्थागत गर्ने प्रतिबद्धता जनाए अनुरुप कार्य चालू रहेको छ।

गरिबी निवारण कोष

७.२० समुदायस्तरमा लाभान्वित वर्ग समेतको सहभागितामा मागमा आधारित गरिवी निवारणसम्बन्धी कार्यलाई सहयोग/टेवा पुऱ्याउने उद्देश्यले वि.सं. २०६० देखि 'गरिवी निवारण कोष' स्थापना भएको हो। नेपाल सरकारको गरिबी न्यूनीकरण रणनीति (PRSP) र चालू तीन-वर्षीय अन्तरिम योजनामा उल्लिखित समावेशी विकास र लक्षित कार्यक्रमलाई प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्यअनुरुप निरपेक्ष गरिबीको रेखामुनि रहँदै

आएका जनसंख्याको तल्लो समूहलाई लक्षित गरेर सञ्चालन गरिने कार्यक्रममा मद्दत पुऱ्याउने उद्देश्यले गरिबी निवारण कोष ऐन, २०६३ अनुसार एक स्वायत्त संस्थाको रुपमा गरिबी निवारण कोष सञ्चालित छ। यसले ५५ जिल्लामा कार्यक्रम संचालन गर्दैछ। कोषले सामाजिक परिचालन, आयमूलक कार्यक्रम, सामुदायिक पूर्वाधार विकास कार्यक्रम र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रममा करिव ४ हजार सामुदायिक लघु परियोजना मार्फत गरिवी न्यूनीकरणको प्रयास गर्दै रहेको छ।

७.२१ कोषले गरिब लक्षित कार्यक्रम (अन्तोदय), सामाजिक समावेशीकरण, पारदर्शिता, मागमुखी कार्यक्रम र सोझै समुदायमा कोष प्रवाह जस्ता ५ वटा निर्देशित सिद्धान्तहरु अनुरुप समाजका अति गरिब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा समुदायको मागमा आधारित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। गरिब समुदाय स्वयम्लाई पूर्णरुपले सहभागी गराई समुदायको परियोजना (कार्यक्रम) उनीहरुबाट नै कार्यान्वयन गराउन तिनै समुदायको प्रतिनिधित्व रहने गरी सामुदायिक संस्थाको गठनको साथै तिनीहरुको संस्थागत विकास गरी कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको छ। यस कार्यमा समुदायलाई आवश्यक सहयोग प्रदान गर्नको लागि सहयोगी संस्थाको रुपमा गैरसरकारी संस्था, सामुदायिक संस्था, निजी संस्था तथा स्थानीय निकायहरुसँग सहकार्य गरिएको छ।

७.२२ विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाको अमेरिकी डलर १ करोड ५० लाख र पछि थप भएको २ करोड ५० लाख गरी ४ करोड डलरको अनुदान सहयोगमा आर्थिक वर्ष २०६१/६२ मा ६ वटा जिल्लाहरुबाट कार्यक्रम सुरू गरिएको थियो। यस कार्यक्रमलाई विस्तार गर्दै लगी आर्थिक वर्ष २०६५/६६ सम्ममा २५ जिल्लाहरुमा पूर्णरुपले कार्यक्रम सञ्चालन भइरहेको र थप १५ जिल्लामा कार्यक्रम सुरू गरिएको छ। कार्यक्रम सञ्चालन नभएका बाँकि ३५ जिल्लाहरुमध्ये १५ जिल्लाहरुमा आर्थिक वर्ष २०६६/६७ मा कार्यक्रम सुरू गरिनेछ। बाँकी २० जिल्लाहरुमा पनि Pocket Apporach को माध्यमबाट कार्यक्रम सुरू गरी आर्थिक वर्ष २०६६/६७ सम्ममा सम्पूर्ण जिल्लाहरुमा कार्यक्रम लागू गर्ने लक्ष रहेको छ।

७.२३ कोषअन्तर्गत सञ्चालन भएका गरिबी निवारणसम्बस्धी कार्यक्रमहरुबाट राम्रो नतिजा प्राप्त हुँदै गएको फलस्वरुप सञ्चालित कार्यक्रमहरुलाई निरन्तरता दिन र थप कार्यक्रम सञ्चालन गर्नको लागि अन्तर्राष्ट्रिय विकास संस्थाबाट अमेरिकी डलर १० करोड थप अनुदान सहयोग प्राप्त गर्ने सम्झौता भई कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसरी नै कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोषबाट अमेरिकी डलर ४० लाख प्राप्त हुने गरी मे ९, २००८ मा अनुदान सम्झौता भई कार्यक्रमहरु सञ्चालन भईरहेका छन्। समुदायलाई सहयोग पुर्याउने उद्देश्यले २२१ वटा सहयोगी संस्थाहरुसँग सम्झौता गरिसकिएको छ। यी संस्थाहरुले सामाजिक परिचालन, समुदायको संस्थागत विकास, समुदायको लागि परियोजना तयार पार्ने लगायतका कार्यक्रमहरु कार्यान्वयनमा सहजीकरण गर्ने कार्य गर्दै आएका छन्। थप गरिएका १५ जिल्लाको लागि सहयोगी संस्था छनौटको कार्य अन्तिम चरणमा पुगिसकेको छ। यी

सहयोगी संस्थाहरुले सामाजिक परिचालन, क्षमता विकास तथा सीप विकास तालिम, सामुदायिक संस्थाको संस्थागत विकास, सामुदायिक परियोजना तर्जुमा तथा कार्यान्वयन गर्न सामुदायिक संस्थालाई आवश्यक प्राविधिक सहयोग र सहजीकरण गरी मद्दत पुऱ्याउनुको साथै समुदाय र कोषबीचको सम्पर्क र सञ्चारमा सहयोगीको रुपमा काम गर्दै आएका छन् ।

७.२४ आर्थिक वर्ष २०६४/६५ मा लक्षित समुदायका ३ हजार ८ सय १२ वटा सामुदायिक परियोजनाहरुमा रु. १ अरव ४२ करोड २९ लाख ४५ हजार अनुदान उपलब्ध गराउने लक्ष्य रहेकोमा उक्त अवधिमा लक्षित समुदायका आयमूलक र सामुदायिक पूर्वाधार विकाससम्बन्धी परियोजनाहरु कार्यान्वयनका लागि सामुदायिक संस्थाहरुसंग संझौता गरी कोषबाट रु. १ अरव ५५ करोड १६ लाख ७४ हजार अनुदान सहयोग प्रदान गरिएको छ। कार्यक्रम सञ्चालनका लागि सहयोगी संस्थाहरुलाई रु. २४ करोड ६७ लाख ७० हजार प्रदान गरिएको छ।

आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको प्रगति विवरण

७.२५ आर्थिक वर्ष २०६५/६६ मा सामुदायिक संस्थाका कुल ४ हजार ४८ वटा सामुदायिक परियोजनालाई रु. २ अरव १३ करोड ७४ लाख ८९ हजार अनुदान उपलब्ध गराउने लक्ष रहेकोमा आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनासम्ममा लक्षित समुदायका आयमूलक र सामुदायिक पूर्वाधार विकास गरी कुल १ हजार ८ सय १६ परियोजना कार्यान्वयनका लागि सामुदायिक संस्थाहरुसँग सम्झौता गरी ती संस्थाहरुलाई कोषबाट रु. ६८ करोड ५७ लाख १० हजार अनुदान सहयोग प्रदान गरिएको छ। यस अवधिमा सहयोगी संस्थाहरुलाई रु. १६ करोड ३७ लाख ७८ हजार प्रदान गरिएको छ। आर्थिक वर्षको अन्त्यसम्ममा वार्षिक लक्ष पूर्णरुपले हासिल हुने अपेक्षा गरिएकोछ। गरिबीका रेखामुनिका लागि परिचय-पत्र उपलब्ध गराउने सम्बन्धमा कोषले कार्यक्रम सञ्चालन गरेका समुदायहरुमा गरिब घर पहिचान गरी कोषको कार्यक्रम सञ्चालन गरेको वा सञ्चालन गर्न समुहमा आवद्ध भई कोषमा दर्ता भएका घर परिवारलाई चरणबद्धरुपमा परिचय पत्र दिन लगत राख्ने काम सुरू गरिएको छ। यसको साथै, स्थानीय विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी परिचय पत्रको खाका निर्माण गर्ने कार्य पनि सुरू गरिएको छ।

७.२६ कार्यक्रम सञ्चालन भएदेखि हालसम्म ४६ जिल्लाका ७ सय २२ गाविसहरुमा ९ हजार ९ सय ५४ सामुदायिक संस्थाहरु गठन गरिसकिएका छन्। यस्ता सामुदायिक संस्थाहरुमा आवद्ध सदस्यहरुमा ३१ हजार ८ सय ९५ दलित, २८ हजार ५ सय ७५ जनजाति र ३९ हजार ५ सय ४५ अन्य छन्। महिला सदस्यको सहभागिता ७० हजार १ सय ५५ रहेको छ। हालसम्ममा ९ हजार ३ सय २२ सामुदायिक संस्थाहरुले आयमूलक तथा सामुदायिक पूर्वाधार विकासका परियोजना तयार गरी कार्यान्वयनका लागि कोषसँग सम्झौता सम्पन्न भई कोषले रु. ४ अरव ५१ करोड १२ लाख ८१ हजार सामुदायिक संस्थालाई सहयोग प्रदान गरिसकेको छ। आयमूलक परियोजनामा पशुपालन, तरकारी खेती, फलफूल खेती, जुस प्रशोधन, ऊनी गलैंचा बुनाइ, बाखा

पालन, कुखुरा पालन, वाँस चोयाका सामग्री, बंगुर, माछा, खुद्रा पसल, मोटरसाइकल मर्मत कारखाना, रिक्सा सञ्चालन जस्ता ९,१५० वटा परियोजनाहरु सञ्चालन भइरहेका छन् । सामुदायिक पूर्वाधार विकासअन्तर्गत खानेपानी, लघु सिंचाइ, लघु जलविद्युत, ग्रामीण सडक, पूल पुलेसा, विद्यालय, स्वास्थ्य चौकी जस्ता १,७७६ वटा परियोजनाहरु सञ्चालन गरिसकिएको छ । उक्त परियोजनाहरुबाट ३ लाख ४२ हजार ८ सय ५४ घरधुरी लाभान्वित भएका छन् । लाभान्वित घरधुरीमा ६६.७ अति गरिब, २४.८ मध्यम गरिब, ८.३ गरिब र ०.२ सीमान्त गरिब छन् ।

रोजगारी

७.२७ वि.सं. २०५८ को जनगणनाअनुसार कुल जनसंख्यामध्ये आर्थिकरूपले श्रम बजारमा सक्रिय जनसंख्या करिब १ करोड ४ लाख ८२ हजार रहेको अनुमान थियो । दशौं योजना अवधिमा थप १० लाख ५३ हजार रोजगारी सृजना हुने अनुमान गरिएको थियो । अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा हुने उत्पादन वृद्धिको प्रभाव र अन्तरक्षेत्रगत सम्वन्ध (inter-sectoral linkages) को योगदानका कारणले उपर्युक्त रोजगारीका अवसर उपलब्ध हुने ठानिएको थियो । त्यसअनुसार, दशौं योजनाको अन्त्यसम्ममा कुल रोजगारी १ करोड १० लाख १२ हजार पुग्ने अनुमान पनि गरिएको थियो । दशौं योजनामै उल्लेख भएअनुसार योजनाको अन्त्य (आर्थिक वर्ष २०६३/६४) सम्म आर्थिक दृष्टिले सक्रिय जनसंख्या १ करोड १५ लाख ८० हजार पुग्ने र यसमध्ये पूर्ण वेरोजगार केवल ४.१ प्रतिशतमात्र रहने अनुमान गरिनुका साथै अर्द्ध-वेरोजगारीको स्थिति दशौं योजनाको अन्त्यसम्ममा २२.३ प्रतिशतमा झर्ने अनुमान गरिएको थियो । हालसम्म दशौं योजनाको पूर्ण समीक्षा नभई सकेकोले उक्त लक्ष्यहरूको प्रगति स्थिति यकिन हुन सकेको छैन ।

७.२८ दशौं योजनाको प्रमुख उद्देश्य गरिबी घटाउनु रहेकोले सो उद्देश्य प्राप्तिका लागि रोजगारी बढाएर मात्र सम्भव हुने सोचाइअनुरूप विभिन्न नीतिहरू लागू भइरहेका छन् । योजना तर्जुमाको बखतमा कुल जनसंख्याको करिब ४२.० प्रतिशत गरिबीको रेखामुनि रहेको जनसंख्यालाई योजनाको अन्त्यसम्ममा ३२.० प्रतिशतमा झार्ने लक्ष्यअनुरूप योजनामा अपनाइने मूल रणनीतिहरू (उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम तथा सुशासन) लाई केन्द्रविन्दुमा राखी तदनुरूपका कार्यक्रमहरू सञ्चालन भए ।

७.२९ आर्थिक तथा सामाजिक विकासका कार्यहरू विस्तार गरी रोजगारीका अवसरहरू वढाउने, रोजगारीका अवसरहरूमा गरिवको पहुँच बढाउन श्रममुखी व्यवसायको प्रवर्द्धन गर्ने, पिछडिएका वर्ग तथा क्षेत्र विशेषको लागि आयमूलक र रोजगारीका लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने, व्यावसायिक कार्यकुशलता अभिवृद्धि तथा श्रमिक वर्गको आधारभूत हकहितको संरक्षणका पक्षहरूलाई सन्तुलितरूपमा अघि वढाउने, सीपयुक्त जनशक्ति उत्पादन गरी वैदेशिक रोजगारीका अवसरहरूको समेत अधिकतम उपयोग गर्ने जस्ता नीतिहरू हाल कार्यान्वयनमा रहेका छन् । दशौं योजनाको समीक्षा नभई सकेको वर्तमान अवस्थामा उक्त सञ्चालित नीति तथा कार्यक्रमहरूको प्रभावले के

कति रोजगारी सिर्जना हुन सक्यो भने समग्र र अद्यावधिक सूचना उपलब्ध भएको छैन ।

७.३० रोजगारीका लागि विदेश जाने नेपालीहरुको क्रम बढ्दो भएता पनि वेरोजगारीको सख्यामा कमी आएको देखिदैन । २०५८ सालको जनगणनाअनुसार १० वर्ष उमेर वा सो भन्दा माथिका जनसख्यामध्ये ५.१ प्रतिशत वेरोजगार थिए । तर नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६०/६१ अनुसार १५ वर्ष उमेर वा सो भन्दा माथिका जनसख्यामध्ये २.९ प्रतिशत वेरोजगार र ७४.३ प्रतिशत रोजगार थिए भने बाँकी २२.८ प्रतिशत जनसख्या निष्क्रिय भएको देखिन्छ । बेरोजगार मध्ये पुरुष ३.१ प्रतिशत र महिला २.७ प्रतिशत रहेको छ भने युवा वेरोजगार १५.० प्रतिशत रहेको देखिन्छ ।

तालिका ७ (ख) : नेपालमा रोजगारीको स्थिति, २०६०/६१

(१५ वर्ष उमेर वा सो भन्दा माथिका जनसंख्या)

क्षेत्र	रोजगार (%)	वेरोजगार (%)	निष्क्रिय (%)	जम्मा
लिङ्ग अनुसार				
पुरुष	७३.३	३.१	१९.६	१००
महिला	७१.७	२.७	२५.६	१००
विकास क्षेत्र अनुसार				
पूर्वाञ्चल	७४.९	२.९	२२.२	१००
मध्यमाञ्चल	७२.४	३.३	२४.३	१००
पश्चिमाञ्चल	७३.२	२.७	२४.१	१००
मध्य पश्चिमाञ्चल	७७.०	२.८	२०.२	१००
सुदूर पश्चिमाञ्चल	८०.४	१.४	१८.२	१००
भौगोलिक क्षेत्र अनुसार				
हिमाल	८६.७	१.३	१२.०	१००
पहाड	७६.०	२.१	२१.९	१००
तराई	७१.१	३.८	२५.१	१००
नेपाल	**७४.३**	**२.९**	**२२.८**	**१००**

स्रोत : नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६०/६१, केन्द्रीय तथ्याङ्क विभाग

७.३१ देशमा विगत एक दशकसम्म चलेको द्वन्द्वका कारण उद्योग धन्दा एवम् कलकारखानाहरूमा नकारात्मक असर पर्‍यो, जसको कारण केही उद्योग एवम् कलकारखानाहरू पूर्णरूपमा वन्द भए, केही आंशिकरूपमा बन्द भए र सञ्चालनमा भएका मध्ये पनि कतिपय पूर्ण क्षमतामा सञ्चालन हुन सकेनन् । फलस्वरूप, ती उद्योग एवम् कलकारखानाहरूमा कार्यरत कतिपय श्रमिकहरू पनि रोजगारीबाट वञ्चित हुन वाध्य भए । अर्कोतर्फ, सरकारले सानो र चुस्त प्रशासन बनाउने अभियानमा रोजगारीका नयाँ अवसरहरूलाई खुला गर्न नसकेका कारणले पनि वेरोजगारीको संख्यामा वृद्धि भएको देखिन्छ ।

७.३२ पर्याप्त रोजगारीको अवसर नपाएको कारण वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरूको संख्या वर्षेनी बढ्दै गएको छ । खासगरी मलेसिया र दक्षिण कोरिया

बाहेक अरव मुलुकहरूमा रोजगारीका लागि जाने संख्या बढी देखिन्छ। आर्थिक वर्ष २०६३/६४ को अन्त्यसम्म संस्थागत रूपबाट वैदेशिक रोजगारीमा जानको लागि स्वीकृति प्रदान गरिएको कुल संख्या ९ लाख ७८ हजार १ सय २५ रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा थप २ लाख २९ हजार ३ सय ७३ र आर्थिक वर्ष २०६५/६६ को वैशाखसम्ममा १ लाख ८६ हजार ७ सय ८३ थप भई हालसम्म वैदेशिक रोजगारीका लागि स्वीकृति प्रदान गरिएको संख्या कुल १३ लाख ९४ हजार २ सय ८१ पुगेको छ।

तालिका ७ (ग) : वैदेशिक रोजगारीका गन्तव्यहरु

क्र.सं	मुलुक/क्षेत्र	आर्थिक वर्ष २०६३/६४ सम्मको कुल संख्या	आर्थिक वर्ष २०६४/६५ को कुल संख्य	आर्थिक वर्ष २०६५/६६ बैशाख महिनासम्मको संख्या	कुल संख्या
१	मलेसिया	३,७८,६९६	४९,४४५	३०,०३६	४,५८,१७७
२	कतार	२,६६,०९४	८३,८९६	६६,०३१	४,१६,०२१
३	सउदी अरेविया	१,९०,४६९	४२,२१४	३९,४०६	२,७२,०८९
४	यु. ए. ई.	१,०५,९४१	४३,८२८	२६,८९०	१,७६,६५९
५	कुवेत	११,९३९	१,४६१	१,६०८	१५,००८
६	बहराइन	६,५८३	४,३३५	५,६९१	१६,६०९
७	दक्षिण कोरिया	६,४४१	०	५६	६,४९७
८	हङ्गकङ्ग	३,७०४	१८९	५६	३,९४९
९	ओमान	१,३४४	२,२०५	३,१४३	६,६९२
१०	अन्य मुलुकहरु	६,९१४	१,८००	१३,८६६	२२,५८०
	जम्मा	९,७८,१२५	२,२९,३७३	१,८६,७८३	१३,९४,२८१

स्रोत : श्रम तथा रोजगार प्रवर्द्धन विभाग,२०६५

७.३३ वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरूको प्रवृत्ति हेर्दा सबैभन्दा बढी नेपाली ४ लाख ५८ हजार १ सय ७७ (कुल संख्याको ३२.९ प्रतिशत) मलेसिया गएका छन् भने दोस्रो ठूलो मुलुक कतारमा ४ लाख १६ हजार २१ (२९.८ प्रतिशत) र तेस्रो ठूलो मुलुक सउदी अरवियामा २ लाख ७२ हजार ८९ (१९.५ प्रतिशत) छन्। त्यसैगरी, संयुक्त अरव एमिरेट्स (यू.ए.ई.) मा १ लाख ७६ हजार ६ सय ५९ (१२.७ प्रतिशत), कुवेतमा १५ हजार ८ (१.१ प्रतिशत),



वहराइनमा १६ हजार ६ सय ९ (१.२ प्रतिशत), दक्षिण कोरियामा ६ हजार ४ सय ९७ (०.५ प्रतिशत), ओमनमा ६ हजार ६ सय ९२ (०.५ प्रतिशत), हङ्गकङ्गमा ३ हजार ९ सय ४९ (०.३ प्रतिशत), र अन्य मुलुकहरुमा २२ हजार ५ सय ८० (१.६ प्रतिशत) नेपालीहरू कामको लागि पुगेका छन् ।

७.३४ चालू आर्थिक वर्ष २०६५/६६ को वैशाख महिनासम्ममा कुल १ लाख ८६ हजार ७ सय ८३ जना वैदेशिक रोजगारीको लागि विदेश गएका मध्ये मलेसियामा ३० हजार ३६, कतारमा ६६ हजार ३१, सउदी अरेवियामा ३९ हजार ४ सय ६ र यू.ए.ई. मा २६ हजार ८ सय ९० छन् । सोही अवधिमा वैदेशिक रोजगारीका लागि विदेश गएका मध्ये वहराइनमा ५ हजार ६ सय ९१ र ओमानमा ३ हजार १ सय ४३ जना रहेका छन् ।

८. कृषि, उद्योग र पर्यटन

कृषि

८.१ नेपाल कृषि प्रधान देश भएकोले आय र रोजगारीका लागि जनसंख्याको ठूलो अंश कृषिमा नै निर्भर छ। कुल गार्हस्थ्य उत्पादनमा अझै पनि कृषि क्षेत्रको सबै भन्दा बढी योगदान रहेको छ। कृषि क्षेत्रको विकास नै दिगो आर्थिक विकासको मेरुदण्ड हो भन्ने तथ्यलाई आत्मसात गरेर विगतका योजनाहरु देखि नै यस क्षेत्रलाई उच्च प्राथमिकता दिइँदै आएको पाइन्छ। राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन र व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्यले कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागू गरिएको छ।

मन्जुषा ८(क) : कृषि क्षेत्रका मुख्य गतिविधिहरू

१) **एक गाउँ एक उत्पादन कार्यक्रम (One Village, One Product)** : सार्वजनिक-निजी साझेदारीको अवधारणमा सञ्चालित एक गाउँ एक उत्पादन कार्यक्रमले सञ्चालनको तेस्रो वर्षमा आइपुग्दासम्म उत्साहजनक प्रगति हासिल गरेको छ। यस कार्यक्रम अन्तर्गत रामेछाप र सिन्धुली, नुवाकोट र रसुवा, वर्दिया र सिराहा तथा भक्तपुर जिल्लाहरु क्रमशः जुनार, रेम्बो ट्राउट माछा, बेल र लप्सीका लागि छनौट गरिएका थिए भने लेखनाथ कास्कीमा कृषि-पर्यटन (Agro-Tourism) कार्यक्रम सञ्चालनमा छ। त्यस्तै, ललितपुर जिल्लामा १४ रोपनी क्षेत्रफलमा सिम्बिडियन आर्किड खेती कार्यक्रम सुरु गरिएको छ।

२. **बर्डफ्लू नियन्त्रण आयोजना** : झापा जिल्लाका मेची नगरपालिका वडा नं. १० र शरणामति गा.वि.स. मा नेपालमा सर्वप्रथम Highly Pathogenic Avian Influenza (HPAI) H5NI संक्रमण देखापरेको पुष्टि भएकोले नेपाल सरकारको वर्डफ्लू रोग नियन्त्रण आदेश, २०६४ अनुरुप ती क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरी २३ हजार ९ सय ८७ कुखुराको साथै कुखुराको फुल, फुल राख्ने केट्स, दाना पदार्थ, परेवा तथा मैना पंक्षी नष्ट गरियो। यसै क्रममा ग्रामीण कुखुराको क्षतिपूर्ति वापत रु. ३१ लाख ६७ हजार ७ सय ८८ वितरण गरिएको थियो।

३. **सहकारी खेती** : सहकारी खेती कार्यक्रम सञ्चालनको लागि सहकारी खेती निर्देशिका, २०६५ जारी भई कार्यविधिको आधारमा ३३ जिल्लामा सूचना प्रकाशन भएको र भोजपुर, काठमाडौं, कास्की, दाङ, बर्दिया, कैलाली, बाँके र सप्तरी आदि जिल्लामा सहकारीमा आधारित बंगुर तथा कुखुरापालन कार्यक्रम सञ्चालनको सुरुवात भएको छ।

४. **सहकारी पसल सस्तो र असल** : सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी नियमावली, २०६५ स्वीकृत भई कार्यान्वयनमा आएको छ। सहकारी पसल सम्बन्धमा रेडियो, टी.भी., एफ.एम. र पत्रपत्रिकामा सूचनामूलक सामग्री प्रकाशन गरी जनचेतना अभिवृद्धि गरी सहकारी पसल खोल्न इच्छुक सहकारी संस्थाहरुबाट व्यापक सहभागिताको अपेक्षा सहित प्रस्ताव माग गरिएको छ।

स्रोत : कृषि तथा सहकारी मन्त्रालय

उत्पादन स्थिति

८.२ प्रमुख खाद्यान्न वालीहरु (धान, गहुँ, मकै, कोदो, जौ) को कुल उत्पादन आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो वर्षको तुलनामा ७ लाख ४० हजार मेट्रिक टन अर्थात् १०.१ प्रतिशतले बढ्न गई ८० लाख ६९ हजार मेट्रिक टन भएकोमा चालू आर्थिक वर्ष २०६५/६६ मा भने अघिल्लो वर्षको तुलनामा ४६ हजार मेट्रिक टन अर्थात् ०.६ प्रतिशतले वृद्धि भई ८१ लाख १५ हजार मेट्रिक टन पुग्ने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा खाद्यान्न वालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ३.४ प्रतिशतले बृद्धि भई ३४ लाख १६ हजार हेक्टर पुगेकोमा चालू आर्थिक वर्ष २०६५/६६ मा ३४ लाख १८ हजार हेक्टर पुग्ने अनुमान छ। चालू आर्थिक वर्षमा गहुँको उत्पादनमा १४.५ प्रतिशतले कमी आएको भएतापनि मौसम अनुकूल भइदिनाले धान ५.२ प्रतिशत, मकै २.८ प्रतिशत र कोदो ०.७ प्रतिशतले वृद्धि भई समग्र खाद्यान्न वालीको उत्पादनमा सामान्य वृद्धि देखिएको छ।

८.३ प्रमुख नगदेवालीहरुतर्फ आर्थिक वर्ष २०६४/६५ मा तेलहन वाली (तोरी, सर्स्यू, सूर्यमुखी आदि) को उत्पादन गत वर्षभन्दा १.५ प्रतिशतले कम भई १ लाख ३४ हजार मेट्रिक टन भएकोमा चालू आर्थिक वर्षमा भने ०.७ प्रतिशतले वृद्धि भई १ लाख ३५ हजार मेट्रिक टन हुने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा तेलहन खेती गरिएको जमिनको क्षेत्रफलमा समेत अघिल्लो वर्ष भन्दा २.२ प्रतिशतले कमी आई १ लाख ८० हजार हेक्टर पुगेकोमा आर्थिक वर्ष २०६५/६६ मा सामान्य वृद्धि भई १ लाख ८१ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा आलु वालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व गत आर्थिक वर्षको जस्तै सामान्य वृद्धि भएको छ भने उखु, सुर्ती र जुट वालीको क्षेत्रफल र उत्पादनमा कमी हुने अनुमान छ।

८.४ आर्थिक वर्ष २०६५/६६ मा कुल दलहन वाली (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको २ लाख ७० हजार मेट्रिक टनबाट ५.२ प्रतिशतले ह्रास भई २ लाख ५५ हजार मेट्रिक टन हुने अनुमान छ। तर फलफूलको उत्पादन भने गत आर्थिक वर्षको ६ लाख ३१ हजार मेट्रिक टनबाट ६.० प्रतिशतले वृद्धि भई ६ लाख ६९ हजार मेट्रिक टन हुने अनुमान गरिएको छ। त्यस्तै, तरकारी वालीको उत्पादन २५ लाख ३९ हजार मेट्रिक टनबाट ७.३ प्रतिशतले वृद्धि भई २७ लाख २४ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ। नगदेवालीको रूपमा हालका वर्षहरुमा तरकारी खेतीको उत्पादनमा निरन्तर वृद्धि हुँदै गएको छ।

८.५ आर्थिक वर्ष २०६४/६५ मा मुख्य कृषि वालीहरूको उत्पादनमा खाद्यान्न वालीको अंश ४९.८ प्रतिशत तथा नगदे वालीको अंश २९.० प्रतिशत र अन्य वालीहरुको अंश २१.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा खाद्यान्न वालीको अंश ४९.६ प्रतिशत तथा नगदे वालीको अंश २८.१ प्रतिशत र अन्य वालीहरुको अंश २२.३ प्रतिशत रहने अनुमान छ। समग्रमा नगदे वालीले ढाकेको क्षेत्रफल अघिल्ला आर्थिक वर्षको तुलनामा क्रमशः घट्दै गएको कारण उत्पादन पनि क्रमशः घटिरहेको देखिन्छ।

८.६ कृषि तथा बन क्षेत्रमा आर्थिक वर्ष २०६५/६६ मा अघिल्लो आर्थिक वर्षको तुलनामा गार्हस्थ्य उत्पादनको वृद्धिदर २.१ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। कृषि उत्पादन सूचकाङ्कको आधारमा आर्थिक वर्ष २०६५/६६ मा आर्थिक वर्ष २०६४/६५ को तुलनामा खाद्यान्न वालीको उत्पादन १.७ प्रतिशतले, तरकारी ९.६ प्रतिशतले, फलफूल ५.२ प्रतिशतले, मासु २.१ प्रतिशतले तथा दूध २.७ प्रतिशतले उत्पादन वृद्धि हुने प्रारम्भिक अनुमान छ। यसैगरी, वन पैदावारको उत्पादन ०.२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ।

मुख्य खाद्यान्न वालीको उत्पादन स्थिति

८.७ **धान** : प्रमुख खाद्यान्न वाली - धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा चालू आर्थिक वर्षमा बृद्धिहुने प्रारम्भिक अनुमान छ। धानको उत्पादन गत आर्थिक वर्षको करिब ४३ लाख मेट्रिक टनबाट ५.२ प्रतिशतले वृद्धि भई ४५ लाख मेट्रिक टन भन्दा केही बढी हुने अनुमान छ। धानवालीको उत्पादनको यो लगातार दोश्रो वर्षको वृद्धि हो। धानवाली लगाइएको क्षेत्रफल गत आर्थिक वर्षको १५ लाख ४९ हजार हेक्टरबाट ०.५ प्रतिशतले वृद्धि भई १५ लाख ५६ हजार हेक्टर पुग्ने र उत्पादकत्वसमेत ५.० प्रतिशतले वृद्धि भई २ हजार ९ सय ७ के.जी. प्रति हेक्टर पुग्ने अनुमान रहेको छ। यस वर्ष मनसुन छिट्टै सुरु भएको र असारको पहिलो सातादेखि भदौसम्म नै प्रशस्त वर्षा भएको कारण धानवाली लगाइएको क्षेत्रफल तथा उत्पादकत्व समेत बढ्न गई समग्र धान वालीको उत्पादन बढ्न गएको देखिन्छ।



८.८ **मकै** : आर्थिक वर्ष २०६५/६६ मा मकैको उत्पादन गत वर्षको १८ लाख ७९ हजार मेट्रिक टनको तुलनामा २.८ प्रतिशतले वृद्धि भई १९ लाख ३१ हजार मेट्रिक टन हुने अनुमान छ। समीक्षा वर्ष मकैको उत्पादकत्वमा भने करिब २.० प्रतिशतले वृद्धि भई प्रति हेक्टर २ हजार २ सय ५ के.जी. हुने प्रारम्भिक अनुमान छ। त्यसैगरी, क्षेत्रफलमा समेत सामान्य वृद्धि भई ८ लाख ७५ हजार हेक्टर पुग्ने अनुमान छ। यस वर्ष अत्यधिक वर्षा र रोगको प्रकोपले गर्दा केही जिल्लाहरुको मकै उत्पादनमा कमी आएतापनि पहाडी तथा हिमाली क्षेत्रमा मकैको उत्पादन राम्रो रहेको तथा बेमौसमी एवम् वसन्ते मकैको क्षेत्रफल समेत बढेकोले समग्र मकैको उत्पादनमा केही वृद्धि भएको हो।

८.९ **गहुँ** : आर्थिक वर्ष २०६५/६६ मा गहुँको उत्पादन गत आर्थिक वर्षको १५ लाख ७२ हजार मेट्रिक टनको तुलनामा १४.५ प्रतिशतले ह्रास आई १३ लाख ४४ हजार मेट्रिक टन हुने अनुमान गरिएको छ। लामो समयसम्म हिउँदे वर्षा र हिमपात समेत नभएकोले गहुँको उत्पादन र खेती गरिएको क्षेत्रफलमा समेत ह्रास आएको अनुमान छ। गहुँ खेती गरिएको क्षेत्रफल गत वर्षको ७ लाख ६ हजार हेक्टरबाट १.६ प्रतिशतले ह्रास भई ६ लाख ९५ हजार हेक्टर रहेको अनुमान छ। परिणामस्वरुप, गहुँको उत्पादकत्वमा समेत यस वर्ष १३.१ प्रतिशतले कमी आउने अनुमान छ।

८.१० **जौ** : आर्थिक वर्ष २०६५/६६ मा जौ वालीले ओगटेको क्षेत्रफल यथावत रहेता पनि उत्पादन भने घट्ने अनुमान छ। समीक्षा वर्षमा जौ खेती गरिएको कुल क्षेत्रफल २५ हजार ८ सय १७ हेक्टर तथा उत्पादन २३ हजार २ सय ४४ मेट्रिक टन रहने अनुमान छ। जौको उत्पादन घट्नुमा अन्य वालीतर्फ कृषकको आकर्षण हुनाका साथै यस वर्षको हिउँदे खडेरी अर्को प्रमुख कारण रहेको देखिन्छ।

८.११ **कोदो** : आर्थिक वर्ष २०६५/६६ मा कोदोको उत्पादन गत वर्षको २ लाख ९१ हजार मेट्रिक टन को तुलनामा ०.७ प्रतिशतले वृद्धि भई २ लाख ९३ हजार मेट्रिक टन हुने अनुमान छ। उत्पादकत्व समेत ०.५ प्रतिशतले बढ्न गई गत वर्षको १ हजार ९६ के.जी. प्रति हेक्टरबाट १ हजार १ सय १ के.जी. प्रति हेक्टर रहने अनुमान छ।

नगदे वालीको उत्पादन स्थिति

८.१२ **उखु** : एक प्रमुख औद्योगिक वालीको रूपमा रहेको उखु लगाइएको क्षेत्रफल आर्थिक वर्ष २०६५/६६ मा ७.९ प्रतिशतले ह्रास भई ५८ हजार हेक्टर रहन गएको छ भने उत्पादनमा समेत ५.३ प्रतिशतले कमी आई २३ लाख ५४ हजार मेट्रिक टन पुग्ने अनुमान छ। उखु विक्रीमा आएको समस्याले गर्दा कृषकहरु यस वालीबाट पलायन हुने गरेको कारण यसको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा नकारात्मक प्रभाव परेको देखिन्छ।

८.१३ **तेलहन** : चालू आर्थिक वर्षमा तेलहन वाली (तोरी, सर्स्यू, सूर्यमुखी आदि) को उत्पादन गतवर्ष भन्दा केही वृद्धि भई १ लाख ३५ हजार ४ सय ९४ मेट्रिक टन हुने अनुमान गरिएको छ। क्षेत्रफलमा समेत ०.६ प्रतिशतले वृद्धि आई १ लाख ८१ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ। समीक्षा वर्ष तेलहन वाली लाग्ने तराईका प्रमुख जिल्लाहरूमा तोरीमा फूल फुल्ने समयमा वर्षा नभएको तथा केही स्थानमा लाही कीराको प्रकोप जस्ता कारणले तोरी वालीको उत्पादन घट्न गएको भएतापनि सूर्यमुखीको उत्पादनमा क्रमशः बढोत्तरी हुँदै आएकोले समग्रमा तेलहन वालीको उत्पादनमा केही वृद्धि हुने अनुमान छ।

८.१४ **आलु** : चालू आर्थिक वर्षमा आलुको उत्पादन १.४ प्रतिशतले बढ्न गई २० लाख ८३ हजार मेट्रिक टन हुने र खेती गरिएको क्षेत्रफल ०.६ प्रतिशतले वृद्धि भई १ लाख ५८ हजार हेक्टर तथा उत्पादकत्व १३ हजार २ सय ३ के.जी. प्रति हेक्टर हुने अनुमान गरिएको छ। यस वर्ष पकेट क्षेत्र भएका स्थानहरूमा डढुवा रोग लागेको कारण

उत्पादनमा कमी आएको भएतापनि वर्षे आलुको उत्पादन सन्तोषजनक भएकोले समग्रमा उत्पादन केही मात्रामा वृद्धि हुने अनुमान छ ।

८.१५ **सुर्ती** : सुर्ती वालीको उत्पादनमा आर्थिक वर्ष २०६५/६६ मा मा ४.५ प्रतिशतले ह्रास आई २ हजार ४ सय ९७ मेट्रिक टन हुने अनुमान छ । विगत वर्षहरूदेखि नै यसको खेती गरिएको क्षेत्रफल र उत्पादन घट्ने क्रम जारी नै रहेको देखिन्छ । यस वर्ष यसको क्षेत्रफलसमेत केही घट्न गई २ हजार ५ सय ४२ हेक्टर रहने अनुमान छ । सुर्ती वालीको उत्पादन घट्नुमा सुर्ती वालीतर्फ कृषकहरूको रुचि घट्दै जानु प्रमुख कारक रहेको छ ।

८.१६ **जुट** : चालू आर्थिक वर्षमा पूर्वाञ्चलका ६ वटा जिल्लाहरू झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा तथा उदयपुरमा मात्र खेती गरिने जुटवालीको क्षेत्रफल १.६ प्रतिशत, उत्पादन ७.५ प्रतिशत तथा उत्पादकत्व ५.५ प्रतिशतले घटेको अनुमान छ ।

८.१७ **दलहन** : यस आर्थिक वर्षमा कुल दलहन (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको तुलनामा ५.२ प्रतिशतले ह्रास भई २ लाख ५५ हजार मेट्रिक टन हुने अनुमान छ । खेती गरिएको क्षेत्रफलमा समेत सामान्य कमी आई ३ लाख १३ हजार हेक्टर पुग्ने अनुमान छ । यस वर्ष हिउँदे वर्षा नभएको कारण असिंचित क्षेत्रफलमा लगाइने मुसुरो, रहर, चना, केराउ आदिको उत्पादन घट्न गएकोले समग्रमा दलहन वालीको उत्पादनमा कमी आएको अनुमान छ ।

तालिका ८(क) : कृषि वालीको उत्पादकत्व
(के.जी./हेक्टर)

उत्पादनहरू	आर्थिक वर्ष	
	२०६४/६५	२०६५/६६*
खाद्यान्न वालीहरू	२३६१	२३७४
धान	२७७५	२९०७
मकै	२१५९	२२०५
गहुँ	२२२५	१९३४
कोदो	१०९६	११०१
जौ	१०७६	९००
दलहन वाली	८४२	८१५
बागबानी वाली		
आलु	१३११०	१३२०३
तरकारी	१२२००	१२३००
फलफूल	९९४१	१०२२७

** अनुमान*
स्रोत : कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि तथा सहकारी मन्त्रालय

अन्य वालीहरूको उत्पादन स्थिति

८.१८ **फलफूल** : फलफूलको उत्पादन आर्थिक वर्ष २०६५/६६ मा गत वर्षको तुलनामा करिब ६.० प्रतिशतले वृद्धि भई ६ लाख ३१ हजार मेट्रिक टनबाट ६ लाख ६९ हजार मेट्रिक टन पुग्ने अनुमान छ। फलफूल खेती गरिएको क्षेत्रफल भने ३.१ प्रतिशतले वृद्धि भई ६३ हजार ४ सय ३२ बाट ६५ हजार ३ सय ९० हेक्टर पुग्ने अनुमान छ। आपको उत्पादनमा ह्रास आएको भएतापनि व्यावसायिक केरा खेतीलाई यस वर्ष गणनामा समाबेश गरिएको तथा स्याउ र सुन्तलाको उत्पादनमा समेत वृद्धि भएको कारण फलफूलको कुल उत्पादन बढ्ने अनुमान छ।

८.१९ **तरकारी** : आर्थिक वर्ष २०६५/६६ मा तरकारी वालीको उत्पादन ७.३ प्रतिशतले वृद्धि भई गत वर्षको २५ लाख ३९ हजारबाट २७ लाख २४ हजार मेट्रिक टन पुग्ने अनुमान छ। यो वालीले ढाकेको क्षेत्रफल २ लाख २१ हजार हेक्टर रहने अनुमान छ। नगदे वालीको रूपमा हालका दिनहरुमा तरकारीको खेतीमा देखिएको आकर्षणले गर्दा यसको क्षेत्रफल तथा उत्पादन दुबैमा निरन्तर वृद्धि भएको पाइएको छ।

८.२० **मसला वाली** : आर्थिक वर्ष २०६५/६६ मा मसला वालीहरू मध्ये अदुवाको उत्पादन १५ प्रतिशत, लसुनको उत्पादन ११ प्रतिशत, बेसारको उत्पादन ५८ प्रतिशत, अलैचीको उत्पादन ३३ प्रतिशत, खुर्सानीको उत्पादन ९ प्रतिशतले वृद्धि भएको अनुमान छ भने यी वालीहरु लगाइएका क्षेत्रफलमा समेत सोही अनुसार वृद्धि भएको पाइएको छ।

८.२१ **चिया, कफी तथा कपास** : औद्योगिक नगदे वालीहरू मध्ये आर्थिक वर्ष २०६५/६६ मा कफीको उत्पादन करीब १२ प्रतिशत, चियाको उत्पादन करिब १० प्रतिशत तथा कपासको उत्पादन ५ प्रतिशतले वृद्धि भएको छ।

८.२२ **मह** : मौरी घार आर्थिक वर्ष २०६५/६६ मा पनि अघिल्लो वर्षको १ लाख २५ हजारकै हाराहारीमा रहने र कुल मह उत्पादनमा करीब १५ प्रतिशतले वृद्धि भई ७ सय ५० मेट्रिक टन रहने अनुमान छ। आधुनिक मौरीहरू सेरेना तथा मोलीफेरा आदिमा वृद्धि भएता पनि जङ्गली मौरीहरू मुढे, खोप्रे आदिको घारमा भने कमी आएको पाइएको छ।

८.२३ **पुष्प खेती** : करिब ६ सय वटा नर्सरीहरू तथा काठमाडौ उपत्यकामा रहेका पुष्प प्रदर्शनी कक्ष (शोरुम) बाट आर्थिक वर्ष २०६५/६६ मा करिब रू. २६ करोड बराबरको पुष्पखेतीको कारोवार भएको अनुमान छ। यो रकम अघिल्लो वर्ष भन्दा करिब रू. ४ करोडले बढी छ।

पशुजन्य उत्पादन स्थिति

८.२४ **पशुपन्छी सङ्ख्या** : आर्थिक वर्ष २०६५/६६ मा नेपालमा गाई/गोरु (cattle) को सङ्ख्या गत आर्थिक वर्षको तुलनामा १.२ प्रतिशतले वृद्धि भई ७१ लाख ७५ हजार रहेको अनुमान छ। कुल गाई/गोरुको सङ्ख्यामध्ये दूध दिने गाईको सङ्ख्या ९ लाख ३२ हजार अर्थात् कुल सङ्ख्याको १३ प्रतिशत रहेको छ। त्यस्तै, भैंसी/राँगा

(buffaloes) को सङ्ख्या गत वर्षको तुलनामा ४ प्रतिशतले वृद्धि भई ४६ लाख ८० हजार पुगेको अनुमान छ। कुल भैसी/राँगाको सङ्ख्यामध्ये दूध दिने भैसीको सङ्ख्या १२ लाख १२ हजार अर्थात् २५.९ प्रतिशत रहेको छ। भेडा/भेडी (sheep) को सङ्ख्या गत वर्षको तुलनामा ०.८ प्रतिशतले घट्न गई ८ लाख २ हजार रहेको छ। बाखा/बोका (goats) को सङ्ख्या गत वर्षको दाँजोमा ४.१ प्रतिशतले वृद्धि भई ८४ लाख ७३ हजार रहेको र सुगुर/बंगुर (pigs) को सङ्ख्या ३.० प्रतिशतले वृद्धि भई १० लाख ४४ हजार पुग्न गएको अनुमान छ। पन्छीतर्फ आर्थिक वर्ष २०६५/६६ मा कुखुरा (fowl) को सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको २ करोड ४६ लाखको तुलनामा ०.८ प्रतिशतले घट्न गई २ करोड ४४ लाख पुग्ने अनुमान गरिएको छ। नेपालमा पहिलो पटक २०६५ माघमा झापा जिल्ला तथा छिमेकी मुलुक (बंगलादेश, भारतको पश्चिम बंगाल तथा विहार राज्य) मा वर्ड फ्लू फैलिनु तथा भारतबाट माऊ कुखुरा लगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाइनुका कारण कुखुरा उत्पादनमा केही कमी आउने अनुमान छ। त्यस्तै, हाँस (ducks) को सङ्ख्या २ प्रतिशतले घट्न गई करिब ३ लाख ८३ हजार पुग्ने अनुमान छ।

८.२५ **दूध** : चालू आर्थिक वर्ष २०६५/६६ मा गाई र भैंसीबाट (नाक र चौंरी बाहेक) करिब १४ लाख ४५ हजार मेट्रिक टन दूध उत्पादन हुने अनुमान छ जुन गत वर्षको तुलनामा ४.० प्रतिशतले बढी छ। कुल दूध उत्पादनमध्ये गाईबाट ४ लाख १३ हजार मेट्रिक टन र भैंसीबाट १० लाख ३१ हजार मेट्रिक टन उत्पादन भएको अनुमान छ।

८.२६ **मासु** : कुल मासु उत्पादन आर्थिक वर्ष २०६५/६६ मा गत वर्षको तुलनामा ३.३ प्रतिशतले वृद्धि भई २ लाख ४१ हजार ५९ मेट्रिक टन हुने अनुमान रहेको छ। कुल मासु उत्पादनमध्ये राँगाबाट १ लाख ५७ हजार मेट्रिक टन, भेंडाबाट २ हजार ७ सय ११ मेट्रिक टन, खसी/बोकाबाट ४८ हजार २ सय ३ मेट्रिक टन, बंगुरबाट १६ हजार ७ सय ७९ मेट्रिक टन, कुखुराबाट १६ हजार ६ सय मेट्रिक टन र हाँसबाट २ सय २९ मेट्रिक टन उत्पादन हुने अनुमान छ। नेपालमा पहिलोपटक बर्ड फ्लू देखा परेको तथा छिमेकी मुलुक बंगलादेशमा तथा भारतको पश्चिम बंगालमा वर्ड फ्लू फैलिनु तथा भारतबाट माऊ कुखुरालगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाइनुका कारणले समेत हाँस तथा कुखुराको मासुको उत्पादन स्थिर रहेतापनि राँगा तथा भेडा र खसी बोकाको उत्पादन बढेको कारण मासुको उत्पादनमा केही वृद्धि भएको हो।

८.२७ **फुल** : फुल उत्पादन गत वर्षको ६३ करोड १२ लाख गोटाबाट ०.२ प्रतिशतले कमी आई ६२ करोड ९९ लाख गोटा हुने अनुमान छ, जसमध्ये कुखुराबाट ६१ करोड ६२ लाख र हाँसबाट १ करोड ३७ लाख उत्पादन हुने अनुमान छ।

८.२८ **माछा** : आर्थिक वर्ष २०६५/६६ मा कुल माछाको उत्पादन गत वर्षको तुलनामा ३.९ प्रतिशतले कमी आई ४६ हजार ८ सय ७५ मेट्रिक टन हुने अनुमान छ। कुल माछा उत्पादनमध्ये करिब ५०.० प्रतिशत माछा पोखरीबाट र बाँकी अन्य प्राकृतिक स्रोतबाट उत्पादन हुने अनुमान गरिएको छ।

८.२९ **ऊन :** भेंडा/भेंडी (sheep) को ऊनको उत्पादन ५ सय ८५ मेट्रिक टनबाट केही घटेर यस वर्ष ५ सय ८३ मेट्रिक टन पुग्ने अनुमान छ ।

मौसमी प्रभाव

८.३० आर्थिक वर्ष २०६५/६६ मा मनसुन छिटै सुरु भएको तथा साउनको पहिलो सातादेखि भदौसम्म नै प्रशस्त वर्षा भई तराईका केही क्षेत्रहरुमा बाढीले नकारात्मक प्रभाव पारेतापनि असिञ्चित क्षेत्रमा समेत रोपाइँ भएकाले क्षेत्रफल र उत्पादकत्व समेत बढ्न गई समग्र धानवालीको उत्पादन बढेको पाइएको छ । डुबान समस्याका कारण तराईमा मकैको उत्पादनमा भने नकारात्मक प्रभाव परेको छ । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतका विभिन्न वर्षामापन केन्द्रको रेकर्डअनुसार जेठ महिनामा १३१ प्रतिशत, असार महिनामा ८८ प्रतिशत, साउन महिनामा १०१ प्रतिशत र भदौ महिनामा ९४ प्रतिशत वर्षा भएको थियो । यसरी सबै महिनामा यथेष्ट बर्षा भएका कारण धान वालीको उत्पादनमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

८.३१ आर्थिक वर्ष २०६५/६६ मा हिउँदे वाली खासगरी गहुँ, जौं, दलहन (चना/केराउ) तथा फलफूलहरूको लागि मौसम अत्यन्त प्रतिकूल रह्यो । विभिन्न वर्षामापन केन्द्रको रेकर्डअनुसार पुष, माघ र फागुनमा समेत औसतभन्दा कम पानी परेको पाइएको छ । ३५ वटा स्टेसनहरु मध्ये ११ वटामा वर्षा नै नभएको, ४ वटामा सबै भन्दा कम वर्षा भएको, ओखलढुङ्गा स्टेसनमा मात्र ५० प्रतिशत भन्दा बढी वर्षा भएको र अन्यमा नगण्य वर्षा भएको पाइएको छ ।

दैवी प्रकोपको प्रभाव

८.३२ यस वर्ष सप्तकोशी बाँध फुट्नाले सुनसरीमा तथा पश्चिम तराईका कैलाली, कञ्चनपुरमा अत्यधिक तथा अन्य क्षेत्रमा सामान्य वर्षाको कारण वर्षे वाली प्रभावित भयो । यस वर्ष करिब ३१ हजार हेक्टर जमिनमा डुवान, कटान तथा वालुवाले पुरेर क्षति पुग्न गएको छ । यसैगरी, महोत्तरी, काभ्रेपलाञ्चोकका केही क्षेत्रमा अनावृष्टिका कारण धान रोपाइँ नै हुन नसकेको पाइएको छ ।

रासायनिक मल तथा उन्नत बीउ-वीजन

८.३३ **रासायनिक मलः** कृषि सामग्री कम्पनी लिमिटेडको स्थापना भएपछि मुलुकमा किसानहरूको मागअनुसार सो कम्पनीले रासायनिक मल सर्वसुलभरूपमा बिक्री वितरण गर्दै आएको छ । कम्पनीले मलको अतिरिक्त अन्य रासायनिक मल, सूक्ष्मतत्व मल तथा जैविक मल एवम् अन्य कृषि उपजहरूको कारोवार गर्ने सम्वन्धमा अध्ययन गरिरहेको छ । आर्थिक वर्ष २०६४/६५ मा कृषि सामग्री कम्पनी लिमिटेडबाट रासायनिक मलको आपूर्ति न्यूट्रियन्टमा ३ हजार २ सय ८५ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा कृषि सामग्री कम्पनी लिमिटेडबाट न्युट्रियन्टमा २ हजार ८ सय ९६ मेट्रिक टन रासायनिक मल वितरण भएकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा न्यूट्रियन्टमा ८ सय २६ मेट्रिक टन मात्र रासायनिक मल वितरण भएको अनुमान छ ।

८.३४ **उन्नत बीउ-वीजनः** बीउ-वीजनको कारोवारमा निजी क्षेत्र लाई समेत सहभागी गराउने नीतिअनुरूप राष्ट्रिय बीउ-वीजन कम्पनी लिमिटेडले गुणस्तरयुक्त बीउ-वीजन किसानहरूको घर दैलोसम्म पुऱ्याउन डिलरहरू मार्फत बिक्री वितरण गर्दै आएको छ। कम्पनीले आफ्नो लक्ष्यअनुसार बीउ-वीजन बिक्री वितरणको लागि आफ्नो फार्म तथा किसानहरूसँगको वीज वृद्धि कार्यक्रमबाट गुणस्तरयुक्त बीउ सङ्कलन गरी रोगनाशक विषादिबाट उपचार गरी स्थानीय स्तरमै बिक्री वितरण गर्दै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा राष्ट्रिय बीउ-वीजन कम्पनीबाट धानको ९ सय मेट्रिक टन, गहुँको २ हजार ८ सय ६९ मेट्रिक टन र मकैको ३० मेट्रिक टन बीउ-वीजन वितरण भएको थियो। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा कम्पनीले धानको १ सय ९६ मेट्रिक टन र गहुँको २ हजार ८ सय ७० मेट्रिक टन बीऊ बिजन वितरण गरेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा धानको १ सय ११ मेट्रिक टन र गहुँको २ हजार ९ सय ५० मेट्रिक टन बीउ-वीजन वितरण गरेको छ। धान, गहुँ र मकैको बीउ-वीजन वितरण लक्ष्यभन्दा कम देखिएको छ। लक्ष्यअनुसार प्रगति नहुनुका कारणमा कृषकबाट सम्झौताअनुसार गुणस्तरीय बीउ सङ्कलन नहुनु, खाद्यान्न वाली बीउ बाहेक तरकारी एवम् अन्य बीउको हकमा हाईब्रिड बीउतिर कृषकको बढी झुकाव बढ्नु, खुला सीमानाका कारण भारतबाट कम मूल्यका गुणस्तरहीन बीउ-वीजनहरू भित्रिनु र पहाडी जिल्लामा बीउ ढुवानी गर्न लागत बढी पर्नु आदि प्रमुख रहेका छन्।

८.३५ **सिँचाइः** विगत वर्षहरूमा जस्तै सिँचाइ सम्बन्धी विकास आयोजनाहरू सरकारीस्तर र कृषि विकास बैंकबाट सञ्चालित हुदै आएका छन्। आर्थिक वर्ष २०६४/६५ मा सरकारीस्तरबाट १४ हजार १५ हेक्टरमा र कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट ८४ हेक्टर जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुग्न गएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा सरकारीस्तरबाट सञ्चालित आयोजनाहरूबाट २ हजार ५ सय ८० हेक्टर तथा कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट ३२ हेक्टर क्षेत्रफल गरी जम्मा २ हजार ६ सय १२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलव्ध भएको छ।

८.३६ **कृषि ऋणः** कृषि उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने कृषि ऋणको प्रवाहले निरन्तरता पाएको छ। आर्थिक वर्ष २०६४/६५ मा कृषि विकास बैंकबाट रू. १८ अर्ब ५३ करोड कृषि ऋण प्रवाह भएको छ भने असुलीतर्फ रू. १७ अर्ब ४६ करोड भई आर्थिक वर्षको अन्त्यमा रू. २५ अर्ब ७१ करोड ऋण बक्यौता रहन गएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा रू. १० अर्ब ३८ करोड ऋण प्रवाह भएकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा १४.१ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ८४ करोड ऋण प्रवाह भएको छ। प्रवाह भएको ऋण लगानीमध्ये सबैभन्दा बढी लगानी कृषि उद्योग, बेचविखन, गोदाम निर्माणतर्फ ५१ प्रतिशत, कृषि व्यवसायतर्फ १७ प्रतिशत, खाद्यान्न तथा नगदेवालीतर्फ १६ प्रतिशत, आवास तथा जग्गा विकासतर्फ ११ प्रतिशत र चिया/कफी तथा फलफूल खेतीतर्फ १/१ प्रतिशत तथा अन्यमा ३ प्रतिशत रहेको छ।

८.३७ **साना किसान विकास बैंकः** ग्रामीण क्षेत्रमा बसोबास गर्ने साना किसान तथा विपन्नवर्गको आर्थिक एवम् सामाजिक विकासका लागि उनीहरूलाई नै सशक्तीकरण गरी संस्थागत विकास गर्न लघुवित्त कार्यक्रम सञ्चालन गरी ग्रामीण स्तरमा सहकारी प्रवर्द्धन गर्ने कार्यमा साना किसान बैंक संलग्न रहँदै आएको छ। बैंकद्वारा सञ्चालित कार्यहरू मध्ये सामाजिक परिचालन, पशु वीमा कार्यक्रम, साना किसान संस्थागत विकास र वित्तीय संस्थाको लघुवित्त कार्यक्रम प्रमुख रहेका छन्। आर्थिक वर्ष २०६४/६५ को प्रथम ८ महिनासम्ममा बैंकसँग आवद्ध संस्थाको सङ्ख्या २ सय १९ रहेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा १ संस्था मात्र थप भई २ सय २० पुगेको छ। ३९ जिल्लामा गठन गरिएका २ सय २० साना किसान सहकारी संस्थाहरुमा कुल १ लाख ३९ हजार ३ सय ६८ साना किसान परिवार आवद्ध भई तिनमा आवद्ध ७ लाख २४ हजार ७ सय १३ जनसख्या लाभान्वित भएका छन्। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कर्जा प्रवाहतर्फ रू. ३५ करोड ३५ लाख रहेकोमा साँवा असुलीतर्फ रू. २० करोड ५९ लाख र व्याज असुलीतर्फ रू. ३ करोड ९९ लाख पुगेको छ। यस संस्थाले कृषि विकास बैंक मार्फत १ सय ७४ गा.वि.स. मा पशु वीमा कार्यक्रम सञ्चालन गरेको छ। आर्थिक वर्ष २०६४/६५ मा रू. ५ करोड ७६ लाख बराबरको ४ हजार ४ सय ७२ वटा पशुको वीमा गरिएकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्म रू. १ करोड ४४ लाख बराबरको थप १ हजार १ सय १८ वटा पशुको स्थानीय संस्थामार्फत वीमा गरिएको छ। यस वित्तीय संस्थामार्फत आर्थिक वर्ष २०६४/६५ मा १२ वटा गा.वि.स.मा साना किसान संस्थागत (अनुसरण) कार्यक्रम सञ्चालन गरिएकोमा चालू आर्थिक वर्षमा थप ४ गा.वि.स.मा यो कार्यक्रम सञ्चालन गरिएको छ। साना किसान तथा साना घरेलु उद्यमीहरुको ऋण मिनाहा कार्यक्रम अन्तर्गत २०६३ पुस मसान्तसम्ममा रु. ३० हजार वा सो भन्दा कम ऋण स्वीकृत भएका ३३ हजार ८ सय ६४ विपन्न तथा साना किसानहरुमा रहेको साँवा रु. ५७ करोड ७९ लाख र ब्याज रु. २९ करोड ६५ लाख गरी कुल जम्मा रु. ८७ करोड ४४ लाख रकम मिनाहा गरिएको छ। त्यसैगरी, ३० हजार भन्दा माथि रु. १ लाखसम्म साँवा बुझाउने किसान तथा उद्यमीहरुलाई सम्पूर्ण व्याज मिनाहा दिने कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षको प्रथम ८ महिनासम्ममा रु. ६ करोड ४४ लाख साँवा असुल भएको अनुमान छ।

८.३८ **नेपाल कृषि अनुसन्धान परिषदः** बढ्दो जनशक्तिको चापलाई मध्यनजर राखेर खाद्यान्न आपूर्ति गर्ने कार्यलाई टेवा पुऱ्याउन दीर्घकालिन कृषि योजनाले औल्याइएका मुख्य वालीहरु जस्तै धान, गहुँ, मकै लगायत स्थान विशेषका मुख्य खाद्यान्न वालीहरु जस्तै जौ, फापर, कोदो, लट्टे आदिको उत्पादकत्व र उत्पादन तथा तिनका विविध प्रयोगमा वृद्धि ल्याउन यी वालीहरुका विभिन्न पक्षमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरु सञ्चालन भइरहेका छन्। साथै, धान, मकै, फापर लगायतका वालीहरुमा जैविक प्रविधिबाट वंशाणुगत गुण निर्धारण गर्ने कार्यक्रमहरु रहेका छन्। वाली अनुसन्धानतर्फ खाद्य वाली, दलहन तथा तेलवाली, वागवानी, अनुसन्धानतर्फ आलु, तरकारी, फलफूल र पुष्प, औद्योगिक तथा निकासीयोग्य वाली अनुसन्धानतर्फ दूध, मासु एवं फुलको

उत्पादन बढाउने तथा मत्स्य अनुसन्धान कार्यक्रमलाई निरन्तरता दिइएको छ। आनुवांशिकी स्रोत संरक्षणतर्फ हाल रहेको जिन बैंकमा नेपालमा पाइने विभिन्न वनस्पतिका जाति तथा प्रजातिका गरी १० हजार ५ सय भन्दा बढी विभिन्न वालीका अनुवांशिकी स्रोत संरक्षण गरी राखिएका छन्। विगतमा जस्तै यस वर्ष पनि जिन बैंक भवन निर्माण कार्यलाई उच्च प्राथमिकता दिई सम्पन्न गर्ने कार्यक्रम रहेको छ।

८.३९ **कृषि उत्पादनको आयात तथा निर्यात स्थितिः** अन्तर्राष्ट्रिय स्तरको वर्गीकरण (SITC) समूहअनुसार आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा रू. ७ अर्ब ४० करोड १४ लाख मूल्य बराबरको खाद्य वस्तु तथा जीवजन्तु एवम् सुर्ती तथा पेय पदार्थहरू निर्यात भएकोमा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा रू. १३ अर्ब १ करोड २८ लाख मूल्यका उपर्युक्त वस्तुहरू निर्यात भएको अनुमान छ। त्यस्तै, आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा रू. ८ अर्ब ३० करोड २१ लाख बराबरका उपर्युक्त वस्तुहरू आयात भएकोमा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा रू. १२ अर्ब ८५ करोड ८६ लाख बराबरका वस्तुहरू आयात भएको अनुमान छ।

८.४० **सहकारी संस्थाहरूः** नेपालमा सहकारी प्रणालीलाई सम्वर्द्धन र विकास गर्दै सहकारी मार्फत आर्थिक तथा सामाजिक विकासका प्रयासलाई निरन्तरता दिने नीति बमोजिम सहकारी सघं संस्था दर्ता प्रक्रियाको निरन्तरता, संख्यात्मक तथा गुणात्मक वृद्धि सुनिश्चित गर्दै यसको प्रभावकारिता प्रवर्द्धन गर्न विभिन्न क्रियाकलाप सञ्चालन हुँदै आएका छन्। सहकारी सचेतना तथा जागरण सामग्रीको उत्पादन तथा प्रसारण गरिएको छ। सबै जिल्लाहरुमा सहकारी पसल सञ्चालनका लागि प्रस्ताव आह्वान समन्वय समितिको बैठक तथा सहकारी सम्बन्धी विभिन्न निर्देशिका, विनियम जस्ता सहकारी क्षेत्रको प्रवर्द्धन सम्बन्धी दस्तावेजहरुको तयारी गर्ने कार्य भएको छ। आर्थिक वर्ष २०६४/६५ मा ६ सय ६८ कृषक समूहहरु सहकारीकरण भएकोमा यस आर्थिक वर्षको पहिलो आठ महिनामा ३ सय २५ समूहहरुलाई सहकारीकरण गरिएको छ। दक्ष सहकारीकर्मी तथा दक्ष प्रशिक्षक उत्पादन गरी व्यवस्थापनमा प्रभावकारिता ल्याउन चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा १२ हजार ४ सय २५ जना सहकारीकर्मी तथा कर्मचारीहरुलाई सहकारी सम्बन्धी तालिम प्रदान गरिएको छ।

८.४१ **भूमिसुधारः** आर्थिक वर्ष २०६५/६६ मा काठमाडौ उपत्यका स्थित ५ वटा, कास्की, कैलाली, टिकापुर, विराटनगर, बेलवारी र मकवानपुर समेत गरी ११ वटा मालपोत कार्यालयहरुमा कम्प्यूटर प्रणालीबाट जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउने कार्य भइरहेको छ भने थप २७ वटा मालपोत कार्यालयहरुबाट कम्प्यूटरमार्फत जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउने तयारी अन्तिम चरणमा पुगेकोले यस आर्थिक वर्षको अन्त्यसम्ममा जम्मा ३८ वटा कार्यालयबाट कम्प्यूटरमार्फत जग्गाधनी दर्ता प्रमाणपत्र प्रदान गरिनेछ। जिल्लास्थित मालपोत तथा नापी कार्यालयमा हुने अत्यधिक चाप र कार्यबोझलाई मध्यनजर राखी सेवा प्रवाहमा सुधार गर्न काठमाडौं उपत्यकामा थप ५/५ वटा मालपोत तथा नापी कार्यालयहरु यसै आर्थिक वर्षमा स्थापना गर्नेतर्फ कार्य भइरहेको छ। साथै, नागरिकलाई नापजाँच सम्बन्धी सेवा छिटो छरितो र सरल

तरिकाबाट उपलब्ध गराउने उद्देश्यले नापनक्साको अनुमतिपत्र (License) दिन सुरु गरिएको छ ।

उद्योग

८.४२ आर्थिक वर्ष २०६५/६६ को बजेटले मैत्रीपूर्ण औद्योगिक र लगानीको वातावरणको निर्माण, औद्योगिक पूर्वाधारको विकास, नीतिगत सहयोग, गरिब, पिछडिएका, सीमान्तकृत जनजाति तथा वर्गको औद्योगिक क्रियाकलापमा सहभागिता तथा आय आर्जनको अवसरमा वृद्धि, उपलव्ध श्रोत र साधनको उपयोग गर्दै औद्योगीकरणको प्रयासलाई द्रुततर गरी राष्ट्रिय उत्पादनमा यस क्षेत्रको योगदान बढाउने लक्ष्य राखेको छ । केन्दीय तथ्यांक विभागको औद्योगिक उत्पादन सचकांकका अनुसार यस आर्थिक वर्षमा तेल, वनस्पति घ्यू, खाद्य, अन्य लत्ताकपडा, दुग्ध पदार्थ आदिको उत्पादनमा गिरावट आएकोले यस क्षेत्रको उत्पादन घट्ने अनुमान छ । सोही अनुसार आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा उद्योग क्षेत्रतर्फको गार्हस्थ्य उत्पादन करिव ०.५ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान छ ।

८.४३ **विशेष आर्थिक क्षेत्रः** अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न लागत मूल्यमा कटौती गर्न आवश्यक भएको पृष्ठभूमिमा निकासीमूलक वस्तुको उत्पादनका लागि आवश्यक कच्चा पदार्थको पैठारीमा लाग्ने विभिन्न करहरूलाई पृथक राखी श्रम मूल्यको प्रतिस्पर्धात्मकताका आधारमा उत्पादन कार्य प्रोत्साहित गर्न करमुक्त निर्यात प्रशोधन क्षेत्र (Export Processing Zone) सम्बन्धी अवधारणा विकास भएको हो । तीन-वर्षीय अन्तरिम योजनामा निकासीमूलक उद्योगकालागि सम्भाव्य स्थलहरुमा बिशेष आर्थिक क्षेत्र (Special Economic Zone) हरु स्थापना गरी स्वदेशी एवम् विदेशी लगानी आकर्षित गर्ने रणनीति लिएको देखिन्छ । यो क्षेत्र अन्तर्गत निर्यातसँग सम्बन्धित निर्यात प्रशोधन क्षेत्र, विशेष व्यापार क्षेत्र, पर्यटकीय/मनोरञ्जन क्षेत्र र बैकिङ्ग क्षेत्र आदि समेटिने, सम्पूर्ण कर प्रयोजनको लागि यो एक विदेशी भूमिसरह मानिने, वैदेशिक लगानी भित्र्याउने, वैदेशिक मुद्रा आर्जन, निर्यात व्यापार वृद्धि तथा नयाँ, उच्च प्रविधि भित्र्याउने यसको प्रमुख उद्देश्य रहेको र यस क्षेत्रभित्र स्थापित उद्योगहरूले सम्पूर्ण सेवा सुविधा उपयोग गरेबापत अन्तर्राष्ट्रियस्तरको वस्तुको उत्पादन गरी आफ्नो उत्पादनको कम्तीमा ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म निर्यात गर्नु पर्ने वाध्यता रहन्छ ।

८.४४ मुलुकमा वैदेशिक लगानी आकर्षित गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ मा विशेष आर्थिक क्षेत्र आयोजना स्थापना गरी सो सम्बन्धी कानुन तर्जुमा, सम्भाव्यता अध्ययन तथा निर्यात प्रशोधन क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु गरिएकोमा हाल भैरहवामा निर्यात प्रशोधन क्षेत्र र वीरगञ्ज, पाँचखाल तथा नुवाकोटको रातमाटे जिलिङ्ग क्षेत्रमा गरी जम्मा चार विशेष आर्थिक क्षेत्रहरू तोकिएका छन् । ती मध्ये भैरहवामा निर्यात प्रशोधन क्षेत्र स्थापनाका लागि छुट्याइएको ५४ विघा क्षेत्रफलमा आवश्यक पूर्वाधार निर्माण कार्य यस आर्थिक वर्षमा समाप्त गर्ने लक्ष्यका साथ काम भइरहेको छ । सिमरामा अर्को विशेष आर्थिक क्षेत्र स्थापनाका लागि

सम्भाव्यता अध्ययन कार्य भई चालू आर्थिक वर्ष २०६५/६६ मा पहुँच सडक मर्मत गर्ने कार्य भइसकेको छ भने सिमाना पर्खाल, भित्री सडक र जग्गा विकासको कार्य सुरु भएको छ। त्यसैगरी, पाँचखाल, झापा र धनगढीमा विशेष आर्थिक क्षेत्रको स्थापनाको लागि चालू आर्थिक वर्षमा विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न हुने र जग्गा अधिग्रहणको कार्य सुरु हुनेछ। जुम्ला तथा धनुषामा समेत विशेष आर्थिक क्षेत्रको स्थापनाको लागि चालू आर्थिक वर्षमा पूर्व सम्भाव्यता अध्ययन गर्ने कार्य सम्पन्न हुनेछ।

८.४५ **लघुउद्यम विकास कार्यक्रम**: सहस्राब्दि विकास लक्ष्य प्राप्त गर्ने, गरिबी घटाउने र द्वन्द्व न्यूनीकरण तथा निराकरण गर्ने उद्देश्य अनुरूप लघु उद्यमको विकासको लागि केही संस्थागत र संरचनागत सुधार गरी २१ जिल्लाका कार्यालयलाई स्थानीय गैर-सरकारी संस्था/निजी कम्पनीको रूपमा रूपान्तरण गराई ती संस्थाहरूलाई व्यवसाय विकास सेवा प्रदायक संस्था (Business Development Service Provider Organization) को रूपमा स्थापित गरिएको र अन्य ४ जिल्लाहरु (सिराहा, सप्तरी, सर्लाही र कपिलवस्तु) मा दिगो शान्ति स्थापनाको लागि विशेष कार्यक्रम लागू भइरहेको छ। लघु उद्यमीहरूको हक हितको प्रवर्द्धन र संरक्षण गर्न एवम् उनीहरूले उत्पादन गरेका वस्तुहरूको सामूहिकरूपमा बजारीकरण गर्न २५ वटै जिल्लाहरूका बजार केन्द्रहरूमा लघु उद्यमीहरूको अन्तर-समूह र जिल्लास्तरमा लघु उद्यमी संघ स्थापना गरी संस्थागत संरचना खडा गरिएको छ। ती जिल्लाहरूमा लघु उद्यमीहरूलाई त्यसै संस्थामार्फत सेवा प्रदान गरिंदै आएको छ।

८.४६ आर्थिक वर्ष २०६४/६५ को अन्त्यतिर लघु उद्यम नीति पारित भई कार्यान्वयनमा आएपछि यू.एन.डी.पी. को सहयोगमा संचालित लघु उद्यम विकास कार्यक्रमबाट सो आर्थिक वर्षमा ४ हजार ८ सय २५ न्यून आय भएका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र अन्य वर्गका खासगरी महिला तथा बेरोजगार युवा वर्गका लागि स्व-रोजगारका अवसर दिलाई लघु उद्यम व्यवसायीको रुपमा प्रतिस्थापित गर्ने लक्ष्य रहेकोमा ८ हजार ९ सय ४७ जनालाई सीप, उद्यमशिलता तालिम र व्यवसाय सिर्जना गर्नको लागि आवश्यक अन्य सहयोग प्रदान गरिएको छ। साथै, ३० वटा नयाँ औद्योगिक व्यवसाय प्रविधि हस्तान्तरण गरी १० हजार २ सय २४ जनाको लागि नयाँ रोजगार सिर्जना गरिएको छ।

८.४७ आर्थिक वर्ष २०६५/६६ मा लघु उद्यम विकास कार्यक्रमबाट जुम्ला, कालिकोट, दैलेख, दोलखा र सुर्खेत गरी थप ५ जिल्ला लगायत जम्मा ३० जिल्लाहरुमा न्यून आय भएका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र अन्य वर्गका खासगरी महिला तथा बेरोजगार युवा वर्गका लागि स्व-रोजगारका अवसर दिलाई लघु उद्यम व्यवसायीको रुपमा प्रतिस्थापित गर्ने लक्ष्य अनुरुप प्रथम ६ महिनामा ५ हजार ६ सय ९८ जनालाई सीप, उद्यमशिलता तालिम दिई व्यवसाय सिर्जना गर्नको लागि आवश्यक अन्य सहयोग प्रदान गरिएको छ। त्यसैगरी, यस अवधिमा १३ हजार ८ सय ६७ जनालाई उद्यमशिलता तालिम र ६ हजार ५ सय ४३ जनाको लागि नयाँ रोजगारीको सिर्जना

गरिएको छ। हाल थपिएका ५ जिल्लामा ६ वटा नयाँ व्यवसाय विकास सेवा प्रदायक संस्थाको स्थापना गरिएको छ।

विश्व व्यापार संगठन

८.४८ विश्व व्यापार सङ्गठनमा प्रवेश गरेको छ वर्ष पुग्दासम्म नेपालले सदस्यता प्राप्त गर्ने क्रममा गरेका प्रतिबद्धता बमोजिम केही नयाँ ऐन, नियम तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन्, केही ऐन/नियम विश्व व्यापार संगठन-मैत्री बनाउने क्रममा परिमार्जन एवं संशोधन भएका छन् भने केही ऐनहरू संशोधनको प्रक्रियामा रहेका छन्। विश्व व्यापारिक क्षेत्रमा नेपालको पहिचान वृद्धि गर्ने कार्यका लागि हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा समेत समयसापेक्ष सुधार गर्ने सन्दर्भमा राष्ट्रिय क्षमता अभिवृद्धिका कार्यक्रमलाई अगाडि बढाउन उपलब्ध स्वदेशी तथा विदेशी स्रोत र साधनको अधिकतम उपयोग गर्न, व्यापारका क्षेत्रमा प्राप्त हुने प्राविधिक सहयोगमा समन्वय गरी प्रभावकारिता अभिवृद्धि गर्न उच्चस्तरीय निर्देशन समिति गठन गर्ने कार्य सम्पन्न भइसकेको छ। यसै सन्दर्भमा नेपालको व्यापार क्षमता अभिवृद्धि गर्न विश्व व्यापार संगठनको Enhanced Integrated Framework (EIF) अन्तर्गत प्राप्त हुने सहयोग परिचालन र समन्वय गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा EIF निर्देशन समिति गठन भइसकेको छ। समितिको निर्देशन अनुसार सहयोग प्राप्त गर्ने क्रममा तयार गर्नुपर्ने प्रस्तावहरू संकलन गर्न आवश्यक गृहकार्यको थालनी भइसकेको छ।

मञ्जुषा ८(ख) : विश्व व्यापार सङ्गठन (WTO) को सदस्यता पश्चात् भइरहेका गतिविधिहरू

१. नेपालको व्यापार प्रतिस्पर्धी बनाउन विश्व बैंकको सहयोगमा सन् २००३ मा गरिएको Nepal Trade Competitiveness Study लाई परिवर्तित सन्दर्भ अनुकूल बनाउन अद्यावधिक गर्ने काम संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा सञ्चालित Enhancing Nepal's Trade Related Capacity Project मार्फत अगाडि बढाइएको छ। यसले व्यापारसँग सम्बन्धित निजी तथा सरकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सरकारी-निजी क्षेत्रको व्यापार क्षमता अभिवृद्धि गर्ने, व्यापार र औद्योगिक नीति निर्माणमा सरोकारवालाहरूको संलग्नता अभिवृद्धि गर्ने, व्यापार विश्लेषण तथा सीप विकास र लगानी-मैत्री वातावरण सृजना गर्ने जस्ता कार्यलाई निरन्तरता दिएको छ।

२. नेपालको व्यापारमा सहजीकरण गर्न वैकल्पिक पारवहन मंसीरको अपरिहार्यता रहेको सन्दर्भमा सिंहवाद-रोहनपुर पारवहन मंसीर र जवाहरलाल नेहरू पोर्ट, मुम्बइको समेत प्रारम्भिक सम्भाव्यता अध्ययन सम्पन्न भइसकेका छन्।

३. नेपालको व्यापार घाटा कम गर्न, वैदेशिक व्यापारलाई सन्तुलित गर्न र सेवा व्यापारका सम्भावित क्षेत्रहरूको पहिचान गर्न संयुक्त राष्ट्र संघीय व्यापार तथा विकास सम्मेलन मार्फत पहिलो चरणमा पर्यटन र सूचना प्रविधि जस्ता सेवाको

क्षेत्रहरूमा सम्भाव्यता अध्ययन गर्ने कार्य सुरु गरिएको छ ।

४. यूरोपियन समुदायको सहयोगमा सञ्चालित EC-Nepal WTO Technical Assistance परियोजना मार्फत Sanitary and Phytosanitary (SPS) का क्षेत्रमा नेपालले निर्यात व्यापारमा सामना गर्नुपरेका गैर-भन्सार अवरोधहरू हटाउनका लागि पूर्वाधार निर्माणको कार्य अगाडि बढाउन प्रारम्भिक कार्य थालनी भइसकेको छ ।

५. WTO को सदस्यताबाट नेपाललाई प्राप्त अवसर एवं चुनौतीका विषयमा निजी क्षेत्रसँगको समन्वयमा जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ । UNCTAD र विश्व व्यापार संगठनका साथै जेनेभास्थित व्यापारसँग सम्बद्ध अन्य अन्तर्राष्ट्रिय संस्थाहरूको सहकार्यमा विश्व व्यापार सम्बन्धी चेतनामूलक तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन् ।

६. WTO Reference Center द्वारा मासिकरूपमा विश्व व्यापार सङ्गठनका वार्ताका विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञद्वारा जानकारी तथा सूचना प्रवाह गर्नका लागि अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७. नयाँ वाणिज्य नीति, २०६५ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । नयाँ औद्योगिक नीति, विदेशी लगानी नीति, गुणस्तर ऐन र विशेष आर्थिक क्षेत्र (SEZ) ऐनको मस्यौदा तयार भएको छ ।

८. वस्तु व्यापारका लागि बजार पहुँचको अवसर प्रदान गर्ने प्रतिबद्धता बमोजिम प्रत्येक वर्ष भन्सार दरमा समायोजन गर्दै लगिएको छ ।

स्रोत : उद्योग मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय

समूहगत औद्योगिक उत्पादन तथा औद्योगिक सूचकाङ्क स्थिति

८.४९ आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा प्रमुख औद्योगिक उत्पादनको स्थितिलाई विश्लेषण गर्दा अधिकांश खाद्य पदार्थ, जस्तै चिया, चिनी वनस्पती घ्यू छाला, काठ तथा काठजन्य वस्तु, कागज र कागजका उत्पादन, अन्य रासायनिक सामान, गैर-धातु खनिजजन्य वस्तुको उत्पादनमा कमी हुने देखिन्छ । चालू आर्थिक वर्षमा खाद्य समूह अन्तर्गत चाउचाउ १ हजार ४ सय ६९ मेट्रिक टनले, सर्वत (स्क्वास) २२ लाख २२ हजार लिटरले, जुत्ता १९ हजार जोरले, मदिरा ७ लाख १८ हजार लिटरले र चुरोट ४१ करोड ८० लाख खिल्लीले उत्पादन वृद्धि भएको देखिन्छ भने सो वाहेकका अन्य सम्पूर्ण औद्योगिक वस्तुहरुको उत्पादनमा ह्रास आउने अनुमान छ ।

८.५० आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा समूहगत औद्योगिक सूचकाङ्क ०.२ प्रतिशतले घट्न गएको थियो । सो वर्ष अधिकांश खाद्य वस्तु जस्तै अन्य खाद्य पदार्थ ५.० प्रतिशतले, अन्य रासायनिक पदार्थ ६.० प्रतिशतले र फेब्रिकेटेड

धातुका अन्य सामान १०.५ प्रतिशतले वृद्धि भएको देखिन्छ भने तेल, वनस्पति घ्यू, प्लाष्टिकका सामान र अन्य लत्ताकपडामा सामान्य ह्रास आएको देखिन्छ ।

८.५१ आर्थिक वर्ष २०६५/६६ को प्रारम्भिक अनुमान अनुसार गत आर्थिक वर्ष २०६४/६५ को समूहगत औद्योगिक सूचकाङ्क १०४.५५ बाट घट्न गई १०३.०३ रहन गएको छ । चालू आर्थिक वर्षमा अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, सुर्तीजन्य वस्तु, लगाउने कपडा, काठ तथा काठका सामान र प्लाष्टिकका सामानको सूचकाङ्कमा वृद्धि हुने अनुमान छ भने तेल, वनस्पती घ्यू, दुग्ध पदार्थ, पेय पदार्थ, लत्ताकपडा, छाला र छालाका सामान, कागज र कागजका उत्पादन तथा बिजुलीका उपकरण आदिको सूचकाङ्कमा ह्रास आउने अनुमान छ ।

उद्योगमा विदेशी लगानी

८.५२ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यलाई प्रभावकारी एवम् समयसापेक्ष बनाउन विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी विदेशी लगानीका लागि नयां क्षेत्रहरू खुला गरिएका छन् । उद्योगलाई प्रदान गरिने कर छुट तथा duty drawback सरल एवम् सहज तरिकाले प्रदान गर्न एकद्वार समिति पुनर्गठन/पुनर्संरचना गरिएको छ । मुलुकको द्रुततर आर्थिक विकासका लागि ऐनअनुरूप विदेशी लगानी आकर्षित गर्न र प्रक्रियागत सरलीकरण गर्दै लगानीलाई आवश्यक स्वीकृति, सेवा तथा सहुलियत प्रदान गर्ने कार्य एकै थलोबाट मिलाउने उद्देश्यबाट विदेशी लगानी प्रवर्द्धन समिति कार्यविधि, २०६२ तयार भई कार्यान्वयन भइरहेको छ । त्यसैगरी, चालू आर्थिक वर्ष २०६५/६६ मा विदेशी लगानी समेतलाई दृष्टिगत गरी नेपाल सरकारले परिकल्पना गरेको सरकारी-निजी साझेदारीको आधारमा देशले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल गर्न नयाँ औद्योगिक र विदेशी लगानी नीति ल्याउन लागिएको छ । प्रस्तावित नीतिमा खासगरी निजी क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्रको उपयोग गरी विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने तुल्याउन प्रक्रियागत सरलता, प्रविधि हस्तान्तरणको प्रवर्द्धन, विदेशी लगानीको प्रवाह, उत्पादकत्व र उद्योगको कार्यकुशलतामा अभिवृद्धिलाई विशेष जोड दिइएको छ । साथै, विद्युत आपूर्तिमा भइरहेको कमीका कारण उद्योगहरुको सञ्चालनमा परेको बाधाबाट राहत दिन उद्योग आफैंले captive and co-generation को माध्यमबाट विद्युत उत्पादन गर्न चाहेमा सरकारले सहुलियत दरमा डिजेल उपलब्ध गराउने तथा यस प्रयोजनको लागि जेनेरेटर आयात गर्न चाहेमा लाग्ने भन्सार महसुल तथा अन्य करहरु पूर्णतया छूट दिने व्यवस्था समेत मिलाएको छ ।

८.५३ उद्योग र वाणिज्य क्षेत्रको प्रभावकारी प्रवर्द्धन तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिकालाई सहयोगी हुने गरी तथा स्वस्थकर बजार, प्रतिस्पर्धा, कर्पोरेट तथा लगानीको वातावरण स्थापना गर्न दोश्रो चरणको सुधार कार्यक्रमको रुपमा कम्पनी ऐन, दामासाही ऐन, गैर-आवासीय नेपाली ऐन, प्रतिस्पर्धा ऐन, साइबर ऐन आदि कार्यान्वयनमा आइसकेको र विशेष आर्थिक क्षेत्र ऐन तथा लगानी बोर्ड ऐनहरु घोषणा हुने क्रममा छन् ।

तालिका ८(ख) : विदेशी लगानीका लागि आर्थिक वर्ष २०६४/६५ मा स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	रोजगारी प्राप्त सङ्ख्या
औद्योगिक उत्पादन	५१	३०२.८	१९२.०	१२४.४	३,७७५
सेवा उद्योग	५५	३३७.०	२४५.४	८१.३	१,५१३
पर्यटन उद्योग	६७	७८.३	६९.७	७४.५	२,१८०
निर्माण	१३	२११.९	१५८.५	१८०.४	१,१४३
ऊर्जा	८	७३४.६	७२८.८	२८६.८	९६७
कृषिजन्य	११	१२.७	१०.०	१०.७	३७७
खनिज	७	३६३.०	२८५.३	२२३.०	७२२
जम्मा	२१२	२०४०.३	१६८९.७	९८१.१	१०,६७७

स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर

८.५४ प्राकृतिक एवम् मानवीय संसाधनको उच्चतम उपयोग गरी अर्थव्यवस्थालाई सबल, सुदृढ, गतिशील एवम् प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवम् प्रविधि हस्तान्तरण आवश्यक छ। विदेशी लगानीबाट पुँजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच तथा प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकासमा मद्दत पुग्दछ। साथै, व्यावसायिक गुणहरू राष्ट्रमा भित्रिन गई औद्योगिक विकास एवम् आन्तरिक राजस्वका आधारहरूमा बढोत्तरी मार्फत देशको आर्थिक विकासमा सुदृढता एवम् आत्मनिर्भरतातर्फ उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने हुन्छ। यसैक्रममा, आर्थिक वर्ष २०६४/६५ मा कुल स्थिर पुँजी रू. १६ अरब ९० करोड, आयोजना लागत रू. २० अरब ४० करोड तथा विदेशी लगानी रू. ९ अरब ८१ करोड भएका २ सय १२ वटा उद्योगहरू लाई विदेशी तथा संयुक्त लगानीमा स्थापना गर्न स्वीकृति दिइएको थियो।

८.५५ आर्थिक वर्ष २०६४/६५ मा स्वीकृति दिइएका २१२ उद्योगहरू मध्ये ५१ वटा औद्योगिक उत्पादन, ५५ वटा सेवा उद्योग, ६७ वटा पर्यटन उद्योग, १३ वटा निर्माण उद्योग, ८ वटा ऊर्जा, ११ वटा कृषिजन्य र ७ वटा खनिज क्षेत्रसँग सम्बन्धित रहेका छन्। मुलुकगत लगानीबाट हेर्दा ३९ वटा उद्योगमा चीन, ३७ वटामा भारत, २३ वटामा दक्षिण कोरिया, १९ वटामा बेलायत, १३ वटामा संयुक्त राज्य अमेरिका, ११ वटामा जर्मनी, ८ वटामा अष्ट्रेलिया, ६ वटामा नेदरल्याण्ड, ५ वटामा जापान, ४ वटामा रूस, ३ वटामा फ्रान्स, २/२ वटामा क्यानडा र स्वीटजरल्याण्ड र ४० वटामा अन्य मुलुकको लगानी रहेको छ।

तालिका ८ (ग) : विदेशी लगानीका लागि आर्थिक वर्ष २०६५/६६* मा स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	लक्ष्यित रोजगारी सङ्ख्या
औद्योगिक उत्पादन	२५	८२.३	४८.५	७९.७	१,१८०
सेवा उद्योग	३८	१६८.४	१२८.६	८०.१	१,३१७

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	लक्ष्यित रोजगारी सङ्ख्या
पर्यटन उद्योग	४५	६१.३	५६.३	५७.६	१,१४०
निर्माण	१	८.९	३.२	५.७	८
उर्जा	७	३२२.०	३१६.०	२१७.०	८७९
कृषिजन्य	३	५८.०	१७.३	२६.७	५४९
खनिज	१७	४७.९	४१.७	४७.४	२,६३५
जम्मा	१३६	७४८.८	६६१.६	५१४.२	७,७०८

** प्रथम आठ महिना*

स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर

८.५६ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा स्थिर पुँजी रू. ६ अरब ६२ करोड, आयोजना लागत रू. ७ अरब ४९ करोड तथा विदेशी लगानी रू.५ अरब १४ करोड भएका १३६ वटा उद्योगहरूलाई विदेशी तथा संयुक्त लगानीमा स्थापना गर्न अनुमति प्रदान गरिएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम ८ महिनामा स्वीकृति प्रदान गरिएका १३६ उद्योगहरूमा २५ वटा उत्पादनशील उद्योग, ३८ वटा सेवा उद्योग, ४५ वटा पर्यटन उद्योग, एउटा निर्माण, ७ वटा ऊर्जा, ३ वटा कृषिजन्य उद्योग र १७ वटा खनिज क्षेत्रसँग सम्बन्धित छन्। मुलुकगत लगानी हेर्दा यी १३६ वटा उद्योगमध्ये चीनबाट ४६ वटामा, भारतबाट २७ वटामा, बेलायतबाट ९ वटामा, संयुक्त राज्य अमेरिकाबाट ७ वटामा, जापानबाट ५ वटामा, फ्रान्स, सिंगापुर र दक्षिण कोरियाबाट ४-४ वटामा, जर्मनी, नेदरल्याण्डस्, स्पेन र स्वीट्जर्ल्याण्डबाट २-२ वटामा, र अन्य मुलुकहरुबाट २४ वटा उद्योगहरुमा लगानी रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा विदेशी लगानीका लागि स्वीकृति दिइएका १ सय २७ वटा उद्योगमध्ये भारत २६ वटामा, चीन १३ वटामा, जापान ५ वटामा, संयुक्त राज्य अमेरिका ७ वटामा, बेलायत १० वटामा, दक्षिण कोरिया १५ वटामा, जर्मनी ८ वटामा र अन्य मुलुक ४३ वटा उद्योगमा संलग्न रहेका थिए।

तालिका ८ (घ) : विदेशी लगानीका लागि २०६५ फागुनसम्म स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	लक्ष्यित रोजगारी सङ्ख्या
औद्योगिक उत्पादन	६३४	४४७२६	३१८५२	१७२२५	७२९४१
सेवा उद्योग	४८२	२५०३३	२०५८६	११४९७	२५२८५
पर्यटन उद्योग	४७९	१८३७२	१७३०७	६८५०	२२०९९
निर्माण	४०	३४३६	२५४८	२५९५	२८९०
उर्जा	३७	४३७२	३८२२	२६५१	२८४८
कृषि	२१	५४००	४०९४	२८८१	४२१९
खनिज	५०	२९३५९	२७५२६	८४४४	९३१०
जम्मा	१७४३	१३०६९८	१०८२३५	५२१४३	१३९५९२

स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर

८.५७ समयसापेक्ष, व्यावहारिक, उदार एवम् खुला नीतिको अवलम्वनद्वारा विदेशी लगानीलाई आकर्षित गर्ने प्रयासस्वरूप सुरुदेखि आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा विदेशी लगानीमा जम्मा १,७४३ वटा उद्योग स्थापना गर्न स्वीकृति दिइएको छ। ती उद्योगहरूमा कुल स्थिर पुँजी रू. १०८ अरब रहेको छ भने कुल परियोजना लागत रू. १३१ अरब रहेको छ। यी उद्योगहरूमा कुल रू. ५२ अरब विदेशी लगानी भएको देखिन्छ। यी उद्योगहरू सञ्चालनमा आएपछि करीब १ लाख ३९ हजार ५ सय ९२ नेपाली नागरिकले थप रोजगारीको अवसर प्राप्त गर्ने छन्।

तालिका ८ (ङ) : देशगतरूपमा विदेशी लगानी

(उद्योगको सङ्ख्या)

क.स.	देशहरू	आर्थिक वर्ष २०६४/६५	प्रथम आठ महिना	
			२०६४/६५	२०६५/६६
१	भारत	३७	२६	२७
२	चीन	३९	१३	४६
३	जापान	५	५	५
४	संयुक्त राज्य अमेरिका	१३	७	७
५	वेलायत	१९	१०	९
६	दक्षिण कोरिया	२३	१५	४
७	जर्मनी	११	८	२
८	नेदरल्याण्ड	६	३	२
९	क्यानडा	२	२	१
१०	फ्रान्स	३	–	४
११	रसिया	४	–	१
१२	स्वीजरल्याण्ड	२	–	२
१३	अष्ट्रेलिया	८	–	१
१४	सिंगापुर			४
१५	अन्य	४०	३८	२४
	जम्मा :	२१२	१२७	१३६

स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर

केही उद्योगहरूको उत्पादन क्षमताको उपयोग

८.५८ केही छानिएका उद्योगहरूको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा जुत्ता उत्पादन गर्ने उद्योगहरूको समग्र उत्पादनमा आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा उत्पादन क्षमताको उपयोगमा सामान्य वृद्धि भएको तथा चिनी र सिमेण्टको उत्पादन क्षमतामा भने कमी आएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा कुल उत्पादन क्षमतामध्ये चुरोट र जुत्ता उद्योगले क्रमशः ८८ प्रतिशत र ६६ प्रतिशत क्षमता उपयोग गरेका छन् भने चिनी र सिमेन्ट उद्योगहरूले क्रमशः ३१ प्रतिशत र ४१ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ।

औद्योगिक क्षेत्रको वर्तमान स्थिति

८.५९ औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवम् अन्य सुविधाहरू प्रदान गरी औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले औद्योगिक क्षेत्रहरूको स्थापना गरिएको हो । वर्तमान समयसम्म आइपुग्दा बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र समेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरू रहेका छन् । उक्त औद्योगिक क्षेत्रहरूमा आर्थिक वर्ष २०६५/६६ फागुनसम्ममा ४ सय ८ उद्योगहरू सञ्चालनमा रहेका ७५ उद्योगहरू बन्द अवस्थामा छन् भने ६६ उद्योगहरू निर्माणाधीन अवस्थामा रहेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गतका औद्योगिक क्षेत्रहरूमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको तर्फबाट कुल रू. १९ करोड ६३ लाख स्थिर पुँजी लगानी भएको छ भने निजी उद्योगको तर्फबाट रू. १० अर्ब १ करोड ८४ लाख लगानी भएको पाइन्छ । औद्योगिक क्षेत्रहरूको कुल क्षेत्रफल ५ हजार ६ सय ८० रोपनी जमिनमध्ये ५ हजार ५ रोपनी जमिन विकसित अवस्थामा रहेको छ जसमध्ये ३ हजार ५ सय ७९ रोपनी जमिन विभिन्न उद्योगहरूलाई भाँडामा दिइएको छ । औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योगहरूले कुल १३ हजार ५ सय जनालाई रोजगारी प्रदान गरेका छन् । बढी रोजगारी प्रदान गर्ने औद्योगिक क्षेत्रमा क्रमशः बालाजु, हेटौंडा, वुटवल, पोखरा र पाटन रहेका छन् ।

रुग्ण उद्योगतर्फ

८.६० आन्तरिक द्वन्द्व एवम् राजनीतिक अस्थिरताका कारण आफ्नो औद्योगिक गतिविधि सञ्चालन गर्न उचित वातावरण नपाई रुग्ण हुन पुगेका उद्योगधन्दा र व्यवसायहरूमा पर्ने प्रतिकूल असर कम गराउन नेपाल सरकारले आर्थिक वर्ष २०५८/५९ देखि नै रुग्ण उद्योग सम्बन्धी नीति र कार्यक्रमहरू ल्याएको हो । आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिमा रुग्ण उद्योग पुनर्कर्जा सुविधालाई निरन्तरता दिदै यस आर्थिक वर्षको लागि पनि रू. २ अर्ब प्रदान गर्न सकिने व्यवस्था रहेको छ । यस आर्थिक वर्षको प्रथम आठ महिना सम्ममा एउटा होटललाई रू. ७० लाख पुनर्कर्जा सुविधा प्रदान गरिएको छ । यस्तो पुनर्कर्जा अघिल्लो आर्थिक वर्ष २०६४/६५ को फागुन मसान्तसम्ममा रु. ३ करोड र आर्थिक वर्ष २०६४/६५ मा कुल रु ६ करोड ७६ लाख ५५ हजार प्रदान गरिएको थियो ।

नेपाल औद्योगिक विकास निगम

८.६१ मुलुकको आर्थिक समृद्धिको निम्ति उद्योग, व्यापार, सेवा व्यवसाय आदिसँग सम्बन्धित कार्यको लागि गुणस्तरीय र भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा तथा वित्तीय कारोवारसमेत गर्ने उद्देश्यले स्थापित नेपाल औद्योगिक विकास निगम, ने.औ.वि.नि. ऐन २०१६ खारेज भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ अन्तर्गत "ख" बर्गको राष्ट्रिय स्तरको विकास बैंकको रूपमा निगम सञ्चालित छ । आर्थिक वर्ष २०६४/६५ सम्ममा उद्योग क्षेत्रमा निगमको जम्मा रु. १३७.५० करोड लगानी रही रहेकोमा

आर्थिक वर्ष २०६४/६५ मा रू. १२ करोड ७० लाख साँवा र रू. १२ करोड ४१ लाख ब्याज समेत गरी जम्मा रू. २५ करोड ११ लाख असुली भएको छ। त्यसैगरी, नविल बैंकमा गरिएको संस्थापक सेयर लगानी मध्ये आंशिक सेयरको विक्रीबाट रू. ९४ करोड ५३ लाख सहित यस अवधिमा साँवा, व्याज तथा सेयर आम्दानी समेत कुल रू. १ अरब १९ करोड ४६ लाख प्राप्त भएको देखिन्छ। निगमले गरेको लगानीबाट चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामारु १ करोड २८ लाख साँवा, रु. १ करोड ६६ लाख व्याज तथा रु. ४ करोड ३१ लाख अन्य आम्दानी समेत गरी जम्मा रु. ७ करोड २५ लाख असुली गरेको छ।

घरेलु तथा साना उद्योग

८.६२ आर्थिक वर्ष २०६४/६५ मा ६ हजार ५ सय ४ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका थिए भने आर्थिक वर्ष २०६५/६६ मा सो संख्यामा ५०.५५ प्रतिशतले वृद्धि भई ९ हजार ७ सय ९२ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका छन्। यसरी दर्ता भएका घरेलु तथा साना उद्योगहरूमा आर्थिक वर्ष २०६५/६६ मा कुल रू. ६ अर्ब ३० करोड स्थिर पुँजी लगानी हुने अनुमान गरिएको छ भने आर्थिक वर्ष २०६४/६५ मा कुल रू. ४ अर्ब ६७ करोड स्थिर पुँजी लगानी गरिएको थियो।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

८.६३ औद्योगिक विकासका लागि उद्यमशिलता, आधुनिक प्रविधि, गुणस्तरयुक्त व्यवस्थापन प्रविधि र प्राविधिक जनशक्तिको खाँचो पूरा गरी उद्योग क्षेत्रको विकासबाट अर्थव्यवस्था लाई सबल तुल्याई औद्योगिक व्यवसायको विकास गर्ने उद्देश्य अनुसार प्रतिष्ठानले नयाँ व्यवसाय सिर्जना, व्यवसाय व्यवस्थापन, प्रशिक्षण कार्यक्रमहरू लगायत परामर्श सेवा तथा उद्योग व्यवसाय सम्बन्धी अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा लघु व्यवसाय सृजना तालिममा १०० जना, प्रशिक्षकको प्रशिक्षणमा ५० जना, औद्योगिक परामर्श सेवा ३० उद्योगलाई, एकल महिलाहरुका लागि आयमूलक कार्यक्रममा ३५ जना, द्वन्द्व पीडित महिलाहरुको आयमूलक तालिममा ४० जना र दलित तथा जनजातिहरूका लागि व्यवसाय सीप वृद्धि गर्ने कार्यक्रममा ४० जनालाई तालिम प्रदान गरेको छ।

खानी तथा भूगर्भ

८.६४ भौगर्भिक सर्वेक्षण, भू-इन्जिनियरिङ तथा भू-वातावरणीय अध्ययन, राष्ट्रिय भूकम्प मापन केन्द्र सञ्चालन, खनिज अन्वेषण तथा खनिज विकास कार्यलाई सुनियोजित तबरले सञ्चालन गर्न, नेपालको पहाडी भेगको करिब १ लाख ९ हजार वर्ग किलोमिटर क्षेत्रको भौगोलिक नक्सा १:५०००० तथा १:६३३६० स्केलमा तयार गरी प्रकाशन गर्ने कार्य भइरहेको छ। बैतडी, उदयपुर, धनकुटा, सल्यान, अर्घाखांचीमा चून ढुंगामा आधारित सिमेन्ट उद्योग र रामेछापमा फलाम खानीमा आधारित उद्योग स्थापनार्थ निजी लगानीकर्ताहरुसँग सम्झौता सम्पन्न भएको छ। दाङ्ग, सल्यान, रोल्पा तथा पाल्पा

जिल्लाहरुमा मध्यमस्तरीय कोइला पाइएको छ। काठमाडौ उपत्यकाको २६ वर्गकिलोमिटर क्षेत्रभित्र ३१ करोड घन मिटरको प्राकृतिक ग्याँस फेला परेको छ। काठमाडौंको प्राकृतिक ग्यास भण्डार, मकवानपुरको तामा र सिलिका स्याण्ड भण्डारमा आधारित उद्योग प्रवर्द्धनको लागि निजी लगानीकर्तावाट प्रस्ताव आह्वान गरिएको छ भने रोल्पाको सुन भण्डार तथा गान्धारी (दाङ्ग) स्थित चुनढुङ्गा संचितिमा आधारित उद्योग प्रवर्द्धनको लागि प्रस्ताव आह्वान गर्न प्रक्रिया सुरु गरिएको छ। नेपाल अधिराज्यमा पेट्रोलियम संचितिको सम्भावनाको आधारमा विभक्त गरिएको १० वटा अन्वेषण ब्लक मध्ये ७ वटाको अन्वेषण कार्य गर्न २ वटा विदेशी कम्पनीलाई अनुमति प्रदान गरिएको र बांकी ३ वटा ब्लक पनि प्रर्वद्धन गर्न तयारी गरिएको छ। हिमाली श्रृङ्खलाको भूकम्पीय अध्ययन गर्न मुलुकभर Seismic Network स्थापना गरी भूकम्पको निरन्तर निगरानी तथा रेकर्ड गरी डाटाहरु संकलन गर्ने र उक्त डाटाहरुका आधारमा भविष्यमा आउन सक्ने भूकम्पको ज्ञान हासिल गर्न Micro Seismic Epicenter Map / Epicenter Map of Nepal प्रकाशन गरिएको छ। हालसम्म विभागबाट ७१ स्थानमा अवस्थित विभिन्न खनिज संचितिहरुको उत्खनन् गर्न उत्खनन्को प्रमाणपत्र दिइएको छ भने ३७९ वटा खोजतलासको प्रमाणपत्र जारी गरिएको छ।

पर्यटन

८.६५ नेपाल भ्रमणमा आएका पर्यटकहरूको संख्या, तिनको वृद्धिदर तथा बसाइ अवधिको विश्लेषण गर्दा २०६३ पुसदेखि २०६४ पुसको अवधिमा नेपाल आउने पर्यटकहरुको संख्या ३७.२ प्रतिशतले बढेर ५ लाख २६ हजार ७ सय ५ पुगेकोमा २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा उक्त संख्या ५.० प्रतिशतले घटेर ५ लाख २ सय ७७ मा ओर्लेको छ। २०६३ पुसदेखि २०६४ पुससम्मको अवधिमा प्रति पर्यटक सरदर बसाइ अवधि ११.९६ दिन रहेकोमा २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा सरदर बसाइ अवधि ११.७८ दिन रहेको छ।

८.६६ भ्रमणको उद्देश्य अनुसार अधिकांश पर्यटकहरू मनोरन्जन र पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको देखिएको छ। २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा कुल पर्यटक आवागमन संख्यामा ३०.६ प्रतिशत मनोरन्जन, २०.० प्रतिशत पदयात्रा तथा पर्वतारोहण, ४.६ प्रतिशत व्यापार, ८.६ प्रतिशत औपचारिक भ्रमण, ९.० प्रतिशत तीर्थयात्रा, १.४ प्रतिशत सभा/सेमिनार र १९.५ प्रतिशत अन्य प्रयोजनको उद्देश्य लिई आएको अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा मनोरञ्जनका लागि ४१.४ प्रतिशत, पदयात्रा र पर्वतारोहणका लागि १९.२ प्रतिशत, व्यापारका लागि ४.६ प्रतिशत, औपचारिक भ्रमणका लागि ४.१ प्रतिशत, तीर्थयात्राका लागि १०.० प्रतिशत, सभा/सेमिनारका लागि १.५ प्रतिशत र अन्य उद्देश्यका लागि १९.२ प्रतिशत पर्यटकहरुले नेपाल भ्रमण गरेको थिए।

मन्जुषा ८(ग) : पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू

नयाँ पर्यटन नीति २०६५ प्रकाशन तथा कार्यान्वयनको क्रममा रहेको छ । अगामी आर्थिक वर्षमा नयाँ पर्यटन गुरुयोजना बनाउने प्रस्ताव गरिएको छ।

नेपाल पर्यटन दूरदृष्टि २०२० : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सरोकारवाला उद्योगी व्यावसायी तथा नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा नेपाल पर्यटन दूरदृष्टि २०२० (Nepal Tourism Vision 2020) जारी गरेको छ। यस अन्तर्गत आगामी सन् २०२० सम्मका लागि पर्यटन दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु र रणनीतिहरु समाहित गरी सन् २०२० मा २० लाख पर्यटन भित्र्याउने लक्ष्य रहेको छ।

नेपाल पर्यटन वर्ष २०११ : सन् २०११ लाई "नेपाल पर्यटन वर्ष" का रुपमा मनाउने क्रममा सचिवालयको स्थापना, मूल समिति तथा १४ वटा उपसमितिहरु गठन भई प्रचारात्मक सामग्रीहरु उत्पादन र वितरण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन भइरहेका छन्।

नयाँ पर्यटकीय गन्तव्यस्थल विकास : पर्यटनलाई गरिबी निवारण र नयाँ आर्थिक विकास नीतिको मुख्य अंगको रुपमा विकास गर्न श्रीअन्तु, हलेसी, गोरखाको मनकामना–गोरखनाथ, प्यूठानको स्वर्गद्वारी, खप्तड क्षेत्र, अछामको रामारोसन क्षेत्र र बाराको गढीमाई–सिमरौनगढ क्षेत्रमा आवश्यक पूर्वाधार खडा गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि अनुदान उपलब्ध भई निर्माण कार्य प्रारम्भ भइसकेको छ। त्यस्तै, कर्णालीको एकीकृत पर्यटन विकास कार्यक्रम सुरु भएको छ।

रोयल्टी छुट : सुदूर पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चलका हिमालहरु आरोहण गर्ने टोलीलाई आर्थिक वर्ष २०६५/६६ को सुरुदेखि ५ वर्षका लागि रोयल्टी छुट दिइएको छ।

स्वास्थ्य पर्यटन : आध्यात्मिक साधना, योग साधना एवं प्राकृतिक उपचार केन्द्रको रूपमा नेपाललाई विकास र प्रबर्द्धन गर्दै आयुर्वेद जस्ता परम्परागत उपचार पद्धतिको प्रचार प्रसारका साथै निजी क्षेत्रको सहभागितामा स्वास्थ्य पर्यटन विकास गर्ने विषयमा निजी क्षेत्रका स्वाथ्य संस्था, नेपाल मेडिकल एसोसिएसन, स्वास्थ्य मन्त्रालय समेतको सहभागितामा सम्भाव्य कार्यक्रम लागू गर्नका लागि नेपालका स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइएका बिशिष्ट उपचार सेवाको विवरण संकलनका लागि प्रक्रिया सुरु भइसकेको।

कृषि पर्यटन : पर्यटकीय क्षेत्र तथा पर्यटकीय मंसीरमा स्थानीय कृषि क्षेत्रबाट उत्पादित कृषिजन्य उपजको प्रयोग बढाउने नीति अनुरुप केही महत्वपूर्ण ग्रामीण पर्यटकीय क्षेत्रहरुमा कृषि तालिम निर्देशनालयसँग समन्वय गरी त्यस्ता ठाउँहरूमा कृषिजन्य उत्पादन बढाउन कृषि पर्यटन तालिम कार्यक्रम कार्यान्वयनको क्रममा रहेको छ।

Home Stay कार्यक्रम : पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गर्न नेपालका विभिन्न १४ स्थानमा पर्यटकहरु स्थानीय जनताका घरमा बसी वरपरको पर्यटकीय स्थलको भ्रमण गर्ने मोडलमा आधारित Home Stay कार्यक्रम सञ्चालन गर्न संभाव्यता अध्ययन भइरहेको छ।

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण : बाराको निजगढमा अन्तराष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा संभाव्यता अध्ययन भइरहेको छ। छिन्नेडाँडा पोखरास्थित विमानस्थलमा फेन्सिंग कार्य भइरहेको छ भने भैरहवाको गौतमबुद्ध विमानस्थलको थप जग्गाका लागि मुआब्जा वितरणको कार्य प्रारम्भिक चरणमा रहेको छ।

विमानस्थल स्तरोन्नति : क्षेत्रीय तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण ९ वटा आन्तरिक विमानस्थलहरुको स्तरोन्नति तथा क्षमता विस्तार कार्य भइरहेको छ।

स्रोतः: पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

तालीका ८(च): पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरु

क्र.सं.	*विवरण*	*२०६४ पुस सम्मको स्थिति*	*२०६५ पुस सम्मको लक्ष्य*	*२०६५ पुस सम्मको प्रगति*
१	पर्यटन आवागमन	५,२६,७०५	७,००,०००	५,००,२७७
२	पर्यटन बसाइ अवधि (दिनमा)	११.९६	१३	११.७८
३	पर्यटनबाट प्राप्त आय (रु. करोड)	१०,१२.५०*		१८,६५.३०**
४	प्रति पर्यटक आय (रु.)	१९,२२३.२८		३७२८५.३४
५	प्रति पर्यटक प्रति दिन खर्च (रु.)	१६०७.३०		३१६५.१४
६	प्रति अमेरिकी डलर औसत विनिमय दर (रु.)	७०.४९		६५.०२
७	प्रति पर्यटक प्रति दिन खर्च (अमेरिकी डलर वरावर)	२२.८०	६३	४८.६८
८	विदेशी मुद्रा आर्जन (अमेरिकी डलर दश लाख वरावर)	१४३.६४	३००	२८६.८८
९	कुल गार्हस्थ्य उत्पादन (रु. करोड)	७,२८,१७.८०		८,१८,४०.२०
१०	कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत)	१.४	३	२.३
११	प्रत्यक्ष रोजगार (हजारमा)	८३	१००	८८
१२	नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्यामा)	२०	२५	२०
१३	अन्तर्राष्ट्रिय सेक्टरमा एकतर्फी हवाई सिट उत्पादन (हजारमा)	४०,००	३२,५०	३७,००

**आर्थिक वर्ष २०६३/६४, **आर्थिक वर्ष २०६४/६५,*

स्रोत : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नेपाल राष्ट्र बैंकबाट प्राप्त तथ्याङ्कमा आधारित

८.६७ कुल पर्यटकहरूको आवागमन मध्ये २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा २७.५ प्रतिशत पश्चिम यूरोपबाट, ७.६ प्रतिशत उत्तर अमेरिकाबाट, ३.२ प्रतिशत अष्ट्रेलिया तथा प्रशान्त क्षेत्रबाट, २.६ प्रतिशत पूर्वी यूरोपबाट, १.५ प्रतिशत मध्य तथा दक्षिण अमेरिकाबाट, ०.३ प्रतिशत अफ्रिकाबाट तथा १.४ प्रतिशत अन्य देशहरुबाट आवागमन भएको अनुमान छ। कुल पर्यटक मध्ये ५५.९ प्रतिशत एसिया महादेशबाट आएकोमा भारतबाट मात्र १८.२ प्रतिशत पर्यटक आएको अनुमान छ। पर्यटक आवागमन क्षेत्रमा गत वर्षको सोही अवधिको तुलनामा एसिया तथा पूर्वी यूरोप क्षेत्रबाट पर्यटक आवागमनको संख्या घटेको छ भने बाँकी क्षेत्रबाट पर्यटक आवागमन संख्या केही बढेको देखिन्छ।

८.६८ मुलुकभरिकै होटल र होटल शैयालाई हेर्दा २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा तारेस्तरका होटल संख्या ८.६ प्रतिशतले घटी ९६ रहेको छ भने तारे होटल बाहेकका होटल सख्यामा ६१ थप भई ५ सय ७३ पुगेको छ। यस अबधिमा तारे होटल देखि बाहेकका होटल शैयामा १२.४ प्रतिशतले बृद्धि भई १६ हजार ७ सय ४३ पुगेको छ। समीक्षा अबधिमा कुल होटल सख्यामा ८.४ प्रतिशत र शैया सख्यामा ५.७ प्रतिशतले बृद्धि भएको छ।

८.६९ नेपाल आउने पर्वतारोहण दल र पवतारोहीहरुको स्थिति हेर्दा २०६४ पुसको तुलनामा २०६५ फागुनसम्म पर्वतारोहण दलको सख्या घटेको छ। २०६३ पुस देखि २०६४ पौषसम्मको अवधिमा पर्बतारोहण दलको सख्या १ सय ६२ बाट बढेर २ सय २ भएकोमा २०६४ पुसदेखि २०६५ फागुनसम्म यो संख्या १ सय ६२ मा सीमित रहेको छ। २०६२ पुसदेखि २०६३ पुसमा पर्वतारोहीको सख्या १ हजार १ सय २८ भएकोमा

२०६४ पुसदेखि २०६५ फागुनमा यो संख्या १ हजार ९ मात्र रहेको छ। २०६३ पुसदेखि २०६४ पुससम्म पर्वतारोहण दलहरुबाट नेपाल सरकारलाई प्राप्त रोयल्टी रु. २३ करोड ९४ लाख रहेकोमा २०६५ फागुन मसान्तसम्म रु. ३ करोड ५४ लाख प्राप्त भएको छ।

८.७० पर्यटन विकासको लागि आवश्यक जनशक्ति उत्पादन गर्ने कार्यमा नेपाल पर्यटन तथा होटल ब्यबस्थापन प्रतिष्ठान संलग्न रहिआएको छ। प्रतिष्ठानले ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय प्रर्वद्धन गर्ने उद्देश्यले त्यस क्षेत्रका जनतामा पर्यटन ब्यावसायमा लगानी गर्ने अभिरुची उत्पन्न गराउन पर्यटनमूलक व्यवसाय प्रर्वद्धन गर्न सहयोग पुऱ्याउने तालिमहरु सञ्चालन गर्नुका साथै शहरी क्षेत्रका साना ठूला सबै पर्यटनमूलक उद्योग व्यवसायीहरुलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न आर्थिक वर्ष २०६०/६१ देखि तीन वर्षे ब्याचलर इन ट्राभल एण्ड टुरिजम म्यानेजमेन्ट कोर्ष सुरु गरेको छ। साथै, पर्यटन सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न व्याचलर इन होटल म्यानेजमेन्ट, विभिन्न किसिमका होटल व्यवस्थापन सम्बन्धी तालिमहरू, पथ प्रदर्शक, गाइड, टूर ट्राभल एजेन्सी एवं टिकेटिङ्ग, कुक, नाइके, जलयात्रा प्रदर्शक, हस्पिट्यालिटी कोर्ष, विभिन्न पर्यटकीय स्थानमा घुम्ती तालिम पनि दिइरहेको छ। प्रतिष्ठानले आर्थिक बर्ष २०६४/६५ मा १ हजार ५ सय १४ जनालाई बिभिन्न बिषयको तालिम प्रदान गरेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महीनासम्म यो संस्था १ हजार ३ सय ३५ पुगेको छ। हालसम्म प्रतिष्ठानबाट उत्पादित जनशक्ति संख्या २६ हजार नाघेको छ।

८.७१ **पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा** : आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा ८४.२ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ६५ करोड ३० लाख पुगेको छ। त्यस्तै, आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा रू. १६ अर्ब ८२ करोड ५२ लाख विदेशी मुद्रा आर्जन भएको छ। यो गत वर्षको सोही अवधिमा आर्जित विदेशी मुद्रा भन्दा ५४.५ प्रतिशतले बढी छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा आर्जित विदेशी मुद्राको अंश कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको अनुपातमा ३६.३ प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा २०.८ प्रतिशत, कुल वस्तु, सेवा र आयबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा १८.४ प्रतिशत र चालू खाता कारोवारमा प्राप्त कुल विदेशी मुद्राको अनुपातमा ६.७ प्रतिशत रहेको छ।



८.७२ पर्यटन प्रवर्द्धन र बजारीकरणको लागि जर्मनीको बर्लिनमा अयोजित बिश्वकै ठूलो पर्यटन मेला ITB 2009 मा नेपाल सहभागी बन्यो । बेलायतमा आयोजित World Mart, रुसको मस्कोमा आयोजित MITT 2009, स्पेनमा आयोजित FITUR 2009, North India Sales Mission, चीनमा आयोजित Sales Mission, PATA Annual Meeting, तेहरानमा आयोजित UNWTO सम्मेलन, हवाई सम्बन्धमा क्यानडामा आयोजित ICAO सम्मेलन आदिमा पनि सहभागी बन्यो । पर्यटन प्रर्वद्धनको लागि नेपाल पर्यटन बोर्ड मार्फत "Naturally Nepal: Once is Not Enough" ब्रान्डिङ्ग गरी विभिन्न उत्सव महोत्सवहरुको आयोजना गरी पर्यटन प्रर्वद्धनमा सहयोग पुऱ्याइएको थियो ।

९. सार्वजनिक संस्थान

समग्र समीक्षा

९.१ आधारभूत पूर्वाधार निर्माण, वस्तु र सेवाको उत्पादन तथा वितरण र समग्रमा देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपालमा सरकारी स्वामित्वमा संस्थानहरुको स्थापनाको क्रम सन् १९६० को दशकदेखि तीव्र हुन थालेको हो। स्थापना भएका मध्ये नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा हाल ३६ वटा संस्थानहरु सञ्चालन हुँदै आएका छन्। ३६ वटा संस्थानहरुमध्ये औद्योगिक क्षेत्रमा ७ वटा, व्यापारिक क्षेत्रमा ६ वटा, सेवा क्षेत्रमा ७ वटा, सामाजिक क्षेत्रमा ५ वटा, जनोपयोगी क्षेत्रमा ३ वटा र वित्तीय क्षेत्रमा ८ वटा रहेका छन्। नेपाल सरकारको ठूलो लगानी भएका यी संस्थानहरुबाट गरिने उत्पादन तथा सेवा प्रवाह प्रत्यक्ष तथा परोक्ष रुपमा सर्वसाधारणसँग सरोकार रहने हुनाले यी संस्थानहरुको कार्यकुशलता अभिवृद्धि गर्ने क्रममा संस्थानहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्न आवश्यक भएकोले हरेक आर्थिक बर्षको प्रगति समीक्षाको रुपमा प्रस्तुत विश्लेषण आर्थिक सर्वेक्षणमा पनि समावेश गर्ने गरिएको छ। यस विश्लेषणमा आर्थिक बर्ष २०६४/६५ मा संस्थानहरुले सञ्चालन गरेका कार्यक्रमहरुको लक्ष्य तथा प्रगति, संक्षिप्त वित्तीय विवरण, आर्थिक बर्ष २०६५/६६ को लक्ष्य तथा संशोधित अनुमान र आगामी आर्थिक बर्षको प्रस्तावित लक्ष्यको बारेमा जानकारी उपलव्ध गराउने प्रयास गरिएको छ। साथै, प्रत्येक संस्थानको पुँजी संरचना, नाफा नोक्सान तथा सेयरधनी कोषको अवस्था, भुक्तानी गर्नु पर्ने दायित्व, लगानी तथा सम्पत्तिको विवरण, लेखापरीक्षणको स्थिति, जनशक्तिको अवस्था, चालू कार्यक्रम र भावी योजना लगायत विनिवेश सम्वन्धी संक्षिप्त जानकारी सम्वन्धित संस्थान तथा महालेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्रालयमा उपलव्ध भएसम्मको तथ्याङ्कका आधारमा समावेश गरिएको छ।

९.२ उपरोक्त ३६ वटा सार्वजनिक संस्थानहरुको खुद स्थिर सम्पत्ति (निर्माणधीन समेत) आर्थिक वर्ष २०६३/६४ को रू. ११० अर्व ६१ करोडबाट बृद्धि भएर आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १२३ अर्व ८५ करोड पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल विद्युत प्राधिकरण, उदयपुर सिमेन्ट उद्योग लि र नेपाल दूरसंचार कम्पनी लि. ले क्रमशः रू. ८ अर्व ४१ करोड, रू. २ अर्व ८६ करोड र रू. १ अर्व ३७ करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरुको समग्र स्थिर सम्पत्ति बढेको छ। सो अवधिमा मिति २०६४/६/१३ को निर्णय अनुसार काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डको गठन भई नेपाल खानेपानी संस्थानलाई दुई भागमा विभाजन गरी स्थिर सम्पत्ति समेत हस्तान्तरण गरेकोले नेपाल खानेपानी संस्थानको खुद स्थिर सम्पत्ति रू. २ अर्व ४८ करोडले घटेको छ। सरकारको पूर्ण तथा अधिकांश स्वामित्व रहेका सवै सार्वजनिक संस्थानहरुको कुल सेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. ४६.६२ अर्व रहेको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यी ३६ वटा सार्वजनिक संस्थानहरुमा आर्थिक वर्ष २०६४/६५ को

अन्त्यसम्ममा सरकारको सेयर लगानी रू. ८१ अर्व ९२ करोड रही ४३.० प्रतिशत पुँजी क्षय भइसकेको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ मा रू. ७१ अर्ब ७४ करोड रहेको ऋण लगानी बढेर आर्थिक वर्ष २०६४/६५ मा रू. ८३ अर्ब ३१ करोड पुगेको देखिन्छ। यस ऋण रकममा नेपाल सरकारको ऋण, अन्तर्राष्ट्रिय संघ संस्थाबाट लिएर नेपाल सरकारले प्रवाह गरेको ऋण र बैंक तथा वित्तीय संस्थाको अल्पकालीन तथा दीर्घकालीन ऋण समेत समावेश गरिएको छ।

९.३ यी ३६ वटा सार्वजनिक संस्थानहरुको समष्टिगत वित्तीय अवस्था हेर्दा आर्थिक वर्ष २०६४/६५ मा १७ वटा संस्थानहरुले खुद मुनाफा आर्जन गरेका छन् भने १९ वटा संस्थानहरु घाटामा रहेका देखिन्छन्। आर्थिक वर्ष २०६३/६४ मा जम्मा १४ वटा संस्थानहरु नोक्सानमा रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा सो संख्या वढेर १९ पुगेकोले संस्थानहरुको वित्तीय अवस्था खस्कंदो देखिन्छ। त्यस्तै, सम्पूर्ण संस्थानहरुको आर्थिक वर्ष २०६३/६४ को खुद मुनाफा रू. ७.७४ अर्व रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. ४ अर्ब ९४ करोड रहेको छ। नाफा आर्जन गर्ने संस्थानहरुमा नेपाल दूर सञ्चार कम्पनी लि. ले रू. ७ अर्ब ९४ करोड र राष्ट्रिय बाणिज्य बैंक लि. ले रू. १ अर्ब ७७ करोड खुद मुनाफा गरी समग्र खुद मुनाफामा मुख्यरुपमा योगदान गरेकाछन्। त्यस्तै, नेपाल आयल निगमको नोक्सान गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा रू. १ अर्ब ९२ करोडबाट बढेर रू. ५ अर्ब ५७ करोड पुगेकोले समग्र खुद मुनाफा घटेको देखिएको छ। आर्थिक वर्ष २०६५/६६ मा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको कमी र सो अनुसार स्थानीय मूल्यमा समायोजन नभएकोले नेपाल आयल निगम लि. को नाफा रु ५ अर्ब ३ करोड पुग्ने अनुमान भएबाट समग्र संस्थानहरुको नाफा रू. १८ अर्ब ४२ करोड पुग्न सक्ने स्थिति रहेकोछ। आर्थिक वर्ष २०६४/६५ मा ४ वटा सार्वजनिक संस्थानहरुबाट सरकारलाई जम्मा रू. १ अर्व ५१ करोड ३८ लाख लाभांशको रुपमा प्राप्त भएको छ जुन कुल सेयर लगानीको १.८ प्रतिशत हुन आउँछ।

क्षेत्रगत विश्लेषण

औद्योगिक क्षेत्र

९.४ औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुले आर्थिक वर्ष २०६४/६५ मा कुल रू.४ अर्ब ३५ करोडको उत्पादन एवं विक्री कारोवार गरेका छन् जुन गत वर्षको भन्दा ४.२ प्रतिशतले बढी छ। मुख्यरुपमा दुग्ध विकास संस्थान, हेटौडा सिमेण्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि.र उदयुपर सिमेण्ट उद्योग लि. ले क्रमशः रू. १ अर्ब ८० करोड, रू. ९९ करोड, रू. ९६ करोड तथा रू. ५१ करोड विक्री कारोवार गरी यस क्षेत्रको विक्रीमा प्रमुख योगदान पुऱ्याएकाछन्। गत वर्षको तुलनामा हेटौंडा सिमेण्ट उद्योग लि. ले कुल विक्रीमा ४१.४ प्रतिशतको उत्साहजनक बृद्धि हासिल गरेको छ भने उदयपुर सिमेण्ट उद्योग लि. को कुल विक्री ३९.१ प्रतिशतले घटेको छ। दुग्ध विकास संस्थानको विक्रीमा सामान्य वृद्धि भएको छ। यस अवधिमा नेपाल ओरिण्ड

म्याग्नेसाइट (प्रा.) लि. ले रू. २ करोडको विक्रीलाई अपलेखन गरी पुँजीगतखर्चवाट घटाई वित्तीय विवरण तयार गरेकोले विक्रीमा रकम देखाएको छैन ।

नाफा नोक्सानको स्थिति

९.५ आर्थिक वर्ष २०६३/६४ मा औद्योगिक क्षेत्रका ७ वटा संस्थानहरुको खुद नोक्सान रू. २७.२७ करोड रहेकोमा आर्थिक वर्ष २०६४।६५ मा नोक्सान रू. ४३ करोड ५९ लाख पुगेको छ जसमा उदयपुर सिमेण्ट उद्योग लि. को नोक्सान रू. २६ करोड ६० लाख र जनकपुर चुरोट कारखानाको नोक्सान रू. १५ करोड ४५ लाख प्रमुख छन् । नेपाल औषधि लिमिटेडले रू. ११ करोड ६२ लाखको स्थिर सम्पत्ति विक्री गरी आम्दानी जनाएकोले रू. ६ करोड ६१ लाख नाफामा देखिएकोछ । उदयपुर सिमेण्ट उद्योग लि.को उत्पादनमा कमी भएकोले कुल विक्री घटेको तर सो अनुपातमा लागतमा कमी आउन नसकेकोले नोक्सानमा वृद्धि भएको देखिन्छ । नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.को यस वर्ष नोक्सान रू. ८ करोड ६१ लाख भई सञ्चित नोक्सान रू. ३ अर्ब ५८ करोड पुगेको छ । दुग्ध विकास संस्थानले आर्थिक वर्ष २०६३/६४ मा रू. १ करोड ४७ लाख नाफा गरेकोमा उपदान व्यवस्था तथा अन्य प्रशासनिक खर्चमा वृद्धि भएको कारणले आर्थिक वर्ष २०६४/६५ मा रू. ८ करोड ९८ लाख खुद नोक्सान व्यहोर्नु परेको छ ।

ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.६ आर्थिक वर्ष २०६३/६४ मा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६३ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस्तो ऋण रकममा खासै अन्तर देखिएको छैन । यस्तै, खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८२ करोडबाट वृद्धि भई रू. ४ अर्ब ६७ करोड पुगेको छ । यस क्षेत्र अन्तर्गत उदयुपर सिमेण्ट उद्योग लि. को मात्र विगत धेरै वर्षदेखि रू. ३ अर्वको हाराहारीमा निर्माणाधीन सम्पत्ति देखिदै आएकोमा यस वर्ष सो सम्पत्तिलाई पुँजीकरण गरेकोले खुद स्थिर सम्पत्तिमा वृद्धि भएको छ । आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस क्षेत्रका ७ वटै संस्थानहरुको कुल सेयरधनी कोष रू. १ अर्ब ७ करोड ७७ लाख ऋणात्मक रहेको छ । समग्रमा औद्योगिक क्षेत्रको आर्थिक वर्ष २०६४/६५ को प्रगति सन्तोषजनक देखिदैन । नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. को स्थितिमा कुनै सुधार भएको छैन र यसले हरेक वर्ष आर्थिक वोझ बढाउदै गएको छ ।

व्यापारिक क्षेत्र

९.७ व्यापारिक क्षेत्र अन्तर्गत रहेका ६ वटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल विक्री कारोवार रू. ४१ अर्ब ७ करोड रह्यो जुन आर्थिक वर्ष २०६३/६४ को रू. ३८ अर्ब ७८ करोडको तुलनामा ५.९ प्रतिशतले बढी छ । व्यापारिक क्षेत्रका सरकारी संस्थानहरुको कुल विक्रीमा करीव ९५.० प्रतिशत योगदान नेपाल आयल निगम लि. को रहेको छ । आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा नेपाल आयल निगम लि. को विक्रीमा करीव रू. २ अर्ब ४२ करोडको वृद्धि भएको छ

भने अन्य व्यापारिक संस्थानहरुको विक्री पनि बढेको देखिन्छ। कृषि सामग्री कम्पनीको विक्री गत वर्ष रू. ४४ करोड ९१ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ६४.० प्रतिशतले ह्रास आई रू. १६ करोड १५ लाखमा झरेको छ। यसवाट सो संस्थाको दिगोपनामा प्रश्नचिन्ह खडा भएको छ।

नाफा नोक्सानको स्थिति

९.८ आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका संस्थानहरुले समग्रमा रू. ५ अर्ब ६९ करोड खुद नोक्सान व्यहोर्नु परेको छ। आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रको खुद नोक्सान रू. १ अर्ब ९६ करोड रहेकोमा नेपाल आयल निगम लि. को खुद नोक्सान करीव १९०.० प्रतिशतले वृद्धि भएकोले समग्र व्यापारिक क्षेत्रको खुद नोक्सानमा वृद्धि भएको देखिन्छ। यस क्षेत्रका संस्थानहरुमध्ये राष्ट्रिय बीउ बीजन कम्पनी लि. र नेपाल खाद्य संस्थानले नेपाल सरकारबाट आर्थिक वर्ष २०६३/६४ मा क्रमशः रू. ५० लाख र रू. ३८ करोड ९५ लाख अनुदान प्राप्त गरेको कारणले खुद नाफाको स्थितिमा रहेका छन् भने नेसनल टेडिङ्ग लिमिटेड र दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. यस वर्ष नाफामा गएका छन्। कृषि सामग्री कम्पनी लिमिटेड यस आर्थिक वर्ष २०६४/६५ मा रू. १६ करोड ४२ लाख नोक्सानमा गएको छ। नेपाल आयल निगम लि. को रू. ५ अर्व ५७ करोड ४५ लाख नोक्सानले व्यावसायिक क्षेत्रका संस्थानहरुको समग्र वित्तीय स्थिति खुद नोक्सानमा रहन गएको हो।

ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.९ २०६५ असार मसान्तमा व्यापारिक क्षेत्रका संस्थानहरुको दीर्घकालीन ऋण रू. १० अर्ब ७७ करोड र अल्पकालीन ऋण रू. ३ अर्ब ३६ करोड पुगेको छ। मुख्यतः नेपाल आयल निगम लि. को दीर्घकालीन र अल्पकालीन ऋण क्रमशः रू. १० अर्ब ७१ करोड र २ अर्ब ४० करोड रहेको छ। यसको अतिरिक्त सो संस्थानले इण्डियन आयल निगमलाई रू. १ अर्व २४ करोड भुक्तानी दिन बाँकी रहेको देखिन्छ। नेपाल आयल निगम लि. को ऋण तथा तिर्नुपर्ने वक्यौता रकम निरन्तर बढ्ने क्रममा रहेकोले समग्र व्यापारिक क्षेत्रको ऋण रकममा वृद्धि भइरहेको देखिन्छ। यस वाहेक नेसनल ट्रेडिङ्ग लि. को अल्पकालीन ऋण रकम आर्थिक वर्ष २०६३/६४ को तुलनामा २२ प्रतिशतले कमी भई रू. ७२ करोड २० लाखमा झरेको छ। त्यस्तै, नेपाल खाद्य संस्थानको ऋण समेत रू. ४० करोड ८९ लाखबाट रू. १७ करोड ३२ लाखमा आएको छ। व्यापारिक क्षेत्रको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८३ करोड रहेको छ जस मध्ये कृषि सामग्री कम्पनी लि. को रू. ७९ करोड र नेपाल आयल निगम लि. को रू. ४९ करोड प्रमुख छन्। आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका संस्थानहरुको स्थिर सम्पत्तिमा उल्लेख्य थपघट भएको देखिदैन। व्यापारिक क्षेत्रको समग्र सेयरधनी कोष ऋणात्मक भएतापनि यस क्षेत्रका ४ वटा संस्थानहरु (कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ वीजन कम्पनी लि., दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र नेसनल ट्रेडिङ्ग लि.) को सेयरधनी कोष धनात्मक नै रहेको छ।

सेवा क्षेत्र

९.१० सेवा क्षेत्र अन्तर्गतका ७ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ को तुलनामा २२.० प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्ब ५० करोडमा झरेको छ। यसमा नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणको कुल सञ्चालन आय रू. ३ अर्ब ३१ करोड तथा रू. १ अर्ब ५० करोडको प्रमुख योगदान रहेको छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा नागरिक उड्डयन प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लि. ले आफ्नो कारोवार बढाएका छन्। नेपाल वायुसेवा निगमको आम्दानी रू. ५ अर्ब २१ करोडबाट घटेर रू. ३ अर्ब ३१ करोड भएको देखिन्छ। साथै, नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र र नेसनल कन्सट्रक्सन कम्पनी नेपाल लि.को आम्दानी घटेको छ भने राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. को कारोवार वढेको छ।

नाफा नोक्सानको स्थिति

९.११ समग्र सेवा क्षेत्रका संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को खुद मुनाफा रू. २१ करोड ५३ लाख रहेको छ जुन गत वर्षको रू. ४७ करोड ५५ लाखको तुलनामा ५५.० प्रतिशतले ह्रास आएको देखिन्छ। यस क्षेत्रका नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. र नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.को खुद मुनाफा क्रमशः रू. ४१ करोड २७ लाख, रू. १ करोड ९५ लाख र रू. ८९ लाख रहेको छ। नेपाल वायु सेवा निगमको खुद मुनाफा आर्थिक वर्ष २०६३/६४ मा रू. ३४ करोड २१ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा कारोवार न्यून हुन गएको र प्रशासनिक खर्च सो अनुपातमा घट्न नसकेका कारणले रू. १९ करोड ७१ लाख खुद नोक्सानमा गएको छ। आर्थिक वर्ष २०६४/६५ मा नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि., नेपाल इन्जिनियरिङ्ग सेवा कन्सल्टेन्सी लि. तथा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. नोक्सानमै सञ्चालित रहेका छन्।

ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.१२ सेवा क्षेत्रका संस्थानहरुमध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणलेमात्र ऋण उपयोग गरिरहेका छन्। समग्रमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा दीर्घकालीन ऋण रू. १ अर्ब ८० करोड र अल्पकालीन ऋण रू. ३६ करोड ९३ लाख रहेको छ। त्यस्तै, यस क्षेत्रको आर्थिक वर्ष २०६४/६५ को सेयरधनी कोष रू. ९ अर्व ७४ करोड तथा खुद स्थिर सम्पत्ति रू. १० अर्व ३१ करोड रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले करीव रू. ४ अर्वको सम्पत्तिलाई यस वर्ष पुँजीकरण गरी स्थिर सम्पत्तिमा समावेश गरेको छ।

सामाजिक क्षेत्र

९.१३ सामाजिक क्षेत्र अन्तर्गतका पाँचवटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय रू. १ अर्व १६ करोड रहेको छ जुन आर्थिक वर्ष २०६३/६४ को

तुलनामा रू. १५ करोड ३३ लाखले वढी हुन आउँछ। यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लि. ले सवैभन्दा बढी रू. ६८ करोडको विक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रू. २३ करोड र गोरखापत्र संस्थानले रू. २२ करोडको कारोवार गरेका छन्। आर्थिक वर्ष २०६३/६४ को तुलनामा यी संस्थानहरुको कुल विक्रीमा केही वृद्धि भएकोले समग्र सामाजिक क्षेत्रको कुल विक्री कारोवार बढेको देखिन्छ।

नाफा नोक्सानको स्थिति

९.१४ आर्थिक वर्ष २०६३/६४ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद नोक्सान रू. १२ करोड ८५ लाख रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा थोरै मात्र सुधार भई खुद नोक्सान रू. १२ करोड ४९ लाख भएको छ। गत आर्थिक वर्ष गोरखापत्र संस्थान र जनक शिक्षा सामग्री केन्द्र लि. नाफामा गएकोमा यस आर्थिक वर्ष २०६४/६५ मा सम्पूर्ण सामाजिक क्षेत्रका संस्थानहरु नोक्सानमा रहेका छन्। समीक्षा अवधिमा नेपाल टेलिभिजन, जनक शिक्षा सामग्री केन्द्र लि., गोरखापत्र संस्थान, ग्रामीण आवास कम्पनी लि. र सास्कृतिक संस्थानको नोक्सान क्रमशः रू. ७ करोड ५१ लाख, रू. ३ करोड १० लाख, रू. १ करोड १८ लाख, रू. ६६ लाख र रू. ४ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा नेपाल टेलिभिजन र ग्रामीण आवास कम्पनी लि.को नोक्सानमा कमी आएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रगति अनुमान अनुसार यस क्षेत्रको खुद नोक्सान रू. ८ करोड ८४ लाख रहने देखिन्छ।

ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.१५ सामाजिक क्षेत्रका संस्थानहरुमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानकोमात्र दीर्घकालिन ऋण दायित्व देखिन्छ जुन क्रमशः रू. १८ करोड ४३ लाख र रू. २ करोड ४६ लाख रहेको छ। साँस्कृतिक संस्थानको दीर्घकालीन ऋण रकम आर्थिक वर्ष २०६१/६२ मा रू. १० करोड २० लाख रहेकोमा सोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रू. १२ करोड ७३ लाख, आर्थिक वर्ष २०६३/६४ मा रू. १६ करोड २३ लाख र आर्थिक वर्ष २०६४/६५ मा रू. १८ करोड ४३ लाख पुगेको छ। गोरखापत्र संस्थानले आर्थिक वर्ष २०६३/६४ मा वक्यौता देखिएको रू. २ करोड ५१ लाखको ऋणमा केही कम गराएको छ। आर्थिक वर्ष २०६३/६४ मा सामाजिक क्षेत्रका संस्थानहरुको खुद स्थिर सम्पत्ति रू. १ अर्व ६ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ अर्व ४ करोड रहन पुगेको छ। यस आर्थिक वर्षमा साँस्कृतिक संस्थानले उल्लेख्यरुपमा आफ्नो स्थिर सम्पत्ति बढाएको देखिन्छ। सामाजिक क्षेत्रका संस्थानहरुको सेयरधनी कोष आर्थिक वर्ष २०६३/६४ मा रू. १ अर्ब ६८ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ अर्व ४९ करोड पुगेको छ। यस क्षेत्रका कुनै पनि संस्थानको सेयरधनी कोष ऋणात्मक छैन। समग्रमा सामाजिक क्षेत्रका संस्थानहरुको विक्री अवस्था संतोषजनक देखिएता पनि यस अन्तर्गतका संस्थानहरुको घाटामा भने सुधार आउन सकेको छैन।

जनोपयोगी क्षेत्र

९.१६ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरुको आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय रू. ३२ अर्ब २१ करोड रहेको छ। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ को कुल सञ्चालन आय १२.३५ प्रतिशतले वृद्धि भएको छ। काठमाडौं उपत्यकमा खानेपानी व्यवस्थापन गर्न छुट्टै काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड गठन गरी उपत्यका वाहिर मात्र नेपाल खानेपानी संस्थानको कार्यक्षेत्र सीमित भएको कारण सो संस्थानको कुल आम्दानी आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. २४ करोड १७ लाखमा सीमित भएको छ। नेपाल विद्युत प्राधिकरणको सञ्चालन आयमा ४ प्रतिशतले बृद्धि भई रू. १५ अर्ब १८ करोड पुगेको छ। यस्तै, नेपाल दूरसंचार कम्पनी लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ मा रू. १३ करोड ४५ करोड रहेकोमा सोमा २४.८ प्रतिशत वृद्धि भई रू. १६ अर्ब ७९ करोड पुगेको छ।

नाफा नोक्सानको स्थिति

९.१७ आर्थिक वर्ष २०६३/६४ मा यस क्षेत्रका संस्थानहरुको खुद मुनाफा रू. ५ करोड ५७ करोड रहेकोमा आथिर्क वर्ष २०६४/६५ मा २६.० प्रतिशतले वृद्धि भई रू. ७ करोड २ करोड पुगेको छ। यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा नेपाल दूरसंचार कम्पनी लि. मात्र रू. ७ अर्ब ९४करोड खुद मुनाफामा रहेको छ। नेपाल दूरसंचार कम्पनी लि. को योगदानले समग्र जनोपयोगी क्षेत्रलाई मुनाफामा लैजान मद्दत पुऱ्याएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थानले क्रमशः रू. ९० करोड ९३ लाख र रू. १ करोड ६७ लाख घाटा व्यहोरेका छन्। नेपाल दूरसञ्चार कम्पनी लि. को आर्थिक वर्ष २०६५/६६ मा खुद मुनाफा रू. १० अर्ब १४ करोड पुग्ने अनुमान रहेको छ।

ऋण, सम्पत्ति तथा सेयरधनी कोष

९.१८ आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रू. ४४ करोड ९६ लाख र नेपाल विद्युत प्राधिकरणको रू. ५१ अर्ब ६३ करोड दीर्घकालीन ऋण रहेको छ। यस क्षेत्रका संस्थानहरुको ठूलो लगानी स्थिर सम्पत्तिमा भएको छ। निर्माणाधीन सम्पत्ति समेत गरी आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा रू. ९८ अर्ब २५ करोडको खुद स्थिर सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा सो रू. १ खर्ब ५ अर्ब ५६ करोड रहेको छ।

वित्तीय क्षेत्र

९.१९ वित्तीय क्षेत्रका ८ वटा संस्थानहरुको कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ को तुलनामा ८ प्रतिशतले वृद्धिभई आर्थिक वर्ष २०६४/६५ मा रू. १० अर्ब ९३ करोड पुगेको छ। मुख्य रुपमा यस आर्थिक वर्षमा नेपाल औद्योगिक विकास निगम लि. ले नविल बैकको २ लाख ६५ हजार ५ सय ७० कित्ता सेयर विक्री गरेकोले आयमा

उल्लेखनीय रुपमा वृद्धि भई कुल सञ्चालन आय रू. १ अर्ब १३ करोड पुगेको छ। राष्ट्रिय बाणिज्य बैंक लि.को कुल सञ्चालन आय आर्थिक वर्ष २०६३/६४ मा रू. २ अर्ब ८३ करोड भएकोमा आर्थिक वर्ष २०६४/६५ मा बृद्धि भई रू. ३ अर्ब ३० करोड पुगेको छ। कृषि विकास बैंक लि. र निक्षेप तथा कर्जा सुरक्षण निगम लि. को कुल सञ्चालन आयमा भने कमी आएको छ। अन्य वित्तीय सार्वजनिक संस्थानमा भने सामान्य बृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रमा भएको कुल सञ्चालन आयमा रू. ८१ करोड २६ लाखको वृद्धि भएकोले समग्र वित्तीय क्षेत्रका संस्थानहरुको सञ्चालन आयमा सकारात्मक योगदान पुगेको छ। आर्थिक वर्ष २०६२/६३ देखि कृषि विकास बैंक लि. ले "क" वर्गको वित्तीय कारोवार गर्ने वाणिज्य बैंकको रुपमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाई विभिन्न बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

नाफा नोक्सानको स्थिति

९.२० वित्तीय क्षेत्रको खुद मुनाफा आर्थिक वर्ष २०६३/६४ मा रू. ४ अर्ब ६ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा २.४ प्रतिशतले ह्रास आई रू. ३ अर्ब ९६ करोडमा झरेको छ। खासगरी राष्ट्रिय बाणिज्य बैंक लि, नेपाल औद्योगिक विकास निगम लि. र नेपाल स्टक एक्सचेन्ज लिमिटेडको नाफामा बृद्धि भई क्रमशः रू. १ अर्ब ७६ करोड ८८ लाख, रू. ७४ करोड २४ लाख र रू. ७ करोड ९१ लाख पुगेको छ भने कृषि बिकास बैंक लि. र राष्ट्रिय बीमा संस्थानको मुनाफामा कमी आएको छ। निक्षेप तथा कर्जा सुरक्षण निगम लि. आर्थिक वर्ष २०६३/६४ मा रू. १ करोड १ लाख नाफामा गएकोमा यस वर्ष रू. २ करोड ८५ लाख नोक्सानमा गएको छ। नागरिक लगानी कोष र नेपाल आवास विकास वित्त कम्पनी लि. को नाफामा खासै सुधार भएको छैन।

ऋण, निक्षेप, लगानी र सेयरधनी कोष

९.२१ यस क्षेत्रका संस्थानहरुको ऋण आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. ८ अर्ब ३३ करोड वाँकी रहेको छ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रू. २३ करोड २० लाख, राष्ट्रिय वाणिज्य बैंक लि. को रू. २ अर्ब ५१ करोड ७० लाख र कृषि विकास बैंक लि. को रू. २५ करोड ७४ लाख रहेको छ। राष्ट्रिय बीमा संस्थानको जीवन बीमा कोषको दायित्व रू. ७ अर्ब १५ करोड समेत ऋण दायित्वमा समावेश गरिएको छ। वित्तीय क्षेत्रका संस्थानहरुमध्ये कृषि विकास बैंक लि., राष्ट्रिय बाणिज्य बैंक लि., र नेपाल आवास विकास वित्त कम्पनी लि. ले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका छन्। नेपाल औद्योगिक विकास निगम लि. ले पनि बैंकिङ्ग कारोवार गर्ने स्वीकृति प्राप्त गरेको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस्तो निक्षेप रू. ९३ अर्ब ९४ करोड पुगेको छ जुन गत वर्षको रू. ८३ अर्ब ५५ करोड भन्दा १२.४३ प्रतिशतले बढी छ। त्यस्तै, आर्थिक वर्ष २०६३/६४ को अन्त्यमा यी संस्थानहरुको खुद कर्जा प्रवाह रू. ५२ अर्ब ३८ करोड रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा सामान्य बृद्धि भई रू. ५३ अर्ब ८३ करोड पुगेको छ। समग्र

वित्तीय क्षेत्रका संस्थानहरुको सेयरधनीकोष रू. ७ अर्ब ९५ करोडले ऋणात्मक रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लि. को सेयरधनी कोष रू. १५ अर्ब ४६ करोडले ऋणात्मक भएको कारणले अन्य सवै वित्तीय संस्थानहरुको सेयरधनी कोष धनात्मक नै भएता पनि समग्र वित्तीय क्षेत्रका संस्थानहरुको सेयरधनी कोष ऋणात्मक देखिन गएको हो। सन् २००३ मा विश्व बैंकको सहयोगमा संचालित बैंकिङ्ग क्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लि. को व्यवस्थापन करारमा दिए पश्चात् उक्त बैंकको खुद ऋणात्मक सम्पत्ति (Networth) क्रमिक रुपमा घट्दै गएको पाइन्छ। आर्थिक वर्ष २०५९/६० मा उक्त बैंकको खुद सम्पत्ति रू. २२ अर्ब ३९ करोडले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १५ अर्ब ४६ करोड ऋणात्मक रहन गएको छ।

लेखापरीक्षणको अवस्था

९.२२ सार्वजनिक संस्थानहरुले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था भएतापनि सोको पालना नगर्ने परिपाटी अझै विद्यमान छ। आर्थिक वर्ष २०६४/६५ सम्मको लेखापरीक्षण १९ वटा सार्वजनिक संस्थानहरुले, आर्थिक वर्ष २०६३/६४ सम्म मात्रको लेखापरीक्षण ९ वटा सार्वजनिक संस्थानहरुले र आर्थिक वर्ष २०६२/६३ सम्म मात्रको लेखापरीक्षण ३ वटा सार्वजनिक संस्थानहरुले सम्पन्न गराएका छन्। लेखापरीक्षण सम्बन्धमा कानुनले प्रष्ट रुपमा समयावधि समेत तोकी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको भएता पनि केही संस्थानहरुले समयमै लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्थालाई परिपालन गरेको पाइएन। यसले सम्बन्धित संस्थानको व्यवस्थापनको असक्षमता र लापरवाहीको नमूना देखाउँदछ। प्रत्येक वर्ष अनिवार्य रुपमा लेखापरीक्षण कार्य सम्पन्न गराउनु पर्ने दायित्व वोकेका सार्वजनिक संस्थानहरुमध्ये केहीमा देखिएको लेखापरीक्षण सम्बन्धी अत्यन्त कमजोर अवस्था तल उल्लेख गरिएको छ :

मञ्जुषा ९(क) : लेखापरीक्षणको स्थिति अत्यन्त कमजोर रहेका केही सार्वजनिक संस्थानहरु

क्र.सं.	सार्वजनिक संस्थानको नाम	लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष
१	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा. लि.	२०५७/५८
२	राष्ट्रिय बीमा संस्थान	२०५८/५९
३	उदयपुर सिमेन्ट उद्योग लि.	२०६१/६२
४	गोरखापत्र संस्थान	२०६१/६२
५	नेपाल औद्योगिक विकास निगम लि.	२०६१/६२

संस्थानको सञ्चालक समितिमा सुधार

९.२३ संस्थानहरुको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाबिद्हरुलाई मात्र प्रतिनिधित्व गराउने र संचालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति अनुरुप अधिकांश संस्थानमा यो व्यवस्था अबलम्बन गरिसकिएको छ। केही संस्थानहरुको

सञ्चालक समितिको सदस्य संख्या ऐन/नियमद्वारा नै तोकिएकोले ऐन/नियममा संशोधन गरी सदस्य संख्या ५ मा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ। यस प्रकारका संस्थानहरुको नाम तल उल्लेख गरिएको छ :-

मञ्जुषा ९(ख) : केही संस्थानहरुमा सञ्चालकहरुको विद्यमान संख्या

क्र.सं.	सार्वजनिक संस्थानको नाम	सञ्चालकको संख्या
१	नेपाल आयल निगम लि.	८
२	नागरिक उड्डयन प्राधिकरण	८
३	नेपाल आवास विकास वित्त कम्पनी लि.	८
४	नेपाल खानेपानी संस्थान	७
५	नेपाल विद्युत प्राधिकरण	७
६	नेपाल वायुसेवा निगम	७
७	राष्ट्रिय बीमा संस्थान	७
८	उदयपुर सिमेन्ट उद्योग लि.	६
९	नेपाल खाद्य संस्थान	६
१०	निक्षेप तथा कर्जा सुरक्षण निगम लि.	६
११	नेपाल स्टक एक्सचेञ्ज लि.	६
१२	गोरखापत्र संस्थान	६
१३	ग्रामीण आवास कम्पनी लि.	६

नेपाल सरकारको सेयर तथा ऋण लगानी

९.२४ उपरोक्त ३६ वटा सार्वजनिक संस्थानहरुमा महालेखा नियन्त्रक कार्यालयका अनुसार नेपाल सरकारको सेयर लगानी रू. ८१ अर्व ९२ करोड ६ लाख रहेको छ। उक्त लगानीबाट आर्थिक वर्ष २०६४/६५ मा सरकारले रू. १ अर्व ५१ करोड ३८ लाख लाभांश प्राप्त गरेको छ। त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा रू. ७३ अर्व ८१ करोड ९ लाख वक्यौता रहेको छ। यसमध्ये आन्तरिक ऋणतर्फ रू. १३ अर्व १६ लाख र वाह्य ऋणतर्फ रू. ६० अर्व ६९ करोड ३ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको सरकारी संस्थान सम्बन्धी कार्य प्रगति तथा लक्ष्य विवरणमा विभिन्न संस्थानहरुमा नेपाल सरकारको सेयर र ऋण लगानी रकम सम्बन्धित संस्थानहरु र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको तथ्य औंल्याइएतापनि आर्थिक वर्ष २०६४/६५ को विवरणमा संस्थानहरुको हिसाव मिलान प्रगति भएको पाइएन। साथै, अझै धेरै संस्थानहरुको सेयर र ऋण लगानी हिसाव भिडान गरी हिसाव मिलान गर्न वाँकी देखिन्छ। यसरी लामो समयसम्म हिसाव मिलान

नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरुको वास्तविक वित्तीय अवस्था समेत यथार्थ चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुन अत्यावश्यक देखिन्छ । ऋण लगानीमा देखिएको फरक विवरण तल प्रस्तुत गरिएको छ :

तालिका ९(क) : नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक

(रू. लाखमा)

क.सं. (१)	*सार्वजनिक संस्थानको नाम (२)*	*संस्थानले देखाएको रकम (३)*	*म.ले.नि.का.ले देखाएको रकम (४)*	*फरक (५)=(३)-(४)*
१	नेपाल औषधि लिमिटेड	१२,२०	१०,८५	१,३५
२	उदयपुर सिमेण्ट उद्योग लि.	१,७४,००	२,२२,५०	-४८,५०
३	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि	३४,९३	३५,७०	-७७
४	नेपाल खाद्य संस्थान	-	४२	-४२
५	दि टिम्वर कर्पोरेशन अफ नेपाल	५४८	५७८	-३०
६	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	-	१०	-१०
७	नागरिक उड्डयन प्राधिकरण	१,०२,२०	२,३२,७८	-१,३०,५८
८	नेपाल खानेपानी संस्थान	४४,९६	३,७४,८५	-३,२९,८९
९	नेपाल विद्युत प्राधिकरण	५१,६३,५७	५४,६१,५९	-२,९८,०२
१०	नेपाल दूर सञ्चार कम्पनी लि.	-	१०,४३	-१०,४३
११	कृषि विकास बैंक लि.	-	४०,१८	-४०,१८
१२	नेपाल औद्योगिक विकास निगम लि.	-	६५	-६५
	जम्मा :	**५५,३७,३४**	**६३,९५,८३**	**-८,५८,४९**

तालिका ९(ख) : नेपाल सरकारको सेयर लगानीमा देखिएको फरक

(रू. लाखमा)

क.सं. (१)	*सार्वजनिक संस्थानको नाम (२)*	*संस्थानले देखाएको रकम (३)*	*म.ले.नि.का.ले देखाएको रकम (४)*	*फरक (५)=(३)-(४)*
१	जडिवुटी उत्पादन तथा प्रशोधन कं. लि.	२,७५	३,९७	-१,२२
२	कृषि सामग्री कंपनी लि.	४१,५९	४१,३६	२३
३	राष्ट्रिय बीउ बिजन कम्पनी लि.	११,८५	११,०१	८४
४	नेपाल खाद्य संस्थान	९९,०५	९९,९३	-८८
५	नेपाल आयल निगम लि.	९,५१	२९,०८	-१९,९७
६	नेपाल नागरिक उड्डयन प्राधिकरण	१०,९२,१३	१४,७१,६६	-३,७९,५३
७	ग्रामीण आवास कम्पनी लि.	२,३३	२,७३	-४०
८	नेपाल खानेपानी संस्थान	४७,०१	१,४०,७७	-९३,७६

क्र.सं. (१)	सार्वजनिक संस्थानको नाम (२)	संस्थानले देखाएको रकम (३)	म.ले.नि.का.ले देखाएको रकम (४)	फरक (५)=(३)-(४)
९	नेपाल विद्युत प्राधिकरण	२८,६१,००	२९,०८,६६	-४७,६६
१०	नेपाल दूर सञ्चार कम्पनी लि.	१३,७२,००	१४,९९,५०	-१,२७,५०
११	कृषि विकास बैंक लि.	१०,३२,५०	१०,३६,१८	-३,६८
१२	नेपाल औद्योगिक विकास निगम लि.	४१,२७	३४,९२	६,३५
१३	नागरिक लगानी कोष	६०	४०	२०
	जम्मा :	**६६,१३,५९**	**७२,८०,१७**	**-६,६६,५८**

कर्मचारी/कामदारको अवस्था

९.२५ सरकारको पूर्ण/अधिकांश स्वामित्व रहेका यी ३६ वटा सार्वजनिक संस्थानहरुमा आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा ३४ हजार १ सय ७० जना कर्मचारी/कामदारहरु कार्यरत रहेकोमा चालू आर्थिक वर्ष २०६५/६६ मा ३६ हजार ४ सय ५७ जना र आगामी आर्थिक वर्ष २०६६/६७ मा सो सङ्ख्या ३७ हजार ४ सय ५० पुग्ने अनुमान गरिएको छ। संस्थानहरुमा अनावश्यक जनशक्तिको चाप अझै छ। उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीका कर्मचारी/कामदार सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सरकारी संस्थानहरुमा कार्यरत कर्मचारीहरुको सङ्ख्या अनुरुप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण हुन सकिरहेको छैन। यसले गर्दा संस्थानहरुको शिरोभार खर्चमा बृद्धि भई वित्तीय भार बढिरहेको छ र कार्यरत कर्मचारी/कामदारहरुको कम उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर गइरहेको छ। एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार /कर्मचारीहरुमा प्रतिस्पर्धी भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ कामदार कर्मचारीहरु बढी सुविधामुखी भइरहेका छन्। व्यावसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न वाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरु गुज्रीरहेकाछन्। यी विभिन्न कमी कमजोरीहरुको वावजुद पनि केही संस्थानहरुले अत्यावश्यक वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरण प्रभावकारी रुपमा गर्दै आएका छन्।

कोषमा व्यवस्था नगरिएको दायित्व

९.२६ धेरैजसो सार्वजनिक संस्थानहरुले कर्मचारीलाई दिनुपर्ने उपदान, विदाको रकम जस्ता दायित्व पुर्णरुपमा कोषमा व्यवस्था नगरेका तथा संभावित दायित्व समेत ठूलो परिमाणमा रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ सम्ममा यसरी कोषमा व्यवस्था नगरिएको रकम रू. ४ अर्ब ९६ करोड तथा सम्भावित दायित्व रकम रू. १६ अर्ब ३६ करोड सिर्जना भएको छ। संस्थानले कोष व्यवस्था नगरेको तथा विद्यमान रहेको संभावित दायित्व निम्नानुसार रहेको छ :

तालिका ९ (ग) : संस्थानले कोष व्यवस्था नगरेको तथा सम्भावित दायित्व

रू. लाखमा

क्र.सं.	सार्वजनिक संस्थानको नाम	कोष व्यवस्था नभएको	सम्भावित दायित्व	जम्मा
१	दुग्ध विकास संस्थान	२८,१४	०	२८,१४
२	जडीबूटी उत्पादन तथा प्रशोधन केन्द्र लि.	१२,०८	१५	१२,२३
३	हेटौडा सिमेन्ट उद्योग लि.	०	०	०
४	जनकपुर चुरोट कारखाना लि.	६४,९९		६४,९९
५	नेपाल औषधि लि.	८,८१		८,८१
६	उदयपुर सिमेन्ट उद्योग लि.	७,००		७,००
७	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	३२,००	०	३२,००
८	कृषि सामग्री कम्पनी लिमिटेड	१६,४७	१५.००	१६,६२
९	राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड			०
१०	नेसनल ट्रेडिङ्ग लिमिटेड	१०,३८	३७,०३	४७,४१
११	नेपाल खाद्य संस्थान	२९,६०		२९,६०
१२	नेपाल आयल निगम लि.	०	०	०
१३	दि टिम्बर कर्पोरेसन अफ नेपाल लि.	७,३४.३५	०	७,३४.३५
१४	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	१,३२		१,३२
१५	नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	२,००		२,००
१६	नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.	१,२८		१,२८
१७	नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	०	०	०
१८	नेपाल वायुसेवा निगम	३४,७१.२०	०	३४,७१.२
१९	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.	०	०	०
२०	नागरिक उड्डयन प्राधिकरण		९४,९६.२०	९४,९६.२
२१	सांस्कृतिक संस्थान	७७	०	७७
२२	गोरखापत्र संस्थान	०	०	०
२३	जनक शिक्षा सामग्री केन्द्र लि.	१०,७०	९५	११,६५
२४	नेपाल टेलिभिजन	८,४२		८,४२
२५	ग्रामीण आवास कम्पनी लि.	९०.१६		९०.१६
२६	नेपाल खानेपानी संस्थान	२३,४५	०	२३,४५
२७	नेपाल विद्युत प्राधिकरण	३१,५१.२७	१०,२१,०४	१०,५२,५५
२८	नेपाल दूर सञ्चार कम्पनी लि.	१६,३७०	३२	१,६४,०२
२९	कृषि विकास बैंक लि.	०	२,१९,८१	२,१९,८१

क्र.सं.	सार्वजनिक संस्थानको नाम	कोष व्यवस्था नभएको	सम्भावित दायित्व	जम्मा
३०	राष्ट्रिय बीमा संस्थान	०	०	०
३१	नेपाल औद्योगिक विकास निगम लि.	०	०	०
३२	राष्ट्रिय वाणिज्य बैंक लि.		२,६१,९७	२,६१,९७
३३	निक्षेप तथा कर्जा सुरक्षण निगम लि.			०
३४	नेपाल आवास विकास वित्त कम्पनी लि.			०
३५	नेपाल स्टक एक्सचेन्ज लिमिटेड	०	०	०
३६	नागरिक लगानी कोष	०	०	०
	जम्मा	४,९५,५८	१६,३६,३८	२१,३१,९६

सरकारी संस्थानहरुको विनिवेश, खारेजी र विघटन

९.२७ सरकारी संस्थानहरुको दक्षता बृद्धि गरी उत्पादकत्व बढाउन, सरकारलाई परेको प्रशासनिक तथा वित्तीय भार कम गर्न र निजी क्षेत्रको सहभागिता बृद्धि गर्नुका साथै प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउने समेत उद्देश्य राखी वि.स. २०५० देखि सरकारी स्वामित्वमा रहेका संस्थानहरुको निजीकरण, खारेजी र विघटन प्रक्रिया अघि बढाइएको हो । त्यस समय देखि आर्थिक वर्ष २०६५/६६ सम्ममा ३० वटा सार्वजनिक संस्थानहरुको व्यवसाय तथा सम्पत्ति विक्री, आंशिक सेयर विक्री, चालू सम्पत्ति विक्री तथा भवन र जग्गा भाडा, व्यवस्थापन करार, खारेजी तथा विघटन जस्ता Modality अपनाई विनिवेश गरिएको छ, जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ९(घ) : विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू

क्र.सं	संस्थान/प्रतिष्ठानको नाम	विनिवेश वा खारेज भएको वर्ष (इ.सं.)	निजीकरण प्रक्रिया	सेयर बिक्री (प्रतिशत)	विनिवेशवाट प्राप्त रकम (रू. हजारमा)
१	भृकुटी कागज कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री	-	२२,९८,००
२	हरिसिद्धि ईटा टायल कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री	-	२१,४८,३०
३	बाँसबारी छाला जुत्ता कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री जग्गा वाहेक)	-	२,९८,५४
४	चलचित्र विकास कम्पनी	१९९३	सेयर बिक्री	५१.०	६,४६,६२
५	बालाजु कपडा उद्योग	१९९३	सेयर बिक्री	७०.०	१,७७,१६
६.	काँचो छाला संकलन तथा बिक्री केन्द्र	१९९३	सेयर बिक्री	१००.०	३९,९०
७	नेपाल विटुमिन तथा व्यारेल उद्योग	१९९४	सेयर बिक्री	६५.०	१,३१,२७
८	नेपाल ल्यूब आयल	१९९४	सेयर बिक्री	४०.०	३,१०,५७

क्र.सं	संस्थान/प्रतिष्ठानको नाम	विनिवेश वा खारेज भएको वर्ष (इ.सं.)	निजीकरण प्रक्रिया	सेयर बिक्री (प्रतिशत)	विनिवेशवाट प्राप्त रकम (रू. हजारमा)
९	नेपाल जुट विकास तथा व्यापार कम्पनी	१९९३	खारेजी	–	–
१०	सूर्ति विकास कम्पनी	१९९४	खारेजी	–	–
११	नेपाल ढलौट कारखाना	१९९६	सेयर बिक्री	५१.०	१,४४,७३
१२	रघुपति जुट मिल	१९९६	सेयर बिक्री	६५.०	८,२२,०४
१३	नेपाल बैंक लि.	१९९७	सेयर बिक्री	१०.०	१२,५१,४०
१४	कृषि आयोजना सेवा केन्द्र	२००१	खारेजी	–	–
१५	नेपाल चिया विकास निगम	२०००	सेयर बिक्री	६५.०	२६,७१,०५
१६	विराटनगर जुट मिल *	२००२	व्यवस्थापन करार	–	–
१७	हिमाल सिमेण्ट उद्योग लि.**	२००२	खारेजी	–	–
१८	घरेलु शिल्पकला बिक्री भण्डार	२००२	खारेजी	–	–
१९	नेपाल कोल लि.	२००२	खारेजी	–	–
२०	हेटौंडा कपडा उद्योग	२००२	खारेजी	–	–
२१	नेपाल यातयात संस्थान	२००२	विघटन	–	–
२२	बुटवल पावर कम्पनी	२००३	शेयर बिक्री	७५.०	८७,४२,०० र १० लाख अमेरिकी डलर
२३	वीरगञ्ज चिनी कारखाना लि.	२००३	खारेजी	–	–
२४	कृषि औजार कारखाना लि.	२००३	खारेजी	–	–
२५	भक्तपुर ईंटा कारखाना लि.	२००४	सम्पत्ति बिक्री र भाडा	–	१,४५,०० (सम्पत्ति बिक्री ३,१९,०० (१० वर्षको भाडा
२६	लुम्बिनी चिनी कारखाना	२००६	सम्पत्ति बिक्री र भाडा	–	७,८६,०० (सम्पत्ति बिक्री) ४२,१२ (प्रति वर्ष भाडा)
२७	नेपाल रोजिन एण्ड टर्पेण्टाइन लिं	२००६	सम्पत्ति बिक्री र भाडा	–	११,०१,०० (सम्पत्ति बिक्री ३०,१२ (प्रति वर्ष भाडा)
२८	कृषि चुन उद्योग लि.	२००६	खारेजी		
२९	नेपाल ड्रिलिङ्ग कम्पनी	२००६	खारेजी		
३०	नेपाल दूरसंचार कंपनी लि.	२००८	सेयर बिक्री	८.५३	४,२६,४१,३९

* विगतमा व्यवस्थापन करारमा दिइएको भएतापनि सो वमोजिम सञ्चालन हुन नसकेपछि हाल सरकारले सञ्चालन गरिआएको ।

** अदालतको फैसला वमोजिम खारेजी बदर भएकोले पुनः प्रक्रिया पुऱ्याई खारेजीमा लैजाने क्रममा रहेको ।

९.२८ निजीकरण गरिएका संस्थानहरुको निजीकरण पछिको अवस्था सम्वन्धमा अनुगमन हुन सकेको छैन । केही संस्थानहरु निजीकरण पछि बन्द भएका र सञ्चालनमा रहेकाहरुमा पनि लगानी, उत्पादन र उत्पादकत्वमा बृद्धि हुन नसकेको र ठूलो संख्यामा रोजगारीमा कटौती भएको देखिन्छ । यसै क्रममा सरकारी स्वामित्वमा रहेका तथा निजीकरण भएका सार्वजनिक संस्थानहरुको वास्तविक स्थिति बारे अध्ययन गरी समसामयिक रुपमा सुधार गर्न एक कार्यदल गठन गरिएकोमा सो कार्यदलले निजीकरणमा रहेका समस्या तथा सुझाव समेत दिएको छ । आर्थिक बर्ष २०६५/६६ मा कुनै पनि सार्वजनिक संस्थानको निजीकरण प्रक्रिया अगाडि बढेको छैन । निजीकरण भइसकेका संस्थानहरुमध्ये भक्तपुर ईटा कारखाना लिमिटेडको लिक्विडेसन कार्य समाप्त भई

कम्पनी रजिष्ट्रारको कार्यालयबाट खारेज भएको छ। कृषि चून उद्योग लिमिटेडको लिक्विडेसन कार्य अन्तिम चरणमा पुगेको छ। करिव १५ वर्ष अघि सुरु भएको निजीकरणको अनुभववाट निजीकरण कार्यक्रम कार्यान्वयनमा मूलभूत रुपमा चुनौतिहरु देखिएकाछन्।

निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्याहरू

९.२९ विक्री भएको सम्पत्तिको लिनु दिनु पर्ने मूल्य निजीकरण गरिएका केही सार्वजनिक संस्थानहरुको निजीकरण गर्ने सिलसिलामा तयार पारिएको विवरण (Information Memorandum) मा उल्लेख भएको सम्पत्तिको परिमाण, गुणस्तर र अवस्थाको बारेमा सम्झौता पश्चात् भौतिक परीक्षण (Physical Verification) गर्दा नेपाल सरकारको तर्फबाट नियुक्त मूल्यांकनकर्ता र सम्बन्धित खरीदकर्ताको मूल्यांकनकर्ताले गरेको मूल्याङ्कनमा ठूलो अन्तर भई खरीदकर्ता र सरकारबीच विवाद सिर्जना भई निजीकरण सम्बन्धी कार्य टुङ्गोमा पुऱ्याउन व्यवधान पर्ने गरेको छ। बालाजु कपडा उद्योग, रघुपति जुट मिल, भक्तपुर ईटा कारखाना, नेपाल रोजिन एण्ड टर्पेन्नटाइन आदिमा अझैपनि यो समस्या रहेको छ। त्यस्तै, निजीकरणको सिलसिलामा भाडा (Lease) मा दिइएका जग्गाहरु अतिक्रमण भएको कारणबाट खरीदकर्ताले उपयोगमा ल्याउन नसकेको अवस्थाले पनि निजीकरण टुङ्गोमा पुऱ्याउन सकिएको छैन। रघुपति जुट मिल, नेपाल चिया विकास निगममा यस सम्बन्धी ठूलो समस्या रहेको छ। यसवाहेक, निजीकरण गरिएका केही सार्वजनिक प्रतिष्ठानका खरीदकर्ताहरुले सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई मुद्दामा गएका छन्। यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम असूल गर्न कठिनाइ भएको र निजीकरण प्रक्रिया फरफारक गर्न नसकिएको अवस्था छ। हरिसिद्धि ईटा टायल कारखाना, भृकुटी कागज कारखाना, कृषि औजार कारखाना र भक्तपुर ईटा कारखानामा यस्तो समस्या रहेको छ।

९.३० विघटित तथा खारेज गरिएका सार्वजनिक संस्थानहरुको सम्पत्ति विक्री गर्न सकिएको छैन। हेटौंडा कपडा उद्योग खारेज गरेको ६ वर्ष भइसक्दा पनि यस्तो सम्पत्ति विक्री हुन सकेन। मेसिनरीहरु धेरै पुराना (Obsolete) भएको कारणबाट पनि यस्तो हुन गएको हो। नेपाल ड्रिलिङ्ग कम्पनी, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखानामा पनि यस्तो अवस्था रहेको छ। साथै, जुन उद्देश्यका साथ सार्वजनिक संस्थानहरु निजीकरण गरिएको हो सो उद्देश्य प्राप्त हुन सके नसकेको सम्बन्धमा अनुगमन गर्न नसकिएको कारण वास्तविक अवस्था बारे उल्लेख गर्न सकिने अवस्था नरहेकोले निजीकृत संस्थानहरुको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्नु आवश्यक देखिएको छ। निजीकरण कार्य सम्पन्न गर्न सरकारले ठूलो आर्थिक दायित्व व्यहोर्नु परेको छ। खारेज, विघटन वा विनिवेश कार्य सम्पन्न भई नसकेका संस्थानहरुको लागि अझै ठूलो आर्थिक भार सरकारले बहन गर्नुपर्ने अवस्था रहेको छ। सामान्यतया सार्वजनिक संस्थानहरुको दायित्व संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थानको दायित्व लगानी गरिएको सेयरमा मात्र सीमित हुनु पर्नेमा Minority Share रहेका विराटनगर जुट मिल जस्ता संस्थानहरुमा

समेत नेपाल सरकारले निरन्तर ठूलो लगानी गरी रहन परेको जस्तो अवस्थाको अन्त्य हुनु जरुरी छ। पछिल्लो चरणमा विनिवेश एवं खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरुको दायित्व फरफारक गर्नको लागि निम्न वमोजिम दायित्व नेपाल सरकारले व्यहोरेको छ।

तालिका ९ (ङ) : विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरुमा दायित्व भुक्तानी गर्न नेपाल सरकारबाट गरेको लगानी विवरण

(रू. लाखमा)

क.सं.	*संस्थानको नाम*	*२०६४/६५ सम्मको*	*२०६५/६६ को*	*जम्मा*
१	हिमाल सिमेण्ट कम्पनी	३७,००.००	६,०२.००	४३,०२.००
२	भक्तपुर ईटा कारखाना	२०,६२.३१	-	२०,६२.३१
३	वीरगञ्ज चिनी कारखाना	७०,६७.२४	२७.१६	७०,९४.४०
४	कृषि औजार कारखाना	५,२९.७६	१५.००	५,४४.७६
५	नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.	१८,०८.१२	-	१८,०८.१२
६	लुम्बिनी चिनी कारखाना	५०,८९.६७	-	५०,८९.६७
७	कृषि चुन उद्योग लि.	८,१५.९५	९.९१	८,२५.८६
८	नेपाल कोल लि.	८३.९१	-	८३.९१
९	नेपाल यातायात संस्थान	३६,१६.८५	१३,६०.६८	४९,७७.५३
१०	हेटौंडा कपडा उद्योग	५३,६०.३५	-	५३,६०.३५
११	घरेलु शिल्पकला विक्री भण्डार	८,१०.३३	-	८,१०.३३
१२	नेपाल चिया विकास निगम	११,८६.७१	३.३१	११,९०.०२
१३	विराटनगर जुट मिल	४५,१४.०९	-	४५,१४.०९
	जम्मा	**३,६६,४५.२९**	**२०,१८.०६**	**३,८६,६३.३५**

स्रोत : अर्थमन्त्रालय।

मञ्जुषा ९ (ग) : विराटनगर जुट मिल लि. को समीक्षा

सार्वजनिक-निजी साझेदारीको रुपमा कम्पनी ऐन, १९९३ अन्तर्गत वि.सं. १९९३ मा दर्ता भई वि.सं. १९९६ देखि यो जुट मिल सञ्चालनमा आएको हो। त्यसबेला मुलुकको औद्योगीकीकरण, निकासी व्यापार, विदेशी मुद्रा आर्जनमा यस उद्योगको अहम् भूमिका रहेको थियो। नेपालमा औद्योगीकीकरणको प्रारम्भमा यसले अर्थतन्त्रमा ठूलै योगदान पुऱ्याएको थियो। स्वदेशी कच्चा पदार्थ सनपाट (Jute) मा आधारित यस उद्योगले मोरंग, सुनसरी र झापाका जुट किसानहरुको जीवन उकास्न मद्दत पुऱ्याएको थियो। रोजगारी प्रवर्द्धनमा यसको राम्रै योगदान थियो। स्थापना काल देखि झण्डै ५ दशकसम्म यो उद्योग राम्रोसंग सञ्चालन भएको थियो। सुरुमा यस उद्योगमा सरकारको सेयर लगानी १६ प्रतिशत र निजीक्षेत्रको सेयर लगानी ८४ प्रतिशत थियो। वि.सं. २०२६/२७ सालतिर सरकारी नियन्त्रण

सुरू भयो । वि.सं. २०५२ सालमा निजी क्षेत्रको सेयर खरीद गरी सरकारी सेयरको मात्रा ४६.५ प्रतिशत पुऱ्याइयो । यसपछि निजीक्षेत्र पछि हट्दै गयो भने व्यवस्थापन, कामदार कर्मचारी भर्ना नियुक्ति आदिमा सरकारी नियन्त्रण बढ्न पुग्यो । सरकार माथिको आश्रय बढ्दै गयो । यसरी उद्योग ओरालोतिर लाग्न सुरू भयो । वि.सं. २०५१ साल यता यस उद्योगमा अध्यक्ष/कार्यकारी प्रमुख १५ जना नियुक्त भएका मध्ये १० जना राजनीतिक नियुक्ति पाएका थिए । सरकारले यस उद्योगलाई कहिले व्यवस्थापन करार (Management Contract), कहिले दीर्घकालीन ठेक्का (Long term Lease), कहिले राजनीतिक नियुक्ति गरी सोझै सञ्चालन (Direct Operation) आदि अनेक परीक्षणका उपायहरु (Modality) अबलम्बन गऱ्यो । धेरै पुँजी लगानी गरे पनि विराटनगर जुट मिल नाफामूलक ढंगले सञ्चालन हुन सकेन । कारखानामा हाल कामदार कर्मचारी संख्या १ हजार ५ सय ३५ रहेका छन्, जसमध्ये १ हजार २ स्थायी तथा ३६ अस्थायी मजदुर/कामदार, १ सय १२ जना व्यवस्थापकीय कर्मचारी र ३ सय ८५ एक्सचेन्ज वर्कर (Exchange Worker) को रुपमा मासिक ज्यालादारीको रुपमा रहेका छन् । मजदुर/कामदार/कर्मचारीहरुलाई सीप विकास, कारखानाको प्रविधिमा आधुनिकीकरण, उत्पादन हुने मालवस्तु (Products) को विविधीकरण, उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु विरलै भयो । जर्ति चुहन, नोक्सान आदिमा नियन्त्रण गर्न नसकेको कारणले यस उद्योगमा १४ प्रतिशत सामान नोक्सान हुन्छ जवकि निजी क्षेत्रका यस्तै उद्योगहरुको नोक्सान ३ प्रतिशत को हाराहारीमा रहेको छ । वार्षिक १ लाख २० हजार मे.टन उत्पादन क्षमता रहेता पनि १ लाख ४० हजार मे.टन सम्म उत्पादन गरेको यस उद्योगले पछिल्लो समयमा आएर बार्षिक उत्पादन १७ हजार मे. टनमा सीमित भएको थियो । उद्योग घाटामा गएता पनि, बन्द भएता पनि, रुग्ण अवस्थामा रहेता पनि संचालक समितिका सदस्यहरुको, व्यवस्थापन तथा मजदुर/कर्मचारीहरुको सहुलियत सुविधामा कुनै कमी आएको छैन । "ऋणं कृत्वा घृतं पिवेत्" भन्ने उखान यस उद्योगको सन्दर्भमा चरितार्थ हुन्छ । विराटनगरको मुटुमा यस उद्योगको ६७ विघा जमीन छ । कारखाना, गोदाम आदिले ५ लाख ६४ हजार बर्ग फिट ओगटेको छ । झापा जिल्लाको दमक नगरपालिकामा ७.५ कट्ठा जमीन बाँझै छ । आर्थिक वर्ष २०६२/६३ को वित्तीय विवरण अनुसार मिलको स्थिर सम्पत्ति रू. ४३ लाख तथा लगानी रू. २. लाख रहेको छ भने खुद चालू सम्पत्ति रू. ८० करोड ७४ लाख ऋणात्मक रहेको छ । छोटो अवधिको कर्जा रू. ६९ करोड ९८ लाखलाई चालू दायित्वमा समावेश गरिएकोले खुद चालू सम्पत्ति ठूलो परिमाणमा ऋणात्मक देखिन पुगेको हो । Him Gona Consultants को मूल्यांकन प्रतिवेदनबाट स्थिर सम्पत्तिको वर्तमान मुल्य रू. १०२ करोडसम्म पर्न सक्ने अनुमान छ । विराटनगर जुट मिल लि.को आर्थिक वर्ष २०६२/६३ सम्मको अपरिष्कृत वित्तीय विवरण हेर्दा नेटवर्थ रू. १३५ करोड ५९ लाख ऋणात्मक रहेको छ, जसमध्ये सेयर पुँजी रू. १ करोड ७ लाख, जगेडा कोष रू. ३७ लाख र संचित नोक्सान रू. १३७ करोड ४ लाख रहेको छ । स्थिर सम्पत्ति पुनर्मूल्याङ्कन गरी कर्मचारी दायित्व रू.

४० करोडको व्यवस्था गर्दा नेटवर्थ रू. ८१ करोडले ऋणात्मक रहन सक्ने देखिन्छ। विभिन्न बैंकहरुको ऋण तथा विभिन्न प्रकारका सरकारी ऋण गरी कुल ऋण रकम रू. १४३ करोड भन्दा बढी रहेको छ। यसमा व्याज शुल्क जरिवाना आदि समावेश भएको छैन। निवृत्त कर्मचारीहरुको रू. ९० लाख, उपदान, संचयकोष, विरामी विदा आदि गरी रू. २५ करोड भन्दा बढी रकम भुक्तानी हुन बाँकी छ। यसरी अन्य समेत गर्दा रू. ४० करोड भन्दा बढी दायित्व बाँकी छ। कामदार/कर्मचारीहरुको मासिक दायित्व रू. ७५ लाखले बृद्धि हुँदै गएको छ। यसको परिणाम राष्ट्रलाई दैनिक रू. २ लाख ५० हजार थप व्ययभार बढ्दै छ। हाल उद्योगको कुल दायित्व रू. १५६ करोड १९ लाख भन्दा वढी छ। अब आएर "मेरो उद्योग हाम्रो कारखाना" भन्ने भावना भएका स्वामी/मजदुर/कामदार/कर्मचारीहरुको अभाव सिर्जना भएको छ। उद्योग उद्योगको रुपमा नरही राजनीतिको थलोको रुपमा परिणत भएको छ। त्यसैले, उद्योग मन्त्रालयले कामदार कर्मचारीहरुलाई पे-अफ (Pay-off) गरी कारखाना बन्द गर्ने टुंगोमा पुगेको छ।

१०. ऊर्जा तथा वन

ऊर्जा

१०.१ ऊर्जाको खपत आर्थिक वर्ष २०६४/६५ मा आर्थिक वर्ष २०६३/६४ को तुलनामा २.३ प्रतिशतले वृद्धि भई ९ हजार १ सय ४६ टन तेल शक्ति बराबर रहेको थियो । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा यो खपत ९ हजार ३ सय ४४ टन तेल शक्ति बराबर रहेको छ ।

१०.२ आर्थिक वर्ष २०६४/६५ मा परम्परागत, व्यापारिक एवम् नवीकरणीय ऊर्जा खपत अनुपात क्रमशः ८७.८ प्रतिशत, ११.५ प्रतिशत र ०.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा यी अनुपात क्रमशः ८७.८ प्रतिशत, ११.५ प्रतिशत र ०.७ प्रतिशत रहेका छन् । यसबाट परम्परागत ऊर्जा माथिको नेपाली अर्थतन्त्रको उच्च निर्भरता यथावत कायम रहेको पुष्टि हुन्छ ।

१०.३ आर्थिक वर्ष २०६४/६५ मा परम्परागत ऊर्जाको खपतमध्ये दाउराबाट ८९.२ प्रतिशत, कृषिजन्य अवशेषबाट ४.२ प्रतिशत र पशुजन्य अवशेषबाट ६.६ प्रतिशत खपत रहेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा सो अनुपात क्रमशः ८९.२ प्रतिशत, ४.२ प्रतिशत र ६.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक ऊर्जाको खपतमध्ये पेट्रोलियम पदार्थको ६४.२ प्रतिशत, कोइलाको १७.५ प्रतिशत र विद्युत्को १८.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा ऊर्जा खपत अनुपात पेट्रोलियमको ६३.७ प्रतिशत र कोइला तथा विद्युत्को खपत क्रमशः १७.५ प्रतिशत र १८.८ प्रतिशत रहेको छ ।

विद्युत्

१०.४ आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा देशभरमा विभिन्न आयोजनाहरूबाट जम्मा ६ सय ५० मेगावाट विद्युत् उत्पादन गर्न सकिएको छ । उत्पादित जलविद्युत् मध्ये ६ सय ४५ मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिएको छ भने बाँकी राष्ट्रिय ग्रीडमा आवद्ध नभएका साना जलविद्युत् केन्द्रहरूबाट उत्पादित विद्युत्ले स्थानीयस्तरमा विद्युत् सेवा पुऱ्याएका छन् । त्यसैगरी, तापीय विद्युत् केन्द्रहरूबाट कुल ५३.४१ मेगावाट र सौर्यशक्ति केन्द्रहरूबाट उत्पादन भएको १ सय किलोवाटसमेत कुल विद्युत् उत्पादन ७ सय ३ मेगावाट पुगेको छ ।

१०.५ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको अवधिसम्म जर्मन सरकारको सहयोगमा लमजुङ्ग जिल्लामा मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना (७० मेगावाट) को निर्माण कार्य सम्पन्न भई व्यावसायिक उत्पादनसमेत भई राष्ट्रिय प्रसारण लाइनमा जोडिसकिएको छ भने सुदूरपश्चिमको दार्चुला जिल्लामा चमेलिया जलविद्युत् आयोजना (३० मेगावाट) र मकवानपुर जिल्लामा कुलेखानी तेस्रो जलविद्युत् आयोजना (१४

मेगावाट) को निर्माण कार्य सुरू भइसकेको छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई अगाडि बढाउन स्वदेशी लगानी जुटाउने कार्य सम्पन्न भई आयोजनालाई कम्पनीको रूपमा परिणत गरिसकिएको छ र प्रवेश मंसीरलगायत अन्य निर्माण कार्यहरू सुरू भइसकेको छ। सौर्य शक्तिबाट मात्र विद्युत् उपलब्ध भइरहेको हुम्ला र मुगुमा भरपर्दो विद्युत् सेवा पुऱ्याउन क्रमशः ५ सय र ४ सय किलोवाट क्षमताको हेल्दुङ्ग र गमगाड साना जलविद्युत् आयोजनाहरूको निर्माण चालू रहेकोमा हेल्दुङ साना जलविद्युत् आयोजनाको निर्माण कार्यसमेत सम्पन्न भइसकेको छ।

१०.६ गत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६५/६६ मा विद्युत् उत्पादनमा पनि निजीक्षेत्रको उत्साह सन्तोषजनक देखिएको छ। निजीक्षेत्रबाट निर्माण भइरहेका विद्युत् आयोजनाहरू क्रमिकरूपमा सम्पन्न भई सञ्चालनमा आउन थालेका छन्। यसै क्रममा, यस आर्थिक वर्षमा पाति खोला (०.९९६ मेगावाट) र सेती दोश्रो (०.९७९) मेगावाट) जलविद्युत् आयोजनाहरूको निर्माण सम्पन्न भई यी आयोजनाहरूले उत्पादन गरिरहेका छन् भने रिडी खोला (२.४ मेगावाट), माथिल्लो हाँडी खोला (०.९९१ मेगावाट), तल्लो पिलुवाखोला (०.९९ मेगावाट) र माई खोला (२.४ मेगावाट) आयोजना यसै आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण कार्य पूरा भई उत्पादन सुरु हुनेछ। त्यस्तै, चरनावति (०.९८० मेगावाट), गोल्मागाड (०.५८० मेगावाट), भैरव कुण्ड (१.८५० मेगावाट), सिप्रीङ्ग खोला (९.६५८ मेगावाट), तल्लो मोदी प्रथम (९.९०० मेगावाट) र जिरीखोला (०.९९० मेगावाट), चाके खोला (०.९९० मेगावाट), दाप्चारोशी (५.००० मेगावाट) र माथिल्लो पुवा प्रथम (०. ९८५ मेगावाट) बाट उत्पादन हुने विद्युत् शक्तिलाई खरिद गर्ने सम्झौता भइसकेको छ।

१०.७ विद्युतीकरणको विस्तारको क्रममा आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ केभी २०४४.६६ सर्किट किलो मिटर, ६६ केभी स्तरमा ३५७.९६ सर्किट किलो मिटर, ६६ केभी अण्डरग्राउण्ड केवल ९.७ सर्किट किलो मिटर र ३३ केभी स्तरका २५५०.५ किलो मिटर लाइन चालू रहेका छन्। बढ्दो शहरीकरणले गर्दा काठमाडौं उपत्यकाको विद्युत् प्रसारण क्षमता सुदृढीकरण गर्न १ सय ३२ केभी क्षमताको "रिंगमेन" प्रसारण लाइन बनाउने सिलसिलामा एसियाली विकास बैंकको ऋण सहयोगमा थानकोट-चापागाउँ-भक्तपुर १ सय ३२ केभी प्रसारण लाइनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। विद्यमान खिम्ती जलविद्युत् केन्द्रलगायत त्यस भेगमा बन्ने नयाँ आयोजनाहरूको विद्युत् शक्ति प्रसारण गर्न खिम्ती-ढल्केवार २ सय २० केभी प्रसारण लाइन (७५ कि.मि.) को निर्माण कार्य विश्व बैंकको सहयोगमा चालू रहेको छ। ३३ केभी तर्फ इलाम-फिदिम-ताप्लेजुङ्ग (९० कि.मि.), सितलपाटी-मुसीकोट (५० कि.मि.), वुइपा-ओखलढुङ्गा (३३ कि.मि.), छिन्चु-राकम जाजरकोट (७० कि.मि.), घोराही-होलेरी (४५ कि.मि.) उदीपुर-वेशीसहर-मनाङ (९० कि.मि.), दिपायल-साँफेवगर-मान्मा जुम्ला (१५५ कि.मि.) र धनकुटा-हिले-लेगुवा भोजपुर (४० कि.मि.) प्रसारण लाइनहरू निर्माणाधीन रहेका छन्। नेपाल-भारत वीचको विद्युत् आदान-प्रदान क्षमतालाई बढाउने सैद्धान्तिक सहमति भएबमोजिम थप विद्युत् आदान-प्रदान गर्न नेपाल-भारत सीमाका ३ विन्दुमा प्रसारण लाइन बनाउने लक्ष्य रहेकोमा ४ सय

केभी क्षमताका दुहवी-जोगवनी, बुटवल-सुनौली र ढल्केवार-भित्तामोड प्रसारण लाइनहरू बनाउन आवश्यक अध्ययन एवम् तयारीका कार्यहरू भइरहेका छन् । सोमध्ये ढल्केवार-भित्तामोड प्रसारण लाइनको निर्माण कार्य आगामी आर्थिक वर्ष २०६६/६७ मा सुरु गरी आर्थिक वर्ष २०६७/६८ मा सम्पन्न गर्ने गरी कार्य अगाडि बढिरहेको छ ।

१०.८ विद्युत् वितरणतर्फ नेपाल सरकार एवम् नेपाल विद्युत् प्राधिकरणको आफ्नो स्रोतबाट विद्युत् सेवा पुगेका सबै जिल्लामा विद्युतीकरण विस्तार गर्ने कार्य जारी राखिएको छ । डेनमार्क सरकारको सहयोगमा कैलाली र कञ्चनपुर जिल्लामा पहिलो र दोस्रो चरण दुबैको विद्युतीकरणको कार्य सम्पन्न भइसकेको छ । साथै, एसियाली विकास बैंकको सहयोगमा २७ जिल्लाका थप स्थानहरूमा विद्युतीकरण गर्ने कार्य पनि सम्पन्न भइसकेको छ । विश्व बैंकको सहयोगमा भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरूका थप स्थानहरूमा विद्युतीकरण गर्ने कार्य चालू रही आगामी आर्थिक वर्ष २०६६/६७ सम्ममा समाप्त हुनेछ ।

१०.९ विद्युत् विस्तार गर्ने क्रममा जनसहभागितामा आधारित सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत समुदायमा आधारित १ सय ४९ संस्थाहरूको सहभागितामा १ लाख ३५ हजार घर परिवारहरूमा विद्युत् सेवा पुग्ने गरी विद्युतीकरणको कार्य चालू रहेको छ ।

१०.१० जलविद्युत्को सम्भाव्यता एवम् विस्तृत अध्ययनतर्फ विभिन्न कार्यहरू जारी रहेका छन् । विद्युत् शक्तिको माग आपूर्ति गर्न आवश्यक हुने अन्य सम्भाव्य आयोजनाहरूको पहिचान गर्ने कार्य जारी राखिएको छ । राष्ट्रिय विद्युत् प्रणालीमा विद्यमान माग र आपूर्तिमा मौसमी असन्तुलन हटाउन जलासययुक्त आयोजनाको कार्यान्वयन आवश्यक भएकोले हालसम्मको अध्ययनबाट आकर्षक देखिएको १२७ मेगावाट क्षमताको माथिल्लो सेती जलासययुक्त आयोजनाको विस्तृत अध्ययनका लागि श्रोत जुटाउने प्रयास भइरहेको छ । माथिल्लो त्रिशूली तेस्रो (ए) को निर्माणको लागि बोलपत्र आव्हन भइसकेको छ र माथिल्लो त्रिशूली तेस्रो (वी) को सम्भाव्यता अध्ययन चालू रहेको छ । भारतीय सहयोगमा निर्माण गर्न लागिएको राहुघाट जलविद्युत् आयोजनाको अद्यावधिक अध्ययन चालू छ । अन्य आकर्षक आयोजनामध्ये नलसियाउगाड, मादीईशानेश्वर तथा सेती-त्रिशूली जलाशययुक्त आयोजनाहरूको विस्तृत अध्ययन सुरु गरिएको छ ।

१०.११ आर्थिक वर्ष २०६४/६५ मा जलविद्युत् उत्पादन १७९८.६१ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन ९.१७ गेगावाट घण्टा, निजी क्षेत्रबाट खरिद ९६०.४७ र भारतबाट पैठारी ४१२.४१ गेगावाट घण्टा गरी कुल ३१८०.६६ गेगावाट घण्टा विद्युत् आपूर्ति भएको मध्ये २२८७.४१ गेगावाट घण्टा आन्तरिक खपत भएको र ६१.५० गेगावाट घण्टा भारत निकासी भएकोमा आर्थिक वर्ष २०६५/६६ मा कुल जलविद्युत् उत्पादन २,८२८.९३४ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन १४.५ गेगावाट घण्टा र भारतबाट पैठारी ६८४.० गेगावाट घण्टा गरी जम्मा ३,५३७.४३४ गेगावाट घण्टा विद्युत् उपलब्ध हुने अनुमान छ । उपलब्ध विद्युत्मध्ये आन्तरिक खपत २,६६६.६९८८ गेगावाट घण्टा र निकासी ५४.० गेगावाट घण्टा हुने अनुमान छ ।

१०.१२ आर्थिक वर्ष २०६४/६५ मा क्षेत्रगत हिसाबमा विद्युत् ऊर्जाको उपयोग उद्योग क्षेत्रले ३९.२ प्रतिशत, गार्हस्थ्य (household) क्षेत्रले ४०.४ प्रतिशत, व्यापारिक क्षेत्रले ६.६ प्रतिशत, गैर व्यापारिक क्षेत्रले ४.६ प्रतिशत र विविध क्षेत्रले ९.२ प्रतिशत गरेकामा आर्थिक वर्ष २०६५/६६ मा औद्योगिक क्षेत्रले ३८.१ प्रतिशत, गार्हस्थ्य (household) क्षेत्रले ४१.७ प्रतिशत, व्यापारिक क्षेत्रले ६.८ प्रतिशत, र विविध क्षेत्रले १३.४ प्रतिशत उपयोग गर्ने अनुमान गरिएको छ ।

१०.१३ विद्युत् उपयोग गर्ने ग्राहकहरूको सङ्ख्या प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ । आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा ९.१ प्रतिशतले ग्राहक सङ्ख्या वृद्धि भई १५ लाख २४ हजार ६ सय १० पुगेकोमा आर्थिक वर्ष २०६५/६६ मा १० प्रतिशतले वृद्धि भई १६ लाख ७७ हजार ग्राहक सङ्ख्या पुग्ने अनुमान छ ।



* माघ मसान्तसम्मको अनुमानित

पेट्रोलियम पदार्थ

१०.१४ आर्थिक वर्ष २०६४/६५ मा पेट्रोलियम पदार्थको खपतमा ६.९७ प्रतिशतले कमी आई ६ लाख २७ हजार ७ सय १ किलो लिटर तर एल.पी. ग्याँसको खपत भने ३.५ प्रतिशतले वृद्धि भई ९६ हजार ८ सय ३७ मेट्रिक टन भएको छ । आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थ र एल.पी. ग्याँस खपत क्रमशः ४ लाख २० हजार ४ सय १७ किलो लिटर र ६२ हजार ९ सय ६४ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थको खपतमा २.७ प्रतिशतले वृद्धि भई ४ लाख ३१ हजार ७ सय ४५ किलो लिटर र एल.पी. ग्याँसको खपतमा १६.९ प्रतिशतले वृद्धि भई ७३ हजार ६ सय १८ मेट्रिक टन पुगेको छ ।

१०.१५ पेट्रोलियम पदार्थहरूको खपतको अधिकाङ्श हिस्सा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनले ओगटेको छ । आर्थिक वर्ष २०६४/६५ मा एल.पि. ग्याँसबाहेक पेट्रोलियम

पदार्थको खपतमा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनको अंश क्रमशः ४८.२ प्रतिशत, २४.७ प्रतिशत, १६.१ प्रतिशत र १०.९ प्रतिशत रहेको देखिन्छ। चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको खपतलाई हेर्दा सो अनुपात डिजेलको ५९.८ प्रतिशत, पेट्रोलको १७.६ प्रतिशत, मट्टितेलको ११.५ प्रतिशत र हवाई इन्धनको ११.१ प्रतिशत रहेको छ।

१०.१६ नेपाल आयल निगमले पेट्रोलियम पदार्थ आयात गरी आवश्यक परिमाणमा पेट्रोलियम पदार्थको भण्डारण गरी सर्वसुलम तरिकाबाट मुलुकभर विक्री वितरण गर्ने/गराउने कार्य गर्दै आएको छ। पेट्रोलियम पदार्थको वितरण कार्यमा सरलता ल्याउनका लागि भारतीय आयल निगमको रक्सौल डिपोदेखि नेपाल आयल निगमको इन्धन डिपो अमलेखगञ्जसम्म इन्धन आयातको लागि पाइप लाइनको माध्यमबाट इन्धन आपूर्ति गर्ने कार्यका लागि गृहकार्य भइरहेको छ। त्यस्तै, भण्डारण क्षमता वृद्धि गर्न हालका डिपोहरूको क्षमता वृद्धि तथा थप डिपो निर्माण गर्ने कार्य गर्नुका साथै विगत वर्षहरूमा गठित विभिन्न किसिमका आयोग/समितिहरूले दिएका प्रतिवेदनहरूमा उल्लेख गरिएका संरचनागत सुधारका सुझावहरू कार्यान्वयन गर्न पहल भइरहेको छ।

कोइला

१०.१७ आर्थिक वर्ष २०६४/६५ मा कोइलाको खपतमा अघिल्लो आर्थिक वर्षको तुलनामा २८.१ प्रतिशतले वृद्धि भई १ सय ८५ टन तेल शक्ति बराबर भएको छ। आर्थिक वर्ष २०६४/६५ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा कोइलाको खपत १३.२ प्रतिशतले वृद्धि भई १ सय ८७ टन तेल शक्ति बराबर भएको छ।

वैकल्पिक ऊर्जा

१०.१८ नेपालमा वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिको दिगो विकास गरी ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति गर्ने, ऊर्जा प्रविधिबाट विभिन्न स-साना उद्योग तथा व्यवसायहरू सञ्चालन गरी खासगरी ग्रामीण जनताको आर्थिक-सामाजिक स्थितिमा सुधार ल्याउने, क्षेत्रीय सन्तुलन कायम गर्ने तथा वन विनासबाट ग्रामीण क्षेत्रमा देखिएको वातावरणीय समस्यालाई न्यून गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरेको हो। यी उद्देश्य परिपूर्तिका लागि वैकल्पिक ऊर्जा प्रविधिको नीति निर्माणमा नेपाल सरकारलाई आवश्यक सहयोग तथा परामर्श दिने, अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गर्ने, ऊर्जासँग सम्बन्धित विभिन्न संघ/संस्थाहरूलाई समन्वय गरी कार्यक्रम कार्यान्वयन गराउने, कार्यक्रमको गुणस्तर नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने आदि कार्यहरू वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आइरहेको छ।

१०.१९ सौर्य ऊर्जा तथा लघु जलविद्युत आयोजनाको लागि नेपाल सरकार, डेनिस तथा नर्वेजियन सरकारको अनुदानको लागि प्राप्त हुने आर्थिक स्रोतहरूलाई व्यवस्थित, सरल, छिटो छरितोरूपमा परिचालन गर्न तथा आवश्यक ऋणको लागि वैंकहरूसँग समन्वय

गरी ऋणको व्यवस्था गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत ग्रामीण ऊर्जा कोषको स्थापना गरी सञ्चालन भइरहेको छ। हाल उक्त कोषको स्थापनाले विशेष गरी ग्रामीण जनताको नयाँ तथा दिगो ऊर्जा प्रणालीहरूमा पहुँच वृद्धि भई राष्ट्रिय विद्युत प्रसारणबाट विद्युत सेवा पुग्न नसकेका ठाउँहरूमा विद्युत सेवा पुगी शिक्षा, स्वास्थ्यमा सुधार हुनुको साथै आय आर्जन तथा रोजगारीमा प्रत्यक्ष योगदान पुगी जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ। त्यस्तै, निम्न आय भएका सर्वसाधारणले समेत गोवरग्यास प्लान्टको निर्माण गर्न सकुन् भन्ने उद्देश्यअनुरूप यस केन्द्रले के. एफ. डब्लुको सहयोगमा बायोग्यास कर्जा युनिटको स्थापना गरी ऋण प्रवाह गर्दै आएको छ। साथै, नेपाल सरकारले यस केन्द्र मार्फत ग्रामीण क्षेत्रको लागि नवीकरणीय ऊर्जा प्रविधिमा अनुदानको व्यवस्था तथा त्यस्ता सामग्रीहरूको आयातमा लाग्ने भन्सार तथा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गर्दै आएकोमा यस आर्थिक वर्षदेखि शहरी सौर्य विद्युतीकरण कार्यक्रम अन्तर्गत शहरको लागि आयात गरिने सौर्य ऊर्जाको सामग्रीहरूमा पनि भन्सार तथा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गर्दै आएको छ।

१०.२० वैकल्पिक ऊर्जा केन्द्रले देशका विभिन्न जिल्लाहरूमा जहाँ वायुको चाप उच्च रहेको छ त्यस्ता ठाउँहरूको पहिचान गरी डाटा लगर जडान गरी वायुको तथ्याङ्क सङ्कलन गर्ने कार्य गर्दै आएकोमा उक्त तथ्याङ्कको आधारमा विद्युत उत्पादन गर्न र वायु ऊर्जा प्रविधिको विकास एवम् विस्तारलाई व्यवस्थित गर्न वायु ऊर्जासम्बन्धी रणनीति तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

१०.२१ नेपालमा वायोग्यास, लघु जलविद्युत, सौर्य ऊर्जा (फोटाभोल्टाईक तथा थर्मल) सुधारिएको पानीघट्ट, सुधारिएको फलामे चुलो र वायु ऊर्जा आदि नवीकरणीय ऊर्जाका विभिन्न श्रोतहरूको उपयोगको प्रशस्त सम्भावना रहेको छ। यी ऊर्जाको अधिकतम उपयोगबाट कम आय भएका जनताहरूको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन, वातावरण संरक्षण गर्न तथा दिगो विकासमा टेवा पुऱ्याउन नेपाल सरकारले वि.सं. २०५७ देखि ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जा विकासको लागि अनुदान उपलब्ध गराउदै आइरहेको छ। विकासको प्रभावलाई अझ वृद्धि गर्न, सेवालाई छिटो तथा सरलीकृत गराउन, सामाजिक रूपमा पिछडिएका एवम् ग्रामीण क्षेत्रमा वसोवास गर्दै आएका गरिब जनताको पहुँचमा वृद्धि गराउन, अनुदान व्यवस्थालाई समानुपातिक, समावेशी तथा बढी प्रभावकारी बनाउन र बढ्दो बजार मूल्य वृद्धिलाई अनुदानमा समायोजन गर्न साविकको नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान व्यवस्था २०६३ लाई समायानुकुल परिमार्जन गरी नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान व्यवस्था २०६५ को व्यवस्थित कार्यान्वयनको लागि अनुदान कार्यविधि स्वीकृतिको लागि कार्य अगाडि बढाइएको छ।

१०.२२ नेपालमा वैकल्पिक तथा ग्रामीण ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विकासको लागि समष्टिगतरूपमा राष्ट्रिय नीति नभएको परिप्रेक्ष्यमा हाल ग्रामीण ऊर्जाको समुचित विकास तथा विस्तार गरी यसबाट गरिवी निवारण गर्न टेवा पुऱ्याउनको लागि ग्रामीण ऊर्जा नीति २०६३ कार्यान्वयनमा रहेको छ। सो नीतिअनुसार गतवर्षसम्म २५

जिल्लामा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) र विश्व बैंक (World Bank) को आर्थिक सहयोगमा ग्रामीण ऊर्जा विकास कार्यक्रम अन्तर्गत जिल्ला विकास समिति, ग्रामीण ऊर्जा विकास शाखाको रूपमा रहेकोमा सो कार्यक्रमलाई ४० जिल्लामा विस्तार गरी ऊर्जा तथा वातावरण शाखामा रूपान्तरण गरिएको छ भने ३२ जिल्लामा UNDP को आर्थिक सहयोगमा जिल्ला विकास समिति अन्तर्गत जिल्ला ऊर्जा तथा वातावरण एकाईको स्थापना गरिएको छ ।

तालिका १०(क) : नेपालमा वैकल्पिक ऊर्जा/गोवर ग्याँसको अवस्था

क.स.	क्रियाकलापको विवरण	आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको प्रगति
१.	सोलार ड्रायर/कुकर वितरण (सङ्ख्यामा)	१७८
२.	गोवरग्याँस प्लान्ट जडान (सङ्ख्यामा)	१,३१९
३.	सुधारिएको चुलो जडान (सङ्ख्यामा)	९,८६३
४.	घरेलु सौर्य ऊर्जा विद्युत् प्रणाली जडान (सङ्ख्यामा)	३९,४८०
५.	सुधारिएको पानी घट्ट जडान (सङ्ख्यामा)	६७३
६.	लघु जलविद्युत् उत्पादन (किलोवाट)	२,७२१

१०.२३ हाल वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति नियमावली २०५४ अनुसार केन्द्रका क्रियाकलापहरू सञ्चालन, प्रवर्द्धन तथा विस्तार भइरहेको परिप्रेक्षमा सो नियमावलीलाई बदलिदो समय सापेक्ष बनाउन आवश्यक परिमार्जन तथा सुधार गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०६४ र आर्थिक नियमावली २०६४ छुट्टा छुट्टै तयार गरी स्वीकृति प्रक्रियालाई अगाडि बढाइएको छ ।

वन

१०.२४ वैज्ञानिक व्यवस्थापनबाट वन, वनस्पति, जलाधार र जैविक विविधता संरक्षण गरी सन्तुलित वातावरण कायम राख्नुको साथै संरक्षित क्षेत्रहरूको वन पैदावारको आपूर्तिमा दिगोपन, सामाजिक सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवम् सुशासन कायम गरी विपन्न तथा निमुखा जनसमुदायहरूको पहुँच र अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको सामाजिक एवम् आर्थिक उन्नति, वनजन्य उत्पादनमा आधारित उद्योग एवम् व्यवसाय प्रवर्द्धनमा बढावा दिई रोजगारीका अवसरहरू सृजना गर्दै आन्तरिक बजारको विकास एवम् निर्यात प्रवर्द्धन गर्न पिछडिएका वर्ग, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित, अपाङ्ग एवम् अन्य पछाडि परेका वर्गको आय वृद्धि गर्दै वन पैदावारको न्यायोचित वितरण प्रणालीबाट गरिवी न्यूनीकरणमा योगदान गर्दै समतामूलक विकासमा सघाउ पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकारले वन व्यवस्थापन गर्ने नीति लिएको छ ।

मञ्जुषा १०(क) : वन स्रोत तथ्याङ्क	
वन क्षेत्र	४२.७ लाख हेक्टर (२९ प्रतिशत)
बुट्यान क्षेत्र	१५.६ लाख हेक्टर (१०.६ प्रतिशत)
कुल स्टेम आयतन	३८ करोड ८० लाख क्यूविक मिटर
कुल स्टेम आयतन मध्ये साल प्रजाति	२८ प्रतिशत
कुल बायोमास	४,२९० लाख टन
औसत स्टेम आयतन	१७८ क्यूविक मिटर प्रति हेक्टर
औसत रूख सङ्ख्या	४०८ प्रति हेक्टर

स्रोतः वन तथा भू संरक्षण मन्त्रालय

१०.२५ वन तथा भू संरक्षण मन्त्रालय र अन्तर्गका विभिन्न निकायहरूबाट वन क्षेत्रको दीर्घकालीन विकासको लागि वन विकास गुरू योजनाद्वारा निर्दिष्ट ६ वटा प्राथमिक कार्यक्रम र ६ वटा टेवामूलक कार्यक्रम सञ्चालन गर्न विभिन्न आयोजना र कार्यक्रमहरूलाई नेपाल सरकारको आन्तरिक स्रोत तथा वैदेशिक सहयोगबाट प्रत्येक आर्थिक वर्षमा निरन्तरता दिइदै आएको छ। राष्ट्रिय तथा कवुलियती वन, सामुदायिक वन तथा निजी वन, परिस्थितिकीय प्रणाली तथा वंशाणु श्रोत संरक्षण, भू-संरक्षण तथा जलाधार व्यवस्थापन, जडीवूटी तथा सुगन्धित वनस्पति तथा अन्य वन पैदावारसम्बन्धी कार्यक्रम गरी जम्मा २२ वटा कार्यक्रम र आयोजनाहरू विभिन्न जिल्लामा सञ्चालनमा रहेका छन्।

१०.२६ राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र, शिकार आरक्ष तथा मध्यवर्ती क्षेत्र (Buffer Zone) गरी देशको कुल २९ हजार २५ वर्ग किलोमिटर (१९.७ प्रतिशत) भू-भाग क्षेत्रफल संरक्षित क्षेत्रको रूपमा घोषणा भई व्यवस्थापन भएको छ।

मञ्जुषा १०(ख) : वन एक झलक	
सामुदायिक वन	
सामुदायिक वन उपभोक्ता समूह सङ्ख्या	१४,५५९
हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल	१२,३०,००० हे.
लाभान्वित घरधुरी सङ्ख्या	१६,६०,०००
महिलाद्वारा व्यवस्थित सामुदायिक वनको सङ्ख्या	७९५
कवुलियती वन	
कवुलियती वन उपभोक्ता समूह सङ्ख्या	४,१९४
हस्तान्तरित कवुलियती वनको क्षेत्रफल	२३,४२३ हे.
कवुलियती वनबाट लाभान्वित घरधुरी सङ्ख्या	३६,४७८
साझेदारी वन	
नमूना कार्यक्रम सञ्चालित जिल्लाहरू	बारा, पर्सा, रौतहट, महोत्तरी
साझेदारी वन समूह सङ्ख्या	४
साझेदारी वन क्षेत्र सङ्ख्या	बारा २०५८ हे., पर्सा ३१३८ हे. रौतहट १४७३ हे. महोत्तरी २००६ हे.

स्रोत : बन तथा भू-संरक्षण मन्त्रालय

१०.२७ सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत हालसम्म १४ हजार ५ सय ५९ उपभोक्ता समूह गठन भई १२ लाख ३० हजार हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको छ। यस कार्यक्रमबाट प्रत्यक्षरूपमा १६ लाख ६० हजार घरधुरी लाभान्वित भएका छन्। चालू आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्ममा ८२ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.२८ कवुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत हालसम्म ४ हजार १ सय ९४ उपभोक्ता समूह गठन भई २३ हजार ४ सय २३ हेक्टर वन क्षेत्र हस्तान्तरण भएको छ। यस कार्यक्रमबाट ३६ हजार ४ सय ७८ घरधुरी प्रत्यक्षरूपमा लाभान्वित भएका छन्। चालू आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्ममा ८५ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.२९ साझेदारी वन अन्तर्गत हालसम्म ४ ओटा साझेदारी वनको ८ हजार ६ सय ७५ हेक्टर वन क्षेत्रको ५ वर्षे कार्ययोजना स्वीकृत भएको छ। यसबाट ८७ हजार ८ सय १५ जनसङ्ख्या प्रत्यक्षरूपमा लाभान्वित भएका छन्। तराई तथा शिवालिक क्षेत्रका लागि जैविक विविधता कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा ८८ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.३० मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तर्गत हालसम्म २ सय ४७ वटा मध्यवर्ती सामुदायिक वन हस्तान्तरण भएको र ३ सय ८० वटा प्रस्तावित मध्यवर्ती सामुदायिक वन रहेका छन्। संरक्षित क्षेत्रको वरपर बसोवास गर्नेको सङ्ख्या १ लाख १२ हजार १ सय २५ घरधुरी रहेको र यसबाट प्रत्यक्षरूपमा ७ लाख १४ हजार ९८ जनसङ्ख्या लाभान्वित भएका छन्। साथै, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष आयोजना अन्तर्गत चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा ८०.८ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.३१ जिल्ला भू-संरक्षण कार्यक्रम तथा सामुदायिक विकास तथा वन जलाधार संरक्षण कार्यक्रम अन्तर्गत हालसम्म ८ वटा वडामा समूहमा आधारित संगठनहरू गठन भई यसबाट ६ सय ९५ घरधुरी प्रत्यक्षरूपमा लाभान्वित भएका छन्। भू-संरक्षण तथा जलाधार संरक्षण कार्यक्रमको चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा ८२ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.३२ अति महत्वपूर्ण तर लोप हुदै जान लागेका जडीवूटीहरूको उपयुक्त प्रविधिसम्बन्धी अनुसन्धान तथा तथ्याङ्क सङ्कलन गरी त्यस्ता प्रजातिहरूको संरक्षण र दिगो व्यवस्थापनमा जोड दिई हिमाली एवम् पहाडी क्षेत्रहरूमा रोजगारी अभिवृद्धि, निकासी प्रवर्द्धन एवम् आय आर्जनको प्रमुख श्रोतको रूपमा जडीवूटी उत्पादन, प्रशोधन एवम् बजार व्यवस्थापनमा सम्बन्धित निकायहरू र निजी क्षेत्रसमेतको सहभागितामा वनस्पति अनुसन्धान तथा विकासमा जोड दिइएको छ। जडीवूटीको दिगो व्यवस्थापन एवम् विकासको लागि जडीवूटी विकास विशेष कार्यक्रम लागू गरिएको छ।

१०.३३ राष्ट्रको परिस्थितिकीय प्रणालीको प्रतिनिधित्व हुने गरी जैविक विविधताको संरक्षणको लागि आवश्यकताअनुसार संरक्षित क्षेत्रको स्थापना तथा विस्तार गर्दै लैजाने, संरक्षित क्षेत्रहरूको जैविक विविधताको दिगो संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने, दुर्लभ प्रजातिको संरक्षणको लागि यी प्रजातिहरूको संरक्षणको नीति तयार गरी वासस्थानको संरक्षण, सम्वर्धन र सुधार गर्ने, जैविक तथा सम्पर्क मंसीरहरू (Corridors and Connectivity) को परिचालन, संरक्षण र व्यवस्थापन गर्ने, परिस्थितिकीय प्रक्रियाहरू (Ecological Process) लाई प्राकृतिकरूपमा व्यवस्थित गर्ने, परिस्थितिकीय सेवाहरू (Ecological Service) लाई मानव उपयोगी बनाउदै लैजाने, अध्ययन अनुसन्धानको माध्यमबाट जैविक विविधता र प्राकृतिक स्रोतहरूको दिगो उपयोगमा बढावा दिदै संरक्षणमा प्रभावकारीरूपले जनसहभागिता परिचालन गर्दै लैजाने नीति लिएको छ। चालू आर्थिक वर्षमा शिवपुरी राष्ट्रिय निकुञ्ज अन्तर्गत नागार्जुन क्षेत्रको १५०० हेक्टर अर्थात १५ ब. कि.मि. क्षेत्र र बर्दिया रवैयापुरको कृष्णसार संरक्षण क्षेत्रको ७०० हेक्टर अर्थात ७ ब. कि.मि. क्षेत्रलाई संरक्षित क्षेत्रको रूपमा घोषणा गरिएको छ। जैविक विविधताको संरक्षण, परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापनबाट वंशाणु स्रोतको संरक्षणको लागि मध्य तथा पश्चिमी तराईलाई समावेश गरी Terai Arc Landscape Programme र पूर्वी पहाडी क्षेत्र समावेश हुने गरी Sacred Himalayan Landscape Conservation Strategy तयार गरिएको छ। चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्मको Terai Arc Landscape / Western Terai Complex Landscape Programme को क्रमशः ८५ प्रतिशत र ८६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

१०.३४ जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धि आदिको पक्षधर राष्ट्रको हैसियतले ती सन्धि/महासन्धिहरूको प्रभावकारी तवरले कार्यान्वयन गर्ने एवम् गैर सरकारी संघ/संस्था तथा व्यक्तिहरूलाई वन्यजन्तुको दिगो संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी आय एवम् रोजगारीका अवसरको वृद्धि गर्न वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान गर्ने कार्यलाई नीतिगतरूपमा अगाडि बढाइएको छ। सिमसार क्षेत्र संरक्षणको लागि हालसम्म कोशी टप्पु, बीसहजारी ताल, घोडाघोडी ताल, जगदीशपुर ताल, गोक्यो ताल, गोसाईकुण्ड, शे-फोक्सुण्डो ताल, रारताल र माइपोखरी गरी ९ वटा महत्वपूर्ण सिमसार क्षेत्रलाई रामसार सूचीमा सूचीकृत गरिएको छ। सीमसार क्षेत्रको व्यवस्थापन, विकास र संरक्षणको लागि Conservation and Sustainable Use of Wetlands नामक परियोजना सञ्चालन गरिएको छ।

१०.३५ चालू आर्थिक वर्ष २०६५/६६ मा १ करोड १५ लाख गोटा बिरूवा उत्पादन गर्ने लक्ष्य राखिएकोमा चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा स्थानीय मागअनुसारको प्रजाति छनौट, वीउ सङ्कलन, बिरूवा उत्पादन गर्ने लक्ष्यअनुसार १ करोड ३२ लाख गोटा जडीवूटीलगायत विभिन्न जातका बिरूवाहरू उत्पादन गर्ने कार्य जारी रहेको छ।

१०.३६ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार स्तनधारी २७, पन्छी ९, घस्रने ३ प्रजातिका वन्यजन्तुलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ।

वन्यजन्तुको वासस्थानमा विविधीकरण ल्याउने उद्देश्यले हालसम्म ८७ वटा गैडा चितवनबाट बर्दिया र शुक्लाफांटमा, १९ वटा रतुवा मृग गोदावरीबाट शिवपुरीमा तथा ८१ वटा चितल गोदावरीबाट पर्सामा सार्ने कार्य पूरा भएको छ ।

१०.३७ जैविक विविधता, वंशाणुगत स्रोतको संरक्षण तथा पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापनको लागि सबै निकुन्ज तथा आरक्षको व्यवस्थापन योजना तयार भई कार्यान्वयन भइरहेको, गैडा, बाघ, हिम चितुवा जस्ता दूर्लभ वन्यजन्तुको संरक्षणको लागि संरक्षणकारी कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको, ११ वटा संरक्षित क्षेत्रमा मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको छ ।

१०.३८ वन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा गरेको योगदानसम्बन्धी अध्ययन भएको छ । यस अध्ययनको प्रतिवेदन अनुसार वन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा प्रत्यक्षरूपमा ९.४ प्रतिशत, अप्रत्यक्षरूपमा १८.१ प्रतिशत गरी जम्मा २७.५ प्रतिशत (वन अनुसन्धान तथा सर्वेक्षण विभाग, २००७) योगदान पुऱ्याउने अध्ययनबाट देखिन्छ ।

१०.३९ लघु वन पैदावारमा बाँस र वेतको अंश महत्वपूर्ण रहेको छ । बाँस र वेतको खेती विस्तार एवम् दिगो व्यवस्थापनबाट रोजगारीको अवसर श्रृजना गरी आम जनसमुदायको आयस्तरमा वृद्धि ल्याउने उद्देश्यका साथ बेत र बाँसको राष्ट्रिय नीति तयार गरिएको छ ।

१०.४० विगत दुई वर्ष भित्रमा राष्ट्रिय हर्वेरियममा संरक्षण गरी राखिएका वनस्पतिका नमूना हर्वेरियम विस्तृत अध्ययन अनुसन्धान गर्ने क्रममा Genus र प्रजाति (Species) का फूल फुल्ने (Flowering) वनस्पतिको नेपालमा पहिलो पटक पहिचान (New Report) भएको छ । साथै, फूल नफुल्ने (Non- flowering) वनस्पतितर्फ २१ गोटा यार्सागुम्बा च्याउ जातिमध्ये Isaria nippanica र Isaria teniupes का थप प्रजाति भेटिएका छन् ।

१०.४१ जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धि जस्तै CBD, CITES, Ramsar आदिको पक्षधर राष्ट्रको हैसियतले ती सन्धि/महासन्धिहरूको प्रभावकारी तवरले कार्यान्वयन गर्ने गैर-सरकारी संघ तथा व्यक्तिहरूलाई वन्यजन्तुको दिगो संरक्षण, सम्बर्द्धन र सदुपयोग गरी आय एवम् रोजगारीका अवसरहरूको वृद्धि गर्न वन्यजन्तु पालन तथा अनुसन्धान गर्न दिने, विश्वमा संकटापन्नरूपले रहेको हात्ती र हात्तीसारको उचित व्यवस्थापन, सम्बर्द्धन गर्ने, निकुन्ज आरक्षमा रहेका हात्ती तथा गोही जस्ता प्रजाति प्रजनन केन्द्रहरूलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने नीति लिइएको छ । त्यस्तै, वातावरण र जैविक विविधता संरक्षणमा कुनै कमी नआउने गरी संरक्षण क्षेत्रहरूको व्यवस्थापन गैर सरकारी वा अन्य संस्थाहरू मार्फत गराउने उद्देश्यले संरक्षण क्षेत्र गैर सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीति लिइएको छ । त्यसैगरी, द्वन्द्वका समयमा ध्वस्त भएका भौतिक संरचनाहरू पुनः निर्माण गरी निकुञ्ज तथा आरक्षको व्यवस्थापनलाई प्रभावकारी बनाउने र मध्यवर्ती क्षेत्र व्यवस्थापनको माध्यमबाट संरक्षण र सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइएको छ ।

तालिका १०(ख) : राष्ट्रिय निकुञ्ज – एक झलक

क्र.सं.	*राष्ट्रिय निकुञ्ज*	*घोषित वर्ष (इ.सं.मा)*	*क्षेत्रफल (व.कि.मि)*
१	चितवन राष्ट्रिय निकुञ्ज	१९७३	९३२
२	लाङटाङ राष्ट्रिय निकुञ्ज	१९७६	१,७१०
३	सगरमाथा राष्ट्रिय निकुञ्ज	१९७६	१,१४८
४	रारा राष्ट्रिय निकुञ्ज	१९७६	१०६
५	शे फोक्सण्डो राष्ट्रिय निकुञ्ज	१९८४	३,५५५
६	खप्तड राष्ट्रिय निकुञ्ज	१९८४	२२५
७	बर्दिया राष्ट्रिय निकुञ्ज	१९८८	९६८
८	मकालु बरूण राष्ट्रिय निकुञ्ज	१९९१	१,५००
९	शिवपुरी राष्ट्रिय निकुञ्ज	२००२	१४४
जम्मा			१०,२८८

तालिका १०(ग) : वन्यजन्तु आरक्ष – एक झलक

आरक्ष	*घोषित वर्ष (इ.सं.मा)*	*क्षेत्रफल (व.कि.मि)*
शुक्लाफाँट वन्यजन्तु आरक्ष	१९७६	३०५
कोशीटप्पु वन्यजन्तु आरक्ष	१९७६	१७५
पर्सा वन्यजन्तु आरक्ष	१९८४	४९९
ढोरपाटन शिकार आरक्ष	१९८७	१,३२५
जम्मा		२३,०४

तालिका १०(घ) : संरक्षण क्षेत्र – एक झलक

संरक्षण क्षेत्र	*घोषित वर्ष (इ.सं.मा)*	*क्षेत्रफल (व.कि.मि)*
अन्नपूर्ण संरक्षण क्षेत्र	१९९२	७,६२९
कञ्चनजङ्घा संरक्षण क्षेत्र	१९९७	२,०३५
मनास्लु संरक्षण क्षेत्र	१९९८	१,६६३
जम्मा		११,३२७

तालिका १०(ङ) : मध्यवर्ति क्षेत्र – एक झलक

मध्यवर्ती क्षेत्र	*घोषित वर्ष (इ.सं.मा)*	*क्षेत्रफल (व.कि.मि)*
चितवन राष्ट्रिय निकुञ्ज	१९९६	७५०
वर्दिया राष्ट्रिय निकुञ्ज	१९९६	३२८
लाङटाङ राष्ट्रिय निकुञ्ज	१९९८	४२०

मध्यवर्ती क्षेत्र	*घोषित वर्ष (इ.सं.मा)*	*क्षेत्रफल (व.कि.मि)*
शे फोक्सूण्डो राष्ट्रिय निकुञ्ज	१९९८	१,३४९
मकालु वरूण राष्ट्रिय निकुञ्ज	१९९९	८३०
सगरमाथा राष्ट्रिय निकुञ्ज	२००२	२७५
शुक्लाफाँट वन्य जन्तु आरक्ष	२००४	२४३.५
कोशी टप्पु वन्य जन्तु आरक्ष	२००४	१७३
पर्सा वन्य जन्तु आरक्ष	२००५	२९८.१७
रारा राष्ट्रिय निकुञ्ज	२००६	१९८
खप्तड राष्ट्रिय निकुञ्ज	२००६	२१६
जम्मा		५,०७९.६७

११. यातायात तथा सञ्चार

सडक यातायात

११.१ आर्थिक वर्ष २०६५/६६ मा ३ वटा जिल्ला (वाजुरा, मनाङ र सोलुखुम्बु) सदरमुकामसम्म मोटरबाटो पुऱ्याउने लक्ष्यअनुसार निर्माण कार्य भइरहेको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा कालोपत्रे ५ हजार ८ सय ४५ कि.मि., खण्डास्मिथ ४ हजार ७ सय ११ कि.मि. र कच्ची सडक ८ हजार ५ सय ९१ कि.मि. गरी जम्मा १९ हजार १ सय ४७ कि.मि. सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६५/६६ को फागुनसम्म कालोपत्रस्तरमा स्तरोन्नति १४ कि.मि., खण्डास्मिथ स्तरमा १८ कि.मि. र नयाँ सडक निर्माण ६२ कि.मि. भएको छ। यसरी सडकको कुल लम्बाई १९ हजार २ सय ९ कि.मि. पुगेको अनुमान छ।

तालिका ११(क) : नेपालमा उपलब्ध सडक सुविधा

(किलो मिटरमा)

क्र.सं.	किसिम	आर्थिक वर्ष			
		२०६४/६५	२०६५/६६*	आर्थिक वर्ष २०६५/६६सम्म**	
				जम्मा	अंश (प्रतिशत)
१.	कालोपत्रे	५,८४५	१४	५,८५९	३०.५
२.	खण्डास्मिथ	४,७११	१८	४,७१५	२४.५
३.	कच्ची सडक	८,५९१	६२	८,६३५	४५.०
जम्मा		१९,१४७		१९,२०९	१००.००

** आर्थिक वर्ष २०६५/६६ मा सडक थप भएको*

*** २०६५ फागुन मसान्तसम्मको जम्मा*

द्रष्टव्य : सडक विभागबाट बनाइएका सडक मात्र समावेश गरिएको

स्रोत : सडक विभाग, बबरमहल, काठमाडौं



सवारी साधन

११.२ आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६४/६५ को अन्त्यसम्ममा देशभरमा ७ लाख ३ हजार ४४ वटा सवारी साधन रहेकोमा चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा ६२ हजार ४ सय ३१ (८.९ प्रतिशत) ले वृद्धि भई सवारी साधनहरूको कुल सङ्ख्या ७ लाख ६५ हजार ४ सय ७५ पुगेको छ। यसरी आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा प्रति किलो मिटर ४० वटा सवारी साधन पुगेको अनुमान छ। गत आर्थिक वर्षमा सरदर देशभर प्रति किलो मिटर ३५ वटा सवारी साधन थिए।

तालिका ११(ख) : सवारी साधनहरूको सङ्ख्या

किसिम	आर्थिक वर्ष		कुल**	वृद्धि प्रतिशत (प्रथम आठ महिनाको)
	२०४६/४७ देखि २०६४/६५ सम्म	२०६५/६६*		
बस	१७,८४२	१०३०	१८,८७२	५.८
मिनीबस	६,९०४	३११	७,२१५	४.५
कार/जीप भ्यान	९३,२६६	३,२७५	९६,५४१	३.५
ट्र्याक्टर	४०,१०४	२,०६०	४२,१६४	५.१
मोटरसाइकल	४,८९,६८६	५२,५४८	५,४२,२३४	१०.७
टेम्पो	७,३५३	५	७,३५८	०.१
माइक्रो	१,९३५	३३	१,९६८	१.७
ट्रक/डोजर/क्रेन	३६,७९४	१२३९	३८,०३३	३.४
पिक अप	३,४१९	६६२	४,०८१	१९.४
अन्य	५,७४१	१२६८	७,००९	२२.१
जम्मा	७,०३,०४४	६२,४३१	७,६५,४७५	८.९

** आर्थिक वर्ष २०६५/६६ को फागुन महिनासम्म थप भएको*

*** आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्मको जम्मा*

स्रोत : यातायात व्यवस्था विभाग, तीनकुने, काठमाडौं

नीतिगत तथा संस्थागत प्रगति

११.३ यातायात व्यवस्थापनको समग्र पक्षको सुधारको लागि विद्यमान सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावलीमा समायोजन गर्ने प्रक्रियाको थालनी, संस्थागत सुधारको लागि यातायात व्यवस्था कार्यालयहरूको विद्यमान श्रोत र साधन एवम् कार्य प्रक्रियामा सुधार गर्ने कार्यको सुरुवात, प्रदुषण नापजाँच सम्बन्धी प्रक्रियालाई वैज्ञानिक र व्यवस्थित बनाउने सन्दर्भमा काठमाडौंस्थित टेकुमा Vehicle Fitness Center स्थापना कार्य र मोफसलमा रहेका प्रमुख यातायात व्यवस्था कार्यालयहरूमा पनि Vehicle Fitness Center सम्बन्धी योजना लागू गर्ने नीति अवलम्बन गरिएको छ। त्यस्तै, यातायात व्यवस्था कार्यालयहरूको विद्यमान संरचनाको सुधार गर्ने सम्बन्धमा यातायात व्यवस्था कार्यालय बागमतीको विद्यमान संगठनलाई एउटाबाट ३ वटा (मोटरसाइकल शाखा, ठूला/साना सवारी शखा र सवारी चालक अनुमतिपत्र शाखा) र धवलागिरी अञ्चलमा अञ्चलस्तरीय यातायात व्यवस्था कार्यालय स्थायीरूपले स्थापना गरिएको

छ। साथै, यातायात व्यवस्था कार्यालयहरूको लागि आवश्यक पर्ने भवनको व्यवस्था मिलाउने सन्दर्भमा प्रक्रिया अगाडि बढाइएको छ।

११.४ यातायातसम्बन्धी विभिन्न कार्यहरूलाई सुधार गर्ने प्रक्रियामा यातायात व्यवस्था कार्यालयबाट सम्पादन हुने कार्यहरूको विभागको तर्फबाट अनुगमन गर्ने, अभिलेख प्रणालीलाई वैज्ञानिक र व्यवस्थित बनाउने, यातायात व्यवस्थापनसम्बन्धी कार्यलाई समयानुकुल सुधार गरी आधुनिक र वैज्ञानिक बनाउने सम्बन्धमा सवारी चालक अनुमति पत्रको विद्यमान ढाँचामा परिवर्तन गरी विद्युतीय प्रणली (Electronic Smart Card) मा लैजाने सम्बन्धी कार्यलाई अगाडि बढाइएको छ।

११.५ राष्ट्रिय यातायात नीति र विभिन्न आवद्यिक योजनाअनुरूप सडक मर्मत सम्भार कार्यमा उचित ध्यान पुगोस् भनी सडक मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ। सोही कोषको उचित परिचालन गरी सडक बोर्डले सडकको मर्मत सम्भार गराउने, मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्ने तथा मर्मत सम्भार कार्यलाई पारदर्शी एवम् प्रभावकारी बनाउने कार्य गरिआएको छ।

११.६ सडक बोर्ड ऐन, २०५८ अन्तर्गत गठित सडक बोर्ड नेपालले सडकको नियमित, पटके, आवद्यिक तथा आकस्मिक मर्मत सम्भार गर्न, सडक बोर्डको कोषमा जम्मा हुने रकम (सवारी इन्धनमा लगाइएको दस्तुर, सवारी दर्ता प्रमाणपत्रमा लगाइएको दस्तुर, सडक उपयोग गरे वापतको दस्तुर आदि) बाट सडकको नियमित, पटके, आवद्यिक (केही) तथा आकस्मिक मर्मत सम्भार हुने गरेको छ।

११.७ सडक बोर्ड ऐन, २०५८ मा सार्वजनिक/निजी साझेदारीको अवधारणअनुरूप विभिन्न क्षेत्रका सडक प्रयोगकर्ताहरूको समेत प्रतिनिधित्व रहने गरी १३ सदस्यीय कार्यकारी समितिको व्यवस्था भएको छ। ऐन, नियमावली र कार्यकारी समितिले गरेका निर्णयहरू कार्यान्वयनमा सचिवालय कार्यरत रहिआएको छ।

११.८ सामरिक महत्वका सडक सञ्जाल तथा स्थानीय सडक सञ्जालहरूको मर्मत सम्भार कार्यको लागि क्रमशः सडक विभाग र स्थानीय निकायहरू (जि.वि.स. र नगरपालिकाहरू) मा सडक बोर्डलाई उपलव्ध हुने गरेको आर्थिक श्रोतबाट रकम उपलव्ध गराइन्छ। स्थानीय निकायका सडक मर्मत सम्भार गराउँदा जि.वि.स. र नगरपालिकाहरूले क्रमशः २० प्रतिशत र ३० प्रतिशत म्याचिङ्ग फण्ड राख्ने व्यवस्था समेत गरिएको छ। सामरिक महत्वका सडक सञ्जाल तर्फ नियमित र पटके मर्मतको लागि सडक विभागलाई आवश्यक पर्ने सम्पूर्ण रकमको सुनिश्चतता गरिदै आएको छ। स्थानीय सडक सञ्जाल तर्फ सडकको लम्बाई, सडकको सतहको प्रकार र सवारी साधन चल्ने सख्याको आधारमा रकम उपलव्ध गराउने गरिएको छ।

११.९ आर्थिक वर्ष २०६५/६६ मा निक्षेपण (Devolution) को सिद्धान्तलाई अंगीकार गर्दै स्थानीय सडक सञ्जालका सडक मर्मत सम्भार गर्न स्थानीय निकायहरूलाई सशर्त अनुदान दिने प्रक्रिया सुरु गरिएको छ।

तालिका ११(ग) : यातायात क्षेत्रमा भएका विविध कार्य

क.स.	*सम्पादित प्रमुख कार्यहरू*	*प्रथम आठ महिनाको उपलब्धि*
१.	ड्राइभिङ्ग प्रशिक्षण केन्द्र (सङ्ख्या)	
	दर्ता सङ्ख्या	३१
	नवीकरण सङ्ख्या	५
	सवारी साधन दर्ता सङ्ख्या	६१,४२७
२.	सवारी चालक अनुमतिपत्र (सङ्ख्या)	
	नयाँ वितरण सङ्ख्या	४९,३०८
	नवीकरण सङ्ख्या	४२,७०२
	प्रतिलिपि सङ्ख्या/समूह थप	७,१७०
	नेपालीकरण सङ्ख्या (अञ्चलीकरण)	५२९

स्रोत : यातायात व्यवस्था विभाग, तीनकुने, काठमाडौं

हवाई सेवा

११.१० नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र हवाई परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय तथा प्रभावकारी बनाउने उद्देश्यले स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरणले नागरिक उड्डयनसँग सम्बन्धित सुरक्षात्मक तथा नियमन कार्य, विमानस्थल विकास तथा सुधार कार्य सञ्चालन गर्दै आएको छ। प्राधिकरणको संगठन संरचनामा समय-सापेक्ष सुधारका लागि मौजुदा सङ्गठन संरचना पुनरावलोकन गरी पुनर्संरचना गर्ने कार्यको लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) मार्फत विशेषज्ञको सेवा लिने तर्फ पहल भइरहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणको त्रि-वर्षीय अन्तरिम योजना (२०६४।६५ - २०६६।६७) तर्जुमा गरी कार्यान्वयन भइरहेको छ।

११.११ हाल अन्तर्राष्ट्रिय विमानस्थल १, क्षेत्रीय हव विमानस्थल (नेपालगञ्ज, विराटनगर, भैरहवा, पोखरा र धनगढी) ५, अन्य आन्तरिक विमानस्थल ४१ र निर्माणाधीन विमानस्थल
(कालीकोट, कमलबजार, मसिनेचौर, सितलेशोला, सिमिचौर र खानीडाँडा) ६ गरी देशमा जम्मा ५३ वटा विमानस्थल रहेका छन्। जसमध्ये ३२ वटा विमानस्थलहरूमा हाल हवाई सेवा सञ्चालन भइरहेको छ।

११.१२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार तथा विस्तार गर्ने सिलसिलामा ADB सहयोग अन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सन् २०१५ को गुरु योजना समीक्षा तथा Civil Aviation Sector Development Strategy Plan तयार गरी सोही योजना अन्तर्गत Technical Assistant बाट आवश्यक पूर्वाधारहरूको अध्ययन भइरहेको छ।

११.१३ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजनाबमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणको आफ्नै श्रोतबाट भौतिक पूर्वाधार संरचनाहरूको विकास विस्तार गर्ने

सिलसिलामा स्थानीय परामर्शदात्रीहरूको छनौट कार्य सम्पन्न गरिनुका साथै एशियाली विकास बैंकको प्राविधिक सहयोगमा भौतिक पूर्वाधारहरूको विस्तृत अध्ययन कार्य आदि अन्तर्राष्ट्रियस्तरको परामर्शदात्रीबाट सुरु गरिएको छ। साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सिमानासँगै जोडिएका क्षेत्रहरू (गोठाटार, कोटेश्वर, सिनामङ्गल आदि) मा Corporate Social Responsibility अन्तर्गत सडक, ढल व्यवस्थापन, खानेपानी आदिको निर्माण कार्य यस आर्थिक वर्षमा पनि साविक झै चालू रहेको छ।

११.१४ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग तथा टैक्सी वे को Overlay कार्य तथा अन्तर्राष्ट्रिय वायुयान विसौनी स्थलको विस्तार तथा एप्रोन ज्वाइण्ट सिलर लगाउने कार्यको ठेक्का सम्झौता भई कार्य थालनी भएको छ। त्यसैगरी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरु योजनाबमोजिम विमानस्थलको विकास विस्तार तथा सुरक्षाको लागि कोटेश्वर तथा सिनामङ्गल क्षेत्रमा जग्गा, घर, टहरा आदि अधिग्रहणको मुआब्जा वितरण कार्य सुरु भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चालू आर्थिक वर्ष २०६५/६६ मा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन कार्य तालिकाबमोमिज भइरहेको र चालू आर्थिक वर्षको अन्त्सम्ममा सम्पूर्ण कार्यक्रम सम्पन्न हुने गरी लक्ष्य लिई कार्यमा तीव्रता दिइएको छ।

११.१५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटक, यात्रु तथा सेवाग्राहीलाई प्रदान गरिने नियमित उडानहरूमा सेवा सुविधाहरू छिटो छरितो एवम् प्रभावकारीरूपमा प्रदान गरिनुका साथै अन्य सुविधाहरू जस्तो सरसफाई, टर्मिनल व्यवस्थापन, ट्रली सेवा, ट्याक्सी सेवा आदिमा व्यापक सुधार गर्ने तर्फ ध्यान दिइएको छ।

११.१६ अन्तर्राष्ट्रिय प्रचलनअनुरूप नभई नहुने र ई-टिकेटिङ्ग प्रणालीलाई सघाउ पुग्ने एकीकृतरूपमा सम्पूर्ण वायुसेवाहरूद्धारा एउटै सफ्टवेयरबाट यात्रु टिकट जाँचका साथै अन्य सुविधाहरू समेत प्राप्त गर्न सकिने Common User Terminal Equipment (CUTE) प्रणाली लागू गर्ने व्यवस्थाको लागि टेण्डर आव्हान भई मूल्याङ्कनको कार्य भइरहेको छ।

११.१७ विमानस्थलमा बढ्दो अन्तर्राष्ट्रिय उडानहरूलाई व्यवस्थित Parking गर्न अन्तर्राष्ट्रिय एप्रोनलाई पुनर्मूल्याङ्कन गरी विद्यमान दुईवटा Wide-body Parking को सट्टा तीनवटा गर्ने र हाल सात वटा BAY रहेकोमा थप एउटा BAY को व्यवस्थागरी आठ वटा BAY बनाउने कार्य भइरहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटक, यात्रु तथा सेवाग्राहीलाई सुविधाको लागि उच्चस्तरको सेवा प्रदान गर्ने गरी Executive Lounge तथा Restaurent को व्यवस्था गरिएको छ। त्यस्तै, यात्रुहरूको सुविधाको लागि १०० वटा नयाँ ट्रलीहरूको व्यवस्था गरी सञ्चालनमा ल्याइएको र थप २५० वटा ट्रलीहरू खरीद गर्न टेण्डर आव्हान भई सञ्चालनमा ल्याउने कार्य अन्तिम चरणमा रहेको छ।

११.१८ वायुसेवाहरू र विभिन्न प्रकारका वायुयानहरूको सञ्चालनमा वृद्धि भएअनुसार आन्तरिक विमानस्थलहरूको स्तरोन्नति तथा विस्तार गरी हवाई सेवालाई सुरक्षित, नियमित तथा भरपर्दो बनाउने क्रममा विमानस्थलको स्तर वृद्धि तथा विस्तारलाई

निरन्तरता दिइएको छ। विमानस्थलहरूको सुधार तथा थप भौतिक संरचनाहरूको निर्माण कार्यहरू भइरहेका छन्। यसरी निर्माण कार्य भइरहेका विमानस्थलहरूमा नेपालगञ्ज विमानस्थल (आर्थिक वर्ष २०६४/६५ मा ह्याङ्गर, टैक्सीवे तथा कार पार्क एरियाको स्तर वृद्धि गर्ने कार्य सम्पन्न गरिएको), गौतम बुद्ध विमानस्थल (गौतमवुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार गर्ने क्रममा जग्गा अधिग्रहरण गर्ने कार्य र श्रोत पहिचानको कार्य अघि बढ्नुका साथै विमानस्थलको हालको धावनमार्ग, टैक्सीवे तथा एप्रोनको सुदृढीकरणको कार्य भइरहेको), पोखरा विमानस्थल (विमानस्थलको धावनमार्ग, टैक्सीवे तथा एप्रोनको सुधार गर्ने कार्य सम्पन्न गरिएको), चन्द्रगढी विमानस्थल (विमानस्थलको धावनमार्ग, टैक्सीवे तथा एप्रोनको सुदृढीकरणको कार्य भइरहेको), धनगढी विमानस्थल (१ हजार ८ सय मि धावनमार्ग, टैक्सी वे तथा एप्रोनको कालोपत्र गर्ने कार्य सम्पन्न गरिएको जसले गर्दा सो विमानस्थल FOKKER -100 सम्मका वायुयान सञ्चालन गर्न सकिने क्षमताको भएको), सुर्खेत विमानस्थल (५ वटा DHC-6 वा सो सरहका वायुयानहरू विश्राम गर्न सक्ने पार्किङ्ग एप्रोनको कार्य समेत सम्पन्न भएकोमा चालू आर्थिक वर्षमा ३ वटा MI- 17 हेलिकप्टर विश्राम गर्न सक्ने गरी रिजिड पार्किङ्ग एप्रोन निर्माण गर्ने लक्ष्य रहे अनुसारको कार्य सम्पन्न भएको), जनकपुर विमानस्थल (धावनमार्ग, टैक्सी वे तथा एप्रोनको स्तर वृद्धि गर्ने कार्य सम्पन्न गर्नुका साथै टर्मिनल तथा टावर भवनको निर्माणको लागि आवश्यक डिजाइन, लगत अनुमान गर्ने कार्य भइरहेको) र सिमिकोट विमानस्थल (धावनमार्ग विस्तारको निमित्त आवश्यक पर्ने जग्गा अधिग्रहण गरी धावनमार्ग, टैक्सी वे तथा एप्रोन कालोपत्र गर्ने कार्य भइरहेको) प्रमुख रहेका छन्।

११.१९ दुर्गम क्षेत्रमा हवाई सेवा विस्तारको लागि विभिन्न विमानस्थलहरू निर्माणाधीन रहेका छन्। यी मध्ये मुगु विमानस्थल (धावनमार्ग विस्तार तथा सुधार र एप्रोनको आंशिक निर्माण तथा सुधार कार्य भइरहेको), कालीकोट विमानस्थल (धावनमार्गको ढुंङ्गा माटाको कार्य चालू गरिएको), काँगेलडाँडा विमानस्थल (धावनमार्गको अधिकाँश निर्माण कार्य सम्पन्न भई हाल उक्त विमानस्थलमा सेवा सञ्चालन भइरहेको), कमलबजार विमानस्थल (विमानस्थलको निर्माण कार्य सम्पन्न भएको तर विविध कारणबस परीक्षण उडान हुन नसकेको), थामखर्क विमानस्थल (धावनमार्ग निर्माण कार्य सम्पन्न भई सेवा सञ्चालन भइरहेको, मसिने चौर विमानस्थल (धावनमार्ग निर्माणका निमित्त स्थानीय उपभोक्ता समितिसँग कार्य सम्झौता भई निर्माण कार्य चालू रहेको), डोल्पा विमानस्थल (धावनमार्ग विस्तार कार्यका लागि निर्माण कार्य चालू रहेको) र निर्माणाधीन मनमाया राई, खानीडाँडा विमानस्थल (धावनमार्गको निर्माण कार्य प्रायः सम्पन्न भएको) प्रमुख रहेका छन्।

११.२० निजी क्षेत्रलाई वायुसेवा सञ्चालन गर्न प्रोत्साहित गर्ने नीतिअनुरूप आन्तरिक एवम् अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनसमेतका लागि प्राधिकरणबाट वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र (AOC) प्राप्त वायुसेवाहरूको सङ्ख्या ४७ पुगेको छ। वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र प्राप्त ४७ विमान सेवाहरू मध्ये २० वटा कम्पनीहरूको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र वैध रहेको छ। वैध

वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र भएका वायुसेवा कम्पनीहरू मध्ये १४ वटाले सेवा सञ्चालन गरिरहेका छन् । ६ वटा वायुसेवाले वैध वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र भएर पनि सेवा सञ्चालन गर्न सकेका छैनन् ।

११.२१ वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र वैध रहेका २० वटा वायुसेवाहरू मध्ये ५ वटा वायुसेवाहरू मनोरञ्जनात्मक एवम् साहसिक उड्डयन खेलकूद (Aviation Sports) सँग सम्बन्धित रहेका छन् । Aviation Sports सँग सम्बन्धित ५ वटा वायुसेवाहरू मध्ये १ वटा Ultralight Power Glider र ४ वटा Para Glider कम्पनीहरू सञ्चालनमा रहेका छन् । यसरी मनोरञ्जनात्मक एवम् साहसिक उड्डयन खेलकुदसँग सम्बन्धित वायुसेवाहरूको सङ्ख्या र सेवामा भएको उल्लेख्य वृद्धिबाट पर्यटकहरूले अपेक्षित सेवा प्राप्त गर्न सकेको र समग्रमा पर्यटन उद्योगको विकासमा अनकूल योगदान पुगेको छ ।

११.२२ वैध रहेकै २० वटा वायुसेवाहरू मध्ये Aviation Sports सँग सम्बन्धित बाहेक ५ वटा हेलिकप्टर सञ्चालकहरूबाट सेवा सञ्चालन भइरहेको छ । एकातिर हेलिकप्टर सञ्चालकहरूबाट नेपालका दुर्गम हिमाली तथा पहाडी भेगहरूमा खाद्यान्न, लत्ता कपडा, औषधि एवम् विकास तथा निर्माण सामग्रीहरूको ढुवानी गर्ने कार्यमा उल्लेख्य योगदान पुग्न गएको छ भने अर्कोतिर पर्यटकहरूलाई नेपालको हिमाल, पहाड तथा सुन्दर प्राकृतिक छटाहरूको दृश्यावलोकन गराउने कार्यमा समेत उल्लेख्य सहभागिता रहेको छ । यसरी हेलिकप्टर सेवा सञ्चालनबाट मुलुकको विकास/निर्माणमा सघाउ पुऱ्याउनुका साथै दुर्गम हिमाली तथा पहाडी भेगमा रहेका जनताको जीवनको कष्ट निवारणमा समेत सहयोग पुगेको छ ।

११.२३ वैध वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र रहेका २० वटा वायुसेवाहरू मध्ये १० वटा स्थिर पखेटा (Fixed Wing) भएका वायुसेवा कम्पनीहरू रहेका छन् । यी १० वटा वायुसेवा कम्पनी मध्ये एउटा वायुसेवा कम्पनी केबल अन्तराष्ट्रिय हवाई सेवा, ३ वटा कम्पनीहरू आन्तरिक एवम् अन्तर्राष्ट्रिय हवाई सेवा र बाँकी ६ वटा वायुसेवा कम्पनीहरू आन्तरिक हवाई सेवा प्रबद्धनमा संलग्न रहेका छन् ।

११.२४ विभिन्न मुलुकका अन्य २० वटा अन्तर्राष्ट्रिय वायुसेवाहरूले नेपाललाई गन्तव्य स्थल राखी नियमित हवाई सेवा सञ्चालन गरिरहेका छन् । गत आर्थिक वर्षमा ५ वटा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालकहरू क्रमशः Yeti Airlines International, HongKong Express, Orient Thai, Silk Air, Dragon Air बाट सेवा सञ्चालन सुरू गरेकोमा यस आर्थिक वर्षमा Bahrain Air ले सेवा सञ्चालन सुरू गरेको छ । यसरी अन्तर्राष्ट्रिय हवाई सेवाहरूको विकास र विस्तारबाट पर्यटन विकासमा थप टेवा पुग्नुका साथै नेपालको व्यापार प्रवर्द्धनमा समेत सहयोग पुग्न गएको छ ।

११.२५ वायुसेवा सञ्चालनका लागि दक्ष प्राविधिकहरूको आवश्यकता हुने र यस्ता दक्ष प्राविधिकको अभावमा हवाई सेवा उद्योगले विभिन्न कठिनाइहरूको सामना गर्नु परेको स्थितिलाई दृष्टिगत गरी स्वदेशमै दक्ष प्राविधिकहरू उत्पादन गरी क्रमशः बिदेशी जनशक्तिलाई प्रतिस्थापन गर्ने उद्धेश्यबाट भरतपुरमा हवाई उडान प्रशिक्षण संस्था (Flying School) सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ । पोखरा एवम् काठमाडौमा

मनोरञ्जनात्मक एवम् साहसिक उड्डयन खेलकूद (Aviation Sports) सँग सम्बन्धित निजी ज्ञान हासिल गर्ने क्रियाकलापसँग सम्बन्धित हवाई उडान प्रशिक्षण संस्थालाई अनुमति प्रदान गरिएको छ र हाल दुवै प्रशिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन् । यसबाट दक्ष जनशक्तिको उत्पादन स्वदेशमा हुन गई उड्डयन उद्योगलाई टेवा पुग्ने अपेक्षा गरिएको छ ।

११.२६ हालसम्म नेपालले भारत, श्रीलंका, दक्षिण कोरिया, भूटान, जापान, म्यानमार, बंगलादेश, ब्रुनाई, चीन, मलेशिया, सिंगापुर, थाइल्याण्ड, मकाउ, माल्दिभ्स, हङ्गकङ्ग, फिलिपिन्स, ओमान, ईजिप्ट, साउदी अरेविया, जोर्डन, कतार, बहराइन, पाकिस्तान, कुवेत, युनाइटेड अरव इमिरेटस, इजरायल, अष्ट्रिया, फ्रान्स, लक्जेम्वर्ग, रसियन फेडरेसन, जर्मनी, इटाली, नेदरल्याण्ड, संयुक्त अधिराज्य र क्रोएशियासँग गरी जम्मा ३५ ओटा द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेको छ । यस आर्थिक वर्षमा वहराईनसंग मौजुदा MOU मा भएको व्यवस्थालाई पुनरावलोकन गरी उडान संख्यामा वृद्धि लगायतका व्यवस्थासहित MOU मा हस्ताक्षर र ASA मा प्रारम्भिक हस्ताक्षर भएको छ । त्यसैगरी, श्रीलंकासँग साविकमा भएको MOU को पुनरावलोकन गरी उडान सङ्ख्यामा वृद्धि तथा पाँचौ ट्राफिक अधिकारमा थप व्यवस्था सहित MOU मा पुनरावलोकन गरी हस्ताक्षर र संशोधित ASA मा प्रारम्भिक हस्ताक्षर भएको छ ।

११.२७ काठमाडौ Area Control Centre को VHF Coverage बढाउनको लागि RCAG स्टेशन स्थापना गरी V-SAT Network बाट आवद्ध गर्ने कार्य सम्पन्न भई टेष्ट अपरेसनमा रहेको छ । यसैगरी, काठमाडौ उपत्यकाको उपयुक्त Hill Top मा Alternate Repeater Station स्थापना गर्ने कार्यको लागि परामर्शदात्रीबाट प्राप्त रिर्पोटअनुसार ललितपुरको भट्टेडाँडामा Alternate Repeater Station को लागि सबैभन्दा बढी उपयुक्त Site हुने भनी सिफारिस भई आएकोले उक्त Site मा उपकरणहरू लगी Live Test गरी Site यकिन गर्ने तथा Site मा Access गर्नको लागि खुट्किलो बाटो तयार गर्न Drawing / Design आदि गर्ने कार्य प्रक्रियामा रहेको छ ।

११.२८ काठमाडौं, विराटनगर, नेपालगञ्ज, भैरहवा, पोखरा तथा सिमरा नागरिक उड्ड्यन कार्यालय वीच ISDN (Integrated Services Digital Network) Data Link Communication सञ्चालन कार्य गर्नको लागि TOR Committee गठन भई कार्य भइरहेको छ ।

११.२९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ATS Message Handling System (AMHS) स्थापनाको लागि सम्भाव्यता अध्ययन गराउने कार्यको लागि Terms of Reference (TOR) तयार गरी टेण्डर आव्हान गर्ने कार्य भइरहेको छ ।

११.३० हिमालय पार उडान, पूर्व पश्चिम अन्तर्राष्ट्रिय उडानहरूले नेपालको आकाश अधिकतम उपयोग हुने गरी हवाई मार्ग प्रबर्द्धन गर्ने नीतिअनुरूप ICAO को अगुवाइमा पूर्व पश्चिम लामो दूरीका अन्तर्राष्ट्रिय हवाई मार्गमा नेपालको वायुक्षेत्रसमेत समावेश हुने गरी Trans Himalayan Route र पूर्व पश्चिम (कुन्मीङ्ग-काठमाडौ-दिल्ली)

हिमालयन रूट स्थापना गर्न ICAO लगायत सम्बद्ध राष्ट्रहरूसँग समन्वय गर्ने कार्य जारी रहेको छ ।

११.३१ नेपाल र चीनबीच सीधा हवाई मार्ग काठमाडौ-बेइजिङ्ग/सांघाई स्थापना गर्ने प्रयासस्वरूप प्राधिकरण तथा चीनको नागरिक उड्डयन प्राधिकरणवीच समन्वय भई हालको काठमाडौंदेखि लखनऊसम्मको रूट B345 लाई काठमाडौंदेखि ल्हासासम्म विस्तार गरिएको छ । साथै, काठमाडौ एरिया कन्ट्रोल र ल्हासा एरिया कन्ट्रोलवीच काठमाडौमा LOA मा हस्ताक्षर भई लागू भएको छ ।

११.३२ निकट भविष्यमा नेपाल-भारतवीचका हवाई मार्ग तथा ATS Coordination Procedures सम्बन्धी सहमतिपत्र (Letter of Agreement: LOA) गर्ने सम्बन्धमा आवश्यक पूर्व तयारी गरिएको छ । नेपाल र भारतबीच हवाई सम्झौता वार्ता हुँदा प्राविधिक छलफल गरी अन्तिम रूप दिने गरी काठमाडौबाट महेन्द्रनगर हुँदै दिल्ली जाने रूट (L 626) स्थापनाको लागि पहल भएको छ ।

११.३३ आन्तरिक हवाई मार्ग तथा वायुक्षेत्रको समुचित सुधारको लागि विभिन्न विमानस्थलमा यान्त्रिक उडान विधि (Instrument Flight Procedures) तथा वायुक्षेत्रको संशोधन (Revision of Air Space) लगायतका कार्यहरू भइरहेका छन् । त्यस्तै, नेपालको Aeronautical Chart लाई Digitized गरी सम्पूर्ण Procedure, Route, Approach र Departure Chart आदिको Database तयार गरिएको छ । नयाँ Aeronautical Chart प्रकाशन गर्ने तर्फ आवश्यक कार्यवाही भइरहेको छ ।

११.३४ नेपाली वायुक्षेत्रको सुधार गर्ने क्रममा विभिन्न रूट तथा कार्यविधिहरू परिमार्जन गरी AIP Nepal को नयाँ Edition प्रकाशनको तयारी भइरहेको छ । Air Traffic Control Manual मा समेत समय सापेक्ष संशोधन गर्ने कार्य भइरहेको छ । त्यस्तै, भू-उपग्रह (GPS) मा आधारित नेभिगेसन प्रणाली क्रमिकरूपमा लागू गर्ने उद्देश्यले यस वर्ष GNSS Database तयार गरी सुरूमा २ वटा विमानस्थलहरू (विराटनगर, चन्द्रगढी) मा GPS Approach र Departure लागू गराउने सम्वन्धमा पूर्वाधारका कार्यहरू भइरहेका छन् ।

११.३५ हवाई यातायातको सुरक्षा विरूद्धको जोखिमको परिवर्तित स्वरूप र त्यस्ता जोखिमको मुकाविला गर्न अवलम्बन गरिनु पर्ने रणनीतिको निम्ति अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले हवाई सुरक्षा सम्वन्धमा प्रतिपादन गरेका मापदण्डहरूको संगालो एनेक्स सत्र (Annex-17) का सबै प्रावधानहरू ICAO का सम्पूर्ण सदस्य राष्ट्रहरूमा पूर्णरूपमा कार्यान्वयन हुनु पर्ने निक्यौल गरेको र सो कार्यान्वयनको मूल्याङ्कन गर्न ICAO Universal Aviation Security Audit Programme (USAP) अन्तर्गत सन् २००३ बाट यसका सम्पूर्ण सदस्य राष्ट्रहरूको हवाई सुरक्षा अडिट गर्ने कार्य प्रारम्भ गरी सन् २००७ डिसेम्बरसम्म प्रायः सबै राष्ट्रको अडिट सम्पन्न हुने क्रममा सन् २००६ को फेब्रुअरीमा नेपालको ICAO Aviation Security Audit सम्पन्न भएको छ । अडिटबाट गरिएका सिफारिसहरूमा उल्लिखित त्रुटिहरू सुधारको निमित्त अडिट प्रावधानबमोजिम

समय सीमासमेत उल्लेख गरी Corrective Action Plan तयार गरी ICAO मा पठाइएको र ICAO ले Follow up-Audit गरी त्यसको Report समेत प्राप्त भई Report कार्यान्वयनमा रहेको छ। Corrective Action Plan मा उल्लिखित कार्यहरूको प्रगतिको अनुगमन गर्न ICAO AVSEC Audit केन्द्रीय अनुगमन टोली गठन भएको छ। अडिटबाट भएका सिफारिसहरू मध्ये प्राधिकरणको तर्फबाट गर्नु पर्ने कार्यहरूको अनुगमन गर्न प्राधिकरणस्तरीय अनुगमन कार्यदल गठन भई कार्य गरिरहेको छ।

११.३६ नेपालको जटिल भौगोलिक स्वरूप र सो बमोजिम आवश्यक पर्ने सञ्चार तथा उड्डयन उपकरणहरू स्थापनाका कठिनाइहरूका कारण उडान सुरक्षाको स्तरलाई उच्चतम अवस्थामा कायम राख्नु प्रमुख चुनौतीको रूपमा रहेको छ। ICAO द्वारा संचालित विश्वव्यापी सुरक्षा निगरानी कार्यक्रममा नेपालको सक्रिय सहभागिता रहेको छ। Safety Culture लाई बढावा दिन ICAO ले निर्देशित गरेअनुसार सबै Operator/ Maintenance Organization मा Safety Management System अनिवार्यरूपले लागू गर्ने गरी सबैलाई सूचित गरिएको छ। ICAO का Standard and Recommended Practices हरू लागू गर्ने क्रममा विद्यमान NCAR, FOR लाई परिमार्जन गरी January 2009 Issue तयार पारी लागू गरिएका छन्। त्यसैगरी, Personnel Licensing Requirements (PLR) र Dangerous Goods Handling Requirements (DGHR) 2009 पनि तयार पारी लागू भएका छन। नेपाली Civil Aviation लाई अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नति गर्न तथा एकरूपता ल्याउन ESA part 145, part 147 र part 66 अनुरूपको NCAR part 145, 147, 66 तयार भई लागू हुने क्रममा रहेका छन्।

११.३७ नेपालमा स्थिर पखेटा (फिक्सड् विङ्ग) भएको वायुयान ४८, रोटर विङ्ग (हेलिकप्टर) १८, एभिएसन स्पोर्ट्स् ४ गरी वायुयानको कुल सङ्ख्या ७० रहेको छ। कमर्सियल पाइलट लाइसेन्स ३ सय ९०, एयरलाईन ट्रान्सपोर्ट पाइलट (ए.टि.पि.एल.) २ सय ६९, फ्लाइट अपरेशन्स अफिसर ५७, अल्ट्रालाईट एअरक्राफ्ट लाइसेन्स १, अथोराइजेसन १ सय ६३, फ्लाइट इन्जिनियर ६ र एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन (ATM) २ सय ५२ जना प्राविधिक जनशक्तिले प्राधिकरणबाट लाइसेन्स प्राप्त गरेका छन्।

११.३८ ICAO द्वारा निर्धारित स्तरको विमानस्थल उद्धार तथा अग्नी निवारण सेवा विस्तार, विकास एवम् सुदृढीकरण गर्ने नीतिअनुरूप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ८ - क्याटगरीको सेवा सञ्चालन हुँदै आएको छ। पोखरा, सिमरा, गौतमबुद्ध, विराटनगर तथा नेपालगञ्ज विमानस्थलहरूमा ५ - क्याटगरीको सेवा प्रदान गर्न सकिने गरी Fire Vehicles उपलब्ध भई सेवा सञ्चालनमा रहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका उद्धार तथा अग्नि निवारण सेवाको हालको क्याटगरी आठबाट सेवा अभिवृद्धि गरी क्याटगरी नौबाट सेवा सञ्चालन गर्ने उद्देश्यले सोको लागि आवश्यक पर्ने Fire Vehicle खरिद गर्ने कार्यको लागि Tender Document तयारीको अन्तिम चरणमा रहेको र उद्धार तथा अग्नि निवारण सेवा प्रदान गरिएका अन्य विमानस्थलहरूमा सो सेवालाई ICAO को मापदण्डअनुरूप सेवा सुविधा वृद्धि गर्न तीन-वर्षीय अन्तरिम योजना तयार पारिएको छ।

११.३९ विमानस्थल उद्धार तथा अग्नि निवारण सेवालाई आवश्यक जनशक्ति थप गरिएको र सेवालाई सुचारूरूपले सञ्चालन गर्न दक्ष जनशक्ति परिचालन गरी अग्नि निवारण यन्त्रलाई मर्मत सम्भार कार्य गर्दै आइएको छ ।

११.४० नागरिक उड्डयनसम्वन्धी दक्ष जनशक्ति स्वदेशमा उत्पादन गर्ने कार्यलाई निरन्तरता दिने नीतिअनुरूप नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट विभिन्न प्रकारका तालिमहरू Computer, ATS Refresher, AIP (Pilots), AIP FD, Fire Fighting & Equipment Operation, AVSEC Field Base, Pre-board Passenger Screening, Advance RFF, RFF Field Base, TIA Security Orientation, AFIS Refresher, Basic VOR/DME, ATSEP License, Radio Line Technician, Electrical Line Technician Orientation, PPS, AVSEC (Officer Level) लगायतका विभिन्न क्षेत्रका तालिम सम्पन्न भएका छन् । चालू आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा प्रशिक्षण प्रतिष्ठानबाट विभिन्न क्षेत्रका २० वटा समूहमा तालिम सञ्चालन गरी २ सय ५० जनालाई तालिम प्रदान गरिएको छ ।

सूचना तथा सञ्चार

हुलाक सेवा

११.४१ हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरूबाट चिठ्ठीपत्र पुलिन्दा ओसार पसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक वचत बैंक सञ्चालन, धनादेश सेवा, E-DV को फाराम भर्ने सेवा, द्रुत डाँक सेवा र e-post जस्ता विविध सेवा सञ्चालन भएका छन् ।

तालिका ११(घ) : भौगोलिक क्षेत्रमा भएका हुलाक कार्यालयको विवरण

हुलाक सेवा	*हिमाली*	*पहाडी*	*तराई*	*जम्मा*
क्षेत्रीय हुलाक निर्देशनालय				५
जिल्ला हुलाक कार्यालय				७०
इलाका हुलाक कार्यालय	१७०	३७२	३००	८४२
अतिरिक्त हुलाक कार्यालय	४९२	१,५४१	१,०४१	३,०७४
कुल जम्मा				३,९९१

स्रोत : हुलाक सेवा विभाग

११.४२ हुलाक सेवा विभाग अन्तर्गतका ४ वटा हुलाक निर्देशनालयले र काठमाडौमा गोश्वारा हुलाक कार्यालयले जिल्ला हुलाकको समेत काम गर्दै आएका छन् । यस विभाग अन्तर्गत काठमाडौमा केन्द्रीय धनादेश कार्यालय, केन्द्रीय टिकट भण्डार, हुलाक प्रशिक्षण केन्द्र, फिलाटेलिक व्युरोसमेत रहेका छन् । यस विभागले हुलाक सेवासँग सम्बन्धित उपर्युक्त कार्यहरूका अतिरिक्त चालू आर्थिक वर्षको प्रथम आठ महिनामा हिमाली जिल्लाहरूमा १२ वटा र पहाडी जिल्लाहरूमा ४६ वटा गरी ५८ वटा टेलिसेन्टर स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ । १ सय १७ वटा विभिन्न हुलाक कार्यालयहरूले हुलाक वचत बैंक सेवा सञ्चालन गर्दै आएका छन् ।

दूरसञ्चार सेवा

११.४३ केही वर्ष यतादेखि दूरसञ्चार सेवामा उल्लेखनीय प्रगति भएको छ। दूरसञ्चार क्षेत्रको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले चालू आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा १५ वटा इजाजत प्रदान गरेको छ।

तालिका ११(ङ) : टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार

शीर्षक	आर्थिक वर्ष			
	२०६३/६४	२०६४/६५	२०६५/६६*	२०६५/६६ फागुनसम्मको कुल जम्मा
कुल जम्मा				
(क) नगर क्षेत्र संख्या	५८	५८	५८	५८
(ख) टेलिफोन लाइन वितरण संख्या	४,८५,९९७	५,२८,३९०	१,९४,२५८	७,२३,६४८
(ग) टेलिफोन लाइन प्रतिहजार जनसंख्यामा**	२१.०	२३.०	-	३१.०

** प्रथम आठ महिना, ** राष्ट्रिय जनगणना २०५८ को जनसंख्या (२,३१,५१,४२३) मा आधारित*
द्रष्टव्य : सबै एक्सचेञ्जहरू डिजिटल स्वचालितमा रहेको
स्रोत : नेपाल दूरसञ्चार कम्पनी, भद्रकाली प्लाजा, काठमाडौं



११.४४ यस आर्थिक वर्षको फागुन मसान्तसम्ममा सबै नगरक्षेत्रहरू र थप १ सय २० गाउँ विकास समितिमा गरी ३ हजार ४ सय ७९ गाउँ विकास समितिमा टेलिफोन सेवा पुगेको छ। यस अवधिमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट सञ्चालित ADSL सेवा समेत गरी Internet Subscribers को सङ्ख्या १ लाख १५ हजार ८ सय १८ पुगेको छ। यस आर्थिक वर्षको फागुन मसान्तसम्म PSTN टेलिफोन ७ लाख २३ हजार ६ सय ४८, GSM Mobile ४१ लाख ६३ हजार ४ सय ९५, CDMA Mobile ७ लाख २२ हजार ८ सय ४१, CDMA Fixed २ लाख ४५ हजार २५ र GMPCS १ हजार ५ सय १७ गरी जम्मा ५८ लाख ५६ हजार ५ सय २६ टेलिफोन ग्राहक सङ्ख्या पुगेको छ। विश्व बैंकको ऋण सहयोगमा सञ्चालित दूरसञ्चार क्षेत्र सुधार आयोजनामार्फत फ्रिक्वेन्सी मनिटरिंग उपकरणहरू प्राप्त भई Automated Monitoring System स्थापना भएको छ।

सूचना सम्प्रेषण

११.४५ सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभाग, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति (रासस) र प्रेस काउन्सिल नेपालले छापा सञ्चारमाध्यमबाट सूचना सम्प्रेषणको काम गरिरहेका छन् । गोरखापत्र संस्थानले २०६५ फागुन मसान्तसम्म २८ विभिन्न राष्ट्रिय भाषामा समाचार लेख रचना आदि प्रकाशन गरेको छ ।

११.४६ प्रेस काउन्सिल नेपालले पत्रकारिताको विकासका लागि बैंक कर्जामा व्याज सहुलियत उपलब्ध गराउँदै आउनुका साथै गोपालदास पत्रकारिता पुरस्कार एवम् महिला सशक्तिकरण पुरस्कार प्रदान गर्दै आएको छ । राष्ट्रिय समाचार समितिबाट अडियो न्यूज सञ्चालनका लागि स्टुडियोको तयारी भइरहेको छ । राष्ट्रिय समचार समितिका क्षेत्रीय तथा अञ्चल कार्यालयको सुदृढीकरण गर्ने कार्य पनि सम्पन्न भएको छ । सूचना विभागद्वारा श्रमजीवी पत्राकारसम्बन्धी ऐन तथा नेपाल पत्रिका प्रकाशन भएका छन् भने ६३ जनालाई आधारभूत पत्रकारिता र रेडियो उद्घोष तालिम प्रदान गरिएको छ ।

११.४७ २०६५ फागुन मसान्तसम्ममा विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाहरूको सङ्ख्या ५ हजार २ सय ५८ पुगेको छ । तीमध्ये दैनिक ३ सय ९८ वटा, अर्द्ध-साप्ताहिक १६ वटा, साप्ताहिक १ हजार ९ सय ५७ वटा, पाक्षिक ३ सय ७६ वटा, मासिक १ हजार ५ सय ६२ वटा, द्वैमासिक ३ सय १ वटा, त्रैमासिक ४ सय ७२ वटा, चौमासिक २६ वटा, अर्द्ध-वार्षिक ६९ वटा र वार्षिक ८१ वटा पत्रपत्रिकाहरू रहेका छन् ।

तालिका ११(च) : भाषागतरूपमा पत्रिकाहरूको सङ्ख्या

भाषा	सङ्ख्या
नेपाली	३,६४३
अङ्ग्रेजी	४०१
नेपाली-अङ्ग्रेजी	८९८
नेवारी	२९
हिन्दी	१५
मैथिली	१५
थारू	६
तामाङ्ग	३
भोजपुरी	४
संस्कृत	२
उर्दू	२
तिब्बती	१
लिम्बू	२
डोटेली	२
राई	१
अन्य	२३४
जम्मा	५,२५८

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

टेलिभिजन प्रसारण सेवा

११.४८ हाल नेपालमा सरकारी स्वामित्वका २ वटा तथा निजीक्षेत्रका २२ वटा गरी २४ वटा टेलिभिजन च्यानलले अनुमति प्राप्त गरी १० वटा टेलिभिजन च्यानलहरू प्रसारणरत छन्। सरकारी स्वामित्वमा रहेको नेपाल टेलिभिजनले प्रसारण विस्तार गरी घरघरमा निःशुल्क सिग्नल पुऱ्याउने क्रममा चमेरे र तेह्रथुम केन्द्रमा ट्रान्समिटर एण्टेना सिस्टमलगायतका उपकरण जडान गर्ने कार्य प्रायः सम्पन्न गरेको छ। त्यसैगरी, पाल्पा प्रसारण केन्द्रबाट पनि परीक्षण प्रसारणको तयारी भइरहेको छ। फुल्चोकी र दाउन्ने प्रसारण केन्द्रबाट NTV 2 को भू-सतही प्रसारण विस्तार गरिएको छ। NTV 2 बाट समावेशी प्रकृतिका कार्यक्रमहरू प्रसारण गरिएका छन्। नेपाल टेलिभिजनले स्याटलाईटका माध्यमबाट स्वदेश तथा विदेशमा प्रसारण विस्तार गरिरहेको छ। यसको प्रसारण पहुँच हाल भू-सतही माध्यमबाट ७० प्रतिशत जनतामा रहेको र हाल निर्माण प्रक्रियामा रहेका प्रसारण केन्द्रहरू सञ्चालनमा आएपश्चात् केही समयभित्रै ७१ प्रतिशत जनसंख्यामा र क्षेत्रफलको हिसावले ४७ प्रतिशत पुग्ने छ। त्यस्तै, NTV 2 को प्रसारण ४० प्रतिशत जनसंख्यामा र भौगोलिकरूपमा २५ प्रतिशत पुग्ने छ।

रेडियो प्रसारण सेवा

११.४९ सरकारी स्वामित्वमा रहेको रेडियो नेपालले Short Wave, Medium Wave र Frequency Modulation को माध्यमद्वारा रेडियो प्रसारण गरिरहेको छ भने २०६५ फागुन मसान्तसम्म निजी क्षेत्रबाट सञ्चालन हुने गरी अनुमतिप्राप्त FM को सङ्ख्या ३ सय २१ रहेकोमा १ सय ६२ वटा FM रेडियोहरू सञ्चालित छन्। रेडियो नेपालको प्रसारण पहुँच क्षेत्र MW बाट ८५ प्रतिशत, FM बाट ४० प्रतिशत र SW बाट १०० प्रतिशत रहेको छ। MW तथा FM बाट प्रसारण पहुँच वृद्धि गर्न दार्चुला, बझाङ, गोरखा र गुल्मीमा FM रिले केन्द्र स्थापनाको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। रेडियो नेपालले समावेशी कार्यक्रम अन्तर्गत विभिन्न राष्ट्रिय भाषामा समाचार र अन्य कार्यक्रमहरू प्रसारण गर्दै आइरहेको छ।

केबुल टेलिभिजन प्रसारण सेवा

११.५० चालू आर्थिक वर्षको प्रथम आठ महिनामा थप ३९ वटा केबुल टेलिभिजनहरूले इजाजतपत्र प्राप्त गरी इजाजतप्राप्त केबुल टेलिभिजनको कुल सङ्ख्या ५ सय ५६ पुगेको छ। सञ्चालन भइरहेको केबुल टेलिभिजनको सङ्ख्या भने हिमाली क्षेत्रमा ५८, पहाडी क्षेत्रमा २ सय १४ र तराई क्षेत्रमा २ सय ८४ पुगेको छ।

मुद्रण सेवा

११.५१ सुरक्षण मुद्रणको अवधारणाका साथ स्वायत्त, सक्षम एवम् व्यावसायिक स्तरयुक्त सेवा गर्नुपर्ने आवश्यकता महसुस गरी मुद्रण विभागले सोहीअनुरूप कार्यक्रम प्रस्ताव गर्दै आइरहेको छ। मुद्रण विभागबाट नेपाली नागरिकता प्रमाणपत्र, भिसा स्टिकर, आर्थिक सर्वेक्षण, बजेट वक्तव्य, प्रश्नपत्रहरू, संवैधानिक अङ्गका प्रतिवेदनहरू, वैदेशिक रोजगार अनुमतिपत्र आदि छपाइ गर्दै आइरहेको छ।

चलचित्र

११.५२ नेपाली कला संस्कृतिलाई संरक्षण गर्दै चलचित्रक्षेत्रको विकास र विस्तार एवम् देश विदेशमा नेपाली चलचित्रको प्रचार प्रसार गर्ने कार्यका लागि चलचित्र विकास बोर्ड क्रियाशील रहेको छ। यस अवधिमा चलचित्र निर्माण प्रदर्शन तथा वितरण ऐन २०२६ र चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली २०५७ को संशोधनको कारवाही भइरहेको छ भने नियमावलीका केही अनुसूचीहरू संशोधन भएका छन्। बोर्डको भवनमा रहेको थिएटर हलमा उपकरणहरू जडान कार्य जारी रहेको छ। चलचित्र अनुगमन समिति गठन भई चलचित्र घरको अनुगमन कार्य सुरू गरिएको छ। यस अवधिमा चलचित्र निर्माण गर्न इजाजत प्रदान गरिएको सङ्ख्या १ सय १०, निर्माण गरिएका चलचित्र ४०, प्रदर्शित नेपाली चलचित्र ५७ र प्रदर्शित विदेशी चलचित्र १० वटा रहेको तथा जाँचपास भएका चलचित्र सङ्ख्या ९४, जाँचपास भएका विज्ञापन ८९ र विदेशी चलचित्र निर्माण गर्न इजाजत प्रदान गरिएको सङ्ख्या ३६ रहेको छ।

१२. सामाजिक क्षेत्र

शिक्षा

सामुदायिक विद्यालय

१२.१ प्राथमिक शिक्षा सेवाका कार्यहरु स्थानीय निकायमार्फत सञ्चालन हुने गरी निक्षेपण गर्ने नीतिअनुरुप सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा दिने कार्यक्रमका सन्दर्भमा हालसम्म विभिन्न तहका गरी जम्मा ८ हजार २ विद्यालय (प्राथमिक तह ५ हजार ४ सय ७१, निमावि तह १ हजार ६ सय ९५ तथा मावि तह ८ सय ३६) समुदायमा जिम्मा दिने कार्य सम्पन्न भइसकेको छ। मुलुकमा शान्ति स्थापना भई समुदायको क्षमतासमेतमा अभिवृद्धि भएकाले विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा लिने दरमा मुलुकभरि नै अपेक्षाकृतरुपमा प्रगति भएको छ। यसबाट सरोकारवालाको प्रत्यक्ष सहभागिता, पारदर्शिता र कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता आउने भएकाले समुदायमा व्यवस्थापन जिम्मा लिएका विद्यालयको शैक्षिक स्तर सुधारोन्मुख हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ सम्म विद्यालयहरु हस्तान्तरण गर्ने कार्य प्राथमिक, नि.मा.वि. र मा.वि. गरी ६ हजार ५ सय ९० पुगेको थियो भने आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा १ हजार ४ सय १२ विद्यालयहरु समुदायमा हस्तान्तरण भइसकेका छन्। समुदाय विद्यालय सहयोग कार्यक्रम (Community School Support Programme, CSSP) र सबैका लागि शिक्षा (Education for All, EFA) कार्यक्रमको विभिन्न आर्थिक वर्षहरुको लक्ष्य र प्रगति निम्न बमोजिम रहेको छ :

तालिका १२(क) : विभिन्न आर्थिक वर्षमा समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरुको विवरण

क.सं	*आर्थिक वर्ष*	*लक्ष्य*		*प्रगति*	
		समुदाय विद्यालय सहयोग कार्यक्रम	सबैको लागि शिक्षा	समुदाय विद्यालय सहयोग कार्यक्रम	सबैको लागि शिक्षा
१	२०५९/६०	-	१००	९३	९०७
२	२०६०/६१	-	१०००	-	-
३	२०६१/६२	५००	१०००	५००	५९२
४	२०६२/६३	५००	१०००	१४६	९५
५	२०६३/६४	७५२	८४८	३३९	६१०
६	२०६४/६५	-	२५००	३३०८	-
७	२०६५/६६*	-	-	-	१४१२
जम्मा		-	-	-	८००२

* आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्मको

स्रोतः शिक्षा मन्त्रालय

बाल विकास कार्यक्रम

१२.२ सबैका लागि शिक्षाको प्रमुख लक्ष्य अनुसार बाल विकास तथा विस्तारको सुनिश्चितता अन्तर्गत विशेषतः अत्यन्त पिछडिएका समुदायका बालबालिकाहरुको लागि समुदाय एवम् विद्यालयमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन भइरहेका छन्। यसै सिलसिलामा आर्थिक वर्ष २०६१/६२ मा ७ हजार २३, २०६२/६३ मा ६ हजार र २०६३/६४ मा ३ हजार ५ सय गरी कुल १६ हजार ५ सय २३ बालविकास केन्द्रहरु स्थापना गर्ने कार्यक्रम रहेकोमा २०६३/६४ को अन्त्यसम्ममा १५ हजार ७ सय ४ बाल विकास केन्द्रहरु स्थापना भएका थिए। दशौं योजनामा १३ हजार प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा तीनवर्षीय अन्तरिम योजनामा १३ हजार बालविकास केन्द्रहरु मध्ये ४ हजार पिछडिएको तथा लोपोन्मुख समुदायका बालबालिकाहरुका लागि स्थापना गर्ने कार्यक्रम रहेको छ। चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्मा २० हजार २३ बालविकास केन्द्र स्थापना भइसकेका छन्।

छात्रवृत्ति कार्यक्रम

१२.३ आर्थिक वर्ष २०६४/६५ मा प्राथमिक तहमा अध्ययनरत छात्राहरुमध्ये आर्थिक दृष्टिले कमजोर एवम् विपन्न वर्गका ५० प्रतिशत छात्राहरु अर्थात ६ लाख १२ हजार ८ सय ६७ लाई छात्रवृत्ति प्रदान गर्ने लक्ष्य रहेकामा ६ लाख ७ हजार ४ सय १ छात्राहरुलाई वितरण गरियो। सबै ७ लाख ७२ हजार ९ सय २३ दलित विद्यार्थीहरुलाई सबैका लागि शिक्षा कार्यक्रममार्फत छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोमा ७ लाख ४० हजार ७ सय १० लाई वितरण गरियो। त्यसै गरी माध्यमिक शिक्षा सहयोग कार्यक्रममार्फत माध्यमिक शिक्षा छात्रवृत्तिअन्तर्गत नि.मा.वि. र मा.वि. तहमा अध्ययनरत ६० हजार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने लक्ष्य रहेकोमा ५९ हजार ५ सय १७ लाई वितरण गरियो। नि.मा.वि. र मा.वि. तहमा अध्ययनरत सबै दलित अर्थात १ लाख १९ हजार ६ सय ८६ जनालाई वितरण गर्ने लक्ष्य रहेकोमा सबैलाई छात्रवृत्ति प्रदान गरिएको छ। चेपाङ, राउटे, मुसहर, डोम, दुसाध, बादी जस्ता सीमान्तकृत जातिका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययनरत ३ हजार ३ सय २४ जना विद्यार्थीहरुका लागि माध्यमिक शिक्षा सहयोग कार्यक्रमको तर्फबाट रकम वितरण गर्ने लक्ष्य रहेकोमा २ हजार ७ सय ४२ लाई वितरण गरियो। हिमाली छात्रावास छात्रवृत्ति ३ सय ३७ जना विद्यार्थीहरुलाई वितरण गर्ने कार्यक्रम रहेकोमा सत्प्रतिशत प्रगति भयो। चालू आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा ५० प्रतिशत छात्रा छात्रवृत्तितर्फ ४ लाख ८६ हजार ५ सय ३९ जनाले छात्रवृत्ति पाएका छन् भने दलिततर्फ ४ लाख ७६ हजार ८४ ले छात्रवृत्ति प्राप्त गरेका छन्। सहिदका छोराछोरीका लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रमअनुसार ४१ जना र सीमान्तकृत वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने कार्यक्रमअनुसार ४७ हजार ९ सय ४९ जनालाई छात्रवृत्ति वितरण भएको छ।

दुर्गम क्षेत्रका विद्यार्थीहरुका लागि सहयोग कार्यक्रम

१२.४ कर्णाली अञ्चलका सबै जिल्लाका विद्यालय तहमा अध्ययनरत सबै छात्रा र दलितलाई छात्रवृत्ति उपलब्ध गराइनुका साथै कर्णाली अञ्चलका सबै जिल्लाका प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्था गरिएको छ ।

अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम

१२.५ आर्थिक वर्ष २०६४/६५ मा अपाङ्ग बालबालिकाहरुलाई अपाङ्गताका आधारमा क, ख, ग र घ चार तहमा विभाजन गरी ९ हजार ९ सय १६ जनालाई १० महिनाको छात्रवृत्ति वितरण गर्ने लक्ष्य रहेकोमा ९ हजार ८ सय ८३ लाई वितरण भएको थियो । माध्यमिक शिक्षा सहयोग कार्यक्रममार्फत नि.मा.वि. र मा.वि.मा अध्ययनरत १ हजार ५ सय ९० जनालाई छात्रवृत्ति वितरणमा लक्ष्य अनुसारको प्रगति भएको थियो । बहिरा, दृष्टिविहीन तथा शारीरिक अपाङ्गता भएका विद्यार्थीहरुका लागि सहयोग पुर्‍याउन ३ सय ११ विद्यालयलाई अनुदान दिने कार्यक्रम रहेकामा ३ सय १ विद्यालयलाई प्रदान गरिएको थियो । समाहित शिक्षाका लागि ३ सय ४० स्रोत कक्षा र ४७ ओटा लेखाजोखा केन्द्र सञ्चालनमा रहेकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनामा १० वटा स्रोत कक्षा र १५ ओटा लेखाजोखा केन्द्र थप भई सञ्चालनमा रहेका छन् । त्यस्तै, आर्थिक वर्ष २०६५/६६ मा १३ हजार ४ सय ३२ जना अपाङ्गता भएका छात्रछात्राहरुलाई छात्रवृत्ति वितरण गर्ने लक्ष्य रहेकोमा फागुन मसान्तसम्ममा ८ हजार १ सय १ छात्रछात्राहरुलाई वितरण गरिएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र

१२.६ आर्थिक वर्ष २०६४/६५ मा २.५ महिने प्राथमिक शिक्षक तालिम कोटा पहिलो र तेस्रो चरणमा १० हजार ५ सय र दोस्रो चरणमा ५ हजार ५ सय मध्ये क्रमशः ८ हजार ७ सय १४ र ५ हजार ६ सय ५७ ले तालिम लिएका थिए । नि.मा.वि र मा.वि तहका शिक्षकहरुको सेवाकालीन तालिमको संशोधित कोटा ४ हजार ५ सय, पहिलो र तेस्रो मोडुलको विद्यालयमा आधारित १.५ महिने ४ हजार ७ सय ५० र दोस्रो मोडुलको २ हजार २ सय कोटामध्ये क्रमशः ४ हजार ४ सय ६, ४ हजार ४ सय ६७ र १ हजार ८ सय ५८ जनाले तालिम लिएका थिए । छात्रवृत्तिबाट सञ्चालित पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिमका ४ सय १० जनामध्ये ४ सय ७ जना सहभागीको दोस्रो सेमेस्टरको परीक्षा सञ्चालन भइसकेका छन् । त्यस्तै, प्राथमिक तहका प्रधानाध्यापकहरुका लागि व्यवस्थापन तालिम ४ सय र छोटो अवधिको प्राथमिक शिक्षक तालिम १ हजार ८० जनालाई दिने लक्ष्य रहेकोमा क्रमशः ३ सय ९२ र १ हजार २६ जनालाई प्रदान गरिएको थियो । रोष्टर प्रशिक्षकको क्षमता विकास तालिम २ सय ४ र रा.प. प्रथम श्रेणीका अधिकृतहरुको एक हप्ते तालिम २५ जनालाई दिने कार्यक्रम रहेकोमा शत् प्रतिशत प्रगति भएको थियो । त्यस्तै, तालिम प्रभावकारिता क्षेत्रीय कार्यशाला ७ वटा र ३० कार्य दिने रा.प.तृतीय श्रेणीका अधिकृतहरुको व्यवस्थापन तालिम २५ जनालाई दिने लक्ष्य रहेकोमा सबै पूरा भएको थियो ।

नि.मा.वि./मा.वि. तहका प्रधानाध्यापकको लागि व्यवस्थापन तालिम १ हजार ३ सय ७५ र सोही तहमा प्रशिक्षक प्रशिक्षण ९ सय जनालाई दिने कार्यक्रम रहेकोमा क्रमशः १ हजार १ सय ८९ र ८ सय ७ जनालाई प्रदान गरिएको थियो ।

१२.७ चालू आर्थिक वर्षमा दक्ष र सीपयुक्त शिक्षकहरुको उपलब्धताका लागि प्राथमिक तहका ३३ हजार १ सय ४१ र माध्यमिक तहका १२ हजार २ सय ५० जनासमेत जम्मा ४५ हजार ३ सय ९१ जना शिक्षकलाई तालिम प्रदान गर्ने लक्ष्यअनुसार हालसम्म प्राथमिक तहको पहिलो चरणमा २ हजार ८ सय ६२, तेस्रो चरणमा ९ सय ३७ जना तथा नि.मा.वि र मा.वि तहमा ५ हजार १ सय ६४ गरी जम्मा ८ हजार ९ सय ६३ जनाले तालिम प्राप्त गरेका छन् । नि.मा.वि. तथा मा.वि तहका ६ सय १९ जनाले ३० कार्यदिने प्रधानाध्यापक व्यवस्थापन तालिम लिएकाछन् भने अन्य विभिन्न मोडुलका तालिममा शिक्षकहरु सहभागी भइरहेका छन् ।

पाठ्यक्रम विकास केन्द्र

१२.८ आ.व २०६४/६५ मा कक्षा ९ र १० का १५ विषयका ३० वटा पाठ्यपुस्तक अद्यावधिक, कक्षा ३ का ५ वटा पाठ्यपुस्तकलाई अन्तिमरूप दिइनुका साथै कक्षा ५ का ५ वटा पाठ्यपुस्तक परिमार्जन गरिएको थियो । त्यस्तै, मातृभाषाका ४ वटा पाठ्यपुस्तक
(याक्खा कक्षा १, राजबंशी र सुनुवार कक्षा २, राई चाम्लिङ्ग कक्षा ५), ९ ओटा सन्दर्भ सामग्री, २ वटा बाल ज्ञान कोशको विकास र प्रकाशन गरिएको थियो । साथै, कक्षा ९ र १० का पाँच विषयका १० वटा पाठ्यपुस्तक अङ्ग्रेजीमा अनुवाद, केन्द्रस्तरमा राष्ट्रिय पाठ्यक्रम प्रारूप प्रवोधीकरण, जिल्ला तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप र कक्षा ३ को पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधीकरण गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ मा केन्द्रबाट विकास गरिएका पाठ्यक्रमलगायतका सामग्रीहरु निजी क्षेत्रबाट मुद्रण तथा वितरण गराउने सन्दर्भमा मुद्रकहरु छनौट गरी उनीहरुलाई मुद्रण योग्य प्रति (Camera Ready Copy -CRC) समेत उपलब्ध गराई उनीहरुबाटै मुद्रण गराई वितरण गर्ने कार्यको थालनीसमेत भइसकेको छ । मदरसा विषयमा पाठ्यक्रम विकास गर्ने सन्दर्भमा मदरसा बोर्ड गठन भएको छ । गुम्बा, गुरुकुल र मदरसाका लागि पाठ्यसामग्री विकास भइरहेको छ । कक्षा ६-८ का पाठ्यपुस्तकको CRC निर्माण कार्य हुनुका साथै कक्षा ९ र १० का पाँच वटा पाठ्यक्रम अद्यावधिक गर्ने कार्य भइरहेको छ ।

शिक्षाको नयाँ नेपाल निर्माण अभियान

१२.९ आर्थिक वर्ष २०६५/६६ मा शिक्षा क्षेत्रमा नयाँ नेपाल निर्माण अभियान अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् :

(क) **सहिदका छोराछोरीका निम्ति आवासीय विद्यालय (सहिद प्रतिष्ठानमार्फत)**

सशस्त्र द्वन्द्वका क्रममा वीरगति प्राप्त गरेका सहिदका परिवारको शिक्षाको उचित व्यवस्थाका लागि पाँचै विकास क्षेत्रमा सहिद प्रतिष्ठानमार्फत आवासीय विद्यालयहरु सञ्चालन गरिने सम्बन्धमा सहिद प्रतिष्ठान, नेपालमार्फत कार्यक्रम सञ्चालन गर्न अनुमति दिइसकिएको छ। उक्त कार्यक्रम राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई रु. २ करोड ५७ लाख ५० हजार निकासा समेत भइसकेको छ। साथै, उक्त प्रतिष्ठानबाट दोलखामा विद्यालय निर्माण गर्न रु. ६ लाख ४ हजार ५ सय निकासा दिइएको छ।

(ख) **राष्ट्रिय साक्षरता अभियान**

यस अभियान अन्तर्गत साक्षरोत्तर शिक्षाको जिल्ला प्रशिक्षक तालिम, ५ विषयको विषयगत तालिम प्याकेज निर्माण, स्थानीय निरीक्षकको लागि तालिम प्याकेज निर्माण र पहिलो चरणको साक्षरता अभियान सम्पन्न हुनुका साथै ४३ जिल्लाका १ सय २६ कक्षाको अनुगमन समेत भइसकेको छ। २०६५ साल माघ १ गतेदेखि साक्षरता अभियानको कक्षा सञ्चालनार्थ सम्माननीय प्रधानमन्त्रीज्यूबाट कार्यक्रमको शुभारम्भ भई पहिलो चरणमा सहभागी भएको सङ्ख्या ११ लाख १७ हजार ५ सय ३० र कक्षा केन्द्र सङ्ख्या ३८ हजार १६ रहेको छ। साथै, कार्यक्रमलाई सफल बनाउन परिचालित साक्षरता स्वयम्सेवक ३८ हजार १६ र स्थानीय निरीक्षक ४ हजार १३ गरी ४२ हजार २९ जनाले रोजगारी समेत पाएका छन्।

(ग) **विश्वविद्यालयको स्थापना**

आठ जिल्लाका एक-एक ओटा आंगिक सामुदायिक क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस बनाउने नीति अनुरुप विश्वविद्यालयबाट कारवाही अगाडि बढाइएको छ। देशको सबै क्षेत्रमा विश्वविद्यालय स्थापना गर्ने सरकारी नीति बमोजिम मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, खुल्ला विश्वविद्यालय र कृषि, वन तथा पशुविज्ञान विश्वविद्यालय स्थापनाका लागि कारवाही भइरहेको छ।

(घ) **माध्यमिक शिक्षा**

मा.वि तथा उच्च मा.वि.मा अध्ययनरत दलित, अति सीमान्तकृत एवं लोपोन्मुख र कर्णालीका सबै विद्यार्थीलाई निःशुल्क शिक्षाका लागि विद्यालय सुधार योजना अन्तर्गत अनुदान निकासा दिइएको छ। यस्तै, पाठ्यपुस्तकका लागि जिल्ला शिक्षा कार्यालयहरुमा निकासा दिइनुका साथै विद्यालय सुधार योजना र पाठ्यपुस्तक अनुदानका लागि समेत रकम निकासा भइसकेको छ।

शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

१२.१० खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरुका समुदायका बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँचमा अभिबृद्धि गर्न तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउन दीर्घकालिन परियोजना सञ्चालन गर्ने नीति रहेको छ। विद्यार्थी भर्नादर तथा हाजिरी प्रतिशतमा बृद्धि गर्न, विद्यालयबाट कक्षा छाडी हिड्ने दरलाई घटाउन, विद्यार्थीको अध्ययन क्षमता बृद्धि गर्न र विद्यार्थीहरुको पोषण एवं स्वास्थ्य स्थितिमा सुधार ल्याउने नीति समेत रहेको छ। साथै, छात्राहरुको भर्ना प्रतिशतमा बृद्धि गर्ने, गर्भवती तथा सुत्केरी आमा एवं शिशुहरुको स्वास्थ्य सुधारमा टेवा पुऱ्याउने कार्यक्रम रहेको छ। विद्यालय परिवार र समुदायको संयुक्त प्रयासमा लैगिंक भेदभाव हटाई कार्यक्रममा आमा (महिला) हरुको सहभागिता बढाउने अल्पकालीन उद्देश्य लिई परियोजना सञ्चालन गरिएको छ।

१२.११ आर्थिक वर्ष २०६४/६५ मा शिक्षाका लागि खाद्य कार्यक्रम परियोजनातर्फ दिवा खाजा कार्यक्रम अन्तर्गत १३ जिल्लाका प्रा.वि. तहका विद्यार्थीहरुलाई हलुवा प्रदान गर्ने र छात्रछात्राको भर्ना वार्षिक ५ प्रतिशतले बृद्धि गर्ने गरी २ लाख ९ हजार जनालाई दिवा खाजा खुवाउने कार्यक्रम रहेकोमा १ लाख ४५ हजार १३ जनालाई दिवा खाजा खुवाइएको थियो। त्यस्तै, छात्रा उत्प्रेरणा कार्यक्रम अन्तर्गत ९ जिल्लाका छात्राहरु (जो प्रति महिना ८० प्रतिशत भन्दा बढी हाजिरी हुन्छन्) लाई प्रति छात्रा प्रति महिना २ लिटरका दरले खाने तेल उपलब्ध गराई वार्षिक भर्ना दर ५ प्रतिशत वृद्धि गर्न ६० हजार ३ सय ५० छात्राहरुलाई तेल उपलब्ध गराउने कार्यक्रम रहेकोमा ४१ हजार ६६ जनाले मात्र सो सुविधा प्राप्त गरेका थिए। मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरु र ३ बर्ष मुनिका बच्चाहरुलाई प्रत्येक महिना ७ के.जी.का दरले न्यूट्रिमिक्स प्रदान गर्ने र यसबाट वार्षिक कम तौलका (Under Weight) १० प्रतिशत र रक्त अल्पता ७ प्रतिशतका दरले घटाउने कार्यक्रम अनुसार ४२ हजारलाई उक्त सुविधा प्रदान गर्ने लक्ष्य रहेकोमा ३३ हजार ५ सय ५७ जनाले मात्र पाएका थिए। साथै, जुका निवारण औषधि (Albendazole Tablet) १३ जिल्लाका प्रा.वि. तहका विद्यार्थीहरुलाई बर्षको २ पटक (६/६ महिनामा) वितरण गरी जुकाको संक्रमण एक तिहाईले घटाउने गरी २ लाख ९ हजार जनालाई लक्षित गरिएकोमा शत्प्रतिशत प्रगति भएको थियो। पौष्टिक आहारतर्फ ९ हजार ३ सय मेट्रिक टन पिठो र घ्यू खर्च गर्ने लक्ष्य रहेकोमा ६ हजार ८ सय ३० मेट्रिक टन मात्र खर्च भएको थियो।

१२.१२ आर्थिक वर्ष २०६५/६६ मा दिवा खाजातर्फ दैलेख, रुकुम, सल्यान, डोटी, डडेल्धुरा, अछाम, बैतडी, दार्चुला, बाजुरा, बझाङ्ग, जाजरकोट गरी ११ जिल्लाहरुमा १ लाख ७० हजार कोटा/सहायतार्थी संख्या अर्थात् कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई दैनिक १ सय १० ग्रामका दरले युनीलिटो ३ हजार ७ सय ४० र घ्यू ३ सय ७५ मे.टन उपलब्ध गराइने कार्यक्रम रहेको छ। त्यस्तै, छात्रा उत्प्रेरणातर्फ सल्यान, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दैलेख, बझाङ्ग, बाजुरा, जाजरकोट, दार्चुला, रुकुम तथा तराईका

पर्सा, रौतहट, धनुषा, सर्लाही र महोत्तरी गरी १६ जिल्लाका मासिक ८० प्रतिशत उपस्थिति भएका ५० हजार कक्षा २-५ छात्राहरुलाई प्रति महिना २ लिटर खाने तेल दिने कार्यक्रम बमोजिम ९ सय ६८ मे.टन खाने तेल उपलब्ध गराइनेछ। त्यस्तै, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमतर्फ सल्यान, दैलेख, डडेल्धुरा, डोटी, अछाम, बैतडी, बझाङ्ग, बाजुरा र दार्चुला गरी ९ जिल्लामा ३१ हजार कोटा उपलब्ध गराइने र गर्भवती, सुत्केरी एवम् ६ देखि ३६ महिनाको बच्चालाई हेल्थपोष्टको सिफारिसमा प्रति महिना ७ के.जी. न्यूट्रिमिक्स उपलब्ध गराइने छ। यसरी वार्षिक २ हजार ६ सय ४ मे.टन न्यूट्रिमिक्स उपलब्ध गराइने लक्ष्य रहेको छ। त्यस्तै, जुका नियन्त्रण कार्यक्रमतर्फ १ लाख ७० हजार छात्रछात्रालाई प्रत्येक ६।६ महिनामा एलवेण्डाजोल ट्याव्लेट उपलब्ध गराइने लक्ष्य रहेकोमा प्रथम ६ महिनामा नै उक्त ट्याव्लेट छात्र छात्राहरुलाई खुवाई सकिएको छ।

१२.१३ आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा दिवा खाजातर्फ पिठो १७१८.४५२ मेट्रिक टन र घ्यू १७१.८४५ मेट्रिक टनबाट हलुवा तयार गरी ५ लाख ५३ हजार ५ सय ८ जना छात्राहरुलाई वितरण गरी मासिक औसत प्रगति ९२ हजार २ सय ५१ जना भई ५५ प्रतिशत प्रगति भएको छ। साथै, छात्रा उत्प्रेरणातर्फ १ लाख ६१ हजार ६ सय ४७ छात्राहरुलाई ३२३.५ मेट्रिक टन खाने तेल उपलब्ध गराई मासिक औसत प्रगति २६ हजार ९ सय ४२ भई ६८ प्रतिशत प्रगति भएको छ। त्यस्तै, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमतर्फ १ लाख ८४ हजार ३ सय ३५ सहायतार्थीहरुलाई १२८६.३ मेट्रिक टन न्यूट्रिमिक्स उपलब्ध गराई मासिक औसत २३ हजार ४२ जनालाई वितरण भई ७४ प्रतिशत प्रगति भएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

१२.१४ आर्थिक वर्षहरु २०६४/६५ र २०६५/६६ मा अपनाइएका नीतिगत, कानूनी, संस्थागत, संरचनागत सुधार तथा तिनको उपलब्धी एवं प्रभाव बारे संक्षेपमा विश्लेषणात्मक समीक्षा गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले समयानूकुल संगठनात्मक ढांचालाई परिमार्जन समेत गरेको छ। परिषद् केन्द्रीय कार्यालयलाई चुस्त बनाउन र विकेन्द्रीकरणको सिद्धान्त अनुरुप कार्य सञ्चालन गर्न क्षेत्रीय कार्यालय स्थापना एवं समयसापेक्ष विनियमावलीहरुको संशोधन प्रक्रिया समेत अगाडि बढाइएको छ। विभिन्न निकायमा सञ्चालन भइरहेका तालिमहरु CTEVT अन्तर्गत सञ्चालन गराउनुपर्ने अवस्था छ। बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सीप परिक्षणको प्रमाणपत्र अनिवार्य गराउनुपर्ने अवस्था पनि छ। साथै, परिषद्संग सम्वन्धन प्राप्त गरेका संस्थाहरुबाट उत्पादित प्राविधिक तथा अन्य जनशक्तिलाई उच्च अध्ययनको लागि प्राविधिक विश्वविद्यालयको स्थापना गराउनु पनि रहेको छ।

तालिका १२(ख) : परिषद्बाट सञ्चालित तालिमहरुको लक्ष्य र प्रगतिको विवरण

क्र. सं.	*बिषय*	*आर्थिक वर्ष २०६४/६५*		*आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको*
		लक्ष्य	**प्रगति**	**प्रगति**
१	भर्ना: लामो अवधि	११,०४४	१०,९७९	१,६२२
२	उत्पादन: लामो अवधि	१०,०७६	६,८७९	२,१७३
३	अल्पकालिन तालिम	१०,६९१ व्यक्ति/हप्ता	११,७५५ व्यक्ति/हप्ता	६,१३६ जनालाई चालू
४	सीप परीक्षण	२,६३०	३,९२३	६,०९४
५	विशेष छात्रवृत्ति (DAG)	१५०	१५०	२२५
६	सम्बन्धित शिक्षालयहरुको अनुगमन/निरीक्षण	अनुमानित २२५ वटा संस्थाहरु	अनुमानित २२५ वटा संस्थाहरु	अनुमानित २५० वटा संस्थाहरु

स्रोत : शिक्षा मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

१२.१५ अनौपचारिक शिक्षा नीति २०६३, राष्ट्रिय साक्षरता अभियान कार्यक्रम २०६५ का आधारमा योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा रहेकाछन् । त्यस्तै, सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवं व्यवस्थापन निर्देशिका २०६२ र अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४ पनि कार्यान्वयनमा रहेकाछन् । अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रत्येक गा.वि.स.मा एउटाका दरले र न.पा.को हकमा प्रति वडा एउटाका दरले स्थानीय स्तरमा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने एवम् सामुदायिक अध्ययन केन्द्रहरुको क्षमता अभिवृद्धि गर्ने कार्य समेत भइरहेको छ । अनौपचारिक शिक्षाको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्ययोजना अनुरुप स्वदेश तथा वैदेशिक तालिममा कर्मचारीहरुलाई सरिक गराइनुका साथै अनौपचारिक शिक्षा केन्द्र भित्र आन्तरिक कम्प्यूटर सञ्जाल (Computer Network) स्थापना गरी सञ्चालन र शिक्षाका अन्य केन्द्रीयस्तरका निकायसँग आपसी Network गर्ने कार्य भइरहेको छ । सबै जिल्ला शिक्षा कार्यालयहरुमा अनौपचारिक शिक्षा कार्यक्रम हेर्न स्रोत व्यक्तिको व्यवस्था, अनुगमन कार्यलाई चुस्त बनाउन सेवा निवृत्त शिक्षक र शिक्षा सेवाका कर्मचारी सम्मिलित Roster Monitor को सूची तयार गरी परिचालन गरिदै आएको छ । चालू आर्थिक वर्षमा अनौपचारिक शिक्षातर्फ ५९ जिल्लामा प्रथम चरणको साक्षरता कक्षा र ४३ जिल्लामा Roster अनुगमनकर्ताहरुबाट १ सय २९ साक्षरता कक्षा सञ्चालन भइरहेको छ । साक्षरोत्तर तहको ३ दिने जिल्ला प्रशिक्षक तालिम सम्पन्न गरी ५ सय २२ वटा पुराना कक्षा केन्द्रहरु पनि निरन्तर रुपमा सञ्चालन भइरहेका छन् ।

विद्यालय, विद्यार्थी र शिक्षक अनुपात तालिका

१२.१६ शैक्षिक सत्र २०६५ को प्राप्त तथ्याङ्कअनुसार सरकारी तथा निजीस्तरका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ। शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक सत्र २०६५ मा प्राथमिक विद्यालय ३० हजार ९ सय २४, निम्न माध्यमिक विद्यालय १० हजार ६ सय ३६ र माध्यमिक विद्यालय ६ हजार ५ सय १६ वटा मार्फत पठनपाठन भइरहेको छ।

तालिका १२(ग) : विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

अनुपात (संख्यामा)	*प्राथमिक*	*निम्नमाध्यमिक*	*माध्यमिक*
विद्यार्थी /विद्यालय	१५४.६	१३७.९	१०९.७
शिक्षक/विद्यालय	४.६	३.५	४.१
विद्यार्थी /शिक्षक	३३.३	३९.६	२६.६
विद्यार्थी /तालिमप्राप्त शिक्षक	४९.७	७३.१	३७.२

श्रोत : शिक्षा मन्त्रालय/ शिक्षा विभाग

चार्ट १२(क) : सार्वजनिक विद्यालयको संख्या



श्रोत : शिक्षा मन्त्रालय/शिक्षा विभाग

सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात तालिका

१२.१७ नेपाल सरकारबाट अनुदान प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु र सरकारी विद्यालयहरु सामुदायिक विद्यालय भित्र पर्दछन् भने संस्थागत विद्यालयहरु गुठी वा कम्पनी ऐन अन्तर्गत रही सञ्चालित छन्। शैक्षिक सत्र २०६५ को प्राप्त अनुमानित तथ्याङ्क अनुसार देशका ५ वटै विकास क्षेत्रका सरकारी र निजी तथा सामुदायिकस्तरमा सञ्चालित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात निम्न बमोजिम रहेको छ :

तालिका १२(घ) : शैक्षिक सत्र २०६५ मा प्रति शिक्षक विद्यार्थी अनुपात

क्षेत्र	*प्रति शिक्षक विद्यार्थी अनुपात (सख्यामा)*					
	निजी र सरकारी			*सामुदायिक*		
	प्राथमिक	*निम्नमाध्यमिक*	*माध्यमिक*	*प्राथमिक*	*निम्नमाध्यमिक*	*माध्यमिक*
नेपाल	३३.३	३९.६	२६.६	४३.८	५७.९	३८.६
पूर्वाञ्चल क्षेत्र	३५.८	४७.९	३५.९	४१.७	५७.१	४१.४
हिमाल	३१.२	४०.९	२५.९	३५.३	४८.१	२९.०
पहाढ	३१.१	४७.०	३९.६	३६.१	५४.९	४२.३
तराई	४०.९	५०.३	३५.६	४९.१	६१.५	४३.७
मध्यमाञ्चल	३२.७	३०.२	१९.०	४६.५	५५.९	३५.०
हिमाल	२६.९	४४.५	३१.४	३५.७	५३.४	३४.४
पहाढ	३०.१	३९.२	२३.१	४२.४	६२.८	४२.२
तराई	५६.२	५४.३	३४.७	६२.०	६५.९	३९.२
उपत्यका	१६.७	१६.३	११.३	२२.८	३३.८	२२.६
पश्चिमाञ्चल	२७.१	३९.२	२५.८	३४.६	५२.६	३३.९
हिमाल	५.३	८.१	५.१	५.५	७.६	५.३
पहाढ	२३.४	३६.२	२४.९	२८.६	४९.०	३२.०
तराई	३८.७	५०.८	२९.७	५६.८	६९.६	४३.७
मध्यपश्चिमाञ्चल	४१.२	५३.५	४०.१	५१.४	७०.६	४९.६
हिमाल	३५.०	३३.९	३०.५	३९.९	३७.८	३१.०
पहाढ	४२.५	५३.०	४१.८	५१.७	६६.२	४६.५
तराई	४१.७	६०.२	४०.९	५६.९	९४.७	६३.१
सुदूरपश्चिमाञ्चल	३४.५	५१.५	३८.१	५१.२	६२.५	४३.१
हिमाल	३५.१	३३.९	२४.९	४३.०	४५.६	२९.८
पहाढ	३५.३	४५.२	३१.१	४८.७	५२.९	३५.०
तराई	३३.४	७०.६	५६.०	६२.७	८५.८	६४.४

श्रोत : शिक्षा मन्त्रालय /शिक्षा विभाग

विद्यालयहरुको क्षेत्रगत विवरण

१२.१८ शैक्षिक सत्र २०६५ मा क्षेत्रगत आधारमा सरकारी, सामुदायिक र निजी स्तरमा गरी पूर्वाञ्चलमा प्राथमिक तहमा ६ हजार ६ सय २२, निम्न माध्यमिक तहमा २ हजार १ सय ३१ र माध्यमिक तहमा १ हजार २ सय ७५ वटा, मध्यमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ९ हजार १ सय ८४ वटा, निम्न माध्यमिक तहमा ३ हजार ६ सय ५५ वटा र

माध्यमिक तहमा २ हजार ४ सय ३२ वटा, पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ७ हजार १ सय २ वटा, निम्न माध्यमिक तहमा २ हजार ३ सय ३५ वटा र माध्यमिक तहमा १ हजार ४ सय ९७ वटा, मध्य-पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ४ हजार ६ सय ५ वटा, निम्न माध्यमिक तहमा १ हजार ३ सय ३६ वटा र माध्यमिक तहमा ७ सय ६ वटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ३ हजार ४ सय ११ वटा, निम्म माध्यमिक तहमा १ हजार १ सय ७९ वटा र माध्यमिक तहमा ६ सय ६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । विद्यालयको क्षेत्रगत विवरण तपसिल बमोजिम रहेको छ :

चार्ट १२(ख) : विद्यालयहरुको क्षेत्रगत विवरण (सरकारी/सामुदायिक/निजीस्तरमा सञ्चालित)

सरकारीस्तरबाट सञ्चालित



सामुदायिकस्तरबाट सञ्चालित



निजीस्तरबाट सञ्चालित



श्रोत : शिक्षा मन्त्रालय/शिक्षा विभाग

१२.१९ शैक्षिक सत्र २०६५ मा प्राथमिक विद्यालयमा ४७ लाख ८२ हजार ३ सय १३, निम्न माध्यमिक विद्यालयमा १४ लाख ६६ हजार ८ सय ६२ र माध्यमिक विद्यालयमा ७ लाख १५ हजार ३ सय ७८ विद्यार्थीहरु भर्ना भई पठन पाठन गरिरहेका छन् ।

चार्ट १२(ग) : विद्यार्थी भर्ना संख्या



श्रोत : शिक्षा मन्त्रालय/शिक्षा विभाग

उच्च माध्यमिक शिक्षा परिषद्

१२.२० राष्ट्र निर्माणका लागि विभिन्न क्षेत्रमा आवश्यक मध्यमस्तरीय जनशक्ति तयार गर्ने, विशिष्टीकृत उच्च शिक्षा हासिल गर्नका लागि योग्य विद्यार्थीहरु उत्पादन गर्ने उद्देश्य रहेको उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत आर्थिक वर्ष २०६५ को शैक्षिक सत्रसम्ममा उक्त परिषद्बाट सम्बन्धन प्राप्त उच्च मा.वि.हरुमा सामुदायिकतर्फ १ हजार ३ सय १३, निजी तर्फ ३ सय ७३, १० जोड २ तर्फ १ सय ६० र क्याम्पसतर्फ १ सय ३० गरी कुल संख्या १ हजार ९ सय ७६ रहेको छ। शैक्षिक सत्र २०६५ मा कक्षा ११ मा १ लाख ६ हजार २ सय ५३ र संस्थागत उ.मा.वि.तर्फ ९८ हजार ८ सय ८८ छात्रछात्रा नियमित परीक्षामा सामेल भएका छन् भने कक्षा १२ मा ६० हजार २ सय ९६ र संस्थागत उ.मा.वि.तर्फ १ लाख ३२ हजार ७ सय ७५ छात्र छात्रा नियमित तर्फ परीक्षामा सहभागी भएका छन् । त्यस्तै, कक्षा ११ मा सामुदायिक र संस्थागत गरी २ लाख ६६ हजार ३ सय ५ जना तथा कक्षा १२ मा २ लाख ५ हजार १ सय ४१ छात्रछात्रा नियमितरुपमा अध्ययन गरिरहेका छन् ।

१२.२१ यस शैक्षिक सत्रमा उच्च माध्यमिक शिक्षा परिषदले सञ्चालन गरेका मुख्य कार्यक्रमहरुमा गत वर्ष झैं कम्प्युटर प्रोग्रामिङ्ग, प्रश्नपत्र बैंक निर्माण र सामुदायिक उ.मा.वि. हरुमा अध्ययनरत गरीब, विपन्न, पिछडिएका मधेसी विद्यार्थीहरुलाई शिक्षामा पहुँच पुऱ्याउने विविध कार्यक्रमहरु सञ्चालन गरिएका छन् । सामुदायिक विद्यालयका

उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई निशुल्क अध्ययनको व्यवस्था, अति दुर्गम पिछडिएको बर्ग, दलित, असहाय आदिका छात्राहरुलाई वार्षिक छात्रबृत्ति कार्यक्रम, उ.मा.वि.को शैक्षिक पूर्वाधार तथा शैक्षिक वृद्धि कोष स्थापना, महिला प्रधानाध्यापक/प्राचार्य एवम् ५० प्रतिशत वा सो भन्दा बढी महिला शिक्षिका रहेका सामुदायिक उ.मा.वि.हरुलाई थप शिक्षक तलब अनुदान प्रदान गरिएको छ। शैक्षिक सामग्री सहयोग, दृष्टिविहीन, बहिरा तथा सुष्त श्रवण शक्ति भएको विद्यार्थीहरुलाई उ.मा.वि. शिक्षामा पहुँच पुऱ्याउने विशेष शिक्षा सहयोग कार्यक्रम, शिक्षक कल्याणकारी कोष स्थापना, पाठ्यपुस्तक छनौट तथा लेखन कार्य, एकीकृत शिक्षण सीप तालिम, विज्ञान शिक्षा सहयोग कार्यक्रम, विद्यालय नक्साङ्कन, GIS तालिम तथा ल्याब व्यवस्थापन र सोको प्रयोग जस्ता कार्यक्रमहरु रहेका छन्।

सम्बन्धन प्राप्त विद्यालय संख्या

१२.२२ शैक्षिक सत्र २०६५ सम्म सम्बन्धन प्राप्त सामुदायिक, निजी, दशजोड दुई र क्याम्पसहरुको कुल संख्या विकास क्षेत्रको आधारमा निम्नानुसार रहेको छ :

तालिका १२(ङ) : शैक्षिक सत्र २०६५ सम्म सम्वन्धन प्राप्त उ.मा.वि.हरुको क्षेत्रगत विवरण

विकास क्षेत्र	*सामुदायिक*	*निजी*	*०+२*	*क्याम्पस*	*जम्मा*
पूर्वाञ्चल क्षेत्र	२४७	५३	३१	२३	३५४
मध्यमाञ्चल भित्र	३८४	१९२	१०६	६२	७४४
पश्चिमाञ्चल	३४८	८४	१२	३३	४७७
मध्यपश्चिमाञ्चल	१५६	२५	५	५	१९१
सुदुरपश्चिमाञ्चल	१७८	१९	६	७	२१०
जम्मा	१३१३	३७३	१६०	१३०	१९७६

श्रोत : शिक्षा मन्त्रालय /शिक्षा विभाग

उच्च मा.वि.मा छात्रछात्राको स्थिति

१२.२३ उच्च मा.वि. अन्तर्गत कक्षा ११ र १२ मा शैक्षिक सत्र २०५५ देखि २०६५ सम्म परीक्षामा सम्मिलित एवम् उतीर्ण छात्रछात्राहरुको संख्या निम्नानुसार रहेको छ :

तालिका १२(च) : वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी सङ्ख्या

वर्ष	*कक्षा ११*						*कक्षा १२*					
	सम्मिलित			**उतीर्ण**			**सम्मिलित**			**उतीर्ण**		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
२०५५	८,०८४	४,६२६	१२,७१०	२,६७५	१,५२६	४,२०१	४,४६०	२,६१५	७,०७५	१,७०८	१,०७०	२,७७८
२०५६	११,८८३	६,९५०	१८,८३३	४,२१७	२,५०३	६,७२०	६,२८९	३,८९८	१०,१८७	२,७७१	१,६२४	४,३९५
२०५७	१७,९७५	१०,९५८	२८,९३३	६,६००	३,७१३	१०,३१३	९,८६१	६,१२०	१५,९८१	३,९२६	२,३०९	६,२३५

वर्ष	कक्षा ११						कक्षा १२					
	सम्मिलित			उतीर्ण			सम्मिलित			उतीर्ण		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
२०५८	३०,३४४	१९,६०७	४९,९५१	९,११९	५,३६३	१४,४८२	१४,८०३	८,५६०	२३,३६३	५,३०४	३,०४२	८,३४६
२०५९	२६,४०१	१७,९८९	४४,३९०	९,३८३	५,५८३	१४,९६६	२४,४२०	१६,८७२	४१,२९२	७,७३०	४,५२०	१२,२५०
२०६०	३८,३४१	२७,४६३	६५,८०४	१४,३१७	९,३२३	२३,६४०	२१,५२६	१५,५७३	३७,०९९	७,४८८	४,४७०	११,९५८
२०६१	३७,०७७	२४,३७८	६१,४५५	१५,९८४	९,९१०	२५,८९४	३२,९१५	२४,६९८	५७,६१३	१३,४३४	९,२१२	२२,६४६
२०६२	८६,३५१	६९,९७६	१५६,३२७	४०,८४२	३०,५०२	७१,३४४	५७,०८२	४३,८५८	१००,९४०	३०,८९३	२२,१७०	५३,०६३
२०६३	६२,०५२	४८,३५९	११०,४११	३०,१७१	२०,७११	५०,८८२	४९,३७७	४०,५४३	८९,९२०	२८,४७२	२१,५२६	४९,९९८
२०६४	७९,८०९	६६,९७८	१४६,७८७	३५,०११	२७,२६१	६२,२७२	५५,४४८	४५,३१२	१००,७६०	३१,४५७	२४,६३०	५६,०८७
२०६५	१०६१४५	९८९९६	२०५१४१	४६६४४	३७०४२	८३६८२	७४२१५	५८५६०	१३२७७५	३६८७५	३०५४७	६७४२२

श्रोत : शिक्षा मन्त्रालय/उच्च माध्यमिक शिक्षा परिषद

१२.२४ शैक्षिक सत्र २०६५ सम्म विकास क्षेत्र र वर्गीकरण अनुसार उच्च माध्यमिक विद्यालयहरुको विवरण तपसिल बमोजिम रहेको छ :

तालिका १२(छ) : विकास क्षेत्र र वर्गीकरण अनुसार उच्च माध्यमिक विद्यालयहरुको विवरण

क.सं.	क्षेत्र	सामुदायिक	निजी	दसजोड दुई	क्याम्पस	जम्मा
१	**पूर्वाञ्चल विकास क्षेत्र**					
	हिमाल	३५	१	०	४	४०
	पहाड	१३१	५	३	४	१४३
	तराई	८१	४७	२८	१५	१७१
	जम्मा	२४७	५३	३१	२३	३५४
२	**मध्यमाञ्चल विकास क्षेत्र**					
	हिमाल	५७	०	०	२	५९
	पहाड (उपत्यका बाहिर)	१४१	२२	२	८	१७३
	पहाड (उपत्यका)	७४	१४३	७९	३६	३३२
	तराई	११२	२७	२५	१६	१८०
	जम्मा	३८४	१९२	१०६	६२	७४४
३	**पश्चिमाञ्चल विकास क्षेत्र**					
	हिमाल	४	०	०	०	४
	पहाड	२६९	४९	७	२२	३४७
	तराई	७५	३५	५	११	१२६
	जम्मा	३४८	८४	१२	३३	४७७

क्र.सं.	क्षेत्र	सामुदायिक	निजी	दसजोड दुई	क्याम्पस	जम्मा
४	मध्यपश्चिमाञ्चल विकास क्षेत्र					
	हिमाल	१८	०	०	०	१८
	पहाड	८९	३	०	२	९४
	तराई	४९	२२	५	३	७९
	जम्मा	१५६	२५	५	५	१९१
५	सुदुर पश्चिमाञ्चल विकास क्षेत्र					
	हिमाल	४५	०	०	१	४६
	पहाड	७१	२	१	२	७६
	तराई	६२	१७	५	४	८८
	जम्मा	१७८	१९	६	७	२१०
	कुल जम्मा	१३१३	३७३	१६०	१३०	१९७६

श्रोत : शिक्षा मन्त्रालय/उच्च माध्यमिक शिक्षा परिषद्

विश्वविद्यालयहरु

१२.२५ आर्थिक वर्ष २०६४/६५ मा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र पोखरा विश्वविद्यालय गरी ५ वटा विश्वविद्यालयहरुले उच्च शिक्षाको अवसर प्रदान गरिरहेका छन्। लुम्विनी विश्वविद्यालयले सञ्चालन अनुमति पाइसकेको भएतापनि जनशक्ति उत्पादन गर्ने अवस्थामा अझै पुगिसकेको पाइँदैन। साथै, मध्यमाञ्चल विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, खुल्ला विश्वविद्यालय र कृषि, वन तथा पशु विज्ञान विश्वविद्यालय स्थापना सम्बन्धमा कारवाही अगाडि बढिरहेको छ। राष्ट्रिय आवश्यकता पूरा गर्न र अन्तर्राष्ट्रिय प्रतिष्पर्धा गर्न सक्षम उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने हेतुले सञ्चालित उपरोक्त विश्वविद्यालयहरुको विभिन्न गतिविधि निम्नानुसार रहेको छ :

त्रिभुवन विश्वविद्यालय

१२.२६ मुलुकको लागि आवश्यक उच्च तथा गुणस्तरीय जनशक्ति उत्पादन तथा विकास गर्ने कार्यमा स्थापना कालदेखि नै त्रिभुवन विश्वविद्यालयले महत्वपूर्ण भूमिका निभाउँदै आएको छ। यस क्रममा आर्थिक वर्ष २०६४/६५ सम्ममा ५ अध्ययन संस्थान, ४ संकाय, ५ अनुसन्धान केन्द्र, ६० वटा आंगिक क्याम्पस, ३७ वटा केन्द्रीय विभाग तथा सम्बन्धित अध्ययन संस्थान संकायको प्राज्ञिक नियन्त्रणमा ५ सय ६१ वटा निजी क्षेत्रमा सम्बन्धन प्राप्त क्याम्पसहरुमा विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालनमा रहेकाछन्। त्रि.वि. ले शैक्षिक क्रियाकलापहरुको साथै त्रि.वि. शिक्षण अस्पताल, वि.पि. कोइराला नेत्र अध्ययन केन्द्र, आयुर्वेद शिक्षण अस्पताल, त्रि.वि. हेल्थ सेण्टर, किर्तिपुर, भेटेनरी टिचिङ्ग अस्पताल, ऊर्जा अध्ययन केन्द्र, विपद् अध्ययन केन्द्र, प्रदुषण अध्ययन केन्द्र, केन्द्रीय माटो प्रयोगशाला, इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा, वाइल्ड लाइफ

म्यूजियम, प्राकृतिक विज्ञान संग्रहालय, विज्ञान तथा प्रविधितर्फ भूगर्भ शास्त्र केन्द्रीय विभाग, विकास तथा व्यापारिक परिप्रेक्ष्यमा रसायनशास्त्र, जल तथा मौसम केन्द्रीय विभाग, नेपालको जैविक विविधता/जैविक प्रविधि उपादेयता, माइक्रोवायोलोजी केन्द्रीय विभाग, व्यावहारिक विज्ञान तथा प्रविधि विकासमा विविध सेवा तथा कार्यक्रमहरु पनि विस्तार गरी सञ्चालन गरिरहेको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालन भएका मुख्य प्राज्ञिक कार्यक्रमहरुको संक्षिप्त उपलब्धि विवरण निम्नानुसार रहेको छ :

तालिका १२(ज) : मुख्य प्राज्ञिक कार्यक्रमहरुको संक्षिप्त उपलढिध विवरण

अध्ययन अनुसन्धान अन्वेषण कार्यक्रम सूचक	*आर्थिक वर्ष*					
	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
अ. क्याम्पस						
१. त्रि.वि. आङ्गिक क्याम्पस संख्या	६०	६०	६०	६०	६०	६०
२. निजी क्षेत्रतर्फ क्याम्पस स्थापित भई अस्थायी सम्बन्धनमा सञ्चालनको स्वीकृत क्याम्पस/कलेज संख्या	२२३	२७८	२८७	३४८	४२०	५६१
वृद्धि प्रतिशतमा	(३२) Base	(५५) +२४.७%	(९) +३.२%	(६१) +२१.३%	(७२) +२०.७%	(१४१) +३३.६%
आ. अध्ययनरत कुल विद्यार्थी संख्या	२,१३,४१२	१,८८,२१३	२,०३,४४९	२,४४,२६८	२,७२,७४६	२,९०,८३३
१. त्रि.वि. आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्या	१,४०,४१२	१,२३,५६६	१,३२,७७७	१,५२,६६८	१,६७,११४	१,७१,५९२
वृद्धि प्रतिशतमा	Base	-११.९९%	+७.४५%	+१४.९८%	+९.४६%	+२.०७%
(क) जम्मा क्याम्पस संख्या	२८३	३३८	३४७	४०८	४८०	६२१
(ख) वृद्धि प्रतिशतमा (आङ्गिक तथा निजी क्षेत्रका क्याम्पस)	Base	१९.४%	२.७%	१७.६%	१७.६%	२९.४%
२. निजी क्षेत्रतर्फका क्याम्पस/ कलेजमा अध्ययनरत अनुमानित विद्यार्थी सख्या	७३,०००	६४,६४७	७०,६७२	९१,६००	१,०५,६३२	१,१९,२४१*
वृद्धि प्रतिशतमा	Base	-११.४%	+९.३%	+२९.६%	+१५.३%	+१२.९%
३. त्रि.वि. का आङ्गिक तथा निजी क्षेत्रका क्याम्पसमा आधारित विद्यार्थीको आकारको स्वरुप प्रतिशतमा						
(क) आङ्गिक क्याम्पसमा अध्ययनरत	६६%	६५.७%	६५.२%	६२.५%	६१.३%	५९%

अध्ययन अनुसन्धान अन्वेषण कार्यक्रम सूचक	*आर्थिक वर्ष*					
	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
(ख) निजी क्षेत्रका क्याम्पसमा अध्ययनरत	३४%	३४.३%	३४.८%	३७.५%	३८.७%	४१%
जम्मा :	१००	१००	१००	१००	१००	१००
इ. शिक्षक विद्यार्थी अनुपात	१:२४	१:२०.५	१:२२	१:२४.८	१:२७.३	१:२१.६
ई. शिक्षक कर्मचारी						
i. *शिक्षणतर्फ - शिक्षक संख्या*	५,९६७	६,०३८	५,९७०	६,१६१	६,१६०	७,९५०
ii. *प्रशासन, प्राविधिक तथा युटिलिटी सर्भिसतर्फ*						
(क) प्रशासनिक कर्मचारीतर्फ	२,१०६	२,१०६	२,१०६	२,२४०	२,२४१	२,२४१
(ख) प्राविधिक कर्मचारीतर्फ	२,१५३	२,१५३	२,१२६	१,९११	१,९१४	१,९२०
(ग) युटिलिटी तथा सेवा कर्मचारीतर्फ	२,८००	२,८००	२,७४५	२,७९७	२,७९७	२,९१२
जम्मा कर्मचारी संख्या :	७,०५९	७,०५९	६,९७७	६,९४८	६,९५२	७,०७३
उ. चिकित्सा उपचार सेवा	४,०४,८५३	३,९६,५७४	३,९७,०७४	४,३४,५४७	४,५९,८३०	#
वृद्धि प्रतिशत	Base	-२.१%	-१.९%	+७.३%	+१६.६%	-

* अनुमानित

सेवा प्रदान भइरहेको

स्रोत : त्रिभुवन विश्वविद्यालय

१२.२७ त्रिभुवन विश्वविद्यालयको विद्यार्थी भर्ना कार्यक्रम तथा क्याम्पसको स्थितितर्फ इञ्जिनियरिङ्ग, कृषि र पशु विज्ञान, चिकित्साशास्त्र, बन विज्ञान र विज्ञान तथा प्रविधि गरी ५ अध्ययन संस्थान तथा कानून, व्यवस्थापन, शिक्षाशास्त्र, मानविकी तथा सामाजिकशास्त्र गरी ४ संकाय अन्तर्गतका विभिन्न विधा/विषय क्षेत्रका अन्य तह, प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तह, एम.फिल तथा विद्यावारिधी तहका कार्यक्रमहरु सञ्चालित छन्। त्रि.वि. का आंगिक क्याम्पसहरु पूर्वाञ्चलमा १३, मध्यमाञ्चलमा २८, पश्चिमाञ्चलमा ११, मध्य पश्चिमाञ्चलमा ५ र सुदूरपश्चिमाञ्चलमा ३ रहेका छन्। त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान/संकायको नियन्त्रणमा सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसहरु पूर्वाञ्चलमा ७५, मध्यमाञ्चलमा २९६, पश्चिमाञ्चलमा ११४, मध्यपश्चिमाञ्चलमा ३८ र सुदूरपश्चिमाञ्चलमा ३८ गरी जम्मा ५ सय ६१ वटा सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०६४/६५ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिक तथा साधारणतर्फ आंगिकमा कुल १ लाख ७१ हजार ५ सय ९२ र सम्बन्धन प्राप्त क्याम्पसहरुमा १ लाख १९ हजार २ सय ४१ विद्यार्थीहरु अध्ययनरत रहेका छन्। त्रि.वि. का यी क्याम्पसहरुमा प्राविधिकतर्फ प्रमाणपत्र तहमा ८ हजार ८ सय २७, स्नातक तहमा १२ हजार २ सय ६७, स्नातकोत्तर तहमा २ हजार १ सय ८० र विद्यावारिधीमा १ सय ३० गरी जम्मा

२३ हजार ४ सय ४ र साधारणतर्फ अन्य तहमा ४ हजार ८ सय १६, प्रमाणपत्र तहमा ३६ हजार ७ साय २३, स्नातक तहमा ७८ हजार ४ सय, स्नातकोत्तर तहमा २७ हजार ९ सय ६४, एम.फिलमा १ सय ५ र विद्यावारिधीमा १ सय ८० गरी जम्मा १ लाख ४८ हजार १ सय ८८ विद्यार्थीहरु अध्ययनरत रहेका छन्। त्यस्तै, सोही आर्थिक वर्षमा त्रि.वि. मा अनुसन्धान गर्ने विदेशी विद्यार्थीहरुको संख्या ४१ रहेको छ।

तालिका १२ (झ) : त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/सङ्कायहरु सम्वन्धी विवरण

क.सं	*अध्ययन संकाय*	*अन्य तह*	*प्रविणता प्रमाणपत्र*	*स्नातक*	*स्नातकोत्तर*	*एम.फिल*	*विद्यावारिधि*
१.	इन्जिनियरिङ	x	✓	✓	✓	x	✓
२.	कृषि तथा पशु विज्ञान	x	x	✓	✓	x	✓
३.	चिकित्सा शास्त्र	x	✓	✓	✓	x	x
४.	वन विज्ञान	x	✓	✓	✓	x	✓
५.	विज्ञान तथा प्रविधि	x	✓	✓	✓	x	✓
६.	कानुन	x	x	✓	✓	x	✓
७.	व्यवस्थापन	x	✓	✓	✓	✓	✓
८.	शिक्षा शास्त्र	x	✓	✓	✓	✓	✓
९.	मानविकी	✓	✓	✓	✓	✓	✓

स्रोत : त्रिभुवन विश्वविद्यालय

१२.२८ पाठ्यक्रम विकास र पाठ्यक्रम स्रोत साधनतर्फ त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थान र संकायहरुका विभिन्न विषयका पाठ्यक्रमहरु परिमार्जन गरिएको छ। यस बाहेक पाठ्यक्रम तथा पाठ्यपुस्तक र विश्वविद्यालयका नियमहरुको प्रकाशन गरी वितरण कार्य समेत भइरहेको छ। त्यस्तै, शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण गर्ने कार्य पनि हँदै आएको छ। नेपाली, अंग्रेजी जस्ता साझा विषयहरुको पाठ्यक्रम निर्माण एवम् कार्यान्वयनका कार्यहरु पनि सम्पादन भइरहेका छन्। त्रि.वि.को केन्द्रीय पुस्तकालय नेपालकै एक ठूलो तथा व्यवस्थित पुस्तकालय भएकोले यसले पुस्तक संकलन गर्नुका साथै पाठकहरुलाई राम्रो सेवा प्रदान गर्दै आएको छ। उक्त पुस्तकालयले विद्यावारिधि र स्नातकोत्तर तहका हाल संकलित करीब १५ हजार थान थेसिस तथा सि.डी. हरुको माध्यमबाट सेवा प्रदान गर्दै आइरहेको छ। पुस्तकालयले NASP/PERI कार्यक्रम अन्तर्गत नेपाली विद्वानहरुको अध्ययन, अध्यापन र अनुसन्धानका लागि उपयोगी करीब २५ हजार जर्नलहरुको शिर्षक, लेख, सारसंक्षेप र

पूर्ण पाठ पाठकहरुलाई सन् २००७ सम्मका लागि निःशुल्क उपलब्ध गराउँदै आएको छ। पुस्तकालयले राष्ट्रिय अनुसन्धान, अन्वेषणका लागि आवश्यक सामाग्री संकलन गरेर नेपाली विद्वत वर्ग र विज्ञहरुलाई विद्यावारिधि लगायत अन्य प्रकारका अनुसन्धान एवं अन्वेषणमा समेत सहयोग पुऱ्याउँदै आएको छ।

१२.२९ छात्रवृत्ति कार्यक्रमतर्फ त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण आंगिक क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये केहीलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्न कार्यक्रम अन्तर्गत मासिक, परीक्षा र लब्धाङ्कपत्र लगायतका शुल्कहरु निःशुल्क गर्ने व्यवस्था आर्थिक वर्ष २०६३/६४ देखि चलिरहेको थियो। सो सुविधा अन्ध अपाङ्गहरु (बहिरा, दृष्टिविहीन र सुस्त मनस्थिति) अध्ययनरत आङ्गिक क्याम्पसहरुका विद्यार्थीहरु समेतलाई अपाङ्गता भएको कागजात पेश गरेको आधारमा प्रदान गरिएको थियो। त्रि.वि. समन्वय महाशाखाबाट सञ्चालन गरिआएको विद्यार्थी छात्रवृत्ति कार्यक्रममा विभिन्न समयमा विभिन्न दाताहरुद्वारा स्थापित छात्रवृत्तिहरु प्रदान गर्ने कार्यक्रम पनि सञ्चालन भइआएको छ। छात्रवृत्ति प्रदान गर्ने निर्धारित प्रक्रिया बाहेक त्रि.वि. को अन्य छुट्टै कार्यक्रम छैन। अन्धअपाङ्गहरुको सम्बन्धमा दृष्टिविहीनहरु मध्ये प्रमाणपत्र तहमा १, स्नातक तहमा १ तथा स्नातकोत्तर तहमा १ गरी जम्मा ३ जना अध्ययनरत विद्यार्थीहरुलाई नेत्रहीन संघको सिफारिसमा मासिक रु. १ हजार ५ सय सुविधा प्रदान गरी आएको छ।

साधारण जनशक्ति उत्पादन

१२.३० शैक्षिक सत्र २०६४ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारण अप्राविधिकतर्फ कानुनमा ३ सय ७२, व्यवस्थापनमा १० हजार ७ सय १६, शिक्षाशास्त्रमा ९ हजार ३६ र मानविकी तथा सामाजिक शास्त्रमा १३ हजार ७ सय ५६ गरी ४ वटा संकायहरुतर्फ जम्मा ३३ हजार ८ सय ८० जना विभिन्न तहमा शैक्षिक जनशक्ति उत्पादन भएका थिए। जसको विस्तृत विवरण निम्न बमोजिम छ :

तालिका १२(ञ): त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारणतर्फको जनशक्ति उत्पादन विवरण

संकाय र कार्यक्रम	*आर्थिक वर्ष*						
	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
१. कानुन संकाय							
(क) प्रमाण पत्र	६८	२८	१५	३३	२१	१२	
(ख) स्नातक	१,१५०	७३४	४६९	६९२	३४२	१९९	३२९
(ग) स्नातकोत्तर	२७	३३	१६	७५	२५	३२	४१
(घ) विद्यावारिधि	-	१	०	१	०	०	२
जम्मा	**१,२४५**	**७९६**	**५००**	**८०१**	**३८८**	**२४३**	**३७२**

संकाय र कार्यक्रम	आर्थिक वर्ष						
	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
२. व्यवस्थापन संकाय							
(क) प्रमाण पत्र	८,०९३	८,४३५	७,०४३	१२,०९५	७,०१०	६,१५२	३४१५
(ख) स्नातक	३,६०७	३,९९६	३,८७७	८,५४९	५,९५४	६,७९९	६१८७
(ग) स्नातकोत्तर	१,२२३	९५०	६५३	१,८५६	९८९	१,६३६	१११०
(घ) विद्यावारिधि	३	४	३	६	३	५	४
जम्मा	**१२,९२६**	**१३,३८५**	**११,५७६**	**२२,५०६**	**१३,९५६**	**१४,५९२**	**१०,७१६**
३. शिक्षा शास्त्र संकाय							
(क) प्रमाण पत्र	१,७०६	१,५५९	१,७८३	३,५२५	३,२२७	३,६५१	३१५५
(ख) स्नातक	२,४६०	३,१९५	३,६३२	५,८४१	३,९१२	४,४५३	५४५५
(ग) स्नातकोत्तर	२९६	२३३	२२४	६३३	४३	२१	४२२
(घ) विद्यावारिधि	-	-		१	०	२	४
जम्मा	**४,४६२**	**४,९८७**	**५,६३९**	**१०,०००**	**७,१८२**	**८,१२७**	**९०३६**
४. मानविकी संकाय							
(क) प्रमाण पत्र	१०,५३०	८,४२४	७,८७६	१६,००५	१०,२९६	९,५४२	५९१९
(ख) स्नातक	२,८३८	३,६८९	३,४२५	७,६६६	५,६९६	५,४८३	५८९१
(ग) स्नातकोत्तर	१,६७५	१,३८५	१,२४३	३,३८५	१,६२६	२,२६१	१९०९
(घ) विद्यावारिधि	१३	१३	२०	२६	२४	२७	३७
(ङ) अन्य	-	-	३२	४७१	१,८३७	१,७६१	अप्राप्त
जम्मा	**१५,०५६**	**१३,५११**	**१२,५९६**	**२७,५५३**	**१९,४७९**	**१७,३१३**	**१३,७५६**

स्रोत : त्रिभुवन विश्वविद्यालय

प्राविधिक जनशक्ति उत्पादन विवरण

१२.३१ शैक्षिक सत्र २०६४ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिकतर्फ इन्जिनियरिङ्ग संस्थानमा ८ हजार २५, कृषि र पशुविज्ञान संस्थानमा १ सय ८१, चिकित्सा शास्त्र अध्ययन संस्थानमा ३ सय २, वन विज्ञान अध्ययन संस्थानमा १ सय ४५ र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा ३ हजार ४ सय ४७ गरी ५ वटा अध्ययन संस्थानहरुमा १२ हजार १ सय जना विभिन्न तहका शैक्षिक जनशक्ति उत्पादन भएका थिए। जसको विवरण निम्नानुसार छ :

तालिका १२ (ट): त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक जनशक्ति उत्पादन विवरण

अध्ययन संस्थान र कार्यक्रम	*आर्थिक वर्ष*						
	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
१. इन्जिनियरिंग अध्ययन संस्थान							
(क) प्रमाण पत्र	४४१	५५४	५५९	६२६	२८२	५४२	२६३८
(ख) स्नातक	१८१	२५७	३५७	३६८	११४०	९६०	५२०८
(ग) स्नातकोत्तर	४३	५९	६९	७७	१०६	७६	१७९
(घ) विद्यावारिधि	१	-	-	-	-	-	-
जम्मा	**६६६**	**८७०**	**९८५**	**१०७१**	**१५२८**	**१५७८**	**८०२५**
२. कृषि र पशु विज्ञान अध्ययन संस्थान							
(क) प्रमाण पत्र	४२	५३	१५	-	-	-	-
(ख) स्नातक	१०८	१४४	१०७	११२	१०२	११५	१२४
(ग) स्नातकोत्तर	२५	४४	४३	२६	३३	६०	५७
(घ) विद्यावारिधि	-	-	-	-	१	१	-
जम्मा	**१७५**	**२४१**	**१६५**	**१३८**	**१३६**	**१७६**	**१८१**
३. चिकित्सा शास्त्र अध्ययन संस्थान							
(क) निम्न स्तर	-	-	९	-	-	-	अप्राप्त
(ख) प्रमाण पत्र	३१४	३०२	३३०	३३०	३१४	२९४	अप्राप्त
(ग) स्नातक	१२४	१४८	१६९	१५९	३०४	३७३	२२१
(घ) स्नातकोत्तर	६६	६६	९८	८८	९२	८३	८१
जम्मा	**५०४**	**५१६**	**६०६**	**५७७**	**७१०**	**७५०**	**३०२**
४. वन विज्ञान अध्ययन संस्थान							
(क) प्रमाण पत्र	११३	६६	-	७२	८१	८१	७४
(ख) स्नातक	५१	-	-	५७	८३	५७	५९
(ग) स्नातकोत्तर	-	-	१४	-	-	२३	१२
जम्मा	**१६४**	**६६**	**१४**	**१२९**	१६४	**१६१**	**१४५**
५. विज्ञान तथा प्रविधि अध्ययन संस्थान							
(क) प्रमाण पत्र	**२७८०**	**२२४९**	**१९४६**	**४४०२**	**१३५५**	**२०८६**	**१७५९**

अध्ययन संस्थान र कार्यक्रम	*आर्थिक वर्ष*						
	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
(ख) स्नातक	९६३	११७५	९६१	२०७१	१२९७	१३९६	१३०५
(ग) स्नातकोत्तर	४४७	३०३	४०७	८५४	३५०	४३६	३७७
(घ) विद्यावारिधि	–	३	५	८	२	६	६
जम्मा	४१९०	३७३०	३३१९	७३३५	३०१२	३९२४	३४४७
कुल जम्मा	५६९९	५४२३	५०८९	९२५०	५५५०	६५८९	१२१००

श्रोत : त्रिभुवन विश्वविद्यालय

एम फिल/विद्यावारिधि तहमा भर्ना भएको विद्यार्थी विवरण

१२.३२ त्रिभुवन विश्वविद्यालय अन्तर्गत शैक्षिक सत्र २०६४ मा एम.फिल तहमा १ सय ५ तथा विद्यावारिधि तहमा ३ सय १० जना विद्यार्थी भर्ना भएका छन्। जसको विवरण निम्नानुसार छ :

तालिका १२(ठ): एम.फिल/विद्यावारिधि दर्ता विवरण

क्र.सं.	*अध्ययन संस्थान/संकाय*	*एम.फिल अध्ययनरत विद्यार्थी संख्या*			*विद्यावारिधि अध्ययनरत विद्यार्थी संख्या*		
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
१.	इन्जिनियरिंग अध्ययन संस्थान	–	–	–	१५	१	१६
२.	कृषि तथा पशु विज्ञान अध्ययन संस्थान	–	–	–	५	०	५
३.	चिकित्सा सात्र अध्ययन संस्थान	–	–	–	-	–	-
४.	बन विज्ञान अध्ययन संस्थान	–	–	–	–	–	८१९
५.	विज्ञान तथा प्रविधि अध्ययन संस्थान	–	–	–	७७	२३	१००
	विज्ञान/प्रविधि तर्फको जम्मा	–	–	–	१०५	२५	१३०
६.	कानुन संकाय	–	–	–	१४	१	१५
७.	व्यवस्थाप संकाय	५०	८	५८	५४	८	६२
८.	शिक्षा शास्त्र संकाय	३७	१०	४७	१५	–	१५
९.	मानविकी र सामाजिक शास्त्र	–	–	–	७७	११	८८

क्र.सं.	अध्ययन संस्थान/संकाय	एम.फिल अध्ययनरत विद्यार्थी संख्या			विद्यावारिधि अध्ययनरत विद्यार्थी संख्या		
	संकाय						
	साधारण तर्फको जम्मा	८७	१८	१०५	१६०	२०	१८०
	कुल जम्मा	८७	१८	१०५	२६५	४५	३१०

श्रोत : त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय चिकित्सा सेवातर्फ

१२.३३ त्रि.वि. शिक्षण अस्पताल, वि.पी.कोइराला लायन्स नेत्र अध्ययन तथा त्रि.वि. हेल्थ सेण्टर तीनै निकायहरुद्वारा प्रदान गरिएको चिकित्सा उपचार सेवाको प्रगति र उपलब्धि देहाय अनुसार छ :

तालिका १२(ड) : त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जले उपलब्ध गराएको सेवाको विवरण

क.स.	सेवाको विवरण	विरामी संख्या			
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
१.	(क) वहिरङ्ग सेवा (ओ.पि.डी.)	२७,०२६	२,६२,०९९	२७१०११	अप्राप्त
	(ख) आकस्मिक सेवा (इमर्जेन्सी)	३०,४८२	३९,६००	४००००	अप्राप्त
	(ग) विस्तारित सेवा	-	४४,३०७	४५०००	अप्राप्त
२.	अन्तरङ्ग सेवा (इनडोर) विरामी संख्या				
	(क) भर्ना	१७,१०१	१७,७८५	१८०००	अप्राप्त
	(ख) डिस्चार्ज	१६,७७०	१६,६७१	१७८२३	अप्राप्त
३.	मृत्यु प्रतिशत कुल	३.१२	३.४५	३.०७	अप्राप्त
४.	बेड अकुपेन्सी प्रतिशत	८२.८३	९६.९६	८९.४८	अप्राप्त
५.	औसत बेडमा बस्ने दर (दिन)	७.३४	८.६	७.९५	अप्राप्त
६.	शल्यचिकित्सा	७,६४५	८,०८४	८७००	अप्राप्त
	(ख) वि.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज				
१.	ओ.पि.डी.को विरामी संख्या	७१,९३७	६६,०१४	६८,२६६	६३०२९
२.	प्राइभेट क्लिनिकको विरामी संख्या	४,६५१	५,४०८	६,१५५	६५१९

क.स.	सेवाको विवरण	विरामी संख्या			
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५
३.	सेटेलाइट (सामुदायिक) क्लिनिकको विरामी संख्या	४,२२६	२,८०८	२,८२४	२३२४
४.	स्क्रिनिङ्ग तथा आई (आँखा) क्याम्पको विरामी संख्या	७,६१६	६,९४४	१९,१६८	१५४४०
	जम्मा	८८,४३०	८१,१७४	९६,४१३	८७२९२
	शल्यक्रिया :				
१	नेत्र अध्ययन केन्द्रमा	१,०८६	१,०४३	५६५	१५५५
२.	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा	३०५	२३३	२४०	२१५
	जम्मा	१,३९१	१,२७६	५६२	१७७०
	सामुदायिक शल्यक्रिया :				
१.	नेत्र अध्ययन केन्द्रमा	१९१	२३४	७६४	४६५
२.	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा	३०५	१४४	१०६	३५२
	जम्मा	४९६	३७८	८७०	८१७
	ग. त्रिभुवन विश्वविद्यालय हेल्थ सेण्टर, कीर्तिपुर				
१.	विरामी परीक्षण संख्या	५,९२५	५,८७२	६,२६७	७४२२
२.	माइनर अपरेशन/ड्रेसिङ्ग (निःशुल्क)	१,५११	१,४९५	१,१३९	१५४१
३.	औषधि वितरण (औषधि भएसम्म निःशुल्क वितरण)				
	जम्मा	७,४३६	७,३६७	७,४०६	८९६३
१.	त्रिभुवन विश्वविद्यालयका अस्पताल/हेल्थ सेण्टरले चिकित्सा सेवा प्रदान गरेको कुल विद्यार्थी संख्या	३,९७,५७०	४,३४,५४७	४५९८३०	अप्राप्त
२.	विरामी सेवा संख्या वृद्धि (प्रतिशत)	१४.१९	९.४४	१५	अप्राप्त
	शल्य क्रिया उपचार कुल संख्या	९५३२	९७३८	१०३७५	अप्राप्त

स्रोत : त्रिभुवन विश्वविद्यालय

पशुपंक्षी चिकित्सा सेवा विकास

१२.३४ त्रिभुवन विश्वविद्यालयले कृषि सेवा क्षेत्रमा कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत रामपुर, चितवनमा भेटेनरी शिक्षण अस्पताल (Veterinary Teaching Hospital) मा विद्यार्थीहरुलाई अध्ययन, अध्यापन, अनुसन्धान एवं अन्वेषणका साथै नेपालको कृषि क्षेत्रको विकासको निम्ति पशुपंक्षी (Animal and Birds) को सामान्य चिकित्सा देखि शल्य चिकित्सा सेवासम्मको उपचार सेवा प्रदान गरी आएको कार्यलाई आर्थिक वर्ष २०६४/६५ मा पशुपंक्षीको सामान्य चिकित्सा उपचार देखि शैल्य चिकित्सा उपचार सेवा (Veterinary Treatment) प्रदान गरी पशुपंक्षीको विकासमा सेवा पुऱ्याई आएको छ।

काठमाडौं विश्वविद्यालय

१२.३५ वि.सं. २०४८ (सन् १९९१) नोभेम्बर महिना) मा स्थापित यस विश्वविद्यालयले विगत १७ वर्षदेखि मुलुकको उच्च शिक्षाको क्षेत्रमा गुणात्मक शिक्षा प्रदान गर्ने प्रतिबद्धता लिई देशको माग अनुसार प्राविधिक क्षेत्रमा नयाँ नयाँ कार्यक्रमहरु सुरु गरेको छ। विश्वविद्यालयले विशेषतः चिकित्सा विज्ञान, इञ्जिनियरिङ्ग, फार्मेसी, वातावरण विज्ञान, शिक्षा, कला र व्यवस्थापन क्षेत्रका बिभिन्न विधामा उल्लेख्यनीय संख्यामा स्तरीय जनशक्ति उत्पादन गर्दै आइरहेको छ। साथै, आफ्नो कार्य क्षेत्र र स्वदेशी, विदेशी विश्वविद्यालय एवं शैक्षिक संघ/संस्थाहरुसँगको सम्बन्ध क्रमिकरुपले विस्तार गर्दै लगिरहेको पनि छ। विश्वविद्यालयले हालसम्म बिभिन्न संकायका ८० विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै मुलुक भित्र डाक्टर, इन्जिनियर, फार्मेसिष्ट, वातावरणविद्, शिक्षक, व्यवस्थापक लगायतका ७ हजार ३ सय २ उच्च प्राविधिक जनशक्ति उत्पादन गरिसकेको छ। त्यस्तै, आई.एस्सी.मा २ हजार ४ सय ६७ जना र मध्यमस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित प्रमाणपत्र तहको नर्सिङ्ग, जनरल मेडिसिन, ल्यावोरेटरी टेक्नोलोजी, अप्थाल्मिक असिस्टेण्ट, फिजियोथेरापी विषयहरुमा ३ सय ९५ जना गरी कुल २ हजार ८ सय ६२ जना विद्यार्थी उत्तीर्ण भएका छन्।

१२.३६ छात्रवृत्तितर्फ विश्वविद्यालयले जेहेन्दार तर आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई आर्थिक श्रोतले भ्याएसम्म बढी संख्यामा छात्रवृत्ति प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा विश्वविद्यालयको तर्फबाट १ सय ९५ जना र सम्बन्धन प्राप्त कलेजहरुबाट ४ सय ३० जना गरी कुल ६ सय २५ जनालाई छात्रवृत्ति प्रदान गरिएको थियो, जुन कुल विद्यार्थी संख्याको ९.७५ प्रतिशत हुन आउँछ।

पूर्वाञ्चल विश्वविद्यालय

१२.३७ पूर्वाञ्चल विश्वविद्यालय वि.सं. २०५१ सालमा मुलुकको चौथो उच्च शैक्षिक संस्थाको रुपमा स्थापित भई छोटो अवधिमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ योगदान गर्नुको साथै मुलुकको आवश्यकतालाई परिपूर्ति गर्न उच्चस्तरको जनशक्ति उत्पादन गर्न समय सापेक्ष शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। विश्वविद्यालयले हालसम्म विज्ञान तथा प्रविधि, व्यवस्थापन, शिक्षाशास्त्र, कला, कानुन, चिकित्सा शास्त्र संकाय अन्तर्गत ७० भन्दा बढी विषयका शैक्षिक

कार्यक्रमहरु सञ्चालन गरी शैक्षिक सत्र २०६४/६५ सम्ममा स्नाकोत्तरमा ४ सय ३० र स्नातकमा १ सय ९० प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गरिसकेको छ। कार्यक्रम सञ्चालनमा रहेका ३ आंगिक तथा ८१ सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा कुल १४ हजार ८ सय ७८ विद्यार्थीहरु अध्ययन गरिरहेकोमा शैक्षिक सत्र २०६५/६६ मा विद्यार्थी संख्या वृद्धि भई करिव २० हजार पुग्ने अनुमान गरिएको छ। पूर्वाञ्चल विश्वविद्यालय सभाको निर्णय वमोजिम आर्थिक वर्ष २०६४/६५ देखि मोरङ स्थित गोठ गाउँमा निर्माण भएका विभिन्न भवनहरु प्रयोग गरी मानव जीवनसँग सम्वन्धित एम.वि.वि.एस. कार्यक्रम सञ्चालन गर्ने योजनाका साथ कार्य अगाडि बढाइरहेको छ। त्यस्तै, चालू आर्थिक वर्ष भित्र ३ सय शैयाको आफ्नो अस्पताल मार्फत २४ सै घण्टा स्वास्थ्य सेवा प्रदान गर्दै आगामी आर्थिक वर्षको साउन/भदौ देखि विद्यार्थी भर्ना समेत लिई कार्यक्रम अगाडि बढाउने लक्ष लिएको छ। उक्त कार्यक्रममा अध्ययन गर्ने गरीव, जेहेन्दार, दलित, पिछडिएको वर्ग, महिला आदि विद्यार्थिहरुलाई Full Subsidy Tuition Fee एवं Partial Subsidy Tuition Fee पद्धति अनुसार छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ। यस विश्वविद्यालयको अन्य विश्वविद्यालयहरुसँग प्राज्ञिक सम्वन्ध कायम भइसकेको छ। विश्वविद्यालयमा विभिन्न आर्थिक वर्षमा भर्ना भएका तथा उत्पादित जनशक्तिहरुको विवरण देहाय बमोजिम छ :

तालिका १२ (ढ) : पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यार्थी भर्ना/उत्पादन स्थिति

सि.नं	संकाय	२०६०/६१		२०६१/६२		२०६२/६३		२०६३/६४		२०६४/६५	
		भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन
१.	विज्ञान र प्रविधि	२२८०	२७४	२५८८	३२८	३०१२	५००	३९५८	३६७	४५७५	३०३
	स्नातक	२२४५	२७४	२५४४	३२८	२८७५	४७७	३७६७	३५९	४३९९	२५४
	स्नातकोत्तर	३५	-	४४	-	१३७	२३	१९१	८	१७६	४९
२.	व्यवस्थापन	१३९०	९८	१९७८	१९८	२४१२	१९५	३६८४	२२	४०२६	३४१
	स्नातक	१२२९	८९	१७१०	१७७	१९८९	१३५	२९७१	-	३२६४	३२०
	स्नातकोत्तर	१६१	९	२६८	२१	४२३	५५	७१३	२२	७६२	२१
३.	शिक्षा	९८८	१५७	१२१८	३४४	१४३६	२५४	२२९३	३६	३०१३	२८६
	स्नातक	८८९	१५७	१०६७	३४४	१३२८	२४२	२०९२	-	२८२५	२७०
	स्नातकोत्तर	९९	-	१५१	-	१०८	१२	२०१	३६	१८८	१६
४.	मानविकी	६७२	४२	७२०	११३	९५७	१६२	१३१९	१८७	१२२८	१३०
	स्नातक	५६४	३०	६००	८८	७०८	१३९	९७१	१४७	९२९	९९
	स्नातकोत्तर	१०८	१२	१२०	२५	२४९	२३	३४८	४०	२९९	३१
५.	कानुन	९८	-	२००	२	२८२	२९	३९९	-	३७७	३५
	स्नातक	७७	-	१२८	-	१७८	१८	२३७	-	२५२	२१
	स्नातकोत्तर	२९	-	७२	२	१०४	११	१६२	-	१२५	१४

सि.नं	संकाय	२०६०/६१		२०६१/६२		२०६२/६३		२०६३/६४		२०६४/६५	
		भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन	भर्ना	उत्पादन
६.	मेडिकल	-	-	-	७१	६५६	१३६	११५८	१३४	१६५९	१५७
	स्नातक	-	-	-	७१	६५६	१३६	११५८	१३४	१६५७	१५७
	स्नातकोत्तर	-	-	-	-	-	-	-	-	-	-
कुल स्नातक		५,००४	५५०	६,०४९	१,००८	७७३४	१,१४७	११,१९६	६४०	१३३२८	११२१
कुल स्नातकोत्तर		४३२	२१	६५५	४८	१,०२१	१२४	१,६१५	१०६	१५५०	१३१
कुल जम्मा		५,४३६	५७१	६,७०४	१,०५६	८,७५५	१,२७१	१२,८११	७४६	१४८७८	१२५२

स्रोत : पूर्वाञ्चल विश्वविद्यालय

नेपाल संस्कृत विश्वविद्यालय

१२.३८ संस्कृत भाषा, शिक्षाको आधुनिकीरण एवं यसको मूल्य र मान्यताको जर्गेना गर्न वि.स. २०४३ मा दोश्रो विश्वविद्यालयको रुपमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय मध्यपश्चिमाञ्चल विकास क्षेत्रको वेलझुण्डी दाङ्गमा रहेको छ। विश्वविद्यालयका १३ वटा आंगिक र १८ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेकाछन्। आर्थिक वर्ष २०६४/६५ मा आयुर्वेद, विज्ञान, उत्तरमध्यमा, संस्कृतमध्यमा, शिक्षाशास्त्र, विद्यावारिधि एवं अन्य विविध प्रशिक्षण समेत गरी ४ हजार १ सय ७६ विद्यार्थी भर्ना गर्ने लक्ष्य राखिएकोमा ३ हजार ३ सय ३९ विद्यार्थी भर्ना भएका थिए भने १ हजार २ सय ५२ जनशक्ति उत्पादन भएका थिए। विश्वविद्यालयले ऐनको उद्देश्य एवं व्यवस्था बमोजिम शैक्षिक, संगठन, परीक्षा, आर्थिक प्रशासन र शिक्षक कर्मचारी सर्त सम्बन्धी नियम तर्जुमा, सेवा आयोग सम्बन्धी नियम तर्जुमा, उत्तरमध्यमा तहलाई उच्च माध्यमिक शिक्षा परिषद्तर्फ लग्ने सरकारी नीति बमोजिम उक्त कार्यक्रम सञ्चालन भइरहेका विद्यापीठहरुमा शास्त्रीतहमा अपग्रेड गर्ने र योग एवं आयुर्वेदको समग्र विकास गर्ने क्रममा संकाय तथा पाठयक्रमको परिस्कार एवं पाठयपुस्तक लेखन र शैक्षिक सामाग्रीहरुको निर्माण एवं विकास गर्ने जस्ता कार्यक्रमहरु भइरहेका छन्। विश्वविद्यालयले विद्यार्थीहरुको पठनपाठन, वार्षिक परीक्षा, गोष्ठी, सम्मेलन समेत गर्ने गरेको छ। विश्वविद्यालय अन्तर्गतका क्याम्पस एवं विद्यापीठहरुमा निर्माण, मर्मत जस्ता भौतिक सुधार कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। सामाजिकरुपले पछाडि परेको दलित, महिला, अपाङ्ग र जनआन्दोलनका घाइते विद्यार्थीहरुलाई दिइदै आएको सुविधाहरुलाई विश्वविद्यालयले निरन्तरता दिदै आएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाका लागि संस्कृत उत्तरमध्यमा, शास्त्री, आचार्य, उपाधिमूलक विद्यावारिधि, विज्ञानोत्तरमध्यमा, आयुर्वेदमध्यमा, शिक्षाशास्त्री, संस्कृत भाषा प्रशिक्षण, योग प्रशिक्षण, शैक्षिक सामाग्रीहरुको लेखन, विभिन्न गोष्ठी जस्ता कार्यक्रमहरु सञ्चालन गरिएकोमा शैक्षिक कार्यतालिका अनुसार नै प्रगति भइरहेका छन्। विश्वविद्यालय अन्तर्गतका आंगिक विद्यापीठहरुमा विकास निर्माणका कार्यहरु जस्तै भवन, पर्खाल निर्माण, छात्रावास, अतिथिगृह एवं अन्य विविध निर्माण कार्यहरु सञ्चालन गर्ने लक्ष्य रहेकोमा केही निर्माण कार्यहरु मात्र प्रारम्भ भएका

छन् । नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत विभिन्न क्याम्पस/विद्यापीठमा विभिन्न तहमा आर्थिक वर्ष २०६४/६५ को छात्रछात्रा भर्ना तथा उत्पादित जनशक्तिको विवरण देहाय वमोजिम रहेको छ :

तालिका १२ (ण) : आर्थिक वर्ष २०६४/६५ मा नेपाल संस्कृत विश्वविद्यालयको छात्रछात्रा भर्ना विवरण

क्र.स	विद्यापीठको नाम	उत्तर मध्यमा प्रथम/द्वितीयवर्ष	उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितीय/ तृतीय वर्ष	शास्त्री प्रथम/द्वितीय/ तृतीय वर्ष	शिक्षा शास्त्री	आचार्य प्रथम/ द्वितीय वर्ष	अन्य	जम्मा
१.	वाल्मिकी विद्यापीठ	३५८	-	१६४	५३	१२२	-	६९७
२.	जनता विद्यापीठ	७१	१०१	३३	११६	-	-	३२१
३.	पिण्डेश्वर विद्यापीठ	१७५	-	४४	-	५	-	२२४
४.	विश्वविद्यालय विद्यापीठ	-	-	-	-	३०	-	३०
५.	विन्दुवासिनी सं. विद्यापीठ	५२	-	६३	-	-	-	११५
६.	वी.पी. संस्कृत विद्यापीठ	४०	-	-	-	-	-	४०
७.	भानु संस्कृत विद्यापीठ	१६	-	-	-	-	-	१६
८.	या.व.ल.ना.सं. विद्यापीठ	१०२	-	३७	-	-	-	१३९
९.	रुरु संस्कृत विद्यापीठ	८५	-	४४	-	-	-	१२९
१०	शारदा विद्यापीठ	२९	-	१५	१७४	-	-	११८
११	हजारीजनक सं. विद्यापीठ	८२	-	३५	-	-	-	११७
१२	हरिहर सं. विद्यापीठ	२४	-	-	-	-	-	२४
१३	महेश सं. गुरुकुलम् विद्यापीठ	१५	-	१६	-	३	-	३४
१४	राधा दामोदर सं. विद्यापीठ	१८	-	-	-	-	-	१८
१५	कालिका संस्कृत विद्यापीठ	३७	-	-	-	-	-	३७
१६	संस्कृत विद्यापीठ, धरान	४	-	-	-	-	-	४
१७	सरस्वती सं. विद्यापीठ, मणीग्राम	२६	-	-	-	-	-	२६
				सम्बन्धन प्राप्त एक वर्षे शिक्षाशास्त्री				
१	लुम्विनी वृहस्पति कलेज, भैरहवा	-	-	-	-	-	-	
२	एक्टिभ एकेडेमी कलेज, काठमाडौ	-	-	-	२	-	-	२

क्र.स	विद्यापीठको नाम	उत्तर मध्यमा प्रथम/द्वितीयवर्ष	उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितीय/ तृतीय वर्ष	शास्त्री प्रथम/द्वितीय/ तृतीय वर्ष	शिक्षा शास्त्री	आचार्य प्रथम/ द्वितीय वर्ष	अन्य	जम्मा
३	पाँचथर क्याम्पस	-	-	-	४८	-	-	४८
४	बनेपा क्याम्पस	-	-	-	३७	-	-	३७
५	कपिलवस्तु क्याम्पस	-	५२	-	२६	-	-	७८
६	मल्टिपल कलेज अत्तरीया	-	-	-		-	-	
				सम्बन्धन प्राप्त आयुर्वेद उत्तरमध्यमा				
१	जनक आयुर्वेद विद्यापीठ, जनकपुर	-	९५	-	-	-	-	९५
२	उत्तर धन्वन्तरी आयुर्वेद कलेज, गौर	-	६९	-	-	-	-	६९
३	जगदम्बा आयुर्वेद क्याम्पस, गौर	-	४०	-	-	-	-	४०
४	इ.हे.रि.डेभलपमेण्ट, जनकपुर	-	१५	-	-	-	-	१५
५	निखिल आयुर्वेद कलेज, पोखरा	-	५१	-	-	-	-	५१
				अन्य विविध				
१	कर्मकाण्ड प्रशिक्षण	-	-	-	-	-	-	-
२	योग प्रशिक्षण	-	-	-	-	-	६२	६२
३	संस्कृत भाषा प्रशिक्षण	-	-	-	-	-	६२९	६२९
४	अनुसन्धान	-	-	-	-	-	१११	१११
	जम्मा :	१३३४	४२३	५६४	३५६	१६०	८०२	३३३९

स्रोत : नेपाल संस्कृत विश्वविद्यालय

तालिका १२(त) : आर्थिक वर्ष २०६४/६५ मा नेपाल संस्कृत विश्वविद्यालयको उत्पादित जनशक्ति विवरण

क्र. स.	संस्थान/संकाय	शैक्षिक कार्यक्रम	छात्र	छात्रा	जम्मा
१.	शिक्षा	शिक्षा शास्त्री	२४८	४०	२८८
२.	विज्ञान, आयुर्वेद	विज्ञान उत्तर मध्यमा, आयुर्वेद उत्तर मध्यमा	१६६	३४	२००
३.	संस्कृति	उत्तर मध्यमा	२७५	१०२	३७७
		शास्त्री	३२१	५०	३७१
		आचार्य	७८	७	८५
		विद्यावारिधी			१७

क्र. स.	संस्थान/संकाय	शैक्षिक कार्यक्रम	छात्र	छात्रा	जम्मा
४.	प्रशिक्षण	योग प्रशिक्षण	१५	४	१९
		भाषा प्रशिक्षण	२३८	१२१	३५९
जम्मा			१३४१	३५८	१७१६

श्रोत: विश्वविद्यालय अनुदान आयोग

पोखरा विश्वविद्यालय

१२.३९ पोखरा विश्वविद्यालय पोखरा विश्वविद्यालय ऐन, २०५३ अन्तर्गत २०५४ सालमा बढि भन्दा बढी मात्रामा निजी क्षेत्रको सहभागिता हुने गरी स्थापना भएको हो। यसले विगतमा सम्बन्धन प्राप्त महाविद्यालयको विस्तारमा बढी जोड दिएको देखिन्छ। फलस्वरुप, यसका आफ्ना आङ्गिक क्याम्पसहरुमा नगण्य मात्रामा कार्यक्रमहरु सञ्चालन भएको र धेरै जसो कार्यक्रमहरु सम्बन्धन प्राप्त महाविद्यालयहरुमा सञ्चालन भएकाछन्। अब यसले सम्बन्धन प्राप्त महाविद्यालयका साथसाथै आङ्गिक महाविद्यालयहरु र कार्यक्रमहरुको विस्तार गर्दै जाने नीति तय गरेकोछ। पोखरा उपमहानगरपालिकामा सञ्चालित यसका सबै शैक्षिक कार्यक्रमहरुलाई शैक्षिक सत्र २०६३/६४ देखि लेखनाथ नगरपालिका, खुदीढुङ्गेपाटनमा निर्मित आफ्नै प्राज्ञिक भवनमा सञ्चालन गर्दै आएकोछ। पोखरा विश्वविद्यालयमा व्यवस्थापन संकाय, विज्ञान तथा प्रविधि संकाय र मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत आङ्गिक स्कूल/क्याम्पस ३ र सम्बन्धन प्राप्त कलेज/क्याम्पस २३ वटा छन्। यसका सबै आङ्गिक स्कूल/क्याम्पसहरु लेखनाथ कास्कीमा सञ्चालित छन्। २३ वटा सम्बन्धन प्राप्त कलेज/क्याम्पसहरु मध्ये १२ वटा मध्यमाञ्चलमा, १० वटा पश्चिमाञ्चलमा र १ वटा सुदूर पश्चिमाञ्चलमा सञ्चालित छन्। पोखरा विश्वविद्यालय अन्तर्गत विज्ञान तथा प्रविधि, व्यवस्थापन, मानविकी तथा सामाजिकशास्त्र गरी ३ वटा संकायहरुतर्फ स्नातक, स्नातकोत्तर र एम.फिल. तहको अध्ययन र अध्यापन सञ्चालित हुदै आएको छ। शैक्षिकसत्र २०६४ मा आङ्गिकतर्फ ४ सय २६ र सम्बन्धन प्राप्त कलेजतर्फ ७ हजार २ सय १२ जना गरी जम्मा ७ हजार ६ सय ३८ जना विद्यार्थी अध्ययनरत छन्। यसै शैक्षिक सत्रमा ६ सय २२ विद्यार्थी उत्पादन समेत भएका छन्। सोही शैक्षिक सत्रमा विश्वविद्यालयमा ४७ वटा शैक्षिक कार्यक्रम, स्नातकोत्तर तहको अन्तर्विधा जलश्रोत व्यवस्थापन कार्यक्रम पोखरा विश्वविद्यालय र नेपाल इन्जिनियरिङ्ग कलेजको संयुक्ततत्वाधानमा सञ्चालन भएको छ। त्यस्तै, मानविकी तथा सामाजिकशास्त्र स्कूलको स्थापना गरी सोही अन्तर्गत जनसंख्या, लिङ्ग तथा विकास (Master in Population, Gender and Development) कार्यक्रम सञ्चालन गरिएको छ। शैक्षिक सत्र २०६४/६५ मा पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्धन प्राप्त महाविद्यालय र क्याम्पसमा निम्नानुसार विद्यार्थीहरु अध्ययनरत छन् :

तालिका १२(थ) : पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्धन प्राप्त विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको विवरण

विषय	*स्नातक*		*स्नातकोत्तर*		*एम फिल*		*कुल*	
	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त
विज्ञान तथा प्रविधि	२१६	३,१३५	०	६५	०	०	२१६	३,२००
व्यवस्थापन	१८०	३,३६७	०	५८०	०	०	१८०	३,९४७
मानविकी तथा समाजशास्त्र	०	०	३०	३१	०	३४	३०	६५
जम्मा	३९६	६,५०२	३०	६७६	०	३४	४२६	७,२१२

स्रोत: पोखरा विश्वविद्यालय

१२.४० छात्रवृत्ति कार्यक्रमतर्फ आङ्गिक कलेज/स्कूल र सम्बन्धन प्राप्त कलेजहरुले दिने छात्रवृत्तिलाई छात्रवृत्तिसम्बन्धी कार्यविधि र नियमावली तर्जुमा गरी शैक्षिक सत्र २०६३/६४ देखि व्यवस्थित गरिएकोछ। हाल सम्बन्धन प्राप्त कलेजहरुले स्वीकृत विद्यार्थी सँख्याको ५ प्रतिशत र आङ्गिक कार्यक्रममा २० प्रतिशत गरीव विद्यार्थीहरुलाई तोकेको मापदण्ड अनुसार राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराई छात्रवृत्ति उपलब्ध गराइएको छ। उपलब्ध छात्रवृत्ति सँख्याको ६० प्रतिशत खुला र ४० प्रतिशत छात्रवृत्ति कार्यक्रमलाई समावेशीय गर्नको लागि दलित, जनजाति, दुर्गम, अपाङ्ग, जनआन्दोलन, द्वन्द्व पीडितलाई आरक्षण गरिएको छ। सबै प्रकारका छात्रवृत्तिमा ५० प्रतिशत छात्रवृत्ति महिलाको लागि आरक्षण गरिएको छ। शैक्षिक सत्र २०६४/६५ मा स्नातक तहमा ९२ जनालाई र स्नातकोत्तर तहमा १७ जनालाई छात्रवृत्ति उपलब्ध गराइएको थियो। विश्वविद्यालयले प्रदान गरेको छात्रवृत्ति विवरण निम्नानुसार छ :

तालिका १२(द) : पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक, सम्बन्धन प्राप्त स्कूल/क्याम्पसहरुले शैक्षिक सत्र २०६३ र २०६४ मा उपलब्ध गराएको छात्रवृत्ति विवरण

कार्यक्रम	*स्नातक*				*स्नातकोत्तर*			
	२०६३/६४		२०६४/६५		२०६३/६४		२०६४/६५	
	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त
विज्ञान तथा प्रविधि	५	३२	१५	४९	०	१०	०	१०
व्यवस्थापन	४	१२	१२	१६	०	०	१	०
मानविकी तथा समाजशास्त्र	०	०	०	०	५	०	६	०
जम्मा	९	४४	२७	६५	५	१०	७	१०

स्रोत: पोखरा विश्वविद्यालय

१२.४१ बृहत् पोखराको अवधारणा अनुसार पोखरा विश्वविद्यालयका स्कूल एवम् केन्द्रीय कार्यालयहरु लेखनाथ नगरपालिकामा केन्द्रित गर्दै पोखरालाई उच्च शिक्षाको केन्द्रविन्दुको रुपमा विकास गर्ने र नेपाल सरकारको तीन-वर्षे अन्तरिम योजनाले अङ्गालेको नीति तथा कार्यनीति अनुरुप शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको विकास

एवम् प्रबर्द्धन कार्यमा विश्वविद्यालयलाई एक नेतृत्वदायी भूमिका खेल्न सक्ने शैक्षिक सँस्थाको रुपमा विकास गर्ने सोचका साथ यसले आफ्नो नीति र कार्यक्रम तय गरेको छ। नेपाल सरकारको उच्च शिक्षासम्बन्धी नीति, लागत सहभागिता र सूत्रबद्ध अनुदान अनुसार पोखरा विश्वविद्यालयले दोस्रो उच्च शिक्षा परियोजना अन्तर्गत उप-आयोजनाको लागि विश्वविद्यालय अनुदान आयोगसँग २०६४ साल चैत २१ मा समझदारी पत्रमा हस्ताक्षर गरीसकेको छ। यस समझदारी पत्र अनुसार विश्वविद्यालय अनुदान आयोगले निश्चित रकम विद्यार्थी सँख्याको आधारमा प्रशासनिक अनुदान दिने र आवश्यक पूर्वाधार निर्माणको लागि नेपाल सरकारको पूँजीगत अनुदान सहयोग लिने नीति लिएको छ। यसका साथै उच्च शिक्षामा पहुंच नभएको वर्गलाई विश्वविद्यालयको आङ्गिक कार्यक्रमहरुमा २० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्ति दिइनेछ।

१२.४२ पोखरा विश्वविद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरु प्राविधिक विषयमा केन्द्रित गर्ने नीति लिएको छ। यसका सम्बन्धन प्राप्त कलेजहरु काठमाण्डौं उपत्यका र पोखरामा केन्द्रित रहेकाछन्। आउँदा दिनहरुमा विश्वविद्यालयले आफ्ना कार्यक्रमहरुलाई पश्चिमाञ्चलका अन्य क्षेत्र, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा विस्तार गर्दै लैजाने नीति लिएको छ। त्यस्तै, विश्वविद्यालयले स्वास्थ्य विज्ञान संकाय स्थापना गरी स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष राखेको छ। यसका अतिरिक्त इन्जिनियरिङ्ग महाविद्यालय, पहाडी वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन महाविद्यालय, जडीवुटी अनुसन्धान केन्द्र, खेलकुद महाविद्यालय सञ्चालन गर्ने नीति तथा कार्यक्रम तय गरेको छ।

विभिन्न विश्वविद्यालयहरु अन्तर्गतका क्याम्पसहरु र विद्यार्थी संख्या

१२.४३ आर्थिक वर्ष २०६३/६४ देखि २०६४/६५ सम्म मुलुक भित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरु अन्तर्गतका क्याम्पसहरु र सोमा अध्ययन गरिरहेका विद्यार्थीहरुको संख्या निम्न तालिकामा उल्लेख भए बमोजिम रहेको छ :

तालिका १२(ध) : विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या

विश्वविद्यालय	क्याम्पसहरू		विद्यार्थी विवरण					
			आर्थिक वर्ष २०६३/६४			आर्थिक वर्ष २०६४/६५		
	आङ्गिक	सम्बन्धन प्राप्त	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा
त्रिभुवन विश्वविद्यालय	१०	५६१	१६९५९९	८६६०७	२५६२०६	१७१५९२	११९२४१	२९०८३३
काठमाडौ विश्वविद्यालय	६	१२	१२९८	११९३	२४९१	३३३०	४२६६	७५९६
पूर्वाञ्चल विश्वविद्यालय	३	८१	४७४	१२१९५	१२६६९	६४१	१४२३७	१४८७८
नेपाल संस्कृत विश्वविद्यालय	१३	१८	२०८१	६३३	२७१४	२०८१	५६७	२६४८
पोखरा विश्वविद्यालय	३	२३	४६३	४८९७	५३६०	४६३	४८९७	५३६०
लुम्बिनी बौद्ध विश्वविद्यालय								
जम्मा :	३५	६९५	१७३९१५	१०५५२५	२७९४४०	१७८१०७	१४३२०८	३२१३१५

श्रोत : विश्वविद्यालय अनुदान आयोग

स्वास्थ्य क्षेत्र

१२.४४ **"स्वास्थ्यः जनताको आधारभूत अधिकार"** को विश्वव्यापी मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात् गरी नेपाली नागरिकको स्वास्थ्य प्रति राज्यको दायित्वलाई ऐतिहासिकरूपमा पहिलोपल्ट स्थापित गरेको छ। सहस्राब्दी विकास लक्ष्य र तीन वर्षीय अन्तरिम योजनामा उल्लेख भए वमोजिम सामाजिक समावेशीकरणको अवधारणा अनुरूप विभिन्न भौगोलिक क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, धर्म, राजनैतिक आस्था, आर्थिक तथा सामाजिक अवस्था अनुसार कुनै भेदभाव विना गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई प्रत्याभूत गरिने छ। यसै सन्दर्भमा आम जनताको गुणस्तरयुक्त स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याई जीवनस्तरमा सुधार गरी गरिवी न्यूनीकरण तथा आर्थिक समृद्धिमा योगदान पुऱ्याउने दिशातर्फ स्वास्थ्य तथा जनसंख्या सम्बन्धी विभिन्न कार्यक्रमहरु तय गरिएका छन्।

क्षयरोग कार्यक्रम

१२.४५ विगत वर्षहरुमा जस्तै चालू आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै आर्थिक वर्ष २०६४/६५ मा पनि केन्द्रीयस्तर र जिल्लास्तरमा क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएका थिए। सो आर्थिक वर्षमा ५ लाख ३ हजार ८ सय १० जना क्षयरोगीले उपचार सेवा प्राप्त गरेका र Dots plus विधिबाट ४ सय ४९ जना नयाँ रोगीको उपचार गरिएको छ। ७६ हजार २ सय ९७ जनाको नयाँ खकार परीक्षण गरिएकोमा १४ हजार ६ सय ५० वटा स्लाइड Positive र ९ हजार ३ सय ७ स्लाइड Negative भेटिएको छ। साथै, ३६ हजार ६३ वटा Slide पुनः जाँच गरिएको र १ लाख ५४ हजार ६ सय ४२ जना शंकास्पद विरामीको खकार परीक्षण गरिएकोमा जसबाट ६ हजार ५ सय २६ जना Extra pulmonary भेटिएको थियो। आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा १ लाख ६८ हजार ७ सय ८० जनाको नयाँ खकार स्लाइड परीक्षण गरिएको साथै २४ हजार ३ सय ५५ स्लाइडको फलोअप खकार परीक्षण गरिएको छ। ४ सय ५० जना क्षयरोगीलाई सपोर्ट कार्यक्रम सञ्चालन गरिएको, १ सय ५० जना विपन्न MDR रोगीहरुलाई थप पोषणयुक्त खाना र ३ सय जनालाई यातायात खर्च प्रदान गरिएको तथा १ हजार २ सय ५६ जना TB रोगीलाई Extra Pulmonary उपचार प्रदान गरिएको छ।

परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

१२.४६ आर्थिक वर्ष २०६४/६५ मा देशभरका सबै गाउँ विकास समितिहरुमा रु. ५० हजारका दरले अनुदान प्रदान गरी महिला स्वास्थ्य स्वयंसेविका कोष स्थापना गरिएको छ। ३१ हजार ८६ जना प्रसूती महिलाहरुलाई प्रोत्साहन भत्ता स्वरूप रु. १ लाख ३७ हजार ३ सय ४० हजार प्रदान गरिएको, ३ लाख ११ हजार ३ सय ५० जनालाई दक्ष जनशक्तिद्वारा प्रसुति सेवा र ६ लाख ३५ हजार ८ सय ७८ जनालाई पूर्व प्रसुति सेवा प्रदान गरिएको थियो। साथै, उक्त आर्थिक वर्षमा ३ लाख २८ हजार ४ सय २६ जनालाई निरन्तर चार पटक पूर्व प्रसुति सेवा दिइएको थियो भने ३ लाख ५० हजार ४

सय १५ जनालाई उत्तर प्रसूती सेवा प्रदान गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ मा २४ घण्टे निःशुल्क प्रसूती सेवाका लागि २ सय जना अ.न.मि., १३ जना स्टाफ नर्स र २ जना चिकित्सक नियुक्त गरिएका छन् । ३० हजार ५ सय ४३ जनालाई स्थायी बन्ध्याकरण गरिएको छ भने ४ लाख ५७ हजार ७ सय ६५ गर्भवती महिलाको पहिलो पटक र २ लाख ६० हजार ४ सय जनाको चौथो पटक गर्भवती जाँच गरिएको छ । साथै, चालू आर्थिक वर्षमा २ हजार ३ सय ७१ जनालाई Comprenensive Abortion Care सेवा प्रदान गरिएको छ । ५० वटा क्याम्पमार्फत महिलाहरुको पाठेघर खस्ने रोगको screening तथा रिङप्रेसरी रिङ्ग लगाउने कार्य गरिएको छ भने १ हजार ७ सय ४० महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दीर्घकालीन सेवा सम्मान प्रदान गरिएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला कार्यक्रम

१२.४७ आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत ४ स्थानमा ब्याक्टेरियोलोजी (Bacteriology) र ८ स्थानमा बायोकेमिष्ट्री सेवाको स्थापना गर्नुका साथै ९ स्थानमा ब्याक्टेरियोलोजी र ८ स्थानमा बायोकेमिष्ट्री सेवाको सुदृढीकरण तथा १ सय वटा प्रयोगशालाको निरीक्षण सम्पन्न गरिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०६५/६६ को प्रथम ८ महिनामा १३ वटा अस्पतालमा ब्याक्टेरियोलोजी सेवा स्थापना तथा सुदृढीकरण गरिएको छ । यसै वर्ष ८ वटा प्राथमिक स्वास्थ्य केन्द्रमा नयाँ प्रयोगशालाको स्थापना गरिएको छ भने १ स्थानमा प्रयोगशालाको विस्तार गरिएको छ ।

विस्तारित खोप एवम् राष्ट्रिय पोलियो खोप कार्यक्रम

१२.४८ आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत १६ जिल्लाबाट एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम विस्तार गरी ६४ जिल्लामा पुऱ्याइनुका साथै ६ लाख ४८ हजार बालबालिकालाई झाडापखाला एवं महामारीको उपचार गरिएको थियो । सोही आर्थिक वर्षमा ३७ लाख बालबालिकालाई भिटामिन "ए" तथा ३१ लाख बालबालिकालाई जुकाको औषधि वितरण गरिएको थियो । साथै, २१ हजार ARI sound timer खरिद तथा वितरण गरिएको थियो भने १ वर्ष मुनिका बालबालिकाहरु मध्ये ६ लाख २१ हजार ८ सय ३० लाई वि.सि.जि., ५ लाख ७५ हजार ९ सय ३६ लाई डि.पि.टि., हेपाटाइटिस "बि" (३ मात्रा) र ५ लाख ५९ हजार ७ सय ७४ लाई दादुरा विरुद्ध खोप प्रदान गरिएको थियो । ९ लाख ४२ हजार ३८ जना महिलालाई टिटानस खोप दिइनुका साथै देशका विभिन्न ७ जिल्लामा इन्सेफ्लाइटिस विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएका थिए । आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा लक्ष्य अनुरूप २ जिल्लामा स्कूल स्वास्थ्य तथा Nutrition Project Piloting गरिएको छ । त्यस्तै, लक्ष्य अनुरूप १ करोड ४ लाख चक्की अल्वेण्डाजोल, १ करोड क्याप्सुल भिटामिन "ए" र ६ करोड आइरन चक्की खरिद गर्नुका साथै ७५ जिल्लामा पोलियो खोप तथा दादूराखोप अभियान कार्यक्रममा शतप्रतिशत प्रगति भएको छ । चालू आर्थिक वर्ष २०६५/६६ मा वि.सि.जि. (१ मात्रा) ३ लाख ४७ हजार ७ सय ६६ जना, डि.पि.टी तथा हेपाटाइटिस "वी" (३ मात्रा) ३ लाख १५ हजार ९ सय ७ जना, पोलियो (३ मात्रा) ३ लाख १६

हजार ९० जना, दादुरा (१ मात्रा) २ लाख ९५ हजार ४ सय २३ जना र ३ लाख २३ हजार ६ सय ८९ जना गर्भवतीहरुलाई टी.टी. खोप (२ मात्रा) प्रदान गरिएको छ। यसैगरी, ६ जिल्लामा जापानिज इन्सेफलाइटिस रोग बिरुद्धको खोप अभियानकै रूपमा सञ्चालन गरिएको छ, जसबाट एक वर्ष मुनिका ३ लाख ५० हजार बालबालिका र ३ लाख भन्दा बढी गर्भवती महिलाहरु सुरक्षित भएका छन्।

इपिडेमियोलोजी, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम

१२.४९ आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत महामारी, सरुवा रोग, परजीवीबाट लाग्ने औलो तथा कालाजार रोगहरुको नियन्त्रण र प्राकृतिक प्रकोपबाट उत्पन्न हुने विभिन्न खालका रोगहरुको व्यवस्थापन लगायतका कार्यहरुलाई निरन्तरता दिइएको थियो। सरुवा रोगहरुको सर्भिलेन्स, हात्तीपाइले, औलो, कालाजार नियन्त्रणका लागि किटनाशक औषधि छर्नुका साथै झुल वितरण गरिएको थियो। रेविज रोग नियन्त्रण र सर्पदंश पीडितलाई आवश्यक खोप सेवा प्रदान गरिएको थियो। कालाजार प्रभावित ११ जिल्लाका १ सय १४ गाउँ विकास समितिहरुका ७ सय ४४ वडामा २ चरण कीटनाशक औषधि छरिएको र महामारी प्रभावित क्षेत्रमा महामारी व्यवस्थापनका लागि लक्ष्य अनुरूप १० पटक Rapid Response Team परिचालन गरिएको थियो। समग्रमा गत आर्थिक वर्षमा यस कार्यक्रम अन्तर्गत करिव ९५ प्रतिशत भौतिक प्रगति भएको थियो। आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा ६ पटक एभियन इन्फ्लुएन्जाको सर्भिलेन्स र ८ पटक Rapid Response Team परिचालन भएको छ भने ३१ जिल्लामा हात्तीपाइले रोग नियन्त्रणका लागि औषधि वितरण र घरदैलोमा भ्रमण गरी तथ्याङ्क सङ्कलन गरिएको छ। शंकास्पद १ लाख ५० हजार मध्ये १ लाख ५ हजार औलो रोगी पत्ता लगाई उपचार र रक्त नमुना संकलन गरिएको छ। उदयपुर र धादिङ जिल्लामा ट्रकोमा रोगको सर्वेक्षण गरिएको छ भने ५ वटा शहरमा डेङ्गो ज्वरो तथा चिकेन गुनिया रोग कीटको अध्ययन गरिएको छ।

नयाँ नेपाल निर्माण कार्यक्रम

१२.५० यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा हेल्थपोष्ट र सवहेल्थपोष्टबाट उपचारमा आउने ८८ हजार २ सय ७२ जना विरामीहरुलाई निःशुल्क सेवा प्रदान गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा **नयाँ नेपाल निर्माण** अन्तर्गत मुलुकभरका जिल्ला अस्पताल सम्मका स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार सेवा र सबै सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क प्रसूती सेवा उपलब्ध गराइएको थियो। १५ वर्ष मुनिका बालबालिका तथा ७५ वर्ष माथिका ज्येष्ठ (लोपोन्मुख जाति) नागरिकहरुलाई मुटुरोगबाट बचाउन निःशुल्क मुटु तथा मृगौला रोगको उपचार गर्ने लक्ष्य अनुरूप पहिलो ८ महिनामा ३९ लाख ७५ हजार ९ सय जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान र ५० हजार ३ सय ३० जनालाई निःशुल्क प्रसूती सेवा प्रदान गरिएको छ। यस अवधिमा ४ सय २२ जना १५ वर्षमुनिका बालबालिकाहरुलाई निःशुल्क शल्यक्रिया गरिएको छ भने ६१ जना जेठ नागरिकहरुको निःशुल्क उपचार गरिएको छ। त्यस्तै, १७ जना ज्येष्ठ नागरिकको मृगौलाको डायलोइसिस गरिएको छ। त्रि.वि.वि. शिक्षण

अस्पताल महाराजगञ्जमा सुरेश वाग्ले स्मृति केन्द्रमार्फत क्यान्सर रोगीहरुलाई उपचार प्रदान गर्ने तथा जनकपुर अञ्चल अस्पतालमा रामबृक्ष यादव स्मृति केन्द्र नामक सघन उपचार कक्ष सञ्चालन गर्ने लक्ष्य रहेकोमा लगत इष्टिमेट तयार गरी निर्माणको प्रक्रियामा रहेका छन् ।

राष्ट्रिय जनसङ्ख्या कार्यक्रम

१२.५१ आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत स्थानीयस्तरमा जनसङ्ख्या व्यवस्थापन गोष्ठी तथा विद्यार्थीहरुलाई जनसङ्ख्या सम्बन्धी परामर्श सेवा अभिमुखीकरण ३ जिल्लामा सञ्चालन भएको थियो । जनसङ्ख्या व्यवस्थापन लागू भएका जिल्लाहरुमा युवा सूचना केन्द्रको मूल्याङ्कन सुरुवात गरिनुका साथै Missing Girls सम्बन्धी अध्ययनको कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा १० जिल्लामा जनसंख्या व्यवस्थापन कार्यक्रम लागू गरिएको छ भने Population Perspective Plan तयार हुँदै गरेको छ । युवा तथा वयस्कहरुको सर्भे कार्य भइरहेको छ भने जनसांख्यिक प्रतिवेदन प्रकाशित भइसकेको छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम

१२.५२ आर्थिक वर्ष २०६४/६५ मा कुष्ठरोग नियन्त्रण गर्न ४ सय ९० गाउँ विकास समितिहरुमा घरदैलो कार्यक्रम र ५४ वटा स्कूलमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ मा ८ सय ४० स्कूलमा स्वास्थ्य शिक्षा सञ्चालन तथा ४४ स्थानमा विशेष जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ । त्यसैगरी, १ हजार ७ सय ४० जना महिला स्वास्थ्य स्वयं सेविकालाई दीर्घकालीन सेवा सम्मान प्रदान, ४० कक्षामा सामुदायिक बीमा कार्यक्रमवारे जनचेतना कार्यक्रम सञ्चालन, ५६ हजार ३ सय ५७ कुष्ठरोग सम्बन्धी घरधुरी कार्यक्रम सञ्चालन र १० स्थानमा चर्मरोग शिविर सञ्चालन गरिएका छन् ।

सामाजिक सुरक्षा कार्यक्रम

१२.५३ आर्थिक वर्ष २०६४/६५ मा विभिन्न सेवाका ३५ वटा निःशुल्क शिविर सञ्चालन गर्ने लक्ष्य रहेकोमा पाठेघर खस्ने २१, विशेषज्ञ ४ र अन्य २ गरी जम्मा २७ तथा ३० वटा नेत्रदान शिविर सञ्चालन गरिएका थिए । त्यस्तै, १५ वर्ष मुनिका ५ सय ८० जना र ७५ वर्ष माथिका ज्येष्ठ नागरिक ५५ जनाको मुटुरोगको निःशुल्क शल्यक्रिया सहितको उपचार गरिएको थियो । ज्येष्ठ नागरिकको स्वास्थ्य तथा सुविधा विस्तार गरी स्थानीयस्तरबाट निःशुल्क उपचार हुन नसकेकाहरुलाई राहत स्वरूप जिल्लाभित्र रु. ५ सय र जिल्ला बाहिर रु. १ हजारदेखि रु. २ हजारसम्म गरी जम्मा ८८ हजार २ सय ७२ जनालाई वितरण गरिएको थियो । देशभरका २५ शैयासम्मका अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रबाट निःशुल्क आकस्मिक एवं अन्तरंग सेवा प्रदान गरिएको कारण १६ लाख ७३ हजार जनसंख्या लाभान्वित भएका थिए । आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा १ हजार २ सय ५० जना कालाजार रोगीलाई अस्पतालसम्म आउन रु. १ हजारका दरले यातायात खर्च प्रदान गरिएको छ । साथै ३७ जिल्लामा

निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको रकम पठाइएको छ। ३९ जिल्लामा निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको औषधि खरिद गरिएको छ भने १६ वटा आमा समूह सञ्जाल गठन गरिएको छ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

१२.५४ आर्थिक वर्ष २०६४/६५ मा HIV/AIDS को उपचारको लागि २१ स्थानमा ART सेवा तथा १५ जिल्लाको ३६ स्थानमा VCT सेवाको स्थापना गरिएको थियो। त्यस्तै, ५० हजार जना मध्ये २५ हजार एड्स तथा यौनजन्य रोग संक्रमितहरुलाई उपचार गरिएको थियो। ३ हजार ७ सय ५० कक्षामा AIDS सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन, २० मध्ये १५ स्थानमा Comprehansive HIV Care Side सञ्चालन र ९ हजार ५ सय मध्ये ६ हजार ६ सय ६४ जना एड्स संक्रमित गर्भवती महिलालाई PMTCT सेवा प्रदान गरिएको थियो।

आयुर्वेदिक स्वास्थ्य सेवा

१२.५५ आर्थिक वर्ष २०६४/६५ मा स्वास्थ्य क्षेत्रमा आयुर्वेदिक, यूनानी र होमियोप्याथी विधिद्वारा उपचार एवम् परामर्श गर्ने कार्यक्रमलाई निरन्तरता दिदैं सिंहदरबार वैद्यखाना तथा आयुर्वेद चिकित्सालय, नरदेवीबाट जडीबूटी संकलन, उत्पादन तथा काष्ठादी, रसादी, तैलादी औषधि निर्माण हुँदै आएको थियो। आयुर्वेद विभागबाट लक्ष्य अनुसार आयुर्वेद संस्थाहरुको निर्माण र तिनीहरुलाई आवश्यक पर्ने औषधि, उपकरणहरुको नियमितरूपमा आपूर्ति गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा लक्ष्य अनुसार नै जडीबूटी संकलन, उत्पादन, प्रशोधन तथा औषधि निर्माण गरी सिंहदरबार वैद्यखाना, आयुर्वेद चिकित्सालय नरदेवी, दाङ्ग लगायत २ सय ९३ वटा आयुर्वेद स्वास्थ्य संस्था मार्फत नियमितरूपमा स्वास्थ्य सेवा तथा औषधि प्रदान गरिनुका साथै केन्द्रीयस्तरमा होमियोप्याथी र यूनानी विधिद्वारा स्वास्थ्य सेवा समेत प्रदान भइरहेको छ।

जनशक्ति विकास, अध्ययन तथा अनुसन्धान

१२.५६ आर्थिक वर्ष २०६४/६५ मा १५ हजार जना स्वाथ्यकर्मीहरुलाई विभिन्न ५० प्रकारका स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा केन्द्रीयस्तरबाट १ हजार २ सय ९७ जना स्वास्थ्यकर्मीहरुलाई विभिन्न किसिमको तालिम प्रदान गरिएको छ। Free Health, Tropical Disease, Traditional Medicine, Disease Burden, NCD जस्ता ६ वटा परियोजनाहरुको अनुसन्धान कार्य सुरु गरिएको छ भने २९ हजार ५ सय ५ जना सुत्केरी महिला तथा नवजात शिशुको गणना सम्पन्न गरिएको छ।

स्वास्थ्य सेवा र सुविधाको विस्तार

१२.५७ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा क्षेत्रमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्म अस्पताल ९४ वटा, स्वास्थ्य केन्द्र ५ वटा, स्वास्थ्य चौकी ६ सय ९९ वटा, आयुर्वेद औषधालयहरु २ सय ९३ वटा, उपस्वास्थ्य चौकी ३ हजार १ सय ४ वटा र प्राथमिक स्वास्थ्य केन्द्र २ सय १ गरी जम्मा ४ हजार ३ सय ९६ वटा स्वास्थ्य संस्थाहरु ९१ हजार ८ सय ४० जना दक्ष जनशक्ति सहित सञ्चालनमा रहेका छन्। स्वास्थ्य

सुविधातर्फ उक्त ९४ वटा अस्पतालमा ६ हजार ९ सय ४४ वटा शैया मार्फत स्वास्थ्य सुविधा विस्तार गरिएको छ।





नेपाल मेडिकल काउन्सिलको काम, कर्तव्य र अधिकार

१२.५८ नेपाल मेडिकल काउन्सिल, नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम गठित एक स्वायत्त संस्था हो। यसले स्वदेश लगायत विदेशबाट समेत चिकित्साशास्त्रमा डिग्री/डिप्लोमा गरी आउने चिकित्सकहरूलाई नियमानुसार दर्ता गर्ने र नेपालभित्र नयाँ खोलिने मेडिकल/डेण्टल कलेजहरूको स्तर हेरी नियमानुसार सञ्चालनको मान्यता दिने कार्य गर्दछ। साथै, त्यस्ता कलेजहरुमा पठनपाठन तथा विद्यार्थी भर्नाको लागि स्वीकृति प्रदान गर्ने, चिकित्साशास्त्र (डिग्री/डिप्लोमा) अध्ययनको लागि न्यूनतम योग्यता निर्धारण गर्ने तथा नेपाल मेडिकल काउन्सिल ऐन नियम विरूद्ध कार्य गर्ने चिकित्सक तथा मेडिकल/डेण्टल कलेजलाई कारवाही गर्ने एवं गैरकानूनी तरिकाले चिकित्सा व्यवसाय सञ्चालन गर्न निरूत्साहित गर्ने तथा रोक्ने कार्य समेत गर्दछ।

त्यसैगरी, यस काउन्सिलले नियमितरूपमा दर्ता प्रमाणपत्र परीक्षा (Licensing Exam) सञ्चालन गर्ने, विभिन्न खालका स्वास्थ्य तथा चिकित्सा व्यवसायसँग सम्बन्धित उजुरी-निवेदनहरूमाथि छानवीन गर्ने र विदेशी नागरिक चिकित्सकहरूको योग्यता हेरी नेपाल मेडिकल काउन्सिलको नियमानुसार अस्थायी दर्ता गर्ने लगायतका कार्यहरू गर्ने गर्दछ ।

मञ्जुषा १२(क) : नेपाल मेडिकल काउन्सिलमा हुने दर्ताको प्रकार र प्रक्रिया

परीक्षण दर्ता	अस्थायी दर्ता	स्थायी दर्ता	विशेषज्ञ दर्ता	विदेशी नागरिक दर्ता
चिकित्साशास्त्रमा डिप्लोमा (एम.बि.बि.एस. / बि.डि.एस.) उत्तीर्ण गरेपछि १ वर्षको लागि परीक्षण दर्ता दिइन्छ । परीक्षण दर्ताको अवधिभित्र एकवर्षे ईन्टर्नसीप सक्नुपर्ने हुन्छ ।	ईन्टर्नसीप सकेपछि (हाल ९ महिना इन्टर्नसीप पछि पनि संलग्न हुन पाइने) काउन्सिलद्वारा दर्ता प्रमाणपत्र परीक्षा लिखितरूपमा सञ्चालन गरिन्छ र उत्तीर्ण हुनेलाई मात्र अस्थायी दर्ता प्रमाणपत्र दिइन्छ । अस्थायी दर्ताको अवधि २ वर्षको हुन्छ ।	अस्थायी दर्ता प्रमाणपत्रको २ वर्षे अवधिभित्र कुनै पनि अस्पताल, स्वास्थ्य संस्थाहरूमा सेवा गरेको प्रमाण र सिफारिसपत्र सहित आवेदन गरेपछि मात्र स्थायी दर्ता प्रमाणपत्र प्रदान गरिन्छ । यसको अवधि स्थायी हुन्छ ।	चिकित्साशास्त्रमा डिग्री (उच्च शिक्षा) गरी कुनै विशेषज्ञता हासिल गरेकाहरूलाई विशेषज्ञ दर्ता प्रमाणपत्र प्रदान गरिन्छ ।	विदेशमै अध्ययन गरेका विदेशी नागरिक चिकित्सकहरूलाई अन्तर्वार्ताद्वारा (शैक्षिक प्रमाणपत्र, अनुभव, भिसा, पासपोर्ट, संलग्न संस्था आदिको आधारमा) उनीहरूको योग्यता हेरी अस्थायी दर्ता प्रमाणपत्र प्रदान गरिन्छ । त्यस्तो अस्थायी दर्ताको अवधि एकवर्षको मात्र हुन्छ ।
आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिना (साउन-फागुन) मा भएको दर्ता संख्या :				
९१७ जना	६९५ जना	४०७ जना	१६१ जना	२७७ जना
आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्ममा भएको दर्ता सेवा :				
८५६२ जना	८४७९ स्थायी समेत	-	१४४७	४०८७

स्रोत : नेपाल मेडिकल काउन्सील

१२.५९ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका स्वास्थ्य विशेषज्ञको प्रकार र संख्या निम्न बमोजिम रहेको छ :

तालिका १२(न) : नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञको विवरण

क्र.स.	*विषय*	*पुरुष*	*महिला*	*जम्मा*
1.	General Practice	६१	१३	७४
2.	E.N.T	३९	८	४७
3.	Psychiatry	२९	२	३१
4.	Anesthesiology	५८	२१	७९
5.	Radiology And Imaging	५९	८	६७
6.	Pediatrics	१०४	३५	१३९
7.	Nephrology	३	१	४
8.	Master in Dental Surgery (MDS)	३४	१५	४९
9.	T.B. and Respiratory	६	१	७
10.	Community Medicine Public Health	२२	७	२९

क्र.स.	विषय	पुरुष	महिला	जम्मा
11.	Pharmacology	८	०	८
12.	Obs + Gynae	६१	१२१	१८२
13.	M.S (General Surgery)	१६०	१०	१७०
14.	Orthopedics	११९	१	१२०
15.	Cardiology	५४	१	५५
16.	Ophthalmology	४८	२४	७२
17.	Internal Medicine	११२	११	१२३
18.	Clinical Pathology	२२	२४	४६
19.	Dermatology + Venereology	२४	१२	३६
20.	Neurology	१०	२	१२
21.	Gastroenterology	११	१	१२
22.	Urology	१०	०	१०
23.	Surgical Oncology	१३	०	१३
24.	Forensic Medicine	४	०	४
25.	Microbiology	२	१	३
26.	Nuclear Medicine	३	०	३
	जम्मा	**१०७६**	**३१९**	**१३९५**

स्रोत : नेपाल मेडिकल काउन्सिल

१२.६० नेपाल मेडिकल काउन्सिलबाट मुलुकमा स्वास्थ्यतर्फ जनशक्ति तयार गर्न मान्यता प्रदान गरिएका मेडिकल कलेजहरुको विवरण निम्न बमोजिम रहेको छ ।

तलिका १२(प) : आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तसम्म मान्यताप्राप्त गरेका मेडिकल कलेजको विवरण

S.N	Medical College	Year Estd.	Degree
1.	T. U. Institute of Medicine, Maharajgunj	1978	MBBS
2.	BPKIH, Dharan	1994	MBBS/BDS
3.	Manipal College of Medical Sciences, Pokhara	1994	MBBS
4.	College of Medical Sciences, Bharatpur, Chitwan	1995	MBBS
5.	Nepal Medical College, Jorpati	1996	MBBS
6.	Kathmandu Medical College, Sinamangal	1996	MBBS
7.	Nepalgunj Medical College, Nepalgunj	1996	MBBS
8.	Universal College of Medical Sciences, Bhairahawa	1998	MBBS/ BDS
9.	People's Dental College, Nayabazar, Kathmandu	1999	BDS
10.	Kathmandu University, School of Medical Sciences, Kavre	2001	MBBS
11.	National Medical College, Birgunj	2001	MBBS
12.	Janaki Medical College, Janakpur	2003	MBBS

S.N	Medical College	Year Estd.	Degree
13.	National Academy of Medical Sciences, (NAMS), Bir Hospital	2004	Post Graduate
14.	M.B. Kedia Dental College, Birgunj	2007	BDS
15.	Nobel Medical College, Biratnagar	2007	MBBS
16.	Kantipur Dental College, Basundhara, Kathmandu	2007	BDS
17.	Kist Medical College, Gwarko, Lalitpur	2008	MBBS
18.	Lumbini Medical College & Research Center Pvt. Ltd., Palpa	2009	MBBS

स्रोत : नेपाल मेडिकल काउन्सिल

स्थानीय विकास

१२.६१ स्थानीय विकास र विकेन्द्रीकरण, निक्षेपण सम्वन्धी नीति निर्माण र कार्यान्वयन, स्थानीय निकायवीच समन्वय, दुर्गम क्षेत्र र ग्रामीण विकास सम्वन्धी नीति योजना र कार्यक्रमको तर्जुमा, अनुगमन एवं मूल्यांकन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, समावेशी विकास र स्थानीय तहको पूर्वाधार विकास सम्वन्धी विविध कार्यमा स्थानीय विकास मन्त्रालयले आफ्नो जिम्मेवारी र भूमिकालाई निर्वाह गर्दै आएको छ। यस मन्त्रालयको उक्त नीति र कार्यक्रमलाई प्रभावकारीरूपले सम्पादन गर्न ७५ जिल्ला विकास समिति, ५८ नगरपालिका, ३,९१५ गाउँ विकास समिति, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका अतिरिक्त विभिन्न आयोग, समिति, प्रतिष्ठान र आयोजना एवं कार्यक्रमहरु आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशिल रहेका छन्।

मञ्जुषा १२(ख) : स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अवलम्वन गरेका नीतिगत व्यवस्था, निर्देशिका तथा कार्यविधिहरु

- गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६५
- सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०६५
- जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६५
- दलितवर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका, २०६५
- जिल्ला विकास समिति अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०६५
- नगरपालिका विकास अनुदान खर्च प्रक्रिया व्यवस्थित गर्ने निर्देशिका, २०६५
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सम्बन्धी (सञ्चालन कार्यविधि) निर्देशिका, २०६५
- निर्वाचन क्षेत्र विकास कार्यक्रम (तेश्रो संशोधन), २०६५
- फोहरमैला व्यवस्था प्राविधिक निर्देशिका तयार गरिएको।
- राष्ट्रिय दलित आयोगको अल्पकालीन तथा दीर्घकालीन रणनीति योजना तयार भएको

- चुरे क्षेत्रको समग्र विकास गरी सामाजिक परिचालनको माध्यमबाट यस क्षेत्रका महिला एवं पिछडिएका जात-जातिहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट चुरे एवं तराई क्षेत्र विकास कार्यक्रम सन्चालन गर्ने नीति अवलम्बन गरिएको ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले आफ्नो दृष्टिकोण तथा उद्देश्य अनुरूपको कार्यदिशा पहिल्याउन राष्ट्रिय परिवर्तित सन्दर्भ अनुसार पाँच बर्षे रणनीतिक योजना तयार पारी सोही अनुसार आफ्ना बार्षिक कार्यक्रमहरु अगाडि बढाउन सुरु गरेको ।
- जिल्ला विकास समितिहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन कार्यविधि, २०६५ परिमार्जन गरी सो बमोजिम जि.वि.स.हरुको आर्थिक वर्ष २०६४/६५ मा सम्पादन गरेका कामहरुको आधारमा MCPM मूल्याङ्कन गर्न परामर्शदाता छनौट गरी ७५ वटै जि.वि.स.मा टोली खटाई कार्य प्रारम्भ गरिएको ।
- १६ नगरपालिकाहरुमा परीक्षणको रूपमा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) गरी सोको पृष्ठपोषणका आधारमा नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मस्यौदा कार्यविधि परिमार्जन गरी अन्तिमरूप दिने कार्य भइरहेको ।
- गाउँ विकास समितिहरुको न्यूनतम शर्त (MC) मापन सम्बन्धी कार्यविधिको अन्तिम मस्यौदा तयार भएको ।
- ILO १६९ को कार्य योजनाको मस्यौदा तयार भएको ।
- नयाँ सडक छनौट गर्दा संम्भाव्यता अध्ययन गरेर मात्र छनौट गर्ने व्यवस्था गरिएको साथै जिल्ला यातायात गुरु योजनामा प्राथमिकतामा परेका र सामाजिक तथा आर्थिकरूपले ज्यादै पछाडि परेका वर्गलाई फाइदा पुग्ने आयोजनाहरुलाई प्राथमिकताकासाथ छनौट गर्ने व्यवस्था मिलाइएको ।

मञ्जुषा १२(ग) : स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अवलम्वन गरेका संस्थागत व्यवस्थाहरु

- मन्त्रालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना भई क्रियाशील रहेको ।
- दलितवर्ग उत्थान जिल्ला समन्वय समिति र आदिवासी जनजाति उत्थान जिल्ला समन्वय समितिको गठन भई समावेशी कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत स्थानीय निकाय (गाउँ विकास समिति र न.पा) हरुबाट लक्षित समूहलाई भत्ता/वृत्ति उपलव्ध गराउने व्यवस्था गरिएको । मन्त्रालयले नीतिगत निर्णय गरी भत्ता/वृत्तिको रकम जिल्ला विकास समितिको कार्यालयमा उपलव्ध गराउने र जिल्ला विकास समितिको कार्यालयले लक्षित समूहको संख्याका आधारमा गाउँ विकास समिति र नगरपालिकाको कार्यालयमा पठाई भत्ता/वृत्ति रकम वितरण गर्ने र सोको अभिलेख गाउँ विकास समिति र नगरपालिकाको कार्यालयले

राखी जि.वि.स.मा प्रतिवेदन गर्ने संरचनागत व्यवस्था मिलाइएको ।

- दलित जातीय प्रमाणपत्र वितरणका लागि सफ्टवेयरको निर्माण भएको ।
- स्थानीय पूर्वाधार विकास तथा व्यवस्थापनमा Information Management, Retrieving and Reporting System लाई प्रभावकारी बनाउनको लागि उपयुक्त IT/ICT/GIS प्रविधिको स्थापना तथा उपयोगको लागि उल्लिखित प्रविधिहरुको Needs एवं Scoping Assessment गरिएको ।
- स्थानीय पूर्वाधारको प्रभावकारी विकास तथा व्यवस्थापनको लागि सम्बन्धित संस्थाहरुको संस्थागत विकास तथा व्यवस्थापन र मानव संशाधन विकास योजना तयार गरिएको ।
- फोहरमैला स्रोत परिचालन केन्द्रबाट काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन संयन्त्रको पूर्वाधार विकास गर्ने र फोहरमैला व्यवस्थापनमा नगरपालिकाहरुलाई प्राविधिक सहयोग उपलव्ध गराउने गरी नेपालका सबै नगरपालिकाहरुमा कार्यक्षेत्र विस्तार गर्ने व्यवस्था गरिएको ।
- फोहरमैला व्यवस्थापनको क्षेत्रमा फोहरमैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्रको भूमिकालाई प्राविधिक सहयोगको क्षेत्रमा केन्द्रीत गर्ने, राजधानीको फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साइटको पूर्वाधार विकास गर्ने र स्थानीय निकाय मार्फत समुदायको सहभागितामा फोहरमैला न्यूनीकरण गर्ने कार्यलाई प्रवर्द्धन गर्ने, विराटनगरमा अन्तर्राष्ट्रियस्तरको स्यानिटरी ल्याण्डफिल साइटको व्यवस्थापन एवं सञ्चालन गर्ने व्यवस्था मिलाउने कार्यहरु प्रारम्भ गरिएको ।

पूर्वाधार विकासतर्फ

१२.६२ स्थानीयस्तरमा सञ्चालन गरिने पूर्वाधार विकास निर्माण एव सञ्चालन र मर्मत संभार सम्बन्धी योजना आयोजना, परियोजना तथा कार्यक्रमहरुलाई स्थानीय पूर्वाधार विकास कार्यक्रमका रूपमा परिभाषित गरिएको छ । यस अन्तर्गत स्थानीय यातायात, सिंचाइ तथा नदी नियन्त्रण, लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा, खानेपानी, ढल निकास तथा सरसफाई, आवास, भवन तथा सहरी विकास, फोहरमैला व्यवस्थापन र सामाजिक पूर्वाधार क्षेत्रका योजना तथा कार्यक्रमहरु समावेश गरिएका छन् । स्थानीय तहका भौतिक तथा सामाजिक पूर्वाधारहरुको माध्यमबाट स्थानीय जनताहरुको सामाजिक सेवा, आर्थिक अवसर र स्रोतको पहुँचमा अभिबृद्धि गरी जनताको सक्रियता र सहभागितामा उनीहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने मुख्य ध्येयका साथ सन्चालित आयोजना तथा कार्यक्रमहरुको प्रगति स्थिति देहाय बमोजिम रहेको छ :

ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना

१२.६३ स्थानीय तहमा बाह्रै महिना सञ्चालन हुने सडक (All Weather Road), ग्रामीण सडक मर्मत सम्भार, सामाजिक सामुदायिक पूर्वाधार तथा यातायात सेवा निर्माण र सुधार गर्ने उद्देश्यले सुरु भएको यो कार्यक्रम विश्व बैंकको आर्थिक सहयोगमा ३० जिल्लाहरुमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०६४/०६५ मा

वाह्रैमहिना सञ्चालन हुने सडक १६० कि.मि, नयाँ सडक निर्माण २५ कि.मि, झोलुङ्गे पुल ५५ वटाको निर्माण कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६५/०६६ मा यस कार्यक्रम अन्तर्गत २० जिल्लाहरुमा ३१० कि.मि. सडकलाई बाह्रै महिना सञ्चालन हुने अवस्थामा पुऱ्याउनको लागि निर्माण कार्य शुरू भएकोमा ४० कि. मी. सडकको निर्माण कार्य सम्पन्न भइ २७० कि.मि. निर्माण कार्य भइरहेको छ भने यस अवधिमा ७ कि.मि. मौसमी सडक निर्माण भएको छ । यो परियोजना चालू आर्थिक वर्षमा थप नयाँ १० जिल्लाहरुमा समेत सुरु भई सडक स्तरोन्नतिको कार्य प्रारम्भ गरिएको छ । यस अवधिमा २८ जिल्लाहरुमा ७१ वटा झोलुङ्गे पुलको निर्माण गर्ने लक्ष्य लिइएकोमा ८ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको र ५२ वटा निर्माणाधीन अवस्थामा रहेका छन् ।

ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम

१२.६४ स्थानीय पूर्वाधारहरुको विकास गरी ग्रामीण समुदायका जनताको बजारसम्म पहुँच पुऱ्याई उनीहरुको सामाजिक, आर्थिक विकासका साथै रोजगारीको अवसरमा बृद्धि गरी जीवनस्तरमा सुधार गर्ने मुख्य उद्देश्यका साथ आर्थिक वर्ष २०६४/६५ मा यो कार्यक्रम सुरु भएको हो । आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकार, एशियाली विकास वैंक (ADB), अन्तर्राष्ट्रिय विकासको लागि ओपेक फण्ड (OFID) सँग संझौता सम्पन्न भएको र अन्तराष्ट्रिय विकास विभाग (DFID) र स्वीस सहयोग विकास संस्था (SDC) वीच संझौता गर्ने तयारी सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६४/६५ मा केन्द्रमा ४ जना Individual Consultant नियुक्त, जिल्ला तथा केन्द्रमा आयोजना कार्यालयहरु स्थापना, जिल्ला विकास समिति तथा जिल्ला प्राविधिक कार्यालयलाई आयोजना सम्वन्धमा अभिमुखीकरण, आयोजना शुभारम्भ कार्यशाला गोष्ठी सञ्चालन र जिल्लाको लागि प्राविधिक परामर्श सेवा खरिदका लागि कारवाही अगाडि बढाइएको थियो । आर्थिक वर्ष २०६५/६६ मा यस कार्यक्रम अन्तर्गत केन्द्रस्तरमा खरिद गर्नुपर्ने सवारी साधन, फर्निचर, कार्यालय उपकरणहरु खरिद गर्ने कार्य सम्पन्न भएको, केन्द्रस्तरमा Central Implementation Support Consultant को सेवा खरिद गरिएको, १४ जिल्लाहरुमा District Implementation Support Consultant को सेवा खरिद कार्य सम्पन्न भएको छ । यस अवधिमा काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली तथा दोलखा जिल्लामा CDS बाट प्राबिधिक सहयोग प्राप्त भई कार्य भइरहेको छ भने १८ जिल्लाहरुमा व्यक्तिगत परामर्शदाता नियुक्त गरिएको छ । आयोजना समन्वय इकाईबाट आर्थिक प्रशासन, सार्वजनिक खरिद, पुनर्बास योजना तथा वातावरण संरक्षण सम्बन्धी विविध पक्षमा सम्वन्धित कर्मचारीहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ ।

जिल्ला सडक सहयोग कार्यक्रम

१२.६५ नेपाल सरकार र स्वीस सरकारको सहयोगमा २०५९ देखि ६ जिल्लामा सञ्चालित यस कार्यक्रमले मुख्यत: स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी ग्रामीण सडक पूर्वाधारको विकास गर्ने लक्ष्य लिएको छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०६४/०६५ मा नयां सडक निर्माण १५ कि.मि, नियमित मर्मत संभार १ सय ९

कि.मि, आवधिक मर्मत संभार १ सय ८ कि.मि, सडक पुनःस्थापना कार्य २५ कि.मि निर्माण सम्पन्न हुनुका साथै कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सामाजिक अभिवृद्धि सम्वन्धी क्रियाकलाप सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा नयाँ सडक निर्माण ३० कि.मी, नियमित मर्मत संभार २१४ कि.मि., पुनर्स्थापन कार्य ५० कि.मि., आवधिक मर्मत संभार २५० कि.मि. सम्पन्न गर्ने लक्ष्य रहेकोमा आवश्यक लगत ईष्टिमेट, बोलपत्र सम्बन्धी कार्य र ग्याबियन तार तथा आवश्यक औजार खरिद कार्य सम्पन्न भएको छ।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम

१२.६६ नेपाल सरकार, विश्व बैंक (WB) र विश्व खाद्य कार्यक्रम (WFP) को संयुक्त सहयोगमा अधिराज्यका २१ जिल्लामा सञ्चालित यो कार्यक्रमको प्रमुख उद्देश्य ग्रामीण क्षेत्रका गरीव परिवारको खाद्य सुरक्षा स्थितिमा सुधार ल्याई सामुदायिक पूर्वाधारहरूको निर्माण तथा सुधार, ग्रामीण समुदायको स्वावलम्बन क्षमताको अभिवृद्धि गर्नु रहेको छ। यस कार्यक्रम अन्तर्गत ग्रामीण सडक निर्माणका कार्यहरू सञ्चालन भईरहेका छन्। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रमबाट १ सय १४ कि.मि. ग्रामीण सडक निर्माण, ९ हजार मे.टन खाद्यान्न जिल्लामा वितरण भएको थियो भने आर्थिक वर्ष २०६५/६६ मा १२५ कि.मि. ग्रामीण सडक निर्माण गर्ने लक्ष्य रहेकोमा १५ कि.मि. ग्रामीण सडक निर्माण सम्पन्न भएको छ र कामदारहरुलाई १ हजार १ सय ९३ मे.टन चामल वितरण गरिएको छ।

विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार आयोजना

१२.६७ एशियाली विकास बैंकको ऋण सहयोगमा आर्थिक वर्ष २०६२/६३ देखि १८ जिल्लामा ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक पूर्वाधार निर्माण गर्ने, यातायात सञ्जाल विस्तार गर्ने, ग्रामीण रोजगारीका क्रियाकलाप सञ्चालन गर्ने, स्थानीयस्तरको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो आयोजना सञ्चालन भएको हो। यस आयोजनाबाट आर्थिक वर्ष २०६४/६५ मा १०९.५ कि.मि. सडकको विस्तृत सर्वेक्षण तथा डिजाइन सम्पन्न, २५.७ कि.मि. नयाँ सडक निर्माण सम्पन्न, ४८ कि.मि. सडक पुनर्स्थापना कार्य सम्पन्न, क्रमागत र नयाँ गरी ४८ झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा १६० कि.मि. सडकको विस्तृत सर्भे डिजाईन, १०० कि.मि. सडकको नयाँ निर्माण तथा १०५ कि.मि. सडकको पुनर्स्थापना र स्तरोन्नति गर्ने, क्रमागत र नयाँ गरी ५० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ६.९५ कि.मि. नयाँ ग्रामीण सडक निर्माण भएको छ भने ९ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। जिल्लाहरुमा लक्ष्य अनुसार ठेक्का संझौता भई सडक निर्माण कार्य सञ्चालन भइरहेको छन्। Resettlement Plan अनुसार जग्गाको स्वामित्व हस्तान्तरण कार्य भइरहेको छ।

ग्रामीण पहुंच कार्यक्रम दोस्रो चरण

१२.६८ नेपाल सरकार र बेलायत सरकार वीच सम्झौता भई यो कार्यक्रम २०६५ साउनबाट भोजपुर, संखुवासभा, खोटाङ, अछाम, डोटी र दैलेख गरी ६ जिल्लामा सञ्चालित छ।

ग्रामीण यातायात तथा पूर्वाधार विकासको माध्यमबाट गरीव जनताहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्यबाट लागू भएको यस कार्यक्रमले मुख्यतया ग्रामीण सडक निर्माण, स्थानीय निकायको क्षमता सुदृढीकरण र जनचेतना अभिवृद्धिका गतिविधिहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रमको आयोजना तयारीको कार्य सम्पन्न भएको थियो। चालू आर्थिक वर्ष २०६५/६६ मा बार्षिक लक्ष्य अनुसार सडक निर्माणको प्रथम चरणको ३ सय ६५ कि.मि ट्र्याक खोल्ने कार्यहरु मध्ये ७ वटै जिल्लाहरुको १२ वटा सडकहरुमा कूल ३६५.५ कि.मि. सर्भे, डिजाईन, इष्टिमेट तयार गर्ने कार्य सम्पन्न भएको छ। स्थानीय गै.स.स. र परामर्शदाता नियुक्ति गर्ने काम सम्पन्न भई कार्य सुरु हुनाको साथै विभिन्न औजार र सामान खरिद गरिएको छ।

झोलुंगे पुल तथा स्थानीयस्तरका सडक पुलहरु

१२.६९ स्वीस सरकार, हेल्भेटास र Non-Project Grant, NPG (Japan) को सहभागितामा विभिन्न ६२ जिल्लाहरुमा यो कार्यक्रम सञ्चालनमा रहेको छ। मुख्य एवं स्थानीय मार्गमा पर्ने झोलुङ्गे पुलहरुको निर्माण तथा बृहत मर्मत गरी ग्रामीण पहुँचमा सुधार ल्याउने उद्देश्यबाट यो कार्यक्रम सञ्चालित छ। आर्थिक वर्ष २०६४/६५ मा झोलुङ्गे पुल निर्माण १६० वटा सम्पन्न र १०० वटा झोलुङ्गे पुलहरुको विस्तृत अध्ययन सम्वन्धी कियाकलाप सम्पन्न भएको थियो। ग्रामीण सामुदायिक पुल कार्यक्रमबाट नयां पुल निर्माण ३ वटा, ६ वटा क्रमागत पुलहरुको निर्माण र १० वटाको पुलहरुको विस्तृत अध्ययन सम्पन्न थियो। आर्थिक वर्ष २०६५/६६ मा सामुदायिक सडक पुल कार्यक्रमतर्फ सर्भे डिजाईन ११ वटा, फलामे पार्टस् फेब्रिकेशन ३२ वटा, फाउण्डेशन तथा कंक्रिटिङ्ग १७ वटा, लठ्ठा तान्ने तथा जडान ३० वटा र ३० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् भने नयाँ र क्रमागत गरी १६७ वटा झोलुङ्गे पुल निर्माणाधीन रहेका छन्।

कृषि तथा स्थानीयस्तरका सडक आयोजना

१२.७० दीर्घकालीन कृषि योजनामा व्यवस्था भए अनुसार कृषि उत्पादनको दृष्टिले महत्वपूर्ण पकेट क्षेत्रहरूमा उत्पादन र बजार प्रकियालाई सघाई निजी क्षेत्रको आर्थिक कियाकलापमा अभिवृद्धि गराउन कृषि उत्पादन हुने थलोलाई मोटर चल्ने मूल सडकमा जोड्ने उद्देश्यले ग्रामीण कृषि सडकको निर्माण गर्ने र ग्रामीणस्तरका सडक तथा गोरेटो घोडेटो बाटोहरू निर्माण तथा मर्मत सुधार गर्ने उद्देश्यले स्थानीय विकास निर्माण कार्यक्रम सञ्चालनमा आएको छ। सडक विभागबाट हस्तान्तरण भई आएका स्थानीयस्तरका सडकहरु पनि यस कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेका छन्। आर्थिक वर्ष २०६४/०६५ मा सडक सर्वेक्षण ८ सय ३० कि.मि, नयां सडक निर्माण १ हजार १ सय २१ कि.मि, नियमित मर्मत संभार ६ सय ६७ कि.मि, सडक ग्राभेल ४ सय १८ कि.मि, सडक कलोपत्रे ३१.३ कि.मि र कजवे पुलपुलेसा निर्माण ३ सय ५२ वटा सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा स्थानीय निकायलाई

एकमुष्ठरूपमा प्रदान गरिएको बजेटबाट योजना छनौट, योजनागत बजेट बाँडफाँड, कार्यक्रम स्वीकृति र कार्यान्वयनको जिम्मेवारी दिइएकोमा सडक सर्वेक्षण २ सय कि.मि., कच्ची सडक निर्माण १ सय कि.मि. र सडक मर्मत १ सय ५० कि.मि. सम्पन्न भएको छ ।

ग्रामीण खानेपानी तथा सरसफाई आयोजना

१२.७१ नेपाल सरकारको लगानीमा देशका ७५ जिल्लामा सञ्चालित यस कार्यक्रमबाट दिगो, भरपर्दो र पर्याप्त मात्रामा स्वच्छ पिउने पानीको सुविधा उपलब्ध गराउने र सम्पूर्ण जनसंख्यालाई खानेपानीको सुविधा र ४० प्रतिशत जनसंख्यालाई सरसफाई सुविधा पुऱ्याउने लक्ष्य लिइएको यस कार्यक्रम अन्तर्गत ग्राभिटी खानेपानी, टयूववेल जडान, बर्षातको पानी संकलन, चर्पी निर्माण र वातावरणीय सरसफाइका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुने गर्दछन् । आर्थिक वर्ष २०६४/०६५ मा १८८ वटा खानेपानी स्कीम सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६५/६६ मा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमको सूचना व्यवस्थापन प्रणाली software र कार्यविधि दिग्दर्शन तयार भएको छ भने १५० वटा खानेपानी स्कीम सम्पन्न गर्ने लक्ष्य अनुरूपका कार्यक्रमहरु ७५ वटै जिल्लाहरुमा सञ्चालनमा रहेका छन् ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

१२.७२ फिनल्याण्ड सरकारको अनुदान सहयोगमा सुदूर तथा मध्य- पश्चिमाञ्चलका विभिन्न ९ जिल्लाहरुमा आर्थिक वर्ष २०६३/६४ देखि जलस्रोत गुरु योजना, आर्सेनिक न्यूनीकरण, ग्राभेटी खानेपानी, सिंचाइ, लघुजल विद्युत, फोहोरमैला व्यवस्थापनका क्षेत्रमा कार्य गर्दै आएको छ । आर्थिक वर्ष २०६४/६५ मा आर्सेनिक न्यूनीकरणका लागि कैलाली जिल्ला अन्तर्गत ६ गा.वि.स. मा ३१ वटा वायो-स्यान्ड फिल्टर निर्माण तथा वितरण, सिंचाइ सेवास्तर वृद्धि (Multiple Use Systems) अन्तर्गत ५ वटा स्कीम सम्पन्न, ग्रमीण ऊर्जा सेवास्तर वृद्धितर्फ १ वटा स्कीम सम्पन्न, जल उपयोग गुरुयोजना तयारी २७ गा. बि. स. मा सम्पन्न, घरायशी चर्पी निर्माण ७ सय ८९ वटा र खानेपानी स्कीम ९ वटा सम्पन्न भएका थिए । आर्थिक वर्ष २०६५/६६ मा क्रमागत र नयाँ ग्राभिटी खानेपानी आयोजना ७ सय १४ वटा, सबै जिल्लाहरुमा सरसफाइ तथा तालिम कार्यक्रम, आर्सेनिक न्यूनीकरण, आकासे पानी संकलन कार्य गर्ने लक्ष्य रहेकोमा आर्सेनिक न्यूनीकरणका लागि कैलाली जिल्लाका ६ गा.बि.स. मा ४१ वटा वायो-स्यान्ड फिल्टर निर्माण तथा वितरण, सिंचाइ सेवास्तर वृद्धि (Multiple Use Systems) अन्तर्गत एउटा स्कीम, ग्रामीण ऊर्जा सेवास्तर वृद्धितर्फ १ वटा स्कीम, १ हजार ७ सय २ वटा घरायसी चर्पी निर्माण र २५ वटा खानेपानी स्कीम सम्पन्न भएका छन् ।

ग्रामीण सडक मर्मत सम्भार कोष

१२.७३ जिल्लाहरूमा प्रत्येक वर्ष ठूलो परिमाणमा निर्माण गरिने ग्रामीण सडकहरूको मर्मत संभारको लागि केन्द्र तथा जिल्लाहरूमा नै कोष खडा गर्ने र जिल्लाले तयार गर्ने सडक मर्मत योजनामा म्याचिङ फण्ड जुटाउनु पर्ने गरी मर्मत संभार कोषलाई नै कार्यक्रमको रूपमा आर्थिक वर्ष २०५७/५८ देखि सञ्चालन गरिंदै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा हिमाली, पहाडी तथा तराई गरी ६८ जिल्लाहरुमा लक्ष्य अनुसारका सडकहरुको नियमित मर्मत संभार, आवधिक मर्मत तथा पुनः स्थापना मर्मत कार्यक्रम सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा विनियोजित रू. २ करोड बजेटबाट करिब २५० कि.मि. ग्रामीण सडक मर्मत सम्भार गर्ने लक्ष्य अनुसारका कार्यक्रमहरु जिल्लाहरुमा सञ्चालनमा रहिआएका छन्।

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम

१२.७४ पश्चिमाञ्चल विकास क्षेत्रका ८ जिल्ला (तनहुँ, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी, कपिलवस्तु, रूपन्देही, नवलपरासी) र प्यूठानमा नेपाल सरकार र फिनल्याण्ड सरकारको सहयोगमा ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रमा यो कार्यक्रम आर्थिक वर्ष २०६५/६६ मा सुरु भई Inception Phase मा रहेको छ।

जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम

१२.७५ स्वीस सरकारको सहयोगमा आर्थिक वर्ष २०६२/६३ देखि अछाम, दैलेख, दोलखा, रामेछाप, डोटी र जाजरकोट गरी ६ जिल्लामा महिला, बालबालिका र पछाडि परेका वर्गको उत्थान गर्ने अभिप्रायले यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रमबाट जनताको जीवनस्तर सुधार गर्न, आयस्रोतमा बृद्धि र खाद्यान्न अभाव क्षेत्रमा नगदे बाली उत्पादन बढाउन २३ वटा स-साना तथा मझौलास्तरका व्यवस्थित सिचाई प्रणालीको विकास, १६ वटा विद्यालय भवन र एउटा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएको छ। आ. व. २०६५/६६ मा यस कार्यक्रमबाट ८ वटा समुदायद्वारा व्यवस्थित साना सिंचाइ योजना, ३ वटा सव-हेल्थपोष्ट र २ वटा प्राथमिक विद्यालय निर्माण कार्य सम्पन्न भएका छन्।

जनसहभागितामा आधारित विकास कार्यक्रम

१२.७६ स्थानीयस्तरमा सञ्चालन गरिने विकास प्रक्रियामा प्रत्यक्ष सरोकार राख्ने जनताको प्रत्यक्ष सहभागिता वृद्धि गरी अत्यावश्यक देखिएका कार्यक्रमहरूको छनोट, व्यवस्थापन एवं स्वामित्व सिर्जनामा उपभोक्ताहरूको प्रत्यक्ष सहभागितालाई बढावा दिने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा रहेको छ। जनसहभागिताका आधारमा स्थानीय निकायहरूमार्फत सडक, पुल, सिंचाइ, खानेपानी, नदी नियन्त्रण, विद्यालय भवन, स्वास्थ्य चौकी निर्माण, वन विकास र ग्रामीण विद्युतीकरण जस्ता विभिन्न कार्यक्रमहरू अघि बढाई स्थानीय समुदायको मागका आधारमा सञ्चालन गरिदै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ स्वीकृत भएको छ भने केन्द्रीय तथा क्षेत्रीयस्तरका ३६ वटा योजनाहरु र

स्थानीयस्तरका ११८ वटा योजनाहरु छनौट भई सोका लागि जि.वि.स. र नगरपालिकामा अख्तियारी पठाइएको छ ।

तालिका १२(फ) : पूर्वाधार विकासतर्फ विभिन्न कार्यक्रम/आयोजनाबाट भएको उपलब्धिको संक्षिप्त विवरण

क.सं	*क्रियाकलाप*	*आर्थिक वर्ष २०६४/६५*	*आर्थिक वर्ष २०६५/६६ (फागुन मसान्तसम्म*
१	ग्रामीण सडक निर्माण	१,३७५ कि.मि.	-
२	वाह्रैमहिना सञ्चालन हुने सडक निर्माण	१९१ कि.मि.	-
३	झोलुङ्गे पुल निर्माण	१६० वटा	४० वटा
४	कजवे तथा पुल पुलेसा निर्माण	३५२ वटा	-
५	खानेपानी योजना सम्पन्न	१९७ वटा	-
६	खाद्यान्न वितरण	९,००० मे. टन	११९३ मे.टन
७.	कच्ची सडक	-	३९ कि.मि.
८.	सडक ग्राभेल	-	१२ कि.मि.
९.	वटासिल तथा स्याण्डसिल	-	४१ कि.मि.
१०	झोलुङ्गे पुल फेब्रिकेशन सम्पन्न	-	३६ वटा
११	झोलुङ्गे पुल Concreting को काम सम्पन्न	-	३७ वटा
१२	झोलुङ्गे पुल लठ्ठा तान्ने काम	-	५४ वटा

सामाजिक विकासतर्फ

१२.७७ समाजका ज्येष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति एवं अशक्त अपाङ्गता भएका नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थालाई सुनिश्चित गर्न तथा सहज जीवन यापनका लागि सहयोग पुऱ्याउने लक्ष्य लिई सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यस अन्तर्गत सामाजिक सशक्तीकरण सहितको भौतिक विकासलाई संस्थागत गर्ने प्रयास स्वरूप सामाजिक परिचालन र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् । देशका सबै नागरिकको जन्म, मृत्यु, विवाह, बसाइसराइ तथा सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु गरी अभिलेख व्यवस्थित गर्ने कार्य सञ्चालनमा रहेको छ ।

पञ्जीकरण कार्यक्रम

१२.७८ स्थानीय विकास मन्त्रालयको जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखा अन्तर्गत स्थानीय निकाय मार्फत देशभर बसोबास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद जस्ता घटनाहरु दर्ता गरी प्रमाणपत्र दिने कार्य हुँदै आएकोमा आर्थिक वर्ष २०६४/६५ मा जन्म १ लाख ९४ हजार १६, मृत्यु ३५ हजार ७ सय ७३, विवाह ६१ हजार ८ सय १, बसाइसराई ४१ हजार ५ सय ६४ र सम्बन्ध

विच्छेद १ सय ११ गरी विभिन्न व्यक्तिगत घटना दर्ता भएको थियो । करिव १ सय ५० जना स्थानीय पञ्जिकाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम प्रदान गरिएको थियो । आर्थिक वर्ष २०६५/६६ मा देहाय अनुसारका व्यक्तिगत घटना दर्ता भएका छन् :

तालिका १२(ब) : आर्थिक वर्ष २०६५/६६ को व्यक्तिगत घटना दर्ता विवरण

घटना विवरण	*संख्या*
जन्म दर्ता	१३०१६४
मृत्यु दर्ता	२५९८८
विवाह दर्ता	३४३४०
बसाइसराइ दर्ता	३००५०
सम्बन्ध विच्छेद दर्ता	२८

ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग तथा विधवा सुरक्षा व्यवस्था

१२.७९ आर्थिक वर्ष २०६४/६५ मा ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई मासिक रु. दुई सय, ६० वर्ष उमेर पुगेका एकल महिलाको लागि मासिक रु. १ सय ५० र १६ वर्ष उमेर पुगेका शारीरीकरूपले अशक्त नागरिकलाई रु. दुई सयका दरले मासिक भत्ता दिने प्रचलनको संस्थागत विकास भएको छ र आर्थिक वर्ष २०६४/६५ मा विनियोजित बजेटबाट ज्येष्ठ नागरिकहरुलाई ९ महिना, असहाय एकल महिलाहरुलाई १० महिना र अशक्त अपाङ्गलाई १२ महिनाको मासिक भत्ता/वृत्ति वितरण भएको छ। आर्थिक वर्ष २०६५/६६ मा लोपोन्मुख जाति (कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया) का सबै उमेरका व्यक्तिलाई मासिक रु. ५ सय, ६० वर्षभन्दा माथि उमेर भएका दलित, एकल महिला र कर्णाली अंचलका बासिन्दालाई मासिक रु. ५ सय, ७० वर्षमाथिका अन्य सबै ज्येष्ठ नागरिकलाई मासिक रु. ५ सय, पूर्णरूपमा असक्त अपाङ्गलाई मासिक रु. १ हजार, आंशिकरूपमा अशक्त र अपाङ्गलाई मासिक रु. ३ सय, सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गरी सो अनुसार भत्ता वितरण कार्य स्थानीय निकायबाट भइरहेको छ। आर्थिक वर्ष २०६५/६६ मा देहाय बमोजिम लक्षित समूह पहिचान कार्य सम्पन्न भएको छ :

तालिका १२(भ) : विभिन्न लक्षित समूह र तिनीहरुको संख्या

लक्षित समूह	*संख्या (जना)*
ज्येष्ठ नागरिक (७० बर्ष भन्दा माथि)	५,४५,५५६
ज्येष्ठ नागरिक कर्णाली (६० बर्ष भन्दा माथि)	१६,०६५
ज्येष्ठ नागरिक दलित (६० बर्ष भन्दा माथि)	८१,८२०
एकल महिला (६० बर्ष भन्दा माथि)	२,९६,२२१
लोपोन्मुख आदिवासी	१६,१२२
जम्मा	**९,५५,७८४**

समावेशी विकासतर्फ

१२.८० नेपाल एक बहुभाषिक, बहुजातीय एवं भौगोलिक विविधता तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण देश भएकाले समाजमा रहेका सबै जाति, जनजाति धर्म, वर्ण, लिङ्ग र सम्प्रदायको समावेशी विकास गर्न राज्यको दायित्व भएको यथार्थलाई आत्मसात गदै लोपोन्मुख आदिवासी/जनजाति साथै उपेक्षित, उत्पीडित र दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग र चुरे एवं तराई क्षेत्रका अतिरिक्त दुर्गम एवं विशेष क्षेत्र गुम्बा व्यवस्था विकास कार्यक्रम र महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्ययोजनालाई सञ्चालनमा ल्याइएको छ। कुल जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाको विकास विना राज्यको समग्र विकास हुन नसक्ने भएकोले हरेक योजना तथा कार्यक्रममा महिला-मैत्री र लैङ्गिक समानता कार्यक्रमहरुलाई अनिवार्य गरिएको छ। यसको निम्ति स्थानीयस्तरमा जिल्ला विकास समितिलाई समावेशी विकासको सम्पर्क विन्दुको रूपमा स्थापित गर्न आवश्यक नीतिगत एवं संस्थागत विकासका प्रयासहरु भइरहेका छन्। यस अन्तर्गत सन्चालित कार्यक्रम र कार्यक्रमको प्रगति स्थिति देहाय बमोजिम रहेको छ :

लोपोन्मुख आदिवासी/जनजाति उत्थान र चेपाङ्ग विकास कार्यक्रम

१२.८१ देशका विभिन्न भागमा बसोबास गर्ने आदिवासी, जनजाति तथा चेपाङ्गहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास गरी उनीहरुलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समानरूपले सहभागी गराउने कार्यमा सहयोग पुऱ्याउने एवं तिनीहरूको रहनसहन तथा भाषा संस्कृतिको सम्बर्द्धन एवं विकास गर्ने उद्देश्यले यो कार्यक्रम आर्थिक वर्ष २०५३।५४ देखि सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा लोपोन्मुख अवस्थाका विभिन्न ९ वटा (राजी, वनकरीया, किसान, थकाली, सन्थाल, दनुवार, दुमी, कोयू, दुरा) भाषाहरुको डकुमेण्टेशन र शव्दकोष तयार भएको तथा विभिन्न ९ वटा मातृभाषामा शिक्षक प्रशिक्षण तथा साक्षरता कक्षा सञ्चालन भएको थियो। राष्ट्रिय चलचित्र महोत्सव सम्पन्न गरियो। अति सीमान्त, सीमान्तकृत र महिला संघसंस्था गरी जम्मा १६ वटा संस्थाहरुको संस्थागत सुदृढीकरण कार्यक्रम सञ्चालन गरियो। उच्च शिक्षा तर्फ २५० जना, पि.एच.डी. तर्फ ४ जना, शोधपत्र लेखनतर्फ २० जना, विद्यालयस्तरीय लोपोन्मुख १० वटा समुदायका १ हजार ८ सय २९ जना र प्राविधिक शिक्षामा अध्ययनरत २० जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरियो। १ सय १० जना वेरोजगार युवायुवतीहरुलाई लोक सेवा तयारी कक्षा, आधारभूत कम्प्यूटर र रोजगारमूलक तालिम उपलब्ध गराइयो। चार जिल्लाहरुमा चेपाङ्गहरुको लागि आर्थिक, सामाजिक, शैक्षिक उत्थान कार्यमा सहयोग पुऱ्याउने विषयमा अध्ययन अनुसन्धान गरिएको थियो।

१२.८२ चालू आर्थिक वर्षको प्रथम ८ महिनामा मगर, पाङ र मुगाली भाषाको व्याकरण सम्पादन तथा प्रकाशन कार्य सम्पन्न भयो। काठमाडौं, ताप्लेजुङ र दैलेखमा गुरुङ मातृभाषाको शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो। विभिन्न जातीय संघ संस्थाहरुद्वारा १०० जना युवा आदिवासी जनजातिहरुलाई नेतृत्व विकास तथा क्षमता

अभिबृद्धि सम्बन्धी तालिम प्रदान गरिएको छ। तामाङ भाषाको पुस्तकको प्रकाशन तथा थारु, मगर र बालुङ मातृभाषाको गीति क्यासेटको साथै डकुमेण्ट्री छायाङ्कन कार्य सम्पन्न भएको छ। विभिन्न जिल्लाका २७० जना जनजाति युवायुवतीहरुलाई व्यावसायिक सीपमूलक, अटो मेकानिकल र लोकसेवा आयोगको आधारभूत परीक्षा प्रशिक्षण तालिम सञ्चालन गरिएको छ। हाँडीखोला नवलपरासीमा बनकरियाको लागि अतिथि गृह निर्माण भई समुदायलाई हस्तान्तरण गरिएको छ। लोपोन्मुख कुसुन्डा जातिलाई बसोबासका लागि दमौलीको व्यास नगरपालिकामा आधा रोपनी जग्गा खरिद गरिएको छ। उच्च शिक्षा अध्ययन गर्ने विभिन्न तहका ३२३ जना आदिवासी विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति

१२.८३ आर्थिक एवं सामाजिकरूपले अत्यन्तै पिछडिएको अवस्थामा रहेका दलित समुदायको समग्र विकास गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन यो कार्यक्रम सञ्चालनमा आएको हो। यसका लागि संस्थागत प्रयासस्वरूप २०५४ सालमा गठित उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति क्रियाशील रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा २ सय ४० जना दलित विद्यार्थीहरुलाई उच्चशिक्षा छात्रवृत्ति वितरण तथा २०६३ सालको प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट नतीजा हासिल गर्ने १२ जना दलित छात्र/छात्राहरुलाई जेहेन्दार विद्यार्थी पुरस्कार प्रदान गरियो। जनचेतना रेडियो कार्यक्रम ५२ पटक सञ्चालन गरियो। विद्यालय भर्ना भई विविध कारणबाट विद्यालय जान नसकेका ८ सय जना दलित छात्र/छात्राहरुलाई शैक्षिक सामग्रीहरु वितरण गरिएको छ। दुर्गम, पिछडिएका एवं घना दलित वस्ती भएका क्षेत्रहरुलाई केन्द्रीत गरी ५ विकास क्षेत्रका विभिन्न ७ स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भई करिव ६ हजार ५ सय जना विरामीलाई स्वास्थ्य सेवा प्रदान गरियो। १४ अञ्चलमा अञ्चलस्तरीय साक्षरता चेतना जागरण तथा गोष्ठी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। २० जना शहिद परिवारलाई सम्मान तथा पुरस्कार वितरण गरियो। १ सय ५० जना दलित युवायुवतीहरुलाई रोजगारमूलक तालिम दिइनुका साथै ७५ जिल्लामा आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन भएको थियो।

१२.८४ चालू आर्थिक वर्षको आठ महिनामा २०६४ सालको प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट नतीजा हासिल गर्ने १२ जना दलित छात्र/छात्राहरुलाई जेहेन्दार विद्यार्थी पुरस्कार प्रदान गरिएको, दलितवर्ग उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्षहरुलाई २ दिने अभिमुखीकरण गोष्ठी आयोजना, "संघीय राज्यप्रणालीमा दलितहरुको स्थान" विषयक विचार गोष्ठी वीरगञ्जमा सम्पन्न भएको थियो। साथै, ३४ पटक चेतनामूलक रेडियो कार्यक्रम सञ्चालन भएको छ। तनहुँ, मोरङ र काठमाडौंको दलित वस्तीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी ३ हजार ५ सय जना लाभान्वित भएका छन्। उच्च शिक्षा अध्ययन गर्ने विभिन्न तहका गरीब एवं जेहेन्दार १ सय ७० जना दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदानका लागि छनौट कार्य सम्पन्न भएको छ।

मधेसी-पिछडा वर्ग र मुस्लिम उत्थान कार्यक्रम

१२.८५ मधेसी, मुस्लिम एवं पछाडि परेका वर्ग र अन्य अल्प संख्यकहरुको हित अनुकूल नीति निर्माण गरी उनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिमा सुधार गर्ने हेतुले नेपाल सरकारको आफ्नै स्रोतमा आर्थिक वर्ष २०६४/६५ देखि तराई र पहाडका २२ जिल्लामा यो कार्यक्रम सञ्चालनमा आएको हो । आर्थिक वर्ष २०६४/६५ मा कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत भएको र सो बमोजिम १६ जिल्लामा मदरसा विद्यालय भवन निर्माण/मर्मत ५० वटा, खानेपानी ट्युववेल जडान १० वटा, ह्युमपाइप जडान ४ वटा, विद्यालयमा १०० सेट फर्निचर खरिद तथा विभिन्न ४१८ जनालाई व्यावसायिक, ७८ जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गरियो । ९७ थान ढिकीपम्प वितरण एवं करीब रू. २ लाख बराबरको छात्रबृति वितरण गरियो । आर्थिक वर्ष २०६५/६६ मा १० जिल्लाका २० जना प्रशिक्षार्थीहरुलाई मगही भाषा सम्वन्धी प्रशिक्षण कार्य सुरु भएको छ भने जि.वि.स. मार्फत लक्षित समूहमा रोजगारीमूलक एवं सचेतना कार्यक्रम, प्रजनन स्वास्थ्य, स्वास्थ्य शिक्षा, सरसफाइ, साक्षरता तथा शैक्षिक प्रोत्साहन कार्यक्रम तथा संस्थागत विकास कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

चुरे एवं तराई क्षेत्र विकास कार्यक्रम

१२.८६ दीर्घकालीनरूपमा तराई तथा चुरे क्षेत्रको समग्र क्षेत्रगत विकास गर्ने लक्ष्य लिई आर्थिक वर्ष २०६४/६५ देखि यो कार्यक्रम सञ्चालित छ । आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रमको कार्यान्वयन कार्यविधि स्वीकृत भई कार्यान्वयन भएको थियो । कार्यक्रमको कार्यान्वयन स्थानीय तहमा जिविस मार्फत जिल्ला भूसंरक्षण कार्यालयको सहयोगमा गाविसबाट हुने व्यवस्था गरी चुरे तथा तराईका ५ जिल्लाहरु (सिराहा, धनुषा, महोत्तरी, सर्लाही र रूपन्देही) मा कार्यक्रम कार्यान्वयनका लागि अनुदान दिइएको थियो ।

राष्ट्रिय दलित आयोग

१२.८७ दलितहरुको हक हित संरक्षण र विकासको लागि गठन भएको राष्ट्रिय दलित आयोगले मुख्यतः दलित सम्वन्धी नीति निर्माण गर्ने, दलितहरुको परम्परागत सीपको अध्ययन गर्ने, भूमिहीन दलितको तथ्यांक संकलन एवं विश्लेषण गर्ने, सामाजिक जागरण र न्याय सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने, दलित सम्वन्धी कार्यक्रमहरुको समन्वय र संयोजन गर्ने तथा दलित तथ्यांक स्रोत केन्द्रको विकास गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । आर्थिक वर्ष २०६४/६५ मा दलित लक्षित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा वार्षिक प्रतिवेदन प्रकाशन, अप्रत्याशितरूपमा हुने जातीय छुवाछुत एवं जातीय विभेदका घटनाहरुको स्थलगत निरीक्षण, समन्वय र कानुनी प्रक्रिया अवलोकन, दलित समुदायका लागि संवैधानिक, कानुनी सचेतना, मानव अधिकार तथा मानवीय कानुन प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गरिएका थिए ।

१२.८८ आर्थिक वर्ष २०६५/६६ को प्रथम ८ महिनामा राष्ट्रिय दलित आयोगको अल्पकालीन तथा दीर्घकालीन रणनीतिक योजना तयार भएको छ । दलित समुदायका मुद्दाहरुलाई नयाँ संविधानमा समावेश गर्ने सम्वन्धमा सुझाव तयार भएको छ । राष्ट्रिय दलित

आयोग स्थापना गर्न बनेको विधेयक र छुवाछुत विरुद्ध अपराध नियन्त्रण विधेयकमा कानुन, न्याय तथा संविधान सभा मन्त्रालयको सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेको छ। दलित जातीय प्रमाण पत्र वितरणको लागि Software निर्माण भएको छ।

दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम

१२.८९ नेपालका उत्तरी भू-भागका सिमावर्ती जिल्लाहरु र भौगोलिक दृष्टिकोणले अत्यन्त विकट एवं आर्थिक दृष्टिकोणले पिछडिएका जिल्लाहरु गरी २२ जिल्लामा गरिवी निवारणलाई सघाउ पुऱ्याउने गरी लक्षित कार्यक्रमको रूपमा दुर्गम क्षेत्र बिकास कार्यक्रम सञ्चालनमा रहेको छ। सुरुमा २०२२ सालमा ४ हिमाली जिल्ला हुम्ला, मुस्ताङ, सोलुखुम्वु (नाम्चेवजार) र ताप्लेजुङको भौतिक पूर्वाधार तयार गर्ने कार्यबाट प्रारम्भ भएको यो कार्यक्रम २०३३ सालमा थप १४ जिल्लाहरु समावेश गरी १८ जिल्लामा आफ्नो कार्यक्षेत्र विस्तार गरेको र त्यसपछि पुनः २०४७ सालमा गरिएको पुनरावलोकन अनुसार २२ जिल्लामा सञ्चालन भइरहेको छ। कार्यक्रमको उचित व्यवस्थापन र समन्वय गर्न संस्थागतरूपमै दुर्गम क्षेत्र बिकास समिति क्रियाशील रहेको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा ९ वटा झोलुङ्गे पुल, ५ वटा विद्युतीकरण कार्यक्रम, २ वटा खानेपानी कार्यक्रम, २ वटा साना सिंचाई, ४ वटा गोरेटो/मोटरबाटो (३० कि.मी), ५ वटा साना अन्य विविध कार्यक्रम (आयमूलक, जडीबुटी, नदी नियन्त्रण आधुनिक घट्ट, वुलेटिन प्रकाशन आदि), ३० वटा आयोजना सर्वेक्षण लगायत कार्यक्रम अनुगमन/निरीक्षण कार्यहरु सम्पन्न भएका थिए। उक्त अवधिमा विभिन्न १३ वटा सीपमूलक तालिम प्रदान गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम अन्तर्गत लक्षित कार्यक्रमहरु सञ्चालन हुने क्रममा रहेका छन्।

गुम्बा व्यवस्था तथा विकास कार्यक्रम

१२.९० देशभर छरिएर रहेका गुम्बा तथा गुम्बामा रहेका महत्वपूर्ण पुरातात्विक सामान तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण, सम्बर्द्धन र विस्तार गर्न यो कार्यक्रम सञ्चालन भएको हो। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत १ सय ४१ वटा गुम्बा मर्मत संभार तथा प्राचीन, पुरातात्विक एव ऐतिहासिक महत्वका गुम्बाहरुको प्राविधिक सर्वेक्षण, कार्यक्रम, २ पटक धर्मदेशना र लामा देशदर्शन कार्यक्रम सम्पन्न, ४ जना विद्यार्थीहरुलाई वौद्ध दर्शन सम्बन्धी शोधग्रन्थ तयारीमा सहयोग र १५ जिल्लाका प्राचीन, पुरातात्विक तथा ऐतिहासिक महत्वका गुम्बाहरुको वृत्तचित्र निर्माण एवं थाङ्का तथा आम्ची तालिम कार्यक्रम सम्पन्न गरिएको थियो। चालू आर्थिक वर्ष २०६५/६६ को प्रथम ८ महिनामा लामा देशदर्शन र धर्म दर्शन प्रवचन एक/एक वटा सम्पन्न भएका छन् भने ६ जिल्लाका विभिन्न २ सय ५४ वटा गुम्बाहरुको अद्यावधिक सर्वेक्षण गरिएको छ। ७ जिल्लाका विभिन्न १ सय १३ वटा प्राचीन गुम्बाहरुको detailed technical servey सम्पन्न भएको छ। **"हिमाली शिशु उपहार"** १ र २ भाग २ हजार ५ सय प्रति पुनः प्रकाशन गरिएको छ।

महिला तथा बालबालिकाहरुका लागि विकेन्द्रित कार्य योजना

१२.९१ युनिसेफ (UNICEF) को अनुदान सहयोगमा देशभरका २२ जिल्लाहरू (पाँचथर, सुनसरी, उदयपुर, सप्तरी, काभ्रे, चितवन, पर्सा, नवलपरासी, तनहुँ, कास्की, कपिलबस्तु, दाङ, रुकुम, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डडेल्धुरा, बझाङ, बाजुरा र अछाम) मा यो कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रमको मुख्य उद्देश्य महिला तथा पिछडिएका वर्गका बालबालिकाहरूलाई आधारभूत शिक्षामा पहुँच बढाउन सहयोग पुऱ्याउने, बाल तथा मातृ मृत्युदर घटाउन सहयोग गर्ने, महिला तथा बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने, एच.आई.भि./एड्स सम्बन्धी चेतना जगाउने एवं बालबालिकाको मनोवैज्ञानिक तथा सामाजिक विकास गर्ने रहेको छ। यस कार्यक्रम अन्तर्गत जिल्लामा जाने रकमहरू एकद्वार प्रणाली अन्तर्गत जिल्ला विकास कोषमा पठाइने र जिल्ला परिषद्को निर्णयानुसार जिल्ला विकास समितिले रकम प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। आर्थिक वर्ष २०६४/६५ यस कार्यक्रमबाट गुणस्तरीय आधारभूत शिक्षा, प्रारम्भिक बालकोष, प्रारम्भिक बाल स्याहार र बौद्धिक विकास, बाल स्वास्थ्य, मातृ स्वास्थ्य, सरसफाइ, एचआइभी एड्स रोकथाम, महिला र बालबालिकाको अधिकार संरक्षण, सामुदायिक कार्य प्रक्रिया (CAP) आदि क्षेत्रहरुमा कार्यक्रम सञ्चालन भएकोमा क्षेत्रगतरूपमा चालू आर्थिक वर्षमा समेत गत वर्ष सञ्चालित कार्यक्रमको निरन्तरता रहेको साथै प्रथम ८ महिनाको अवधिमा भौतिक प्रगति प्राप्त भइनसकेको अवस्था रहेको छ।

जनसंख्या शिक्षा तथा प्रजनन स्वास्थ्य कार्यक्रम

१२.९२ प्रजनन स्वास्थ्यमा सुधार गरी लैंगिक न्याय कायम गर्न संयुक्त राष्ट्र संघीय जनसंख्या कोषको सहयोगमा सन् २००८ देखि सप्तरी, रौतहट, महोत्तरी, कपिलवस्तु, दाङ र डडेल्धुरा जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा जनसंख्या तथा प्रजनन स्वास्थ्य कार्यक्रम जिल्ला विकास समितिको जिल्ला कोषमा सिधै रकम पठाई उक्त कार्यालय मार्फत अन्य सहयोगी निकाय (जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय र जिल्ला महिला विकास कार्यालय) को सहयोगमा कार्यक्रम लागू भएका ६ जिल्लाहरुमा महिलाहरुको आङ्ग झर्ने रोगको उपचार, गाउँ विकास समिति सचिव तथा समुदायका व्यक्तिहरुलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम, दलित, महिला, जनजाति तथा अति गरिव छात्राहरुलाई छात्रवृत्ति वितरण सम्बन्धी कार्य सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा ४५ गाउँ विकास समितिमा जिल्लास्तरीय अभिमुखीकरण, ३२ गाउँ विकास समितिमा महिला स्वास्थ्य कोष स्थापना र १५ गाउँ विकास समिति का प्राथमिक स्वास्थ्य केन्द्रहरुमा EOC कोषको स्थापना भएको छ।

गरिवी निवारण र रोजगारीतर्फ

१२.९३ गरिवीको रेखामुनी रहेको जनसंख्याको अनुपातलाई कम गरी विभिन्न आय एवं सीपमूलक कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्ने, राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने सक्षम जनशक्ति तयार गर्ने र स्थानीय स्रोत, साधन र क्षमतामा

आधारित कार्यक्रमहरुलाई प्राथमिकता दिने गरी विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गरिएका छन्। स्थानीय विकास मन्त्रालय र अन्तर्गत सन्चालित सबै कार्यक्रमहरु गरिबी निवारण र रोजगारी प्रवर्द्धन गर्न लक्षित रहेता पनि यस अन्तर्गत मूलतः कर्णाली रोजगार कार्यक्रम, पश्चिम उच्च पहाडी क्षेत्र गरिवी निवारण आयोजना, नेपाल खाद्य संकट सम्बोधन कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। यस अन्तर्गत सञ्चालित मुख्य कार्यक्रमहरुको प्रगति स्थिति देहाय बमोजिम रहेका छन्:

कर्णाली रोजगार कार्यक्रम

१२.९४ कर्णाली अञ्चलको भौगोलिक विकटता, गरिवी एवं आर्थिक पछौटेपनका कारण अधिकांश परिवारका व्यक्तिहरुको परम्परागत पेशा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन धान्न कठिन भएको कुरालाई मध्यनजर राखी यस्ता परिवारहरुलाई रोजगारीका अवसर उपलब्ध गराउने अभिप्रायले आर्थिक वर्ष २०६३/६४ देखि "**कर्णाली अञ्चलः एक परिवार एक रोजगार**" को नामबाट यो कार्यक्रम सञ्चालनमा रहँदै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा "कर्णालीः एक घर एक रोजगार" कार्यकमबाट रोजगारमूलक विभिन्न ९ सय ६९ वटा ससाना योजना सम्पन्न भई सोबाट ६७ हजार ९ सय ९९ घर धुरीबाट औसत १४ दिनका दरले रोजगार सिर्जना भएको थियो भने कार्तिक मसान्तसम्म एक आर्थिक वर्ष कायम गरिएको हुँदा आर्थिक वर्ष २०६५/६६ को मंसीरदेखि फागुन मसान्तसम्म पहिलो चौमासिक अवधि कायम गरिएको हुँदा सो अवधिमा जिल्लाहरुमा बेरोजगार परिवारहरुको विवरण अद्यावधिक गरिएको छ र योजना छनौट कार्य सकिई केही स्थानहरुमा निर्माण कार्य सुरुवात भएको छ।

पश्चिम उच्च पहाडी क्षेत्र गरिवी निवारण आयोजना

१२.९५ आर्थिक वर्ष २०५९/६० देखि सञ्चालित यो आयोजना ४ जिल्लाहरू (जुम्ला, हुम्ला, बझाङ र बाजुरा) बाट सञ्चालन भएर हाल मध्य-पश्चिम तथा सुदूर-पश्चिमका उच्च पहाडी जिल्लाहरू जुम्ला, हुम्ला, मुगु, रुकुम, रोल्पा, दैलेख, कालिकोट, जाजरकोट, डोल्पा, बझाङ र बाजुरामा बसोबास गर्ने अति विपन्न जनताको गरिवी निवारण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यो आयोजना अन्तर्गतका कार्यक्रमहरू International Fund for Agriculture Development (IFAD) को सहयोग र निजी क्षेत्र, जि.वि.स., गाउँ विकास समिति र नेपाल सरकारका साथै लाभान्वित समूहको संयुक्त लगानीमा सञ्चालित छन्। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत खानेपानी, सिंचाइ, विद्यालय, गोरेटो बाटो, स्वास्थ्य चौकी भवन निर्माण जस्ता २९ वटा पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न, १६ जना ओभरसियर तथा सबओभरसियरलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान, ६४ वटा कवुलियती वन उपभोक्ता समूह गठन गरिएको, ५४४ हेक्टर कबुलियती वन जग्गा समूहलाई हस्तान्तरण गरिएको छ। १७ हेक्टर कवुलियती वन जग्गामा जडीबूटी खेती कार्य सञ्चालन भइरहेको, कृषि तथा पशुपालन कार्यक्रम अन्तर्गत विरुवा, सिडकीट वितरण, हरितगृह निर्माण, बाख्रा पालन कार्यक्रम सञ्चालन गरिएको साथै लघुवित्त तथा

बजारीकरण कार्यक्रम अन्तर्गत समूह गठन, आन्तरिक वचत तथा परिचालन, ऋण पुँजी परिचालन तथा व्यापार मेला प्रदर्शनी आयोजना गरिएका थिए ।

१२.९६ आर्थिक वर्ष २०६५/६६ मा २८ वटा ससाना पूर्वाधार सम्वन्धी योजनाको निर्माण कार्य सम्पन्न, २९ वटा कबुलियती बन उपभोक्ता समिति गठन, १०.५ हेक्टरमा जडीबूटी खेती सञ्चालन, १ सय ३० वटा बाखा समूहलाई वितरण, ९२ वटा प्लाष्टिक घरमा तरकारी खेती प्रदर्शन तथा १ सय २३ वटा सामुदायिक संस्था गठन गरिएका छन् । विभिन्न जिल्लाका ३ सय ८३ जना कृषकहरुलाई फलफूल तथा तरकारी खेती बगैचा व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास, लैंगिक सचेतना सम्बन्धी तालिम प्रदान गरिएको छ ।

स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रम

१२.९७ दैलेख, अछाम, डोटी, जाजरकोट, बाँके, बर्दिया तथा सुर्खेत जिल्लामा मध्यस्थताकारी संस्थाहरु (राष्ट्रिय र स्थानीय गै.स.स.हरु, समुदायमा आधारित संस्थाहरु आदि) लाई साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न प्राविधिक सहयोग तथा सरसल्लाह उपलव्ध गराई सहजीकरण गर्न, स्थानीय माग र आवश्यकताका क्रियाकलापहरुमा सहयोग गर्ने उद्देश्य सहित स्वीस सरकार (Helvetas) को सहयोगमा यो कार्यक्रम सन् १९९७ देखि सुरुवात भएकोमा आर्थिक वर्ष २०६२/६३ देखि यस कार्यक्रमलाई रातो किताबमा समावेश गरिएको हो । आर्थिक वर्ष २०६४/६५ मा जिल्ला विकास समितिको समन्वयमा दैलेख, जाजरकोट, डोटी र अछाम जिल्लाहरुमा आय आर्जन बढाउने क्रियाकलापहरु (तरकारी खेती, तरकारीको बीउ उत्पादन, जडीबूटी खेती, उत्पादित वस्तुको बजार व्यवस्थापन, उन्नत प्रविधि हस्तान्तरण, साना भौतिक पूर्वाधार, स्थानीय साझेदार संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि, स्रोतहरुको उचित व्यवस्थापन र समन्वय आदि जस्ता कार्यक्रमहरु सञ्चालन भएको थियो । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको अवधिमा १२ हजार घरधुरी (साना किसानहरु) विभिन्न आयआर्जन (तरकारीको बीउ, कोशेबाली, अदुवा, जडीबुटी) कार्यक्रममा संलग्न भई उत्पादन तथा बजारीकरणमा लागेका छन् । ३२ वटा साना लघु सिंचाइ योजनाको निर्माण कार्य सम्पन्न भएको छ भने बाँकी १० वटाको ८० प्रतिशत काम सम्पन्न) भएको छ ।

नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम

१२.९८ खाद्य संकट भएका स्थानमा खाद्य सुरक्षालाई अभियानको रूपमा सुनिश्चित गर्ने र खाद्य संकटको चपेटामा परेका जनतालाई तत्काल राहत दिन र खाद्यान्न उत्पादन बढाउन किसानहरुलाई सहयोग गर्न विशेष आयोजना तयार गरी तत्काल कार्यान्वयन गर्ने उद्देश्यले नेपाल खाद्य संकट सम्बोधन कार्यक्रमका रूपमा सञ्चालनमा ल्याउन मिति २०६५।७।१७ मा अर्थ मन्त्रालय र विश्व बैक तथा स्थानीय विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रम बीच सम्झौता सम्पन्न भएको छ । आर्थिक वर्ष २०६५/६६ को वार्षिक कार्यक्रम स्वीकृत भई स्रोतान्तरको लागि पहल भइरहेको छ भने कार्यक्रम

कार्यान्वयन कार्यविधि स्वीकृत भएको छ। प्राप्त हुने रकमका लागि नेपाल राष्ट्र बैकमा खाता खोल्ने कार्य भएको छ।

वातावरण व्यवस्थापनतर्फ

१२.९९ वातावरणीय सन्तुलन र विकास एक अर्काका परिपूरक भएको सन्दर्भमा वातावरणीय सन्तुलन कायम राख्दै विकास क्रियाकलापलाई अगाडि बढाउन शहरी वातावरण सुधारका लागि सरकार-निजी क्षेत्र साझेदारी कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम तथा स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालनमा रहेका छन्। स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रमहरुलाई वातावरण-मैत्री तुल्याउन ऐन, नियमावलीमा वातावरण संरक्षणका विषयहरुलाई स्पष्ट गरिएको छ।

शहरी वातावरण सुधारका लागि सरकार-निजी क्षेत्र साझेदारी कार्यक्रम

१२.१०० नेपाल सरकार स्थानीय विकास मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा १० वटा नगरपालिकाहरूमा शहरी वातावरणको लागि सार्वजनिक-निजी साझेदारी कार्यक्रम सञ्चालन भएको छ। सार्वजनिक-निजी क्षेत्र साझेदारीले बढ्दो शहरीकरण सेवाहरूलाई परिपूर्ति गर्न सरकार, निजी क्षेत्र र नागरिक समाजलाई एकै ठाउँमा भेला गराउन र साझेदारी कार्यलाई अगाडि बढाउन आवश्यक वातावरण तयार गर्ने कार्य गरिरहेको छ। आर्थिक वर्ष २०६४/६५ मा शहरी सरसफाइ, फोहोरमैला व्यवस्थापन, यातायात व्यवस्थापन, खानेपानीको आपूर्ति तथा वितरण, पुनर्नवीकरणीय ऊर्जा जस्ता क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन, नेपाल नगरपालिका संघ, नेपाल उद्योग वाणिज्य महासंघ, नारायणगढ उद्योग वाणिज्य संघमा PPP Resource Center को स्थापना गरिएको थियो। विभिन्न निजी संचालक, लघु उद्यमी तथा वित्तीय क्षेत्रका प्रतिनिधिहरुलाई PPP Project Proposal Writing तथा Business Plan तालिम प्रदान गरिनुका साथै नेपालको वित्तीय क्षेत्रलाई लक्षित गदै Project Financing Techniques and Strategies from a PPP Prospective बारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो। आर्थिक वर्ष २०६५/६६ मा सार्वजनिक निजीक्षेत्र साझेदारीको छुट्टै युनिट स्थापनाका लागि सहयोग गर्ने PPP/UE को कार्यक्रम अनुरूप ६ वटा मन्त्रालयहरुको भ्रमण तथा अन्तर्क्रिया सम्पन्न भएको छ। मेचीनगर, हेटौंडा, पोखरा उपमहानगरपालिकाका खानेपानी तथा सार्वजनिक शौचालयसँग सम्बन्धित २१ जना व्यक्तिहरुका लागि २१ दिने Basic Plumbing, नौ वटा नगरपालिकाका १८ कर्मचारीहरुलाई GIS सम्बन्धी १० दिनको तथा घोराही र तुल्सीपुर नगरपालिकाका २५/२५ जना कर्मचारीहरुलाई उपकरण सम्बन्धी तालिम प्रदान गरिएको छ।

फोहरमैला व्यवस्थापन कार्यक्रम

१२.१०१ काठमाडौं उपत्यकाको फोहरमैलाको दिगो व्यवस्थापन गर्नका लागि जनचेतना अभिवृद्धि गरी वातावरणीय प्रदूषण नियन्त्रण गर्ने, फोहोरलाई स्रोतको रूपमा परिचालन

गर्ने र फोहोर मैला व्यवस्थापनमा गैर-सरकारी तथा निजी क्षेत्र समेतलाई सहभागी गराउने उद्देश्यले आर्थिक वर्ष २०५६/५७ देखि यो कार्यक्रमको सुरुवात भएको हो। आर्थिक वर्ष २०६४/६५ मा फोहोरमैला व्यवस्थापन ऐन, २०६५ को मस्यौदा तयार, ल्याण्डफिल साइट प्रभावित क्षेत्रमा ४२ वटा योजनाको कार्य सम्पन्न, बञ्चरेडाँडा दीर्घकालीन स्यानिटरी ल्याण्डफिल साइटको वातावरणीय प्रभाव मूल्याङ्कन कार्य सम्पन्न भयो। आलेटार ल्याण्डफिल साइटको निर्माणका लागि ठेक्का सम्झौता गरियो। पाँच विकास क्षेत्रका एक एक नगरपालिकामा फोहोरमैला व्यवस्थापन क्षमता अभिवृद्धि तालिम र ७ वटा नगरपालिकाहरुलाई प्रारम्भिक वातावरणीय परीक्षण कार्यमा प्राविधिक सहयोग प्रदान गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा तीनपिप्ले-आलेटार सडक मर्मत संभार एवं पहिरो पन्छाउने कार्य, उपत्यका बाहिरका ३ वटा नगरपालिकामा IEE तथा EIA कार्यमा सहयोग, २१ वटा नगरपालिकाहरुमा क्षमता अभिबृद्धि तथा आलेटार ल्याण्डफिल साइटको पूर्वाधार विकास कार्यहरु सम्पन्न भएका छन्। फोहोरमैला व्यवस्थापन गर्न बनेको ऐनको मस्यौदा परिमार्जन तथा सैद्धान्तिक सहमतिको लागि सम्वन्धित मन्त्रालयमा पठाइएको छ।

स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सुदृढीकरण कार्यक्रम

१२.१०२ फिनलैण्ड सरकारको सहयोगमा वातावरणीय प्रशासनलाई सुदृढ गर्ने उद्देश्यले आर्थिक वर्ष २०५८/५९ देखि सुरु भएको यस कार्यक्रम हाल पूर्वाञ्चल क्षेत्रका धरान, विराटनगर Corridor Industries लगायत पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, सिरहा, सप्तरी जिल्लामा सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा राष्ट्रिय, अन्तराष्ट्रिय परामर्शदाता नियुक्ति, १० वटा खानेपानी, ३ वटा कम्पोस्ट चेम्बर, १ रेलिङ्ग निर्माण सम्पन्न भएको थियो। वातावरण, लैङ्गिक, गरिवी र समावेशीकरण, वातावरण योजना र व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो। २२ वटा गोबर ग्यास प्लान्ट, ८९ वटा शौचालय, ३१ वटा धुँवा रहित चुल्हो निर्माण भएका थिए। धरान औद्योगिक क्षेत्रभित्र र बाहिर रहेका ७ उद्योगहरुमा उत्पादकत्व वृद्धि तथा कार्यस्थल सुरक्षा कार्यक्रम सम्पन्न भएको थियो। चालू आर्थिक वर्षको यस अवधिमा यस कार्यक्रमबाट विद्यालय वातावरण प्रवर्द्धनतर्फ १० वटा कम्पोष्ट च्याम्बर, खुला दिसामुक्त योजना ४ वटाको निर्माण कार्य सम्पन्न भएको छ भने क्षेत्रीय स्यानिटरी ल्याण्डफिल साइटको जग्गा छनौटमा प्राविधिक सहयोग, औद्योगिक करिडरका १२ स्थानमा वायु परीक्षण तथा २२ वटा विभिन्न तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्।

क्षमता विकासतर्फ

१२.१०३ स्थानीय निकायहरुको संस्थागत क्षमताका अतिरिक्त, मानवीय क्षमता अभिबृद्धिबाट नै विकास निर्माणका क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न सकिने भएकोले जनशक्ति व्यवस्थापन र विकासलाई प्रमुखताका साथ अगाडि बढाउन देहायका कार्यक्रम सञ्चालनमा रहेका छन्:

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

१२.१०४ स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम, अनुसन्धान, परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले आर्थिक वर्ष २०३८/३९ देखि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट कार्यक्रमको सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०६४/६५ मा गाउँ विकास समिति सचिव प्रशिक्षण (६ समूहमा), स्थानीय निकायका आ.ले.प. अधिकृत तथा सहायकहरुको ३५ दिने प्रशिक्षण (दुई समूह), द्वन्द्व व्यवस्थापन प्रशिक्षण, कार्यालय व्यवस्थापन प्रशिक्षण, योजना तर्जुमा प्रशिक्षण, योजना चक्र व्यवस्थापन प्रशिक्षण, गरिवी निवारणका लागि सार्वजनिक-निजी साझेदारी कार्यक्रम, सामाजिक समावेशीकरणसम्बन्धी प्रशिक्षण, एच.आई.भी/एड्स सचेतना प्रशिक्षण, योजना तर्जुमा प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण प्रशिक्षण, मतदाता शिक्षा कार्यक्रम, निर्वाचन अधिकृतहरुको प्रशिक्षण, जिविसको लैङ्गिक परीक्षण, जि.वि.स.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापन अध्ययन (६० जिल्ला), Managing for Development Result प्रशिक्षण, Logframe Based Proposal Writing प्रशिक्षण जस्ता कार्यक्रमहरु सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६५/६६ मा यस प्रतिष्ठानबाट जिल्ला सभापति, उप-सभापति तथा स्थानीय विकास अधिकारी (२ सय २५ जना) हरुको ३ दिने अभिमुखीकरण, स्थानीय निकायका ९ सय जना कर्मचारीहरुका लागि योजना प्रक्रियासम्बन्धी प्रशिक्षण ५ दिन, स्थानीय निकाय लेखा प्रशिक्षण ५ दिन, गरीबमुखी सार्वजनिक-निजी साझेदारी कार्यक्रम ४ दिन, Corporate Software को तयारी जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य रहेकोमा यस अवधिमा लक्ष्य अनुसारका कामहरु सञ्चालन भइरहेका छन्।

जनशक्ति, सञ्चार, वातावरण व्यवस्थापन तथा योजना अनुगमन

१२.१०५ स्थानीय निकायका जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय विकास मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न, स्थानीय निकायहरूको वातावरण व्यवस्थापनमा सहयोग पुऱ्याउन, मन्त्रालय तथा स्थानीय निकायहरूको सञ्चार प्रणालीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन र मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि गर्न आर्थिक वर्ष २०५८/५९ देखि यो कार्यक्रम साल-बसालीरूपमा सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत २ वटा क्षेत्रीय गोष्ठी र २ वटा योजना तर्जुमा गोष्ठी सम्पन्न गरिए। जिल्ला विकास समिति र नगरपालिकाका १ सय ८ कर्मचारीहरुका लागि अनुगमन तथा प्रतिवेदन प्रणाली सम्बन्धी ३ तीन दिने अभिमुखीकरण तालिम, मन्त्रालयका पदाधिकारीहरुबाट २० जि.वि.स. र ४ नगरपालिकामा अनुगमन कार्य सम्पन्न भएको थियो। नीति समन्वय समितिको वैठक, वार्षिक एवं प्रथम तथा दोस्रो चौमासिक प्रगति समीक्षा तथास्वशासन पत्रिका दुई पटक प्रकाशन भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा २५ जनालाई मूल्याङ्कन सम्वन्धी व्यावहारिक तालिम प्रदान, ३ वटा क्षेत्रीय समीक्षा गोष्ठी र वार्षिक तथा प्रथम चौमासिक प्रगति समीक्षा सम्पन्न भएको छ। ४२ जि.वि.स. र १०

नगरपालिकाहरुको स्थलगत अनुगमन कार्य सम्पन्न भएको छ भने Planning Monitoring and Reporting Software निर्माण कार्य अन्तिम चरणमा पुगेको र हाल Piloting को कार्य सुरु भएको छ ।

स्थानीय निकाय वित्तीय आयोग

१२.१०६ स्थानीय निकायहरूको वित्तीय सुदृढीकरणमा सहयोग पुऱ्याउन स्थानीय निकाय वित्तीय आयोग, २०५७ का सिफारिसहरू विकेन्द्रीकरण कार्यान्वयन कार्ययोजना बमोजिम कार्यान्वयन गर्न, स्थानीय निकायहरूलाई दिइने अनुदान नीति र अनुदान वितरणको आधार तयार गर्न नेपाल सरकारलाई सुझाव दिने उद्देश्यले स्थानीय निकाय वित्तीय आयोगको गठन भएको हो । आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत जिविसहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) कार्य गरिएको थियो । त्यस्तै, वित्तीय विकेन्द्रीकरण सम्बन्धी तालिम सञ्चालन गरिएको, नगरपालिकाहरुको वित्तीय अवस्थासम्बन्धी जानकारी संकलन गरिएको तथा जिविस र नगरपालिकाहरुको वित्तीय स्थिति विश्लेषणको पुस्तिका प्रकाशन भएको थियो । आर्थिक वर्ष २०६५/६६ को यस अवधिमा १६ वटा नगरपालिकाहरुको MCPM परीक्षण भई Report Review सम्पन्न भएको छ । जि.वि.स.हरुको न्यूनतम शर्त तथा कार्यसम्पादन कार्यविधि, २०६५ प्रथम संशोधन परिमार्जन गरी सो बमोजिम जि.वि.स.हरुको आर्थिक वर्ष २०६४/६५ मा सम्पादन गरेका कामहरुको आधारमा MCPM मूल्यांकन गर्न परामर्शदाता छनौट गरी ७५ वटै जि.वि.स.मा टोली खटाइएको छ । स्थानीय निकायहरुको वित्तीय स्थिति विश्लेषण प्रतिवेदन, २०६५ तयार भई प्रकाशनको अन्तिम चरणमा रहेको छ । एशियाली विकास बैंकको प्राविधिक सहयोगमा वित्तीय संघीयता सम्बन्धी अध्ययन टीम (TA Team) को कार्य सम्पादनमा समन्वय र सहजीकरण कार्य भइरहेको छ ।

स्थानीय निकाय अनुदानतर्फ

१२.१०७ विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाउन जनताको निकट सम्पर्कमा रही सेवा प्रदान गर्दै आएका स्थानीय निकायहरुलाई सक्षम, सबल, जिम्मेवार एवं जनउत्तरदायी बनाउने उद्देश्यले एकमुष्टरूपमा अनुदान (सशर्त र निःशर्त) रकम उपलब्ध गराउँदै आएको छ । सीमित आय स्रोत भएका स्थानीय निकाय (जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति) लाई यसरी प्रदान गरिने अनुदानले स्थानीय आवश्यकता अनुसारका विकास निर्माण र कार्यालय सञ्चालनमा सघाउ पुगिरहेको छ ।

जिल्ला विकास समिति

१२.१०८ स्थानीय श्रम, साधन तथा सीपको अधिकतम उपयोग गरी जनसहभागिता जुटाई स्थानीय विकासको कार्यलाई संस्थागतरूपमा विकास गर्न आवश्यक थप स्रोत र साधनका लागि नेपाल सरकारले जि.वि.स.हरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ । यस सम्बन्धमा हाल अवलम्वन गरिएको व्यवस्था अनुसार जिल्ला विकास

समिति अनुदानलाई गरिवीमा आधारित वस्तुगत सूत्रका आधारमा उपलब्ध गराउन जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र मूल्यलाई आधार मानिएको छ। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिलाई दिइने एकमुष्ट पूंजीगत तथा सञ्चालन अनुदान गरिवीको सूचकांकका आधारमा विनियोजन गरिएको छ। आर्थिक वर्ष २०६५/६६ मा जिल्ला विकास समितिलाई सूत्रमा आधारित गरी अर्थ मन्त्रालबाट सोझै निकासा दिइएको तथा जिल्लाको कार्य सम्पादन मापनलाई आधार मानी प्रोत्साहन अनुदान दिने व्यवस्था स्थापित गरिएको छ। जिल्ला परिषद सम्पन्न गरी वार्षिक बजेट/कार्यक्रम स्वीकृत गर्ने कार्यले तीव्रता पाउँदै गएको छ। परिषद्बाट स्वीकृत योजनाहरु कार्यान्वयनका चरणमा रहेका छन्। यस अवधिमा जि.वि.स. अनुदान र आन्तरिक स्रोतबाट सडक आयोजना ३०१ वटा, सडक पुल पुलेसा ६७ वटा, विद्यालय तथा सामुदायिक भवन २४४ वटा, सडक मर्मत ८ वटा, खानेपानी आयोजना १५७ वटा, सिंचाइ ७६ वटा, ग्रामीण विद्युतीकरण २६ वटा, सडक मर्मत ४२० कि.मि., कालोपत्रे ७ कि.मि., ग्राभेल ९६ कि.मि. र अन्य ५८३ वटा योजनाहरुमा निर्माण कार्य भइरहेको छ भने विभिन्न स-साना २०७ वटा योजनाहरु सम्पन्न भएका छन्।

गाउँ विकास समिति अनुदान

१२.१०९ गाउँ नै गाउँले भरिएको देशमा गाउँको विकास नभई देशको विकास हुन नसक्ने तथ्यलाई दृष्टिगत गरी सरकारले देशका सम्पूर्ण गाउँ विकास समितिबाटै विकास निर्माण कार्यको थालनी होस् भन्ने उद्देश्यका साथ जनतालाई स्थानीय सेवा र सुविधामा सहज पहुँच वृद्धि गराई जनसहभागिता जुटाउन, स्थानीय निकायलाई जनचाहना प्रति संवेदनशील र जनउत्तरदायी बनाउन, गाउँ विकास समितिलाई सबल र स्वावलम्बी बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउन यो कार्यक्रम सञ्चालनमा आएको हो। आर्थिक वर्ष २०६४/६५ मा यस कार्यक्रम अन्तर्गत प्रत्येक गाउँ विकास समिति लाई रु. १० लाखका दरले एकमुष्ट पुँजीगत तथा सञ्चालन अनुदान उपलब्ध गराइएको थियो। **'हाम्रो गाउं राम्रो बनाऊं'** भन्ने नाराका साथ आर्थिक वर्ष २०६५/६६ मा गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६५ स्वीकृत भएको छ। जनसंख्या, लागत र भौगोलिक क्षेत्रलाई आधार मानी न्यूनतम रु १५ लाखदेखि अधिकतम रु ३० लाखसम्म गाउँ विकास समिति अनुदान पाउने व्यवस्था मिलाइए अनुसार अख्तियारी पठाइएको छ। अधिकांश जिल्लाका गाउँ विकास समितिको गाउँ परिषद् सम्पन्न प्रतिवेदन प्राप्त भएको छ। परिषद्बाट स्वीकृत योजनाहरु कार्यान्वयनका चरणमा रहेका छन्।

नगरपालिका अनुदान

१२.११० नगरपालिकाहरूलाई सार्वजनिक निर्माण सुधार तथा सामाजिक गतिविधिहरू सञ्चालनका लागि नेपाल सरकारले अनुदान दिदै आएकोमा आर्थिक वर्ष २०६२/६३ देखि नगरपालिकाहरुलाई जनसंख्या, क्षेत्रफल, आन्तरिक स्रोतको आय र प्रशासनिक खर्चको हदका आधारमा सूत्रवद्धरूपमा अनुदान उपलब्ध गराउँदै आएको छ। चालू

आर्थिक वर्षको नगरपालिका अनुदान मध्ये रु. २ करोड रकम सूत्र कार्यान्वयनको प्रतिवद्धता तथा प्रोत्साहन स्वरूपमा समपूरक अनुदानको रूपमा र बाँकी रकम म्याचिङ्ग अनुदान तथा साविक बमोजिमको विकास अनुदानमा नघट्ने गरी उपलब्ध गराइएको छ। अबदेखि जनसंख्या, गरिबी र क्षेत्रफलको आधारमा उक्त अनुदान वितरण गर्ने तयारी भएको छ।

स्थानीय विकास शुल्क कोष

१२.१११ आर्थिक वर्ष २०६४/६५ मा नगरपालिकाहरुलाई निःशर्त अनुदानको रूपमा एकमुष्ट करिब रु १ अर्ब ३३ करोड रकम चौमासिकरूपमा उपलव्ध गराइएको थियो। विगतमा जम्मा हुँदै आएको स्थानीय विकास शुल्कमध्ये रु. १ अर्ब ४४ करोड चालू आर्थिक वर्षमा थप सशर्त अनुदानको रूपमा उपलव्ध गराउने गरी भएको निर्णय अनुरूप पहिलो किस्ता र दोश्रो किस्ता निर्देशिका बमोजिम खर्च गर्न पठाइसकिएको छ। बाँकी रकमलाई विगत बर्षहरुमा जस्तै जगेडा कोष कार्यविधि बमोजिम नगरपालिकाको मागको आधारमा रकम उपलव्ध गराइंदै आएको छ।

स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम

१२.११२ आर्थिक वर्ष २०६४/६५ सम्म विभिन्न दातृ निकायको सहयोगमा स्थानीय निकायहरु मार्फत सञ्चालन भइरहेको स्थानीय स्वायत्त शासन, क्षमता विकास तथा समुदाय विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिंदै स्रोत प्रवाहमा अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने र सुशासन तथा आर्थिक समृद्धि बढाउनको लागि स्थानीय तहमा काम गर्न सहयोग पुऱ्याउन दातृ संस्थालाई एकीकृतरूपमा परिचालित गर्ने उद्देश्य यस कार्यक्रमको रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा जिल्ला विकास समिति थप अनुदान (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम) सञ्चालन कार्यविधि, २०६५ स्वीकृति भएको छ। स्थानीय निकायहरुको क्षमता विकास रणनीति तयार गर्न र ९ जिल्लाको GIS Data Layer तयार गर्नका लागि सेवाप्रदायकहरुको छनौट सम्पन्न भएको छ। ADB सँग १० करोड ६० लाख अमेरिकी डलर, स्वीस विकास सहयोग निकायसँग ४० लाख स्वीस फ्रैंक, Danida हुगोसँग ७ लाख अमेरिकी डलरको अनुदान सम्झौता सम्पन्न भएको छ। न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा सफल भएका ४७ जि.वि.स. हरुलाई रु. ६३ करोड ५२ लाख ५० हजार थप अनुदान उपलव्ध गराइएको छ। ४६ जिल्लामा सामाजिक परिचालनका लागि रकम निकासा उपलव्ध गराइएको छ।

श्रम तथा सीप विकास

बालश्रम निवारण कार्यक्रम

१२.११३ आर्थिक वर्ष २०६४/६५ मा श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट सञ्चालित बालश्रम निवारण कार्यक्रम अन्तर्गत बालबालिका विकास तथा पुनर्स्थापना, बालश्रम निवारण कोषमा अनुदान उपलब्ध गराइनुका साथै कार्यस्थलमा एच. आई.

भि./एड्स सम्बन्धी सूचना, शिक्षा र सञ्चार सामग्रीको तयारी एवं प्रचार प्रसार कार्य सम्पन्न भएको थियो। बालबालिका उद्धार तथा पुनर्स्थापनाका लागि दुईवटा केन्द्र स्थापनाको कार्य बढ्नुका साथै काठमाडौ महानगरपालिकाबाट सञ्चालन गरेको बालश्रमिक पुनस्थार्पना केन्द्रको क्षमता विस्तार र थप केन्द्र सञ्चालन गरिएको थियो। उक्त केन्द्रमा अघिल्लो वर्ष जम्मा ३ सय २५ जनालाई अनौपचारिक शिक्षा प्रदान, ४ सय ६८ बालश्रमिकहरुको विवरण दर्ता, २ सय २६ जनालाई परिचयपत्र वितरण, ८ सय ८३ घरेलु बालश्रमिकहरुलाई स्कूल भर्ना र ५० जना बालश्रमिकलाई सीपमूलक/व्यवसायमूलक तालिम सञ्चालन गरिएको थियो। उक्त आर्थिक वर्षमा ३ वटा श्रमिक शिक्षा कार्यक्रम, १ वटा रणनीति सञ्चार गोष्ठी सञ्चालन गरियो भने १६ वटा टेलिभिजन कार्यक्रम तथा ३३ वटा मेट्रो एफ. एम. बाट बालश्रमिक विरुद्ध विद्युतीय माध्यमबाट चेतनामूलक सूचना प्रचार प्रसार गरिएको थियो। त्यसैगरी, रेडियो नेपालको बालजगत कार्यक्रमबाट ६ वटा बालश्रम विरुद्धको अभियान तथा १ हजार ९२ पटक छोटा सूचनाहरु प्रसारण गरिएको, ३ वटा श्रमिक शिक्षा कार्यक्रम सञ्चालन गरी ९० जना श्रमिकलाई तालिम दिइएको, एउटा रणनीतिक सञ्चार गोष्ठी तथा एउटा सामाजिक सुरक्षा अध्ययन गरिएको, ३१ वटा श्रम सम्बन्ध वैठक गरिएको र IOM Market Research सम्बन्धी स्पेनको श्रम बजारको सर्वेक्षण गरिएको थियो।

१२.११४ आर्थिक वर्ष २०६५/६६ मा औपचारिक तथा अनौपचारिक क्षेत्रमा ४ सय पटक बालश्रम निरीक्षण, श्रव्य दृश्य प्रसारणमार्फत १ सय वटा बालश्रम विरुद्ध चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन, जोखिममा रहेका द्वन्द्व प्रभावित बालश्रमिकका लागि ४ वटा विशेष कार्यक्रम, बालश्रमिकका अभिभावक केन्द्रीत स्वरोजगारमूलक सीप विकास एवं चेतना वृद्धि तालिमका ५ वटा कार्यक्रम, कार्यस्थलमा एच आई भि एड्स सम्बन्धी सूचना शिक्षा सम्बन्धी ५ वटा तालिम, रणनीतिक सञ्चार गोष्ठी, ५० वटा औद्योगिक सम्बन्ध सुधार कार्यक्रम, ३ वटा श्रमिक महिला विशेष कार्यक्रम र कारखाना निरीक्षण निर्देशिका तयार गर्ने काम सम्पन्न भएका छन्। मे १ मा अन्तर्राष्ट्रिय श्रमिक दिवस कार्यक्रम, जुन १२ मा बालश्रम विरुद्ध विश्व दिवस कार्यक्रम र डिसेम्बर १० मा अन्तर्राष्ट्रिय आप्रवास दिवस सम्बन्धी कार्यक्रम सम्पन्न भएका छन्। बालबालिका विकास तथा पुनर्स्थापना कोष स्थापना र बालश्रम निवारण कोषको स्थापना भएका छन्।

वैदेशिक रोजगारको स्थिति

१२.११५ विगत केही वर्षदेखि नेपाली कामदारका लागि वैदेशिक रोजगार बजार रोजगारीको महत्वपूर्ण विकल्पको रूपमा विकसित हुँदै गएको छ। आर्थिक वर्ष २०६४/६५ मा ४ हजार ५ सय ५५ जना महिला सहित २ लाख ४२ हजार ३ सय २ जना वैदेशिक रोजगारीका लागि गएका थिए। आर्थिक वर्ष २०६५/६६ को प्रथम ८ महिनामा ६ हजार ३८ जना महिला सहित १ लाख ५७ हजार ३ सय २७ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ। नेपाल सरकारले १ सय ७ वटा मुलुकहरु वैदेशिक

रोजगारीका लागि खुला गरेतापनि नेपालीहरु मुख्यतया मलेशिया, साउदी अरव, कतार, यू. ए. ई, इजरायल, कुवेत, बहराइन, मकाउ, अफगानिस्तान, लिविया, अमेरिका, जापान, ब्राजिल, बंगलादेश, दक्षिण कोरिया, अष्ट्रेलिया, सिंगापुर, डेनमार्क, क्यानाडा आदि मुलुकमा जाने गरेको पाइएको छ। विभिन्न आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या निम्नानुसार रहेको छ :

तालिका १२ (म) : वैदेशिक रोजगारीको स्थिति

आर्थिक वर्ष	वैदेशिक रोजगारमा गएका नेपालीहरुको सङ्ख्या
२०५६/५७	३५,५४३
२०५७/५८	५५,०२५
२०५८/५९	१,०४,७३९
२०५९/६०	१,०५,०५५
२०६०/६१	१,०६,६६०
२०६१/६२	१,३५,९९२
२०६२/६३	१,७७,५०६
२०६३/६४	२,०४,५३३
२०६३/६४	२,०४,५३३
२०६४/६५	२,४२,३०२
२०६५/६६*	१,५७,३२७

* २०६५ फागुन मसान्तसम्म

स्रोत : श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१२.११६ श्रम तथा यातायात व्यवस्था मन्त्रालयले आर्थिक वर्ष २०६४/६५ मा व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालय र सो अन्तर्गतका १२ वटा सीप विकास तालिम केन्द्र मार्फत कुल १६ हजार १ सय ४८ जनालाई विभिन्न विषयमा व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिएको थियो। त्यस्तै, आर्थिक वर्ष २०६५/६६ मा पनि निर्देशनालय र सो अन्तर्गत १२ वटा सीप विकास तालिम केन्द्रहरु मार्फत विभिन्न विषयहरुमा व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गरी २० हजार जना सीपयुक्त जनशक्ति तयार गर्ने लक्ष्य राखिएकोमा आर्थिक वर्षको प्रथम ८ महिनामा कुल १६ हजार ९ सय १४ जना सीपमूलक जनशक्ति तयार भएका छन्। यसरी विभिन्न तालिमहरुबाट तयार भएको सीपमूलक जनशक्तिको विवरण देहाय बमोजिम रहेको छ :

तालिका १२ (य) : व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम

क.स.	*कार्यक्रमहरुको नाम*	*आर्थिक वर्ष २०६४/६५*		*आर्थिक वर्ष २०६५/६६*	
		लक्ष्य	*प्रगति*	*लक्ष्य*	*प्रगति**
१.	जनरल मेकानिक्स	१९०	१८२	१९०	१७७
२.	विद्युत् जडान	७०५	७७२	७२०	८४४
३.	विद्युत् जडान अपग्रेडिङ्ग	९५	८४	८०	२३

क्र.स.	कार्यक्रमहरुको नाम	आर्थिक वर्ष २०६४/६५		आर्थिक वर्ष २०६५/६६	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति*
४.	प्लम्बिङ्ग	४३५	४३१	४४१	४९१
५.	केश श्रृङ्गार	५१६	६७९	६४०	८२३
६.	केश श्रृङ्गार अपग्रेडिङ्ग	४०	३८	२४०	१६३
७.	सिलाइ कटाइ	७८०	११२३	१०२०	१३२६
८.	इलेक्ट्रोनिक्स मर्मत	३९०	३६२	३७९	४२०
९.	मोटरसाइकल मर्मत	३००	२९४	३४५	३७०
१०.	अटोमेकानिक्स	८५	९८	८५	९५
११.	कम्प्यूटर	४४०	५१३	६४५	७३४
१२.	वेल्डिङ्ग	१६०	१७०	१६०	१८२
१३.	वेतबाँस	७५	९६	९०	६५
१४.	पम्पसेट मेकानिक्स	३०	३१	२०	३४
१५.	ढाका बुनाइ			४५	३०
१६.	आवासीय महिला सीप विकास तालिम कार्यक्रम	७०	७०	९०	९०
१७.	अल्पकालीन	०	०	०	०
	(क) सीपमूलक तालिम (१ हप्ता - ३ महिनासम्म)	८६३०	९३६२	११२००	८६९५
	(ख) वैदेशिक रोजगारमूलक तालिम (४ हप्ता - ६ हप्ता)	६२५	६६२	१४२५	१११९
१८.	वैदेशिक एवं युवा स्वरोजगार सम्बन्धी (विशेष सीप विकास) तालिम कार्यक्रम (४ हप्ते र ६ हप्ते)	१०००	१०२८	१५००	९२०
१९.	१ हप्ते उद्यमशीलता विकास तालिम	१५०	१५३	६८५	३२१
कुल जम्मा :		१४७१६	१६१४८	२००००	१६९१४

* प्रथम आठ महिना

टिप्पणी: उपरोक्त विभिन्न कार्यक्रममा (समय तोकिएका र क्र.स. १९, २१ र २२ बाहेक) ३ महिना र ६ महिनाको तालिम प्रदान गरिएको छ ।

श्रोत : श्रम तथा यातायात व्यवस्था मन्त्रालय

महिला, बाल-बालिका तथा समाजकल्याण

महिला, बाल-बालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्ग सम्बन्धी कार्यक्रम

१२.११७ महिला, वाल-वालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गहरूका सम्बन्धमा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरूको सफल कार्यान्वयन र महिलाहरूको हालको स्थितिमा सुधारको लागि नीतिगत, संस्थागत र कानुनी व्यवस्था गरी विविध कार्यक्रमहरुको माध्यमबाट वि.सं. २०५५ देखि सुधारका विभिन्न प्रयासहरू हुँदै आएका छन् । महिला सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक समानताको

अवधारणालाई आत्मसात गर्दै राष्ट्रिय विकासको हरेक क्षेत्रमा महिलाको सहभागिता अभिवृद्धि गर्ने, महिला हकहित र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने, बालबालिकाको नैसर्गिक अधिकारलाई संरक्षण गर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको हकहितलाई सुनिश्चित गर्ने जस्ता उद्देश्यहरु हासिल गर्नका लागि मन्त्रालय र मातहतका निकायहरु मार्फत नेपालभर लागू हुने गरी नीति, ऐन र नियममा आवश्यक सुधारको क्रमसँगै आवधिक योजना बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। महिलाहरू सामाजिक तथा आर्थिक अवस्थामा तुलनात्मकरूपमा पछाडि परेको हालको स्थितिबाट मुक्ति पाउन नयाँ नेपालको स्थापनासँगै सामाजिक तथा आर्थिक सशक्तीकरण गरिनुपर्ने आवश्यकता टङ्कारोरूपमा देखिएकोले लैङ्गिक समानताको लक्ष्य हासिल गर्न विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन्। महिला विकास कार्यक्रमअन्तर्गत प्रबर्द्धित समूह, समिति एवं संस्थाहरु नै कार्यक्रमका मुख्य सम्वाहक हुन्। उनीहरूको भूमिका सक्रिय सहभागीबाट सक्रिय साझेदारको हैसियतमा बढाउन आर्थिक वर्ष २०६४/६५ देखि गाउँस्तरका तालिमलगायतका क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी महिला समिति एवं महिला संस्थाहरुलाई प्रदान गरिएको छ। विकेन्द्रित विकास प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरणका लागि जिल्ला तथा गाविसस्तरसम्म अधिवाचन, अनुशिक्षण, सञ्चालीकरण लगायतका कार्यक्रमहरुमा जोड दिइएको छ।

१२.११८ Convention on the Elimination of All Forms of Discrimination Against Women (CEDAW) को चौथो र पाँचौ आवधिक प्रतिवेदन तयारी भइरहेको छ। कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत भई विद्यमान ऐनमा रहेका विभेदकारी प्रावधानहरुको अध्ययन गरी संशोधन मस्यौदा तयारी भएको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ पारित हुनुका साथै शुन्य सहिष्णुताको नीति मस्यौदा तयार भइसकेको छ। छाउपडी प्रथा न्यूनीकरण गर्नका लागि निर्देशिका, २०६४ मन्त्रिपरिषद्बाट पारित भइसकेको छ। घरेलु हिंसाबाट पीडित व्यक्तिहरुबाट संरक्षणको लागि आवश्यक कानुनी व्यवस्था गर्न बनेको घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६५, व्यवस्थापिका संसदबाट पारित भइसकेको छ।

१२.११९ नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्रीको रूपमा ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५ नेपाल सरकारबाट स्वीकृत भई लागू भएको छ। तद्नुसार विदेशी नागरिकलाई अनाथ तथा स्वेच्छाले लगिएका नेपाली बालबालिका धर्मपुत्र/धर्मपुत्रीको रूपमा ग्रहण गर्न दिने प्रक्रिया १ जनवरी, २००९ देखि पुनः प्रारम्भ भएको छ। अन्तर्राष्ट्रिय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी काम कारवाहीलाई पारदर्शी र अन्तरराष्ट्रिय मापदण्ड अनुरूप बनाउन नेपाल सरकारको तर्फबाट The Convention of the Protection of Children, 1995 मा हस्ताक्षर भइसकेको छ। यसरी बालबालिका सम्बन्धी ऐन, नियम संशोधन गर्ने कार्य तथा बालबालिकाका लागि सामाजिक सुरक्षा अवधारणा तयार भइसकेको छ।

ज्येष्ठ नागरिक सम्बन्धी व्यवस्था

१२.१२० आर्थिक वर्ष २०६४/६५ देखि नै ज्येष्ठ नागरिक कार्ययोजना तयार गरी सो वमोजिम मन्त्रालय र अन्य निकायहरुबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन् । ज्येष्ठ नागरिक उपचार कार्यक्रमलाई ७५ वटै जिल्लामा विस्तार गरी महिला विकास कार्यालय मार्फत सञ्चालनमा ल्याइएको छ । ज्येष्ठ नागरिकहरुको आत्मसम्मानमा वृद्धि होस् भन्ने उद्देश्यले विगत वर्षहरुमा झै यस वर्ष पनि अक्टोवर १ मा सत्रौं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस नेपालभर विभिन्न कार्यक्रमका साथ मनाइएको छ । ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशिका, २०६१ कार्यान्वयनका लागि ७५ वटै जिल्लाका महिला विकास कार्यालयमा पठाइएको छ । ज्येष्ठ नागरिक सम्बन्धी सर्भे तथा हालसम्म भएका अध्ययनका आधारमा यसको Stock Taking Assessment कार्यको थालनी भएको छ । गैरसरकारी संस्थाहरुलाई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र ल्कव सञ्चालन गर्न आवश्यक आर्थिक अनुदान प्रदान गरिएको छ । नेपाल सरकारबाट सञ्चालित समाज कल्याण केन्द्र, पशुपतिमा आश्रमका लागि १२ जना वृद्धाहरुलाई सिफारिस गरिएको छ । उक्त केन्द्रमा हालसम्म २ सय ३७ जना वृद्धवृद्धा आश्रित रहेका छन् । ज्येष्ठ नागरिकहरुको संरक्षण एवं व्यवस्थापनका लागि कोषमा वजेटको व्यवस्था गरिएको छ ।

१२.१२१ ज्येष्ठ नागरिकहरुको सम्मान र आत्मविश्वास वृद्धि गर्नका लागि वृद्ध दिवा सेवा केन्द्र र वृद्धाश्रम सञ्चालन भएका छन् । देशभरिका १६ वटा गैरसरकारी संस्थाहरुद्वारा सञ्चालित वृद्धाश्रमहरुलाई सञ्चालन अनुदान उपलव्ध गराइएको छ । ज्येष्ठ नागरिक कार्ययोजना तयार गरी सो बमोजिम मन्त्रालय र अन्य निकायहरुबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन् । ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ पारित भई लागू भएको छ । सामाजिक सुरक्षाको क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरु र ज्येष्ठ नागरिकहरुलाई राज्यले दिनसक्ने सुविधामा क्रमशः वृद्धि गर्दै लगिएको छ, जसले गर्दा उनीहरुमा आत्मविश्वास र समाजमा प्रतिष्ठा बढ्न गएको महसुस गरिएको छ ।

अपाङ्ग सम्बन्धी कार्यक्रम

१२.१२२ अपाङ्गहरुलाई रोजगारीमूलक तालिम सञ्चालन गर्न CTEVT र अपाङ्ग सहायता कोषसँग सम्झौता भई ६५ जनालाई विभिन्न किसिमका तालिम प्रदान गरिएको छ । समुदायमा आधारित कार्यक्रम २५ जिल्लामा सञ्चालन भइरहेका छन् । अपाङ्गता क्षेत्रलाई बढी उत्साहित र सम्मानित बनाउन अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (३ डिसेम्वर) लाई नेपाल भर मनाउने कार्य सम्पन्न भएको छ । १० जिल्लाका महिला विकास कार्यालय र गाउँ विकास समिति सचिवहरुलाई अपाङ्गता प्रति सम्वेदनशील हुन अधिवाचन तालिम कार्य सम्पन्न भएको छ । कर्मचारी र उनीहरुलाई आवश्यक पर्ने सहयोगी सामग्री उपलव्ध गराउन आवश्यकता अनुसारको सीपमूलक तालिमको साथै व्यावहारिक ज्ञानका लागि राष्ट्रिय अपाङ्ग महासंघ र नेपाल अपाङ्ग संघ जोरपाटी, अनाथ अपाङ्ग उद्धार समाज नेपाल तथा नेपाल कुष्ठरोग निवारण संघलाई सरकारी

अनुदान प्रदान भएको छ। अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर सम्पन्न भएकोछ।

१२.१२३ अपाङ्गताका भएका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता हेरी सीपमूलक तालिम, शैक्षिक सहयोग, छात्रवृत्ति र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन भएका छन्। अपाङ्गताको शारीरिक स्थिति हेरी उनीहरुलाई आवश्यक पर्ने Assistive Devices, सेतो छडी, व्हिल चियरहरु अपाङ्ग क्षेत्रमा कार्यरत अनुदान प्राप्त संस्थाहरुबाट नेपालका विभिन्न जिल्लाहरुमा निःशुल्क वितरण भएका छन्। यसैगरी, ७५ वटै जिल्लाहरुमा महिला विकास कार्यालय मार्फत अपाङ्ग परिचयपत्र वितरण कार्य सञ्चालन भएको छ। अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ र अपाङ्गताको परिभाषा तथा वर्गीकरण, २०६३ लागू भएको छ। अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी तालिम प्रदान गर्न देशका ५० जिल्लाहरुमा समुदायमा आधारित अपाङ्ग पुनर्स्थापना कार्यक्रम सञ्चालन भएको छ। यसबाट उनीहरुमा सीप, क्षमता विस्तार तथा आत्मविश्वास अभिवृद्धि भएको छ।

बाल अधिकार सम्बन्धी कार्यक्रम

१२.१२४ बाल कल्याण कार्यक्रम तर्फ हराएका बालबालिका खोजतलासको लागि कार्यविधि तयार भई बालबालिका खोज तलास केन्द्र (टोल फ्रि नं. १०४) र बाल हेल्पलाइन (१०९८) सञ्चालन भएको छ। जोखिममा परेका बालबालिकाका लागि राहत उपलब्ध गराउन सडक बालबालिकाहरुको खोज र व्यवस्थापन गर्ने कार्य थालनी भएको छ। २५ जिल्लामा बाल संरक्षण तथा विकास कार्यक्रम, १३ जिल्लामा बाल न्याय प्रणाली सुदृढीकरण कार्यक्रम र ८ जिल्लामा संस्थागत सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ। कालिकोटमा द्वन्द्व प्रभावित बालबालिकाहरुलाई राज्य प्रदत्त शिक्षा प्रणालीको मूल प्रवाहमा ल्याई पठनपाठनमा सहयोग तथा भरणपोषण गरिएको छ। आवासीय बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विस्तृत मापदण्ड, २०६५ तथा बाल संरक्षण तथा विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६४ तयार हुने क्रममा रहेको छ। बालकल्याण समितिका कर्मचारी तथा कार्यालय सञ्चालन सम्बन्धी व्यवस्था, २०६४ तयार भएको छ। स्रोत केन्द्र सञ्चालनको लागि बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय सघसंस्था, बालगृह र बालकको तथ्यांक विवरण संकलन कार्य भइरहेको छ भने बालगृहको प्रभावकारिता अनुगमन कार्य निरन्तर जारी रहेको छ।

१२.१२५ बालअधिकार सम्बन्धी महासन्धिको बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्धको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन तयार भई संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा प्रस्तुत गरिएको छ। सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्धको इच्छाधीन आलेखको पक्षराष्ट्रको हैसियतले सो आलेखको प्रारम्भिक प्रतिवेदन तयार गर्ने कार्य जारी छ। बालबालिका सम्बन्धी ऐन, २०४८ लाई समयानुकूल र बाल अधिकारमुखी बनाई परिमार्जन र व्यवस्थित गर्न बाल अधिकार ऐन, २०६५ को मस्यौदा लेखन अन्तिम चरणमा पुगिसकेको छ।

१२.१२६ बालबालिकाको अधिकार संरक्षण गरी उनीहरुलाई आवश्यक पर्ने आधारभूत आवश्यकता परिपूर्तिका लागि अन्तर्राष्ट्रिय महासन्धी, १९८९ अनुसार मन्त्रालय र यस अन्तर्गतका निकायहरु मार्फत बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्न संस्थाहरुलाई अनुदान दिने, बालसुधार गृहको लागि भवन निर्माण गर्ने, बाल दिवस मनाउने, बाल सुधार गृह अन्तर्गत बन्दी र बन्दीमा आश्रित बालबालिकाहरुलाई पुनर्स्थापना तथा बालश्रम निवारण सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, साथै द्वन्द्व पीडित बालबालिकाको लागि विभिन्न जिल्लाहरुमा तत्काल राहत कार्यक्रमका लागि स्वास्थ्य, विद्यालय भर्ना, छात्रवृत्ति र संरक्षण कार्यक्रम तथा स्रोत तथा अभिलेख केन्द्रको स्थापना कार्य सम्पन्न भएका छन् । २६ जिल्लाहरुमा बाल इजलास स्थापना भई सकेको छ । बालबालिका खोजतलास समन्वय केन्द्र स्थापना भई निःशुल्क १०४ लाइनको व्यवस्था भएको छ । हराएका, बेपत्ता भएका, अपहरण गरिएका, बेवारिसे अवस्थामा फेला परेका तथा आपराधिक क्रियाकलापको शिकार भएका बालबालिकाको उद्धार, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने कार्य सरकारी निकाय, गैरसरकारी संस्था, विकासका साझेदार संस्था र नागरिक समाजको संयुक्त प्रयासबाट नियमित सञ्चालन भइरहेको छ । विगत दुई बर्षको अवधिमा कूल ४ हजार ८ सय ७१ बालबालिका हराएकामा ती मध्ये ३ हजार ९३ बालबालिका भेटिएका र १ हजार ७ सय ७८ बालबालिका हालसम्म भेटिन सकेका छैनन् । पहिलो र दोस्रो बर्षमा गरी कुल ९ सय ५३ बालबालिका बेवारिसे अवस्थामा भेटिएका/हराएका मध्ये भेटिएकोमा ७ जना बालबालिका मृत अवस्थामा फेला परेको देखिएको छ ।

१२.१२७ आर्थिक वर्ष २०६४/६५ मा ३७ जिल्लामा गरिएको बालगृह सर्वेक्षणबाट हालसम्म सञ्चालनमा रहेका ४ सय ५४ बालगृहको तथ्याङ्क र सूचना संकलन गरिएको छ । उक्त सूचनाका आधारमा बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड, २०६० वमोजिम आवश्यक व्यवस्थापन गर्न केन्द्रमा उच्चस्तरीय बालगृह कार्यदल र ३७ जिल्लामा जिल्ला बालगृह अनुगमन कार्यदल गठन गरी बालगृह अनुगमन कार्य सुरु गरिएको छ । यस अवधिमा २ सय ४२ बालगृहहरुको अनुगमन कार्य सम्पन्न गरिएको छ ।

महिला सशक्तीकरण कार्यक्रम

१२.१२८ निजामती क्षेत्रमा महिलाहरुको सहभागिता वृद्धि गर्न लोकसेवा आयोगबाट लिइने रा.प.अ. द्वितीय श्रेणी वा सो सरहको पदमा परीक्षाका लागि ५ जिल्लामा २ सय ७५ र शाखा अधिकृत पदमा १ सय ८ जना महिलाहरुलाई लोकसेवा आयोगको मूल परीक्षाको लागि तयारी कक्षा सञ्चालन भइसकेको छ । विगत वर्षहरुमा झै चेलिवेटी बेचबिखन विरुद्ध गठित २६ जिल्लाका कार्य समितिलाई कार्यक्रम सञ्चालन गर्न अनुदान प्रदान भएको छ भने एकल महिला समूहमार्फत ५० जना द्वन्द्व पीडित एकल महिलालाई सीपमूलक तालिम दिइएकोछ । दुर्गम जिल्लाका गरिव र पिछडिएका बर्गका Women Studies र Mass Communication विषयमा अध्ययन गर्ने १० जना

छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिनुका साथै लैङ्गिक खण्डीकृत तथ्यांकको सूचक तयार गर्ने जस्ता कार्यहरु सम्पन्न भइसकेका छन्। राष्ट्रिय महिला आयोग मार्फत सो आयोगका पदाधिकारीहरुलाई लैंगिक सम्वन्धित उपकरण, नीति र कार्यक्रमबारे अभिमुखीकरण गरिएको छ। महिला सशक्तीकरण तथा लैंगिक समानताको पक्षमा विशेष योगदान पुऱ्याउने ६ जना पत्रकारलाई पुरस्कृत गरिएको छ। लैङ्गिक हिंसामा निर्मूलन बारे न्यायिक/अर्धन्यायिक निकायका कर्मचारीहरु तथा राजनैतिक दलहरुका नेतृत्व तहलाई अभिमुखीकरण गरिएको छ। द्वन्द्वको अवधिमा Gender-based Violence बाट प्रभावित महिलाहरुको लागि न्याय र पुनर्स्थापनामा पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालन गरिएको छ। केन्द्रीय कारागारमा रहेका ११८ जना महिला कैदीहरुलाई प्रजनन स्वास्थ्य तथा महिलाको मानव अधिकार सम्बन्धी अभिमुखीकरण गरिएको छ।

१२.१२९ महिला विकास कार्यक्रमबाट कार्यक्षेत्रमा महिला सशक्तीकरणका साथै महिला संस्थामा पछाडि पारिएका वर्गका सदस्यको अनुपात, समूह वचतको रकम एवं परिचालन क्षमता र महिलाको नेतृत्व क्षमताजस्ता सूचकहरू पनि अत्यन्त सकारात्मक देखिएका छन्। छरिएर रहेका महिलाहरूलाई संस्थागत विकासको माध्यमबाट सङ्गठित गर्दै समूह, समिति तथा संस्था गठन गरी कार्यक्रमलाई निरन्तरता दिने प्रयास भएको छ। महिला विकास कार्यक्रममा हालसम्म ५९ हजार ५ सय ९२ समूह अन्तर्गत ३ लाख ८५ हजार ७ सय ५८ सदस्यहरूको प्रत्यक्ष सहभागिता रहेको छ। ती समूहहरू ५ हजार २ सय ९५ समिति तथा १ हजार २ सय ८८ संस्थामा आवद्ध छन्।

१२.१३० लक्षित महिलाका आर्थिक क्रियाकलाप को व्यावसायीकरणलाई प्राथमिकता दिइएको छ, जसअनुसार चालू आर्थिक वर्ष २०६५/६६ मा ४ सय २२ स्थानमा सुरुमै ८ हजार ५ सय ६५ जना विपन्न महिलाहरु सम्मिलित हुने गरी सम्बद्ध महिलाकै अभिरुचि, अनुभव र आर्थिक हैसियत अनुसारका व्यवसाय प्रारम्भ गर्ने लक्ष्य लिइएको छ। ग्रामीण महिलाद्वारा उत्पादित वस्तुको बजार पहुँचका लागि मोरङ्ग, रूपन्देही, दाङ र कैलाली जिल्लामा बिक्रीका लागि वस्तु दिने प्रत्येक महिला संस्था समेतको प्रतिनिधित्व रहने निर्देशन समितिले स्वीकृत गरेको व्यवस्थाबमोजिम अग्र व्यावसायिक महिला संस्थाले सञ्चालन गर्ने गरी बिक्री कक्ष खोल्ने व्यवस्था मिलाइएको छ।

तालिका १२(र) : महिला विकास कार्यक्रमको हालसम्मको प्रमुख उपलब्धि

क.स.	*क्रियाकलापको नाम*	*एकाइ*	*जम्मा*	*कैफियत*
	फैलावट			
१.	कार्यक्रम सञ्चालित जिल्ला	सङ्ख्या	७५	
२.	कार्यक्रम सञ्चालित गाविस	सङ्ख्या	१८४३	
३.	कार्यक्रम सञ्चालित नगरपालिका	सङ्ख्या	३२	

क्र.स.	क्रियाकलापको नाम	एकाइ	जम्मा	कैफियत
४.	कार्यक्रम सञ्चालित वडा (नगरपालिका तथा गाउँ विकास समिति)	सङ्ख्या	१५१७६	
	संस्थागत विकास			
५.	समूह गठन	सङ्ख्या	५९,५९२	
६. ६.१ ६.२ ६.३	समूहमा सम्मिलित महिला दलित जनजाति अन्य	जना जना जना जना	३८५७५८ ५७९८७ १३३१९२ १९४५७९	
७.	गठन भएका महिला समिति	सङ्ख्या	५२९५	
८.	दर्ता भएका महिला संस्था	सङ्ख्या	९६१	
९.	तदर्थ महिला संस्था	सङ्ख्या	३२७	
	स्रोत परिचालन			
१०.	महिलाहरूको सामूहिक बचत	रु.	५८,७६,५२,०७७	
११.	जम्मा बचतमध्ये लगानीमा रहेको	रु.	५२,३०,२५,२९६	
१२. १२.१ १२.२	चालूकोष मूलधन व्याज	रु. रु. रु.	९,०८,५२,५३२ ८,७०,४३,३८४ ३८,०९,१४८	
१३	लगानीमा रहेको रकम	रु.	७,२५,८७,६७५	

समाज कल्याण

१२.१३१ गैरसरकारी क्षेत्रमा हाल देखा परेका समस्याहरुलाई समय सापेक्ष र प्रभावकारी ढंगबाट अगाडि बढाउन वर्तमान समाज कल्याण ऐन, २०४९ लाई समयानुकूल संशोधन, परिमार्जन गर्नेतर्फ आवश्यक कार्यवाही अगाडि बढाईएको छ। आर्थिक वर्ष २०६४/६५ सम्ममा १ सय ८६ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले समाज कल्याण परिषद्सँग साधारण संझौता सम्पन्न गरेका छन्। उल्लिखित संस्थाहरुले साधारण संझौतामा उल्लेख गरे बमोजिम वार्षिक न्यूनतम रकम रु. १७ अर्ब १२ करोड ५२ लाख ७६ हजार खर्च गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। समाज कल्याण ऐन, २०४९ बमोजिम परिषद्बाट ३ सय ८६ स्थानीय गै.स.स.ले नेपालको सामाजिक विकासमा ८ सय ९ वटा कार्यक्रमहरु सञ्चालन गर्न कूल रु. ४ अर्ब १७ करोड ८६ हजार ८९ हजार स्वीकृति लिएको रकम मध्ये आन्तरिकतर्फ रु. २६ करोड ९० लाख ९३ हजार ७ सय ९० र वाह्य सहयोग रु. ३ अर्ब ९० करोड ९५ लाख ९५ हजारको सहयोग उपलव्ध गराउने कार्यक्रम रहेको छ। आर्थिक वर्ष २०६५/६६ को

साउनदेखि फागुन मसान्तसम्म ४७ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र परिषद्बीच सम्झौता सम्पन्न भएका छन् जसमध्ये २८ वटा साधारण सम्झौतामा संस्थाले न्यूनतम रकम रु. ६६ करोड ७१ लख १४ हजार खर्च गर्ने प्रतिवद्धता गरेका छन् । त्यस्तै यस अवधिमा परिषद् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबीच १९ वटा परियोजना (कार्यक्रम) सम्झौता सम्पन्न भएका छन् जस्मा वार्षिक न्यूनतम रकम रु. १ अर्ब १७ करोड ५७ लाख ८९ हजार खर्च गर्ने उल्लेख रहेको छ ।

शहरी क्षेत्र विकास तथा भवन निर्माण

१२.१३२ यस कार्यक्रम अन्तर्गत मुलुकका शहरी क्षेत्रमा भौतिक पूर्वाधार विकास गर्ने, सरकार, स्थानीय निकाय र निजी क्षेत्र समेतको सहभागितामा जग्गा विकास कार्यक्रम सञ्चालन गरी सुविधायुक्त घडेरी उपलब्ध गराउने; उत्पादनयोग्य जमिन माथिको अतिक्रमण घटाउने तथा सो सम्बन्धी अध्ययन गर्ने जस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा जग्गा विकास चक्रकोष परिचालन गरी इलामको इलाम नगरपालिका, तनहूँको दुलेगौंडा, बांकेको नेपालगंज नगरपालिका र जोडिएका गाउँ विकास समिति हरुमा स्थानीय जग्गाधनीहरुको सहभागितामा जग्गा विकास कार्यक्रम सञ्चालन गरिएको थियो । नगरोन्मुख १३ गाउँ विकास समितिहरुको स्थानीय निकायको सहकार्यमा भू-उपयोग नक्सा अनुसार सवारी आवागमनलाई सुविधायुक्त बनाउन सडक र ढल संजालको योजना तर्जुमा भएको थियो । ७ साना शहर र १० बजार केन्द्रको भौतिक विकास योजना तर्जुमा गरिएको थियो । गरिव तथा न्यून आय भएका परिवारहरुको आवास ऋण आवश्यकता र सुकुम्वासी वस्ती सुधारको अध्ययन लगायत High Rise Building को मापदण्ड तयार गरिएको थियो । यसै सन्दर्भमा ३ स्थानमा प्रस्तावित जग्गा विकास क्षेत्रको Detailed Project Report तयार भएको थियो । ५ स्थानको नमूना गाउँ विकास सम्बन्धी अध्ययन भएको र जग्गा विकास आयोजनाका लाभग्राहीहरुसँग Benefit Tax असूल गर्ने सम्बन्धी अध्ययन गरिएको थियो । संखुवासभा जिल्लाको सभापोखरीको विस्तृत गुरु योजना तर्जुमा भएको र संयुक्त आवास विकासको अनुगमन निरीक्षण र नियन्त्रण कार्यक्रमको साथै पूर्वाधार विकास एवं जग्गा विकास कार्यक्रम सञ्चालन भएको थियो ।

१२.१३३ आर्थिक वर्ष २०६५/६६ मा देशका १ सय ३ स्थानमा विभिन्न निर्माण तथा मर्मत सुधार कार्य सञ्चालनमा रहेको छ जस अन्तर्गत ६ वृहत शहरहरु (अत्तरिया-धनगढी कोरिडोर, काभ्रेपलान्चोक-धुलिखेल-बनेपा-पनौती, इनरुवा-दुहवी-इटहरी-धरान, वीरेन्द्रनगर-छिन्चू-दशरथपुर र पोखरा-लेखनाथ-दुलेगौंडा कोरिडोर) को गुरुयोजना तर्जुमा कार्यको आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्याङ्कन भइरहेको छ । स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी गरिव तथा न्यून आय भएका परिवारहरुका लागि ग्रामीण आवास कम्पनी मार्फत न्यून लागतको घर निर्माण कार्य सञ्चालन गर्ने तयारी भइरहेको छ । यसै कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा १ जिल्लामा घनावस्तीको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेको छ भने सिन्धुपाल्चोकको

तातोपानी, मोरङको धनपालगढी, गुल्मीको घमिर क्षेत्रकोट र रौतहटको बाह्र विगाहा क्षेत्र समेत गरी ४ स्थानको गुरु योजना तर्जुमा कार्य र कास्कीको पृथ्वीनारायण क्याम्पसमा Eco City को मास्टरप्लान तयार गर्ने जस्ता कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

साना शहर बजार विकासबाट ग्रामीण विकास

१२.१३४ गाउँ शहरको अन्तरसम्बन्ध अभिवृद्धि गरी साना शहरमा शहरी पूर्वाधारको विकासद्वारा शहरी सुविधामा वृद्धि गरी भविष्यमा नगरपालिकाको लागि आवश्यक पूर्वाधारको विकास गर्ने, शहरी क्षेत्रमा बसाइ सराइको क्रमलाई न्यूनीकरण गर्ने र ग्रामीण पूर्वाधारको विकास गरी गाउँ बस्तीमा उत्पादित वस्तुहरुको बजार विकासद्वारा गरिवी घटाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । यस अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा विभिन्न ६५ ग्रामीण शहरी क्षेत्रहरुमा ग्रामीण तथा शहरी अन्तरसम्बन्ध अभिवृद्धि गर्न भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन भएको थियो । ताप्लेजुङ जिल्लाको मेले गाउँ विकास समिति वडा नं. २ खुवा र वडा नं. ३ माङ्गदिनको सार्वजनिक जग्गा संरक्षण गर्ने कार्य सञ्चालन गरिएको थियो । चालू आर्थिक वर्ष २०६५/६६ मा ग्रामीण एवं शहरी क्षेत्रमा ग्रामीण तथा शहरी अन्तरसम्बन्ध अभिवृद्धि गर्न १ सय स्थानमा पूर्वाधार विकासको कार्य सञ्चालनमा रहेको छ । यस अन्तर्गत ८ स्थानको गुरु योजना कार्यान्वयन गर्ने, ६ स्थानको भौतिक विकास योजना कार्यान्वयन गर्ने, सुनसरी जिल्लाको पकली गाउँ विकास समिति र वाग्लुङ जिल्लाको बलेवामा जग्गा विकास कार्यक्रमको DPR तयार गर्ने कार्य भइरहेको छ । इलाम नगरपालिका-२ मा जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने कार्य भइरहेको छ भने गणतन्त्र स्मारक डिजाइन गर्ने कार्य बोलपत्र मूल्याङ्कनको क्रममा रहेको छ ।

एकीकृत कार्यमूलक योजना

१२.१३५ नगरपालिकाहरुमा व्यवस्थित शहरी विकास सञ्चालनको लागि नगरपालिकाहरुको प्रत्यक्ष संलग्नता तथा स्थानीय जनसहभागिताको आधारमा शहरी विकास योजना तर्जुमा, नगरपालिकाहरुको डिजिटल आधार नक्सा तयार गर्ने एवं नगरपालिका नभएका जिल्ला सदरमुकामहरुको भौतिक विकास योजना तर्जुमा सम्पन्न गर्ने उद्देश्य रहेको छ । उक्त उद्देश्य पूरा गर्न आर्थिक वर्ष २०६४/६५ मा अव्यवस्थित र अस्वस्थकर बस्तीको सुधारका लागि पूर्वाधार विकास, स्थानीय निकायहरुसँगको सहकार्यमा ४ नगरपालिकाहरुको डिजिटल आधार नक्सा तयारी र UDLE/GTZ र स्थानीय निकायहरुसँगको सहकार्यमा ३ नगरपालिकाहरुको आवधिक योजना तर्जुमा भएको थियो । साथै, त्यसै वर्ष ४ नगरपालिकाहरुको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भएको, WHO सँग सहकार्य गरी स्वस्थ्य शहर कार्यक्रम सञ्चालन गरिएको र नगरपालिकाका प्रमुखहरु/पदाधिकारीहरुको सहभागितामा शहरी विकासको अवधारणा सम्बन्धी राष्ट्रिय गोष्ठी सञ्चालन गरिएको थियो ।

१२.१३६ आर्थिक वर्ष २०६५/६६ मा ३ अव्यवस्थित र २ अस्वस्थकर वस्तीलाई व्यवस्थित बनाउन आवश्यक पूर्वाधार विकासको कार्य चालू रहेको छ। स्थानीय निकायहरुसँगको सहकार्यमा २ नगरपालिकाहरुको डिजिटल आधार नक्सा तयार गरिनुको साथै UDLE/GTZ र स्थानीय निकायहरुसँगको सहकार्यमा ३ नगरपालिकाहरुको आवधिक योजना तर्जुमा कार्य थालिएको छ। ४ नगरपालिकाहरुको आवधिक योजना तर्जुमा कार्य यस आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको छ। WHO सँग सहकार्य गरी ५ नगरपालिकाहरुमा स्वस्थ्य कार्यक्रम सञ्चालन भइरहेको छ। नगरपालिका नभएका ४ जिल्लाहरुको सदरमुकाम एवं पाल्पा जिल्ला रामपुर बजारको भौतिक विकास योजना तयारीको लागि परामर्शदाता नियुक्ति गरिएको छ। नगरपालिकाका प्रमुखहरु/पदाधिकारीहरुको सहभागितामा शहरी विकासको अवधारणा सम्बन्धी राष्ट्रिय गोष्ठी सञ्चालन भएको छ।

विशेष भौतिक तथा पूर्वाधारक्षेत्र विकास आयोजना

१२.१३७ दिगो विकासको अवधारणा अनुरूप राष्ट्रिय र स्थानीय महत्व रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको निर्माण र मर्मत सुधार एवं गुरुयोजना तर्जुमा गर्ने मुख्य उद्देश्यबाट सञ्चालित यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा विभिन्न ११ स्थानमा दिगो विकासको अवधारणा अनुरूप भौतिक तथा पूर्वाधार विकास कार्य सञ्चालन गरिएका थिए। राज्यका ६ विभिन्न विशेष महत्वको स्थानहरुको भौतिक संरचना निर्माण तथा मर्मत सुधार कार्य गरिएको थियो। विशेष महत्व रहेका ४५ स्थानहरुमा स्थानीय जनसहभागिता परिचालन गरी विभिन्न भौतिक संरचनाहरुको विकास निर्माण तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको थियो। विभिन्न ४ स्थानका वेशम्यापहरु तयार गरी दिगो विकासको अवधारणा अनुरूप गुरुयोजना तयार गर्ने कार्य गरिएको थियो। साथै, चाँगुनारायण र सूर्यविनायक क्षेत्रलाई स्थानीय निकायलाई हस्तान्तरण गर्ने वातावरण तयार गर्ने कार्य भइरहेको छ।

१२.१३८ चालू आर्थिक वर्ष २०६५/६६ मा गुरुयोजना अनुसार यस आयोजना अन्तर्गत विभिन्न १४ स्थानमा दिगो विकासको अवधारणा अनुरूप भौतिक तथा पूर्वाधार विकास कार्य सञ्चालन भइरहेको छ। ७ विभिन्न स्थानहरुको भौतिक संरचनाहरुको निर्माण तथा मर्मत सुधार कार्य सञ्चालनमा रहेका छन्। स्थानीय जनसहभागिता परिचालन गरी विशेष महत्व रहेका विभिन्न ६२ स्थानहरुको भौतिक संरचनाहरुको विकास निर्माण तथा मर्मत सम्भार कार्य भइरहेको छ। चालू आर्थिक वर्षको ८ महिनामा उल्लिखित कार्यहरुको करिव ७० प्रतिशत प्रगति भएको छ। यसै गरी ८ धार्मिक तथा पुरातात्विक महत्व भएका क्षेत्रको वेसम्याप तयार गरी गुरु योजना तर्जुमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा ६ स्थानको संझौता भई कार्य सुरु भएको छ। २ स्थानको RFP तयार भई संझौता हुने क्रममा रहेको छ। चाँगुनारायण र सूर्यविनायक क्षेत्रको वातावरण संरक्षण तथा मर्मतको जिम्मेवारी स्थानीय निकायलाई सुम्पन आवश्यक

पूर्वाधार तयारी कार्य जारी रहेकोले सो नहुन्जेलसम्म उक्त क्षेत्रको वातावरण संरक्षण र मर्मत कार्य यसै आयोजनाबाट भइरहेको छ ।

शहरी विकास आयोजना

१२.१३९ प्रमुख शहरहरुमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरी व्यवस्थित शहरीकरण तथा वातावरणीय सुधारको कार्यक्रम सञ्चालन गर्ने आयोजनाको मुख्य उद्देश्य अनुरूप ३ स्थानको घनावस्तीको सम्भाव्यता अध्ययन, स्थानीय निकायको सहकार्यमा ६ नगरपालिकाहरुको सडक ढल संजाल योजना तर्जुमा एवं ५ नगरपालिकामा सडक, ढल, पेटी निर्माण सुधार गर्ने र नयाँ नेपाल निर्माण अभियान अन्तर्गत सघन शहरी विकास कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा विभिन्न स्थानको शहरी क्षेत्रमा शहरी पूर्वाधार तथा वातावरणीय सुधारको कार्य संपन्न भएको थियो भने ३ वटा नमूना शहर र ११ नमूना गाउँको विस्तृत भौतिक विकास योजना तयार भएको थियो । ३ जिल्लामा एकीकृत घनावस्तीको संभाव्यता अध्ययन गरिएको र गत आर्थिक वर्षमा घनावस्ती सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार हुम्ला र कालीकोटमा योजना कार्यान्वयन गरिएको थियो । यसै अन्तर्गत सहस्राब्दी विकास लक्ष्य अध्ययन, स्थानीय निकायको सहकार्यमा ५ नगरपालिकाको सडक तथा ढल संजाल योजना तर्जुमा, पूर्वाञ्चलको इटहरी नगरपालिका र सुदूर पश्चिमान्चलको अत्तरिया क्षेत्रमा व्यवस्थित शहरीकरण गरी भौतिक पूर्वाधार विकास तथा वातावरणीय सुधार कार्यक्रम सञ्चालन, प्यूठान जिल्ला स्वर्गद्वारीको गुरुयोजना तर्जुमा, ४ भन्सार नाका प्रवेशद्वार निर्माणको डिजाइन, सप्तरी जिल्ला खुरहुरिया मलेकपुर ५ स्थित श्री गणेशमानसिंह स्मारक प्रकृति संरक्षण उद्यान परियोजना कार्यान्वयन, श्री गणेशमानसिंह स्मारक फाउण्डेशन र शहीद दर्शन स्मृति परियोजना कार्यान्वयन सञ्चालन आदि कार्य सम्पन्न भएको थियो । साथै, यस आयोजना अर्न्तगत शहरी पूर्वाधार सुधारको कार्यक्रम सञ्चालन गरिएको थियो । सोही अवधिमा विभाग र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको सीप र दक्षता अभिवृद्धि गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन भएको थियो ।

१२.१४० आर्थिक वर्ष २०६५/६६ मा देशका विभिन्न ३२ शहरी क्षेत्रमा शहरी पूर्वाधार तथा वातावरणीय सुधारको कार्यक्रम सञ्चालनमा रहेको छ । नयाँ नेपाल निर्माण अन्तर्गत ५ ठूला शहरी कोरीडोरको पूर्वाधार विकास कार्यक्रम सञ्चालनको क्रममा रहेको छ । गत आर्थिक वर्षमा सुरु गरिएको स्थानीय निकायको सहभागिता एवं सहकार्यमा निर्माणाधीन सडक तथा ढल र सडक पेटी निर्माण कार्य थालनी भएको छ । पूर्वाञ्चलको इटहरी नगरपालिका र सुदूर पश्चिमान्चलको अत्तरिया क्षेत्रमा व्यवस्थित शहरीकरण गरी भौतिक पूर्वाधार विकास तथा वातावरणीय सुधार कार्यक्रम सञ्चालनमा रहेको छ । भारत सरकारको सहयोगमा ४ एकीकृत चेक पोष्ट निर्माणको लागि नेपाल सरकारको तर्फबाट वीरगंज र भैरहवामा जग्गा अधिग्रहण कार्य सम्पन्न भइसकेको छ । U.N. Habitat को लागत सहयोगमा नगरपालिकाहरुमा

Rain Water Harvesting कार्यक्रम अन्तर्गत धरान र इलामका कार्यक्रम सञ्चालन भइरहेको छ। पूर्वाञ्चलको इटहरी क्षेत्रको पूर्वाधार विकास अन्तर्गत तालतलैया क्षेत्र विकास कार्य भइरहेको छ। स्थानीय निकायको सहकार्यमा ३ नगरपालिमामा एकीकृत पूर्वाधार विकास निर्माण सुधार कार्य सञ्चालन भई करिव ७० प्रतिशत प्रगति भएको छ। विभिन्न १३ गाउँ विकास समितिको भौतिक विकास योजना तर्जुमा गरिने कार्यक्रम छ। KOICA र स्थानीय निकायको सहकार्य र समन्वयमा २ नगरपालिकामा Eco City कार्यक्रम सञ्चालन र भू.पू प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको आश्रममा अतिथि गृह तथा मन्दिर निर्माण कार्य थालनी भएको छ।

शहरी तथा वातावरण सुधार आयोजना

१२.१४१ नगरपालिकाहरुको संस्थागत क्षमता विकास तथा स्थानीय स्रोत परिचालन गरी नगरको वातावरणीय तथा भौतिक पूर्वाधारहरुको विकास गर्ने, विकेन्द्रीकरणलाई बढावा दिने, गरीबी निवारणमा टेवा पुऱ्याउने तथा काठमाडौ उपत्यका र सोभन्दा बाहिरका शहरहरु बीचको असमानता हटाई दिगो शहरी विकास गर्ने उद्देश्यले मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतका ९ वटा नगरपालिकाहरु (धुलिखेल, भरतपुर, हेटौडा, बनेपा, रत्ननगर, पनौती, विदुर, कमलामाई र काठमाडौ महानगरपालिका) मा आर्थिक वर्ष २०६०/६१ देखि ६ वर्ष भित्रमा सम्पन्न गर्ने गरी एसियाली विकास बैंकको ऋण सहयोग तथा उपभोक्ताको सहभागितामा आयोजना सञ्चालन हुदै आएको छ।

१२.१४२ आर्थिक वर्ष २०६४/६५ मा केन्द्रमा रहेको आयोजना समन्वय कार्यालयले परामर्शदाताबाट जम्मा ५४.६५ व्यक्ति महिना परामर्श सेवा प्राप्त गऱ्यो। पहिलो समूहमा काम सुरु भएका धुलिखेल, भरतपुर र हेटौडा नगरपालिकाहरुमा परामर्शदाताहरुबाट विभिन्न सहायक परियोजनाहरुको विस्तृत डिजाइनको काम करीब ९५ प्रतिशत सम्पन्न भएको थियो। धुलिखेल नगरपालिका सडक सुधार र सार्वजनिक शौचालय निर्माणको काम सम्पन्न भएको छ। शहरी नक्सा तयार गर्ने, ढल प्रणाली निर्माण र सामुदायिक विकास कार्यक्रमको क्रमश ८० प्रतिशत, १० प्रतिशत र १० प्रतिशत काम सम्पन्न भएको थियो। भरतपुर नगरपालिकामा शहरी नक्सा, खानेपानी आयोजना, जग्गा एकीकरण आयोजना, नदी नियन्त्रण, बसपार्क र सामुदायिक विकास कार्यक्रमहरुको क्रमश ९० प्रतिशत, ३० प्रतिशत, ६५ प्रतिशत, ९५प्रतिशत, ७८ प्रतिशत, र ५५ प्रतिशत काम सम्पन्न भएको थियो। हेटौडा नगरपालिकामा बसपार्क निर्माण, शहरी नक्सा, सार्वजनिक शौचालय र नदी नियन्त्रण कार्यहरु सम्पन्न भएको थियो भने ढल निर्माण ढल प्रशोधन केन्द्र निर्माण, खानेपानी आयोजना र सामुदायिक विकास कार्यक्रमहरुको क्रमशः ७५ प्रतिशत, ५५ प्रतिशत, १७ प्रतिशत र ५५ प्रतिशत काम सम्पन्न भएको थियो। दोस्रो र तेस्रो समूहका नगरपालिकाहरु बनेपा, रत्ननगर, पनौती, विदुर, कमलामाई र काठमाडौ महानगरपालिकाहरुमा विभिन्न परियोजनाहरुको विस्तृत डिजाइन सम्पन्न भई निर्माण कार्यको लागि ठेक्का पट्टा गर्ने प्रक्रियामा रहेको छ। सो आर्थिक वर्षमा नगरपालिकाहरुको संस्थागत क्षमता विकास

तथा स्थानीय स्रोत परिचालनमा टेवा पुऱ्याउन त्यहाँका ५ सय कर्मचारी र जनप्रतिनिधिहरुलाई विभिन्न तालिमहरु प्रदान गरिएको थियो ।

१२.१४३ आर्थिक वर्ष २०६५/६६ मा यस आयोजना अन्तर्गतका भरतपुर नगरपालिकामा बसपार्क निर्माण जग्गा एकीकरण आयोजना, खानेपानी आयोजना, ढलप्रणाली सुधार तथा ढल प्रशोधन केन्द निर्माण, तरकारी बजार, चोक सुधार र सामुदायिक विकास कार्यक्रमहरु सञ्चालनमा रहेका छन् भने ८ वटा नगरपालिकाहरुमा समेत यस्तै कामहरु भइरहेका छन् । समग्रमा चालू आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म भरतपुर ६५ प्रतिशत, हेटौडा ७२ प्रतिशत, धूलिखेल ६५ प्रतिशत, बनेपा ४१ प्रतिशत, पनौती ४२ प्रतिशत, रत्ननगर ४३ प्रतिशत, कमलामाई ५८ प्रतिशत, विदुर ५० प्रतिशत र काठमाडौ महानगरपालिकाको विष्णुमती लिंकरोड निर्माण कार्यको ४० प्रतिशत काम सम्पन्न भएको छ ।

बाहिरी चक्रपथ विकास आयोजना

१२.१४४ आर्थिक वर्ष २०६१/६२ देखि सुरु भएको यस आयोजना अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा सण्डोलदेखि थलि डाँछीसम्म ५ कि.मि., सतुङ्गलदेखि चोभार ८ कि.मी र भक्तपुर क्षेत्रको भाते ढिकुरोदेखि थली डाँछिसम्म १०.५ कि.मि. गरी जम्मा २३.५ कि.मि. को जग्गा विकास कार्यक्रमको विस्तृत योजना प्रतिवेदनको अन्तिम प्रतिवेदन स्वीकृत भएको थियो । श्रृजनानगर देखि दधिकोट सम्मको ३.५ कि.मि. चक्रपथको अन्तिम प्रतिवेदनमा परिमार्जनको लागि सुझाव पेश गरिएको थियो । बाहिरी चक्रपथको पूर्वी क्षेत्रलाई जोडने लिङ्क रोडको रूपमा प्रस्तावित नयाँ ठिमी देखि गोठाटार जोरपाटी हुंदै जगडोलसम्मको ६.२५ कि.मि. सडकको रेखांकन यकिन गरी विस्तृत योजना तर्जुमा गर्ने कार्यको लागि परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको थियो ।

१२.१४५ आर्थिक वर्ष २०६५/६६ को पहिलो ८ महिनामा जग्गा विकास आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्ने कार्यमा चोभार (खोकना) देखि हरिसिद्धिसम्मको अन्तरिम प्रतिवेदन प्राप्त भएको छ । चोभारदेखि सतुंगलसम्मको जग्गा एकीकरणका लागि उपभोक्ता समूहहरु गठन गरी जग्गा एकीकरण ऐन अनुसार सहमति जुटाउने कार्य भइरहेको छ । बाहिरी चक्रपथको वातावरणीय/सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यको ड्राफ्ट रिपोर्ट प्राप्त भई उपत्यकाका ३ जिल्लाहरुका लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । बाहिरी चक्रपथ निर्माण गर्न ठूलो क्षेत्रमा जग्गा एकीकरण कार्य सञ्चालन गर्नु पर्ने भएको हुंदा त्यस कार्यमा सहजता ल्याउन जग्गा एकीकरण कार्यको विस्तृत सफ्टवेयर विकास गर्न परामर्शदाता छनौट भई सम्झौता गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । चोभार-सतुंगल क्षेत्रमा बाहिरी चक्रपथ सडकको ५० मिटर भित्र पर्ने पूर्व निर्मित घर, टहरा आदि संरचना भत्काई मुआब्जा प्रदान गर्नुपर्ने हँदा सोको लागि यस आयोजनाका प्राविधिक टोलीबाट फिल्ड सर्वेक्षण भएको छ । साथै, यस क्षेत्रमा ५० मिटर बाहिरी चक्रपथको १४.५ मिटर दायाँ बायाँ सर्भिस ट्रयाक निर्माण गर्न फिल्ड सर्वेक्षण कार्य भइरहेको छ । चालू आर्थिक वर्षमा

बाहिरी चक्रपथले काठमाडौं उपत्यकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधारमा पार्ने प्रभाव बारे अध्ययन कार्य सुरु गरिएको छ भने त्यस कार्यको लागि परामर्शदाता छनौट गर्ने प्रक्रियामा रहेको अवस्था छ। बाहिरी चक्रपथ क्षेत्रको श्रव्य दृश्य सामग्री तयार गर्ने कार्य पनि सुरु भइसकेको छ।

भवन निर्माण संहिता, सरकारी भवन निर्माण

१२.१४६ यस कार्यक्रम अन्तर्गत भवन निर्माण संहिता तयार गरी यसको कार्यान्वयन गर्ने, सरकारी भवन निर्माण गर्ने तथा मौजूदा सरकारी भवनहरुको अवस्था समेत देखिने गरी सरकारी भवनको अभिलेख संकलन गर्ने र वैकल्पिक निर्माण सामग्रीको पहिचान तथा दैवी प्रकोप एवं भूकम्पीय प्रभावबाट सुरक्षित र किफायती भवनहरुको निर्माण गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको पुस्तकालय, म्युजियम र लाइब्रेरीको निर्माण कार्य,स्याङ्जाको पुतली बजारमा स्थानीय निकायसँग सहकार्य गरी सभागृह तथा म्याग्दीमा कभर्ड हल निर्माण, विभिन्न १२ स्थानमा सामुदायिक/सत्संग भवन निर्माण, खोटाङ-सिन्धुपाल्चोकको ऐंसेलुखर्क, तनहुँको व्यास र सुर्खेतमा गरी जम्मा ४ स्थानमा दलित छात्रावास भवन निर्माण, ताप्लेजुङको हाङपाङमा जनजाति भवन निर्माण, ४ स्थानमा सरकारी भवन निर्माण, काठमाडौंको रामहिटीमा साहित्यसदन एवं धनुषामा नाट्शाला र वाग्लुङमा कभर्ड हल निर्माण, दाङको तैरेतेमा वृद्धाश्रम निर्माण जस्ता कार्यहरु निर्माणाधीन थिए। सरकारी/सामुदायिक भवनको प्रबलीकरण कार्य सञ्चालनमा रहेको थियो। सरकारी भवन अभिलेख अद्यावधिक गर्ने कार्यको निरन्तरता कायम रहेको, Lutheran World Service र स्थानीय निकायको सहभागितामा २ हजार २ सय ५० जना कालीगढहरुलाई सुरक्षित र किफायती भवन निर्माण सम्बन्धी तालिम प्रदान गरिएको, प्राविधिक तथा साना निर्माण व्यवसायीहरुलाई अन्य तालिम उपलब्ध गराइएको, भूकम्प सुरक्षा दिवस मनाइएको, भवन संहिता एवं भवन निर्माण निर्देशिका छपाइ एवं वितरण भएको, निर्माण सामग्रीको क्याटलगहरुको अभिलेख परिमार्जन गर्ने कार्य भएको थियो। नयाँ निर्माण सामग्री र प्रविधिको आधारमा निर्माण कार्यको पहिचान र सोको स्पेसिफिकेसन नर्मस तयार गर्ने, Rain Water Harvesting तालिम सञ्चालन गर्ने आदि कार्य गरिएको थियो।

१२.१४७ आर्थिक वर्ष २०६५/६६ मा पनि महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको पुस्तकालय, म्यूजियम र लाइब्रेरीको निर्माण कार्यमा निरन्तरता रहेको, शहरी विकास तथा भवन निर्माण विभागको कार्यालय भवन, म्याग्दीको कभर्ड हल, सुर्खेतको दलित छात्रावास भवन, स्याङ्जाको सभागृह, काठमाडौंको लेखनाथ साहित्य सदन, सिन्धुपाल्चोक ऐंसेलुखर्कको दलित छात्रावास भवन, ताप्लेजुङ हाङपाङको जनजाति छात्रावास भवन, भू.पू. प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराई आश्रममा मन्दिर, अतिथि गृह, पुस्तकालय तथा सुरक्षागार्ड आवास निर्माण कार्यलाई निरन्तरता दिइएको छ। यस्तै गरी, विभिन्न ४२ वटा सामुदायिक भवन निर्माण, पाँचथरको दिङदेनमा जनभवन निर्माण, झापामा लेखनाथ पुस्तकालय भवन निर्माण, काठमाडौं विष्णुमती

लिङ्करोडमा संघाराम विहार निर्माण, काडमाडौंमा २ वटा सांस्कृतिक भवन निर्माण, गुल्मी अर्जे पोखरावारीमा दलित छात्रावास भवन निर्माण एवं ४ वटा कार्यालय भवनको निर्माण कार्य सुरु भई औसतमा ४० प्रतिशत प्रगति भएको छ। काठमाडौं रामहिटी साहित्य सदनको भवन निर्माण लक्ष्य अनुसार सम्पन्न गर्ने गरी कार्य भइरहेको छ। २ वटा सरकारी/सामुदायिक भवन प्रबलीकरण गर्ने कार्यक्रम रहेकोमा क्षेत्रपाटी क्लिनिकमा कार्यक्रम सञ्चालन भइरहेको छ। नयाँ नेपाल निर्माण अभियान अन्तर्गत सुकुम्वासी र भूमिहीनलाई व्यवस्थित बसोबास कार्यक्रमको लागि आवास भवनको प्रारम्भिक डिजाइन तयार भइरहेको छ। राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने क्रममा स्थानीय निकायको सहभागितामा १ हजार ३ सय ५० जना कालिगढहरुलाई सुरक्षित र किफायती भवन निर्माण सम्बन्धी तालिम उपलब्ध गराइने तथा विभाग र स्थानीय निकायका इन्जिनियर, सवइन्जिनियर तथा साना निर्माण व्यावसायीहरुलाई विभिन्न तालिम दिने कार्यक्रम रहेकोमा १ हजार ५० जना कालिगढलाई उक्त तालिम प्रदान गरिएको छ। भवन निर्माण निर्देशिका एवं क्याटलगहरु छपाई गर्ने, ५ जिल्लामा स्थानीय सीप र सामग्री प्रयोग गरी बनाइएका पुराना ऐतिहासिक भवनहरुको अध्ययन तथा भवन संहिता परिमार्जन गर्ने, भूकम्प सुरक्षा दिवस मनाउने, विभिन्न नर्मस् र स्पेसिफिकेसन तयार गर्ने कार्यक्रम रहेको छ। सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका भवनहरुको भूकम्प प्रतिरोधात्मक क्षमताको मूल्याङ्कन गर्न परामर्शदाता नियुक्ति भएको छ।

विराटनगर चक्रपथ आयोजना

१२.१४८ विराटनगर उप-महानगरपालिकामा बढ्दो जनसंख्याको कारणले उक्त उप-महानगरपालिका र आसपासका गाउँ विकास समितिहरुमा तीव्ररूपमा बस्तीहरु विस्तार भई पैदल यात्री र सवारी साधनको चाप बढ्न गएको हुँदा जग्गा एकीकरण प्रक्रियाको माध्यमबाट चक्रपथ अधिकार क्षेत्र (Right of Way) को लागि आवश्यक पर्ने जग्गाको व्यवस्था गरी करिव ३० कि.मि. लम्वाइको चक्रपथको दुवैतर्फ करिव १ सय ८२ मिटर क्षेत्रमा योजनावद्ध तथा व्यवस्थित सहरी विकासको नमूनाको रूपमा चक्रपथ विकास गर्ने यस आयोजनाको मुख्य उद्देश्य रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा जग्गा विकासको माध्यमबाट ३० कि.मि. लम्वाइको चक्रपथ निर्माणको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने र सडक रेखाङ्कन गरी कच्ची बाटो निर्माण गर्ने कार्य सम्पन्न गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा जग्गा विकासको माध्यमबाट करिव ३० कि.मि. लम्वाइको चक्रपथको एक खण्डको विस्तृत योजना प्रतिवेदन (DPR) तयारी भएको छ। गत आर्थिक वर्षमा निर्माण सुरु भएको सडक रेखाङ्कन गरी कच्ची सडक निर्माण र नयाँ सडक रेखाङ्कन तथा निर्माण कार्यको दोश्रो चौमासिक अवधिमा ९३.३३ प्रतिशत प्रगति भएको छ।

नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल)

१२.१४९ नयाँ नेपाल निर्माण अभियान अन्तर्गत नगरपालिका नभएका जिल्ला सदरमुकामको एकीकृत पूर्वाधार विकास, नमुना गाउँ विकास समितिको योजना अनुसार पूर्वाधार

विकास, रोल्पा जिल्लाको थवाङ नमूना एकीकृत वस्ती विकास एवं घनावस्ती कार्यक्रमको माध्यमबाट छरिएर रहेका बस्तीहरुलाई उपर्युक्त ठाउँमा एकीकृत गरी एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा त्यस अघि अध्ययन सम्पन्न भएका ५ जिल्लामा घनाबस्ती कार्यक्रम सञ्चालन गरी एकीकृत पूर्वाधार विकासका कार्य सञ्चालनमा रहेका छन्। ४ स्थानमा नमूना गाउँ अध्ययन प्रतिवेदन कार्यान्वयन एवं १२ स्थानमा नमूना गाउँ विकास समितिको योजना अनुसार पूर्वाधार विकास गर्ने कार्यक्रम रहेकोमा दोश्रो चौमासिक अवधिसम्ममा करिव ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। रोल्पा जिल्लाको थवाङ नमूना एकीकृत बस्ती विकास कार्यक्रमको साथै नगरपालिका नभएका १० जिल्ला सदरमुकामहरुको एकीकृत पूर्वाधार विकास कार्य गर्ने कार्यक्रम रहेकोमा दोश्रो चौमासिक अवधिमा ८०.६२ प्रतिशत प्रगति भएको छ।

गणतन्त्र स्मारक

१२.१५० नयाँ नेपाल निर्माण अभियान अन्तर्गत आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा "जनताको अदम्य साहस र बलिदानी संघर्षबाट सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको दिनलाई चिरस्मरणीय गराउन नारायणहिटी परिसरभित्र विशिष्ट ढाँचाको गणतन्त्र प्रतिमूर्ति (Statue of Republic) निर्माण गरिनेछ" भनी उल्लेख भए बमोजिम नेपालको राष्ट्रिय एकता र अखण्डताको परिचायक तथा ऐतिहासिक जनआन्दोलनको उपलब्धिको प्रतिकको रूपमा एक राष्ट्रिय महत्वको चिन्ह निर्माण गर्ने कार्यक्रमको उद्देश्य रहेकोमा कार्यक्रम कार्यान्वयन गर्नको लागि साधन विनियोजन भएको छ। यस आर्थिक वर्षमा उक्त गणतन्त्र स्मारकको अवधारणा प्रारूप तयार गरी स्वीकृत प्रारूप अनुसारको स्मारक निर्माण गर्ने कार्यक्रम रहेकोमा दोश्रो चौमासिक सम्ममा डिजाइन प्रतिस्पर्धाको लागि प्राप्त बोलपत्र मूल्याङ्कन गर्न समिति गठन भई बोलपत्र पेश गर्ने क्रममा रहेको छ।

खानेपानी तथा ढल निकास

खानेपानी तथा सरसफाइ

१२.१५१ देशको समग्र विकास र उन्नतिको लागि स्वस्थ जनशक्तिको विकास अपरिहार्य रहेकोले जनतालाई सुगमरूपमा खानेपानी तथा सरसफाइ सेवाहरु उपलव्ध गराउन नयाँ खानेपानी तथा सरसफाइ आयोजनाहरुको निर्माणका साथसाथै विद्यमान सेवा सुविधाको स्तरबृद्धि गर्ने एवं खानेपानी, सरसफाइ तथा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्ने विगतको नीतिलाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइएको छ। क्रमागत आयोजना तथा तत्काल प्रतिफल दिने साना र सरल प्रविधिमा आधारित आयोजना सकेसम्म छिटो सम्पन्न गर्न र सञ्चालनमा रहेका आयोजनाको दिगो सञ्चालन तथा सम्भारको साथसाथै सेवा तथा गुणस्तर अभिबृद्धि गर्न उपभोक्ता वर्गको अग्रगामी नेतृत्व तथा साझेदारीलाई अनिवार्य गरिएको छ। आर्थिक वर्ष २०६४/६५ मा खानेपानी तथा ढल निकास विभाग अन्तर्गत जिल्लास्तरमा

सञ्चालित ५ सय २७ आयोजना मध्ये १ सय २६ आयोजना सम्पन्न गरी थप ४ लाख ८० हजार जनतालाई सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा १ सय आयोजना सम्पन्न भई थप २ लाख ९१ हजार जनतालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध भएको थियो। त्यस्तै, खानेपानी गुणस्तर सुधार आयोजनाबाट ५ वटा आयोजनामा गुणस्तर सुधार कार्य सम्पन्न गर्ने लक्ष्य राखिएकोमा ३ वटा आयोजनामा सुधार कार्य सम्पन्न गरी ३९ हजार ६ सय जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराइएको थियो। आर्थिक वर्ष २०६५/६६ मा खानेपानी तथा ढल निकास विभाग अन्तर्गत केन्द्रस्तरका ११ आयोजना कार्यान्वयनमा रहेका छन् भने जिल्लास्तरमा सञ्चालित क्रमागत तथा नयाँ ६ सय ४४ आयोजना मध्ये १ सय आयोजना सम्पन्न गरी थप करिव ३ लाख ६० हजार जनतालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा हालसम्म १२ वटा आयोजनाहरु सम्पन्न भई उपभोक्ता समितिहरुलाई हस्तान्तरण समेत भइसकेको छ।

१२.१५२ समुदायमा आधारित सामुदायिक खानेपानी तथा सरसफाइ आयोजनाबाट कार्यान्वयनमा रहेका ६ सय ९० मध्ये १ सय ६ वटा आयोजना सम्पन्न गरी १ लाख २६ हजार जनतालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा हालसम्म ७ वटा आयोजना सम्पन्न गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण समेत गरिसकिएको छ। आयोजनाहरुको समग्र कार्यान्वयन प्रगतिलाई हेर्दा आर्थिक वर्षको अन्त्यसम्म लक्ष्य अनुसारको प्रगति हासिल हुन सक्ने देखिन्छ। खानेपानी गुणस्तर सुधार आयोजनाबाट १० वटा प्रणालीहरुमा पानी प्रशोधन प्रणाली निर्माण भइरहेको र चालू आर्थिक वर्षमा ५ वटा सम्पन्न गर्ने लक्ष्य राखिएकोमा हालसम्म ६ वटा प्रशोधन प्रणाली निर्माण सम्पन्न भइसकेको छ र आर्थिक वर्षको अन्त्यसम्म अर्को एउटा प्रणाली समेत सम्पन्न हुनेछ। साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट कार्यान्वयनमा रहेका बाँकी १० नगर आयोजना सम्पन्न हुने स्थितिमा रहेका छन्। यी नगर आयोजना यसै आर्थिक वर्षभित्र सम्पन्न गरी थप १ लाख ९१ हजार ९ सय ९३ जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध हुनेछ। सरसफाइ प्रबर्द्धनको लागि सरोकारवाला संस्थाहरुसँगको साझेदारी र सहकार्यमा विद्यालय/समुदायको अगुवाइमा पूर्ण सरसफाइ, मल चर्पी (eco-san) को विस्तार आदि कार्यहरु भइरहेका छन्। कम्तिमा ७५ समुदायलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्यसाथ अभियानकारूपमा यसै आर्थिक वर्षबाट अगाडि वढाइएको सरसफाइ कार्यक्रमवाट हालसम्म १८ गाउँ विकास समिति, २ सय विद्यालय क्षेत्र र १ सय ५० समुदाय खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेका छन्। नेपाल सरकार र वैदेशिक सहयोग अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना र सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन भइरहेका छन्। अन्य वैदेशिक सहयोग उपलब्ध गराउने निकायहरुमा युनिसेफ, विश्व स्वास्थ्य सङ्गठन, UN Habitat र स्वीस सरकार रहेका छन्।

खानेपानी आयोजनाहरु

१२.१५३ खानेपानी तथा सरसफाइ सेवा विस्तार र दिगो सञ्चालनका लागि सरकारी प्रयासमात्र पर्याप्त नहुने हुँदा उपभोक्ता समुदाय, स्थानीय निकाय, गैरसरकारी संघ संस्था र निजी क्षेत्रको संलग्नता समेतलाई प्रोत्साहन गर्न सामुदायिक व्यवस्थापनको नीति अवलम्वन गरिएको छ। सामुदायिक व्यवस्थापनलाई सुनिश्चित गर्न आयोजना कार्यान्वयनमा लाग्ने कुल खर्चको कम्तिमा २० प्रतिशत रकम उपभोक्ता समुदायले व्यहोर्नु पर्ने र निर्माण सम्पन्न भएपछि आयोजना सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ। सामाजिक तथा आर्थिकरूपले विपन्न वर्ग/समुदायको हकमा सो रकम १० प्रतिशत मात्र हुने नीति अवलम्बन गरिएको छ। खानेपानी सुविधाबाट अपेक्षित लाभ सुनिश्चित गर्न सरसफाइ तथा स्वास्थ्य शिक्षालाई खानेपानी सुविधाको अभिन्न अंगको रूपमा विकास गर्न निश्चित रकम छुट्याउने व्यवस्था गरिएको छ। मानव विकासको सूचकाङ्कको आधारमा पछि परेका जिल्लाहरुमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा विकास तथा विस्तारका लागि समुदायमा आधारित खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गरिएको छ। शहरी तथा नगरोन्मुख क्षेत्रमा लागत उठ्ती (Cost Recovery) सिद्धान्तमा पानीको गुणस्तर तथा सेवास्तर अभिबृद्धि गर्ने आयोजना कार्यान्वयन गरिएका छन्। सरसफाइतर्फ, विगतमा सम्पन्न गरिएका आयोजनाहरुमा सरसफाइलाई खानेपानीसँग आबद्ध नगरिएकोले खानेपानी सेवाको तुलनामा सरसफाइ सेवाको विस्तार हुन नसकेको अवस्थालाई ध्यानमा राखी यसै आर्थिक वर्षबाट सरसफाइ कार्यक्रमलाई पनि छुट्टैरूपमा कार्यान्वयन गर्न सुरु गरिएको छ। समुदाय, विद्यालय क्षेत्र, गाउँ विकास समिति तथा जिल्लालाई खुला दिसा मुक्त (Open Defecation Free) क्षेत्रको रूपमा विकास तथा विस्तार गर्ने अवधारणाबाट सञ्चालित पूर्ण सरसफाइ कार्यक्रम समुदाय तथा विद्यालयहरुको अगुवाइ तथा व्यवस्थापनमा कार्यान्वयन गरिएका छन्। आयोजनाको सुरुदेखि सम्पन्न नभएसम्म कार्यान्वयनको हरेक पक्षमा उपभोक्ता समितिको सक्रिय सहभागिता रहने र उपभोक्ता समिति मार्फत नै निर्माण कार्यहरु गरिने भएकोले सम्पन्न भए पश्चात उपभोक्ता समितिले आयोजना बुझिलिई सहजरूपमा नियमित सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ। आयोजना सञ्चालन तथा व्यवस्थापनमा उपभोक्ताहरुको व्यावसायिकता, ज्ञान तथा दक्षता वृद्धि हुँदै गइरहेकोले शहरी तथा नगरोन्मुख क्षेत्रका ठुला आयोजनाहरु समेत उपभोक्ता समितिहरुबाट सफलतापूर्वक सञ्चालन भइरहेका छन्।

साना शहरी खानेपानी तथा सरसफाइ आयोजना

१२.१५४ यस आयोजना अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा सञ्चालित २१ आयोजना मध्ये १५ आयोजना सम्पन्न गरी थप ३ लाख २० हजार जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य राखिएकोमा ११ आयोजना सम्पन्न गरी २ लाख ६० हजार जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलव्ध भएको

थियो । साथै, सोही अवधिमा झापा, मोरङ्ग, महोत्तरी, चितवन, बांके, बर्दिया र दाङ्गमा खानेपानीको लागि प्रयोगमा रहेका ३ लाख ५० हजार स्यालो टयूववेलमा आर्सेनिक परीक्षण सम्पन्न गरिने लक्ष्य रहकोमा ४ लाख ३० हजार स्यालो टयूववेलमा आर्सेनिक परीक्षण कार्य सम्पन्न गरिएको थियो । सरसफाइतर्फ ३० हजार जति घरायसी चर्पी निर्माण हुनुका साथै ५ वटा गाउँ विकास समितिको क्षेत्र र ५० वटा भन्दा बढी विद्यालयको क्षेत्र खुला दिशामुक्त क्षेत्र घोषणा गरिएका थिए । खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्न देशका सम्पूर्ण गाउं विकास समिति तथा नगरपालिकाहरुको खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको थियो ।

१२.१५५ आर्थिक वर्ष २०६५/६६ मा यस आयोजनाबाट कार्यान्वयनमा रहेका बाँकी १० नगर आयोजना समेत सम्पन्न गरी एशियाली विकास बैंकको ऋण सहायतामा सञ्चालित यस आयोजना पूर्णरूपमा सम्पन्न गरिने छ । यस आयोजनाबाट समग्ररूपमा २९ नगर आयोजना कार्यान्वयन गरी कुल ५ लाख १० हजार १ सय ३३ जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध भएको छ । यी नगर आयोजनाहरुबाट हालसम्म ४० हजार ५ सय ७४ निजी धारा वितरण गरिसकिएको छ भने आयोजना क्षेत्रमा करिव १७ कि.मि. वर्षातको पानी निकासको ढल र ५६ वटा सार्वजनिक शौचालय सहित १७ हजार ९ सय ४० घरमा पक्की शौचालय निर्माण सम्पन्न गरिएको छ । पानी मिटर calibration तथा खानेपानीको गुणस्तर परीक्षणका लागि प्रत्येक विकास क्षेत्रमा एक/एक वटा प्राविधिक सहयोग केन्द्र स्थापना गरिएका छन् । जापान सरकारको गैर-आयोजना अनुदान सहायता २००४ बाट पाल्पाको तानसेन खानेपानी आयोजनामा भुल्के मुहानबाट पानी तान्न प्रयोगमा रहेका करिव ३० वर्ष पुराना १५ वटा पानी पम्प र इलेक्ट्रिकल उपकरण पूर्णरूपमा प्रतिस्थापन गरिसकिएको छ र वितरण प्रणालीमा सुधारको कार्य भइरहेको छ । यसबाट तानसेन नगरमा खानेपानी सेवा नियमित र भरपर्दो हुनेछ ।

काठमाडौ उपत्यका खानेपानी तथा सरसफाई कार्यक्रम

१२.१५६ खानेपानी उत्पादन बृद्धि कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६४/६५ मा उपत्यका भित्र जम्मा ५ वटा टयूबवेल निर्माण गर्ने लक्ष्य रहेकोमा ६ वटा ट्यूबवेल निर्माण गरी दैनिक करिव ६० लाख लिटर पानी थप गर्ने कार्य सम्पन्न भई लक्ष्यभन्दा बढी प्रगति भएको थियो । ग्वालिन्दह खानेपानी आयोजना अन्तर्गत स्थानीय बासिन्दाको लागि खानेपानी सुविधा पुऱ्याउने कार्य शतप्रतिशत पूरा भएको थियो । काठमाडौ उपत्यका भित्र खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा विभिन्न साइजका १६ कि.मि. पाइप लाइन विस्तार तथा १.७ कि.मि. ढल पाइप विस्तारको कार्यक्रम रहेकोमा शतप्रतिशत कार्य सम्पन्न भएको थियो । उक्त कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा काठमाडौ उपत्यकाभित्र उत्पादन, वितरण, गुणस्तर ढल सेवा तथा व्यवस्थापकीय सुधारको लागि ADB ऋण सहयोग अन्तर्गत सञ्चालित आयोजनामा २०६५ फागुन मसान्तसम्म जम्मा ३० प्रतिशत मात्र काम

सम्पन्न भएको छ भने नेपाल सरकारको बजेटतर्फ सुख्खा मौसम पानी वितरण कार्यक्रममा शतप्रतिशत प्रगति भएको छ। ग्वालिन्दह खानेपानी कार्यक्रममा चालू आर्थिक वर्षको लक्ष्यमध्ये २० प्रतिशत काम सम्पन्न भएको छ। विभिन्न ठाउँमा टयूववेलहरु पुर्नर्निर्माण गर्ने काममा ५० प्रतिशत लक्ष्य हासिल भएको छ। यस कार्यक्रम अन्तर्गत ४ वटा टयूववेल पुनर्स्थापना गर्ने लक्ष्य रहेकोमा ५ वटा ट्युववेलको लागत अनुमान भई टेण्डरको प्रक्रियामा रहेको छ। विभिन्न ठाउँका बिग्रिएका पाइप लाइन सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत काम सम्पन्न भएको छ। उत्पादन तथा वितरण क्षमता सुधार तथा खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गतका काममा ३० प्रतिशत प्रगति भएको छ।

शहरी खानेपानी प्रणाली

१२.१५७ देशभरिका शहरी खानेपानी प्रणालीलाई अझ बढी चुस्त र प्रभावकारी बनाउन शहरी खानेपानी प्रणालीहरुमा भइरहेको चुहावट नियन्त्रण गर्नुका साथै खानेपानी प्रणालीलाई सुदृढ बनाउने कार्यक्रम रहेको छ। काठमाडौ उपत्यकाको खानेपानीको दीर्घकालीन समाधानको रुपमा मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी आपूर्ति नभएसम्मको अवधिमा खानेपानीको बढ्दो मागलाई केही हदसम्म पूरा गर्न ४ महिनाको लागि मात्र उपत्यकाभित्र सतह स्रोतबाट ३ करोड लिटर र भूमिगत स्रोतबाट ३ करोड २० लाख लिटर थप खानेपानी उत्पादन गरी खानेपानी सुधार गर्न काठमाडौ उपत्यका खानेपानी लिमिटेडले प्रस्ताव गरेको कार्य योजना काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले बजेट व्यवस्थापनका लागि भौतिक योजना तथा निर्माण मन्त्रालयमा पेश भइसकेको छ। दैनिक उत्पादन वर्षादमा १५ करोड लिटर र हिउदमा ९.७ करोड लिटर रहेको र प्रतिदिन माग २८ करोड लिटर रहेकोले माग र आपूर्तिको अन्तर बढिरहेको अवस्था छ। मेलम्ची आयोजना सम्पन्न हुन करिव ५ वर्ष लाग्ने भएकोले सो अवधि अगाडि खानेपानीको वैकल्पिक व्यवस्था गर्न काठमाडौ उपत्यका खानेपानी लिमिटेड र काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले प्रस्ताव गरेको "प्रि-मेलम्ची" आयोजना कार्यान्वयन हुनु अपरिहार्य भएकोले भौतिक योजना तथा निर्माण मन्त्रालयमा सोको विस्तृत योजना पेश भइसकेको छ। धोवीधारा ललितपुरमा करिव ५ सय ८४ रोपनी जमिनमा प्रस्ताव गरिएको ३२ करोड लिटर भण्डारण गर्ने क्षमता भएको **Rain Water Harvesting** खानेपानी आयोजना समेत उचित देखिन आएकोले काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा योजना कार्यान्वयनको लागि पेश गरेको छ। आर्थिक वर्ष २०६५/६६ को खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत पोखराको १२.२ कि.मि. लम्बाइको मर्दी मुहानदेखि विन्ध्यवासिनीसम्म २० इन्चको जि. आई. पाइपलाइन विछ्याउने कार्य प्रारम्भ भई फागुन मसान्तसम्म ३० प्रतिशत प्रगति रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०६५/६६ को खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत वनेपा, बुटवल, भैरहवा, नेपालगञ्ज, भद्रपुर, राजविराज, लाहान, भरतपुर, महेन्द्रनगर, धनगढी, कलैया, कृष्णनगर, तौलिहवा र गौरमा ४ कि.मि. पाइपलाइन विस्तार सुधार मध्ये ५० प्रतिशत कार्य सम्पन्न भएको छ। जनकपुर र धनगढीमा दुई वटा नयाँ डिप

टयूववेल मध्ये ४० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। मुहान/डिप टयूववेल पुनर्निर्माण मध्ये १८ वटा मुहान (सतह स्रोत) हरुको ४० प्रतिशत कार्य सम्पन्न भएको तथा १६ वटा डिप टयूववेलको ५० प्रतिशत कार्य सम्पन्न भएको छ। त्यसैगरी, बनेपा, धरान, विराटनगर, जनकपुर, जलेश्वर, मलंगवा, विरगञ्ज, हेटौडा, पोखरा, वुटवल, भैरहवा, नेपालगञ्ज, भद्रपुर, राजविराज, लाहान, भरतपुर, महेन्द्रनगर, धनगढी, कलैया, कृष्णनगर, तौलिहवा र गौरको लागि ४६ वटा पम्प सेट खरिद कार्य मध्ये ६० प्रतिशत कार्य सम्पन्न भएको छ।

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास आयोजना

१२.१५८ नयाँ नेपाल निर्माण अभियान अन्तर्गत वागमती नदी र यसका सहायक नदीनालाहरुलाई प्रदूषणमुक्त गरी स्वच्छ बनाउने मुख्य उद्देश्यले नेपाल सकारले अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको गठन, काम, कर्तव्य र अधिकार स्वीकृत गरी यस समिति अन्तर्गत वागमती सभ्यता विकास अभियान सञ्चालन भइरहेको छ। अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति अन्तर्गत वागमती सभ्यता विकास अभियानको लागि चालू आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरिएको छ। यस समिति अन्तर्गत आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनामा वागमती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनावद्ध र प्रभावकारी रुपमा सञ्चालन गर्न एउटा विस्तृत कार्ययोजना तयार गरी सो अनुसार समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्नका लागि उक्त समिति र राष्ट्रिय प्रकृति संरक्षण कोष बीच समझदारी कायम गरी कार्य योजना तयार भएको छ। सुन्दरीजल-गोकर्णखण्डमा स्थानीय जनताको माग अनुसार २०२१ सालको नापी नक्सामा कायम भएको क्षेत्रबाट वागमती नदीको वहाव कायम गरी नदी नियन्त्रण कार्य गर्ने उद्देश्य अनुरुप २०२१ सालको नापी नक्सा अनुसार नदी सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ। उक्त खण्डमध्ये १.५ कि.मि. खण्डको नदी नियन्त्रण कार्यको सर्वेक्षण, डिजाइन र लागत अनुमान तयारी पूरा भएको छ। उक्त निर्माण कार्य नेपाली सेनाबाट गराउन स्वीकृतिको प्रक्रिया अगाडि बढाइएको छ। तिलगंगादेखि मिनभवनसम्म दुवै किनारामा ढल पाइप बिछ्याउने तथा सडक निर्माण गर्ने कार्यको ठेक्कापट्टा स्वीकृति अन्तिम चरणमा छ।

तालिका १.१ : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरण अनुसार)

(प्रचलित मूल्यमा)

रू . करोडमा

औद्योगिक वर्गीकरण	आर्थिक वर्ष								
	२०५७/५८	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५सं.	२०६५/६६प्रा.
कृषि तथा वन	१५३७८.०५	१६३९२.५३	१७०६३.४४	१८३६२.१३	१९६६८.५९	२०८५९.११	२२३५३.५३	२५०८४.१०	२९४५८.१०
मत्स्यपालन	१८४.४०	२१६.४९	२१६.८२	२५०.३६	२६८.२२	३११.३४	३२८.६५	३८२.९०	४२९.५०
खानी तथा उत्खनन्	१८१.७१	२१४.८९	२३१.०४	२५०.६६	२७४.८२	३१३.३६	३४१.६८	३८५.७०	४४०.९०
उद्योग	३८४०.९०	३७७३.६०	३८८२.५६	४१६७.३३	४४८८.४७	४७८४.०३	५२१७.२२	५५९०.००	६१८२.००
विद्युत, ग्याँस तथा पानी	७७४.९६	९१३.७९	११४४.६७	११९७.४४	१२७८.१६	१३१७.१९	१४८४.१३	१५६८.३०	१५८६.५०
निर्माण	२५५८.५४	२८८३.७६	३०९५.५४	३३२५.४३	३६६४.४२	४०९५.२०	४५०९.९०	५१०४.४०	५८४१.२०
थोक तथा खुद्रा व्यापार	६९९२.८४	६४७७.८२	६८६९.५०	७९२१.८६	७९८३.८५	९०२१.४५	९३६८.३०	१०८९३.००	१२४८८.००
होटल तथा रेष्टुराँ	८४५.९०	७१४.२८	७५३.९७	८९४.२५	८८९.४७	९३९.८०	१००४.३०	११६७.००	१३८२.५०
यातायात, संचार तथा भण्डारण	३१४२.४६	३४९५.९२	३९३६.१९	४६२८.३०	५१३३.६४	६१२४.९५	६९१४.००	७४८६.९०	९५२१.८०
वित्तीय मध्यस्थता	११४५.५०	१२२०.२०	१२८६.१०	१३७२.८०	१७३४.२०	२१९७.९०	२८४६.७०	३७९७.२०	४३५७.१०
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	३५२६.७४	३६५२.५३	३८२५.१४	३९९९.०८	४९२४.२०	६००४.२०	७०७९.१०	६८५०.००	७५८७.८०
सार्वजनिक प्रशासन र रक्षा	५२८.८१	७२३.६५	८०७.०३	८०१.८७	९५४.८२	१०९६.७०	१२२२.७०	१४३१.६०	१७८०.३०
शिक्षा	१७३७.२४	२०८२.३३	२४५८.१७	२६३१.३३	३१६७.०६	३४९९.६०	४०५१.७०	४६८६.७०	५४८५.४०
स्वास्थ्य र सामाजिक कार्य	४१७.८४	४६२.६३	५४०.७९	५८२.४५	७०१.७३	७८४.२०	८७६.००	१००९.९०	११९९.९०
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	१२८९.५६	११८०.७८	१२४३.६४	१४१४.०४	१५२६.२१	१६८४.००	२१७३.६०	२६८८.५०	३३११.२०
कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता समेत)	४२५४५.४५	४४४०५.२१	४७३५४.५९	५१७९९.३३	५६६५७.८७	६३०३३.०१	६९७७१.५१	७८१२६.२०	९१०५२.२०
अप्रत्यक्ष वित्तीय मध्यस्थता	१२०२.५८	१३६५.५४	१३२२.०६	१७२९.४३	१८०९.४०	१९२१.२०	२१५०.५०	२४५०.५०	२७५६.८०
कुल मूल्य अभिवृद्धि (Gross Value Added), (आधारभूत मूल्यमा)	४१३४२.८७	४३०३९.६६	४६०३२.५३	५००६९.९१	५४८४८.४७	६११११.८०	६७६२१.००	७५६७५.६०	८८२९५.५०
उत्पादित वस्तुहरुमा खुद कर	२८०९.०३	२९०४.६२	३१९०.६०	३६०४.९८	४०९२.६९	४२९६.६०	५१९६.८०	६१६४.६०	७७०५.७०
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	४४१५१.९०	४५९४४.२८	४९२२३.१३	५३६७४.८९	५८९४१.१६	६५४०८.४०	७२८१७.८०	८१८४०.२०	९६००१.२०

टिप्पणी : Nepal Standards Industrial Classification (NSIC) प्रमुख खण्ड १६ र १७ को अंश नगण्य भएकोले प्रमुख खण्ड १५ मै गाभिएको छ ।

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.२ : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरण अनुसार)

(स्थिर मूल्यमा)

रू . करोडमा

औद्योगिक वर्गीकरण	आर्थिक वर्ष								
	२०५७/५८	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५सं.	२०६५/६६प्रा.
कृषि तथा वन	१५३७८.०५	१५८४१.६९	१६३६७.६५	१७१३९.४४	१७७३०.३६	१८०२६.००	१८१९५.७९	१९०४५.८०	१९४५१.९०
मत्स्यपालन	१८४.४०	२००.४६	२०८.४८	२३३.९८	२५०.६७	२७५.५२	२८३.७६	३०३.९०	३१७.६०
खानी तथा उत्खनन्	१८१.७१	१९७.६७	२०३.९९	२०३.११	२१६.९२	२३४.८३	२३८.२९	२४५.१०	२५१.२०
उद्योग	३८४०.९०	३६३६.४०	३६३७.९९	३७१६.३२	३८१३.५९	३८८९.८३	३९८९.०७	३९९६.३०	३९७६.४०
विद्युत, ग्याँस तथा पानी	७७४.९६	८६३.०८	१०२७.४३	१०६९.२५	१११११.६७	११५६.२२	१३०६.५३	१३५५.२०	१३४०.८०
निर्माण	२५५८.५४	२७२२.५१	२७७९.८०	२७७०.११	२८५०.३४	३०६९.००	३१४५.३०	३२४३.२०	३४२८.५०
थोक तथा खुद्रा व्यापार	६९९२.८४	६१८३.६८	६३२३.३३	७००६.६३	६५६९.३६	६८०९.९०	६४७४.४०	६९२९.९०	७२५५.९०
होटल तथा रेष्टुराँ	८४५.९०	६९१.७०	७०५.५८	७९५.४९	७५२.४७	८००.१०	८२७.८०	८९८.००	९४४.००
यातायात, संचार तथा भण्डारण	३१४२.४६	३४०५.५०	३५८२.५०	३८५०.८५	४०९८.५०	४२००.१०	४३९२.२०	४७०२.००	५०७१.१०
वित्तीय मध्यस्थता	११४५.५०	११८९.२१	१२०८.९६	१२८३.७७	१५९५.७०	१९८४.३०	२२१०.३०	२५१५.५०	२५९७.३०
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	३५२६.७४	३३५४.३३	३२२१.१८	३१५३.७९	३४७०.०२	३६९०.००	४१२४.००	४३०६.४०	४५००.२०
सार्वजनिक प्रशासन र रक्षा	५२८.८१	७२३.६५	८०७.०३	८०१.८७	८५५.१०	९१३.९०	९२६.२०	९२९.६०	९६०.५०
शिक्षा	१७३७.२४	२१०२.९७	२३९१.३४	२५१३.७७	२७६०.६०	२८६४.००	३०४२.६०	३१४३.९०	३४५६.१०
स्वास्थ्य र सामाजिक कार्य	४१७.८४	४४८.६८	५१७.१४	५४८.७३	६१०.९०	६४७.००	६९०.४०	७८४.१०	८३५.४०
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	१२८९.५६	११७८.४६	१२३०.३३	१३९५.५२	१३४८.३०	१३९३.३०	१६६१.४०	१८४५.२०	१९५७.६०
कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थतासमेत)	४२५४५.४५	४२७४०.००	४४२१२.७३	४६४८२.६३	४८०३४.५०	४९९५४.००	५१५०८.०४	५४२४४.१०	५६३४४.५०
अप्रत्यक्ष वित्तीय मध्यस्थता	१२०२.५८	१३३०.८७	१२४२.८०	१६१७.२६	१७१८.००	१९१०.५०	२१४७.६०	२२८६.७०	२४१२.५०
कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा)	४१३४२.८७	४१४०९.१३	४२९६९.९३	४४८६५.३७	४६३१६.५०	४८०४३.५०	४९३६०.४०	५१९५७.४०	५३९३१.९०
उत्पादित वस्तुहरुमा खुद कर	२८०९.०३	२७९५.६९	२९७८.९१	३२३४.९६	३४५७.४०	३४०५.०६	३८०७.७९	४०५५.००	४६९१.५०
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	४४१५१.९०	४४२०४.८३	४५९४८.८४	४८१००.३३	४९७७३.९०	५१४४८.५६	५३१६८.१९	५६०१२.४०	५८६२३.४०

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.३ : कुल उत्पादन (औद्योगिक वर्गीकरण अनुसार)

(प्रचलित मूल्यमा)

रू . करोडमा

औद्योगिक क्षेत्रहरू	आर्थिक वर्ष								
	२०५७/५८	२०५८/५९	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५सं.	२०६५/६६प्रा..
कृषि तथा वन	२०९०४.८८	२२०६१.४४	२३०२९.०९	२४५९४.४३	२६२२७.६६	२७८०५.६३	२९९३८.४६	३३९०५.१०	३९१२८.२०
मत्स्यपालन	२३२.०८	२६४.२५	२६४.८४	२९९.२३	३१८.११	३६१.४३	३७८.९५	४३३.४०	४८६.८०
खानी तथा उत्खनन्	२२८.२८	२७०.२८	२९०.६४	३१५.५९	३४५.६०	३९४.३२	४२९.५७	४८४.६०	५५४.१०
उद्योग	१३९३७.१८	१३५१७.०३	१३८८८.९०	१४८९४.०४	१६०१८.५६	१७०८७.५०	१८६४९.५७	१९९६१.८०	२१९३२.००
विद्युत, ग्याँस तथा पानी	१२७१.२९	१५४८.१२	१७४५.५३	१९५६.१२	२१११.९२	२२६३.७१	२५१०.६३	२७३०.८०	२७६३.६०
निर्माण	५११२.३८	५८१८.०२	६२४१.६४	६६९३.११	७४१६.५६	८३१४.७०	९१७४.६०	१०४०८.२०	१२००६.९०
थोक तथा खुद्रा व्यापार	८३२०.७२	७७१२.०४	८१७८.८२	९४१५.४६	९५०६.१०	१०७३६.५०	१११५४.८०	१२९७०.९०	१४८६९.१०
होटल तथा रेष्टुराँ	२५४८.६३	२२७१.६४	२३८६.१२	२७६२.११	२८०५.०६	२९२९.९८	३२४२.२०	३७९३.९०	४४९७.७०
यातायात, सञ्चार तथा भण्डारण	५७१३.२७	६२८२.८५	७००७.९७	८१२६.९२	९०३२.८९	१०७३४.८५	१२१२२.४८	१२९७२.५०	१५६५८.००
वित्तीय मध्यस्थता	१५१६.१५	१६७८.४२	१७९९.५५	१९३६.७२	२३०३.९०	२७९३.९०	३६८९.७०	४६५०.००	५३६२.१०
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	४७५२.३४	४९४४.२८	५२२२.६७	५४९९.१३	६७६९.००	८५६९.८०	१००५७.५०	१०२६५.००	११५२९.७०
सार्वजनिक प्रशासन र रक्षा	६७६.४४	९३०.८९	१०५३.१२	१०६८.१६	१२८४.४४	१४२८.८०	१६५२.४०	१९१७.६०	२४५१.९०
शिक्षा	२१९१.१२	२६३५.२२	३१६०.४३	३३९७.५१	४११४.२०	४४९७.९०	५२७४.८०	६०७१.००	७२५३.९०
स्वास्थ र सामाजिक कार्य	५७६.६६	६४०.०५	७४९.२४	८१६.२८	९८२.५७	१०९३.००	१२६७.६०	१४८९.२०	१७५२.४०
